सुलेमानसँग भएका सबै धनसम्पत्ति र सारा वैभवको निम्ति सम्पूर्ण श्रेय परमप्रभुको थियो।

शबाकी रानी साबा देशको रानी हुनु सम्भव छ, जुन साबा देश दक्षिणी अरबको प्रायद्वीपमा अवस्थित थियो। जे होस्, शबाकी रानी सुलेमानको बुद्धि जाँच्न आइन्; यसो गर्न तिनले उनलाई जटिलभन्दा जटिल प्रश्नहरू सोधिन्। तर उनले तिनका सबै प्रश्नहरूको उत्तर दिन सके (१ राजाहरू १०:३[क])। अनि जब तिनले उनको राज्यको महानता देखिन्, तब तिनले मानिलिइन्, कि तिनले सुनेका भव्य खबरहरू त केवल आंशिक मात्रै थिए। तिनले उनलाई उपहारको रूपमा धेरै मात्रामा सुन, बहुमूल्य पत्थर र मसलाहरू दिइन्। अनि आफ्नै देश फर्किनुभन्दा अघि तिनले उनीबाट पनि विभिन्न उपहारहरू प्राप्त गरिन्।

### ए) १ राजाहरू १०:१४-२९: उनका धन-सम्पत्तिहरू

**१ राजाहरू १०:१४-१५:** हिरामको सहायताले गर्दा सुलेमानले ओपीरबाट सुन मात्र होइन, तर ठूलो मात्रामा चन्दनको काठ र बहुमूल्य पत्थरहरू पनि प्राप्त गरे। सुलेमान व्यापारको सम्बन्धमा एक प्रतिभाशाली र तेजिलो दिमाग भएका व्यक्ति थिए।

**१ राजाहरू १०:१६-२२:** सुन यति प्रचुर मात्रामा थियो कि सुलेमानले लेबानोनको वनको भवनमा झुन्ड्याउन सयौं सुनका ढालहरू बनाउन सके। अनि उनको हात्तीको दाँतले बनेको सिंहासन निखुर सुनले मोहोरिएको थियो। अनि यस सिंहासनको दुवैपट्टि कुँदेर बनाइएको एक-एक ठूलो सिंह थियो। अनि यस सिंहासनकहाँ उक्लने छवटा खुड्किलाहरूको दुवैपट्टि पनि एक-एक सिंह उभिएको थियो। अनि सुलेमानको समयमा चाँदीचाहिँ कम मूल्यको मानिन्थ्यो। अनि सुलेमानका व्यापारी जहाजहरूले सुन र चाँदी ल्याउनुको साथै विभिन्न अनौठा वस्तुहरू, जस्तैः हात्ती-दाँत, बाँदरहरू र मयूरहरू[7)] आदि ल्याउने गर्थे।

**१ राजाहरू १०:२३-२५:** सुलेमानको विशाल धनसम्पत्ति र प्रशस्त बुद्धिले उनलाई विश्वभरि प्रसिद्ध बनायो, र उनलाई भेट्न आउने प्रशंसकहरूले उनलाई धेरै उपहारहरू दिने गर्थे।

**१ राजाहरू १०:२५-२९:** सुलेमानले घोड़ाहरू र रथहरूमा धेरै लगानी गरेको कुरा उल्लेख गरिएको छ। अनि कुए[8)] भन्ने ठाउँ घोड़ाहरूको निम्ति प्रसिद्ध थियो। कुएचाहिँ हाम्रो अनुमानमा सिलिसिया थियो। सुलेमानले केवल राष्ट्रीय सुरक्षाको खातिर रथहरू, घोड़चढ़ीहरू र घोड़ाहरू हासिल गर्दैनथिए, तर अरू देशहरूमा पनि निर्यात गरे।

यहाँ उल्लेख नगरिएको कुरा पनि भनिहालौंः सुलेमानको शासनका सुखहरू कायम राख्न भारी करको आवश्यकता पर्थ्यो। अनि यस कर उठाउने कड़ा व्यवस्थाले राज्यमा अमेल ल्याउनेथियो (१ राजाहरू १२:३-१५)।

यस कर उठाउने कड़ा व्यवस्थाको विषयमा श्री जे. आर. लुम्लीले यसो लेखेका छन्ः

> 'यो कर उठाउने व्यवस्थाले मानिसहरूलाई निक्कै पिँधेको हुनुपर्छ; यसमा शङ्का छैन। यस मध्यपूर्वीय वैभव र सुखचैनको सतहमनि मानिसहरूको नैतिकता भित्रभित्रै सड़िसकेको थियो। सुलेमानचाहिँ फ्रान्सेली चौधौं लुईजस्तै थिए।'[9)]

यस प्रकारको धनसम्पत्ति र घोड़ाहरूको भरिभराउले परमेश्वरको वचन उल्लङ्घन गर्‍यो (व्यवस्था १७:१६-१७)।

### ज) १ राजाहरू ११: सुलेमानका भूलहरू र उनको मृत्यु

**१ राजाहरू ११:१-३:** व्यवस्था १७:१७ पदले इस्राएलका राजालाई अन्यजातीय पत्नीहरूसित विवाह गर्न निषेध गऱ्यो। सुलेमानले यो महत्त्वपूर्ण र सुस्पष्ट आज्ञा कसरी यस प्रकारले सजिलोसँग उल्लङ्घन गर्न सके, यो हामीलाई अचम्म लाग्छ। अनि परमेश्वरको यस आज्ञाको उल्लङ्घनको प्रतिफल जस्तै भनिएको थियो, ठीक त्यस्तै भइहाल्यो पनि। उनका पत्नीहरूले उनलाई मूर्तिपूजातिर फर्काए।

**१ राजाहरू ११:४-८:** परमप्रभुप्रति दाऊदको हृदय सिद्ध भएको सम्बन्धमा चार पदको अर्थ यस प्रकारको छः राजा दाऊदको हृदय कुन सम्बन्धमा सिद्ध थियो ? आफूलाई मूर्तिपूजाबाट जोगाएर तिनी परमप्रभु आफ्ना परमेश्वरप्रति पूर्ण रूपले निष्ठावान् थिए। तर यस कुरामा सुलेमानले आफ्ना बुबाको देखासिकी गरेनन्; किनभने उनले यरूशलेमदेखि पूर्वमा रहेको जैतुन डाँड़ामा मूर्तिहरूका थानहरू बनाए।


**१ राजाहरू ११:९-१३:** परमेश्वर दुई-पल्ट सुलेमानकहाँ देखा पर्नुभएको थियोः **क)** गिबोनमा (१ राजाहरू ३:५), र **ख)** यरूशलेममा परमप्रभुको मन्दिरको समर्पण भएको बेलामा (१ राजाहरू ९:२)। सुलेमानको मूर्तिपूजाले गर्दा उनीबाट राज्य खोसिनेछ र त्यो उनको एकजना सेवकलाई दिइनेछ भनेर उहाँले घोषणा गर्नुभयो। तर यो कुरा सुलेमानको जीवनकालमा हुनेथिएन; अनि सबै बाह्रवटा कुलहरू दाऊदको घरानाबाट खोसिनेथिएन। एउटा कुल सुलेमानको छोरालाई दिइनेछ। (१ राजाहरू १२:२३ पदअनुसार त्यो एउटा कुल बिन्यामिन कुल थियो; किनभने यहूदा कुल तिनको छँदैथियो; यसैले यहाँ त्यसको कुरा गर्नुपरेन।)

**१ राजाहरू ११:१४-२२:** अबचाहिँ सुलेमानका तीनजना विरोधीहरूको कुरा गरिएको छ। पहिलोचाहिँ एदोमी शासक हदद थिए, जो योआबले एदोमका सबै नरहरूलाई मार्दै गरेको बेलामा सानो बालक छँदै मिस्र देशमा भागेर गएका थिए। मिस्र देशमा फाराओले तिनीसित असल व्यवहार गरेका थिए र रानी तहपेनसकी बहिनी तिनलाई तिनकी पत्नीको रूपमा दिएका थिए। तर जब हददले दाऊद र योआबको मृत्यु भएको कुरा सुने, तब तिनले फाराओबाट एदोममा फर्कन यिनको अनिच्छुक अनुमति पाए। त्यहाँबाट तिनले इस्राएल देशको दक्षिणमा सुलेमानको विरुद्धमा आफ्ना सैनिक हमला र चढ़ाइहरू शुरु गरे।

**१ राजाहरू ११:२३-२५:** अनि सुलेमानको दोस्रो शत्रु रसोन थिए, जो दाऊदले जोबाहका मानिसहरूलाई मार्दाखेरि भागेका थिए। त्यसपछि तिनी लुटपाट गर्नेहरूको दलको नाइके बने। केही समयपछि तिनले दमस्कसमा आफ्नै छुट्टै राज्य स्थापित गरे; यसरी तिनी र तिनको सेनादेखि सुलेमानको लागि खतरा उत्तरबाट आयो। दाऊदले दमस्कस शहर कब्जा गरेर त्यहाँ आफ्नो सेना तैनाथ गरेको समयदेखि यता यस शहरले इस्राएलको जुवा बोकि-रहेको थियो (२ शमूएल ८:५-६)।

दमस्कसचाहिँ अरामको प्रमुख शहर-राज्य थियो; अनि जब इस्राएल देशले यो शहर गुमायो, तब यो हार तिनीहरूको निम्ति महत्त्वपूर्ण थियो; किनभने 'अराम' नाम गरेको सिरियाको राज्यचाहिँ आउँदा शताब्दीहरूमा इस्राएली जातिको निम्ति तिनीहरूलाई घरि-घरि घोचिदिने काँड़ा हुनेथियो।

**१ राजाहरू ११:२३-२८:** अनि तेस्रो शत्रु सुलेमानको सेवक एप्रैम कुलका नाबातका


Chart of the Kings and Prophets of Israel and Judah
SAUL
ISHBOSHETH (OVER NORTHERN TRIBES)
DAVID (OVER SOUTHERN TRIBES)
DAVID (OVER ALL ISRAEL)
SOLOMON
NORTHERN KINGDOM
ISRAEL
DIVIDED KINGDOM
SOUTHERN KINGDOM
JUDAH
JEROBOAM
NADAB
BAASHA
ELAH
ZIMRI
TIBNI
OMRI
AHAB
AHAZIAH
JEHORAM (JORAM)
JEHU
JEHOAHAZ
JOASH (JEHOASH)
JEROBOAM II
ZACHARIAH
SHALLUM
MENAHEM
PEKAHIAH
PEKAH
HOSHEA
Israel taken into captivity by Assyria
REHOBOAM
ABIJAM (ABIJAH)
ASA
JEHOSHAPHAT
JEHORAM (JORAM)
AHAZIAH
ATHALIAH (QUEEN)
JOASH (JEHOASH)
AMAZIAH
AZARIAH (UZZIAH)
JOTHAM
AHAZ
HEZEKIAH
MANASSEH
AMON
JOSIAH
JEHOAHAZ
JEHOIAKIM
JEHOIACHIN
ZEDEKIAH
JOEL
OBADIAH
JONAH
AMOS
HOSEA
MICAH
ISAIAH
NAHUM
ZEPHANIAH
HABAKKUK
JEREMIAH
EZEKIEL
DANIEL
MINOR PROPHET
MAJOR PROPHET
70 year captivity of Judah by Babylonia
Captivity ended by decree of Cyrus—first return of captives to Jerusalem under Zerubbabel
Return of additional captives to Jerusalem under Ezra
Final return of captives under Nehemiah
HAGGAI
ZECHARIAH
MALACHI
APPROXIMATELY 400 B.C.
END OF OLD TESTAMENT HISTORY

छोरा यारोबाम थिए, जसको विषयमा परमेश्वरले १ राजाहरू ११:११ पदमा कुरा गर्नुभएको थियो। सुलेमानले तिनलाई मिल्लोको निर्माण-कार्यमा ठूलो जिम्मेवारी दिएका थिए। अनि हुन सक्छ, सायद यस प्रकारको अधिकारले यारोबाममा सारा इस्राएलमाथि शासन गर्ने इच्छा जगाएको थियो कि ?

**१ राजाहरू ११:२९-३९:** कुनै एक दिनमा अहियाह नाम गरेका भविष्यवक्तासँग यारोबामको भेट भयो। तिनीहरू खुला मैदानमा एकलै भएको बेलामा अहियाहले आफ्नो नयाँ लुगा समातेर बाह्र टुक्रा पारे। उनले दसवटा टुक्राहरू यारोबामलाई दिए, जुन दसवटा टुक्राहरूचाहिँ परमेश्वरले तिनलाई इस्राएलका दस कुलहरूमाथि शासन गर्ने अधिकार दिनुहुनेछ भन्ने चिन्ह थिए। तर सुलेमानको छोराको लागि एउटा कुल अर्थात् बिन्यामिन-कुल छोड़िनेथियो। अनि सुलेमानको मृत्यु नभएसम्म राज्यको विभाजन हुनेछैन भनेर उनले यारोबामलाई बताए। यारोबामले परमप्रभुको आज्ञापालन गरेका भए, तिनले परमप्रभुको आशिष र उहाँको सहायता अवश्य पाउनेथिए। परमेश्वरले यारोबाममाथि लगाउनुभएका निम्न सीमितताहरू ध्यानमा राख्नुहोलाः तिनले सम्पूर्ण राज्य होइन, तर दसवटा कुलहरू मात्र प्राप्त गर्नेथिए। तिनी अहिले होइन, तर सुलेमानको मृत्युपछि मात्र सत्तामा आउनेथिए; अनि तिनले परमप्रभुको आज्ञापालन गरे र सम्पूर्ण तवरले उहाँलाई पछ्याए भने परमेश्वरले तिनको निम्ति एउटा स्थायी घर बनाउनुहुनेथियो।

**१ राजाहरू ११:४०:** तर कुरा स्पष्ट छः सुलेमान जीवित भएकै बेलामा यारोबामले विद्रोह गरे; यसकारण राजाको क्रोधबाट उम्कन तिनी मिस्र देशमा भाग्नुपरेको थियो। अनि सुलेमानको मृत्यु नभएसम्म तिनी त्यहीं बसे। सुलेमानले आफ्नो पापको दोष स्वीकार गर्नु र पश्चात्ताप गर्नुको सट्टामा उनले यारोबामलाई हटाउन खोजे। तब के, के उनले यसरी परमेश्वरको वचन विफल पार्न सके त ? यारोबामको विरुद्धमा लड्नु मूर्खता थियो; किनभने तिनी अब इस्राएलका उत्तरीय कुलहरूको ईश्वरीय उत्तराधिकारी भएका थिए। शाऊल आफ्नो उत्तराधिकारी दाऊदलाई मार्ने प्रयासमा असफल भएका थिए। अनि ठीक त्यस्तै गरेर सुलेमान पनि यारोबामको हत्या गर्ने आफ्ना प्रयासहरूमा असफल हुनेथिए।

जुन कुलहरूमाथि यारोबामले शासन गर्नेथिए, ती कुलहरूका नामहरू यस प्रकारका छन्ः रूबेन, दान, नप्ताली, गाद, आशेर, इस्साकार, जबूलून, एप्रैम, मनस्से, साथै लेवी र शिमोनका आंशिक भागहरू। अनि सुलेमानका छोराले शासन गर्ने कुलहरू यहूदा र बिन्यामिन, साथै लेवी र शिमोनका आंशिक भागहरू थिए; किनकि लेवी र शिमोनका मानिसहरूमध्ये प्रायः सबैजना यहूदाको राज्यप्रति निष्ठावान् रहनेथिए (२ इतिहास ११:१३-१६)।

**१ राजाहरू ११:४१:** हुन सक्छ, सुलेमानको इतिहासको पुस्तकचाहिँ उनको शासनकालको सरकारी अभिलेख थियो, तर निस्सन्देह पवित्र धर्मशास्त्र बाइबलको आत्माको प्रेरणाले लेखिएको भाग होइन।

**१ राजाहरू ११:४२-४३:** चालीस वर्षसम्म शासन गरिसकेपछि सुलेमानको मृत्यु भयो; अनि यरूशलेममा उनको दफन भयो; अनि उनका छोरा रहबामले उनको सट्टामा राज्य गरे। राजा सुलेमानको शुरुआत उनको अन्तभन्दा राम्रो थियो। यसो हो भने, याद गर्नुहोस्ः एउटा असल शुरुआतले एउटा शुभ अन्तको निश्चयता दिँदैन। उनी महानताको शिखरमा पुगेका थिए; तर उनको नैतिक पतन भयो, र उनी नीच अधर्म र मूर्तिपूजारूपी

खाड़लमा डुबिगए। राजा सुलेमानले उपदेशक १२:१३-१४ पदहरूमा प्रचार गरेका कुरा आफैले पालन गरे कति असल हुनेथियो ! !

*'सम्पूर्ण कुराको निष्कर्ष के हो त, सो सुनौं: परमेश्वरको भय मान, र उहाँका आज्ञाहरू पालन गर: किनभने मानिसको सम्पूर्ण कर्तव्य यही हो। किनकि परमेश्वरले हरेक काम र हरेक गुप्त कुराको न्याय गर्नुहुनेछ, चाहे त्यो असल होस्, चाहे खराब।'* उपदेशक १२:१३-१४

# खण्ड ३

# १ राजाहरू १२-२२:

## इस्राएलको विभाजित राज्य

### क) १ राजाहरू १२:१-२४: यहूदाका राजा रहबाम

सुलेमानका छोरा रहबामले यहूदामा सत्र वर्षसम्म शासन गरे अर्थात् ख्रीष्टपूर्व ९३०/९३१ सालदेखि ख्रीष्टपूर्व ९१६ साल-सम्म राज्य गरे (१ राजाहरू १२:२०-२४; २ इतिहास ११-१२)।

**१ राजाहरू १२:१-११:** रहबाम शेकेम गए; किनकि त्यहाँ तिनलाई राजाको रूपमा घोषणा गर्ने योजना थियो। अनि सुलेमानको मृत्युको खबर सुनेपछि यारोबाम मिस्र देशबाट फर्के, र तिनी पनि इस्राएलका मानिसहरूको सारा समुदायसँगै शेकेममा आए। अनि इस्राएली-हरूले रहबामको सामु तिनीहरूको अन्तिम निर्णय प्रस्तुत गरे: 'तपाईंका पिताजीले हाम्रो जुवा कष्टपूर्ण पार्नुभएको थियो; यसकारण आफ्ना पिताजीको त्यो कष्टपूर्ण सेवा र उहाँले हामीमाथि बोकाइदिनुभएको उहाँको त्यो गह्रौं जुवा हलुङ्गो पारिदिनुहोस्, र हामी तपाईंको सेवा गर्नेछौं।' आफ्नो दरबारका मध्यपूर्वीय ऐश्वर्य र सुखहरू कायम राख्न सुलेमानले मानिसहरूलाई बेगारमा जोतेका थिए र तिनीहरूमाथि भारी कर लगाएका थिए। यसकारण तिनीहरूले भन्न चाहेको तात्पर्य यस प्रकारको छ: 'तपाईंका पिताजीले हामीमाथि लगाउनुभएका करहरू घटाइदिनुहोस्, र हामी तपाईंको सेवा गर्नेछौं; नत्र ता हामी विद्रोह गर्नेछौं।' रहबामले यसको विषयमा सोच्न तीन दिनको समय मागे। त्यस अवधिभित्र तिनले पहिले आफ्ना वृद्ध सल्लाहकारहरूसँग परामर्श लिए; अनि उनीहरूले तिनलाई मानिसहरूसँग दयालु व्यवहार गर्ने र तिनी-हरूको सेवक बन्ने सल्लाह दिए। तर तिनका जवान सल्लाहकारहरूले भने त्यसको ठीक उल्टो सुझाउ दिए: यिनीहरूको सल्लाह-अनुसार तिनले मानिसहरूको सामु अझै कठोर मागहरू पेश गरेर तिनीहरूलाई धम्की दिनु थियो। अनि यस अर्थमा रहबामको कान्छी औंला सुलेमानको कम्मरभन्दा मोटो हुनेथियो। अनि राजा सुलेमानले तिनीहरूलाई कोर्राहरूले हिर्काएर तिनीहरूलाई सजाय दिएका थिए भने, रहबामले बिच्छीहरूको डङ्क मारेर तिनीहरूलाई सास्ती दिनेथिए।

**१ राजाहरू १२:१२-२०:** अनि जब तेस्रो दिनमा यारोबाम र इस्राएलको सारा समुदाय तिनको निर्णय सुन्न फर्के, तब तिनले तिनीहरूलाई जवान मानिसहरूको सल्लाह-अनुसार कड़ा जवाफ दिए। अनि यस विषयमा १ राजाहरू १२:१५ पदले स्पष्टसँग बताउँछ, कि शीलोवासी अहियाहद्वारा बोलिएको परमप्रभुको वचन पूरा गर्न यसो भएको थियो (१ राजाहरू ११:३०-३९)। यस महत्त्वपूर्ण मोड़मा आएर इस्राएलका मानिसहरूले रहबामको विरोधमा विद्रोह गरे।


The Divided Kingdom
DAN
KEDESH
Waters of Merom
GALILEE
APHEK
MEGIDDO
ISRAEL
MT. GILBOA
MAHANAIM
The Great Sea
TIRZAH
SHECHEM
SAMARIA
SUCCOTH
SHILOH
RAMOTH GILEAD
GEZER
GEBA
BETHEL
EKRON
GIBEON
JERUSALEM
GATH
ASHKELON
LACHISH
GAZA
PHILISTINES
ZIGLAG
JUDAH
HEBRON
Dead Sea
MOAB
BEER-SHEBA
AROER

त्यस बेलामा तिनीहरूमध्ये कतिजना अझै पनि यहूदाको इलाकामा बसिरहेका थिए। अनि जब रहबामले यहूदाको इलाकामा जिउने यी इस्राएलीहरूलाई आफ्नो अधीनतामा ल्याउन तिनीहरूलाई बेगारीमा जोत्ने लोकप्रिय नभएका अधिकारी अदोरामलाई पठाए, तब तिनीहरूले यिनलाई ढुङ्गाले हानेर मारे। तब इस्राएलका मानिसहरूले यारोबामलाई आफ्नो राजा बनाए। अब १ राजाहरू ११:२० पदको कुरा आयोः 'यहूदाको कुलबाहेक अरू कोही पनि रहबामको पछि लागेन' भनेर लेखिएको ता पनि हामीले याद गर्नुपर्छ कि बिन्यामिन-कुल (१ राजाहरू १२:२१), शिमोन-कुल (यहोशू १९:१[ख]) र अधिकांश लेवीहरू यहूदा राज्यमा परेका थिए।

**१ राजाहरू १२:२१-२४ः** रहबामले इस्राएलको विरुद्धमा लड़ाइँको घोषणा गरेर यो भइरहेको भिवाजन विफल पार्न खोजे, तर तिनले ईश्वरीय आज्ञा पाएको हुनाले तिनले आफ्नो योजना रद्द गरे। अघि आफ्ना बूढ़ा प्रधानहरूको सल्लाह बेवास्ता गर्ने रहबामले अब परमप्रभुको सल्लाहमाथि ध्यान दिए, र यसरी तिनले धेरै इस्राएलीहरूको ज्यान बचाए। परमप्रभुको वचनले 'राज्यको विभाजन होस्' भन्ने हुकुम गर्‍यो, र 'यो विभाजन रक्तपातविना भएको होस्' भनेर परमप्रभुको वचनले सुनिश्चित गरिदियो।

## राज्यको विभाजन

विभाजित राज्यको इतिहास यहाँबाट शुरु हुन्छ र राजाहरूको दोस्रो पुस्तकमा निरन्तर अघि बढ़्छ। यारोबामले उत्तरीय दस कुलहरूमाथि शासन गरे। अनि त्यस उत्तरीय राज्यको नाम प्रायः 'इस्राएल' हुन्छ, तर कहिलेकाहीं भविष्यवक्ताहरूको पुस्तकमा 'एप्रैम' पनि भनिन्छ। त्यस राज्यमा नौंवटा राज-वंशहरू थिए र त्यसका सबै राजाहरू दुष्ट थिए।

रहबामले 'यहूदा' नाम गरेको दक्षिणी राज्यमाथि शासन गरे। अनि यस राज्यमा एउटा राजवंश मात्र थियो, अर्थात् यसको हरेक राजा दाऊदको वंशका थिए। अनि यसै राज्यमार्फत ख्रीष्ट येशूले दाऊदको सिंहासनको कानुनी अधिकार पाउनुभयो। उहाँसम्म आइपुग्ने वंशावली दाऊदबाट शुरु भएर अन्तमा यूसुफकहाँ जान्छ (यस सम्बन्धमा तपाईंले मत्तीको सुसमाचारको एक अध्यायमा पेश गरिएको वंशावली हेर्नुहोला)। अनि शारीरिक हिसाबले पनि प्रभु येशू दाऊदको पुत्र हुनुहुन्थ्यो, कन्या मरियमद्वारा जन्म लिएर। किनकि तिनी दाऊदको छोरा नातानमार्फत दाऊदको वंशकी थिइन् (यस सम्बन्धमा तपाईंले लूकाको सुसमाचारको तीन अध्यायमा पेश गरिएको वंशावली हेर्नुहोला)। यहूदाका राजाहरूमध्ये कोही-कोही उत्कृष्ट सुधारक थिए; नत्रता तिनीहरूमध्ये प्रायः सबैजना पनि दुष्ट थिए।

### इस्राएलका राजाहरू र यहूदाका राजाहरूः

**इस्राएलको राजवंशः**

| | |
|---|---|
| राजवंश १ः | यारोबाम |
| | नादाब |
| राजवंश २ः | बाशा |
| | एला |

**यहूदाको राजवंशः**

| | |
|---|---|
| राजवंश १ः | रहबाम, |
| | अबियाम (अबियाह) |
| | आसा *(असल)*, |
| | यहोशापात *(असल)* |

| | | |
|---|---|---|
| राजवंश ३ : | जिम्री | यहोराम (योराम) *(असल)* |
| राजवंश ४ : | ओम्री | अहज्याह |
| | अहाब | अतल्याह (अनधिकार ग्राही) |
| | अहज्याह | यहोआश *(असल)* |
| | योराम (यहोराम) | अमज्याह |
| राजवंश ५ : | येहू | उज्जियाह (अजर्याह) *(असल)* |
| | येहोआहास | योताम *(असल)* |
| | योअश (यहोअश) | आहाज |
| | द्वीतिय यारोबाम | हिजकियाह *(असल)* |
| | जकर्याह | मनस्से |
| राजवंश ६ : | शल्लूम | आमोन |
| राजवंश ७ : | मनहेम | योसियाह *(असल)* |
| | पकहियाह | आहाज (शल्लूम) |
| राजवंश ८ : | पेकह | यहोयाकिम (एल्याकिम) |
| राजवंश ९ : | होशे | यहोयाकिन (यकोनियाह, कोनियाह) |
| | | सिद्‌कियाह (मत्तनियाह) |

विभाजित राज्यको इतिहासचाहिँ चारवटा अवस्थाहरूमा भाग लगाउन सकिन्छः

**क)** *पहिलो अवस्थाः* इस्राएलका राजा प्रथम यारोबामदेखि इस्राएलका राजा ओम्रीसम्म यी दुईवटा राज्यको बीचमा सधैं लड़ाइँ चलिबस्थ्यो (१ राजाहरू १२:१ र १६:२८)।

**ख)** *दोस्रो अवस्थाः* इस्राएलका राजा ओम्रीदेखि इस्राएलका राजा येहूसम्म यी दुईवटा राज्यहरूको बीचको सम्बन्धमा सुधार आयो र यी दुवै मेलमिलापको सम्झौतामा बसे (१ राजाहरू १६:२९ र २ राजाहरू ९)।

**ग)** *तेस्रो अवस्थाः* इस्राएलका राजा येहूदेखि ख्रीष्टपूर्व ७२२ सालसम्म अर्थात् इस्राएल अश्शूरमा कैद गरेर लगिएको वर्षसम्म यी दुई राज्यहरूले एक-अर्कालाई स्वतन्त्रतामा जिउन दिए (२ राजाहरू ९-१७ अध्यायहरू)।

**घ)** *चौथो र अन्तिम अवस्थाः* ख्रीष्टपूर्व ७२२ सालदेखि ख्रीष्टपूर्व ५८६ सालसम्म यी दुईवटा राज्यहरूबाट यहूदाचाहिँ उब्रिएको राज्य थियो, त्यसपछि यहूदा पनि कैद गरेर बाबेलमा लगियो (२ राजाहरू १८-२५ अध्यायहरू)।

इस्राएल नामक राज्य कहिल्यै फेरि एउटा राष्ट्रको रूपमा कनान देशमा फर्केर आएन, र त्यहाँ कहिल्यै फर्केर आउनेछैन पनि। अनि यहूदाचाहिँ? यहूदा सत्तरी वर्षसम्म कैदमा रह्यो, त्यसपछि एज्रा र नहेम्याहका पुस्तकहरूमा बयान गरिएझैं बेला-बेलामा निक्कै ठूलो सङ्‌ख्यामा यहूदीहरूका दलहरू यरूशेलममा फर्के। यस प्रकारले दक्षिणी कुलहरू ख्रीष्टपूर्व ५०० सालभन्दा अघि गैर-यहूदी शासनअन्तर्गत आफ्नो देशमा फर्के।

पुरानो नियमको इतिहासको अन्तमा कनान देशमा जिउने यहूदीहरू फारसको राजाको अधीनतामा थिए। त्यसपछि ग्रीस देशले फारसलाई जित्यो, र यस नयाँ शक्तिशाली

विश्वशक्तिले यहूदीहरूलाई शासन गर्‍यो । अन्तमा ग्रीकहरू रोमी साम्राज्यद्वारा वशमा परे । अनि प्रभु येशू यस संसारमा आउनुभएको समयमा त्यहाँ यो साम्राज्य सत्तामा थियो ।

यस विभाजित राज्यको विषयमा बाइबल-अध्ययन गर्दाखेरि बाइबल-विद्यार्थीले पेश गरिएका मितिहरूको सम्बन्धमा घरिघरि कुरा नमिलेको महसुस गर्छ । तर कालअनुक्रमको सम्बन्धमा उठेका प्रायः सबै समस्याहरू तब हल हुन्छन्, जब इस्राएलमा र यहूदामा राजाहरूका शासनकालहरूको अवधि गन्न फरक-फरक तरिकाहरू अपनाइए भन्ने कुरा ख्याल गरिन्छ । अनि हामी अर्को कुरा पनि याद राखौं, कि कति पल्ट केही समयको लागि दुईजना राजाहरूले एकसाथ सह-शासनकर्ताको रूपमा राज्य गर्थे । राजाहरूको कालक्रमको सम्पूर्ण विषय श्री एड्विन आर. थिलेले लेखेको 'द मिस्टेरियस नम्बर्स अफ द हिब्रू किङ्स' नामक किताबमा निपुणतासाथ र विस्तृत रूपले छलफल गरिएको छ । [10)]

अब जुन क्रमअनुसार यी राजाहरू यस किताबमा पेश गरिएका छन्, त्यही क्रमअनुसार हामी विभाजित राज्यको विषयमा अध्ययन गर्दै जानेछौं; यसो गर्दा हामी एक-एक राजाको शासन-कालमा घटेका महत्त्वपूर्ण घटनाहरूमा ध्यान दिन्छौं, यसको निम्ति हामी श्री एड्विन आर. थिलेले लेखेको उक्त किताबले तय गरेका मितिहरू लिएका छौं ।

### ख) १ राजाहरू १२:२५-१४:२०: इस्राएलका राजा यारोबाम

ख्रीष्टपूर्व ९३१/९३० सालदेखि ९१०/९०९ सालसम्म एप्रैम-कुलका नबातका छोरा यारोबामले बाइस वर्ष इस्राएलमाथि राज्य गरे ।

### अ) १ राजाहरू १२:२५-३३: राजा यारोबामले स्थापित गरेका झूटा धर्म-केन्द्रहरू

**१ राजाहरू १२:२५-३०:** इस्राएलको प्रथम राजाले आफ्नो शासनकालको शुरुमा शेकेम आफ्नो राजधानी तुल्याए; त्यसपछि तिनले यर्दन नदीको पारिपट्टि पनूएल निर्माण गरे । इस्राएलका मानिसहरू चाड़हरूको समयमा परमप्रभुको उपासना गर्न यरूशलेममा फर्किजानेछन् र यसो हुँदा तिनीहरूको राजभक्ति पनि तिनीदेखि यहूदाका राजाकहाँ फर्कनेछ भन्ने डरले प्रेरित भएर तिनले आफ्नो धर्मका नियमहरू स्थापित गरे । तिनले दान र बेतएलमा एक-एक सुनको बाछो खड़ा गरेर यी ठाउँहरू नयाँ धर्मकेन्द्र तुल्याए, र 'हे इस्राएल, हेर ! मिस्र देशबाट तिमीलाई निकालेर छुटकारा दिने तिम्रा देवताहरू यी हुन्' भनेर घोषणा गरे ।

**१ राजाहरू १२:३१-३३:** अनि यारोबामले उच्च स्थानहरूमा मूर्तिका थानहरू बनाए । परमेश्‍वरले नियुक्त गर्नभएको लेवी कुलबाटै मात्र होइन, तर सबै कुलहरूको बीचबाट मानिसहरूलाई भर्ती गरेर तिनले एउटा नयाँ पूजाहारीगिरी स्थापना गरे । अनि सातौं महिनामा भएको झुपड़ीहरूको चाड़को बदलीमा तिनले आठौं महिनाको पन्ध्रौं दिनमा एउटा ठूलो पर्व मनाए, अनि यसरी तिनले एउटा नयाँ धार्मिक क्यालेण्डर स्थापित गरे । तिनी स्वयम्ले बेतएलमा बनाएको वेदीमाथि बलिहरू चढ़ाएर पूजाहारीको काम आफ्नो हातमा लिए ।

इस्राएलका धेरै मानिसहरूले यी परिवर्तनहरू स्वीकार गरे; यसबाट स्पष्ट बुझिन्छ, कि तिनीहरूका हृदयहरू परमप्रभुदेखि टाढ़ा थिए । बितेको समयमा तिनीहरूका पितापुर्खाहरूले एउटा बाछो पूजा गरेका थिए र यसको खातिर सजाय भोगेका थिए (प्रस्थान ३२) । अनि राजा सुलेमानले

उच्च स्थानहरूमा मूर्तिका थानहरू खड़ा गरेका थिए, र यसको खातिर उनले आफ्नो अधिकांश राज्य गुमाएका थिए (१ राजाहरू ११)। अनि कोरह र तिनको पछि लाग्ने-हरूले पूजाहारीको पद हड़प गर्न खोजेका थिए; अनि तिनीहरूले त्यसको खातिर आफ्नो ज्यान गुमाए (गन्ती १६)। जुन नवीनता-हरूद्वारा यारोबामले आफ्नो राज्य सुरक्षित गर्न खोजे, ती नवीनताहरूले बरु त्यसको पतन र विनाश सुनिश्चित गरे। परमेश्वरलाई प्रेम गर्ने मानिसहरू यहूदातिर भागे (२ इतिहास ११:१४-१६)। त्यस अईश्वरीय धर्मले उनीहरूलाई दिएका सुविधाहरू जस्तासुकै किन नहोऊन्, त्यसका खराब नतिजाहरू ध्यानमा राखेर उनीहरूले आफ्ना दाजुभाइ-हरूलाई याहोराम-रचित धर्ममा छाड़े। एकजना अज्ञात भाइले यस सम्बन्धमा यसो भनेका छन्: 'यारोबामचाहिँ राजाको पदको योग्य थिएनन्, तर इस्राएली जातिचाहिँ यत्रो खराब शासक पाउन पूरा योग्य थियो।'

### आ) १ राजाहरू १३:१-३२: राजा यारोबाम र परमेश्वरको जन

**१ राजाहरू १३:१-३:** अनि यस्तो भयो: जुन बेलामा यारोबामले बेतएलमा भएको वेदीमाथि धूप चढ़ाइरहेका थिए, त्यस बेलामा यहूदाबाट परमेश्वरले पठाउनुभएका एक जन त्यहाँ आए, र उनले खुल्लमखुल्ला त्यस सुनको मूर्तिको नाममा खड़ा गरिएको वेदीको दोषारोपण गर्न लागे। अनि उनले भविष्यवाणी गरे, कि यहूदामा योसियाह नामक राजा उठ्नेछन्, र मूर्तिपूजा गर्ने पूजाहारीहरूलाई त्यस वेदीमाथि जलाउने-छन्। अनि १ राजाहरू १३:२ पदमा भनिएको भविष्यवाणी कसरी पूरा भयो, सो कुरा २ राजाहरू २३:१५-१६ पदहरूमा लेखिएको छ। किनकि यस भविष्यवाणीदेखि यसमा भनिएको कुरा पूरा हुने दिनसम्म तीन सयभन्दा बढ़ी वर्ष बिते। तर यस भविष्यवाणीको वचन सुनिश्चित थियो। यसको निम्ति निर्धारित चिन्हचाहिँ यही थियो: त्यो वेदी फाट्नेथियो र त्यसमाथि भएको खरानी पोखिनेथियो।

**१ राजाहरू १३:४-६:** अनि जब यारोबामले यी भविष्यवक्तालाई औंल्याए र उनलाई पक्रन आदेश दिए, तब राजाको हात तत्कालै सुकिगयो, साथै त्यो वेदी फाट्यो, र त्यसको खरानी पोखियो। यो यारोबाम-रचित धर्मको विनाशको सङ्केत थियो। यी दयालु भविष्यवक्ताको प्रार्थनाको उत्तरमा यारोबामको सुकेको हात निको भयो, अँ, त्यो पहिले जस्तै थियो, त्यस्तै भइगयो।

**१ राजाहरू १३:७-१०:** राजा यारोबामले यी भविष्यवक्तालाई धम्की दिएर चुप गराउन सकेनन्; तर तिनले उनलाई आफ्नो सङ्गतिको हात दिएर मनाउन खोजे। परमेश्वरले यी भविष्यवक्तालाई अघिबाट कड़ा निर्देशन दिनुभएको थियो: उनले यारोबामको दुष्ट शासनसित अलिकति पनि सङ्गत वा सम्झौता गर्नुहुँदैनथियो। यसकारण परमप्रभुका निर्देशनहरूअनुसार यी भविष्य-वक्ताले राजा यारोबामसँग खानपान गर्न अस्वीकार गरे। अनि बेतएलबाट घर जान उनले अर्कै बाटो लिए।

**१ राजाहरू १३:११-१९:** उनी घर फर्किरहेको बेलामा बेतएलका एकजना वृद्ध भविष्यवक्ताले उनलाई बाटोमा रोके। शुरुमा परमेश्वरका जनले ती वृद्ध भविष्यवक्ताको अतिथि-सत्कार सरासर इन्कार गरे, किनभने बेतएलमा भइरहेको मूर्तिपूजासित उनले अलिकति पनि दयामाया देखाउन चाहँदैन-थिए। तर जब ती वृद्ध मानिसले यसको उत्तरमा भने: 'होइन, होइन, एकजना स्वर्गदूतले मलाई "परमेश्वरका जनलाई

सत्कार गर्नू" भनेका छन् ।' तब यस सरासर झूट भएको वचन यी भविष्यवक्तालाई यो अतिथि-सत्कारको निम्तो स्वीकार गर्न मनाउन सफल भयो ।

**१ राजाहरू १३ः२०-२५ः** अनि जब तिनीहरू सँगै खाइरहेका थिए, तब परमप्रभुले बेतएलका वृद्ध भविष्यवक्तासँग बोल्नुभयो; अनि तिनले परमेश्वरका जनलाई यो दिव्य सन्देश सुनाएः 'तिम्रो अनाज्ञाकारिताको खातिर तिमी घर नपुगी मर्नेछौ, र तिम्रो मृत शरीर तिम्रो परिवारको चिहानमा गाड़िनेछैन ।' के यो सजाय तपाईंलाई कठिन वा अति भएको लाग्दैछ ? तब याद गर्नुहोस्ः जसलाई परमेश्वरले प्रेम गर्नुहुन्छ, तिनीहरूसित उहाँले सख्त व्यवहार गर्नुहुन्छ, अँ, उहाँले आफ्नो मुखपात्र हुनेहरूसँग र उहाँका विशेषाधिकार र सुविधाहरू प्राप्त व्यक्तिहरूसँग कड़ा व्यवहार गर्नुहुन्छ। घर फर्किजाँदै गरेका यी परमेश्वरका जनलाई बाटोमा एउटा सिंहले मार्‍यो । प्रकृतिका सबै नियमहरू उल्टापल्टा भए; किनकि त्यो सिंह र यी भविष्यवक्ताको गधा सड़कमा उनको लासको छेउमा सँगै उभिए ।

**१ राजाहरू १३ः२६-३२ः** अनि जब ती वृद्ध भविष्यवक्ताले यो खबर सुने, तब तिनलाई तुरुन्तै थाहा लाग्यो कि परमेश्वरका जनको अनाज्ञाकारिताको निम्ति यो परमप्रभुको दण्ड थियो । तिनी त्यस दुःखद घटनाको स्थलमा पुगे, र तिनले त्यो लास बेतएलमा फर्काएर ल्याए र त्यो आफ्नै चिहानमा गाड़े । त्यसपछि तिनले आफ्ना छोराहरूलाई 'मलाई यी परमेश्वरका जनको छेउमा गाड़िदेओ; यो मेरो इच्छा हो' भन्ने आदेश दिए । किनभने तिनले यो कुरा महसुस गरे कि तिनी एउटा यस्तो मूर्तिपूजाको धर्मको सदस्य थिए, जुन धर्मको विनाश परमेश्वरको न्यायको फैसला थियो ।

### इ) १ राजाहरू १३ः३३-३४ः राजा यारोबामको झूटा पूजाहारीगिरी

राजा यारोबाम आफ्नो दुष्टतामा अडिग रहे; अनि तिनले हरेक वर्गका मानिसहरूबाट पूजाहारीहरूलाई नियुक्त गरे, अनि तिनी आफैले पनि पूजाहारीको काम गर्दैथिए । अनि यो पाप यारोबामको राजवंशको विनाशको अन्तिम कारण थियो ।

यस विषयमा श्री इर्भिन जेन्सनले निम्न टिप्पणी गरेका छन्ः

> 'राजा यारोबामले यहूदाका भविष्यवक्ताको दुःखद अन्तबाट आफूले पश्चात्ताप नगरेको खण्डमा आफ्नो प्रतिच्छाया र आफ्नो अन्त कस्तो हुने हो, सो चित्र सफासँग देख्नु-पर्नेथियो । किनकि यी भविष्यवक्ताजस्तै यारोबाम पनि परमेश्वरद्वारा उच्च पदको लागि चुनिएका थिए । अनि यी भविष्यवक्ताले जस्तै तिनले आफ्नो निम्ति परमेश्वरको सिद्ध इच्छा के रहेछ, सो राम्ररी जाने । तर यी भविष्य-वक्ताले गरेझैं तिनले परमेश्वरको वचन उल्लङ्घन गरे ।' **11)**

### ई) १ राजाहरू १४ः१-२०ः राजा यारोबामको छोराको मृत्यु

**१ राजाहरू १४ः१-४ः** त्यस बेलामा यारोबामका छोरा अबियाह बिरामी भए; अनि राजाले आफ्नी पत्नीलाई भविष्यवक्ता अहियाहकहाँ पठाए । अनि परमेश्वरका यी जनले केही समय अघि यारोबामलाई 'तिमी उत्तरीय दस कुलहरूमाथि राजा हुनेछौ' भन्ने कुरा बताउनुभएको थियो (१ राजाहरू ११ः२९-३९) ।

रानीले आफ्नो भेष बदली गरिन् । यसो गर्नको निम्ति यसका निम्न सम्भवतः कारणहरू थिए, जस्तैः **क)** एक, आफ्नो भेष नबदलीकन परमेश्वरको जनलाई भेट्दाखेरि

दान र बेतएलका मूर्तिहरूमा यिनको विश्वासको कमी देखा पर्नेथियो। **ख)** दुई, अहियाह मूर्तिपूजाको घोर विरोधी थिए; यसैले तिनले यिनलाई चिनेका भए तिनले यिनीसित अनुकूल कुराहरू बोल्नेछैनन् भन्ने कुरा यारोबामले महसुस गरेका थिए। अनि **ग)** तीन, राजाले यी भविष्यवक्तालाई छल गरेर परमप्रभुलाई पनि छल गर्न सक्छु भन्ने ठानेका थिए।

**१ राजाहरू १४ः५-१३ः** तर परमप्रभुले अघिबाट यी अन्धा भविष्यवक्तालाई 'हेर, इस्राएलकी रानी आइरहेकी छिन्' भनेर पूर्व-जानकारी दिइसक्नुभयो। अनि यिनी आइ-पुग्नेबित्तिकै यी भविष्यवक्ताले यिनको भेष पर्दाफास गरिदिए र यिनलाई विनाशको सन्देशको साथ यारोबामकहाँ फिर्ता पठाए। राजा यारोबामको अनाज्ञाकारिता र मूर्ति-पूजाको खातिर परमप्रभुले इस्राएलमा उनीबाट उनको हरेक नरलाई नष्ट गर्नुहुने-थियो, चाहे त्यो पुरुष कैदी होस्, चाहे स्वतन्त्र किन नहोस्। अनि उहाँले उनको घरानालाई नामनिशान नरहने गरी नाश गर्नुहुनेथियो। अनि उनको बिरामी छोरा अबियाहबाहेक उनको परिवारको कसैले पनि सम्मानयुक्त दफन पाउनेथिएन। हो, रानी तिर्सा शहरमा प्रवेश गर्नेबित्तिकै अबियाहचाहिँ मर्नेथियो।

**१ राजाहरू १४ः१४-१६ः** हो, परमेश्वरले अर्का राजालाई खड़ा गर्नुहुनेथियो, जसले यारोबामको परिवारलाई नाश गर्नेथिए; अनि ती राजा बाशा थिए। अन्तमा इस्राएली जाति कैदमा लगिनेथियो; किनभने यारोबामले इस्राएलमा अशेराको[12] पूजाको शुरु गरेका थिए। अशेराचाहिँ प्रजनन-शक्तिको देवीको प्रतिरूपमा खोपिएका काठका मूर्तिहरू थिए।

**१ राजाहरू १४ः१७-१८ः** यस सत्र पदबाट के देखिन्छ भने, अब तिर्साचाहिँ इस्राएलको राजधानी थियो। किनकि इस्राएलकी रानी त्यहाँ फर्कनेबित्तिकै यिनको छोराको मृत्यु भयो। अनि यी भविष्यवक्ताले भविष्यवाणी गरेअनुसार मानिसहरूले उसलाई गाड़े र इस्राएलले उसको निम्ति शोक गर्‍यो।

**१ राजाहरू १४ः१९-२०ः** अनि बाइस वर्ष राज्य गरिसकेपछि यारोबामको मृत्यु भयो र उनका छोरा नादाब उनको बदलीमा राजा भए। इस्राएलका राजाहरूको इतिहासको पुस्तकचाहिँ पवित्र बाइबलको इतिहासको पुस्तक होइन, तर राजाहरूका कामकुराहरूको विषयमा लेखिएका सरकारी अभिलेखहरूको संग्रह थियो, जुन सरकारी अभिलेखहरूको संग्रहचाहिँ सार्वजनिक राष्ट्रीय इतिहासको रूपमा राखिन्थ्यो।

अब यस पुस्तकको वृत्तान्त यहूदाको राज्यतिर फर्केर जान्छ।

### ग) १ राजाहरू १४ः२१-२३ः यहूदाका राजा रहबामको विषयमा रहेको बाँकी क्रमशः खण्ड

**१ राजाहरू १४ः२१-२४ः** हामीले यस पुस्तकको बाह्र अध्यायअन्तर्गत रहबामको शासनको पहिलो भाग अध्ययन गरिसकेका छौं। अनि अब हाम्रो सामु भएको खण्डले उनको शासनकालका प्रमुख घटनाहरू सारको रूपमा पेश गर्छ। रहबामकी आमा अम्मोनी स्त्री थिइन् भन्ने कुरा दुई पल्ट उल्लेख गरिएको छ (१ राजाहरू १४ः२१ र ३१)। याद रहोस्ः पाठकहरूको ध्यानाकर्षण गराउनको निम्ति यो कुरा दुई पल्ट लेखिएको छ; किनभने रहबामको शासन असफल हुनुको आधारभूत कारण के थियो भने, उनका पिता सुलेमानले विदेशी पत्नीहरूलाई विवाह गरेका थिए, जसले तिनलाई र तिनका परिवारलाई मूर्तिपूजाभित्र पसालेका थिए। यहूदामा मूर्तिपूजा व्यापक भयो, प्रचलित भयो। अनि पुरुषगामीहरू अर्थात् देवदास-हरूले मूर्तिका थानहरूमा आफ्ना घृणित र फोहोर अनैतिक कार्यहरू गर्ने गर्थे।

**१ राजाहरू १४ः२५-२८ः** मिस्र देशका राजा शिशकले यरूशलेम आक्रमण गरेर लुटे। यसरी मन्दिर र राज-दरबारबाट अमूल्य धनहरू चोरी भयो। तब रहबामले सुनका ढालहरूको सट्टामा पित्तलका ढालहरू बनाउन आदेश दिए।

फाराओकी छोरीलाई विवाह गरेर सुलेमानले आफूलाई मिस्र देशको हातमा पर्नदेखि बचाउन खोजेका थिए, तर उनको मृत्युको केही समयपछि मिस्र देशका राजा शिशक सुलेमानको सुनको शहरको धेरै वैभव लिएर गए; के यस कुराले उनको खिसीटुउरी र ठट्टा गरेको होइन र?

**१ राजाहरू १४ः२९-३१ः** यस अवधिभरि यहूदा र इस्राएलको बीचमा लड़ाइँ चलिरहन्थ्यो। खास गरी यो लड़ाइँ सन्ताउन्न वर्षसम्म चल्यो अर्थात् यता यहूदाका राजा आसाको शासनकाल र उता इस्राएलका ओम्रीको शासनकालसम्म चलिबस्यो। तर परमप्रभुले यहूदा र इस्राएलको बीचमा सर्वशक्तिले चल्ने लड़ाइँ गर्न दिनुभएन (१ राजाहरू १२ः२४); तर यी भगिनी राज्यहरूले निरन्तर एक-अर्कासँग झैझगड़ा गरिरहन्थे। राजा रहबाम सन्ताउन्न वर्षको उमेरमा मरे, र उनको छोरा अबियाम उनको स्थानमा राजा भए।

### घ) १ राजाहरू १५ः१-८ः यहूदाका राजा अबियाम

ख्रीष्टपूर्व ९१३ सालदेखि ख्रीष्टपूर्व ९११/९१० सालसम्म रहबामका छोरा अबियामले केवल तीन वर्ष यहूदामाथि राज्य गरे (२ इतिहास १३ः१-१४ः१[क])।

**१ राजाहरू १५ः१ः** यस पदमा एउटा सुत्र प्रस्तुत गरिएको छ, जुन सुत्र घरिघरि राजाहरूका पुस्तकहरूमा दोहोरिएको छ। यस सुत्रको बोल यस प्रकारको छः फलाना राजाको शासनकालको फलानो सालमा ढिस्कानो राज्यमा ढिस्काना राजाले शासन गर्न शुरु गरे र यति वर्ष राज्य गरे। यस पदको सुत्रअनुसार इस्राएलका राजा यारोबामको शासनकालको अठारौं वर्षमा अबियामले यहूदामाथि शासन गर्न थाले। अबियामको अर्को नाम अबियाह पनि हो (१ इतिहास ३ः१० र २ इतिहास १२ः१६)।

**१ राजाहरू १५ः२ः** यहाँ अबियामकी आमाको नाम माका थियो; यिनी अबिशालोमकी छोरी थिइन्। तर २ इतिहास ११ः२१ पदअनुसार माकाचाहिँ अब्शालोमकी छोरी थिइन्; अनि २ इतिहास १३ः२ पदअनुसार अबियामकी आमाको नाम मिकाया थियो, र यिनी ऊरिएलकी छोरी थिइन्। यस विषयमा यो सम्भव छ कि अबियामकी आमाका दुईवटा नामहरू थिए होलान्; अनि यिनी ऊरीएलकी छोरी, तर अब्शालोमकी नातिनी थिइन्। अबिशालोम र अब्शालोम एउटै व्यक्तिको नाम हो। 'छोरा' वा 'छोरी' भन्ने शब्द पवित्र बाइबलमा छोराछोरी, नातिनातिनीहरू, अँ, सबै सन्तान-दरसन्तानहरूको निम्ति प्रयोग गरिन्छ।

**१ राजाहरू १५ः३-८ः** अबियाम आफ्ना बुबाको देखासिकी गर्ने मूर्तिपूजक भए; तिनी दाऊदको देकासिकी गर्नमा असफल भए, जुन दाऊद निम्न अर्थमा विश्वासयोग्य थिएः मूर्तिहरूको पूजा गर्नदेखि उनी टाढ़ा बसे। १ राजाहरू १५ः४-५ पदले सङ्केत गरेअनुसार दाऊदसँग बाँधिएको उहाँको करार नभएको भए परमेश्वरले अबियामको घरानालाई नष्ट गर्नुहुनेथियो। तपाईंले यस पाँचौं पदको शुरुमा लेखिएको कुरामाथि ध्यान दिनुहोला। अरू सबै कुराहरूमा दाऊद परमप्रभुप्रति विश्वास-योग्य रहेका थिए, तर एउटै कुरामा अर्थात् हित्ती ऊरियाहको कुराको विषयमा उनी विश्वासयोग्य हुन सकेका थिएनन्। यसकारण बुझ्नुहोस्ः हाम्रो जीवनको साक्षी बिग्रनु हो भने, त्यो एकै क्षणमा बिग्रन सक्छ,

कामवासनाको निम्ति लगाम छोड़िएको एकै क्षणमा हाम्रो चरित्र कलङ्कित हुँदो रहेछ।

अनि जुन लड़ाइँ इस्राएलसँग चलिबस्थ्यो, त्यो लड़ाइँ रहबामको शासनकालमा शुरु भयो र अबियामको शासनकालभरि जारी रह्यो। अनि १ राजाहरू १५:६ पदमा रहबाम र यारोबामका नामहरू यहूदा र इस्राएलको लागि प्रयोग गरिएका नाम हुन्। यसर्थ अबियामको जीवनभरि यहूदा र इस्राएलको बीचमा लड़ाइँ भइरह्यो। तिनले इस्राएलको राज्य आफ्नो हातमा पार्न सम्झाइबुझाइ र अस्त्रशस्त्रको बल प्रयोग गरेर त्यो फिर्ता ल्याउने प्रयास गरे; अनि २ इतिहास १३:१-२० पदको खण्डअनुसार तिनले यस प्रकारको प्रयासमा पाँच लाख इस्राएलीहरूलाई मारे।

### ङ) १ राजाहरू १५:९-२४: यहूदाका राजा आसा

ख्रीष्टपूर्व ९११/९१० सालदेखि ख्रीष्टपूर्व ८७०/८६९ सालसम्म अबियामका छोरा आसाले एकचालीस वर्ष यहूदामाथि राज्य गरे (२ इतिहास १४:१[ख]-१६:१४)।

**१ राजाहरू १५:९-१५:** यहूदाका असल राजाहरू कम्ती थिए, तर आसाचाहिँ ती असल राजाहरूमध्ये एक थिए। उनले देशबाट मूर्तिहरूको सामु पुरुषगमन गर्नेहरूलाई हटाइदिए र आफ्ना बुबा-बाजेले बनाएका र खड़ा गरेका सबै मूर्तिहरू नाश गरिदिए (१ राजाहरू १५:१२ र २ इतिहास १४:३-५)। उनले आफ्नी बज्यै माकालाई महारानी हुनदेखि पदच्युत गरिदिए अनि यिनको अश्लील र साह्रै घिनलाग्दो मूर्ति नष्ट गरे; तर उनले उच्च स्थानहरूमा भएका मूर्तिका थानहरू हटाएनन्, जुन थानहरूचाहिँ यस घिनलाग्दो मूर्तिसित सम्बन्धित थिए। अनि उनले आफ्ना बुबाबाट र आफ्नो तर्फबाट परमप्रभुको भवनको निम्ति दानहरू दिएर त्यो समृद्धशाली तुल्याए।

**१ राजाहरू १५:१६-२२:** तर जब इस्राएलका राजा बाशाले यरूशलेमदेखि केही माइल उत्तरमा रहेको रामा एउटा किल्लाबद्ध शहर बनाउन थाले, तब आसाले यहूदाको राजधानी खतरामा परेको महसुस गरे। तर परमप्रभुकहाँ फर्कनुको सट्टामा उनले अरामका राजा बेन-हददको सहायता मागे। ती विदेशी राजालाई उदारचित्तले दाम दिएर उनले तिनलाई उत्तरबाट आएर गालीलको क्षेत्रमा इस्राएल देश आक्रमण गर्न मनाए। यस कुराले बाशाको सेना हटाइदियो र उत्तरतिर तान्यो; तब आसाले रामा भत्काए र आफ्नो उत्तरीय सिमानामा अवस्थित रहेका गिबा र मिस्पा नामक शहरहरू बनाएर सुदृढ़ पार्न सके।

जुन सुन र चाँदी आसाले मन्दिरमा ल्याएका थिए, त्यो सुन र त्यो चाँदी परमप्रभुलाई दिइएको थियो। तर जब बाशाले आसाको राज्य आक्रमण गरे, तब आसाले परमेश्वरको भवन र आफ्ना राजभण्डारहरूमा भएको सबै धन लिएर ती विदेशी राजालाई दिए। यसरी उनले परमेश्वरको धन चोरी गरे र त्यससित सिरिया देशलाई धनी बनाए। ख्रीष्ट-विश्वासीहरूहो, तपाईंहरू होशियार बस्नुहोस्! नत्र कहीं हामी परमेश्वरको सम्पत्ति मानिएका कुराहरू, जस्तैः हाम्रो समय, हाम्रो पैसा र हाम्रो हातमा भएका अन्य साधनहरू लिएर अरू कसैलाई दिएर त्यसलाई पो धनी तुल्याउन पुग्छौं कि?

**१ राजाहरू १५:२३-२४:** आसाको जीवनका अन्तिम वर्षहरूमा उनका खुट्टा-हरूमा उनलाई कुनै रोग लागेको थियो। यो किन भएको थियो? हुन सक्छ, आसाले बाशाबाट छुटकारा पाउन अरामका राजामाथि भरोसा गरेकोमा परमेश्वर बेखुशी हुनुभएको हुनाले यसो भएको थियो कि? यो रोग यसको सङ्केत हुन सक्छ। अनि उनको

शासनकालका अन्तिम तीन-चार वर्षमा आसाका छोरा यहोशापातले उनीसँग राज्य गरेको अनुमान गरिन्छ ।

**च) १ राजाहरू १५ः२५-२७ः इस्राएलका राजा नादाब**

अनि ख्रीष्टपूर्व ९१०/९०९ सालदेखि ख्रीष्टपूर्व ९०९/९०८ सालसम्म एप्रैम कुलका यारोबामका छोरा नादाब दुई वर्ष इस्राएलमाथि राज्य गरे ।

अनि नादाबले मूर्तिपूजाको सम्बन्धमा आफ्ना बुबाको देखासिकी गरे । अनि तिनको प्रजाको एकजना मानिसले अर्थात् बाशाले तिनको विरुद्धमा एउटा षड्‌यन्त्र रचे र तिनको हत्या गरे । अनि त्यस समयमा बाशाले यारोबामको घरानाका बाँकी सबै सदस्य-हरूलाई मारे । यसरी नै अहियाहको भविष्यवाणी पूरा भयो (१ राजाहरू १४ः१० र १४) ।

**छ) १ राजाहरू १५ः२८-१६ः७ः इस्राएलका राजा बाशा**

अनि ख्रीष्टपूर्व ९०९/९०८ सालदेखि ख्रीष्टपूर्व ८८६/८८५ सालसम्म इस्साकार कुलका अहियाहका छोरा बाशाले चौबीस वर्ष इस्राएलमाथि राज्य गरे ।

**१ राजाहरू १५ः२८-३४ः** बाशाको शासनले इस्राएलको राज्यमा दोस्रो राजवंशको शुरुआत भएको सङ्केत गरेको छ । बाशाको शासनकालभरि यहूदा र इस्राएलको बीचमा भएको द्वन्द्व निरन्तर जारी भइरह्यो । तिर्सा तिनको राजधानी थियो; अनि तिनले यारोबामबाट शुरु भएको मूर्तिपूजा निरन्तरता दिए ।

**१ राजाहरू १६ः१-७ः** तब येहू नाम भएको एकजना भविष्यवक्ताले बाशालाई निम्न ईश्वरवाणी घोषणा गरेर सुनाएः तिनी यारोबामको चालमा हिँड़ेर उनले स्थापित गरेको मूर्तिपूजा कायम राखेका हुनाले तिनको वंशले यारोबामको वंशको जस्तै नियति भोग्नेछ ।

बाशाको वंशबाट जो शहरभित्र मर्नेथियो, त्यो कुकुरहरूको आहारा हुनेथियो र जो शहरबाहिर मर्नेथियो, त्यो गिद्धहरूको आहारा हुनेथियो । तिनको वंशबाट कसैको पनि चलनअनुसारको सम्मानित दफन हुनेथिएन । अनि बाशाको विनाशको अर्को कारण १ राजाहरू १६ः७ पदमा दिइएको छः तिनले यारोबामको जम्मै घरपरिवारलाई मारेका थिए । यसर्थ, कि त तिनी यारोबामको घराना शेष पार्न परमेश्वरद्वारा निर्धारित भएको व्यक्ति थिएनन्, कि त तिनले क्रूरतासाथ र बदला लिने भावनाले यसो गरेको हुनुपर्ला । जेजस्तो भए पनि तिनले परमेश्वरको इच्छाको विरोधमा काम गरेका थिए ।

**ज) १ राजाहरू १६ः८-१०ः इस्राएलका राजा एला**

अनि ख्रीष्टपूर्व ८८६/८८५ सालदेखि ख्रीष्टपूर्व ८८५/८८४ सालसम्म इस्साकार कुलका बाशाका छोरा एलाले दुई वर्ष इस्राएलमाथि राज्य गरे ।

एला पनि एक दुष्ट राजा थिए, जसले आफूलाई मूर्तिपूजा र मद्यपानमा सुम्पेका थिए । तिनले दुई वर्ष राज्य गरेपछि जिम्रीद्वारा तिनको हत्या भयो, जुन जिम्रीचाहिँ तिनका आधा रथहरूमाथि नियुक्त भएको सेनापति थिए । यस बेलामा बाशाको परिवारका बाँकी सबैलाई पनि मारियो, जसरी येहूले भविष्यवाणी गरेका थिए (१ राजाहरू १६ः३) । अनि एलाको मृत्युको साथमा इस्राएलमा दोस्रो राजवंशको शासन अन्त भयो ।

**झ) १ राजाहरू १६:११-२०: इस्राएलका राजा जिम्री**

अनि ख्रीष्टपूर्व ८८५/८८४ सालमा जिम्री सात दिनसम्म इस्राएलका राजा भए।

सबै राजाहरूको शासनकालभन्दा जिम्रीको दुष्ट शासन सबैभन्दा छोटो थियो; तिनको शासनकाल केवल सात दिन थियो। जब तिनले शासन आफ्नो हातमा लिए, तब इस्राएलको सेनाले गिब्बतोन शहर पलिस्ती-हरूको हातबाट निकाल्न कोशिश गरिरहेको थियो। अनि इस्राएली सेनाले आफ्नो सेनापति ओम्रीलाई राजा भनी घोषणा गस्यो। अनि तुरन्तै सरकारको लगाम कब्जा गर्न तिनले इस्राएलको राजधानी तिर्साको विरुद्धमा आफ्नो सेना परिचालन गरे। तब जिम्री राज-दरबारको किल्लामा पसे, र तिनले त्यस किल्लामा आगो लगाइदिए, अनि तिनी त्यस आगोमा मरे।

**ञ) १ राजाहरू १६:२१-२२: इस्राएलका राजा तिब्नी**

अनि ख्रीष्टपूर्व ८८५/८८४ सालदेखि ख्रीष्टपूर्व ८८१/८८० सालसम्म गीनतका छोरा तिब्नीले चार वर्ष इस्राएलमाथि राज्य गरे। सारा इस्राएली जातिले सेनापति ओम्रीलाई इस्राएलमाथि राजाको रूपमा नियुक्त गस्यो (१ राजाहरू १६:१६); तैपनि तिब्नी तिनको प्रतिद्वन्द्वी थिए; अनि चार-पाँच वर्षसम्म गृहयुद्ध भयो (१ राजाहरू १६:१५ र २३); किनभने उत्तरीय राज्यको आधा भाग मानिसहरूले तिब्नीलाई उनको मृत्युसम्म पछ्यायो।

**ट) १ राजाहरू १६:२३-२८: इस्राएलका राजा ओम्री**

अनि ख्रीष्टपूर्व ८८५/८८४ सालदेखि ख्रीष्टपूर्व ८७४/८७३ सालसम्म ओम्रीले बाह्र वर्ष इस्राएलमाथि राज्य गरे।

ओम्रीको शासनबाट उत्तरीय राज्यमा चौथो राजवंशको शासन शुरु भयो। ख्रीष्टपूर्व ८८० सालमा तिब्नी पराजित भए, र ओम्री सर्वमान्य राजा भए। शुरुका छ वर्षसम्म तिनले तिर्सामा राज्य गरे; त्यसपछि तिनले दुई किक्कर चाँदी अर्थात् लगभग ६८ के.जी. चाँदी दाम तिरेर सामरियाको पहाड़ किने र आफ्नो राजधानी त्यहाँ सारे। १ राजाहरू १६:२५ र २६ पदमा तिनको महादुष्ट शासनमाथि जोड़ दिइएको छ।

ओम्रीको शासनको कालक्रम अलिक अप्ठ्यारो छ। जिम्रीको मृत्युपछि, आसाको सत्ताइसौं वर्षमा, तिनी राजा भनी घोषित भएका थिए (१ राजाहरू १६:१५)। अनि चार वर्षको गृह-युद्ध चल्यो; त्यसपछि तिनी आसाको एकतीसौं वर्षमा उत्तरीय राज्यमा सर्वमान्य राजा बने (१ राजाहरू १६:२३)। अनि तिनको मृत्यु आसाको अठतीसौं वर्षमा भयो (१ राजाहरू १६:२९)। यसरी तिनको शासनको चार वर्ष आन्तरिक कलह मच्चि-रहेको थियो भने, प्रायः आठ वर्षसम्म शान्ति थियो।

ओम्री एक प्रगतिशील राजा थिए, जसले इस्राएलमा शान्ति र समृद्धि ल्याए। गैर-बाइबलीय स्रोतहरूले के भन्छन् भने, ओम्रीले मोआब देश कब्जा गरेर आफ्नो हातमा पारे अरे। अनि अश्शूरीहरूको दृष्टिमा तिनी यति प्रख्यात थिए कि तिनीहरूले इस्राएललाई 'ओम्रीको घर' वा 'ओम्रीको देश' भनेका थिए रे। अनि पुरातत्त्वविद्हरूको कुरा विश्वास गर्नु हो भने, तिनीहरूले सामरियामा ओम्रीको दरबारका भग्नावशेषहरू भेट्टाएका रहेछन्।

**ठ) १ राजाहरू १६:२९-२२:४०: इस्राएलका राजा अहाब र भविष्यवक्ता एलिया**

अनि ख्रीष्टपूर्व ८७४/८७३ सालदेखि ख्रीष्टपूर्व ८५३ सालसम्म ओम्रीका छोरा

अहाबले बाइस वर्ष इस्राएलमाथि राज्य गरे ।

### अ) १ राजाहरू १६:२९-३४: अहाबका पापहरू


अहाब अत्यन्तै दुष्ट राजा थिए; किनभने तिनले मूर्तिपूजाको सिलसिलामा यारोबामको देखासिकी गरे; यति मात्र होइन, तर तिनले सिडोनी राजाकी छोरी इजेबेललाई पनि विवाह गरे । यी नीच स्त्री बाल देवताको पूजा गर्ने स्त्री थिइन्, जो आफ्ना पति अहाबलाई बालको मन्दिर, बालको निम्ति एउटा वेदी र काठको मूर्ति बनाउन सुस्र्याउन सफल भइन्, र यसरी इस्राएलमा बाल देवताको पूजा प्रबल भयो । यस समयका मानिसहरूको भक्तिहीनता ठूलो थियो । परमेश्‍वरको श्रापको केही वास्ता नगरी बेतएलवासी हीएलले यरिहोको पुनर्निर्माण गर्ने कति दुःसाहस गरेका, बाफरे ! (यहोशू ६:२६) । जब उनले त्यस शहरको जग बसाले, तब उनका जेठा छोरा अबिरामको मृत्यु भयो; अनि जब उनले त्यस शहरका मूलढोकाहरू लगाए, तब उनको कान्छा छोरा सगुबको मृत्यु भयो ।

### आ) १ राजाहरू १७:१-७: भविष्यवक्ता एलिया र इस्राएल देशमा परेको खड़ेरी

**१ राजाहरू १७:१:** यस अध्यायमा हामी भविष्यवक्ता एलियासँग परिचित हुन्छौं । अनि उनको सेवकाईको वर्णन २ राजा २:११ पदसम्म जान्छ । परमेश्‍वरका जनहरूको बीचमा पाप भएको र तिनीहरूको अधोगति भएको समयमा परमेश्‍वरले भविष्यवक्ताहरूद्वारा आफ्ना जनहरूसँग बोल्नुहुन्थ्यो । अनि यी भविष्यवक्ताहरू परमप्रभुका मुखपात्र हुन्थे । उनीहरूले निडरको साथ उहाँका जनहरूको बीचमा भएको मूर्तिपूजा, व्यभिचार र सबै प्रकारका अधर्महरूको विरुद्धमा आफ्नो आवाज उठाउँथे । उनीहरूले मानिसहरूलाई पश्‍चात्ताप गर्न र परमप्रभुकहाँ फर्कन आग्रह गर्थे र चेताउनी दिन्थेः मानिसहरू समयमा परमप्रभुकहाँ फर्कँदैनथिए भने तिनीहरूले यसको निम्ति गम्भीर सजायहरू भोग्नुपर्नेथियो । केही भविष्यवक्ताहरूको सेवकाई इस्राएलमा सीमित रहन्थ्यो भने, केही भविष्यवक्ताहरूको सेवकाई यहूदामाथि केन्द्रित रहन्थ्यो, अनि फेरि कतिजना भविष्यवक्ताहरूले दुवै राज्यहरूको सेवा गर्थे । तर यी दुईवटा राज्यहरूमध्ये इस्राएल सबैभन्दा दुष्ट भएको हुनाले परमेश्‍वरले यी भविष्यवक्ताहरूको मुखद्वारा इस्राएललाई दिनुभएका सन्देशहरू चिन्ह, चमत्कार र आश्‍चर्यकर्महरूद्वारा पुष्टि गर्नुभयो । अनि यी चिन्हहरूले इस्राएललाई कुनै बहाना गर्न दिँदैनथिए ।

सुसमाचारका पुस्तकहरूमा बप्तिस्मा दिने यूहन्नाको सेवकाईको सम्बन्धमा एलियाको नाम लिइएको छ; किनकि बप्तिस्मा दिने यूहन्नाचाहिँ एलियाको आत्मा र शक्तिमा आए (लूका १:१७) ।

एलियाचाहिँ यर्दन नदीको पूर्वमा रहेको गिलादको तिश्बी भन्ने ठाउँबाट आएका थिए, र यसकारण तिनले तिश्बी भन्ने उपनाम पाएका थिए। तिनको विषयमा केवल राजाहरूका पुस्तकहरूमा पढ्न पाइन्छ। तर तिनको पृष्ठभूमि अर्थात् तिनको परिवारको विषयमा अथवा भविष्यवाणीको सेवकाईको निम्ति तिनको बोलावट कहिले र कहाँ भएको थियो, यस सिलसिलामा हामीलाई केही पनि भनिएको छैन। तर निस्सन्देह तिनी परमेश्‍वरबाट पठाइएका मानिस थिए; यो कुरा कसैले इन्कार गर्न सक्दैन। व्यभिचारी र घमण्डी इस्राएली जातिलाई घुँड़ा टेकाउन तिनी परमेश्‍वरको चुनिएको साधन थिए। तिनले गरेको प्रार्थनाले स्वर्गबाट यस पृथ्वीमा आशिष र क्रोध ल्याउन सक्थ्यो। यस




## एलियाको जीवनः

१) पहिले तिश्बी एलियाले राजा अहाबलाई 'देशमा खड़ेरी लाग्नेछ' भन्ने भविष्यवाणी गरे ।

२) त्यसपछि तिनी करीत खोलामा लुके ।

३) त्यसपछि तिनी सारेपतमा गए ।

४) राजा अहाबकहाँ जाँदाखेरि तिनले ओबद्याहलाई भेटे ।

५) राजा अहाब एलियालाई कर्मेल पहाड़मा भेट्न राजी भए ।

६) दौड़िरहेको एलियाले यिज्रेलमा जाँदा राजा अहाब र तिनको रथलाई उछिने ।

७) इजेबेलको डरले गर्दा एलिया बेर-शेबामा भागे ।

८) बेर-शेबाको उजाड़स्थानबाट दक्षिण लागेर एलिया सिनाई पर्वतमा पुगे ।

९) हजाएललाई अरामको राजाको रूपमा अभिषेक गर्न एलिया उजाड़स्थानको बाटो भएर दमस्कसमा पुगे ।

१०) एलियाले एलीशालाई भेटे ।

११) एलियाले राजा अहाबलाई नाबोतको हत्याको दोष लगाए ।

१२) एलियाले राजा अहज्याहको एक्रोनमा गइरहेको टोलीलाई सामना गरे ।

१३) एलियाले अहज्याहको मृत्युको विषयमा भविष्यवाणी गरे ।

१४) एलिया र एलीशाले सँगै गरेको अन्तिम यात्रा

१५) एउटा आँधीबेह्रीमा एलियाको स्वर्गारोहण भयो ।

सम्बन्धमा तिनको प्रार्थनाको उत्तरमा बर्सेको पानीझरीचाहिँ आशिष अनि खड़ेरी लागेको र स्वर्गबाट आगो खसेकोचाहिँ हामीले परमेश्‍वरको सजाय सम्झनुपर्‍यो। तिनले आफ्नो पुस्ताका मानिसहरूलाई निडरको साथ सेवा गर्थे, र तिनी तिनीहरूको निम्ति विवेक हुन्थे। अनि पवित्र बाइबलमा वर्णनअनुसार तिनको सबैभन्दा पहिलो कामचाहिँ अहाबलाई 'देशमा खड़ेरी लाग्नेछ' भन्ने घोषणा गर्नु थियो। अनि सुस्पष्ट छ, कि यो खड़ेरीचाहिँ मूर्तिपूजाको विरुद्धमा परमेश्‍वरको न्याय थियो। मानिसहरूको ध्यान आफूतिर खिच्न परमेश्‍वरले कड़ा खड़ेरी प्रयोग गर्न रोज्नुभयो। तिनीहरूले गरेको मूर्तिपूजाले देशमा आत्मिक खड़ेरी ल्याएको छ भन्ने कुरा तिनीहरूले वास्ता गरेका थिएनन्; तर अब तिनीहरूले तिनीहरूको आत्मिक खड़ेरी चित्रण गर्ने यो प्राकृतिक खड़ेरी बेवास्ता गर्न सकेनन्।

**१ राजाहरू १७:२-७:** एलियाले परमप्रभुको आज्ञा पालन गरे, र तिनी सामरियाबाट यर्दनको पूर्वमा रहेको करीत खोलामा गए। त्यहाँ तिनले त्यस खोलाको पानी पिउँथे; अनि कागहरूले बिहान र बेलुका तिनलाई खानेकुरा ल्याउँथे, र यसरी अचम्म प्रकारले तिनको पालनपोषण हुन्थ्यो। तर केही समयपछि यस खड़ेरीको कारणले त्यस खोलाको पानी पनि सुकिहाल्यो।

### इ) १ राजाहरू १७:८-२४: भविष्यवक्ता एलिया र सारेपतकी विधवा

**१ राजाहरू १७:८-१६:** परमप्रभुको वचनप्रति आज्ञाकारी भई एलिया टायर र सिडोनको बीचमा भूमध्यसागरको किनारमा अवस्थित भएको सारेपतमा गए; किनभने परमेश्‍वरले त्यहाँ एउटी अन्यजाति विधवाद्वारा तिनको स्याहार-सुसारको व्यवस्था गर्नुभयो। शुरुमा त यिनी हिचकिचाइन्; किनकि यिनीसँग आफ्नो छोरा र आफ्नो लागि मात्र पर्याप्त खानेकुरा थियो। तर यी भविष्यवक्ताले यिनलाई 'पहिले मेरो लागि एक गाँस रोटी बनाऊ' भन्ने आदेश दिए। यो आदेश पालन गरेर यी विधवाले परमेश्‍वरलाई आफ्नो जीवनमा पहिलो स्थान दिनेथिइन्। अनि जब यिनले आज्ञापालन गरिन्, तब यिनले एउटा अनमोल पाठ सिकिन्ः जस-जसले परमेश्‍वरलाई आफ्नो जीवनमा पहिलो स्थान दिन्छन्, तिनीहरूका अभाव र आवश्यकताहरू पूरा हुनेछन्; तिनीहरूलाई कहिल्यै कुनै कमी हुँदैन। यिनको माटोको भाँड़ामा पीठो र यिनको गरियाको तेल कहिल्यै रित्तिँदैनथियो।

एलिया धेरै इस्राएली विधवाहरूमध्ये एउटीकहाँ होइन, तर एउटी अन्यजाति विधवाकहाँ पठाइएको कुरा प्रभु येशूले ख्याल गरेर हाम्रो ध्यानमा ल्याउनुभयो (लूका ४:२६)।

यस खड़ेरीको समयमा परमप्रभुले आफ्नो भविष्यवक्ताको निम्ति सबैभन्दा नम्र तरिकाले प्रबन्ध गर्नुभयोः पहिले अशुद्ध चराहरूद्वारा र त्यसपछि एउटी गरिब गैर-यहूदी स्त्रीद्वारा। आफ्नो दरबारमा बसिरहेका राजालाई कठिनाइ थियो, तर एलियासँग उनलाई चाहिने सबै कुरा थियो। परमेश्‍वरको वाणी पालन गर्ने परमेश्‍वरका जनको सबै आवश्यकताहरू सधैं पूरा हुनेछन्, उनले सामना गर्नुपर्ने प्रबल परिस्थितिहरू जस्तासुकै किन नहोऊन्।

**१ राजाहरू १७:१७-२४:** केही समयपछि यस्तो भयोः यी विधवाको छोरा सिकिस्त बिरामी भयो र मर्‍यो। अनि तुरुन्तै यी स्त्रीले 'मैले गरेको कुनै पापको खातिर एलियाले मेरो छोराको मृत्युको आदेश दिए होलान्' भन्ने आशङ्का गरिन्। तर एलियाले त्यस मरेको केटालाई उठाएर आफ्नो सुत्ने कोठामा लगे, र

तीन पल्ट त्यस केटामाथि पसारिएर तिनले परमप्रभुलाई पुकारे। अनि त्यो केटो फेरि पुनर्जीवित भयो; अनि तिनले त्यसलाई स्वस्थ अवस्थामा त्यसकी आमाको हातमा सुम्पि-दिए। यस कुराले यी विधवालाई 'एलिया परमेश्‍वरका जन हुन् र परमेश्‍वरको वचन सत्य हो' भन्ने विश्‍वास दिलायो। यसरी यी अन्य-जाति स्त्रीले इस्राएलका परमेश्‍वरप्रति आफ्नो विश्‍वास प्रकट गरिन्।

**ई) १ राजाहरू १८:१-१९: बालका पूजाहारीहरूलाई दिइएको एलियाको चुनौती**

**१ राजाहरू १८:१-६:** एलियाले इस्राएल देश छोड़ेको तीन वर्षपछि र लूका ४:२५ पदअनुसार खड़ेरी शुरु भएको साढ़े तीन वर्षपछि परमप्रभुबाट भविष्यवक्ता एलिया-कहाँ अहाबको सामु उपस्थित हुने आदेश आयो। मानिसको दृष्टिले कुरा गर्नु हो भने, यो कुरा तिनको निम्ति अत्यन्तै खतरनाक थियो। त्यस बेलाको अनिकाल यति कष्टदायक थियो, कि अहाब र उनका भण्डारे ओबद्याहले पशुहरूको निम्ति घाँसको खोजी गर्नुपरेको थियो। (याद रहोस्: यी ओबद्याहचाहिँ पवित्र बाइबलको 'ओबद्याह' नामक पुस्तक लेख्ने भविष्यवक्ता थिएनन्; तर परमप्रभुका सयजना भविष्यवक्ताहरूलाई बचाउने यी नै ओबद्याह थिए। किनकि अहाबकी पत्नी इस्राएलकी दुष्ट रानी इजेबेलले तिनीहरूमध्ये कसैको हत्या गरेकी थिइन् र अरूलाई नाश गर्न खोजिरहेकी थिइन्।)

**१ राजाहरू १८:७-१५:** जब ओबद्याहले घाँस खोज्दैथिए, तब एलियाले तिनलाई भेटे र तिनलाई 'हेर्नुहोस्, एलिया फलाना ठाउँमा छन् भन्ने कुरा अहाबलाई सूचित गर' भन्ने आदेश दिए। तर ओबद्याहलाई यसो गर्दा आफ्नो मृत्यु हुने डर थियो; किनकि राजा अहाबले एलियालाई एकपल्टमा सदाको लागि चुप गराउन अथक प्रयास गरेका थिए। अनि ओबद्याहले एलियाको उपस्थिति प्रकट गरिदिए भने, राजाले पक्का पनि कुनै न कुनै कारबाही गर्ने नै थिए; तर त्यस बेलासम्म परमप्रभुको आत्माले एलियालाई अन्त कहीं लगिदिन सम्भव थियो। त्यसपछि अहाबले ओबद्याहलाई 'तिमीले मलाई किन झूटो खबर दिएका हौं' भन्ने निहुँमा मार्नेथियो। अनि यी सबै कुराहरूबाहेक राज-दरबारमा ओबद्याहको हालत निक्कै नाजुक थियो; किनभने तिनले परमप्रभुका भविष्यवक्ता-हरूको सुरक्षा गरेका थिए। तर एलियाले 'म यो ठाउँ छोड्दिनँ' भन्ने प्रतिज्ञा गरे। अनि एलिया र अहाबको बीचमा एउटा भेटघाट तय गरियो।

**१ राजाहरू १८:१६-१९:** तब राजा अहाब एलियालाई भेट्न गए, अनि नभन्दै 'हे इस्राएलको कष्ट दिनेहारा' भनेर तिनले उनलाई सीधै आरोप लगाइहाले। तर परमेश्‍वरका जनजस्तै असल मित्र कहाँ पाउँछ र? उनी त इस्राएलको सबैभन्दा हितकारी मित्र हुँदा रहेछन् भन्ने कुरा तिनले कहाँ बुझ्थे र? आफ्नो ज्यानको माया नगरेर एलियाले अहाबलाई निडरको साथ जवाफ दिए र तिनलाई दोष लगाए। उनले राजालाई लगाएको आरोप के थियो? राजा अहाबले परमप्रभुको सेवा र आराधना बाल देवताको पूजासँग मिसाए। त्यसपछि एलियाले तिनलाई 'मुकाबिला गर्नको निम्ति आफ्ना अगमवक्ताहरूलाई कर्मेल पहाड़मा भेला गराउनुहोस्, र एकमात्र सत्य परमेश्‍वर को हुनुहुन्छ, सो थाहा हुनेछ' भनेर चुनौती दिए। (१ राजाहरू १८: १९ र २२ पदअनुसार बाल देवताका चार सय पचास अगमवक्ताहरू कर्मेलमा गए, तर अशेरा देवीका चार सय अगमवक्ताहरू गएनन्।)

### उ) १ राजाहरू १८ः२०-४०ः बालका पूजाहारीहरूमाथि एलियाको विजय

**१ राजाहरू १८ः२०-२५ः** इस्राएलको तर्फबाट भेला भएका प्रतिनिधिहरूलाई सम्बोधन गर्दै एलियाले तिनीहरूलाई 'तिमीहरू कहिलेसम्म दोधारमा परिरहन्छौ' भनेर आरोप लगाए। तिनीहरूले परमप्रभु र बालको बीचमा रोज्नुपर्नेथियो। त्यसपछि त्यो होड़बाजी शुरु भयो। यस होड़बाजीको निम्ति दुईवटा बहरहरू मारेर वेदीको दाउरामाथि राख्नुपर्नेथियो – एउटा बहर एलियाको निम्ति र अर्को बहर बालका अगमवक्ताहरूको निम्ति थियो। किनकि यस होड़बाजीमा एलियाले परमप्रभुको प्रतिनिधित्व गरे भने, अहाबका चार सय पचास अगमवक्ताहरूले बालको प्रतिनिधित्व गरे। जुन ईश्वरले प्रार्थनाको उत्तरमा बलिपशुमाथि आगो बर्साउनुहुन्छ, ती ईश्वर परमेश्वर हुनुहुँदो रहेछ। उहाँलाई तिनीहरूले परमेश्वर भनेर मान्नुपर्छ।

**१ राजाहरू १८ः२६-२९ः** यी बालका अगमवक्ताहरूले आफ्ना देवतालाई पुकारे र बिहानदेखि दिउँसोसम्म वेदीको वरिपरि उफ्रे। तब बाल देवताले तिनीहरूलाई जवाफ किन नदिएको? यस सम्बन्धमा एलियाले तिनीहरूलाई खिसी गरेर कति 'उपयोगी' सुझाउहरू पेश गरे। 'सायद बाल निक्कै कमजोर र नगण्य देवता भएको हुनुपर्ला; किनकि त्यसले त एकै समयमा दुईवटा काम गर्न सक्दैन रहेछ।' तब हताश भएर तिनीहरूले आफ्नो चलनअनुसार चक्कु र भालाहरूले आफैलाई काट्न र घोंच्न लागे र साँझसम्म अर्थात् बेलुकाको बलिदानको समयसम्म यस प्रकारको उत्ताउलो गरे, प्रलाप गरिरहे। तर कुनै आवाज आएन, कुनै जवाफ आएन, कसैले तिनीहरूको सुनेन।

**१ राजाहरू १८ः३०-३५ः** त्यसपछि एलियाको पालो आयोः उनले बाह्रवटा ढुङ्गाहरू लिएर परमप्रभुको नाममा एउटा वेदी बनाए, जुन बाह्रवटा ढुङ्गाहरूले इस्राएलका बाह्र कुलहरूलाई सङ्केत गरे। त्यसपछि आश्चर्यकर्मद्वारा बाहेक अरू कुनै पनि तरिकाले वेदीको आगो सल्कन सक्ने सम्भावना हटाउन उनले यस वेदीमाथि राखिएको बहरमाथि र यसको दाउरामाथि चारवटा पानीका भाँड़ाहरू तीन पल्ट खाली गरेर बाह्रवटा गाग्रीहरूको पानी खन्याउन लगाए।

कतिजनाले प्रश्न गर्छन्ः खड़ेरी परेको बेलामा एलियाले कसरी यति धेरै पानी पाए? तर यो एउटा बनावटी प्रश्न हो। किनकि खड़ेरीको समयमा बाह्रवटा भाँड़ाको पानी भेट्टाउन गाह्रो कुरा होइन। खड़ेरीले खेतबारीहरू नराम्रो असर पारेको थियो, तर पिउने पानी पाइरहेको थियो, नत्रभने सबै मानिसहरू तिर्खाले मर्नेथिए। हामी अर्को स्पष्टीकरण पनि दिऔंः यो पानी भूमध्य-सागरबाट भएको हुन सक्छ, जुन भूमध्यसागर कर्मेल पहाड़देखि केवल केही माइल टाढ़ा रहेको थियो। यस सम्बन्धमा श्री जर्ज विलियम्सले यसो भनेका छन्ः

> 'कि त किशोन नदीले, कि त भूमध्य-सागरले, कि त आजको दिनसम्म त्यहाँ रहि-रहेको इनारले अवश्य यो खाड़ल पानीले भर्नको निम्ति, एकलैले कि सँगै मिलेर, आवश्यक परेको पानीको प्रबन्ध गर्न सक्यो, यसमा कुनै शङ्का छैन (१ राजाहरू १८ः३५, ४० र ४३)।' [13)]

**१ राजाहरू १८ः३६-४०ः** अनि बेलुकाको बलिदान चढ़ाउने समयमा एलियाले प्रार्थना गरेः 'हे परमप्रभु, स्वर्गबाट आगो बर्साएर आफूलाई प्रकट गर्नुहोस्!' अनि तुरुन्तै स्वर्गबाट परमप्रभुको आगो खस्यो, जुन आगोले होमबलिलाई मात्र होइन,

तर यसको दाउरा, वेदीका ढुङ्गाहरू, माटो र यस वेदीको वरिपरि खाड़लमा भएको पानी सबका सब भस्म पाऱ्यो। तब मानिसहरू परमप्रभुलाई परमेश्वरको रूपमा स्वीकार गर्न बाध्य भए। त्यसपछि तिनीहरूले एलियाको आदेश पालन गरे र बालका दुष्ट अगमवक्ताहरूलाई पक्रेर मारे। मानिसहरूले परमप्रभु नै परमेश्वर हुनुहुन्छ भनी स्वीकार गरेपछि र बालका अगमवक्ताहरूलाई मृत्युदण्ड दिएपछि मात्र पानीझरी पर्न सक्यो। आशिष पाउने कदमहरू यस प्रकारका छन्ः हामीले आफ्नो पाप मानिलिनुपर्छ र परमेश्वरको वचन पालन गर्नुपर्छ; त्यसपछि मात्र आशिष बर्सिन्छ।

### ऊ) १ राजाहरू १८ः४१-४६ः एलियाले पानी परोस् भनेर गरेको प्रार्थना

भविष्यवक्ता एलियाले राजा अहाबलाई ढिलो नगरी भोजन लिने सल्लाह दिए; किनभने पर्न लागेको पानीझरीबाट उम्कन तिनले अब चाँडै कर्मेल पहाड़ छोड्नुपरेको थियो। अनि जब अहाब खानपान गर्न बसे, तब एलिया प्रार्थना गर्न उठे। उनी कर्मेल पहाड़को टुप्पामा उक्ले; उनी भुइँमा घोप्टो परे, र प्रार्थना गर्दा आफ्नो टाउको आफ्ना घुँड़ाहरूको चेपमा राखे। उनले जोड़सित प्रार्थना गरेः 'हे प्रभु, पानी पठाएर आफ्नो वचन पूरा गरिदिनुहोस्!' अनि उनको सेवकले क्षितिजमा एउटा सानो बादल उठिरहेको नदेखुन्जेल उनले प्रार्थना गरिरहे। त्यो सानो बादल एलियाको लागि पर्याप्त थियो। तुरुन्तै उनले राजा अहाबलाई 'यिज्रेल पुग्न हतार गर्नुहोस्' भन्ने खबर पठाए। यिज्रेल इस्साकारको एउटा मुख्य शहर थियो, जहाँ राजाको परिवार बेला-बेलामा बस्ने गर्थ्यो (१ राजाहरू २१ः१)। एलिया विश्वासयोग्य नागरिक र विश्वासयोग्य सेवक भएका हुनाले अहाबको रथको अघि-अघि पानीले निथ्रुक्क भिजेर यिज्रेलसम्म बीस माइल दौड़े।

### ए) १ राजाहरू १९ः१-१८ः एलिया होरेब पर्वतमा भागेर गएको

**१ राजाहरू १९ः१-४ः** अनि जब इजेबेलले आफ्ना पति अहाबको मुखबाट कर्मेल पहाड़मा बालका अगमवक्ताहरूले कसरी हारे र तिनीहरूको मृत्यु भयो, सो कुराको बारेमा सुनिन्, तब यिनले एक दिनभित्र एलियालाई मार्ने भाकल गरिन्। तब जुन भविष्यवक्ताले अघिल्लो दिनमा आफ्नो ठूलो विश्वासद्वारा यत्रो ठूलो विजय प्राप्त गरेका थिए, यी भविष्यवक्ताको हिम्मत हाऱ्यो। आफ्नो ज्यान बचाउन उनी यिज्रेलदेखि दक्षिण लागेर इस्राएलको सिमाना नाघ्नु त के, यहूदाको दक्षिणको सिमानामा रहेको बेर-शेबासम्म पो पुगेछन्, लगभग एक सय माइल टाँढ़ा पुगेछन्। बेर-शेबामा आफ्नो सेवकलाई छोड़ेर एलिया उजाड़स्थानमा अझ एक दिनको बाटो अघि बढ़े। अन्तमा हरेस खाएर अनि हताश र उदास भएर उनले एउटा धूपचन्दनको रूखमनि आराम गरे।

**१ राजाहरू १९ः५-८ः** परमेश्वरले यस अघोर निराशाको भुमरीमा परेका मानिसको रोगको उपचार कसरी गर्नुभएको, सो कुरा ख्याल गर्न उत्तम छ, अँ, यो एउटा दिलचप्सीको कुरा हो। यसको निम्ति उहाँको रोग-उपचार यस प्रकारको थियोः आराम गर्नु, खाना खानु र पानी पिउनु; त्यसपछि फेरि आराम गर्नु, त्यसपछि फेरि खाना खानु र पानी पिउनु। अनि यस भोजनको बलले भविष्यवक्ता एलियाले होरेब पर्वतसम्म चालीस दिन र चालीस रात हिँड़ेर लगभग दुई सय माइल यात्रा गरे। होरेब पर्वतचाहिँ सिनाई पर्वत हो, जहाँ परमेश्वरले मोशालाई व्यवस्था दिनुभएको थियो।

**१ राजाहरू १९:९-१४:** अनि त्यहाँ परमप्रभुले उनीसित एउटा गुफामा व्यवहार गर्नुभयो । किनकि स्वधर्मी पाराले एलियाले दृढ़तासाथ आफ्नै विश्वासयोग्यता कायम राखेको कुरा गरे, तर इस्राएलीहरूको दोषारोपण गरे । उनले भन्न खोजेको तात्पर्य के थियो भने, उनी परमप्रभुप्रति सत्यनिष्ठ रहेको एकमात्र व्यक्ति थिए रे । तब परमेश्वरले उनलाई यस गुफाबाट निस्केर व्यवस्थाको पहाड़मा उभिने आज्ञा दिनुभयो; तर एलियाले त्यो आज्ञा पालन गरेनन् । यो कुरा हामी कसरी जान्दछौं ? किनभने पछि १ राजाहरू १९:१३ पदमा मात्र उनी बाहिर गए र यस गुफाको मुखमा उभिए । छिटो-छिटो हुने गरी र पालो-पिलो गरी प्रचण्ड बतास, भूकम्प र आगोले यी पहाड़हरू प्रहार गरे । यस प्रचण्ड आँधीले एलियालाई उनको अरूलाई दोष लगाउने कठोर मनको सम्झना गराएको हुनुपर्छ । तर यी प्राकृतिक प्रकोपहरूमध्ये एउटाले पनि उनलाई यस गुफाबाट बाहिर ल्याउन सकेनन् । तर अन्तमा त्यो आगो गइसकेपछि भविष्यवक्ताले एउटा शान्त, धीमा सोर सुने । अनि अनुग्रहकारी परमप्रभुको यो आवाज उनलाई यस गुफाको मुखमा ल्याउन सफल भयो । अनि त्यहाँ उनले फेरि आफूलाई परमेश्वरको एकमात्र बाँकी रहेको साक्षीको रूपमा पेश गरे । यस विषयमा श्री जर्ज विलियम्सले यसरी टिप्पणी गरेका छन्ः

> 'एलियाको हृदय स्वकेन्द्रित नरहेको भए उनले बुझ्नेथिए, कि प्रेमको कोमल आवाजले गर्न सक्ने काम कुनै आँधी, कुनै भूकम्प र कुनै आगोले पूरा गर्न सक्दैन । अनि उनले आफ्नो मन र इस्राएलीहरूको मनको बीचमा कुनै भिन्नता नरहेको कुरा जान्नुपर्नेथियो । अनि कुनै दमनकारी जबर्जस्तीले उनलाई यस गुफाबाट निस्कन पार्न सकेन भने, ठीक त्यस्तै मानिसहरूलाई आफ्ना पापहरू छोड्ने करमा पार्न अपनाएको जुनसुकै प्रणाली असफल हुनेछ भन्ने कुरा उनले जान्नुपर्नेथियो ।' [14)]

**१ राजाहरू १९:१५-१८:** परमेश्वरको दासले यस प्रकारको अहङ्कारको भावना अपनाएपछि परमप्रभुको निम्ति उनको उपयोगितामा ठूलो घाटा आएको देखिन्छ । परमेश्वरले उनलाई 'दमस्कसको उजाड़-स्थानमा फर्क' भन्नुभयो । त्यहाँ गएर उनले तीनवटा अभिषेक-कार्यहरू गर्नुपर्नेथियोः **क)** उनले हजाएललाई अरामको राजाको रूपमा अभिषेक गर्नु थियो । किनकि यी राजाले अनाज्ञाकारी इस्राएली राष्ट्रलाई दण्ड दिनेथिए । अनि **ख)** उनले येहूलाई इस्राएलको राजाको रूपमा अभिषेक गर्नुपरेको थियो । येहूले अहाबको घरानामाथि परमेश्वरको न्याय पूरा गर्नेथिए । अनि **ग)** उनले एलीशालाई आफ्नो उत्तराधिकारी भविष्यवक्ताको रूपमा अभिषेक गर्नुपरेको थियो ।[15)] यी कार्यहरूले उनलाई 'तिमी नभई हुने होइनौ नि' भन्ने कुरा सिकाउनेथिए । किनकि यी तीनजना मानिसहरूले इस्राएल देशमा मूर्तिपूजकहरूमाथि परमेश्वरको न्याय पूरा गर्नेथिए (१ राजाहरू १९:१७) । तर परमप्रभुले इस्राएलमा सात हजार जनालाई छोड्नुभयो, जसले बाल देवताको सामु घुँड़ा टेकेनन् र जसले बाललाई चुम्बन गरेनन् ।

### ऐ) १ राजाहरू १९:१९-२१: एलियाले एलीशालाई नियुक्त गरेको

**१ राजाहरू १९:१९:** उत्तरतर्फ यात्रा गरेर एलिया यर्दनको उपत्यकामा अवस्थित भएको बेत-शानको नजिकै भएको आबेल-महोलामा पुगे । त्यहाँ उनले बारी जोतिरहेका एलीशालाई भेट्टाए । अनि एलीशासँग बाह्र हल गोरु थिए । यसर्थ तिनी गरिब मानिस थिएनन् भन्ने बुझिन्छ । तिनले एक हल गोरु जोतिरहेका थिए र तिनका नोकरहरूले अरू

एघार हल गोरुहरू जोतिरहेका थिए होलान्। एलियाले आफ्नो खास्टो एलीशाका काध-हरूमाथि लगाए; योचाहिँ एलीशा उनका उत्तराधिकारी भविष्यवक्ता हुनेछन् भन्ने सङ्केत थियो।

**१ राजाहरू १९:२०-२१:** एलीशाले घर फर्कने र आफ्नो परिवारसित बिदाइको भोज मनाउने अनुमति मागे। एलियाले तिनलाई यसो गर्ने अनुमति दिए; तर 'मैले तिमीलाई भर्खरै के गरेको छु, सो नबिर्स' भनेर तिनलाई चेताउनी थिए; किनकि एलियाले तिनलाई अभिषेक गरेका थिए। अनि त्यो भव्य भोज लगाएपछि एलीशा उठे र एलियाको पछि लागे अनि उनको निजी सेवक भए।

एलीशाले आफ्ना बुबाआमाबाट बिदा लिने अनुरोध र उता प्रभु येशूको भावी चेला हुने खोज्ने मानिसको अनुरोध उस्तै-उस्तै लाग्छ। तर उताको मानिसलाई प्रभु येशूले परमेश्वरको राज्यको लागि अयोग्य ठहराउनुभयो (लूका ९:६१-६२)। यी दुई-जनाको बीचमा भिन्नता के थियो त? यता एलीशाको विषयमा कुरा यस प्रकारको थियोः तिनले तत्कालै आफ्नो काम र परिवारसितको सम्बन्ध तोड्ने निर्णय गरे; तर उता भावी चेलाले ढिलाइसुस्ती गर्‍यो, अनि त्यसको यो अनुरोध त्यसको बहाना मात्र थियो।

### ओ) १ राजाहरू २०:१-२२: सिरियामाथि अहाबको पहिलो विजय

**१ राजाहरू २०:१-६:** अरामका राजा बेन-हददको विषयमा कुरा यस्तो छः पहिले अनुमान गरिएको थियो, कि तिनी १ राजाहरू १५:१८ र २० पदमा उल्लेख गरिएका बेन-हददको छोरा भएको हुनुपर्ला। तर पछि अनुसन्धानले के पत्ता लगायो भने, तिनीचाहिँ बेन-हददको छोरा होइन, तर बेन-हदद स्वयम् हुनुपर्ला; यसको बढ़ी सम्भावना देखिन्छ। जे होस्, तिनले बत्तीसजना आरामी राजाहरूसित एउटा गठबन्धन गरे, अनि घोड़ा र रथहरू लिएर तिनी सामरियाको विरुद्धमा आइलागे। अनि सामरिया शहर घेराबन्दीमा भएको बेलामा बेन-हददले राजा अहाबलाई आत्म-समर्पणका सर्तहरू पठाएः 'तिम्रो चाँदी, तिम्रो सुन, तिम्रा पत्नीहरू र तिम्रा छोराछोरीहरू, अँ, तिम्रा सबैभन्दा उत्तम कुराहरू मेरा हुन्'। कमजोर अहाबले विनम्रतापूर्वक यी सर्तहरूमा आफ्नो सहमत जनाए। आफ्ना पहिला सर्तहरूअनुसार अहाबको आत्म-समर्पणसित सन्तुष्ट नभएको बेन-हददले पछिबाट आफ्ना सेवकहरूको निम्ति जहाँ पनि पस्न पाउने र तिनीहरूलाई इच्छा लाग्ने जे पनि लैजान पाउने अधिकार माग गरे।

**१ राजाहरू २०:७-१२:** तर इस्राएलका बूढ़ा प्रधानहरू यस दोस्रो मागको विषयमा क्रोधित भए र अहाबलाई 'यस दोस्रो सर्तसित राजी नहुनुहोस्' भन्ने आग्रह गरे। तर जब बेन-हददले इस्राएलले तिनको दोस्रो सर्त इन्कार गरेको समाचार सुने, तब तिनी रिसले चूर भए; तिनले त सामरियालाई आफ्ना सिपाहीहरूको निम्ति एक मुट्ठी धूलो समेत नहुने गरी नाङ्गेझार पार्नेथिए, नामेट पार्नेथिए अरे; तिनको घमण्ड र रिसको झोक यत्रो थियो। बेन-हददको यस धम्कीको निम्ति अहाबको जवाफ यस प्रकारको थियोः 'हतियार भिर्ने सिपाहीले लड़ाइँ जितिसकेको घमण्ड गर्नुहुँदैन।' अनि यस प्रकारको खिसीले मद चढ़ेको बेन-हदद र तिनका सङ्गीहरूलाई तत्कालै हमला गर्न उत्प्रेरित गर्‍यो।

**१ राजाहरू २०:१३-१५:** यस क्षणमा आएर परमप्रभुका एकजना भविष्यवक्ता अहाबकहाँ आए, जसले तिनलाई विजयको आश्वासन दिए। अनि उत्तरबाट भेला भएका विशाल सेनाहरूलाई परास्त गर्न परमेश्वरले प्रान्त-प्रान्तका शासकहरूका दुई सय बत्तीस

सेवकहरूको सानो दल र यस दलको पछि आएका सात हजार इस्राएलीहरूलाई प्रयोग गर्नुभयो। अनि १ राजाहरू २०:१५ पदमा 'सबै इस्राएलीहरू' भन्ने वाक्यांशको अर्थ 'सामरियाका सबै सिपाहीहरू' भनेको बुझ्नुपर्छ। यो लड़ाइँ शुरु गर्न जवान सेवकहरूको यो सानो दल छानिएको अर्थ यही थियोः यो विजय मानिसको बलले होइन, तर पूरापूर परमप्रभुबाट भएको थियो भन्ने कुरा झन् स्पष्ट पार्नु थियो।

**१ राजाहरू २०:१६-२२:** बेन-हदद र तिनका सङ्गीहरू मात्तिरहेको बेलामा अहाबले दिउँसो तिनीहरूलाई आक्रमण गरे। अनि जब बेन-हददले इस्राएलका दुई सय बत्तीसजना मानिसहरू आफ्नो विरोधमा आइरहेको कुरा सुने, तब तिनले उनीहरूलाई जिउँदै पक्रने आदेश दिए। अनि यही कुराले जरुर इस्राएलीहरूलाई रणनीतिक फाइदा दिलायो, र अरामीहरूको ठूलो काटमार भयो। अनि बाँचेकाहरू आफ्नो देशमा फर्के। तर परमप्रभुका भविष्यवक्ताले राजा अहाबलाई 'सिरियाली सेनाले आउँदो बसन्तमा फेरि आक्रमण गर्नेछ' भनेर चेताउनी दिए।

### औ) १ राजाहरू २०:२३-३४: सिरियामाथि अहाबको दोस्रो विजय

**१ राजाहरू २०:२३-२५:** बेन-हददका सेवकहरूले आफ्नो यस लज्जास्पद हारको निम्ति दुईवटा कारणहरू दिएः **क)** इस्राएलीहरूले पहाड़ी देशमा यो लड़ाइँ जितेका थिए। तर तराईमा आएर तिनीहरूले पक्का पनि हार्नेथिए; किनकि तिनीहरूका देवताहरू पहाड़का देवताहरू थिए। 'यसकारण अर्को पालि हामीले तिनीहरूलाई तराईमा आक्रमण गर्नुपर्छ' भन्ने निष्कर्षमा यिनीहरू पुगे। **ख)** अहाबको विरुद्धमा यस बितेको लड़ाइँमा भाग लिएका बत्तीसजना राजाहरूसँग लड़ाइँ गर्ने दक्षता थिएन भन्ने कुरा साबित भएको थियो। 'यसकारण यिनी-हरूको सट्टामा उच्च कोटिका निपुण सेनाका कप्तानहरूलाई चलाउनुहोस्' भनेर बेन-हददका सेवकहरूले तिनलाई सल्लाह दिए।

**१ राजाहरू २०:२६-३०[क]:** अनि आउँदो बसन्तमा बेन-हदद फेरि आफ्नो सेनासित इस्राएलमाथि आइलागे। अनि अरामी सेनाको तुलनामा इस्राएलको सेनाचाहिँ दुईवटा बाख्राका बगालहरूजस्तै देखिन्थ्यो। परमेश्वरका एकजना जनले अहाबलाई के भने भने, परमप्रभु तराईको परमेश्वर र पहाड़-हरूको पनि परमेश्वर हुनुहुन्छ भन्ने कुरा परमप्रभुले बेन-हददलाई देखाउनुहुनेथियो। अनि यो लड़ाइँ हुँदा इस्राएलले एक लाख पैदल सिपाहीहरूलाई मार्‍यो। अनि भागेका सिरियालीहरूले अपेक शहरका पर्खाल-हरूमाथि आफ्नो स्थान लिन खोजे, तर त्यस शहरका पर्खालहरू भत्किए र तिनीहरूमध्ये सत्ताइस हजार मानिसहरू मारिए।

**१ राजाहरू २०:३०[ख]-३४:** अनि बेन-हदद अपेकमा एउटा भित्री कोठामा लुके। तिनका सेवकहरूले 'हामीलाई आत्म-समर्पणका चिन्हहरू र शोकको पहिरन लगाएर राजा अहाबकहाँ जान र दयाको भीक्ष माग्न दिनुहोस्' भनेर तिनलाई अनुरोध गरे र अन्तमा मनाए पनि। बेन-हददका सेवकहरूसँग बातचित गर्दै-गर्दा अहाबले बेन-हददलाई आफ्नो भाइ सम्बोधन गरे; तिनी कति मूर्ख थिए! सिरियाका मानिसहरूले तुरुन्तै यो कुरा पक्रिहाले र भनेः 'ज्यू, हजुरको भाइ बेन-हदद!' अनि अहाबले 'अरामका राजालाई मकहाँ ल्याओ' भन्ने आदेश दिए। अनि बेन-हददले अहाबको पूर्ववर्ती राजाबाट कब्जा गरेका शहरहरू फर्काइदिने र इस्राएललाई दमस्कसका सड़कहरूमा बजारहरू स्थापना गर्ने अनुमति दिने प्रतिज्ञा गरे (१ राजाहरू १५:२० र २०:३४)। अहाबले यी

सर्तहरूअनुसार बेन-हददसँग एउटा सन्धि गरेर तिनलाई छोड़े, तर यसो गर्नुको सट्टामा तिनले बेन-हददलाई मार्नुपर्नेथियो ।

**अः ) १ राजाहरू २०ः३५-४३ः अहाबको अनाज्ञाकारिता**

**१ राजाहरू २०ः३५-३६ः** इस्राएल र अश्शूरको बीचमा अहाबले मध्यवर्ती देशको रूपमा एउटा बलियो सिरिया अश्शूरबाट बढ़िरहेको खतराको प्रतिरोधकको रूपमा देख्न चाहे । अहाबको यस कार्यमा कति ठूलो मूर्खता थियो, सो कुरा चित्रण गर्न भविष्य-वक्ताहरूमध्ये एकजनाले तिनलाई निम्न वस्तुगत पाठ सिकाइदिए ।

भविष्यवक्ताहरूका शिष्यहरूमध्ये एक-जनाले परमप्रभुको वचनअनुसार आफ्नो साथीलाई 'मलाई प्रहार गर' भन्ने आदेश दिए । तर तिनको साथीले तिनको आज्ञापालन नगरेका हुनाले परमप्रभुको आज्ञापालन गरेनन् । यिनले परमप्रभुको वाणी पालन नगरेका हुनले एउटा सिंहले यिनलाई मार्‍यो ।

> 'जुन भविष्यवक्ताले परमेश्‍वरबाट "उसलाई हिर्काऊ" भन्ने आदेश पाए, तर आफ्नो साथीलाई जोगाइराले, जो परमेश्‍वरको पनि साथी थिए, ती भविष्यवक्ताले एक असल मानिस भएर पनि सजाय पाए भने, यी दुष्ट राजाको सजाय झन् कति बढ़ता हुनेछ, जसले परमेश्‍वरबाट "त्यसलाई प्रहार गर" भन्ने हुकुम पाए, तैपनि आफ्नो शत्रुलाई जोगाइराखे, जो परमेश्‍वरको पनि शत्रु थिए ।' 16)

**१ राजाहरू २०ः३७-४३ः** त्यसपछि ती भविष्यवक्ताले अर्को एकजना मानिसलाई भेट्टाए, जसले तिनको आज्ञापालन गर्‍यो र तिनलाई हिर्काएर घाइते बनायो । तब ती भविष्यवक्ताले आफ्नो भेष बदली गरे र आफ्ना आँखाहरूमाथि एउटा फेटा बाँधे । यस अवस्थामा तिनले राजा अहाबको प्रतीक्षा गरे । अनि राजा त्यहाँबाट भएर जाँदै-गर्दा, ती भविष्यवक्ताले उनलाई निम्न बनावटी कथा सुनाएः तिनी लड़ाइँमा उत्रिरहेको बेलामा एउटा शत्रुको कैदी तिनको रखवालीमा लगाइएको थियो; त्यस बेलामा तिनलाई चेताउनीको रूपमा भनिएको थियोः त्यो कैदी भाग्यो भने, तिनले कि त आफ्नै ज्यान दिनुपर्नेथियो, कि त एक किक्कर चाँदी तिर्नुपर्नेथियो; यो तिनको निम्ति तिर्न नसक्ने ज्यादा ठूलो रकम हुनेथियो । भेष लिएको भविष्यवक्ताको कथा अघि बढ़ेर टुङ्गामा आइपुग्योः तिनी अन्य कुराहरूमा व्यस्त रहेको बेलामा त्यो कैदी भागेछ । तब राजा अहाबले तिनीसित कुनै दयामाया देखाएनन्, तर उनको रायअनुसार तिनको सजाय झन् बढ़ता गरी अघिका सर्तहरूअनुसारको हुनैपर्नेथियो । तत्कालै ती भविष्यवक्ताले उनको निम्ति थापेको यस पासोले उनलाई पक्रिहाल्यो । किनकि तिनले आफ्ना आँखा-हरूमाथि लगाइएको फेटा फुकाले र आफूलाई अहाबकहाँ चिनाए; अबाहले तिनलाई चिनेका रहेछन् । यस दृष्टान्तको अर्थ यस प्रकारको थियोः शत्रुको कैदी बेन-हदद राजा अहाबको हातमा परिसकेका थिए । अनि परमप्रभुको आज्ञाअनुसार उनले तिनलाई मार्नुपर्नेथियो । तर उनले तिनलाई छोड़ि-हाले । यसकारण अब अहाब आफ्नो अनाज्ञाकारिताको खातिर मारिनेथिए । श्री क्याम्पबेल मोर्गनले यसको स्पष्टीकरण यस प्रकारले दिएका छन्ः

> 'यस दुष्टान्तको अर्थ यस प्रकारको थियोः परमेश्‍वरको आज्ञाअनुसार अहाबले एउटा कुरा गर्नुपर्नेथियो । तर तिनले अन्य सयवटा कुराहरू गर्दै-गर्दा आफूले गर्नुपर्ने एकमात्र मुख्य कुरा बेवास्ता गरे । असफलताको मुख्य कारणको पर्दाफास भयो-भयो ! घरिघरि विफल हुने तरिका यस प्रकारको छः परमेश्‍वरले हामीलाई एउटै जिम्मेवारी दिनुभयो भने, यो एउटै जिम्मेवारीचाहिँ हाम्रो निम्ति हामीले पूरा गर्नुपर्ने

मुख्य काम मान्नुपर्छ। अनि हामी इमानदारीसाथ आफूले पाएको यो जिम्मेवारी पूरा गर्न थाल्छौं पनि। तर त्यसपछि हामी आफ्नो जीवनमा अरू धेरै कुराहरूको सामना गर्दै जान्छौं, जुन कुराहरू खास गलत नहोलान्, तर जुन कुराहरू हामीलाई मुख्य कुरा पूरा गर्न बाधा बन्छन्; अनि हामी यताउता धेरै कामकुराहरूमा व्यस्त हुन थाल्छौं, तर हामीलाई हाय, किनकि हामी त्यो सबैभन्दा महत्त्वपूर्ण एकमात्र मुख्य कुरा बेवास्ता गर्छौं।' 17)

विगत समयमा राजा दाऊदले भविष्यवक्ता नातानको सामु गरेजस्तै अहिले अहाबले पनि आफ्नै शब्दहरूद्वारा आफैलाई दोषी ठहराए। तर दाऊदले पश्चात्ताप गरेका थिए भने अहाबले पश्चात्ताप गरेनन्; तिनी खिन्न भए, तिनी रिसाए, तिनी चिढ़िन आफ्नो दरबारमा फर्के। परमपभुबाट कृपा माग्नुको सट्टामा तिनले परमप्रभुलाई झन् बढ़ता गरी क्रोधित तुल्याइरहे। अनि यो कुरा हामी अब १ राजाहरूको पुस्तकका बाँकी अध्यायहरूमा पढ्न पाउँछौं।

### अअ) १ राजाहरू २१ः अहाबले नाबोतको विरुद्धमा गरेका अपराधहरू

**१ राजाहरू २१ः१-४ः** यस अध्यायबाट अहाबको मृत्युसम्म के-के घटनाहरू घटे, सो घटनाहरू पेश गरिँदै जान्छन्। अनि यसको दृश्यस्थल यिज्रेल हो, जहाँ अहाब र इजेबेलको दरबार थियो। अनि यस दरबारको छेउमा यिज्रेली नाबोतको दाखबारी थियो। अनि अहाबले यो दाखबारी यसमा सब्जी-बारी लगाउन भनी आफ्नो हातमा पार्न चाहे। तर नाबोतले आफ्नो जमिन बेच्न मानेनन्, साट्न पनि मानेनन्; किनकि इस्राएलको कानुनले तोकेको थियो, कि जग्गाजमिन शुरुमा जसको थियो, त्यसकै रहनुपर्छ (लेवी २५ः२३-२८; गन्ती ३६ः७; इजकिएल ४६ः१८)।

**१ राजाहरू २१ः५-१६ः** अनि जब इजेबेलले आफ्ना पतिलाई रिसाएको र उदास भएको पाइन् अनि नाबोतले आफ्नो दाखबारी बेच्न नमानेको तिनको रिस उठेको कारण भएको थाहा पाइन्, तब यिनले अहाबलाई 'त्यो दाखबारी अब छिट्टै तिम्रै हुनेछ' भन्ने आश्वासन दिइन्। यिनले एउटा उपवासको घोषणा गरिन्, जुन उपवासको आयोजनामा नाबोतको नाम पनि हालियो। त्यसपछि यिनले अपराधको खोजीनिधि गर्ने एउटा बनावटी अड्डा स्थापित गरिन्, जुन अड्डामा नाबोतलाई परमेश्वर र राजाको विरुद्धमा निन्दा गरेको आरोप लगाउन दुईजना दुष्ट मानिसहरूलाई नियुक्त गरिएका थिए। तदनुसार नाबोतलाई शहर-बाहिर लगियो र ढुङ्गाले हानेर मारियो।

यी कपटी र अति धूर्त इजेबेलले नाबोतलाई परमप्रभुको व्यवस्था उल्लङ्घन गरेको अपराधी तुल्याइन्, जसलाई व्यवस्था-अनुसार यसको निम्ति मृत्यु-दण्ड दिइयो। नाबोतको मृत्युपछि तिनको धनसम्पत्ति तिनका छोराहरूको हुनेथियो; यसकारण इजेबेलले तिनीहरूलाई पनि मार्न लगाइन् (२ राजाहरू ९ः२६)। अधर्मी रानी महादुष्ट थिइन्, अनि त्यतिकै निष्ठुर र क्रूर पनि थिइन्।

**१ राजाहरू २१ः१७-२६ः** अनि जब राजा अहाब यो दाखबारी आफ्नो अधिकारमा लिन जाँदैथिए, तब एलियाले तिनलाई भेटे अनि यस हत्या र चोरीको खातिर तिनलाई दोषी ठहराए। अहाब मारिनेथिए, तिनका नर-सन्तानहरू मारिनेथिए, तिनको राजवंशको शासनको अन्त हुनेथियो अनि यिज्रेलमा कुकुरहरूले इजेबेलको लास खानेथिए, साथै अहाबका सन्तानहरूले कुनै सम्मानित दफन पाउनेथिएनन्। तिनको सम्बन्धमा यो एलियाको भविष्यवाणी थियो (१ राजाहरू

२१ः२१-२४)। अहाबको कठोर सजाय तिनले गरेको घोर मूर्तिपूजाअनुसारको थियो। *'अहाबजस्तो अरू कोही पनि भएन, जसले आफूलाई दुष्ट काम गर्न बेचे।'* (१ राजाहरू २१ः२५)।

**१ राजाहरू २१ः२७-२९ः** अनि जब अहाबले एलियाको मुखबाट आफ्नो विनाशको खबर सुने, तब तिनले आफैलाई परमप्रभुको सामु विनम्र तुल्याए। यसकारण परमप्रभुले अहाबकी पत्नी र तिनको परिवार-माथि निर्धारित सजायहरू तिनको मृत्युपछि मात्र तिनीहरूमाथि आइपर्नेछन् भन्ने आदेश दिनुभयो।

के हामी यी पदहरूबाट आफ्नो निम्ति केही सिक्न तयार छौं? तब आउनुहोस्, हामी यो सिकौं, कि परमेश्वर अनुग्रही र कृपावान् परमेश्वर हुनुहुन्छ।

*'परमप्रभु परमेश्वर भन्नुहुन्छः मेरो जीवनको शपथ! दुष्ट मानिसको मृत्युमा मलाई पटक्कै आनन्द छैन; तर बरु दुष्ट मानिस आफ्नो चालबाट फर्कोस् र बाँचोस्; तिमीहरू फर्क, आफ्ना दुष्ट चालहरूबाट फर्क! किनकि तिमीहरू किन मर्न चाहन्छौ?'* (इजकिएल ३३ः११)।

हो, अहाबको फिका पश्चात्तापले पनि परमेश्वरको न्याय केही समयको निम्ति थाम्न सक्यो। तर अर्को अध्यायले तिनको हृदय बदली भएको थिएन भन्ने पक्का प्रमाण दिन्छ। परमेश्वरको निगाहको भेटघाट अहाबको घमण्डसित भयो। यसकारण परमप्रभुले अहाबलाई मृत्युको दूतको हातमा सुम्पि-दिनुभयो। अनि एलियाको भविष्यवाणी-अनुसार येहू नियुक्त गरिएका थिए, जसले अहाबको घरानाका रहल मानिसहरूमाथि यो रक्तपातले पूर्ण आदेश पूरा गरे (२ राजाहरू ९ः१०)।

**आआ) १ राजाहरू २२ः१-४०ः अहाबको अन्तिम लड़ाइँ**

**१ राजाहरू २२ः१-६ः** सिरिया र इस्राएलको बीचमा तीन वर्ष शान्ति थियो; त्यसपछि अहाबले अरामीहरूको हातबाट यर्दनको पूर्वमा रहेको रामोत-गिलाद आफ्नो अधिकारमा फर्काउने योजना गरे। किनकि बेन-हददले अहाबबाट आम माफी पाएको बेलामा तिनले इस्राएलका शहरहरू फिर्ता गर्ने प्रण गरेका थिए (१ राजाहरू २०ः३४); तर तिनले यसो गरेनन्, कि के हो? अनि यस्तो भयोः जब यहूदाका राजा यहोशापात अहाबलाई भेट्न आए, तब उनले यस सैनिक परियोजनामा साथ दिने इच्छा प्रकट गरे। तर यहोशापातले तिनीहरूलाई यसो गर्नुभन्दा पहिले भविष्यवक्ताहरूमार्फत परमप्रभुको इच्छा के रहेछ, सो पत्ता लगाउने र जान्ने सल्लाह दिए। अनि अहाबको दरबारमा चार सय अगमवक्ताहरू थिए, जसले यस योजनाको पक्षमा सल्लाह दिए र विजय पाउने प्रतिज्ञा पनि गरे। यी चार सय अगमवक्ताहरू एलियासँग त्यस प्रतियोगिताको निम्ति कर्मेल पहाड़मा गएका थिएनन्, यसको ठूलो सम्भावना देखिन्छ (१ राजाहरू १८ः१९ र २२)।

**१ राजाहरू २२ः७-१२ः** यहोशापातलाई तिनीहरूको उपस्थितिमा कति अप्ठ्यारो भएको हुनुपरेको थियो! किनभने उनले परमप्रभुको भविष्यवक्ताको मुखबाट सल्लाह लिने प्रस्ताव राखे। यस कुराले निडर भविष्यवक्ता मिकायाहलाई बोल्ने मौका दिलायो। तर अहाबले मिकायाहलाई घृणा गर्दैथिए, किनकि यिनी आफ्ना दिव्य सन्देशहरूको विषयमा कहिल्यै कुनै सम्भौता गर्न तयार हुँदैनथिए। तर यस घड़ीमा मिकायाहलाई बोलाइयो, अनि

यिनको सामु यी चार सय अगमवक्ताहरूले सर्वसम्मत रूपले इस्राएल र यहूदाका राजाहरूलाई सिरियाको विरुद्धमा लड़ाइँ गर्ने आग्रह गरिरहेका थिए। तिनीहरूमध्ये सिद्‌कियाहले फलामका सिङहरू बनाएका थिए, जसद्वारा तिनले आरामीहरूको विरुद्धमा अहाब र यहोशापातको अजय शक्तिको सजीव वस्तुगत चित्रण दिन खोजे ।

**१ राजाहरू २२ः१३-१७ः** मिकायाहलाई 'तिम्रो सन्देशले अन्य अगमवक्ताहरूको सन्देशसँग मेल खानुपर्छ है' भनेर सूचित गरिएको थियो; तर यस प्रकारको सल्लाह व्यर्थ थियो । अनि जब अहाबले यिनलाई 'के हामी रामोत-गिलादको विरुद्धमा सैनिक कारबाही गरौं' भनेर सोध्दाखेरि मिकायाहले पहिले यी अगमवक्ताहरूले गरेजस्तै उत्तर दिएः 'जानुहोस् र सफल हुनुहोस् ! किनकि परमप्रभुले त्यो शहर हजुरको हातमा सुम्पिदिनुहुनेछ !' तर यिनले ठट्टा गरेर यसो भने होलान् । यिनको स्वरमा विडम्बना र व्यङ्ग्यको थोपा टप्किएको हुनुपर्छ ।

किनकि अहाबले यो कुरा बुझे र मिकायाहलाई सत्य बोल्ने शपथ खान लगाए (लेवी ५ः१) । तब यी भविष्यवक्ताले आफूले पाएको दर्शन सुनाएः 'इस्राएल तितरबितर भएको थियो; किनभने तिनीहरूको गोठालो थिएन ।' यस दर्शनको अर्थ यस प्रकारको थियोः अहाब मारिनेथिए, र तिनको सेना छरपष्ट हुनेथियो ।

**१ राजाहरू २२ः१८-२३ः** राजा अहाबले यहोशापातलाई यसो भनेः 'के तपाईंले देख्नुभयो ? मिकायाहले मेरो विरुद्धमा खराबी मात्र बोल्न सक्छ ।' तर यस क्षणमा यी साहसी भविष्यवक्ता फेरि बोले । यिनले अर्को एउटा दर्शन सुनाएः एउटा झूट बोल्ने आत्मा परमप्रभुको सामु देखा पर्‍यो, जसले अहाबलाई छल गरेर रामोत-गिलादको विरुद्धमा गएर मर्नेसम्म पार्न सक्छु भन्यो । त्यस झूट बोल्ने आत्माले यो कसरी पूरा गर्नेथियो ? त्यसले राजाका सबै अगमवक्ताहरूको मुखमा यो एउटै सन्देश हाल्नेथियो । परमेश्वर कुनै दुष्ट कुराको रचनाकार हुँदै हुनुहुन्न र हुनै सक्नुहुन्न । तर उहाँले दुष्ट कुराहरू आफ्ना उद्देश्यहरू पूरा गर्नको निम्ति कसरी प्रयोग गर्नुहुन्छ, सो कुरा देखाउन यो त्यसको एउटा सुस्पष्ट उदाहरण हो । उहाँले झूट बोल्ने आत्मालाई कुन हिसाबले पठाउनुभयो त ? उहाँले त्यसलाई जाने अनुमति दिनुभएर यसो गर्नुभयो, बस यति ।

**१ राजाहरू २२ः२४-२५ः** सिद्‌कियाहले यस दृष्टान्तले भन्न खोजेको कुरा झट्टै बुझिहाले । मिकायाहको वचनअनुसार तिनी र अरू सबै अगमवक्ताहरू झूट बोल्ने भएछन् । अनि झूटो बोलेको आरोप लागेको थाहा पाएर तिनले मिकायाहलाई थप्पड़ लगाएर सोधेः 'परमप्रभुको आत्मा तँसँग बोल्न मबाट कुन बाटोबाट भएर जानुभयो, भन् ?' सिद्‌कियाहले भन्न खोजेको तात्पर्य यो थियोः 'मैले राजा अहाबलाई रामोत-गिलादको विरुद्धमा जाइलाग्ने सल्लाह दिँदा मैले परमेश्वरको आत्माको प्रेरणाले बोलेको थिएँ । तर अहिले तिमी आत्माको प्रेरणाले बोल्छु भन्ने दाबी गर्छौ, तर मेरो सल्लाह काटेर उल्टो सल्लाह दिन्छौ । तर परमप्रभुको आत्मा मबाट उड़ेर तिमीमाथि आउनुभएको कसरी ? यो त बिलकुल नभई नहुने कुरा हो ।' तर मिकायाहले शान्तिपूर्वक उनलाई जवाफ दिएः अहाबको मृत्युले सिद्‌कियाहलाई झूटो अगमवक्ताको रूपमा साबित गर्नेथियो र यसको खातिर उनलाई मृत्युदण्ड दिइनेथियो; यसकारण उनी डरले थरथर भई एउटा भित्री कोठामा लुकिजानेथिए ।

**१ राजाहरू २२ः२६-३०ः** क्रोधित भएका इस्राएलका राजाले 'रामोत-गिलादबाट म सकुशलताको साथ फर्किने दिनसम्म

मिकायाहलाई झ्यालखानामा हालेर यिनलाई कष्टको रोटी र कष्टको पानी खुवाओ' भन्ने हुकुम दिए। तर मिकायाहको बिदाइको शब्द यस प्रकारको थियोः 'हजुर सकुशलताको साथ फर्कनुभयो भने, परमप्रभुले मद्वारा बोल्नुभएको हुँदै होइन।'

मिकायाहले भविष्यवाणी गरेको विपत्तिबाट उम्कने हेतुले अहाबले लड़ाइँमा जानुभन्दा अघि आफ्नो भेष बदल्ने निर्णय गरे। यहूदाका राजा यहोशापातले मात्र आफ्नो राजकीय पोशाक लगाउनेथिए र आफूलाई त्यस खतरामा हाल्नेथिए, जुन खतराबाट अहाबले उम्कन खोजेका थिए। यस प्रकारले अहाबले परमप्रभुलाई, साथै सिरियाका राजालाई छल गर्न खोजे। तर *'परमेश्वरलाई ठट्टामा उड़ाउनु असम्भव छ; किनकि मानिसले जे छर्छ, त्यसकै कटनी पनि गर्नेछ'* (गलाती ६:७)। अहाब मारिए, तर यहोशापात उम्के।

**१ राजाहरू २२:३१-३६:** अरामी सिपाहीहरूलाई इस्राएलका राजालाई मार्ने आदेश दिइएको थियो। यो तिनीहरूको लड़ाइँ गर्ने मुख्य उद्देश्य थियो। शुरुमा तिनीहरूले यहोशापातलाई अहाब सम्झे। तर यहूदाका राजा डरले चिच्च्याए, अनि तिनीहरूले उनलाई छोड़े; हुन सक्छ, यसरी उनले आफ्नो वास्तविक पहिचान प्रकट गरे, कि कसो हो ? जेजस्तो भए पनि, लड़ाइँ चल्दै गरेको बेलामा अहाबलाई आफ्नो कवचको जोर्नीमा एउटा अन्धाधुन्धले हानिएको तीरले प्रहार गरियो, र तिनी लड़ाइँको भूमिबाट हटाइए। तर तिनको सेनाले हरेस नखाओस् भन्ने हेतुले तिनलाई तिनको रथमा उभ्याइएको थियो। तर तिनी सूर्यास्त हुँदा मरे; अनि जब यो वास्तविकता थाहा भयो, तब तिनका सिपाहीहरू आफ्नो घर फर्के।

**१ राजाहरू २२:३७-४०:** अहाबको मृत शरीर सामरियामा फिर्ता ल्याइयो र तिनको दफन भयो। तिनको रगतले लतपतिएको रथ सामरियाको पोखरीको छेउमा त्यस ठाउँमा पखालियो, जुन ठाउँमा वेश्याहरूले नुहाउने गर्थे। तर योचाहिँ एलियाको भविष्यवाणीको आंशिक पूर्ति मात्र थियो (१ राजाहरू २१:१९)। किनकि यो कुरा यिज्रेलमा होइन, तर सामरियामा पूरा भएको थियो। अहाबले आफूलाई विनम्र तुल्याएका हुनाले दयालु हुनुभएको परमेश्वरले यस भविष्यवाणीको वचन अहाबका छोरा योराममा मात्र पूरा गर्नुभयो (२ राजा ९:२५-२६)।

अहाबले आफ्नो मृत्युको विषयमा तीनवटा अलग-अलग भविष्यवाणीरूपी चेताउनीहरू पाएका थिए। किनकि अहाबले बेन-हददलाई छोड़िराखेको बेलामा एकजना अज्ञात भविष्यवक्ताद्वारा एउटा चेताउनी-वचन तिनीकहाँ आयो (१ राजाहरू २०:४२)। अनि दोस्रो चेताउनी-वचनचाहिँ अहाबले नाबोतको दाखबारी आफ्नो अधिकारमा लिएको बेलामा एलियाबाट पाएका थिए (१ राजाहरू २१:१९)। अनि तेस्रो भविष्यवाणी मिकायाहले घोषणा गरे, जुन भविष्यवाणी यिनले अहाब त्यस निर्णायक लड़ाइँमा जानुभन्दा अघिल्लो साँझमा बोलेका थिए (१ राजाहरू २२:१७-२३)।

### ड) १ राजाहरू २२:४१-५०: यहूदाका राजा यहोशापात

अनि ख्रीष्टपूर्व ८७३/८७२ सालदेखि ख्रीष्टपूर्व ८४८ सालसम्म आसाका छोरा यहोशापातले पच्चीस वर्ष यहूदामाथि राज्य गरे।

यहोशापातले आफ्नो शासनकालका पहिले तीन-चार वर्ष आफ्ना बुबा आसासँग मिलेर राज्य गरे। अनि १ राजाहरू २२:२-४ पदको खण्डमा हामी यहोशापातसँग परिचित भइसकेका छौं, जब उनले इस्राएलका दुष्ट राजा अहाबसँग तिनीसित लड़ाइँमा लज्जास्पद

गठबन्धन गरेका थिए र यसको खातिर झन्डै आफ्नो ज्यान गुमाउनुपरेको थियो। तर उनको शासन प्रायः असल थियो। निम्न लेखित विशेषताहरू यहोशापातको शासनकालका महत्त्वपूर्ण विशेषताहरू हुन्:

**क)** उनले आफ्ना बुबाको उदाहरण पछ्याएर यहूदाबाट मूर्तिपूजा हटाउन खोजे; तर उनले मूर्तिपूजा जरासित उखल्न सकेनन् (१ राजाहरू २२:४३)।

**ख)** उनले केही वर्षसम्म आफ्ना बुबा आसासँग मिलेर राज्य गरे।

**ग)** उनले इस्राएलका राजा अहाबसँग मेलमिलाप राखे (१ राजाहरू २२:४४)।

**घ)** उनले धर्मको नाममा पुरुषगमन गर्नेहरूलाई देशबाट निकालिदिए (१ राजाहरू २२:४६)।

**ङ)** उनको राज्यमा एदोम देश पनि समावेश भएको थियो (२ शामूएल ८:१४), जहाँ उनको अफिसरले उनको प्रतिनिधित्व गर्दथिए (१ राजाहरू २२:४७)। पछि उनका छोरा यहोरामको पालोमा एदोम देशले विद्रोह गऱ्यो, र यहोरामले एदोम देशमाथिको अधिकार गुमाए (२ राजाहरू ८:२०)।

**च)** यहोशापातले अहाबको छोरा अहज्याहसँग एस्योन-गेबेरमा पानीजहाजको निर्माण-परियोजनामा गठबन्धन गरे (२ इतिहास २०:३५-३६)। ओपीरबाट सुन ल्याउन यी पानीजहाजहरू पठाउनु नै तिनीहरूको योजना थियो। तर ती पानी-जहाजहरू बन्दरगाहबाट निस्कनुभन्दा अघि नै ती जहाजहरू एउटा आँधीबेह्रीद्वारा भताभुङ्ग पारिए (१ राजाहरू २२:४८)। भविष्यवक्ता एलिएजेरले यहोशापातलाई यसको खास कारण बताए: उनले अहज्याहसँग स्थापित गरेको यस अपवित्र गठबन्धनमा परमप्रभु बेखुशी हुनुभएको थियो (२ इतिहास २०:३७)। अनि जब अहज्याहले त्यो परियोजना फेरि जागृत गराउने सुझाउ दिए, तब यहोशापातले अस्वीकार गरे (१ राजाहरू २२:४९)।

### च) १ राजाहरू २२:५१-५३: इस्राएलका राजा अहज्याह

अनि ख्रीष्टपूर्व ८५३-८५२ सालमा अहाबका छोरा अहज्याहले दुई वर्ष इस्राएलमाथि राज्य गरे (२ राजा १:१-१८)।

अहज्याहको शासनकाल घोर मूर्तिपूजा र दुष्टताले पूर्ण थियो। निस्सन्देह तिनकी आमा इजेबेलले तिनका बुबालाई उत्प्रेरित गरेझैं तिनलाई पनि अझै भक्तिहीन हुने प्रेरणा दिइन्। तिनले बाल देवताको पूजा गरे र यसरी नै इस्राएलका परमप्रभु परमेश्वरलाई क्रोधित तुल्याए। जस्तो बुबा, त्यस्तै छोरा हुने भयो।

राजाहरूको पहिलो पुस्तक र राजाहरूको दोस्रो पुस्तक मौलिक हिसाबले एउटै पुस्तक भएका हुनाले राजाहरूको पहिलो पुस्तकमा कुनै खास अन्त दिइएको छैन; तर सुविधाको लागि यस ठाउँमा पहिलो पुस्तकमा यो पूर्णविराम आएको छ; किनकि अब यस विराम लगाइएको विन्दुबाट राजाहरूको दोस्रो पुस्तकको वृत्तान्त अघि बढ्नेछ।

## ENDNOTES:

**1) Introduction:** O. J. Gibson, unpublished notes.

**2) 4:1–6:** Matthew Poole, *Matthew Poole's Commentary on the Holy Bible*, p. 657.

**3) 6:11–22:** C. H. Spurgeon, *Spurgeon's Devotional Bible*, p. 305.

**4) 8:12-13:** Matthew Henry, *"1 Kings," in Matthew Henry's Commentary on the Whole Bible*, II:614.

**5) 8:65-66:** John Haley, *Alleged Discrepancies of the Bible*, p. 223.

**6) 9:15–23:** *Baker's Bible Atlas*, p. 309.

**7) 10:16–22:** The word rendered "peacocks" in the KJV is now generally translated monkeys (NKJV) or baboons (NIV). Ancient kings did indeed favor peacocks, and so that translation (probably a guess) was made by Jerome in the Latin Vulgate.

**8) 10:26–29:** *Keveh* (also transliterated *Kue*) was translated "linen yarn" in KJV because they did not know in the seventeenth century that it was a place name.

**9) 10:26–29:** J. R. Lumly, The Cambridge Bible for Schools and Colleges, *The First Book of the Kings*, p.114.

**10) Essay:** See the Bibliography for details.

**11) 13:33-34:** Irving L. Jensen, *I Kings with Chronicles*, pp. 80–81.

**12) 14:14–16:** The word translated 'groves' in the KJV is the Hebrew word properly transliterated Asherim.

**13) 18:30–35:** George Williams, *The Student's Commentary on the Holy Scriptures*, p. 195.

**14) 19:9–14:** George Williams, *The Student's Commentary on the Holy Scriptures,* p. 196.

**15) 19:15–18:** Elijah must have directed his successor, Elisha, to fulfill the Lord's command to anoint Hazael and Jehu, since these anointings took place after Elijah's homecall (2 Kgs. 8:7ff; 9:1ff). Elisha was the only one of the three whom Elijah would personally anoint.

**16) 20:35-36:** Matthew Henry, *"1 Kings," in Matthew Henry's Commentary on the Whole Bible*, II:692–93.

**17) 20:37–43:** G. Campbell Morgan, *Searchlights from the Word*, p. 100.

## BIBLIOGRAPHY

Gates, John T. “1 Kings.” In *The Wycliffe Bible Commentary*. Chicago: Moody Press, 1962.

Henry, Matthew. “1 and 2 Kings.” In *Matthew Henry's Commentary on the Whole Bible*. Vol. 2.

Jamieson, Robert. “I and II Kings.” In *A Commentary, Critical, Experimental and Practical on the Old and New Testaments*. 3rd ed. Grand Rapids: Zondervan Publishing House, 1983.

Jensen, Irving L. *I Kings with Chronicles*. Chicago: Moody Press, 1968.

Keil, C. F. “The Books of Kings.” In *Biblical Commentary on the Old Testament*. Vol. 8. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

McNeely, Richard I. *First & Second Kings. Everyman's Bible Commentary*. Chicago: Moody Press, 1978.

Stigers, Harold. “II Kings.” In *The Wycliffe Bible Commentary*. Chicago: Moody Press, 1962.

Thiele, Edwin R. *A Chronology of the Hebrew Kings*. Grand Rapids: Zondervan Publishing House, 1977.

_____. *The Mysterious Numbers of the Hebrew Kings*. Rev. ed. Chicago: University of Chicago Press, 1983.

Whitcomb, J. C., Jr. *Solomon to the Exile*. Grand Rapids: Baker Book House, 1975.

# २ राजाहरूको पुस्तकको टिप्पणी

# राजाहरूको दोस्रो पुस्तकको भूमिका

*'राजाहरूको इतिहास तल, झन् तल जाँदै गरेको अधोगति र ओरालो-ओरालै गएको अवनतिको इतिहास हो; सबै कुराहरू अँध्यारा, झन् अँध्यारा हुँदै गए, यहाँसम्म कि कुनै बाँच्ने उपाय हुँदैनथियो। पहिले इस्राएलका दसवटा कुलहरू कैद गरेर लगिए, त्यसपछि त्यसका बाँकी दुईवटा कुलहरू पनि कैद गरेर लगिए।'*

*श्री सामूएल रिडू*

नोटः राजाहरूका दुवै पुस्तकहरूको परिचय राजाहरूको पहिलो पुस्तकको भूमिकामा हेर्नुहोस्!

## रूपरेखा

**खण्ड १) २ राजाहरू १-१७ः विभाजित राज्य (राजाहरूको पहिलो पुस्तकको क्रमशः अध्ययन)**

**क) २ राजाहरू १ः** इस्राएलका राजा अहज्याह र एलियाको सेवाकाई

**ख) २ राजाहरू २ः१-१२[क]ः** एलियाको स्वर्गारोहण

**ग) २ राजाहरू २ः१२[ख]-२५ः** एलीशाको सेवकाईको शुरुआत

**घ) २ राजाहरू ३ः** इस्राएलका राजा यहोराम अर्थात् योराम

**ङ) २ राजाहरू ४ः१-८ः१५ः** एलीशाको आश्चर्यकर्मले पूर्ण भएको सेवकाई

**अ) २ राजाहरू ४ः१-७ः** एलीशाले अचम्मको कामद्वारा तेलको प्रबन्ध गरेको

**आ) २ राजाहरू ४ः८-१७ः** एलीशाको अचम्मको कामद्वारा शूनेमी स्त्रीको छोरा जन्म्यो

**इ) २ राजाहरू ४ः१८-३७ः** एलीशाले शूनेमी स्त्रीको छोरालाई पुनर्जीवित पारेको

**ई) २ राजाहरू ४ः३८-४१ः** एलीशाले विषालु सुरुवा शुद्ध पारेको

**उ) २ राजाहरू ४ः४२-४४ः** एलीशाले बीसवटा रोटीले एक सय मानिसहरूलाई अघाउने गरी खुवाए

**ऊ) २ राजाहरू ५ः१-१९ः** एलीशाले कोरी नामानलाई शुद्ध पारेको

**ए) २ राजाहरू ५ः२०-२७ः** गेहजीको लोभलालच

**ऐ) २ राजाहरू ६ः१-७ः** एलीशाले अचम्मको कामद्वारा पानीमा खसेको बन्चरो फर्काएको

- **ओ) २ राजाहरू ६:८-२३:** एलीशाद्वारा प्रकट गरिएको अद्‌भुत रणनीति
- **औ) २ राजाहरू ६:२४-७:२०:** सामरियामा परेको घोर अनिकाल
- **औं) २ राजाहरू ८:१-६:** शूनेमी स्त्रीको धनसम्पत्ति फर्काइएको
- **अः) २ राजाहरू ८:७-१५:** एलीशाले हजाएलको शासनको विषयमा भविष्यवाणी गरेको

**च) २ राजाहरू ८:१६-२४:** यहूदाका राजा यहोराम अर्थात् योराम

**छ) २ राजाहरू ८:२५-२९:** यहूदाका राजा अहज्याह

**ज) २ राजाहरू ९-१०:** इस्राएलका राजा येहू र तिनको पालोमा एलीशाको सेवकाई

- **अ) २ राजाहरू ९:१-१०:** येहूको राजा-अभिषेक
- **आ) २ राजाहरू ९:११-१०:१७:** येहूले मृत्युदण्ड दिएको
- **इ) २ राजाहरू १०:१८-३६:** येहूले बालको पूजा गर्नेहरूलाई नाश गरेको

**झ) २ राजाहरू ११:** यहूदामा रानी अतल्याहले शासन हड़प गरेकी

**ञ) २ राजाहरू १२:** यहूदाका राजा यहोआश अर्थात् योआश

**ट) २ राजाहरू १३:१-९:** इस्राएलका राजा यहोआहाज

**ठ) २ राजाहरू १३:१०-१३:** इस्राएलका राजा यहोआश अर्थात् योआश

**ड) २ राजाहरू १३:१४-२५:** एलीशाको सेवकाईको अन्त

**ढ) २ राजाहरू १४:१-२०:** यहूदाका राजा अमस्याह

**ण) २ राजाहरू १४:२१-२२:** यहूदाका राजा अजर्याह अर्थात् उज्जियाह

**त) २ राजाहरू १४:२३-२९:** इस्राएलका राजा द्वितीय यारोबाम

**थ) २ राजाहरू १५:१-७:** यहूदाका राजा अजर्याहको क्रमशः वृत्तान्त (१४:२१-२२)

**द) २ राजाहरू १५:७-१२:** इस्राएलका राजा जकर्याह

**ध) २ राजाहरू १५:१३-१५:** इस्राएलका राजा शल्लूम

**न) २ राजाहरू १५:१६-२२:** इस्राएलका राजा मनहेम

**प) २ राजाहरू १५:२३-२६:** इस्राएलका राजा पकहियाह

**फ) २ राजाहरू १५:२७-३१:** इस्राएलका राजा पेकह

**ब) २ राजाहरू १५:३२-३८:** यहूदाका राजा योताम

**भ) २ राजाहरू १६:** यहूदाका राजा आहाज

**म) २ राजाहरू १७:१-६:** इस्राएलका अन्तिम राजा होशे

**य) २ राजाहरू १७:७-४१:** उत्तरीय राज्यको विनाश

**खण्ड २) २ राजाहरू १८-२५: कैद गरेर नलगिएको दिनसम्म यहूदाको राज्यको इतिहास**

**क) २ राजाहरू १८-२०:** राजा हिजकियाह

- **अ) २ राजाहरू १८:१-८:** हिजकियाहको धार्मिक शासन
- **आ) २ राजाहरू १८:९-१२:** अश्शूरद्वारा सामरियाको कब्जा भएको
- **इ) २ राजाहरू १८:१३-१६:** यहूदामाथि अश्शूरका राजा सनहेरिबको पहिलो आक्रमण
- **ई) २ राजाहरू १८:१७-१९:३४:** यहूदामाथि अश्शूरका राजा सनहेरिबको दोस्रो आक्रमण
- **उ) २ राजाहरू १९:३५-३७:** अश्शूरका राजा सनहेरिबको ठूलो हार र तिनको मृत्यु

**ऊ) २ राजाहरू २०:१-११:** हिजकियाहको रोग र त्यसको चङ्गाइ
**ए) २ राजाहरू २०:१२-२१:** हिजकियाहको घमण्ड मूर्खता ठहरिएको
**ख) २ राजाहरू २१:१-१८:** राजा मनस्से
**ग) २ राजाहरू २१:१९-२६:** राजा आमोन
**घ) २ राजाहरू २२:१-२३:३०:** राजा योसियाह
**अ) २ राजाहरू २२:१-७:** राजा योसियाहले परमप्रभुको भवन मर्मत गरेको
**आ) २ राजाहरू २२:८-२०:** राजा योसियाहले व्यवस्थाको पुस्तक भेट्टाएको
**इ) २ राजाहरू २३:१-३:** राजा योसियाहले परमप्रभुसितको करार पुनर्स्थापित गरेको
**ई) २ राजाहरू २३:४-३०:** राजा योसियाहको धर्मसुधार
**ङ) २ राजाहरू २३:३१-३३:** राजा यहोआहाज
**च) २ राजाहरू २३:३४-२४:७:** राजा यहोयाकिम
**छ) २ राजाहरू २४:८-१६:** राजा यहोयाकिन
**ज) २ राजाहरू २४:१७-२५:७:** राजा सिद्कियाह
**झ) २ राजाहरू २५:८-२१:** यरूशलेमको विनाश
**ञ) २ राजाहरू २५:२२-२६:** यहूदाको राज्यपाल गदल्याह
**ट) २ राजाहरू २५:२७-३०:** राजा यहोयाकिन कैदबाट मुक्त भएको

# राजाहरूको दोस्रो पुस्तकको टिप्पणी

## खण्ड १

## २ राजाहरू १-१७ :

### विभाजित राज्य

### (राजाहरूको पहिलो पुस्तकको क्रमशः अध्ययन)

#### क) २ राजाहरू १: इस्राएलका राजा अहज्याह र एलियाको सेवाकाई

**२ राजाहरू १:१:** विगत समयमा मोआब देश दाऊदको अधीनतामा आएको थियो (२ शमूएल ८:२)। तर जब सुलेमानको राज्य इस्राएल र यहूदामा विभाजित भयो, तब मोआब देश इस्राएलअन्तर्गत पर्न गयो। राजा अहाबको मृत्यु भएपछि मोआबीहरूले विद्रोह गरे र मोआब फेरि एउटा स्वतन्त्र देश भयो।

**२ राजाहरू १:२:** एक दिन राजा अहज्याह सामरियामा आफ्नो दरबारको छतमा लगाइएको आँखीझ्यालबाट खसे र सिकिस्त घाइते भए। निको हुनको निम्ति तिनले परमप्रभुलाई पुकार्नुपर्नेथियो; तर उहाँलाई विन्ती चढ़ाउनुको सट्टामा निको हुन्छु कि हुँदिनँ भन्ने कुरा पत्ता लगाउन तिनले एक्रोनको देवता बाल-जबूबकहाँ दूतहरू पठाए। श्री ह्विटकोम्बले बाल-जबूब देवताको विषयमा निम्न स्पष्टीकरण दिएका छन्ः

> 'यस अरामी देवताको खास नाम 'बाल-जेबूल' थियो, जसको अर्थ 'जीवनको मालिक' हो; तर यहूदीहरूले त्यसको नाम बदली गरेर त्यसको नाम खिसी गरेर 'बाल-जबूब' अर्थात् 'झिँगाहरूको मालिक' राखे। अनि प्रभु येशूको जमानामा यो देवताचाहिँ शैतानको प्रतीक बनिसकेको थियो।' 1)

'अहज्याह' भन्ने नामको अर्थचाहिँ 'जसलाई परमप्रभुले सम्हाल्नुहुन्छ' हो। यस्तो सुन्दर, अर्थपूर्ण नाम भएका राजा आफ्नो रोगबाट निको हुन बाल देवताकहाँ फर्केको कति दुःखलाग्दो कुरा हो!

**२ राजाहरू १:३-८:** ती रौं नै रौं भएका मानिस, जसको कम्मरमा छालाको पेटी लगाइएको थियो, ती मानिस एलिया थिए। उनले यी सन्देशवाहककहरूलाई भेटे र यिनीहरूलाई अहज्याहकहाँ फिर्ता पठाए। यिनीहरूसित इस्राएलका राजाकहाँ पठाएको सन्देश एउटा कड़ा हप्की थियोः तिनले बाल-जेबूबबाट सोधखोज किन गरेका? यो

तिनको ठूलो भूल, तिनको ठूलो अपराध ठहरिएको थियो। अनि अहज्याहको रोग निको हुनेथिएन; तिनी अवश्य मर्नेथिए; यो एलियाको घोषणा थियो।

**२ राजाहरू १:९-१२:** तब अहज्याहले एकजना कप्तान र यिनका पचासजना सिपाहीहरूलाई एलियाकहाँ पठाए। एलिया तुरुन्तै राजाको सामु उपस्थित हुनुपरेको थियो; एलियाको निम्ति यो राजा अहज्याहको आदेश थियो। जब यी कप्तानले यो अचाक्ली आदेश सुनाए, तब परमेश्वरले एलियाको पक्षमा काम गर्नुभयो र यी कप्तान र यिनका पचासजना मानिसहरूमाथि स्वर्गबाट आगो बर्साउनुभयो र यिनीहरूलाई भस्म गर्नुभयो। दोस्रो कप्तान आफ्ना पचासजना मानिसहरूसँग आए, र तिनले एलियालाई यसो भन्ने आदेश दिए: 'राजाले तिमीलाई हुकुम गर्नुभएको छ: झट्टै ओर्लेर आऊ!' तर तिनीहरू उस्तै प्रकारले नाश भए। केही समय अघि परमेश्वरले स्वर्गबाट आगो बर्साउनुभएको थियो अनि बाल र त्यसका पूजाहारीहरूलाई झूटा ठहऱ्याउनुभएको थियो (१ राजाहरू १८)। अनि अब त्यही स्वर्गबाट आएको ज्वालाले ती बालका सिपाहीहरूलाई नष्ट गरिदियो, जसले एलियालाई आफ्ना अपवित्र हातहरूले पक्रन खोजिरहेका थिए। भविष्यवक्ता एलियाले परमप्रभु इस्राएलको साँचो राजाबाट उहाँका आदेशहरू पाउने गर्थे, तर अहज्याहजस्तै हड्पकारी मूर्तिपूजक शासकबाट होइन। ती दुईजना कप्तान र तिनीहरूका मानिसहरू किन मारिए, सो हामीलाई बताइएको छैन। तर हाम्रो विचारमा, सायद तिनीहरू अहज्याहसित तिनको एलियालाई नाश गर्ने संकल्पमा पूरा सहमत थिए कि, र यही कारणले तिनीहरू मारिए होलान्।

**२ राजाहरू १:१३-१६:** तर जब तेस्रो कप्तान विनम्रताको साथ एलियाको सामु झुके र उनको अधिकार स्वीकार गरेर उनीबाट दयाको भीक्ष मागे, तब परमप्रभुको दूतले एलियालाई राजा अहज्याहकहाँ गएर तिनीसँग कुरा गर्ने आदेश दिए। (याद रहोस्: परमप्रभुका दूत देहधारी ख्रीष्टको पूर्व-प्रदर्शन मानिन्छन्।) एलियाले निडरको साथ राजा अहज्याहलाई सफासँग भने: तिनी निको हुनेछैनन्; किनभने तिनले बाल-जेबूबबाट सोधखोज गरेर परमप्रभुको अपमान गरेका थिए।

**२ राजाहरू १:१७-१८:** अनि जब अहज्याहको मृत्यु भयो, तब तिनका उत्तराधिकारी तिनको भाइ यहोराम भए; किनभने तिनको स्थानमा आउने तिनको शाहजादा थिएन। (यहोरामको हिज्जे पछि योराम भयो)। अनि यही समयमा यहूदामा यहोशापात र उनका छोराको सह-शासन चल्दैथियो, जुन यहोशापातका छोराको नाम पनि यहोराम थियो (२ राजाहरू ३:१)।

### ख) २ राजाहरू २:१-१२[क]: एलियाको स्वर्गारोहण

यो अध्याय उठाइलगिने पुण्य एलियाको बयानबाट शुरु हुन्छ (२ राजाहरू २:१-११), र बेतएलका च्यातच्युत पारिएका बदमासहरूको वर्णनसित समाप्त हुन्छ (२ राजाहरू २:२३-२५)।

**२ राजाहरू २:१-६:** अब एलियाको सेवकाई पूरा हुने समय र उनका उत्तराधिकारी एलीशाको सेवकाई शुरु हुने बेला आएको थियो। तर योभन्दा पहिले एलिया बेतएल, यरिहो र यर्दन जानुपरेको थियो। अनि विश्वासयोग्य भएका एलीशाले उनको साथमा यी ठाउँहरूमा जाने ढिपी गरे। अनि बेतएल र यरिहोमा भविष्यवक्ताका शिष्यहरूले एलीशालाई भने: परमप्रभुले त्यस दिन एलियालाई एलीशाको शिर हुनदेखि उठाइलैजानुहुनेथियो। एलियालाई एलीशाको शिर

हुनदेखि हटाउनुको सन्दर्भ यस प्रकारको छः चेला आफ्नो गुरुको चरणमा बसेको अवस्थामा गुरुचाहिँ शिष्यको शिरमा हुन्थे। तर एलीशाले यो कुरा अघि नै थाहा पाइसकेका थिए; यसकारण तिनले यी भविष्यवक्ताहरूलाई चुप लाग्ने अनुरोध गरे; किनकि तिनको विचारमा, यो पवित्र विषय चर्चा गरिबस्ने मामुली विषय नै थिएन; किनभने तिनलाई यसको खातिर दुःख र अफसोस लागिरहेको थियो।

**२ राजाहरू २ः७-९ः** यरिहोबाट एलिया र एलीशा यर्दन नदीमा झरे; अनि पचासजना भविष्यवक्ताका शिष्यहरू टाढ़ाबाट उनीहरूको पछि लागे। अनि जब एलियाले आफ्नो खास्टोले यर्दन नदीको पानी हिर्काए, तब त्यसको पानी दुई भाग भयो, अनि ती दुईजना सुक्खा जमिन भएर यर्दन पार गए। विगत समयमा एलियाले अहाबको शासानकालमा यर्दनको पूर्वमा रहेको गिलादबाट वारी आएर आफ्नो भविष्यवक्ताको सेवकाई शुरु गरेका थिए (१ राजाहरू १७ः१)। अनि अब आफ्नो सेवकाईको अन्तमा उनी स्वर्गमा उठाइन यर्दन पारी गए। छुट्टिन लागेका भविष्यवक्ताले एलीशालाई 'तिम्रो निम्ति म के गरिदिऊँ, भन त' भनेर विन्ती गर्न प्रोत्साहन दिएपछि एलीशाले उनीबाट उनको आत्माको दोबर भाग मागे। दोबर भागचाहिँ जेठा छोराको ज्येष्ठ-अधिकारको भाग हो। अनि यस सिलसिलामा एलीशाले भन्न चाहेको तात्पर्य तिनले एलियाको योग्य उत्तराधिकारी हुन खोजेका थिए। अनि यस सम्बन्धमा श्री जर्ज विलियम्सले के भनेका छन् भने, 'एलियाले आठवटा आश्चर्यकर्महरू गरेका थिए भने, एलीशाले सोह्रवटा आश्चर्यकर्महरू गरे। यसबाट एलीशाको अनुरोध कुन प्रकारले पूरा भएको स्पष्ट बुझिन्छ।' [2)]

**२ राजाहरू २ः१०-१२क**ः त्यस अनुरोधको विषयमा एलियाको उत्तर यस प्रकारको थियोः यो अनुरोध पूरा गर्ने कुरा उनको अधिकारभित्र रहेको थिएन। अनि यो अनुरोध पूरा हुने एउटा नभई नहुने सर्तमा निर्भर गर्थ्यो, जुन सर्तचाहिँ एलियाको हातमा पनि थिएनः एलीशाले उनलाई स्वर्गतिर उठाइलगिँदै गरेको देखे भने, तिनले मागेको कुरा तिनले पाउनेथिए। उनीहरू अघि बढ्दै गरेको र कुरा गर्दै गरेको बेलामा यी दुईजना अचानक एउटा अग्निमय रथ र आगोका घोड़ाहरूद्वारा अलग पारिए। त्यसपछि एउटा आँधीबेह्रीले एलियालाई समात्यो र स्वर्गतिर उठाइलग्यो; अनि एलीशाले यो दृश्य हेर्दैथिए। अनि तिनी यसो भन्दै कराएः 'हे मेरा पिता, हे मेरा पिता, इस्राएलको रथ र त्यसका घोड़चढ़ीहरू !' यस भनाइको अर्थ हामी कसरी बुझौं ? हुन सक्छ, यसको अर्थ यस प्रकारको छः एलियाचाहिँ परमेश्वरको सबैभन्दा पराक्रमी हतियार र इस्राएलको सबैभन्दा उत्तम रक्षक थिए, कि कसो हो ?

### ग) २ राजाहरू २ः१२ख-२५ः एलीशाको सेवकाईको शुरुआत

**२ राजाहरू २ः१२ख-१४ः** तब एलीशाले शोकमा आफ्नै लुगा च्याते। त्यसपछि तिनी यर्दनको पूर्वीय किनारमा फर्के, र एलियाको खास्टोले यर्दनको पानी हिर्काएर भनेः 'परमप्रभु, एलियाका परमेश्वर कहाँ हुनुहुन्छ ?' यस प्रश्नले शङ्का व्यक्त गरेको होइन, अविश्वास व्यक्त गरेको पनि होइन, तर जसरी उहाँ एलियासँग हुनुहुन्थ्यो, त्यसरी नै उहाँ एलीशासँग पनि हुनुहुन्छ भन्ने कुरा देखाउन परमेश्वरलाई एउटा विषेश मौका प्रदान गरेको थियो। अनि यर्दनको पानी दुई भाग भयो; अनि भविष्यवक्ता एलीशा नदीको पश्चिमी किनारमा फर्के, जहाँ भविष्यवक्ताहरूका पचासजना शिष्यहरू पर्खिरहेका र हेरिरहेका थिए।

**२ राजाहरू २:१५-१८:** यर्दन नदी दुई भाग भएको कुरा देखेपछि तिनीहरूले एलीशा साँच्चै एलियाका उत्तराधिकारी हुँदा रहेछन् भन्ने कुरा स्वीकार गरे। तिनीहरूले एलियालाई खोज्ने टोली पठाउने कुरामा जिद्दी गरेर जिते, जब एलीशाले 'यसो नगर' भन्ने सल्लाह दिएका थिए। तर तिनीहरूको यो खोज व्यर्थ थियो। यो कुरा एलीशाले तिनीहरूलाई सजग गराएर भनेका थिए। हुन सक्छ, तिनीहरूले एलियाको स्वर्गारोहण देखेका थिएनन्, कि त यो कुरा देखेर उनको अनुपस्थिति अस्थायी थियो भनेर तिनीहरूले सोचेका हुनुपर्ला।

**२ राजाहरू २:१९-२२:** यस समयको बिन्दुदेखि २ राजाहरू १३:२० पदसम्म एलीशाको सेवकाईचाहिँ एक पछि अर्को गर्दै गरेका आश्चर्यकर्महरूको सिलसिला हो, जुन आश्चर्यकर्महरूद्वारा इस्राएली जातिले मूर्ति-पूजाबाट एकमात्र साँचो र जीवित परमेश्वरकहाँ फर्कने हौसला पाउनु थियो। तर यहाँ, यस खण्डमा प्रस्तुत गरिएका घटनाहरू कालक्रमअनुसार उल्लेख नगरिएका सम्भव छ। यी आश्चर्यकर्महरूमध्ये प्रथमचाहिँ यस्तो थियो: एलीशाले यरिहोको बाँझो तुल्याउने दूषित पानीको मुहानमा नुन फ्याँके। त्यस समयदेखि उसो त्यसको पानीले मानिस र पशुहरूमा फेरि कहिल्यै मृत्यु वा बाँझोपन पैदा गर्दैनथियो।

**२ राजाहरू २:२३-२४:** एलीशा यरिहोबाट बेतएलतिर जाँदैथिए, जुन बेतएलचाहिँ बाछोको पूजा गर्ने दुईवटा केन्द्रहरूमा एक थियो; तब उत्ताउला गर्ने कतिपय केटाहरूले तिनलाई भेटे, जसले तिनलाई 'तालुखुइले, तालुखुइले' भनेर खिसी गरे र तिनलाई एलियाले गरेझैं स्वर्गतिर उक्लिजाने चनौती दिए। अनि जब तिनले तिनीहरूलाई परमप्रभुको नाममा सरापे, तब वनबाट दुईवटा माउ भालुहरू निस्के, जसले तीमध्ये बयालीसजनालाई च्यातचुत पारि-दिए। जसले परमेश्वरको मुखपात्रलाई अपमान गर्छ, त्यसले परमेश्वरलाई अपमान गर्छ।

**२ राजाहरू २:२५:** एलीशाले एलियाका बितेका समयमा हिँडेका पाइलाहरू पछ्याउँदै गर्दा तिनी पहिले यरिहो र बेतएलमा अवस्थित भएका भविष्यवक्ताहरूका विद्यालयहरूमा गए, त्यसपछि तिनी कर्मेल पहाड़ हुँदा सामिरयामा पुगे। यरिहोका मानिसहरूले तिनीसित आदरपूर्वक व्यवहार गरे र आशिष पाए। तर बेतएलका केटाहरूमा परमप्रभुप्रति कुनै श्रद्धाभक्ति नभएको हुनाले तिनीहरूले एलीशासित लाजमर्दो व्यवहार गरे र यसको निम्ति श्राप पाए।

### घ) २ राजाहरू ३:१-८:१५: इस्राएलका राजा यहोराम अर्थात् योराम

अनि ख्रीष्टपूर्व ८५२ सालदेखि ख्रीष्टपूर्व ८४१ सालसम्म अहाबका छोरा यहोरामले बाह्र वर्ष इस्राएलमाथि राज्य गरे (२ राजाहरू ३:१-९:२९)।

**२ राजाहरू ३:१-३:** अनि जब अहाबका छोरा यहोरामले इस्राएलमा राजाको रूपमा राज्य गर्न थाले, तब यहूदामा यहोशापात र उनका छोरा यहोरामले एकसाथ राज्य चलाउँदैथिए। यसबाट इस्राएलका राजा यहोरामले यहोशापातको अठारौं वर्षमा र यहूदाका राजा यहोरामको दोस्रो वर्षमा राज्य गर्न थालेको कुरा स्पष्ट हुन्छ (२ राजाहरू १:१७)।

यहोरामचाहिँ आफ्ना बुबाआमाजत्तिकै दुष्ट थिएनन्। (यहोरामको हिज्जे 'योराम' पनि हो)। किनकि तिनले बालको मूर्ति हटाए, जुन मूर्ति तिनका बुबा अहाबले खड़ा गरेका थिए। तर तिनी नबातका छोरा

यारोबामद्वारा स्थापित गरिएको सुनको बाछाको पूजाआजामा लागिरहन्थे ।

**२ राजाहरू ३ः४-९ः** अहाबको शासनकालमा मोआबका राजाले इस्राएललाई वार्षिक कर तिर्नुपर्थ्यो । तर जब अहाबको मृत्यु भयो, तब मोआबका राजा मेशाले विद्रोह गर्न आफ्नो अनुकूल समय आएको देखेका थिए । इस्वी संवत् १८६८ सालमा एकजना जर्मन मिसनरीले त्यो प्रशिद्ध मोआबी शिलालेख भेट्टाए, जुन शिलालेखमा मोआब इस्राएलको अधीनतामा आएको कुरा र राजा मेशाले यस विद्रोहमा सफलता प्राप्त गरेको कुराको विषयमा लेखिएको छ । [3)]

राजा अहज्याहले मोआबको यस विद्रोहको सम्बन्धमा केही पनि गर्दैनथिए । तर जब तिनको उत्तराधिकारी यहोराम सत्तामा आए, तब उनले तुरुन्तै मोआबलाई फेरि आफ्नो नियन्त्रणमा ल्याउन खोजे; किनकि उनले त्यो ठूलो कर गुमाउन चाहँदैनथिए । त्यस बेलामा यहोरामले यहोशापातलाई सँगै लड़ाइँमा जाने आग्रह गरे, र यहोशापात फेरि यस कुरामा उनीसित सहमत भए; तिनी कति मूर्खा थिए ! (राजाहरूको पहिलो पुस्तकको बाइसौं अध्यायमा हेर्नुहोस्, जहाँ यहोशापातले इस्राएलसँग गठबन्धन गरेर भन्डै आफ्नो ज्यान गुमाउनुपरेको थियो ।) तिनीहरूले मृत सागरको पश्चिमी किनारै-किनार भएर दक्षिण जाने, त्यसपछि एदोम हुँदै पूर्व लाग्ने र त्यसपछि उत्तरतिर मोड्दै मोआबमा पुग्ने निर्णय गरे । त्यस बेलामा एदोमका राजा यहोशापातको अधीनस्थ भएको हुनाले यस लड़ाइँमा यिनको नाम पनि हालिएको थियो ।

**२ राजाहरू ३ः१०-१२ः** अनि जब तिनीहरू मोआबको नजिक अइपुगे, तब सेनाको पिउने पानी सिद्धियो । यसमा राजा यहोराम परमप्रभुलाई दोष लगाउन छिटो थिए; तर तिनलाई तिनको यस तुच्छ व्यवहारको सठीक प्रतिउत्तर दिएर यहोशापातले बरु परमप्रभुको भविष्य-वक्तासित सरसल्लाह लिने सुझाउ दिए । अनि जब 'एलियाका निजी सेवक एलीशा नजिकै छन्' भन्ने कुरा पत्ता पाइयो, तब यी तीनजना राजाहरू उनीकहाँ आए ।

**२ राजाहरू ३ः१३-१९ः** तर शुरुमा एलीशाले मूर्तिपूजामा तल्लीन भएका इस्राएलका राजासँग कुनै सरोकार नभएको हुनाले तिनीसित बोल्नै चाहेनन् । तिनी आफ्नै बुबाका झूटा अगमवक्ताहरूकहाँ जाऊन् । यो उनको सुझाउ थियो । किनकि यहोरामले दिएको जवाफबाट के बुझिन्छ भने, तिनले त आफ्ना देवताहरूलाई होइन, तर यस समस्याको निम्ति सीधै परमप्रभुलाई आरोप लगाए । यहोशापातको उपस्थिति कदर गर्दै एलीशा परमप्रभुको इच्छा र मनसा बुझ्न राजी भए । एकजना तारवाला बाजा बजाउने मानिसले बाजा बजाउँदै गर्दा परमेश्वरको हात एलीशामाथि आयो, र उनले भविष्यवाणी गरेः तिनीहरूले बेंसीभरि खाड़लैखाड़ल बनाइदिऊन् ! किनकि पानी नपरीकन त्यो बेंसी पानीले भरिनेथियो, र मोआबीहरू पराजित हुनेथिए ।

**२ राजाहरू ३ः२०-२५ः** भोलिपल्ट बिहान एदोमको तर्फबाट बग्दै गरेको पानी यस बेंसीमा बहेर आयो । अनि सूर्योदयको उज्यालोमा त्यो पानी मोआबीहरूको दृष्टिमा रगतजस्तो देखिन्थ्यो; अनि तिनीहरू 'अरे, इस्राएल, यहूदा र एदोमका राजाहरूले आपसमा लड़ाइँ पो गरिरहेछन्' भन्ने निष्कर्षमा पुगे । यसकारण लुटको माल जम्मा गर्न तिनीहरूले इस्राएलको छाउनीतिर पुग्न हतार गरे, तर त्यहाँ तिनीहरूले ठूलो हारको हानि उठाउनुपर्‍यो । फलस्वरूप इस्राएलीहरूले खेती गर्न लायकका सबै जग्गाजमिनहरू ढुङ्गाले भरिदिए, पानीका सबै स्रोतहरू थुनिदिए र असल रूखहरूजति काटिदिए ।

**२ राजाहरू ३ः२६-२७ः** मोआबका राजा आफ्नो भूतपूर्व सहयोगी अर्थात् एदोमीहरूसित रिसाए र तिनीहरूका राजाले इस्राएल र यहूदाले जतिकै सम्पूर्ण तनमनको साथ लड़ाइँ गर्दैनन् होला भन्ने विचारले प्रेरित भई एदोमको सेनाका पङ्क्तिहरू तोड्न खोजे। तर जब तिनको यो रणनीति असफल भयो, तब तिनले शहरको पर्खालमाथि आफ्नो जेठा छोरालाई होमबलि गरे; किनकि यसरी नै तिनले आफ्ना देवताहरूको निगाह पाउन, आफ्ना मानिसहरूलाई यस लड़ाइँमा वीरता देखाउने प्रेरणा दिन र आफ्नो शत्रुलाई डर देखाउन खोजे होलान्। इस्राएल यो नरबलि देखेर अकमक्क पर्‍यो, स्तब्ध भयो; किनकि तिनीहरूको दृष्टिमा नरबलि अघोर घृणित अधर्म थियो। कि त परमेश्‍वरबाट, कि त आफ्नै विवेकबाट त्रस्त भई तिनीहरू मोआब देश आफ्नो वशमा नल्याईकन फर्के। यस सिलसिलामा श्री ह्यारोल्ड स्टिगर्सले निम्न टिप्पणी गरेका छन्ः

> 'यस पुस्तकको लेखकसँग एउटा प्रश्‍न रहेको देखिन्छः यस नरबलिले गर्दा इस्राएल यति धेरै प्रभावित पारिएको थियो भने, त्यस जातिको विवेक आफ्नै मूर्तिपूजामा धक्का किन नलागेको? किनकि इस्राएल र यहूदामा मूर्तिपूजा निरन्तर भइरह्यो।' 4)

## ङ) २ राजाहरू ४ः१-८ः१५ः एलीशाको आश्‍चर्यकर्मले पूर्ण भएको सेवकाई

### अ) २ राजाहरू ४ः१-७ः एलीशाले अचम्मको कामद्वारा तेलको प्रबन्ध गरेको

परमप्रभुको भक्ति गर्ने भविष्यवक्ताहरूमध्ये एकजनाकी विधवा ऋण तिर्न नसकेर आफ्ना छोराहरूलाई दासत्वमा गुमाउने खतरामा परेकी थिइन्। अनि यिनको खाँचो एउटा अचम्मको कामले पूरा गर्‍यो। यी विधवाले तेल जम्मा गर्न सीमित सङ्ख्यामा भाँड़ाहरू प्राप्त गर्न सकिन्, नत्र तेलको अद्‌भुत प्रबन्ध बन्द हुनेथिएन। अनि यस अचम्म प्रकारले प्राप्त गरेको तेल बेचेर यिनले आफ्नो ऋण तिर्न सकिन्, साथै आफ्नो परिवार पाल्न यिनी सक्षम भइन्। आउनुहोस्, हामी यस घटनाबाट यो वस्तुगत पाठ सिकौंः हामी ऋणमा परेकाहरूको निम्ति परमेश्‍वरको निगाह ठूलो छ; किनकि वर्तमान आवश्‍यकताहरू पूरा गर्नुको साथै भविष्यमा जीविका आर्जन गर्न उहाँको अपार अनुग्रह पर्याप्त छ। पापी मानिसहरूको खाँचो तिर्न नसकिने सानो-ठूलो ऋण सम्झिनुहोस्! तर परमेश्‍वरको अनुग्रहले पापको ऋण र पापको दासत्वबाट स्वतन्त्र गराउँछ अनि हामीलाई नयाँ जीवनको निम्ति आवश्‍यक हुने सबै कुराहरूको प्रबन्ध गर्छ।

### आ) २ राजाहरू ४ः८-१७ः एलीशाको अचम्मको कामद्वारा शूनेमी स्त्रीको छोरा जन्म्यो

एउटी प्रतिष्ठित शूनेमी स्त्रीले एलीशालाई ठूलो अतिथि-सत्कार देखाएकी थिइन्; अनि तिनले आफ्नो घरमा उनको लागि एउटा सानो माथिल्लो कोठा पनि बनाइदिइन्। 'हेर, तिमीले यति सारा वास्ता राखेर हाम्रो फिक्री गरेकी छ्यौ! तब तिम्रो निम्ति के गर्न सकिन्छ? के म तिम्रो पक्षमा राजासित वा सेनापतिसित कुरा गरूँ?' भनेर एलीशाले तिनको निम्ति अन्तर्विन्ती गरिदिने प्रस्ताव राख्दाखेरि तिनले 'मलाई राजाबाट कुनै पदोन्नति वा कृपादृष्टि चाहिँदैन' भनिन्। तिनले आफ्ना मानिसहरूको बीचमा बस्न पाएकोमा आफ्नो पूरा सन्तुष्टि व्यक्त गरिन्। तर भविष्यवक्ताको निजी सेवक गेहजीले 'तिनको छोरा छैन' भन्ने कुरा प्रकट गर्‍यो, अनि यो कुरा तिनको चाहना मात्र कहाँ रहनेथियो र? भविष्यवक्ताको वचनद्वारा

तिनको यो चाहना पूरा भयो; किनकि आउँदो बसन्तमा तिनले एउटा छोरा जन्माइन्। बाँझो स्त्रीको मरेको कोखबाट परमप्रभुले जीवन निकालिदिनुभयो। ठीक त्यस्तै परमेश्वरका सबै छोराछोरीहरूको आत्मिक जन्म भएको छ; आत्मिक मृत्युदेखि निस्केर उनीहरू जीवनमा आफ्नो अस्तित्व सारेका हुन्छन् (एफेसी २:१-१०)।

### इ) २ राजाहरू ४:१८-३७: एलीशाले शूनेमी स्त्रीको छोरालाई पुनर्जीवित पारेको

**२ राजाहरू ४:१८-२५[क]:** केही वर्षपछिको कुरा आयोः शूनेमीको त्यो छोरा खेतबारीमा भएको बेलामा त्यसलाई एक किसिमको लू लाग्यो। तब तुरुन्तै त्यसलाई त्यसकी आमाकहाँ लगियो र दोपहरभित्र त्यो तिनको काखैमा मर्‍यो। तब तिनले त्यसको मृत शरीर भविष्यवक्ताको कोठामा राखिन्। त्यसपछि तिनले आफ्नो खास कारण नबताईकन आफ्नो पतिलाई 'म कर्मेल पहाड़मा परमेश्वरको जनलाई भेट्न चाहन्छु' भनिन्। धार्मिक बिदाको दिन नहुँदा यी भविष्यवक्तालाई भेट्न जाने कुरा उनलाई अनौठो लाग्यो, रपनि त्यहाँ जान उनले तिनको निम्ति यातायातको बन्दोबस्त गरिदिए। अनि तिनी तीव्र गतिमा शूनेमबाट यिज्रेलको जम्मै तराई पार गरेपछि कर्मेल पहाड़तिर उकालो लागिन्।

**२ राजाहरू ४:२५[ख]-२८:** तिनी नजिक आउँदै गरेकी देखेर एलीशाले गेहजीलाई 'तिनलाई भेट्न जाऊ र तिनलाई तिनको कुशलताको बारेमा सोध' भन्ने आज्ञा दिए। तिनले गेहजीलाई तिनी आएको उद्देश्य बताइनन्। वास्तवमा तिनले 'हामी सबैजना कुशलै छौं' भनेर झूट बोलिन्। तिनले आफ्नो समस्या सीधै भविष्यवक्तालाई भन्न चाहिन्। ती स्त्रीले एलीशालाई भेट्दा आवेगमा ठूलो सोरले बोलिन्। अनि भविष्यवक्ताले तिनको गहन मानसिक पीड़ा महसुस नगरेका भए र तिनलाई बोल्ने अनुमति नदिएका भए गेहजीले तिनलाई त्यहाँबाट निकालिदिनेथियो। शूनेमी स्त्री किन आए, त्यो कुरा परमप्रभुले एलीशालाई प्रकट गर्नुभएको थिएन, र तिनले अहिलेसम्म पनि बताएकी थिइनन्। तर 'के मैले हजुरबाट एउटा छोरा मागेकी थिएँ र? मलाई धोका नदिनुहोस् भनेर के मैले भनेकी थिइनँ र?' भनेर तिनले त्यसको सङ्केत दिइन्। तिनले भन्न खोजेको तात्पर्य यो थियोः 'मलाई एउटा छोरा दिएर र उसलाई फेरि मबाट लगेर मलाई धोका नदिनुहोस्!' यस कुराबाट सायद एलीशाले तिनको छोरा सिकिस्त बिरामी भएको हुनुपर्छ भन्ने अड़कल काटे होलान्।

**२ राजाहरू ४:२९-३१:** शुरुमा भविष्यवक्ता एलीशाले गेहजीलाई बाटोमा कसैसित अभिवादनको आदानप्रदान नगरीकन हतारसित एलीशाको लहुरो मरेको बालक-माथि राख्न पठाए। तर यी स्त्रीले जान्दथिएः यस प्रकारको कामको कुनै सीप लाग्दैन-थियो। एलीशा आफै जानुपर्नेथियो। तिनले उनलाई यसो नगरेसम्म छोड्नेथिएनन्। यी दुईजना शूनेमको नजिक आइपुग्न लागेको बेलामा गेहजीले उनीहरूलाई 'त्यो केटा बिउँझेको छैन' भन्ने खबर सुनायो।

**२ राजाहरू ४:३२-३७:** तब एलीशाले त्यस केटोको लास सुताइएको कोठामा प्रवेश गरे; उनले ढोका लगाए, प्रार्थना गरे र त्यस केटोमाथि लमतन्न भएर आफूलाई पसारे – उनको मुखले त्यसको मुखसित जोड़्यो, तिनका आँखाहरूले त्यसका आँखाहरूसित जोड़े र उनका हातहरूले त्यसका हातहरू जोड़े। त्यसपछि भविष्यवक्ता उठे, र यस कोठामा ओहोर-दोहोर हिँड़िरहे, त्यसपछि उनी फेरि त्यस केटोमाथि पसारिए। तर यसपालि त्यस केटाले सात पल्टसम्म हाछ्युँ गर्‍यो र आफ्ना आँखाहरू खोल्यो। त्यसकी

आमा कति धेरै कृतज्ञ भइन्, यसको साध्य छैन; किनकि तिनले आफ्नो छोरालाई जीवित अवस्थामा फिर्ता पाइन् । जब एलीशाले त्यस केटालाई बौराएर उठाए, तब उनले त्यस मरेको केटाको मुखमा आफ्नो मुख, त्यसका आँखाहरूमा आफ्ना आँखाहरू र त्यसका हातहरूमा आफ्ना हातहरू लगाएर आफूलाई पूरा रूपले त्यस ठिटोसँग एक तुल्याए। उनको लहुरोले केही फरक ल्याएन; तर जब उनले आफैलाई त्यस केटामाथि पसारे र त्यसमा आफ्नो जीवनको सास फुकिदिए, तब मात्र त्यो केटो जीवित भयो ।

### ई) २ राजाहरू ४:३८-४१: एलीशाले विषालु सुरुवा शुद्ध पारेको

अबको आश्‍चर्यकर्म गिल्गालमा अनिकालको समयमा घट्यो । (हुन सक्छ यो अनिकाल यस पुस्तकको आठ अध्यायमा उल्लेख गरिएको सात वर्षको अनिकाल थियो कि ?) । यस अनिकालको समयमा एलीशाले आफ्नो निजी सेवकलाई भविष्यवक्ताहरूका शिष्यहरूको लागि सुरुवा पकाउने आदेश दिए। भूलवश केही विषालु लहराहरू भाँडामा हालिए। अनि जब त्यो भूल पत्ता लाग्यो, तब एलीशाले यस भाँड़ामा केही गहुँको पीठो हाले र यसरी त्यो सुरुवा खाना खानको लायक बनाए।

### उ) २ राजाहरू ४:४२-४४: एलीशाले बीसवटा रोटीले एक सय मानिसहरूलाई अघाउने गरी खुवाए

अर्को सयममा एलीशाले जौका बीसवटा ससाना चपटी र केही पाकेका अन्नहरू लिएर एक सय मानिसहरूलाई अघाएसम्म खुवाए। परमप्रभुले प्रतिज्ञा गर्नुभएअनुसार सबैको निम्ति पर्याप्त खानेकुरा भयोः उनीहरूले खाए र अघाएर उबारे। जुन कुरा एलीशाको थियो, उनको हक थियो, त्यो कुरा उनले निस्स्वार्थको साथ अरूलाई दिए। यसबाट सिक्नुपर्ने पाठ यस प्रकारको छः जब हामी आफूसँग भएका कुराहरू अरू मानिसहरूसँग बाँड़चुँड़ गर्छौं, र हाम्रो निम्ति त्यसका परिणामहरू केकस्तो हुने हो, सो कुरा हामी परमेश्‍वरको हातमा राखिछोड्छौं, तब उहाँ हाम्रा खाँचोहरू र अरूका आवश्यकता-हरू पूरा गर्नुहुन्छ; किनकि उहाँले उदारचित्तले दिनेलाई उब्रोपाब्रो हुने गरी दिनुहुन्छ (हितोपदेश ११:२४-२५) ।

### ऊ) २ राजाहरू ५:१-१९: एलीशाले कोरी नामानलाई शुद्ध पारेको

**२ राजाहरू ५:१-४:** एलीशाको आश्‍चर्यकर्म गर्ने शक्ति अरामीहरूको सेनासम्म पनि पुग्यो, कसरी ? किनकि कैदमा लगिएकी एउटी यहूदी केटी अरामी सेनाका सेनापति नामानको घरमा नोकर्नी थिई। तिनलाई कुष्ठरोग लागेको जानेर यस केटीले के सुझाउ दिई भने, सामरियामा एलीशा नामक एकजना भविष्यवक्ता थिए, जसले नामानलाई निको पार्न सक्नेथिए। यो केटी संसारको दृष्टिमा कुनै महत्त्व नभएको व्यक्ति थिई; तर परमेश्‍वरप्रति विश्‍वासयोग्य रहेर यो केटी अरू मानिसहरूको मुक्ति पाउने सम्बन्धमा मध्यबिन्दु बनेकी थिई। यस विषयमा श्री डी. एल. मूडीले निम्न टिप्पणी गरेका छन्ः

> ‘एउटी सानी नोकर्नी केटीले दुई शब्द बोली, जुन शब्दहरूले दुईवटा राज्यहरूमा हलचल मच्चाए। परमेश्‍वरले यस केटीको विश्‍वास कदर गर्नुभयो र अन्यजाति नामानको निम्ति एउटा काम गर्नुभयो, जुन काम उहाँले इस्राएलको कुनै मानिसको निम्ति गर्नुभएन। लूका ४:२४ पद हेर्नुहोस्! धेरै पल्ट कुनै नानीको औंलाले प्रौढ़हरूलाई सही दिशातिर बाटो देखाइदिएको छ। यस दासीले

परमेश्वरको विषयमा "उहाँले नामानको निम्ति इस्राएलको कुनै मानिसको निम्ति नगर्नुभएको अद्‌भुत काम गरिदिनुहुनेछ" भनेर ठूलो गर्व गरी; अनि परमेश्वरले यस केटीको ठूलो विश्वास कदर गर्नुभयो ।' 5)

**२ राजाहरू ५:५-७:** तब नामानले अरामका राजा बेन-हददबाट इस्राएलका राजा योरामको लागि एउटा परिचय-पत्र पाए, र यिनी इस्राएलतर्फ बाटो लागे, उपहारस्वरूप आफ्नो साथमा यिनले रुपियाँपैसा र लुगाहरू पनि बोके। यस पत्रमा एलीशाको नाम लिइएको थिएन, तर केवल नामानको चङ्गाइ गर्ने अनुरोध पेश गरिएको थियो; यसमा कुनै शङ्का छैन। तर यस अनौठो, असुहाउँदो अनुरोधबाट इस्राएलका राजा क्रोधित भए, र अरामी राजाले इस्राएलमाथि आक्रमण गर्ने निहुँ खोजिरहेका थिए भन्ने शङ्का गरे ।

**२ राजाहरू ५:८-१२:** एलीशाले राजा योरामको यस अप्ठ्यारो परिस्थितिको विषयमा सुन्न पाए र 'नामानलाई मकहाँ पठाउनुहोस्' भन्ने विन्ती गरे। राज-दरबारमा कुष्ठरोग निको पार्ने शक्ति कहाँ हुन्थ्यो र? किनभने राज-दरबारका सदस्य-सदस्याहरू सबका सब मूर्तिपूजक थिए। तर इस्राएलमा परमेश्वरका एकजना भविष्यवक्ता थिए, जससँग नामानजस्तै मानिसलाई शुद्ध पार्ने र यिनलाई निको पार्ने शक्ति थियो। एलीशाले नामानसँग व्यक्तिगत रूपले कुरा गरेनन्। किनकि उनको वचन नै पर्याप्त थियो; त्यही वचनमाथि नामानले विश्वास गर्नुपरेको थियो र त्यही वचनअनुसार यिनले काम गर्नुपरेको थियो। एलीशाले 'जाऊ, यर्दनमा सात पल्ट नुहाऊ, र तिम्रो शरीर ज्यूँका त्यूँ हुनेछ' भन्ने वचन नामानकहाँ पठाए। एलीशाले यिनलाई यसभन्दा धेरै आश्चर्यकारी र रोचक ढङ्गमा निको पार्नेछन् भन्ने कुरा नामानले आशा गरेका थिए; यसकारण यिनी क्रोधित भए, र बम्केर आफ्नो विरोध जनाए; किनकि यिनको विचारमा यिनको जन्मभूमि दमस्कसका नदीहरू यर्दनभन्दा असल थिए।

**२ राजाहरू ५:१३-१४:** श्री डी. एल. मूडीले नामानको समस्याको विषयमा सही विश्लेषण गरेका छन्, जब तिनले यसो भनेका छन्:

'नामानलाई दुईवटा रोगहरू लागेका थिएः अहम् र कुष्ठरोग। अनि यी दुवै रोगहरूबाट यिनले चङ्गाइ पाउनुपरेको थियो। नामान आफ्नो घमण्डको रथबाट उत्रनुपरेको थियो; त्यसपछि यिनलाई भनिएको तरिकाअनुसार यिनले नुहाउनुपरेको थियो ।' 6)

अन्तमा यिनका नोकरहरूले यिनलाई मनाउन सके; किनकि भविष्यवक्ताले भनेको तरिका यति सरल तरिका थियो, तब यस वचनअनुसार यिनले किन नगर्ने त? यिनले यस वचनअनुसार गरेर छाड़े, र यिनी पूरा रूपले निको भए। एकजना भाइले यस विषयमा के मज्जाको कुरा भनेका छन्: 'जब नामानले आफ्नो घमण्डरूपी थुक निले, तब यिनी आफ्नो कुष्ठरोगबाट निको भए।'

**२ राजाहरू ५:१५-१९:** नामान पूरा मनले इस्राएलका परमेश्वरकहाँ फर्के, अनि यिनले आफ्नो निको नहुने रोगबाट निको भएकोमा एलीशालाई कुनै न कुनै इनाम दिन चाहे; तर भविष्यवक्ताले यिनीबाट केही पनि लिन मानेनन्। तर जब यी अरामी सेनापतिले इस्राएल देशबाट लगिएको यस माटोमाथि खड़ा रहीकन यिनले साँचो परमेश्वरको आराधना गर्न सकून् भन्ने हेतुले दुईवटा कच्चरको भारी माटो लैजान पाऊँ भन्ने विन्ती गरे, तब एलीशाले यिनलाई यसो गर्ने अनुमति दिए। त्यसपछि यिनले आफ्नो समस्या खुलस्त पारेः यिनले भावी दिनहरूमा आफ्ना सरकारी कर्तव्यहरू पूरा गर्दै-गर्दा यिनी कतै राजा आफ्नो मालिकसँग मूर्ति रिम्मोनको मन्दिरमा जानुपर्नेथियो होला र यस मूर्तिलाई ढोगेसम्म पुग्लान्; तर यसको निम्ति

परमप्रभुले यिनलाई क्षमा गर्नुहुन्छ भन्ने आशा गरे। एलीशाले न यस कुराको समर्थन गरे, न ता खारिज गरे, तर केवल 'शान्तिसित जाऊ' भनेर यिनलाई बिदा गरे।

नामानको यस वृत्तान्तमा हामी अनुग्रहको सुसमाचारको उत्कृष्ट दृष्टान्त पाउँछौं। नामान अरामी सेनाका सेनापतिको रूपमा परमेश्वरको शत्रु थिए। अनि मानिसको दृष्टिकोणले हेर्नु हो भने, यिनी कुष्ठरोगी भएको हुनाले यिनको अवस्था नाजुक थियो, लाचार थियो, आशाहीन थियो (रोमी ५:६-१० पदको खण्डसित तुलना गर्नुहोस्)। अन्यजातिको मानिस भएको हुनाले यिनी परमेश्वरका प्रतिज्ञाहरू र करारहरूसित अपरिचित पराई थिए, र उहाँको आशिषमा यिनको कुनै दाबी वा हक थिएन (एफिसी २:११-१२)। तर परमेश्वरलाई धन्यवाद होस्, उहाँको अनुग्रहले खाँचो परेको मानिससित सम्पर्क राख्यो र यिनको आवश्यकता पूर्ति गऱ्यो! नामानले आफूलाई नम्र तुल्याउनुपरेको थियो र परमेश्वरको वचन पालन गर्नुपरेको थियो, बस यति! यसबाहेक यिनले अरू केही गर्नुपर्दैनथियो। अन्तमा यिनी परमेश्वरको वचनप्रति आज्ञाकारी भए, यिनले यर्दनको पानीमा सात पल्ट डुबुल्की मारे अनि नयाँ छाला र नयाँ हृदयको साथ यिनी नयाँ मानिस भएर पानीबाट निस्केर आए।

हाम्रा प्रेमी प्रभुको कति अद्‌भुत अनुग्रह छ, कति! किनकि उहाँको अनुग्रह हाम्रो पाप र हाम्रो दोषभन्दा ठूलो छ; गल्गथाको डाँड़ामाथि त्यो दिव्य अनुग्रह खन्यायो, जहाँ परमेश्वरको थुमाले आफ्नो अमूल्य रगत बगाउनुभयो।

*कोरसः* अनुग्रह, अनुग्रह, हो, परमेश्वरको अनुग्रह – उहाँको अनुग्रहले पापको क्षमा दिन्छ र यो पापी मन शुद्ध पार्छ, अनुग्रह, अनुग्रह, हो, परमेश्वरको अनुग्रह – उहाँको अनुग्रह हाम्रा सबै पापहरूभन्दा ठूलो छ!

श्रीमती जुलिया एच. जोह्नस्टोन

### ए) २ राजाहरू ५:२०-२७: गेहजीको लोभलालच

तर नामानका जुन उपहारहरू एलीशाले इन्कार गरे, ती उपहारहरू गेहजीले लोभलालच गऱ्यो; यसैले उसले नामानलाई पछ्यायो, र नामानलाई भेटेपछि यिनलाई एउटा बनावटी कथा सुनायोः भर्खरै एप्रैमको पहाड़ी देशबाट दुईजना जवानहरू एलीशाकहाँ आइपुगे; अनि एलीशाले यी पाहुनाहरूको निम्ति केही उपहारहरू सङ्कलन गर्न उसलाई पठाएको रे। त्यसपछि उसले पाएको त्यो पैसा र ती लुगाहरू आफ्नो घरमा लगेर राख्यो। भविष्यवक्ताको नाताले एलीशाले बेला-बेलामा परमप्रभुबाट विशेष प्रकाशहरू प्राप्त गर्ने गर्थे। अनि यसपालिचाहिँ उनले आफ्नो नोकर गेहजीले अघि के गरिरहेको थियो, यसको विषयमा दिव्य जानकारी पाए। यसकारण जब गेहजी आइपुग्यो, तब तत्कालै एलीशाले उसलाई उसको दोष देखाइदिए। उनले यस लोभी नोकरलाई के सम्झाए भने, के यो रुपियाँपैसा र लुगाफाटा ग्रहण गर्ने समय थियो र? यो रुपियाँपैसाले किन्न सकिने अन्य चीजहरू प्राप्त गर्ने समय छँदैथिएन। तब हेर, गेहजीलाई नामानको कुष्ठरोग लागेछ! अरामबाट आएको टोलीलाई 'परमेश्वरको अनुग्रहको सित्तैंको वरदान सित्तैं थिएन' भन्ठान्ने अवसर दिएर उसले ठूलो पाप गरेको थियो।

### ऐ) २ राजाहरू ६:१-७: एलीशाले अचम्मको कामद्वारा पानीमा खसेको बन्चरो फर्काएको

भविष्यवक्ताहरूका केही शिष्यहरू कि त यरिहोमा कि त गिल्गालमा एलीशासँग बसेका थिए। तर तिनीहरू बसेको घर निक्कै साँघुरो भइसकेको थियो। तिनीहरूलाई ठाउँ नपुगेको

हुनाले असन्तुष्ट थिए। यसकारण तिनीहरूले एलीशाबाट यर्दनको नजिकमा बसाइ सार्ने र त्यसको निम्ति त्यहाँ एउटा घर बनाउने अनुमति प्राप्त गरे। निर्माण-कार्य भइरहेको बेलामा एकजनाको बन्चरो यर्दनमा खसेछ। त्यो बन्चरो उसको थिएन, तर उधारोमा ल्याइएको थियो। एलीशाले उसको दुःखको पुकार सुने र नदीमा बन्चरो खसेको ठाउँमा एउटा काठको टुक्रा फाले। तब नदीको पानीमा डुबेर हराएको बन्चरो पानीमा तैरियो र जुन भाइले त्यो बन्चरो हराएको थियो, यस भाइले त्यो हतियार समात्यो। ऊ कति कृतज्ञ भयो, कति खुशी भयो !

### ओ) २ राजाहरू ६ः८-२३ः एलीशाद्वारा प्रकट गरिएको अद्भुत रणनीति

एलीशाको आश्चर्यकारी शक्तिको अर्को उदाहरण यस प्रकारको छः शत्रुको छाउनीमा रचिएका गोप्य सैनिक चालहरूको विषयमा उनीसँग दिव्य ज्ञान भएको थियो, जस्तैः अरामी राजा निक्कै अलमल्ल परेका थिए; किनभने तिनका सबै गोप्य योजनाहरू बारम्बार इस्राएलका राजालाई थाहा हुन्थ्यो। यसकारण तिनले 'पक्का पनि मेरा मानिसहरूमध्ये कोही इस्राएलको जासुस भएको हुनुपर्छ' भन्ने अड्कल काटे। तर जब तिनले भविष्यवक्ता एलीशाको विषयमा तिनले थाहा पाए, कि उनैले तिनका योजनाहरू इस्राएलका राजाकहाँ प्रकट गर्दैथिए, तब तिनले जसरी भए पनि एलीशालाई पक्रने निर्णय गरे। अनि जब तिनले भविष्यवक्ताचाहिँ सामरियाको नजिकैको दोतानमा छन् भन्ने कुरा सुने, तब तिनले एउटा ठूलो फौज पठाए, जसले राती यो शहर घेरामा हालिहाल्यो। अनि भोलिपल्ट बिहानै शत्रुलाई यो शहर घेरिरहेको देखेर एलीशाको नोकर पूरा डरायो। तर भविष्यवक्ताको प्रार्थनाको उत्तरमा यस नोकरलाई परमेश्वरले आफ्ना जनहरूको रक्षा गर्न पठाउनुभएका घोड़ा र अग्नीमय रथहरूको सुरक्षा-टोली देख्न अलौकिक शक्ति दियो।

एलीशाले परमप्रभुलाई यी अरामीहरूलाई अन्धा पारिदिनुहुन अनुरोध गरे। त्यसपछि भविष्यवक्ताले तिनीहरूलाई विनासंघर्ष दोतानबाट सामरियामा ल्याउन सके। अनि जब इस्राएलका राजाले तिनीहरूलाई मार्ने सुझाउ दिए, तब एलीशाले तिनलाई के सम्झाए भने, तिनले तरवार र धनुको बलले पक्रेका बन्दीहरूलाई कुनै हालतमा पनि मार्नुहुँदैनथियो भने त तिनको कुनै परिश्रम-विना तिनको हातमा सुम्पिएकाहरूलाई तिनले किन मार्न चाहे त? होइन, राजाले बरु तिनीहरूलाई खुवाइदिऊन् र घर पठाइदिऊन्। यस भलाइको कामद्वारा तिनले खराबीलाई भलाइले जिते; किनकि अरामी फौजहरूले इस्राएललाई फेरि आक्रमण गरेनन्।

२ राजाहरू ६ः१६ख पदमा *'नडराऊ; किनकि हामीसित जो छन्, ती तिनीहरूसित भएकाहरूभन्दा बढ़ी छन्'* भनेर लेखिएका शब्दहरूले हामीलाई १ यूहन्ना ४ः४ख पदको सम्झना दिलाउँछ, जहाँ यसो लेखिएको छः *'जो तिमीहरूभित्र हुनुहुन्छ, उहाँचाहिँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ?'* आत्मिक दुष्टता र त्यसका विभिन्न शक्तिहरूको विरोधमा हाम्रो आत्मिक लड़ाइँ चल्दैछ। तब सधैं याद गरौंः हाम्रो पक्ष लिनुहुने हाम्रा सर्वशक्तिमान् परमेश्वरले हामीलाई सुरक्षा दिनुहुन्छ र हामीलाई शक्ति दिनुहुन्छ। विश्वासको प्रार्थनाको उत्तरमा हाम्रा प्रभुले हाम्रो हृदयका आँखाहरू खोल्न सक्नुहुन्छ; किनभने उहाँले हाम्रो रक्षा गर्दै हुनुहुन्छ र शैतानको विनाश-कारी युक्तिहरू विफल पार्दै हुनुहुन्छ। यसकारण उहाँको यस आश्वासनबाट ढाड़स लिनुहोस्!

### औ) २ राजाहरू ६:२४-७:२०: सामरियामा परेको घोर अनिकाल

**२ राजाहरू ६:२४-३१:** यस खण्डमा पेश गरिएको घटना कालक्रमअनुसार नराखिएको हुन सक्छ। अरामका राजा बेन-हददले सामरिया यति सफलतापूर्वक घेरामा हाले, कि यस शहरमा अनिकाल पऱ्यो। (अनि कतिजनाको सुझाउअनुसार यो घेराबन्दी ८:१-२ पदमा उल्लेख गरिएको सात वर्षको अनिकालपछि भएको थियो। यसो हो भने, यस शहरमा बसेका मानिसहरूको परिस्थिति कति गम्भीर, कति नाजुक थियो, सो हामी बुझ्न सक्छौं)। मानिसहरूले गधाको टाउकोजस्तो अशुद्ध खानेकुरा, साथै साग वा अन्नको निम्ति ज्यादा ठूलो मूल्य तिर्नुपरेको थियो। 'परेवाको सुली'[7] प्याज वा लसुनजस्तै एउटा खाद्य कन्दको नाम थियो, जसको वर्तमान नाम 'सिम्दालू' हो। 'परमप्रभुबाहेक अरू कसैले पनि तिमीलाई सहायता गर्न सक्दैन' भन्ने कुरा इस्राएलका राजाले मानिलिए; अनि मानिसहरूले नरभक्षण गरेको देख्दा तिनले धेरै शोक गरे। तर यस डरलाग्दो भीषण परिस्थितिको दोष सीधा एलीशालाई लागेछ; किनकि उनले यसबाट केही हदसम्म राहत पाउन केही पनि गरेनन् अरे। तिनले यो दिन नबित्दै उनलाई मारेर छाड्ने भाकल गरे।

**२ राजाहरू ६:३२-३३:** तर एलीशाले राजाको यस दुष्ट युक्तिको बारेमा ईश्वरीय जानकारी प्राप्त गरे; यसकारण राजाको एकजना सन्देशवाहक बाटोमा आइरहेको र राजा आफै पनि त्यसको पछि आउँदै गरेको कुरा उनले आफ्नो साथमा भएका बूढ़ा प्रधानहरूलाई सुनाए। 'राजा आइनपुगुन्जेल तिनको सन्दशवाहकलाई घरमा पस्ने नदिनुहोस्' भन्ने उनले तिनीहरूलाई आदेश दिए। नभन्दै त्यो सन्देशवाहक आइपुग्यो, र राजा पनि आइपुगे, जसको विचारमा अराम-कहाँ आत्मसमर्पण गर्नुबाहेक तिनीहरूको निम्ति अरू केही उपाय बाँकी थिएन। अनि राजाले भनेः 'हेर, यो विपत्ति परमप्रभुबाट भएको हो ! म किन अझै परमप्रभुको बाटो हेरिरहूँ ?' यस घटनाले हामीलाई निम्न पदको सम्झना दिलाउँछः *'राजाको हृदय परमप्रभुको हातमा पानीका खोलाहरूझैं छ; उहाँले जता चाहनुहुन्छ, त्यतै त्यो फर्काउनुहुन्छ'* (हितोपदेश २१:१)।

इस्राएलका राजाको नाम यहाँ, यस ठाउँमा उल्लेख गरिएको छैन। वास्तवमा, राजाहरूको दोस्रो पुस्तकको चार अध्यायदेखि आठ अध्यायसम्म उल्लेख गरिएको कुनै पनि घटनामा इस्राएलको राजाको नाम दिइएको छैन। धेरै टिप्पणीकारहरूको अनुमानअनुसार यहोरामचाहिँ यस घेराबन्दीको समयमा राजा थिए। तर याद रहोस्ः एलीशाको सेवकाई लामो थियो र आधा शताब्दी नाघेको थियो; अनि यस समयअन्तर्गत चारजना राजाहरूले राज्य गर्दैथिए। अनि उनको सेवकाई कलक्रमअनुसार पेश गरिएको पनि छैन। यसकारण यस विषयमा सुनिश्चित हुन असम्भव छ।

**२ राजाहरू ७:१-२:** यस बेलामा एलीशाले इस्राएलका राजालाई एउटा अनौठो भविष्यवाणी गरे। उनले के प्रतिज्ञा गरे भने, 'भोलि सामरियाको मूलढोकामा मैदा र जौ धेरै सस्तो दाममा बेचिनेछ।' अनि जब राजाको शङ्का गर्ने अधिकारीले 'यस्तो पत्यार नलाग्ने भरपूरी कसरी सम्भव होला' भन्ने प्रश्न गरे, तब एलीशाले तिनलाई निम्न उत्तर दिएः 'हेर, तिमीले यो कुरा आफ्नै आँखाहरूले देख्न त देख्नेछौ, तर यसबाट खान पाउनेछैनौ।' श्री डी. एल. मूडीले यसो लेखेका छन्ः

> 'तपाईं विश्वास गर्न चाहनुभयो भने तपाईंले "कसरी ?" भन्ने प्रश्न क्रूसमा टाँगिदिनुपर्छ।'[8]

(मर्कूस ८:४ पदमा हेर्नुहोस्, जहाँ प्रभु येशूले चार हजार मानिसहरूलाई खुवाउनुभन्दा अघि उहाँका चेलाहरूले 'कहाँबाट' अर्थात् 'कसरी' भन्ने प्रश्न गरे)।

**२ राजाहरू ७:३-७:** त्यस दिनको साँझमा सामरियाको मूलढोकादेखि बाहिर चारजना कोरीहरू बसिरहेका थिए। पूरा हताश भई तिनीहरूले सुइँकुच्चा ठोकेर खानेकुरा पाउने आशामा अरामीहरूको छाउनीमा शरण लिने निर्णय गरे। अनि जब तिनीहरू त्यस छाउनीमा आइपुगे, तब त्यहाँ कोही पनि थिएन। किनकि परमप्रभुले शत्रुका सेनाहरूलाई शक्तिशाली आक्रमणकारी सेनाको आवाज सुनाउनुभएको थियो। तिनीहरूले सुनेको आवाज इस्राएलका राजाले भाड़ामा लिएका हित्तीहरू र मिस्री सिपाहीहरूबाट आएको भन्ठानेर तिनीहरू भाग्दा ठूलो गड़बड़ी भयो। यस विषयमा श्री माथ्यू हेनरीले निम्न टिप्पणी गरेका छन्:

> 'दोतानको घेराबन्दी गर्ने अरामीहरूको दृष्टि नराम्रो असर परेको थियो (२ राजाहरू ६:१८); अनि यहाँ तिनीहरूका कानहरू असर परेको थियो। ...। स्वर्गदूतहरूले साँच्चै यो आवाज निकाले कि यो तिनीहरूका कानमा मात्र सुन्ने आवाज थियो, यो कुरा निश्चित रूपले भन्न सकिँदैन। तर एउटा कुरा सुनिश्चित छः यो आवाज परमेश्वरबाटै आएको थियो।' 9)

**२ राजाहरू ७:८-१६:** शुरुमा यी कोरीहरूले सङ्कोच नमानीकन आफ्नो निम्ति प्रशस्त खानेकुरा, रुपियाँपैसा र लुगाफाटाहरू जम्मा गरे। तर त्यसपछि तिनीहरूको होश खुल्यो। सामरियाका मानिसहरूले चाँड़ै अरामीहरू त्यहाँबाट भागेको थाहा पाउनेथिए, तब तिनीहरूको मौनता तिनीहरूको दण्डको योग्य अपराध ठहरिनेथियो। यसकारण तिनीहरूले इस्राएलका राजालाई यो कुरा सूचित गर्ने निर्णय गरे। अनि तिनले तत्कालै यो अरामीहरूको धूर्त युक्ति सम्झे, जो कतै इस्राएलीहरूको निम्ति ढुकेर बसेका थिए। तर एकजना सेवकले तिनलाई 'केही मानिसहरूलाई तलास गर्न पठाउनुहोस्' भन्ने सुझाउ दिए। किनभने कि त अरामीहरूले तिनीहरूलाई मार्नेथिए, कि त तिनीहरू र सारा इस्राएली जाति भोकले मर्नेथिए। खोजतलास गर्नेहरूले अरामीहरू साँच्चै भागेको पत्ता लगाए, र बाटोभरि यिनीहरूले भाग्दा आफ्नो पछि छोड़ेका मालसामानहरू छरिएका थिए। तब इस्राएलीहरूले अरामीहरूका पालहरू लुटे; अनि यसरी यो अनिकाल सकियो।

**२ राजाहरू ७:१७-२०:** अनि एलीशाको भविष्यवाणीअनुसार, त्यस दिनमा मैदा र जौ धेरै सस्तो दाममा बेचियो। अनि यस भविष्यवाणीको विषयमा शङ्का गर्ने राजाका अधिकारीले यो देख्न पाए, तर तिनले त्यसबाट आनन्द लिन पाएनन्; किनभने शहरको मूलढोकामा खुशीको भीड़को खचाखच भएको बेलामा तिनी कुल्चीमिल्ची गरेर मारिए। २ राजाहरू ७:१८-२० पदको खण्डले निम्न कुरामा जोड़ दिन्छः ती अधिकारी आफ्नो अविश्वासले गर्दा मरे, परमप्रभुको वचनले भनेअनुसार। यसकारण बुझ्नुहोस्: जस-जसले अविश्वास गर्छन्, तिनीहरूको अविश्वासले तिनीहरूबाट तिनीहरूको आशिष लुट्छ र तिनीहरूलाई मृत्युरूपी प्रतिफल दिन्छ।

२ राजाहरू ७:९ पदमा लेखिएका, *'हामीले ठीक काम गरिरहेका छैनौं। आजको दिन शुभ सुसमाचारको दिन हो; तर हामी चुप लागिरहेका छौं'* भन्ने यादगार शब्दहरू यी चारजना कोरीहरूले बोलेका शब्द हुन्, जुन शब्दहरूले हामीलाई, जसको हातमा मुक्ति प्रदान गरिदिने अनुग्रहको सुसमाचार सुम्पिएको छ, घरिघरि चुनौती दिइरहेका छन्।

### औं) २ राजाहरू ८:१-६: शूनेमी स्त्रीको धनसम्पत्ति फर्काइएको

देशमा सात वर्षको अनिकाल लाग्नुभन्दा अघि एलीशाले शूनेमी स्त्रीलाई आफ्नो परिवारसँग र त्यस छोराको साथ अर्को ठाउँमा जाने चेताउनी दिएका थिए, जुन छोरालाई एलीशाले जीवित पारेका थिए। (हुन सक्छ, यो अनिकालचाहिँ ४:३८ पदमा सूचित गरिएको अनिकाल थियो कि ?)। तब यिनी पलिस्तीहरूको देशमा गएकी थिइन्, र त्यहाँ बसेकी थिइन्, र यो अनिकाल सकिएपछि यिनी आफ्नो मुलुकमा फर्केर आइन्। अनि त्यस बेलामा गेहजी इस्राएलको राजाको दरबारमा थिए, जुन ठाउँमा आउन कोरीलाई निषेध गरिएको थियो। अनि एलीशाले त्यस केटालाई कसरी पुनर्जीवित पारेका थिए, सो कुरा उसले इस्राएलका राजालाई बताउँदै-थियो; तब यी स्त्री राजाको सामु देखा परिन्, र 'मेरो जग्गाजमिन मलाई फिर्ता गरिदिनुहोस्' भन्ने अनुरोध पेश गरिन्। तब राजाले यिनको जग्गाजमिन र यिनको अनुपस्थितिमा यी सात वर्षमा उब्जेको उत्पादन पनि यिनलाई फिर्ता गर्ने आदेश दिए।

### अः) २ राजाहरू ८:७-१५: एलीशाले हजाएलको शासनको विषयमा भविष्यवाणी गरेको

**२ राजाहरू ८:७-१२:** अनि जब बिरामी भएका अरामका राजा बेन-हददले एलीशा दमस्कसमा आइपुगेका सुने, तब 'के म निको हुन्छु' भनी सोधखोज गर्न तिनले हजाएल नाम गरेको एकजना अधिकारीलाई ठूलो उपहारसहित एलीशाकहाँ पठाए। बेन-हददको अधीनस्थ नामान अरामको सेनाको सेनापति भएको हुनाले अरामका राजालाई एलीशासँग भएको निको पार्ने शक्तिको बारेमा थाहा थियो (२ राजाहरू ५)। अनि कसले जान्दथिए, सायद भविष्यवक्ताले तिनलाई पनि निको पार्नेथिए कि? भविष्यवक्ताले हजाएललाई के जवाफ दिए भने, 'जाऊ, र उनलाई भनः "तपाईं अवश्य निको हुनुहुनेछ।" तर परमप्रभुले उनी निश्चय मर्नेछन् भन्ने कुरा मलाई प्रकट गर्नुभएको छ।' यस भनाइको मतलब के थियो भने, त्यो रोग घातक रोग होइन रहेछ; अनि बेन-हदद निको नहुने कारण अर्को थियो; किनकि हजाएलले उनको हत्या गर्न लागिरहेका थिए। एलीशाले हजाएललाई एकै टकले हरिरहे, यहाँसम्म कि हजाएल लज्जित भए। एलीशाले भविष्यमा घट्न लागेको कुरा देखिरहेका थिए; किनकि हजाएलले इस्राएलीहरूलाई यति डरलाग्दो हानि र असाध्य पीड़ा दिनेथिए, कि उनले यो भयानक कुरा विचार गर्दा यसले उनलाई रुवाइदियो।

**२ राजाहरू ८:१३-१५:** हजाएलले जवाफ दिएः 'म त केवल एउटा कुकुर हुँ; यत्रो काम गर्न सक्छु भन्ने आशा कसले गर्छ र?' श्री जर्ज विलियम्सले हजाएलको जवाफ यस प्रकारको परिभाषामा व्यक्त गरेका छन्ः

> 'म एउटा कुकुरसरह भएको मानिस, के म अरामको सिंहासनमाथि चढ्न र यस्ता महान् कामहरू गर्न सक्छु र?' 10)

तर हजाएल सिरियाका राजा हुनेछन् भन्ने कुरा परमप्रभुले एलीशालाई बताइसक्नुभएको थियो। यो सूचना सुनेपछि हजाएल बेन-हददकहाँ फर्के, र यिनले तिनलाई 'हजुर निको हुनुहुनेछ' भन्ने खबर सुनाए। तर त्यसपछि यिनले विश्वासघात गरेर तिनलाई पानीमा भिजेको एउटा बाक्लो कपड़ाले निस्सासिदिए।

निम्न उद्धरणले एलीशाको भविष्यवाणी कति अक्षरशः पूरा भयो, सो कुरा सफासँग बताउँछः

'बेन-हददको हत्या गर्नासाथ हजाएलले रामोत-गिलादमा यहोराम र अहज्याहको संयुक्त सेनाको विरुद्धमा लड़ाइँ गरे (२ राजाहरू ८:२८-२९ र ९:१४-१५)। अनि तिनले घरिघरि इस्राएलका राजा येहूलाई लड़ाइँमा जिते; यसो गर्दा तिनले यर्दनको पूर्वमा दक्षिणमा अर्नोनदेखि र उत्तरमा बाशानसम्म इस्राएलको सम्पूर्ण देश ध्वस्त पारे (२ राजाहरू १०:३२-३३)। अनि येहूका उत्तराधिकारी यहोआहाजको शासनकालमा तिनले बारम्बार इस्राएलको सिमानाभित्र पसेर यसको अतिक्रमण गर्थे। इस्राएल देशको सर्वनाश केवल परमेश्वरको कृपाले रोकिराखेको थियो (२ राजाहरू १३:३ र १३:२२-२३)। अनि हजाएलले दक्षिण-पश्चिम कनानमा पसेर गात कब्जा गरे। अनि तिनले यहूदाका राजा योआशलाई ठूलो रकम तिर्न बाध्य तुल्याए, नत्र तिनले यरूशलेम नाश गर्नेथिए (२ राजाहरू १२:१७-१८; २ इतिहास २४:२३-२४)। अनि हजाएलको मृत्यु नभएसम्म इस्राएलले अरामका आक्रमण-कार्यहरू सफलतापूर्वक रोक्न सकेन, तर हजाएलका छोरा तृतीय बेन-हददको पालोमा मात्र यसो गर्न सफल भयो (२ राजाहरू १३:२४-२५)।' [11)]

### च) २ राजाहरू ८:१६-२४: यहूदाका राजा यहोराम अर्थात् योराम

अनि ख्रीष्टपूर्व ८५३ सालदेखि ख्रीष्टपूर्व ८४१ सालसम्म यहोशापातका छोरा यहोराम आठ वर्ष यहूदामाथि राज्य गरे (२ इतिहास २१:४-२०)।

**२ राजाहरू ८:१६-१७:** सोह्र पदमा पेश गरिएको मितिको विषयमा कुनै स्पष्टीकरण दिन खाँचो परेको देखिन्छ। हामी सठीक कालक्रम पत्ता लगाउन १ राजाहरू २२:४२ र ५१ अनि २ राजाहरू ३:१ र २ राजाहरू ८:२५ पद सँग मिलाउनुपरेको छ। स्पष्टीकरण **क):** यहोरामले पाँच वर्षसम्म आफ्ना बुबा यहोशापातको साथमा राज्य गरे। कि त स्पष्टीकरण **ख):** यहोशापातले आफ्नो शासनकालको केही वर्षमा आसासँग राज्य गरे; अनि अहज्याहको शासनकाल र यहोरामको शासनकालको निम्ति तोकिएको मितिचाहिँ त्यस सालबाट लिइएको थियो, जुन सालदेखि यहोशापात एकमात्र शासक भए।

**२ राजाहरू ८:१८-१९:** यहोरामले अतल्याहलाई विवाह गरे, जो अहाब र इजेबेलकी छोरी थिइन्। निस्सन्देह यो विवाह तिनका बुबा यहोशापातले मिलाएका थिए, जसले इस्राएलसँग मेलमिलापको नीति अपनाएका थिए। तर यसको नतिजा साह्रै नराम्रो थियो: यस विवाहको सम्बन्धले यहूदाको राज्य अझै बढ़ी मात्रामा उत्तरीय राज्यका मूर्तिपूजक चालहरूमा लगाएर लैजानेथियो। अनि यस धर्मत्यागको खातिर परमप्रभुले यहूदा नाश गर्न चाहनुभयो; तर दाऊदलाई दिनुभएको प्रतिज्ञाले गर्दा उहाँले यहूदा नाश गर्नुभएन (२ शमूएल:१२-१६)।

**२ राजाहरू ८:२०-२४:** यहोरामको शासनकालमा एदोमले तिनको विरुद्धमा विद्रोह गर्‍यो। यो विद्रोह शान्त पार्न तिनी आफ्नो सेना लिएर मृत सागरको दक्षिणको भागमा अवस्थित भएको जाइरतर्फ लागे, जुन जाइर एदोमभित्र परेको थियो। तर जब एदोमीहरूले तिनलाई घेरे, तब तिनी आफ्नो प्राण बचाउन तिनीहरूका पङ्क्तिहरू तोड़ेर भाग्नुपर्‍यो। तब तिनको सेना पनि भाग्यो। अनि त्यस समयदेखि उसो एदोम फेरि कहिल्यै यहूदाको अधीनस्थ आउँदैनथियो। अनि यहोरामको यस शासनकालमा भविष्यवक्ता ओबद्याहले एदोमको विरुद्धमा आफ्नो दिव्य वाणी रचेको हुन सक्छ।

पलिस्ती देशको नजिकमा अवस्थित भएको लिब्ना शहरले पनि विद्रोह गरेको थियो

भन्ने कुरा पनि यहाँ उल्लेख गरिएको छ। किनकि यहाँ यहोरामको दुष्ट शासनकालमा यहूदाको राज्यको आन्तरिक शक्ति कम भएको कुरामाथि हाम्रो ध्यान खिच्न खोजिएको हो। लिब्ना लेवीहरूको एउटा शहर थियो। अनि यस शहरले किन विद्रोह गर्‍यो, यसको खास कारण २ इतिहास २१:१०-११ पदहरूमा दिइएको छ। तर समयको अन्तरालमा यहूदाले यो शहर फेरि आफ्नो अधीनतामा ल्याउन सक्यो (२ राजाहरू १९:८)।

**छ) २ राजाहरू ८:२५-२९: यहूदाका राजा अहज्याह**

खीष्टपूर्व ८४१ सालमा यहोरामको छोरा अहज्याह एक वर्षसम्म यहूदाका राजा भए (२ इतिहास २१:१-९)।

**२ राजाहरू ८:२५-२७:** अब अहज्याहको कुरा आयोः छबीस पदअनुसार तिनी अतल्याहका छोरा थिए, जुन अतल्याह-चाहिँ इस्राएलका राजा ओम्रीकी नातिनी थिइन्। अनि २ इतिहास २१ अध्यायमा अहज्याहको नाम यहोआहाज भयो र २ इतिहास २२:६ पदमा तिनको नाम अजर्याह पनि भयो। यसो हो भने अहज्याह इस्राएलका राजा योरामका भतिजा थिए। अनि तिनकी आमा अतल्याह अहाबकी छोरी थिइन् र इस्राएलका राजा योरामकी दिदी वा बहिनी पनि थिइन्। इतिहासको यस विशेष बिन्दुमा राजाहरूका नामहरूको विषयमा ध्यान दिनुपर्छ, नत्र ता हामी भ्रममा पर्छौं। **क)** इस्राएलका राजा अहाबका दुईजना छोराहरू थिए, जसले एकपछि अर्को गर्दै इस्राएलमाथि राज्य गरे; तिनीहरूका नाम थिएः अहज्याह र योराम। अनि यता यहूदाका राजा यहोशापातका छोराको नाम यहोराम थिए; तिनी उनको पछि यहूदामाथि राज्य गरे। अनि राजा यहोरामको छोरा अहज्याहचाहिँ तिनको पछि यहूदाका राजा भए। तब बुझ्नुहोस्ः इस्राएलमा अहज्याह र योरामले शासन गर्दाखेरि अर्को अहज्याह र यहोरामले यहूदामा राज्य गरे।

इस्राएलः **क)** अहाबको छोरा अहज्याह
**ख)** अहज्याहको भाइ योराम

यहूदाः **क)** यहोशापातको छोरा यहोराम
**ख)** यहोरामको छोरा अहज्याह

छबीस पदअनुसार यहूदाका राजा अहज्याहले राज्य गर्न थालेको बेलामा तिनी बाइस वर्षका थिए भनेर लेखिएको छ; तर २ इतिहास २२:२ पदअनुसार तिनको उमेर बयालिस वर्षको थियो। तर धेरै प्रमाण-हरूमाथि नजर राख्दाखेरि तिनको सही उमेर बाइस वर्षको थियो भन्ने बुझिन्छ। बयालिस वर्ष भन्ने अङ्कचाहिँ हामीले प्रतिलिपिकर्ताको त्रुटि भएको मान्नुपर्ला।

**२ राजाहरू ८:२८-२९:** अहज्याहचाहिँ इस्राएलका राजा अर्थात् आफ्ना मामा योरामलाई अरामको विरुद्ध लड़ाइँमा साथ दिन रामोत-गिलादमा भेला भए। तर राजा योराम यस लड़ाइँमा घाइते भए र तिनलाई निको हुन यिज्रेलमा लगियो। अनि तिनी बिसेक हुँदै गर्दा राजा अहज्याह तिनलाई भेट्न गए। याद रहोस्ः योरामका बुबा अहाबले रामोत-गिलादमा आफ्नो ज्यान गुमाएका थिए (१ राजाहरू २२)। अहज्याहका बाजे यहोशापातले अहाबलाई यस लड़ाइँमा साथ दिएका थिए, कति मूर्खा! फलस्वरूप उनी झन्डै मारिएका थिए। तर यहोशापातका नाती अहज्याहले यस दुःखलाग्दो इतिहासबाट इस्राएलसँग कुनै गठबन्धन गर्नुहुँदैन भन्ने चेताउनी लिएनन्। यही कारणले तिनी पछिबाट मारिए (२ राजाहरू ९)।

### ज) २ राजाहरू ९-१०ः इस्राएलका राजा येहू र तिनको पालोमा एलीशाको सेवकाई

#### अ) २ राजाहरू ९ः१-१०ः येहूको राजा-अभिषेक

एलीशाले भविष्यवक्ताका शिष्यहरूमध्ये एकजनालाई 'रामोत-गिलादमा जानू र येहूलाई योरामको उत्तराधिकारीको रूपमा इस्राएलमाथि राजा हुनलाई सुटुक्क अभिषेक गर्नू' भन्ने निर्देशन दिए। अनि येहूचाहिँ निम्शीका छोरा यहोशापातका छोरा थिए (२ राजाहरू ९ः२), यहूदाका राजा यहोशापातका छोरा होइनन्। यही येहूचाहिँ योरामको सेनाका सेनापति थिए, र अरामी सेनाहरूलाई रोकिराख्न यिनको खटन रामोत-गिलादमा भएको थियो। यिनलाई अभिषेक गरेर भविष्यवक्ताले यिनलाई एलियाको भविष्यवाणीअनुसार अहाबको घर नष्ट गर्ने अभिभारा सुम्पे (१ राजाहरू २१ः२१-२४)। एलियाले येहूलाई अभिषेक गर्ने जिम्मेवारी पाएका थिए (१ राजाहरू १९ः१६); तर उनले यो जिम्मेवारी आफ्नो उत्तराधिकारी एलीशालाई सुम्पे जस्तै देखिन्छ; अनि एलीशाले यस अभिषेकको काम पनि आफूले गरेनन्, तर एकजना अज्ञात भविष्यवक्तालाई रामोत-गिलादमा पठाए, जसले गोप्य रूपले त्यो राजा-अभिषेक गर्नुपरेको थियो। यस गोप्यताले येहूलाई अप्रत्याशितता र आकस्मिकताको अनुकूलता दिलायो, जुन अनुकूलता यिनले निपुणतासाथ इस्राएलको सिंहासन हड़प गर्न काममा लगाइदिए।

#### आ) २ राजाहरू ९ः११-१०ः१७ः येहूले मृत्युदण्ड दिएको

**२ राजाहरू ९ः११-१३ः** अनि जब येहू त्यस घरबाट निस्केर आए, तब यिनका सङ्गी अधिकारीहरूले यी भविष्यवक्ताको विषयमा 'त्यो बौलाहा किन आएको, त्यसले के भनेको' भनेर यिनीबाट जान्न चाहे। अनि शुरुमा येहूले 'तिमीहरूलाई थाहै छ' भनेर तिनीहरूको प्रश्न टार्न खोजे। सायद तिनीहरूले नै योरामको शासन उल्टाउन यी भविष्यवक्तालाई यिनको अभिषेक गर्न पठाएको यिनले शङ्का गरे कि? तर तिनीहरूले 'होइन, भन त' भनेर जिद्दी गरिरहे। तब यिनी हालैमा राजाको रूपमा अभिषेक गरिएको कुरा यिनले खुलस्त पारे। तब यिनका मानिसहरूले हतारमा आ-आफ्नो लुगा फुकालेर खुड्किलाहरूमाथि बिछ्याए र खुल्लमखुल्ला यिनलाई इस्राएलको राजा भएको उद्घोषणा गरे।

अनि ख्रीष्टपूर्व ८४१ सालदेखि ख्रीष्टपूर्व ८१४/८१३ सालसम्म यहोशापातका छोरा येहूले अट्ठाइस वर्ष इस्राएलमाथि राज्य गरे (२ राजाहरू ९ः१४-१०ः३६)।

**२ राजाहरू ९ः१४-२६ः** अनि येहूको शासनकालसित उत्तरीय राज्यको पाँचौं राजवंशको शासन शुरु भयो। यिनको अभिषेकको खबर यिज्रेलमा पुग्नुभन्दा अघि येहूले त्यहाँ पुगेर योरामलाई मार्न हतार गरे। अनि एकजना पहरेदारले येहूको दललाई आइरहेको देख्यो र यो जानकारी योरामलाई जनाइदियो। आउँदै गरेका मानिसहरू को हुन्, सो जान्न दुई पल्ट एकजना अग्रदूत पठाइयो, तर येहूले यी दुवैलाई फर्कन दिएनन्। तर अब पहरेदारहरूले राजालाई खबर दिए, कि क्रुद्ध घोड़ा-हँकाइचाहिँ निम्शीको छोरा अर्थात् निम्शीको नाति येहूको थियो। तब येहूसँग रामोत-गिलादको सम्बन्धमा कुनै महत्त्वपूर्ण समाचार भएको हुनुपर्ला भन्ठानेर योराम आफ्नो भतिजा यहूदाका राजा अहज्याहसँग आफ्नो शाही रथमा निस्के। अनि तिनले येहूलाई 'के शान्ति छ, येहू?' भन्दै अभिवादन गरे, तर तिनले जवाफमा यिनका

जङ्गी शब्दहरू सुन्न पाए। राजद्रोह भएको देखेर योरामले भाग्न खोजे, तर तिनी येहूको काँड़ले मारिए, र तिनको मृत शरीर नाबोतको दाखबारीको जमिनमा फ्याँकियो। यसरी एलियाको भविष्यवाणी अक्षरशः रूपले पूरा भयो (१ राजाहरू २१ः१९)।

**२ राजाहरू ९ः२७-२९ः** अनि अहज्याह-चाहिँ? उनले पनि भाग्न खोजे; तर उनलाई पनि एउटा काँड़ले हानियो, र उनी मगिद्दोमा मरे। अहाबको घरानासँग भाइचारा गरेको हुनाले परमेश्वरको श्राप उनीमाथि परेको थियो, जुन श्राप पूरा गर्न येहूको नियुक्ति भएको थियो। अनि अहज्याहको मृत शरीर अन्त्येष्टिको निम्ति यरूशलेममा फर्काइयो। २ इतिहास २२ः९ पदले के सङ्केत गर्छ भने, उनको मृत्यु सामरियामा भएको थियो कि? तर सामरिया शहरको नाम मात्र होइन, तर सन्दर्भअनुसार एउटा राज्य र एउटा क्षेत्रको नाम पनि हो। अनि २ राजा ९ः२९ पदमा 'अनि अहाबका छोरा योरामको एघारौं वर्षमा ...' भनेर जुन कुरा लेखिएको छ, त्यो कुरा यहाँ कालक्रमअनुसार राखिएको छैन; किनकि यहाँ २ राजा ८ः२५ पदमा लेखिएको कुरा दोहोरिएको छ। २ राजाहरू ९ः२९ पदमा 'एघारौं वर्षमा' लेखिएको र २ राजा ८ः२५ पदमा 'बाह्रौं वर्षमा' लेखिएको भिन्नता सायद गणनाको भिन्न-भिन्नै तरिका अपनाएकोले यसो भएको होला।

**२ राजाहरू ९ः३०-३७ः** अनि जब येहू यिज्रेल शहरमा पुगे, तब इजेबेलले तिनलाई यसो भनेर खिसी गरिन्ः 'के जिम्रीलाई, जसले आफ्ना मालिकको हत्या गर्‍यो, शान्ति थियो र?' किनकि जिम्री पनि आफ्नो मालिकको हत्या गरेर इस्राएलको राजा बनेका थिए, तर उनले शान्ति कहाँ पाएका थिए र? सत्ता पल्टाउने उनको व्यर्थको प्रयास केवल सात दिन चल्यो (१ राजाहरू १६ः९-१९)। यस व्यङ्ग्यद्वारा इजेबेलले येहूलाई 'तिम्रो विद्रोह कुनै हालतमा पनि सफल हुँदैन' भन्ने कुरा भन्न खोजिन्। तर यस दरबारका दुई-तीनजना नपंसकहरूले, जो येहूप्रति विश्वासयोग्य थिए, इजेबेललाई झ्यालबाट तल फाले। यिनको रगतका छिटाहरू दरबारको पर्खालमा र घोड़ाहरूमा छर्किए, अनि यिज्रेलका कुकुर-हरूले यिनको खोपड़ी, यिनका पाउहरू र हत्केलाहरू छोड़ेर यिनको लास खाइदिए। यसरी १ राजाहरू २१ः२३ पद पूरा भयो। यस सिलसिलामा श्री क्याम्पबेल मोर्गनले आफ्नो विचार यसरी व्यक्त गरेका छन्ः

> 'यिनको खोपड़ी र यिनका हातखुट्टाहरूदेखि यिज्रेलका कुकुरहरूलाई समेत पूरा अमन भएको रहेछ; किनकि यिनको खोपड़ीभित्र यिनको दिमागले घृणित कामकुराहरू रच्थ्यो भने, यिनका हातखुट्टाहरूले यी घृणित काम-कुराहरू पूरा गर्थे। अनि इजेबेलको सम्झना कायम राख्ने कुनै चिहान पनि छैन; तर इजेबेलको नाम लिनासाथ यिनको कुख्याति मात्र सम्झिन्छ।' **12)**

**२ राजाहरू १०ः१-११ः** सामरियामा अहाबका सत्तरीजना छोराहरू अर्थात् अहाबका सत्तरीजना सन्तानहरू थिए, तिनी-हरूलाई मार्नु येहूको आगामी कदम थियो। पहिले उनले अहाबका सन्तानहरूका अभिभावकहरूलाई अन्तिम चेताउनी दिएः तिनीहरूले अहाबका सन्तानहरूमध्ये सबैभन्दा योग्य व्यक्तिलाई राजाको रूपमा छानून् अनि येहू र उनका मानिसहरूको विरुद्धमा लड़ाइँ गरून्। तर यिज्रेलमा दुईजना राजाहरू अर्थात् योराम र अहज्याह येहूको विरुद्धमा शक्तिहीन थिए भन्ने कुरा तिनीहरूले सम्झे। यसकारण तिनीहरूले 'हामी लड़ाइँ गर्दैनौं, तर हामी हजुरका आज्ञाकारी सेवकहरू हौं' भन्ने सन्देश फर्काए। तब उनले तिनीहरूलाई एउटा पत्र लेखेर भनेः तिनीहरूले भोलिसम्म अहाबका सत्तरीजना नरसन्तानहरूका टाउकाहरू यिज्रेलमा सुम्पेर तिनीहरू उनीप्रति कति

विश्वासयोग्य छन्, सो कुरा देखाउन सक्नेथिए। अनि तिनीहरू यस कुरामा सहमत भए; किनकि भोलिपल्ट तिनीहरूले यी टाउकाहरू टोकरीहरूमा ल्याए, र येहूले बिहानभरि यी टाउकाहरू मूलढोकाको सामुन्नेमा दुईवटा थुप्रा हुने गरी राखिदिने आदेश दिए। के सम्भव देखिन्छ भने, त्यहाँ उपस्थित भएका मानिसहरूले यस भारी विनाशमा उनको रिस उठेको बाटो हेरे होलान्; किनकि उनले यसको निम्ति आदेश दिएको तिनीहरूलाई थाहै थिएन। तर तिनीहरूले उनको विषयमा कुनै सुर्ता लिनुपर्दैनथियो; किनभने तुरुन्तै उनले तिनीहरूको दिमाग ठीक पारे र हल्का तुल्याए। उनले भन्न खोजेको कुरा यस प्रकारको थियोः 'तिमीहरू यस कुराको विषयमा निर्दोष छौ; अनि म पनि निर्दोष छु। हो, मैले मेरा मालिक योराममलाई मारें, यो बिलकुल साँचो हो; तर यिनीहरूलाई चाहिँ कसले मार्‍यो त? यो अवश्य परमेश्वरले गर्नुभएको हुनुपर्ला, किनकि उहाँले यो कुरा आफ्नो भविष्यवक्ता एलियालाई पूर्वजानकारी दिनुभएको थियो, र हालैमा यो पूरा हुन आयो।'

तब येहू अहाबको घरानाबाट बाँकी रहेकाहरू सबैलाई, ठूला-बड़ा मानिसहरू, नजिकका कुटुम्बहरू र यिज्रेलमा तिनका पूजाहारीहरूलाई मार्न अघि बढ़े। यो कुरा पनि एलियाको भविष्यवाणीअनुसार भएको थियो।

**२ राजाहरू १०ः१२-१४ः** इस्राएलको राजधानी सामरियातर्फ जाने बाटोमा येहूले यहूदाका राजा अहज्याहका बयालीसजना आफन्तहरूलाई भेटे। 'अहज्याहका दाजु-भाइहरू' भन्नाले हामीले तिनका भतिजाहरू र तिनका भाइ पर्नेहरू आदि नातेदारहरू बुझ्नुपर्छ; किनकि अहज्याहका दाजुभाइहरू-चाहिँ मारिएका थिए (२ इतिहास २१ः१७)। यी मानिसहरू यहूदाबाट इस्राएलको राज-परिवारलाई भेट्न आएका थिए। अहाबको घरानासँग तिनीहरूको सम्बन्ध रहेको कुरा बुझेर येहूले तिनीहरूलाई बेत-एकेदको इनारमा मार्ने आदेश दिए।

**२ राजाहरू १०ः१५-१७ः** अनि येहूले यहोनादाब नाम गरेका एकजना रेकाबीलाई पनि भेटे। (यहोनादाबको हिज्जे योनादाब पनि हो)। यी यहोनादाबचाहिँ येहूप्रति विश्वासयोग्य थिए, र उनलाई यसको विषयमा आश्वासन दिए। यसकारण येहूले तिनलाई आफ्नो रथमा चढ़ाए र सामरियासम्म आफ्नो रथमा लगे। किनकि उनले तिनलाई परमप्रभुको निम्ति आफ्नो जोश कतिको थियो, सो देखाउन चाहे; तिनले यसको प्रत्यक्ष साक्षी हुन पाए। यर्मियाको पुस्तकको पैंतीस अध्यायले हामीलाई यहोनादाबको बारेमा अझै केही जानकारी दिन्छ। तिनले आफ्ना सन्तानहरूलाई मोशा र यहोशूको पालोमा इस्राएलीहरूले अपनाएको शुरुको जीवन-शैलीकहाँ फर्कने आदेश दिए; किनकि तिनले उनीहरूलाई इस्राएलमा व्यापक भएको धर्मत्यागमा लाग्नदेखि जोगाउन खोजेका थिए, जुन धर्मत्याग इस्राएलको राष्ट्रीय पाप थियो। अनि हालैमा भइरहेको येहूको धर्मसुधारको बारेमा सुनेपछि तिनी नयाँ राजा भएका येहूलाई भेट्न गए; अनि उनले तिनलाई तत्कालै आफ्नो मित्रको रूपमा स्वागत गरे, जसले उनलाई बाल-धर्मको विरुद्धमा धेरै साथ दिनेथिए। अनि सामरियामा पुगेर येहूले अहाबका बाँकी सबै आफन्तहरूलाई मारे। जोशको विषयमा श्री जे. क्याम्पबेल मोर्गनले निम्न चेताउनी दिएका छन्ः

> 'येहूले आफ्नो जोशको विषयमा गर्व गर्थे। यो कति जटिल खतरा हो! हो, यो एउटा वास्तविक खतरा हो। किनकि जहाँ-जहाँ आफ्नो जोशको विषयमा गर्व गर्ने मानिसहरू हुन्छन्, त्यहाँ-त्यहाँ यस प्रकारको गर्व-गराइले

अन्य खराब कुराहरू निम्त्याउँछ। किनभने यी मानिस, जसले इस्राएलमाथि परमेश्वरका न्यायका कामहरू पूरा गरिरहेका थिए, यी मानिस आफ्नै जीवनमा भ्रष्ट थिए।' 13)

**इ) २ राजाहरू १०:१८-३६: येहूले बालको पूजा गर्नेहरूलाई नाश गरेको**

**२ राजाहरू १०:१८-२८:** भर्खर राजा भएका येहूको अर्को हमलाको लक्ष्यचाहिँ बाल देवतालाई पुज्नेहरू थिए। तिनीहरू को-को थिए, सो जान्ने हेतुले उनले बालको नाममा एउटा ठूलो पूजा आयोजना गरे। त्यस उपलक्ष्यमा बालको मन्दिरमा पूजा गर्नेहरूको भरिभराउ र खचाखच थियो। तिनीहरू इस्राएलका सबै प्रान्तहरूबाट आएका थिए; अनि तिनीहरू सबैलाई तिनीहरूको पहिचान गराउने विशेष वस्त्र दिइयो। तर परमप्रभुको कुनै उपासक त्यहाँ उपस्थित हुनुहुँदैनथियो। यस कुरामाथि पूरा ध्यान राखिएको थियो। त्यसपछि होमबलि चढ़ाइसक्नेबित्तिकै येहूले आफ्ना पहरेदार सिपाहीहरू र उनीहरूका कप्तानहरूलाई सबै मूर्तिपूजकहरूलाई मार्ने सङ्केत दिए। कोही पनि उम्कन नपाओस् भन्ने हेतुले असीजना मानिसहरू बालको भवन-बाहिर तैनाथ गरिएका थिए। त्यसपछि येहूका मानिसहरू बालको मन्दिरको भित्री पूजा-कोठामा गए, त्यहाँबाट 'पवित्र' खाँबा-हरू निकालेर जलाइदिए। तिनीहरूले बालको मन्दिर भत्काइदिए, र त्यो एउटा शौचालय वा मैला फाल्ने घुरानमा परिणत गरे।

**२ राजाहरू १०:२९-३०:** धेरै दृष्टि-कोणबाट येहूचाहिँ इस्राएलका राजाहरूमध्ये सबैभन्दा उत्कृष्ट थिए, हुन सक्छ, उनी तिनीहरूका सबैभन्दा असल राजा थिए होलान्। उनले अहाबको घरानामाथि परमेश्वरको न्याय पूरा गरे र देश बाल-धर्म र बाल-पूजकहरूबाट शुद्ध पारे। उनको जीवनमा जे प्रशंसाको योग्य थियो, त्यसको निम्ति उहाँले उनलाई इनाम दिनुभयो: 'यसैले तिम्रो चौथो पुस्तासम्मका सन्तानहरू इस्राएलको सिंहासनमाथि बस्नेछन्।' यो उनको निम्ति परमेश्वरको प्रतिज्ञा थियो। उनको राजवंशको चार पुस्ता यस प्रकारको थियो: यहोआहाज, योआश, द्वितीय यारोबाम र जकरिया।

**२ राजाहरू १०:३१-३६:** तर येहूले यारोबामद्वारा शुरु गरिएको सुनका बाछा-हरूको पूजा जारी राखे। अनि होशे १:४ पदमा अहाबको घरानालाई ध्वस्त पार्दा उनले देखाएको उनको परम क्रूरताको खातिर उनमा दोष भेट्टाइएको थियो। ती दिनहरूमा परमप्रभुले इस्राएललाई घटाउन थाल्नुभयो; यो उनका त्रुटि र कमीहरूको प्रतिफल थियो। अरामका राजा हजाएलले इस्राएलबाट यर्दनको पूर्वको देश कब्जा गरे, जुन देशमा शुरुदेखि रूबेन, गाद र मनस्सेको आधा कुल बसेका थिए। भविष्यवक्ता एलीशाले हजाएलको यस गतिविधिको बारेमा पूर्वज्ञान पाएका थिए (२ राजाहरू ८:१२)। येहूले अहाबको घरानामाथि परमप्रभुको न्याय पूरा गरेझैं ती अरामी राजाले इस्राएलको घरानामाथि परमप्रभुको न्याय पूरा गरिरहेका थिए। आत्मिक मानिसहरूका आँखाहरूले यी दुष्ट राजाहरूका गतिविधिहरूमा सर्वाधिकारी परमेश्वरको हात देख्न सक्छन्, जसले मानिसको क्रोध उहाँका उद्देश्यहरू पूरा गर्ने हतियार तुल्याउनुहुन्छ।

**फ) २ राजाहरू ११: यहूदामा रानी अतल्याहले शासन हड़प गरेकी**

ख्रीष्टपूर्व ८४१ सालदेखि ख्रीष्टपूर्व ८३५ सालसम्म अहाबकी छोरी अतल्याहले छ वर्ष यहूदामाथि राज्य गरिन् (२ इतिहास २२:१०-२३:२१)।

**२ राजाहरू ११:१:** अबदेखि यो वृत्तान्त इस्राएलबाट यहूदामा फर्कन्छ। येहूले

अतल्याहका छोरा अहज्याहलाई मारेपछि अतल्याहले सत्ता आफ्नो हातमा लिइन्। आफ्नो दुःशासन सुदृढ़ पार्न यिनले अहज्याहका सबै छोराहरूलाई मार्ने हुकुम दिइन्। अनि तिनका सबै छोराहरू मारिए भन्ने कुरा यिनले भन्ठानिन् पनि। आहा, पूरा निर्दयतासाथ आफ्ना नातिहरूको हत्या गरेकी अतल्याहचाहिँ आफ्नी आमा इजेबेलभन्दा केही कम थिइनन्, तर पूरापूर तिनीजत्तिकै दुष्ट थिइन्!! तर नजानी-नबुझी यिनले आफ्ना बुबा अहाबका सन्तानहरूमाथि लगाइएको श्राप पूरा गरिन् (१ राजाहरू २१:२१-२२)।

**२ राजाहरू ११:२-३:** अब यहोशेबाको कुरा आयो, जो २ इतिहास २२:११ पदअनुसार पूजाहारी यहोयादाकी पत्नी थिइन्। यी यहोशेबा अहज्याहकी बहिनी भएका हुनाले अहज्याहका मारिएका छोराहरूकी काकी थिइन्। तिनी साहसको साथ राजाको घरमा पसे र राजाका मारिन लागेका छोराहरूको बीचबाट योआशलाई चोरेर लगिन्, जो सानो बालक थिए। (योआशको हिज्जे यहोआश पनि हो)। अतल्याहले दाऊदको राजवंश पूरा हटाइदिनेथिइन्, तर परमप्रभुले दाऊदसँग बाँध्नुभएको करारको खातिर योआशलाई जोगाउनुभयो। अतल्याहले गर्न खोजेकी कुराका दीर्घकालीन परिणामहरू कति डरलाग्दा, कति तिरमिराउने थिए!! यो त हामीले मसीह राजासम्म जाने राजकीय वंशावलीको क्रम भङ्ग गर्ने शैतानिक कुप्रयास मान्नुपर्‍यो। तर परमेश्वरलाई धन्यवाद होस्, योआश र उनकी धाईआमा सुत्ने कोठामा लुकाइए, जुन सुत्ने कोठा परमप्रभुको लथालिङ्ग भएको मन्दिरमा पूजाहारीहरूको निम्ति बनाइएका कोठाहरूमध्ये एउटा भएको हुनुपर्ला। अतल्याहले देशमाथि राज्य गरेको छ वर्षसम्म योआश त्यहाँ लुकिबसे।

**२ राजाहरू ११:४-११:** तर अतल्याहको शासनकालको सातौं वर्षमा प्रधान पूजाहारी यहोयादाले सय-सय सिपाहीका कप्तान-हरूलाई, अँ, अङ्गरक्षकहरू र पहरेदारहरूलाई पनि बोलाए; अनि तिनले तिनीहरूलाई सिंहासनको उत्तराधिकारी योआशलाई देखाए र तिनीहरूसँग अतल्याहलाई हटाएर योआशलाई राजा बनाउने करार बाँधे। यस विषयमा श्री जर्ज विलियम्सले निम्न टिप्पणी गरेका छन्ः

> '२ राजाहरू ११:४-११ पदको खण्डमा यहोयादाले सही राजालाई स्थापित गर्ने क्रान्तिमा अपनाएका कदमहरू यस प्रकारको भाव-अनुवादले व्यक्त गर्न सकिन्छः तिनले शाही अङ्गरक्षकका अधिकारीहरूलाई बोलाए। एक पलटनले राज-दरबारको वरिपरि घेरा हाल्ने र बाँकी दुईवटा पलटनहरूले परमप्रभुको भवनको सामुन्ने परेड गर्ने आदेश पाए। अनि सेनाका पङ्क्तिहरू तोड्न बलजफत गर्न खोज्ने जुनैपनि व्यक्तिलाई मृत्युदण्ड दिइन्थ्यो। नौ पदअनुसार त्यस बिहानमा छुट्टी पाउने सुरक्षा टोली सेनावासमा फर्किनु होइन, तर भर्खरै ड्यूटी गर्न लागेको दोस्रो सुरक्षा टोलीसँगै रहनुपरेको थियो र यी दुवै टोलीहरू राजाको सुरक्षा गर्न बाँकी सेनामा सामेल हुनु थियो।' **14)**

**२ राजाहरू ११:१२:** तब योआशलाई मानिसहरूकहाँ प्रस्तुत गरियो। उनको शिरमा एउटा मुकुट लगाइयो र उनको हातमा 'साक्षी' नामक व्यवस्थाको पुस्तकको एक प्रतिलिपि राखियो। त्यसपछि मानिसहरूले ताली बजाए र 'राजा अमर रहून्!' भन्ने नारा उठाएर ठूलो सोरले चिच्च्याए।

**२ राजाहरू ११:१३-१६:** तब परमप्रभुको भवनको चोकमा भइरहेको होहल्लाबाट अतल्याह आकर्षित भई त्यहाँ आइपुगिन्; अनि जब त्यहाँ के भइरहेको थियो, सो यिनले देखिन्, तब यिनी 'राजद्रोह, राजद्रोह!' कराइन्। तर पूजाहारी यहोयादाले यिनी परमप्रभुको भवनको परिधिभित्र मारिएकी चाहँदैनथिए; यसकारण तिनले यिनलाई

सिपाहीहरूका पङ्क्तिहरू-बाहिर लगेर घोड़ाहरूको प्रवेशद्वारमा मार्ने आदेश दिए।

**२ राजाहरू ११:१७-२१:** तब परमप्रभु, नयाँ राजा र प्रजाको बीचमा एउटा करार बाँधियोः तिनीहरूले परमप्रभुको र उहाँको मात्र सेवा गर्नेथिए। मानिसहरूले आफ्नो निरूपण देखाएर छोड़े; तिनीहरूले बालको मन्दिर ध्वस्त पारे, जुन मन्दिर अतल्याहले बनाउन लगाएकी थिइन्, र बालको पूजाहारी मत्तानलाई मारे। अनि ठूलो जुलुसको साथ र सुरक्षाको साथ राजा राज-दरबारभित्र आए। देशका मानिसहरू रमाए, र अतल्याहको मृत्युपछि यरूशलेम शहर शान्त भयो।

### ञ) २ राजाहरू १२: यहूदाका राजा यहोआश अर्थात् योआश

अनि ख्रीष्टपूर्व ८३५ सालदेखि ख्रीष्ट-पूर्व ७९६ सालसम्म यहूदाका राजा अहज्याहका छोरा यहोआशले चालीस वर्ष राज्य गरे (२ राजाहरू २३:१-२४:२७)। (यहोआशको हिज्जे योआश पनि हो।)

**२ राजाहरू १२:१-५:** श्री जोह्न सी. व्हिटकोम्बले यहोआशको शासनको बारेमा निम्न टिप्पणी गरेका छन्:

'योआशको चालीस वर्षको शासनकालचाहिँ दुईवटा भागमा विभाजन गर्न सकिन्छः उनको आत्मिक अभिभावक यहोयादाको मृत्युको अघिको समय र तिनको मृत्युपछिको समय। *'पूजाहारी यहोयादाको सारा समयभरि योआशले परमप्रभुको दृष्टिमा जे ठीक थियो, त्यही गरे'* भन्ने वाक्य अर्थपूर्ण र अशुभ-बोधक छ। किनकि यी प्रधान पूजाहारीको नैतिक र आत्मिक साहसविना योआश साह्रै अस्थिर मानिस थिए, अब्राहामविनाको लूतजस्तै। यसकारण परमेश्वरले यहोयादाको जीवनकाल अचम्म रीतिले बढ़ाइदिनुभयो र तिनलाई एक सय तीस वर्ष बाँच्न दिनुभयो (२ इतिहास २४:१५)। यसरी उहाँले यहूदाका मानिस-हरूलाई आफ्नो कृपा देखाउनुभयो। किनकि अम्रामको समयदेखि यता यहोयादासम्म एक हजार वर्षको इतिहासभित्र यस्तो कुनै व्यक्ति नै थिएन, जो यहोयादाजत्तिकै लामो समयसम्म बाँचे; किनभने मोशाका बुबा अम्रामको उमेर तिनको मृत्यु हुँदा एक सय सैंतीस वर्ष भएको थियो (प्रस्थान ६:२०)।' [15)]

मोटामोटी हिसाबले योआशको शासन प्रशंसनीय थियो। तर उनले मानिसहरूलाई उच्च स्थानहरूमा परमप्रभुको उपासना गर्न-देखि रोकेनन्; यो उनको भूल थियो। अनि उनको मुख्य योगदान परमप्रभुको भवनको मर्मत थियो। अनि परमप्रभुको भवन मर्मत गर्न उनले 'तिमीहरूले फलाना-फलाना रकम छुट्ट्याउनुपर्छ' भनेर पूजाहारीहरूलाई निर्देशन दिए। श्री जर्ज विलियम्सको भनाइअनुसार यी रकमहरू यस प्रकारका थिएः **क)** प्रस्थान ३०:१२ पदअनुसार जनगणनाको करः गन्ती गरिएकाहरू सबैले आधा शेकेल दिनुपरेको थियो। **ख)** लेवी २७: हरेक मानिसको मूल्याङ्कनअनुसार पूजाहारीहरूद्वारा भाकलको रकम उठाइन्थ्यो; **ग)** लेवीको पुस्तकमा निर्धारित गरिएअनुसार मानिसहरूले स्वेच्छा-दानहरू चढ़ाउँदा राजीखुशीले दिन चाहेका सबै अनुदानहरू। [16)]

**२ राजाहरू १२:६-१६:** तर जब राजा योआशको शासनकालको तेइसौं वर्षसम्म यस भवनमा कुनै मर्मत गरिएको थिएन, तब राजाले यहोयादा र अन्य पूजाहारीहरूलाई बोलाए अनि रुपियाँपैसा जम्म गर्ने र परमप्रभुको भवनको मर्मत गर्ने एउटा नयाँ योजना प्रस्तुत गरे। अबदेखि उसो पूजाहारीहरू आफूले यसको निम्ति कुनै रकम सङ्कलन गर्नेथिएनन्, न ता तिनीहरूले परमप्रभुको भवनको मर्मतको निरीक्षण गर्नेथिए (२ राजाहरू १२:७)। तर परमप्रभुको भवनको मर्मतको निम्ति रुपियाँपैसा सङ्कलन गर्न होमबलिको वेदीको

दाहिने छेउमा ढकनामा प्वाल भएको बाकस राख्नुपरेको थियो। अनि राजाका मुन्जी र प्रधान पूजाहारीले यस कोषको हिसाब राख्नुपरेको थियो र कामदारहरूलाई तिनी-हरूको कामअनुसार सुम्पिदिनुपरेको थियो। यस कामका निरीक्षकहरू इमान्दार हुन्थे; यसकारण यस कोषको सार्वजनिक हिसाबकिताब माग्ने आवश्यकता थिएन। २ राजा १२:१३ र २ इतिहास २४:१४ पदको बीचमा अमेल भएको देखिन्छ। तर २ राजा १२:१३ पदको अर्थ के थियो भने, परमप्रभुको भवनको मर्मत-कार्य भइरहेको समयसम्म यस कोषका रकमहरू लिएर परमप्रभुको भवनको निम्ति कुनै भाँड़ाकुँड़ा बनाइएन, किनिएन पनि। तर २ इतिहास २४:१४ पदको अर्थ यस प्रकारको छः परमप्रभुको भवनको मर्मत-कार्य पूरा भएपछि केवल यस कोषमा उब्रेको रकमचाहिँ परमप्रभुको भवनका भाँड़ाकुँड़ाहरूमा प्रयोग गरियो। अनि परमेश्वरको वचनप्रति आज्ञाकारी भई दोषबलिको पैसा र पाप-बलिको पैसा लगातार पूजाहारीहरूलाई दिइन्थ्यो (लेवी ५:१६; गन्ती ५:८-९)।

**२ राजाहरू १२:१७-१८ः** त्यस समयमा अरामका राजा हजाएलले गात शहर कब्जा गरे, र तिनी यरूशेलमतिर आइलागे। अनि योआशले तिनलाई यहूदाका राजधानीमाथि आक्रमण गर्नदेखि रोक्न तिनलाई मन्दिर र राज-दरबारमा भएका सबै पवित्र वस्तुहरू दिइहाले।

**२ राजाहरू १२:१९-२१ः** यहोयादाको मृत्युपछि यहूदाका शासकहरूले राजालाई फकाएर मूर्तिपूजामा फसाए। तर जब प्रधान पूजाहारीका छोरा, कि त नाति जकरियाले मानिसहरूलाई 'परमप्रभुको उपासना र सेवाकहाँ फर्क' भन्ने आह्वान गरे, तब राजा योआशले तिनलाई ढुङ्गाहरूले हानेर मार्ने आदेश दिए (२ इतिहास २४:१७-२२)।

पछि यहोआशका सेवकहरूले उनको विरुद्धमा षड्‌यन्त्र रचे र उनलाई मिल्लोको घरमा मारे। योचाहिँ तिनले जकरियाको हत्या गरेको बदला र उनीमाथि आइपरेको परमेश्वरको न्याय थियो।

प्रभु येशूले जकरियाको मृत्यु आफ्नो सन्दर्भ तुल्याउनुभयो, जब उहाँले व्यवस्थाका पण्डितहरूलाई हप्काउनुभयो (लूका ११:५१)। उहाँले यसो भन्नुभयोः 'हाबिलको रगतदेखि लिएर जकरियाको रगतसम्म सबै भविष्यवक्ताहरूको रगतको लेखा यस पुस्तासँग लिइनेछ।' यसरी उहाँले पुरानो नियमको समयमा शहीद भएकाहरू सबैको रगतको लेखा यसमा समावेश गर्नुभयो, अर्थात् उत्पत्तिको समयमा मारिएको हाबिलदेखि यहाँ, राजाहरूको दोस्रो पुस्तकमा र इतिहासको दोस्रो पुस्तकमा उल्लेख गरिएको शहीद जकरियासम्म सबैको रगतको लेखा लिइनेछ भनेर भन्नुभयो। (याद रहोस्ः हिब्रू भाषाको बाइबलमा अर्थात् तिनीहरूको पुरानो नियमको पवित्र धर्म-शास्त्रमा इतिहासको दोस्रो पुस्तक अन्तिम पुस्तक हो; तिनीहरूको पुरानो नियम र हाम्रो पुरानो नियम एउटै हो, तर तिनीहरूका पुस्तकहरूको अनुक्रम मात्र फरक छ।)

यहोयादा परमप्रभुको श्रद्धा गर्ने भक्त जन थिए; अनि तिनी राजभक्ति र परमप्रभुको भवनको सेवामा पूरा समर्पित थिए। यसो गरेको बदलीमा तिनले दुईवटा आशिषहरू प्राप्त गरेः **क)** तिनका छोरा जकरिया तिनको पाइलाहरूमा टेके, र **ख)** यहूदाका राजा-हरूसँग तिनको दफन भयो। राजपरिवारदेखि बाहिर जन्मेको व्यक्तिको लागि यो ठूलो सम्मान थियो। यता योआशको कुरा गरौं! उनी यहोयादाको मृत्युपछि बिग्रिँदै, झन् बिग्रिँदै गए। उनले अरामीहरूलाई मनाउनको निम्ति आफैले मर्मत गरेको मन्दिर लुटे र शाही कोष पनि लुटे। उनलाई राजाहरूको

चिहानमा दफन गरिएन; किनभने उनी जकरियाको हत्याको खातिर परमेश्वरको न्यायमा परेर मरे। यहाँबाट हामीले एउटा पाठ सिक्नु छः हामी परमेश्वरको राज्यको निम्ति बाधा नपर्नु हो भने, हामी भक्तिको जीवन जिउनमा लागिपर्नुपर्छ; यो अनिवार्य हो। यहोयादाचाहिँ यसको उज्ज्वल नमुना हुन्! अनि योआशचाहिँ? उनको उदाहरण हाम्रो निम्ति एउटा गम्भीर चेताउनी हो।

### ट) २ राजाहरू १३:१-९: इस्राएलका राजा यहोआहाज

अनि ख्रीष्टपूर्व ८१४/८१३ सालदेखि ख्रीष्टपूर्व ७९८ सालसम्म येहूका छोरा यहोआहाजले सत्र वर्ष इस्राएलमाथि राज्य गरे।

यहोआहाज यारोबामको पापमा लागिरहे। तिनले यता परमप्रभुको उपासना र उता अशेराको पूजा गरे (२ राजाहरू १३:६)। परमेश्वरले तिनलाई यसको निम्ति दण्ड दिनुभयो र अरामीहरूलाई इस्राएलको विरुद्धमा पठाउनुभयो। तिनीहरूले यहो-आहाजको सेनाबाट पचासजना घोड़चढ़ी, दसवटा रथ र दस हजार पैदल सिपाहीहरूलाई मात्र बाँकी राखे। अनि जब यहोआहाजले परमप्रभुलाई पुकारे, तब उहाँले इस्राएललाई अरामीहरूको हातबाट छुटकारा दिन एकजना उद्धारकर्ता खड़ा गर्नुभयो। हुन सक्छ, यी छुटकारा दिने व्यक्ति अश्शूरका राजा तृतीय अदद-निरारी थिए कि, जसले यहोआहाजको शासनकालको अन्ततिर अरामीहरूलाई झन्-झन् धेरै समस्याहरू दिइरहे, यसैले इस्राएललाई सताउनको निम्ति तिनीहरूलाई कुनै फुर्सद भएन। कति टिप्पणीकारहरू छन्, जसको अनुमानअनुसार एलीशा यी छुटकारा दिने व्यक्ति थिए अरे। अरू पनि छन्, जसले के भनेका छन् भने, २ राजाहरू १३:५ पदको सन्दर्भ कि त यहोआहाजको छोरा यहोआश (२ राजाहरू १३:२५), कि त द्वितीय यारोबाम हुनुपर्लो (२ राजाहरू १४:२६-२७)। अनि परमेश्वरले यहोआहाजको प्रार्थनाको उत्तर किन दिनुभयो? यो कुरा २ राजाहरू १३:२३ पदले बताउँछः यो त अब्राहाम, इसहाक र याकूबसँग बाँधिएको उहाँको करारको खातिर पो थियो।

याद गर्नुहोस्ः २ राजाहरू १३:५ र ६ कोष्ठकभित्र हालिएको एउटा खण्ड हो। अनि यस कोष्ठकको उद्देश्य के हो? यो हामीले परमेश्वरको अनुग्रहको समय बुझ्नुपर्छ। किनकि अबदेखि एउटा शताब्दी बित्दै नबित्दा इस्राएल प्रतिज्ञाको देशबाट हटाइनेथियो; किनकि इस्राएल यारोबामका पापहरूमा अडिग रह्यो। तर यस राष्ट्रको लागि एकजना उद्धारकको प्रबन्ध गर्नुहुँदा यसमाथि न्यायको अन्तिम प्रहार पर्नुभन्दा अघि परमप्रभुले यसलाई यसको विनाशकारी चालबाट फर्काउन खोज्दै हुनुहुन्थ्यो। तर तिनीहरू यारोबामको घरानाका पापहरूबाट हटेनन्, तर तिनमा हिँड़िरहे।

### ठ) २ राजाहरू १३:१०-१३: इस्राएलका राजा यहोआश अर्थात् योआश

अनि ख्रीष्टपूर्व ७९८ सालदेखि ख्रीष्ट-पूर्व ७८२/७८१ सालसम्म यहोआहाजका छोरा यहोआशले सोह्र वर्ष इस्राएलमाथि राज्य गरे (२ राजाहरू १३:१०-१४:१६)। (यहोआशको हिज्जे योआश पनि हो)।

**२ राजाहरू १३:१०-१३:** यी राजा यहोआशचाहिँ हामीले त्यही समयमा राज्य गरिरहेका यहूदाका उस्तै नाम गरेका राजाबाट छुट्ट्याउन सक्नुपर्छ। अनि यी राजा यहोआशको शासन दुष्ट थियो र नबातका छोरा यारोबामको जस्तै थियो। यस छोटो खण्डले तिनको शासनको सङ्क्षिप्त विवरण

दिन्छः तिनले राज्य गर्न थाले; तिनले परमप्रभुको दृष्टिमा जे खराब थियो, त्यो गरे; अनि तिनी आफ्ना पितापुर्खाहरूसँग सुते। अनि यहूदाका राजा अमस्याहसँग तिनको व्यवहार केकस्तो थियो, सो कुरा २ राजाहरू १४:८-१६ पदको खण्डमा उल्लेख गरिएको छ।

### ङ) २ राजाहरू १३:१४-२५: एलीशाको सेवकाईको अन्त

**२ राजाहरू १३:१४-१९:** यस खण्ड ङ)को सन्दर्भ एलीशाको अन्तिम भविष्यवाणी र उनको मृत्यु हुन्, जुन मृत्युचाहिँ इस्राएलका राजा यहोआशको शासकालमा भएको थियो। भविष्यवक्ता एलीशा बिरामी भई मर्न लागेका थिए; अनि त्यति बेलामा राजा यहोआश उनलाई भेट्न आए, र उनको खातिर यसो भनेर रोएः 'हे मेरा पिता, हे मेरा पिता, इस्राएलको रथ र त्यसका घोड़चाढ़ीहरू !' तिनले भन्न खोजेको तात्पर्य यस्तो छः एलीशाजस्तै पराक्रमी मानिसहरूबाट साँच्चै इस्राएलको सबैभन्दा उत्तम रक्षा थियो। एलियाबाट बिदा हुँदा एलीशाले त्यसको शोकमा यी शब्दहरू प्रयोग गरेका थिए (२ राजाहरू २:१२)। अनि यहाँ एलीशाको मृत्युको विषयमा यहोआशले महसुस गरे, कि भविष्यवक्ताको यस मृत्युले गर्दा राज्यलाई ठूलो हानि हुने रहेछ। अनि आफ्नो बिरामीको ओछ्यानबाट एलीशाले राजा यहोआशलाई 'तिमीले एउटा धनु र केही काँड़हरू लिनू ! पूर्वपट्टिको झ्याल खोलेर एउटा काँड़ हान्नू ! र त्यसपछि यी काँड़हरूले जमिन हिर्काउनू' भन्ने निर्देशन दिए। पूर्वतिर हानिएको काँड़ले अरामीहरूमाथिको विजयको सङ्केत गर्छ; किनकि तिनीहरूले यर्दनको पूर्वमा इस्राएल-देश ओगटेका थिए। अनि यहोआशले केवल तीन पल्ट जमिन हिर्काए। यसर्थ तिनले अरामलाई केवल तीनै पल्ट पराजित गर्नेथिए। तिनले तिनीहरूलाई पाँच-छ पल्ट प्रहार गरेका भए, तिनले अरामलाई पूरा खतम पार्नेथिए, र तिनीहरूबाट कहिल्यै फेरि कुनै खतरा आउनेथिएन। तर यहोआशको दृढ़ता र धैर्यमा कमी थियो। किनकि शत्रुहरूमाथि विजय हासिल गर्नु हो भने, हाम्रो विजय हाम्रो आज्ञाकारितामा निर्भर गर्छ। अनि यो पनि भनिहालौंः यहोआश आफूले गरिरहेको कामको अर्थ र महत्त्व बुझ्केको हुनुपर्छ; नत्रभने तिनी जिम्मेवार हुनेथिएनन्। अन्तमा एलीशाको मृत्युको खबर उत्तरीय राज्यको लागि अशुभ समाचार थियो।

**२ राजाहरू १३:२०-२१:** हरेक वर्षको बसन्तमा मोआबबाट लुटेरा दलहरूले इस्राएल देशलाई आक्रमण गर्ने गर्थे। एक दिनमा यस्तो भयोः केही इस्राएलीहरूले कसैको लास गाड्न निकालिरहेको बेलामा अचानक तिनीहरूले यी लुटेरा दलहरूमध्ये एउटालाई नजिकै आइरहेको देखे। हतार-हतार तिनीहरूले एलीशाको चिहान खोलेर यो लास त्यस चिहानभित्र फाले। तर त्यस मानिसको मृत शरीरले एलीशाका हड्डीहरू छुनेबित्तिकै त्यो मानिस जीवित भयो र आफ्ना खुट्टामा उभियो।

२ राजाहरू १३:२२-२५: पवित्र धर्मशास्त्र बाइबल एलीशाको पैंतालीस वर्षको बाँकी सेवकाईको विषयमा चुप लागेको छ। २ राजाहरूको नौ अध्यायमा हामी ख्रीष्टपूर्व ८४१ सालमा येहूको राज-अभिषेकको कुरा पढ़ेपछि यहाँ आएर केवल ख्रीष्टपूर्व ७९५ सालमा एलीशाको मृत्युको विषयमा पढ़्न पाउँछौं। उनले आफ्नो मृत्यु-शैयाबाट बोलेको उनको अन्तिम भविष्यवाणी इस्राएलको विजयको विषयमा बोलेको एउटा भविष्यवाणी थियो (२ राजाहरू १३:१७)। अनि उनको अन्तिम आश्चर्यकर्मचाहिँ उनको

मृत्युपछि धेरै समयपछि घट्यो, अनि त्यसले उनको सन्देश पुष्टि गऱ्यो अनि इस्राएल र यसको राजाप्रति अर्पेको उनको सेवकाई मान्यता दिलायो (२ राजाहरू १३:२१)। एलीशाको भविष्यवाणी यसरी पूरा भयोः राजा यहोआशले ती शहरहरू हजाएलका छोरा बेन-हददको हातबाट फिर्ता लिए, जुन शहरहरू बेन-हददले तिनका बुबा यहोआहाजको हातबाट लड़ाइँ गरेर कब्जा गरेका थिए। यो तीनवटा जितहरूले पूरा गरेको काम थियो।

**ढ) २ राजाहरू १४:१-२०: यहूदाका राजा अमस्याह**

अनि ख्रीष्टपूर्व ७९६ सालदेखि ख्रीष्ट-पूर्व ७६७ सालसम्म योआशका छोरा अमस्याहले उनन्तीस वर्ष यहूदामाथि राज्य गरे (२ इतिहास २५)।

**२ राजाहरू १४:१-७:** अमस्याहको शासन असल थियो, तर दाऊदको शासनजत्तिकै उत्तम थिएन। तिनको शासन बरु तिनका बुबा योआशको जस्तै थियो; किनकि ती दुवैजनाले उच्च स्थानहरू हटाउन सकेनन्। अमस्याह सिंहासनमाथि बसेपछि तिनका पहिला कार्यहरूमध्ये एकचाहिँ यो थियोः तिनले आफ्ना बुबाको हत्या गर्ने षड्यन्त्रकारीहरूलाई मारे (२ राजाहरू १२:२०-२१)। तर तिनले व्यवस्था २४:१६ पदको आज्ञापालन गरेर यी हत्याराहरूका छोराछोरीहरूलाई जोगाए। अनि तिनले एदोमको विरुद्धमा एक कुशाग्र सैनिक अभियान गरे; यस बेलामा तिनले दस हजार एदोमीहरूलाई मारे र सेला नामक चट्टानवाला शहर कब्जा गरे। (हुन सक्छ, सेलाचाहिँ वर्तमान समयमा यर्दनियामा अवस्थित भएको पेट्रा होला)। तर दुःखलाग्दो कुरा के हो भने, तिनले एदोमी देवताहरू फिर्ता ल्याए र तिनीहरूको पूजा गर्न थाले (२ इतिहास २५:१४)।

**२ राजाहरू १४:८-१४:** घमण्डले फुलेका अमस्याहले मूर्खतापूर्वक इस्राएलका राजा यहोआशलाई आएर तिनीसँग लड़ाइँमा जुध्ने निम्तो दिए। यहोआशले एउटा दृष्टान्त-द्वारा तिनलाई जवाफ दिए, जसको बोल यस प्रकारको थियोः लेबानोनमा भएको एउटा काँड़ेझ्याङले लेबानोनको देवदारकहाँ यसो भनिपठाएछः 'तिम्री छोरीलाई मेरो छोरासित विवाह गरिदेऊ!' तर लेबानोनको एउटा जङ्गली पशु त्यहाँबाट भएर गयो, र त्यसले यस काँड़ेझ्याङलाई कुल्चीमिल्ची पाऱ्यो अरे। यस दृष्टान्तमा यस काँड़े-झ्याङले यहूदालाई सङ्केत गर्छ भने, देवदारको रूखले इस्राएललाई चित्रण गर्छ। (यसरी त्यसको छोरीलाई मागेर एउटा घाँसको झारले त्यस शक्तिशाली रूखलाई पूरा अपमान पो गरेछ)। अनि त्यस जङ्गली पशुले इस्राएलको सेनालाई सङ्केत गर्छ, जसले यहूदालाई कुल्चीमिल्ची पार्नेथियो। यसकारण अमस्याह एदोममाथिको आफ्नो विजयमा सन्तुष्ट रहनु उत्तम हुनेथियो। तिनले इस्राएललाई नाराज तुल्याएर केवल आफूमाथि विपत्ति निम्तो गर्नेथिए। तर अमस्याहले उनको कुरा सुन्न इन्कार गरे; यसकारण यहोआशले यहूदाको विरुद्धमा आफ्नो सेना पठाए, यरूशलेमको चार सय हात पर्खाल भत्काइदिए र त्यहाँका भण्डारहरू खाली गरे।

**२ राजाहरू १४:१५-२०:** यस समयमा यहूदा र इस्राएलको बीचमा शुरु भएको दुस्मन र बैर ख्रीष्टपूर्व ७२२ सालसम्म भइरह्यो, जुन सालमा इस्राएलको विनाश भयो। पछि अमस्याह आफ्नो विरोधमा उठेको षड्यन्त्र-बाट उम्कन लाकीशतिर भागे, तर ती मानिसहरूले तिनको पिछा गरे र तिनलाई त्यहाँ मारे।

**ण) २ राजाहरू १४ः२१-२२ः यहूदाका राजा अजर्याह अर्थात् उज्जियाह**

अनि ख्रीष्टपूर्व ७९२/७९१ सालदेखि ख्रीष्टपूर्व ७४०/७३९ सालसम्म अमस्याहका छोरा अजर्याहले बाउन्न वर्ष यहूदामाथि राज्य गरे (२ राजाहरू १५ः१-७ र २ इतिहास २६ अध्याय)। (अजर्याहको अर्को नाम उज्जियाह पनि हो।)

अनि पुरानो नियमको यस ऐतिहासिक समयमा यशैया, आमोस र होशेले आफ्नो सेवकाई शुरु गरे (यशैया १ः१; होशे १ः१; आमोस १ः१)। अनि आमोस र होशेका पुस्तकहरूमा इस्राएलभरि व्यापक सामाजिक र धार्मिक अवस्था केकस्तो थियो, सो प्रकट गरिएको छ। किनकि यी भविष्यवक्ताहरू-मार्फत परमप्रभुले आफ्ना जनहरूलाई आउन लागेको विपत्तिको विषयमा चेताउनी दिएर तिनीहरूको मन जित्न अनेक कोशिश गर्नुभयो र तिनीहरूलाई न्यायको खाड़लको मुखैबाट फर्काएर ल्याउन बारम्बार प्रयास गर्नुभयो।

अजर्याहले चाहिँ शुरुमा चौबीस वर्षसम्म आफ्ना बुबासँग राज्य गरे। उनले अकाबाको खाड़ीको उत्तरमा एलत निर्माण गरे। उनको शासनको पूर्ण विवरण २ राजाहरू १५ अध्यायमा र २ इतिहास २६ अध्यायमा दिइएको छ।

**त) २ राजाहरू १४ः२३-२९ः इस्राएलका राजा द्वितीय यारोबाम**

अनि ख्रीष्टपूर्व ७९३/७९२ साल-देखि ख्रीष्टपूर्व ७५३ सालसम्म यहोआशका छोरा द्वितीय यारोबामले एकचालीस वर्ष इस्राएलमाथि राज्य गरे।

यारोबामको शासनको पहिलो बाह्र वर्षचाहिँ तिनका बुबा यहोआशको शासन-सित खप्टिएको थियो। अनि यी राजाको धर्म-नीतिचाहिँ नबातका छोरा यारोबामको मूर्तिपूजामा लागिपर्नु थियो। अनि तिनको राजनीतिको कुरा गर्नु हो भने, तिनले इस्राएलको लागि हमातको सामुन्नेदेखि लिएर अराबाको समुद्रसम्म देश फिर्ता ल्याए, जसरी योनाले भविष्यवाणी गरेका थिए। तर योनाको यो विशेष भविष्यवाणी पवित्र बाइबलमा उल्लेख गरिएको छैन। हमातको सामुन्नेको भूमि भन्नाले गालील बुझ्नुपर्छ र अराबाको समुद्रसम्म भन्नाले यर्दनको दाहिने-देब्रेमा भएका मैदानहरू बुझिन्छ। (२ राजाहरू १४ः२५ पदले योनाको सेवकाईको निर्धारित समय सङ्केत गर्छ। योनाको पुस्तक अध्ययन गर्दा यो कुरा महत्त्वपूर्ण हुन्छ। किनभने योनाको प्रचार सुनेर निनवेका मानिसहरूले पश्चात्ताप गरेको चालीस वर्ष अथवा धेरैभन्दा धेरै हो भने सत्तरी वर्षपछि अश्शूरीहरूले इस्राएललाई कैद गरेर लगेको कुरा महसुस गर्दा हामीलाई अचम्म लाग्दैछ)। जे होस्, २ राजाहरू १३ः५ पदमा जुन उद्धारकको विषयमा कुरा गरिएको छ, ती उद्धारक द्वितीय यारोबाम भएका सम्भव देखिन्छ (२ राजाहरू १४ः२६-२७ पदहरूसित तुलना गर्नुहोस्)। अनि १४ः२६-२७ पदहरूले परमप्रभुको कोमल दया र उहाँको धैर्यमाथि ठूलो प्रकाश पार्छन्। अनि १४ः२७ पद लेखिएको सन्दर्भ हामीले बुझ्नुपर्छ। किनकि पहिले इस्राएलको र पछि यहूदाको पनि नामनिशान केही समयको लागि मेटियो; तर परमेश्वरले तिनीहरूका पिता-पुर्खाहरूलाई गर्नुभएको प्रतिज्ञाअनुसार इस्राएलीहरू फेरि जम्मा गरिनेथिए, आफ्नो देशमा पुनर्स्थापित गरिनेथिए र फेरि एउटा राष्ट्र बन्नेथिए।

**थ) २ राजाहरू १५ः१-७ः यहूदाका राजा अजर्याहको क्रमशः वृत्तान्त (१४ः२१-२२)**

अजर्याह प्रायः असल राजा थिए। तर उनको आङ्शिक असफलता के थियो भने, उनले यहूदामा उच्च स्थानहरू रहन दिए। तर जब उनले परमप्रभुको भवनमा धूप बाल्ने जिद्दी गरे, र पूजाहारीहरूले यसको घोर विरोध गरेर पनि पूजाहारीको पद ओगट्न खोजे, तब परमेश्वरले उनलाई प्रहार गर्नुभयो र तत्कालै उनलाई कुष्ठरोग लाग्यो; अनि आफ्नो मृत्युको दिनसम्म उनी अलग्गै एउटा छुट्टै घरमा बस्नुपरेको थियो (२ इतिहास २६ः१६-२१)।

अनि भविष्यवक्ता आमोसको सेवकाई यस अवधिमा पनि समाप्त भयो।

**द) २ राजाहरू १५ः७-१२ः इस्राएलका राजा जकर्याह**

अनि ख्रीष्टपूर्व ७५३ सालदेखि ख्रीष्टपूर्व ७५२ सालसम्म द्वितीय यारोबामका छोरा जकर्याहले छ महिना इस्राएलमाथि राज्य गरे।

अनि तिनका भूतपूर्वका राजाहरूले गरेजस्तै जकर्याह पनि दान र बेतएलमा स्थापित गरिएका सुनका बाछाहरूको पूजा गर्दै प्रथम यारोबामका पाइलाहरूमा हिँड़े। तिनको छ महिनाको छोटो शासनपछि शल्लूमले तिनको हत्या गरे। आर.एस.वी.-बाइबलको अनुवादले सेप्टुवाजिन्तको पछि लागेर यहाँ के अनुवाद गऱ्यो भने, 'तिनी यिब्लाममा मारिए' अरे। यो ठाउँ यिज्रेलको उपत्यकामा परेको एउटा शहर थियो, जुन शहरको नजिकै येहूले अहज्याहलाई मारेका थिए (२ राजाहरू ९ः२७)। अनि जकर्याहको मृत्युसित येहूको राजवंशको शासनको अन्त आइसक्यो; किनभने जकर्याहचाहिँ येहूको चौथो पुस्ताको राजा थिए। किनकि 'तिम्रो चौथो पुस्तासम्म तिम्रा सन्तानहरू इस्राएलको सिंहासनमाथि बस्नेछन्' भन्ने प्रतिज्ञा परमेश्वरले अघि येहूलाई प्रतिज्ञा गर्नुभएको थियो (२ राजाहरू १५ः१२ पद २ राजाहरू १०ः३० पदसित तुलना गर्नुहोस्)।

**ध) २ राजाहरू १५ः१३-१५ः इस्राएलका राजा शल्लूम**

अनि ख्रीष्टपूर्व ७५२ सालमा याबेशका छोरा शल्लूमले एक महिना इस्राएलमाथि राज्य गरे।

यी राजाको बारेमा खास कुरा केही पनि उल्लेख गरिएको छैन। तिनी छैटौं राजवंशको एकमात्र राजा थिए, जसले इस्राएलका दसवटा कुलहरूमाथि राज्य गरे। शल्लूमले हत्या गरेर इस्राएलको सिंहासन प्राप्त गरे र अब एक महिनापछि त्यसरी नै तिनले त्यो सिंहासन गुमाए पनि; किनकि गादीका छोरा मनहेमले तिनको हत्या गरे।

**न) २ राजाहरू १५ः१६-२२ः इस्राएलका राजा मनहेम**

अनि ख्रीष्टपूर्व ७५२ सालदेखि ख्रीष्टपूर्व ७४२/७४१ सालसम्म गादीका छोरा मनहेमले दस वर्ष इस्राएलमाथि राज्य गरे।

मनहेमले तिप्सह ध्वस्त गर्न खोजे। यो तिप्सहचाहिँ यूफ्रेटिसको तिप्सा शहर होइन (१ राजाहरू ४ः२४), तर तिर्साको नजिकैको शहर थियो। जब यस शहरका मानिसहरूले आत्मसमर्पण गर्न अस्वीकार गरे, तब तिनले त्यस ठाउँका गर्भवती महिलाहरूलाई पनि कुनै दयामाया नगरीकन सबै मानिसहरूलाई साह्रै क्रूरतासाथ मारेर ठूलो हत्याकाण्ड गरे।

यस समयसम्म सिरियाको राज्यको बल निक्कै घटेको थियो, र अश्शूरचाहिँ इस्राएलको प्रमुख शत्रु बनेको थियो।

मनहेमको शासनकालमा अश्शूरका राजा पूलले इस्राएलमाथि आक्रमण गरे। मनहेमले उनलाई सन्तुष्ट पार्न एक हजार किक्कर चाँदी अर्थात् चौतीस टन चाँदी दिए; यसरी नै मनहेमले आफ्नो ढलपल शासन-अधिकार पुष्टि गर्न पूलको समर्थन पाउन खोजे। अनि इस्राएलका राजाले सबै धनी मानिसहरूमाथि पचास-पचास शेकेल चाँदीको कर लगाएर तिनीहरूबाट यो रकम उठाए (२ राजाहरू १५:२०)। (यहाँ हिसाबको कुरा आयोः ३४,००० के.जी. चाँदी जम्मा गर्न तिनले लगभग पैंसट्ठी हजार मानिसहरूबाट पचास-पचास शेकल उठाउनुपरेको थियो)। त्यस जमानामा अश्शूरमा एउटा दासको मूल्य पचास शेकेल चाँदी हुन्थ्यो। मनहेमले आफूलाई राजीखुशीले अश्शूरको जुवामनि राखे; किनभने यसबाट तिनले आफ्नो व्यक्तिगत फाइदा उठाउने चेष्टा गरे। अनि सर्वमान्य धारणाअनुसार अश्शूरका राजा पूलचाहिँ तृतीय तिग्लत-पिलेसर मानिन्छन् (२ राजाहरू १५:२९)।

### प) २ राजाहरू १५:२३-२६: इस्राएलका राजा पकहियाह

अनि ख्रीष्टपूर्व ७४२/७४१ सालदेखि ख्रीष्टपूर्व ७४० सालसम्म मनहेमका छोरा पकहियाहले दुई वर्ष इस्राएलमाथि राज्य गरे।

यी राजाको विषयमा हामीलाई यति थाहा छः तिनको शासन छोटो र दुष्ट थियो; अनि पेकह र पचासजना गिलादीहरूले तिनलाई सामरियामा मारे। तिनको शासनसित इस्राएलको सातौं राजवंशको शासन समाप्त भयो। तिनी इस्राएलका पछिल्ला राजा-हरूमध्ये ती एकमात्र राजा थिए, जसले बलजफतसित राज-मुकुट हड्प गरेनन्; तर धेरै समय लागेन, र तिनका उच्च अधिकारी-हरूमध्ये एकजनाले तिनीबाट त्यो राज-मुकुट जबरजस्ती खोसे।

### फ) २ राजाहरू १५:२७-३१: इस्राएलका राजा पेकह

अनि ख्रीष्टपूर्व ७५२ सालदेखि ख्रीष्टपूर्व ७३२/७३१ सालसम्म रमल्याहका छोरा पेकहले बीस वर्ष इस्राएलमाथि राज्य गरे।

पेकह पकहियाहका उच्च अधिकारी थिए; अनि उनले तिनलाई मारे। पवित्र धर्मशास्त्र बाइबलका अरू खण्डहरूबाट हामीलाई के थाहा लागेको छ भने, पेकहले यहूदामाथि आक्रमण गरे, अनि यहूदाको विरुद्धमा उनले अरामीहरूको सहायता लिए; तर यहूदाका राजा आहाजले अश्शूरको सहायता पाउन अश्शूरलाई बोलाइपठाए। अनि अश्शूरका राजाले पहिले अरामी राजा रेजिनलाई मारे र त्यसपछि इस्राएलमाथि आक्रमण गरे। तिनले यर्दनको पूर्वमा रहेको साढ़े दुई कुलहरूको देश, साथै गालीलको इलाका जिते र त्यहाँका बासिन्दाहरूलाई कैद गरेर लगे। योचाहिँ इस्राएलको निम्ति अश्शूरमा कैद गरेर लगिएको पहिलो चरण थियो। पेकहको शासनकाल मनहेमको दस वर्षसँग र पेकहको दुई वर्षसँग खप्टियो; त्यस बेलामा उनी तिनीहरूको अधीनस्थ उच्च अधिकारी थिए। अनि अश्शूरको सहायता लिएर होशेले पेकहको विरुद्धमा षड्यन्त्र गरे, उनको हत्या गरे र इस्राएलको सिंहासन हड्प गरे। यसरी इस्राएलको आठौं राजवंशको शासनको अन्त भयो।

### ब) २ राजाहरू १५:३२-३८: यहूदाका राजा योताम

अनि ख्रीष्टपूर्व ७५० सालदेखि ख्रीष्टपूर्व ७३२/७३१ सालसम्म उज्जियाहका छोरा योतामले जम्मा बीस वर्ष यहूदामाथि राज्य गरे; यी बीस वर्षभित्र उनले चार वर्ष उज्जियाहसँग राज्य गरे (२ इतिहास २७)।

योतामले आफ्नो शासनकालको शुरुमा आफ्ना बुबा उज्जियाहसँग राज्य गरे भने, उनले यस शासनकालको अन्तमा आहाजसँग राज्य गरे। यसर्थ उनको खास शासनकाल सोह्र वर्ष मात्र थियो। योताम यहूदाका असल राजाहरूमध्येका एक थिए; तर उनले ती उच्च स्थानहरू हटाएनन्। उनले परमप्रभुको भवनको माथिल्लो मूलढोका बनाए र देशमा अन्य निर्माण-कार्यहरूको निम्ति प्रेरणा दिए र कायम राखे। उनको मृत्यु हुनुभन्दा अघि अरामी राजा रेजिन र इस्राएलका पेकहले यहूदाको विरुद्धमा संयुक्त आक्रमण गर्न थाले। अनि भविष्यवक्ता मीकाले योतामको शासनकालमा आफ्नो सेवकाई शुरु गरे।

२ इतिहास २७:६ पदमा योतामको प्रशंसा गरिएको छ; किनभने त्यहाँ निम्न सम्पादकीय टिप्पणी गरिएको छः *'यसरी योताम शक्तिशाली भए; किनभने उनले परमप्रभु आफ्ना परमेश्वरको सामु आफ्ना चालहरू स्थापित गरे।'* यारोबामका पापहरूको पछि लागेका इस्राएलका राजाहरूभन्दा उनी एकदमै फरक थियो।

इतिहासकार श्री फ्लावियस जोसेफसले योतामको ईश्वरभक्तिको बारेमा पनि लेखे।[17)]

### भ) २ राजाहरू १६: यहूदाका राजा आहाज

अनि ख्रीष्टपूर्व ७३५ सालदेखि ख्रीष्ट-पूर्व ७१६/७१५ सालसम्म योतामका छोरा आहाजले बीस वर्ष यहूदामाथि राज्य गरे (२ इतिहास २८)।

**२ राजाहरू १६:१-४:** हुन सक्छ, आहाजले आफ्ना बुबासँग सम्भवतः बाह्र वर्ष राज्य गरे होलान्। अनि यहोआहाजको छोटकारी नाम आहाज हो। अनि यस यहोआहाजको नामले तिनलाई अश्शूरी शिला-लेखहरूमा चिनिन्छ। 'यहो-' भन्ने उपसर्ग परमप्रभुलाई सङ्केत गर्छ, र निस्सन्देह पवित्र आत्माले तिनको नामबाट यो उपसर्ग हटाउनुभयो; किनभने आहाज धर्मत्यागी व्यक्ति थिए। तिनले इस्राएलका राजाहरूलाई पछ्याए र तिनीहरूले जस्तै मूर्तिपूजा गरे, अँ, तिनीहरूले भन्दा बढ़ी यसो गरे; किनकि तिनले आफ्नो छोरालाई समेत आगोमा होम गरे। मोलेक देवताको पूजा गर्दा बालक-बालिकाहरूलाई खराबीबाट शुद्ध पार्न र ईश्वरकहाँ समर्पण गर्न यी बालक-बालिकाहरूलाई त्यसको पित्तलको मूर्तिका आगोले रक्ततप्त पारिएका पाखुराहरूमा राखिन्थ्यो। अनि कहिलेकाहीं मोलेकको नाममा केटाकेटीहरूलाई मारिन्थ्यो पनि र जलाइन्थ्यो पनि (यर्मिया ७:३१; इजकिएल १६:२१)।

**२ राजाहरू १६:५-९:** सिरिया र इस्राएल यरूशलेममाथि आक्रमण गर्न एकजुट भए; यसमा यहूदालाई अश्शूरको विरुद्धमा तिनीहरूसँग मिलेर जान बाध्य पार्न र यहूदाको सिंहासनमाथि एक कठपुतली राजा स्थापित गर्न तिनीहरूको उद्देश्य थियो (यशैया ७:६)। त्यही समयमा सिरियाले एलत कब्जा गर्‍यो र त्यहाँ अरामीहरूको उपनिवेश स्थापित गर्‍यो। सङ्कष्टमा परेको समयमा आहाजले अश्शूरबाट गुहार मागे; तिनले आफ्नो मागसित मन्दिर र दरबारको सुन र चाँदी पठाए। अनि अश्शूरका राजा तिग्लत-पेलेसरले तिनको कुरा माने, अनि दमस्कस कब्जा गरे र सिरियाका राजालाई मारे। यसरी नै यशैयाले गरेको भविष्यवाणी पूरा भयो। तर परमेश्वरले अश्शूरीहरूलाई यहूदाको लागि एउटा सराप तुल्याउनुहुनेथियो (यशैया ७:१७-२५)।

**२ राजाहरू १६:१०-१६:** तिग्लत-पेलेसरलाई दमस्कसमा भेट्न जाँदा आहाजले त्यहाँ विदेशमा एउटा वेदी देखे, अनि यरूशलेममा त्यहीजस्तै एउटा वेदी निर्माण

गर्ने विचार गरे। यसकारण तिनले पूजाहारी ऊरियाहलाई यस वेदीको बनावटअनुसार एउटा नमुना पठाए, अनि राजा आहाज फर्कनुभन्दा अघि नै ऊरियाहले त्यो वेदी तयार गर्नुपरेको थियो। आहाजले यस नयाँ वेदी-माथि विभिन्न बलिदानहरू चढ़ाए, तर कुनै पापबलि र दोषबलि होइन। त्यसपछि तिनले ऊरियाहलाई आदेश दिए, कि उनले त्यस पित्तलको वेदीको सट्टामा अब यो नयाँ वेदी प्रयोग गर्नुपरेको थियो। अनि २ राजाहरू १६ः१५ पदमा 'तर पित्तलको वेदीचाहिँ मेरो निम्ति सोधपुछ गर्नलाई हुनेछ' भन्ने अन्तिम वाक्यले के अर्थबोध दिन्छ भने, आहाजले त्यो पित्तलको वेदी जोखना हेर्न प्रयोग गर्न चाहे कि कसो हो? तर यस वाक्यको अर्को अर्थ यस प्रकारको पनि हुन सक्छः 'तर पित्तलको वेदीको विषयमा चाहिँ, मैले त्यससित के-कसो गर्नुपर्ने हो, सो कुराको विषयमा सोच्नु वा निर्णय गर्नु मेरो कर्तव्य हो।'[18] पूजाहारी ऊरियाहले राजा आहाजको यस अपवित्र काममा तिनको आज्ञापालन गरेर पाप गरे; यसो नगरेर उनले बरु हिम्मत बाँधेर तिनलाई कड़ा हप्कीले हप्काउनुपर्नेथियो। तर यशैया ८ः२ पदमा ऊरियाहको गुण गरिएको छ। तर उनको विषयमा लेखिएको यो असल वर्णन यरूशलेममाथिको उक्त आक्रमण हुनुभन्दा अघिको समयमा लेखिएको थियो। तर 'यस नयाँ वेदी बनाऊ' भन्ने आहाजको आदेशको विषयमा ऊरियाह चुप लागेको र राजाको यो दुष्ट आज्ञा मानेको कुरा पछिको मितिमा भएको हो।

**२ राजाहरू १६ः१७-२०ः** आहाजले मन्दिर-क्षेत्रबाट केही सामग्रीहरू हटाए; सायद अश्शूरका राजाले यरूशलेम कब्जा गरे भने, यिनले यी पित्तलका सामग्रीहरू लैजान्छन् भन्ने तिनलाई डर लागेको थियो। कसै-कसैको विचारमा, तिनले यी सामग्रीहरू कर तिर्न चलाए कि। २ इतिहास २८ः२४ पदले हामीलाई के बताउँछ भने, आहाजले आफ्नो शासनकालको अन्तमा परमप्रभुको भवन पूर्ण रूपले थुनेर मन्दिरको सेवा बन्द गरिदिए। आहाजभन्दा अघि अन्य धर्मत्यागी राजाहरू थिए, जो राजाहरूको चिहानमा गाड़िएनन्, ठीक त्यस्तै आहाजको दफन पनि राजाहरूको कुनै चिहानमा भएन (२ इतिहास २८ः२७); तर तिनी तिनका पितापुर्खा-हरूसँग दाऊदको शहरमा गाड़िए।

### म) २ राजाहरू १७ः१-६ः इस्राएलका अन्तिम राजा होशे

अनि ख्रीष्टपूर्व ७३२/७३१ सालदेखि ख्रीष्टपूर्व ७२३/७२२ सालसम्म एलाका छोरा होशेले नौ वर्ष इस्राएलमाथि राज्य गरे।

**२ राजाहरू १७ः१-२ः** होशेचाहिँ इस्राएलको अन्तिम राजा थिए। अनि तिनीसँग इस्राएलको नवौं र अन्तिम राजवंशको शासनको शुरु र अन्त भयो। पेकहलाई मारेर होशे राजा भए (२ राजाहरू १५ः३०); पेकहसँग इस्राएलमाथि आइपरेका अश्शूरका आक्रमणहरू प्रतिरोध गर्ने क्षमता नभएको हुनाले सायद होशेले पेकहलाई मारे र सत्ता आफ्नो हातमा लिए होलान्। तिनी तिनका भूतपूर्व राजाहरूजत्तिकै दुष्ट थिएनन्। तर मानिसहरू सुधार गर्न सक्ने सीमादेखि बाहिर गइसकेका थिए, अनि तिनका सच्याउने प्रयासहरूको निम्ति धेरै ढिलो भइसक्यो।

**२ राजाहरू १७ः३-६ः** तब अश्शूरका राजा शल्मनेसेर आफ्नो सेना लिएर सामरियाको विरुद्धमा आइलगे, र यिनले होशेलाई कर तिर्न लगाए। तर केही समयपछि होशेले मिस्रका राजासँग लागेर अश्शूरको विरुद्धमा षड्‌यन्त्र रचे र आफ्नो कर तिर्न छोड़े। यसकारण कि त शल्मनेसेर, कि त यिनको उत्तराधीकारी सार्गोन अश्शूरका राजाले होशेलाई कैद गरे र तीन वर्षसम्म

सामरिया घेरामा हाले अनि इस्राएलका मानिसहरूलाई लगे। राजा होशेलाई केकस्तो भयो, सो हामीलाई भनिएको छैन; तिनी अश्शूरको कुनै भ्यालखानामा बेपत्ता भए; अन्तिम दिनहरूमा सामरिया राजाविना छोड़ियो। अन्तमा इस्राएलको विनाश ख्रीष्टपूर्व ७२३/७२२ सालमा भयो।

**य) २ राजाहरू १७:७-४१: उत्तरीय राज्यको विनाश**

**२ राजाहरू १७:७-२३:** यस खण्डमा परमेश्वर इस्राएलसँग नाराज हुनुभएको र यो राष्ट्र हार्न र निर्वासनमा जान दिनुभएका खास कारणहरू पेश गरिएका छन् । तिनीहरूले अन्य देवताहरूको भय मान्थे; तिनीहरू अन्य जातिहरूका चालहरूमा चल्थे; तिनीहरूले जताततै आफ्नो निम्ति उच्च स्थानहरू, पूज्य वस्तुहरू, जस्तैः मूर्तिहरू, खाँबाहरू र अशेरा देवीका मूर्तिहरू बनाउँथे, र तिनीहरूको हातमा मूर्तिपूजाको वृद्धि हुन्थ्यो। तिनीहरूले परमप्रभुका भविष्यवक्ताहरूको कुरा सुन्न इन्कार गरे; तिनीहरूको हठीले तिनीहरूको गर्दन कठोर पार्‍यो; अनि तिनीहरूले परमप्रभु आफ्ना परमेश्वरको वचन विश्वास गर्न सरासर इन्कार गरे। तिनीहरूले परमेश्वरका आज्ञाहरूपट्टि आफ्नो पिठ्यूँ फर्काए र आफ्ना छिमेकीहरूको धर्म अपनाए, जुन धर्मचाहिँ मानिसहरूको रचना थियो। तिनीहरू हर प्रकारको दुष्टताको पछि लाग्न जोशिला हुन्थे, यहाँसम्म कि तिनीहरूले आफ्ना छोराछोरी-हरूलाई झूटा देवताहरूको नाममा होम गरे।

**२ राजाहरू १७:२४-२५:** यसकारण अश्शूरका राजाले इस्राएलका उत्तरीय दस कुलहरूलाई मेसोपोटामिया र मादीमा लगे। अनि तिनले बाबेल, कूता, अव्वा, हमात र सपर्वैमबाट अर्थात् तिनले जितेका अन्य पाँचवटा देशका मानिसहरूलाई ल्याएर तिनीहरूलाई इस्राएल देशमा राखे। अघिको समयमा कुरा यस्तो हुन्थ्योः जब इस्राएलले परमप्रभुको आज्ञापालन गरेको थियो, तब उहाँले यहोशूद्वारा अन्यजातिहरूलाई धपाउनु-भएको थियो र आफ्ना जनहरूलाई कनान देशमा बसाल्नुभएको थियो। तर जब तिनी-हरूले परमप्रभुको कुरा सुन्न र मान्न छोड़े, तब उहाँले अश्शूरका राजाद्वारा तिनीहरूलाई त्यहाँबाट निकालिदिनुभयो र फेरि अन्य देशका मानिसहरूलाई कनान देशमा ल्याइदिनुभयो। यी अन्यजातिका मानिस-हरूले आ-आफ्ना देवताहरूको पूजा गर्थे; अनि यसरी तिनीहरूले आफूमाथि परमेश्वरको क्रोध ल्याउँथे, विशेष गरी यस समयदेखि, जब तिनीहरू इम्मानुएलको देशमा बस्दैथिए। तब उहाँले तिनीहरूको बीचमा सिंहहरू पठाउनुभयो, जसले देशभरि डुल्दै कति मानिसहरूलाई मारे। यसरी परमप्रभुले तिनीहरूप्रति आफ्नो क्रोध प्रकट गर्नुभयो।

**२ राजाहरू १७:२६-२८:** कसैले अश्शूरका राजालाई सिंहहरूबाट आएको विपत्तिको कारण यसरी बताइदियोः इस्राएलका परमेश्वरको व्यवस्था नजान्ने विदेशीहरूको उपस्थितिले यो विपत्ति निम्त्याएको थियो। तब अश्शूरका राजाले एकजना इस्राएली पूजाहारीलाई कैदबाट फर्केर जाने आदेश दिए, जसले अश्शूरको यस उपनिवेशमा बस्नेहरूलाई परमप्रभुको डर मान्ने सिकाइदिऊन्। अनि कनान देशमा फर्केर आएको यो पूजाहारी इस्राएलका मूर्तिपूजक पूजाहारीहरूमध्ये एक भएको हुनुपर्ला, परमप्रभुका साँचो पूजाहारी होइन। किनकि तिनी तत्कालै सुनको बाछोको पूजा गर्ने ठाउँ बेतएलमा गइहाले, यद्यपि अब सुनको बाछो त्यहाँ थिएन; अनि तिनले नयाँ बासिन्दा-हरूलाई राजा यारोबामको प्रदूषित धर्म सिकाए। यारोबामको धर्मअनुसार परमप्रभुको उपासना त गरिन्थ्यो, तर उहाँको मात्र सेवा

गरिँदैनथियो। अनि यस अश्शूरको उप-निवेशमा बस्ने विदेशीहरूले त्यस देशमा रहेका इस्राएलीहरूसँग अन्तर्विवाह गरे, र यसरी सामरी जातिको सृजना भयो। अनि सामरी भन्ने नामले चिनिएको यस मिस्रित जातिको आफ्नै धर्मका रीति र नियमहरू हुन्थे।

**२ राजाहरू १७:२९-३४क:** यस खण्डमा हामी इस्राएलमा आएर बसेका विदेशीहरूको बारेमा पढ्छौं। पाँचवटा देशबाट आएका मानिसहरूका आ-आफ्ना देवताहरू हुन्थे; अनि तिनीहरूले आफ्ना मानिसहरूबाट पूजाहारीहरूलाई नियुक्त गर्थे। अनि तिनीहरूले परमप्रभुको उपासना र सेवा गर्ने तरिका पनि अपनाए। तर यसको नतिजा के भयो भने एउटा मिस्रित धर्म उत्पन्न भयो। अनि त्योजस्तै खराब कुरा अरू के हुन सक्नेथियो ? किनकि त्यो त विशुद्ध मूर्तिपूजावादभन्दा पनि खराब थियो।

**२ राजाहरू १७:३४ख-४०:** मलाई के लाग्छ भने, १७:३४ पदको ख) खण्डदेखि अर्थात् 'तिनीहरूले न परमप्रभुको भय मान्छन्, न ता उनीहरूका विधिहरू ...' भन्ने वाक्यदेखि चालीस पदसम्म त्यस देशमा रहेका इस्राएलीहरूलाई वर्णन गरिएको छ। तिनीहरूले मूर्तिपूजाको विरुद्धमा परमप्रभुले बारम्बार दिनुभएका चेताउनीहरू आफ्नो ध्यानमा राख्दैनथिए, तर सुनको बाछोको पूजाआजा निरन्तरता दिन्थे।

**२ राजाहरू १७:४१:** यस पदको सन्दर्भ फेरि देशमा बसोबास गरेका विदेशीहरू हुन्। तिनीहरू इस्राएलीहरूभन्दा कम दोषी थिए। किनकि तिनीहरूसँग थोरै आत्मिक ज्योति हुन्थ्यो, र तिनीहरूले एक प्रकारले परमप्रभुको भय त माने; तर इस्राएलका दस कुलहरू-सँग प्रशस्त आत्मिक प्रकाश हुँदा-हुँदै पनि उनीहरूले परमप्रभुको भय मान्दैनथिए (२ राजाहरू १७:३४ख)।

हामीले जानकारी पाएअनुसार इस्राएलका यी दस कुलहरू कहिल्यै आफ्नो देशमा फर्केनन्।[20] उनीहरू सारा संसारभरि छरिएर तितरबितर भए। हुन सक्छ, इथियोपियाका फलाशा यहूदीहरू, कैफेङ-फूका चिनियाँ यहूदीहरू र भारतवर्षका कोचीनवासी यहूदीहरू उनीहरूबाटका हुन सक्लान्, कसले जान्दछ ? उनीहरूको पहिचान परमेश्वरबाट लुकेको छैन; अनि उहाँले आउँदो समयमा उनीहरूलाई इस्राएल देशमा फर्काएर ल्याउनुहुनेछ।

भविष्यवक्ता होशेको सेवकाई यसै समयमा अर्थात् सामरियाको विनाश भएको र इस्राएल कैद गरेर लगिएको समयमा समाप्त भयो होला।

# खण्ड २

# २ राजाहरू १८-२५:

## कैद गरेर नलगिएको दिनसम्म यहूदाको राज्यको इतिहास

### क) २ राजाहरू १८-२०: राजा हिजकियाह

अनि ख्रीष्टपूर्व ७१६/७१५ सालदेखि ख्रीष्टपूर्व ६८७/६८६ सालसम्म आहाजका छोरा हिजकियाहले उनन्तीस वर्ष यहूदामाथि राज्य गरे (२ इतिहास २९-३२ अध्यायहरू; यशैया ३६-३९ अध्यायहरू)। अनि सर्वमान्य धारणा-अनुसार उनले यस समयभन्दा अघि राजा आहाजसँग ख्रीष्टपूर्व ७२९/७२८ सालदेखि ख्रीष्टपूर्व ७१६/७१५ सालसम्म राज्य गरे।

### अ) २ राजाहरू १८ः१-८ः हिजकियाहको धार्मिक शासन

**२ राजाहरू १८ः१-६ः** पवित्र धर्मशास्त्र बाइबलमा सुलेमानको समयदेखि यता अरू कुनै पनि राजालाई हिजकियाहलाई भन्दा बढ़ी ठाउँ दिइएको छैन । हिजकियासित सम्बन्धित विवरणहरू अर्थात् २ इतिहास २९-३२ अध्यायहरू र यशैया ३६-३९ अध्यायहरू हामीले पहिले पढ्नुपर्छ; तब हिजकियाहले परमेश्‍वरमाथि राखेको आफ्नो विश्‍वासद्वारा हासिल गरेका आत्मिक र राजनीतिक विजयहरू के-के थिए, सो हामी अझ राम्ररी बुझ्न सक्छौं ।

हिजकियाह सत्तामा आउँदाखेरि यहूदा वास्तवमा अश्शूरको अधीनस्थ कठपुतली सेविका थियो । उनको शासनकालमा ठूलो सुधार आयो । उनले सबै प्रकारका मूर्तिहरूको विरुद्धमा ठूलो अभियान सञ्चालन गरे; उनले उच्च स्थानहरू र गन्ती २१ अध्यायको पित्तलको सर्प पनि नष्ट गरे; किनभने इस्राएलीहरूले यसलाई धूप बालेका थिए । उनले यस पित्तलको साँपको नाम 'नेहुश्तान' राखे, जसको शाब्दिक अर्थ 'पित्तलको टुक्रा' हो । परमप्रभु परमेश्‍वरमाथि हिजकियाहको भरोसाको विषयमा कुरा गर्नु हो भने, हिजकियाहचाहिँ यहूदाको सबैभन्दा महान् राजा थिए । अनि योसियाहचाहिँ? तिनी देशबाट दुष्टहरूलाई सम्पूर्ण रूपले हटाउनुमा सबैभन्दा महान् राजा थिए (२ राजाहरू २३ः२४-२५) ।

**२ राजाहरू १८ः७-८ः** अन्तमा राजा हिजकियाहले अश्शूरको जुवा हटाउनेसम्म विद्रोह गरे; हुन सक्छ, आफ्नो सेनाद्वारा पहरेदारहरूको धरहरादेखि लिएर पर्खालले घेरिएको शहरसम्म पलिस्तीहरूलाई धपाउनमा सफल भएको कारणले उनले यसो गरे होलान् । पहरेदारहरूको धरहरा भन्नाले देहात बुझिन्छ भने, पर्खालले घेरिएको शहर भन्नाले घना आबाद भएको सुरक्षाबद्ध स्थान बुझिन्छ ।

### आ) २ राजाहरू १८ः९-१२ः अश्शूरद्वारा सामरियाको कब्जा भएको

यस अनुच्छेदमा अश्शूरीहरूले सामरिया कब्जा गरेको घटना फेरि एकपल्ट दोहोरिन्छ । अनि यो कुरा किन यहाँ हालिएको छ? किनभने सामरियाको विनाशबाट हिजकियाहको निम्ति ठूलो खतरा आएको कुरामा जोड़ दिन यो कुरा यहाँ प्रस्तुत गरिएको हुन सक्छ । १८ः९ पदमा 'हिजकियाहको चौथो वर्ष' र १८ः१० पदमा 'हिजकियाहको छैटौं वर्ष'को बीचमा तीन वर्ष पूरा भएको कुराबाट केही समस्या आउँदैन, जब हामी याद गर्छौं कि यहूदीहरूले गन्ने तरिका यस प्रकारको थियोः कुनै वर्ष शुरु भएमा त्यो अवधि एक वर्ष गनिन्थ्यो । सामरियाको घेराबन्दी हिजकियाहको शासनकालको चौथो वर्षमा शुरु भयो, उनको पाँचौं वर्षभरि रहिरह्यो र उनको छैटौं वर्षको पहिले भागमा समाप्त भयो; यसकारण 'तीन वर्षको अन्तमा' भनिएको छ । यस घेराबन्दीको समय ख्रीष्ट-पूर्व ७२५ सालदेखि ७२२ सालसम्म भएको थियो, जुन समयमा उक्त जानकारीअनुसार हिजकियाहले चाहिँ आफ्ना बुबा आहाजसँग राज्य गरे ।

### इ) २ राजाहरू १८ः१३-१६ः यहूदामाथि अश्शूरका राजा सनहेरिबको पहिलो आक्रमण

यस समयमा अश्शूरले आफ्ना समस्या-हरूको सामना गर्नुपरेको थियो । किनभने तिनीहरूका राजा द्वितीय सार्गोनको मृत्यु भएको थियो, र बेबिलोनले विद्रोह गर्‍यो ।

यसकारण सर्गोनका उत्तराधिकारी सनहेरिब कनान देश र फोनिसियामाथि आइलाग्न ख्रीष्टपूर्व ७०१ साल भएको थियो। सनहेरिबले आफ्नो इतिहासको पुस्तकमा यस्तो लेखेः 'मैले यहूदाबाट छयालीसवटा किल्लाबद्ध शहरहरू कब्जा गरें र दुई लाख बन्धकहरूलाई कैद गरेर लगें।' अनि हिजकियाहले 'विद्रोह गरेर मैले हजुरको विरोधमा ठूलो भूल गरें; मलाई माफ दिनुहोस्! म हजुरको विश्वासी सेवक हुँ' भनेर तिनीकहाँ एउटा सन्देश पठाए। यरूशलेममाथिको हमला तारिदिन उनले मन नलागेर पनि तीन सय किक्कर चाँदी र तीस किक्कर सुन तिरे। (यो लगभग एस सय दुई क्विन्टल चाँदी र लगभग १०,२ क्विन्टल सुन थियो अर्थात् अति ठूलो रकम थियो)। त्यति बेलामा सनहेरिब मिस्र देशतर्फ गइरहेका थिए र लाकीशमा पुगेका थिए, जुन लाकीश शहर यरूशलेमदेखि पचास किलोमिटर टाढ़ा, दक्षिण-पश्चिममा परेको थियो।

### ई) २ राजाहरू १८:१७-१९:३४: यहूदामाथि अश्शूरका राजा सनहेरिबको दोस्रो आक्रमण

**२ राजाहरू १८:१७-१९:** अनि यही बेलामा हिजकियाहले यरूशलेमलाई बलियो बनाउन थाले (२ इतिहास ३२:५)। अनि हुन सक्छ, यस प्रकारको खबर सुनेको हुनाले अश्शूरका राजाले कुनै पछिको मितिमा आफ्नो सेनाका अधिकारीहरूलाई हिजकियाहबाट विनासर्त आत्मसमर्पणको माग गर्न यरूशलेममा पठाए कि? तीनजना यहूदी अधिकारीहरू अश्शूरका प्रतिनिधिवर्गलाई भेट्न र तिनीहरूका मागहरू सुन्न बाहिर निस्केर गए। तर्तान, रब-सारिस र रब-शाकेको सट्टामा एन.आइ.वी.को अनुवादले 'सेनापति', 'सेनाको प्रमुख अधिकारी' र 'फिल्ड कमान्डर' भनेर अनुवाद गरेछ। तर्तान, रब-सारिस र रब-शाकेचाहिँ यी तीनजना अधिकारीहरूका नामहरू थिएनन्, तर तिनीहरूका सैनिक पदसित सम्बन्धित थिए। [21)]

**२ राजाहरू १८:२०-२५:** तर रब-शाकेले उनीहरूसँग उनीहरूको हिब्रू भाषामा बोलेर हिजकियाहको अपमान गरे। पहिले तिनले यरूशलेमका किल्लाहरूमाथि राखिएको हिजकियाहको भरोसाको खिल्ली उड़ाए। त्यसपछि तिनले आफ्नो कानमा सुन्न आएको खबर सुनाइदिएः हिजकियाहले अश्शूरको विरुद्धमा मिस्र देशबाट सहायता पाउन खोजे रे; तर तिनका आँखामा मिस्र देशचाहिँ एउटा भाँचिएको निगालो थियो, जसको उपहास तिनले तत्कालै गरिछाड़े (२ राजाहरू १८:२१)। तिनको तेस्रो बुँदा यस प्रकारको थियोः यहूदाले यस परिस्थितिमा परमप्रभुमाथि भरोसा गर्न सक्दैनथियो; किनभने हिजकियाहले उहाँका सबै उच्च स्थानहरू र सबै वेदीहरू नष्ट गरेका थिए। तर रब-शाकेलाई के थाहा? यी नष्ट पारिएका ठाउँहरूचाहिँ मूर्तिका थानहरू थिए, परमप्रभुको उपासना गर्ने ठाउँहरू होइनन्। त्यसपछि तिनले एउटा प्रस्ताव राखेः तिनले दुई हजार घोड़ाहरूको प्रबन्ध गर्नेथिए, यदि हिजकियाहले यति घोड़ाहरूको निम्ति घोड़चढ़ीहरू भेट्टाउन सकेका भए। 'यहूदासँग त्यति घोड़चढ़ी कहाँ थिए र?' भनेर तिनले तिनीहरूको गिल्ला गरे। 'यसकारण तिमीहरूले रथहरू र घोड़चढ़ीहरू पाउन मिस्र देशमाथि भर पर्नुपरेको थियो।' अन्तमा रब-शाकेले के दाबी गरे भने, 'परमप्रभुले यहूदालाई नाश गर्न अश्शूर पठाउनुभएको हो' अरे।

**२ राजाहरू १८:२६-२७:** तर यहूदाका अधिकारीहरूले तुरुन्तै रब-शाकेलाई 'अबका छलफलहरू हामी हिब्रू भाषामा होइन, तर चल्ती अरामी भाषामा गरौं ल' भन्ने सुझाउ

दिए। तिनीहरूलाई यस्तो घमण्डले पूर्ण भाषणले पर्खालमा बसेर कुरा सुनिरहने यहूदीहरूको मनोबल बिगार्ला कि भन्ने डर मनमनैमा लागेको थियो। होइन, होइन, रब-शाकेले यी मानिसहरूमाथि आउन लागेको भोकमरी र विनाशको बारेमा तिनीहरूले सुनेका र बुझेका चाहन्थे।

**२ राजाहरू १८:२८-३७:** अब रब-शाकेले मानिसहरूलाई सीधा आएर सम्बोधन गरेः हिजकियाहले तिनीहरूलाई धोका दिन नपाऊन्! 'छुटकाराको निम्ति परमप्रभुमाथि भरोसा राख्न व्यर्थ छ' भनेर तिनले तिनीहरूलाई चेताउनी दिए। तिनीहरूले आत्मसमर्पण गरेमा तिनीहरूलाई यरूशलेममा केही समयको निम्ति बस्ने सुअवसर दिइनेथियो; त्यसपछि जब अश्शूरका राजा मिस्र देशको सैनिक अभियानबाट फर्कनेथिए, तब यिनले तिनीहरूलाई अश्शूरमा लैजानेथिए। तिनको विचारमा, अश्शूर त तिनीहरूको जस्तै एउटा देश पो थियो। हो, जाति-जातिका देवताहरूमध्ये कसैले पनि कुनै देशलाई अश्शूरको हातबाट बचाउन सकेका थिएनन्; तब तिनीहरूका परमेश्वरले तिनीहरूलाई कसरी छुटकारा दिन सक्नुहुनेथियो हँ? तिनको विचारमा, यस प्रकारको आशा व्यर्थ थियो। अनि यी तीनजना निराश भएका यहूदाका अधिकारीहरू हिजकियाहकहाँ फर्केर गएको बेलामा पर्खालमाथि बसेका मानिसहरू चुपचाप बसे।

**२ राजाहरू १९:१-७:** हिजकियाह रब-शाकेको उपहास सुनेर धेरै दुःखी भए। यसकारण उनले भविष्यवक्ता यशैयाकहाँ सन्देशवाहकहरू पठाए, जसले तिनलाई राजाको खबर सुनाएः यहूदालाई सबैभन्दा धेरै बल चाहिएको बेलामा शक्तिहीन भएको थियो। यसबाहेक हिजकियाहले यशैयालाई 'यहूदा र यरूशलेममा बाँकी रहेकाहरूको निम्ति प्रार्थना गर्नुहोस्' भन्ने आग्रह गरे। तब यशैयाले हिजकियाहलाई निम्न सन्देश पठाएः उनी अश्शूरका राजासँग डराउनुपर्दैनथियो; किनकि परमेश्वरले तिनको मनमा डरको आत्मा हालिदिनुहुनेथियो र तिनलाई के-के खबर सुन्न लगाउनुहुनेथियो; अनि तिनी आफ्नो देशमा फर्केर जानेथिए, र त्यहाँ तिनी मारिनेथिए।

**२ राजाहरू १९:८-१३:** अनि जब रब-शाके लाकीशमा फर्के, तब तिनले के पाए भने सनहेरिबले आफ्नो आक्रमण लाकीशको किल्लाबद्ध छिमेकी शहर लिब्नातिर सारेका थिए।

तब सनहेरिबले इथियोपियाका राजा तिर्हाकाको विषयमा यिनीचाहिँ दक्षिणी मिस्रमा पुगेर उनलाई आक्रमण गर्न अघि बढ़िरहेका सुने। अनि तिनले तुरुन्तै ईश्वर-निन्दाले पूर्ण पत्र पठाएर यरूशलेमलाई छिट्टै आत्मसमर्पण गर्ने हेतुले डर देखाउने प्रयास गरे। केही विद्वान्हरू छन्, जसले १९:७ पदमा उल्लेख गरिएको खबरचाहिँ कूशका राजाको आगमनको खबर सम्झेर यो कुरा यहाँ नौ पदमा पूरा भएको देख्छन्। अरू पनि छन्, जसले 'होइन, यो त बेबिलोनीहरूले विद्रोह गरेको खबर पो थियो' भनेर भन्छन्।

**२ राजाहरू १९:१४-२०:** हिजकियाहले बुद्धिमानीसाथ काम गरे र त्यो पत्र परमप्रभुको भवनमा लगे र परमप्रभुको सामुन्ने फैलाए। उनको प्रार्थना सुन्नुहोस्! र तपाईं परमप्रभुमाथिको उनको गहिरो भरोसाको विषयमा प्रकाश पाउनुहुन्छ। यसको जवाफमा परमेश्वरले यशैयाको हातबाट पठाएर हिजकियाहलाई दोहोरो उत्तर दिनुभयो।

**२ राजाहरू १९:२१-२८:** यस खण्डको सन्दर्भ सनहेरिब थिए; तिनलाई यहाँ सम्बोधन गरिएको छ। तर २ राजाहरू १९:२९-३४ पदहरूको खण्डमा हिजकियाहलाई सम्बोधन गरिएको छ। अनि यशैयाको यो भविष्य-

वाणीचाहिँ अश्शूरको सम्बन्धमा रचिएको उपहासको गीत पो हो। यस गीतले कस्तो चित्रण पेश गरेको छ? सुन्नुहोस्ः यरूशलेमचाहिँ त्यो कन्या हो, अँ, सियोनकी छोरी हो, जसले अश्शूरका धम्कीहरूको बारेमा हाँसेकी छे। सनहेरिबले परमेश्वरको पवित्र नामको निन्दा गरेकोले यसले तिनलाई तुच्छ ठानेकी छे; किनकि तिनले यहूदामाथि आक्रमण गरेर त्यसका शासकहरू र ठूला-ठालाहरूलाई नष्ट गर्ने र सियोन पर्वतका महलहरूमा प्रवेश गर्ने घमण्ड गरेछन्। यस गीतको दृष्टान्तको अर्थ यस प्रकारको छः लेबानोनचाहिँ यहूदा हो भने, अग्ला-अग्ला देवदार र उत्तम-उत्तम सल्लाका रूखहरूचाहिँ यसका शासकहरू र ठूलाठालाहरू हुन्। अनि त्यसका वासस्थानहरू र घनघोर जङ्गलचाहिँ सियोन पर्वतका महलहरू हुन्। सनहेरिबले मिस्र देशमाथिको विजय लगायत अन्य देशहरूमाथि हासिल गरेका विजयहरूको विषयमा घमण्ड गर्थे। तर तिनले याद गरेनन्, कि तिनले जेजति गरे, ती सबै कुराहरू तिनीद्वारा पूरा हुनुपर्छ भनेर परमेश्वरले पहिले नै ठहऱ्याउनुभएको थियो। परमेश्वरले तिनको भित्र-बाहिर सबै कुरा जान्नुहुन्थ्यो, तिनलाई पूरापूर चिन्नुहुन्थ्यो। अनि उहाँले तिनको ठूलो, आकाशसम्म पुगेको अङ्कार तोड्नुहुनेथियो। किनकि तिनको नष्ट भएको सेनाको बाँकी भाग उहाँले अश्शूरमा फिर्ता पठाउनुहुनेथियो।

**२ राजाहरू १९ः२९-३४ः** अब यो गीत हिजकियाहकहाँ फर्केर जान्छः अश्शूरले यरूशलेम कब्जा गर्नेथिएन; परमप्रभुले उनलाई एउटा सुनिश्चित चिन्ह दिनुभयो। आउँदा दुई वर्ष अश्शूरीहरूको उपस्थितिको कारणले यहूदाका मानिसहरूले अरू वर्षहरूमा जस्तै आफ्नो जमिन खनजोत गर्न र फसल काट्न पाउनेथिएनन्। तर तिनीहरूले खेतीपाती नगरीकन आफैआफ उब्जेका बालीहरू खानेथिए। त्यसपछि, तेस्रो वर्षमा, तिनीहरू अश्शूरको हमलाबाट सुरक्षित हुनेथिए, र तिनीहरूले आफ्ना सामान्य काम-काजहरू गर्न सक्नेथिए। यरूशलेमका मानिसहरू बाँच्नेथिए; यति मात्र होइन, तर यस शहरमा पस्ने अथवा एउटा काँड़ समेत हान्ने अनुमति अश्शूरका राजालाई दिइने-थिएन।

### उ) २ राजाहरू १९ः३५-३७ः अश्शूरका राजा सनहेरिबको ठूलो हार र तिनको मृत्यु

त्यस रातमा परप्रभुका दूत[22] अश्शूरको छाउनीमा पसे, र उनले एक लाख पचासी हजार सिपाहीहरूलाई मारे। अनि जब मानिसहरू बिहान सबेरै उठे, तब तिनीहरूले अश्शूरीहरूका लासहरू देखे।

राजा सनहेरिब आफ्नो राजधानी नीनवेमा फर्के; अनि बीस वर्षपछि त्यहाँ ख्रीष्टपूर्व ६८१ सालमा तिनको हत्या भयो। (वास्तवमा तिनी हिजकियाहभन्दा पाँच वर्ष बढ़ी बाँचे)। २ राजाहरू १९ः७ पदमा यशैयाले भविष्यवाणी गरेका कुरा पूरा भयोः सनहेरिबका दुईजना छोराहरूले तिनको हत्या गरे, र तिनको तेस्रा छोरा एसर-हद्दोनले तिनको स्थानमा राज्य गरे।

### ऊ) २ राजाहरू २०ः१-११ः हिजकियाहको रोग र त्यसको चङ्गाइ

**२ राजाहरू २०ः१-७ः** सर्वमान्य धारणा-अनुसार बीस अध्यायमा प्रस्तुत गरिएका घटनाहरू सनहेरिबको पहिलो आक्रमणको समयमा पूरा भएका मानिन्छ (२ राजाहरू २०ः६)। यसर्थ यो कुरा अठार अध्यायको पहिलो खण्डमा पर्न जाँदो रहेछ। त्यस बेलामा हिजकियाह सिकिस्त बिरामी परे, अनि भविष्यवक्ता यशैयाले उनलाई 'आफ्नो

घरको व्यवस्था मिलाउनुहोस्' भनेर भने; किनभने उनको मृत्युको घड़ी नजिकै थियो। यो कुरा सुन्नासाथ राजा हिजकियाहले स्वास्थ्य-लाभको लागि हृदयदेखि प्रार्थना गरे, र उनको जीवनमा पन्ध्र वर्ष थपियो। यस विषयमा श्री जोह्न सी. ह्विटकोम्बले निम्न टिप्पणी गरेका छन्ः

> 'परमेश्वरले मलाई "तिमी अबदेखि केवल पन्ध्र वर्ष बाँच्नेछौ" भनेर भन्नुभएको भए मैले आफ्नो बाँकी जीवनसित के गर्नेथिएँ? अनि हिजकियाहले चाहिँ उनलाई दिइएका पन्ध्र वर्षहरूमा के गरे त? पवित्र बाइबल यसको विषयमा चुप लागेको छ। किनभने उनको शासनकालमा घटेको अन्तिम घटना ख्रीष्टपूर्व ७०१ सालमा घट्यो, जब सनहेरिबको सेना नाश भयो। (अनि त्योचाहिँ उनी सिकिस्त बिमारी परेको एक वर्षभित्र घटेको घटना थियो होला।) यस विषयमा कसैको सुझाउ यस प्रकारको थियोः परमेश्वरले उनको आयु बढ़ाइदिनुभयो; किनकि उनीसँग उनको सिंहासनको हक पाउने कुनै नर-सन्तानरूपी उत्तराधिकारी थिएन। (अनि २ राजाहरू २१ः१ पदले के बताउँछ भने मनस्सेले राज्य गर्न थालेको बेलामा तिनी केवल बाह्र वर्षको थिए।) तर यो सम्भव देखिन्छ, कि मनस्से आफ्नो बुबासँग लगभग दस वर्ष राज्य गरे होलान्, नत्र ता बेबिलोनी कैदको सुनिश्चित भएको मितिबाट यत्रो साल कटाएर यहूदाको इतिहासको यस अवधिभित्र तिनको शासन-कालको पचपन्न वर्ष मिलाउन असम्भव हुनेथियो।' **23)**

**२ राजाहरू २०ः८-११ः** हिजकियाहको निम्ति उनी निको हुनेथिए र फेरि परमप्रभुको भवनमा उपासना गर्न जानेथिए भन्ने चिन्ह के थियो? परमेश्वरले आहाजको धूप-घड़ीमा छाया दस डिग्री पछाड़ि सार्नुभयो। (कालक्रमअनुसार २ राजाहरू २०ः७ पद यस अध्यायको ८-११ पदको खण्डको पछि पर्छ।)

अनि २ इतिहास ३२ः३१ पदबाट हामी कुन निष्कर्षमा पुग्छौं भने, आहाजको धूपघड़ीमा छाया दस डिग्री पछाड़ि सरेको घटना एउटा अलौकिक घटना भएको हुनुपर्ला, जुन घटनाको खबर बेबिलोनसम्म पुग्यो। किनकि बेबिलोनीहरूले तारागण र खगोलीय पिण्डहरू पूजा गर्थे। अनि तिनीहरूले पक्कै पनि सूर्यजस्तै मुख्य खगोलीय पिण्डमा कुनै अनियमितता भए-देखि सो चाल पाउनेथिए। यसकारण यत्रो अद्‌भुत आश्चर्यकर्म हिजकियाहको खातिर भएको थियो भन्ने खबर छिटो-छिटो चारैतिर फैलियो।

### ए) २ राजाहरू २०ः१२-२१ः हिजकियाहको घमण्ड मूर्खता ठहरिएको

**२ राजाहरू २०ः१२-१८ः** बेबिलोनका राजा बरोदक-बलदानले हिजकियाहलाई उनी निको भएकोमा बधाईको सन्देश पठाए। तर निस्सन्देह तिनको वास्तविक उद्देश्यचाहिँ अश्शूरको विरुद्धमा यहूदासँग आफ्नो सम्बन्ध बलियो बनाउनु थियो। हिजकियाहले मूर्खतापूर्वक बेबिलोनका सन्देशवाहकहरूलाई आफ्ना सबै धनसम्पत्तिहरू देखाए। (अनि २ इतिहास ३२ः३१ पदबाट हामीलाई के थाहा लागेको छ भने, परमेश्वरले उनको हृदयमा के थियो, सो जान्नको निम्ति उनलाई यस परिस्थितिद्वारा जाँच्दै हुनुहुन्थ्यो। अनि उनको हृदयमा के थियो? यसको जवाफ सुन्नुहोस्ः उनको हृदयमा घमण्ड थियो।) हिजकियाहले यसो गरेको हुनाले यशैयाले उनलाई हप्काए र भविष्यवाणी गरेः बेबिलोनले यहूदा कैद गरेर लानेथियो; अनि हिजकियाहका कतिपय छोराहरू बेबिलोनका राजाको दरबारमा नपंसक हुनेथिए, अथवा एन.ए.एस.बी.को अनुवादअनुसार तिनीहरू 'अफिसरहरू' हुनेथिए रे। तर यी धन-

सम्पत्तिहरू बेबिलोनमा लगिनुभन्दा अघि तीमध्ये धेरै सुन र चाँदी अश्शूरमा जानेथियो। किनकि हिजकियाह निको भएको केही समयपछि अश्शूरीहरूले कनान देशमाथि आक्रमण गरे, अनि हिजकियाहले सनहेरिबलाई करको रूपमा ठूलो रकम तिरे (२ राजाहरू १८:१३-१६)।

**२ राजाहरू २०:१९:** हिजकियाहले परमेश्वरको यो न्यायको फैसला शिरोपर गरे, झुके र आफ्नो लापरवाही मानिलिए। अनि उनले भनेः 'मेरा दिनहरूमा शान्ति र सत्यता कायम रहे भने यो किन असल होइन र?'

**२ राजाहरू २०:२०-२१:** हिजकियाहले एउटा दह र एउटा कुलो बनाए, जुन कुलो-मार्फत यरूशलेम-बाहिर अवस्थित भएको मुहानबाट शहरमा खाने पानी बग्थ्यो। यस्तो लुकिरहेको पानीको स्रोत विशेष घेराबन्दी भएको समयमा मूल्यवान् ठहरिनेथियो। वर्तमान समयमा गिहोनको मुहानदेखि सिलोआम नामक दहसम्म हिजकियाहले खनेको सुरुङबाट भएर हिँड़ेर आउन अझै पनि सम्भव छ।

हिजकियाहका कर्मचारीहरूले लेखेको एउटा शिलालेख इस्वी संवत् १८८० सालमा फेला पर्‍यो, जुन शिलालेख पुरानो यहूदी लिपीमा लेखिएको थियो। यो शिलालेख त्यहाँबाट हटाइयो र टर्कीको संग्रहालयमा लगियो, किनभने त्यस समयमा टर्कीले पुरानो तुर्क साम्राज्यको रूपमा कनान देशमाथि राज्य गरिरहेको थियो।[24)]


यस समयमा मीकाको सेवकाईको अन्त भएको थियो।

### ख) २ राजाहरू २१:१-१८: राजा मनस्से

अनि ख्रीष्टपूर्व ६९७/६९६ साल-देखि ख्रीष्टपूर्व ६४३/६४२ सालसम्म हिजकियाहका छोरा मनस्सेले पचपन्न वर्ष यहूदामाथि राज्य गरे (२ इतिहास ३३:१-२०)।

**२ राजाहरू २१:१-९:** मनस्सेको शासनकाल यहूदाका सबै राजाहरूका शासनकालभन्दा लामो र सबैभन्दा दुष्ट थियो। तिनको इतिहासको वर्णनमा कलङ्क-हरू यस प्रकारका छन्: तिनले बाल-पूजा, अशेरा-देवी र तारागणको पूजा फेरि शुरु गरे; तिनले परमप्रभुको भवनका दुई चोकहरूमा तारागणको पूजा गर्ने वेदीहरू बनाईकन परमप्रभुको भवन अपवित्र पारे। तिनले आफ्नो छोरालाई आगोमा होम गरे। तिनले साइत हेर्थे, मन्त्रतन्त्र गर्थे, अनि भूतप्रेत खेलाउने र टुनामुना गर्नेहरूलाई प्रयोग गर्थे। तिनले परमेश्वरको भवनमा अशेराको खाँबा स्थापित गरे (अशेराको मूर्ति हामीले शिवलिङ्गजस्तै प्रजननको शर्मलाग्दो प्रतीक सम्झनुपर्ला)। *'यस भवनमा र यरूशलेममा, जुन यरूशलेम मैले इस्राएलका सबै कुलहरूबाट चुनेको छ, म आफ्नो नाम सदा-सर्वदा राख्नेछु, अनि इस्राएलीहरूले मैले उनीहरूलाई आज्ञा गरेका सबै कुराहरूअनुसार र मेरो दास मोशाले उनीहरूलाई आज्ञा गरेको सारा व्यवस्थाअनुसार साँच्चै होशियारसाथ गरे भने मैले उनीहरूका पितापुर्खाहरूलाई दिएको देशबाट म इस्राएलका पाउहरू फेरि कहिल्यै घुमिहिँड्ने तुल्याउनेछैनँ'* भनेर परमेश्वरको आत्माले परमप्रभुको भवनको सम्बन्धमा परमेश्वरले आफ्ना जनहरूलाई गर्नुभएको प्रतिज्ञा दोहोर्‍याउँदै मनस्सेले गरेका अधर्महरूको गम्भीरतामा बढ़ी जोड़ गर्न खोज्नुभयो (१ राजाहरू ८:२९ र ९:३)।

**२ राजाहरू २१:१०-१५:** मनस्सेले आफ्नो जनतालाई एमोरीहरूले गरेका दुष्टताभन्दा पनि महादुष्ट पापहरूमा अग्रसर गरे। फलस्वरूप परमेश्वरले सामरिया र अहाबको घरानालाई जसरी दण्ड दिनुभएको थियो,




त्यसरी नै उहाँले यहूदालाई पनि दण्ड दिनुहुनेथियो। यहाँ 'नाप्ने डोरी र साहुल लगाउनेछु' भनेको मतलब 'न्याय गर्नेछु' हो। अनि जसरी मानिसले एउटा थाल उल्टाएर खाली गर्छ र पुछपाछ गर्छ, त्यसरी नै उहाँले यरूशलेम मेटाइदिनुहुनेथियो। उहाँका जन-हरू कैद गरेर लगिनेथिए; किनभने तिनीहरूले परमप्रभुलाई अत्यन्तै रिस उठाए।

**२ राजाहरू २१ः१६-१८ः** मनस्सेले मूर्तिपूजा गरेको कुरा पर जाओस्, तिनले अति धेरै निर्दोष रगत बगाए। 'यशैयाको कल्पना' नामक गैर-कानुनी पुस्तकअनुसार मनस्सेले एउटा आरा लिएर भविष्यवक्ता यशैयालाई दुई टुक्रा पारे (हिब्रू ११ः३७)।

अनि २ इतिहास ३३ अध्यायबाट हामी के सिक्छौं भने, अश्शूरका राजा अशूर-बनिपालले मनस्सेलाई कैद गरेर बेबिलोनमा लगे। अनि तिनी त्यहाँ भ्यालखानामा बसेको बेलामा तिनले पश्चात्ताप गरे, र तिनी परमप्रभुकहाँ फर्के। त्यसपछि तिनलाई यरूशलेममा फर्कने र आफ्नो शासन फेरि चलाउने अनुमति दिइयो। यो परमप्रभुको अनुग्रह, प्रेम र कृपाको उपयुक्त प्रमाण थियो। तिनले आफूले गरेको हानिको पूर्ति गर्ने प्रयास गरे, तर यसको निम्ति धेरै ढिलो भइसकेको थियो; किनकि तिनको छोरा लगायत तिनको जनताले तिनको पहिलो खराब उदाहरण अपनाइसके (२ इतिहास ३३ः१४-२३)।

### ग) २ राजाहरू २१ः१९-२६ः राजा आमोन

ख्रीष्टपूर्व ६४२ सालदेखि ख्रीष्टपूर्व ६३९ सालसम्म मनस्सेका छोरा आमोनले दुई वर्ष यहूदामाथि राज्य गरे (२ इतिहास ३३ः२१-२५)।

आमोन मूर्तिपूजा गरेको र साँचो परमेश्‍वरलाई त्यागेकोमा कुख्यात थिए। अनि तिनका केही सेवकहरूले तिनको विरुद्धमा षड्‌यन्त्र रचे र तिनको दुई वर्षको छोटो शासनकालपछि तिनको हत्या गरे। अनि मानिसहरूले यी हत्याराहरूलाई मृत्यु-दण्ड दिए; त्यसपछि तिनीहरूले तिनको छोरा योसियाहलाई तिनको सट्टामा राजा बनाए। अनि न आमोन, न तिनका बुबा मनस्से यहूदाका राजाहरूका चिहानमा गाड़िए।

### घ) २ राजाहरू २२ः१-२३ः३०ः राजा योसियाह

अनि ख्रीष्टपूर्व ६४१ सालदेखि ख्रीष्ट-पूर्व ६०९ सालसम्म आमोनका छोरा योसियाहले एकतीस वर्ष यहूदामाथि राज्य गरे (२ इतिहास ३४-३५ अध्यायहरू)।

### अ) २ राजाहरू २२ः१-७ः राजा योसियाहले परमप्रभुको भवन मर्मत गरेको

यसै समयमा भविष्यवक्ता सपन्याह र यर्मियाले आफ्नो भविष्यवाणीको सेवकाई शुरु गरे (सपन्याह १ः१; यर्मिया २५ः३)। अनि भविष्यवक्ता हबक्कूकले योसियाहको शासनकालको अन्ततिर सेवा गरेका हुन सक्छ। योसियाहको शासनकालचाहिँ यहूदाको राज्यको निम्ति सुधारको अन्तिम युग थियो। उनले मूर्तिपूजाको विरुद्धमा कड़ा कारबाही गरे र मानिसहरूलाई परमप्रभुकहाँ फर्कने आह्‍वान दिए। उनको शासनकालको अठारौं वर्षमा उनी छब्बीस वर्षका थिए; यस वर्षमा उनले परमप्रभुको भवनको मर्मत गर्ने आयोजना गरे। परमप्रभुको भवनमा जम्म भएको रुपियाँपैसा श्रमिकहरूलाई दिइयो र सामग्रीहरूको निम्ति खर्च गरियो। कामदार-हरूको इमानदारिताको कारणले तिनीहरूको जिम्मामा लगाइएको रकमको बारेमा तिनी-हरूसित हिसाबकिताब गर्नुपर्दैनथियो।

### आ) २ राजाहरू २२ः८-२०ः राजा योसियाहले व्यवस्थाको पुस्तक भेट्टाएको

**२ राजाहरू २२ः८-१०ः** परमप्रभुको भवनको मर्मत-कार्य भइरहेको बेलामा प्रधान पूजाहारी हिल्कियाहले व्यवस्थाको पुस्तकको प्रतिलिपि भेट्टाए। हुन सक्छ, तिनले भेट्टाएको पुस्तक सम्पूर्ण पेन्टटुक थियो, कि त व्यवस्थाको पुस्तक थियो होला। यो पुस्तक राजा योसियाहकहाँ लगियो र उनको सामु पढ़ेर सुनाइयो।

**२ राजाहरू २२ः११-१३ः** अनि जब राजाले परमेश्‍वरको वचन सुने, तब उनको राज्य र यसका मानिसहरू परमप्रभुबाट धेरै टाढ़ा पुगेको उनले महसुस गरे। तब उनले पश्‍चात्तापमा आफ्नो लुगा च्याते। त्यसपछि उनले आफ्ना पाँचजना अधिकारीहरूलाई परमप्रभुसँग सोधखोज गर्न पठाए; किनकि यहूदाका पापहरूको खातिर यस राज्यमाथि परमेश्‍वरको क्रोध परिरहेको उनले बुझे।

**२ राजाहरू २२ः१४-२०ः** अनि यी अधिकारीहरू भविष्यवक्तिनी हुल्दाकहाँ गए, जो यरूशलेमको दोस्रो टोलमा बस्थिन्। तिनीहरू सीधै यर्मिया वा सपन्याहकहाँ गएनन्। हुन सक्छ, हुल्दाचाहिँ यर्मियाकी काकी थिइन्, कि कसो हो (२ राजाहरू २२ः१४ पद यर्मिया ३२ः७ पदसित तुलना गर्नुहोस्)। यिनले योसियाहको डर पुष्टि गरिन्ः हो, मानिसहरूको भ्रष्टताको खातिर परमेश्‍वरले छिट्टै यहूदालाई दण्ड दिन लाग्नुभएको थियो। तर योसियाहको जीवन-कालमा यो सजाय आउनेथिएन भनेर यिनले कुरा थपिन्; किनभने उनले आफूलाई विनम्र तुल्याएका थिए र पश्‍चात्ताप गरेका थिए।

२ राजाहरू २३:२९ पदअनुसार योसियाह पछि लड़ाइँमा मरे; यस कुराले २ राजाहरू २२:२० पदमा 'तिमी शान्तिसित आफ्नो चिहानमा मिल्न जानेछौ' भनेको वाक्यको कुरा काट्दैन। किनकि यस वाक्यको अर्थ यस प्रकार हुन सक्छः क) प्रतिज्ञाअनुसार बेबिलोनी कैदको प्रकोप यहूदामाथि पर्नुभन्दा अघि; अथवा यसको मतलब यो पनि हुन सक्छः ख) परमेश्वरसँग मेलमिलाप भएको अवस्थामा योसियाह मर्नेथिए। (किनकि मानिसहरूसँग मेलमिलाप भएको अवस्थामा उनी मरेनन्; यो पक्का थियो)।

### इ) २ राजाहरू २३:१-३: राजा योसियाहले परमप्रभुसितको करार पुनर्स्थापित गरेको

अब राजाले परमप्रभुको भवनमा एउटा पवित्र सभा आयोजना गरे र सबै मानिसहरूको सुनाइमा करारको पुस्तकका वचनहरू पढ़ेर सुनाइयो। 'याकीन' नामक खाँबाको छेउमा उभिएर उनले व्यवस्थाका सबै वचनहरू पालन गर्नेछौं भन्ने वाचा बाँधे। अनि मानिसहरूले पनि परमप्रभुसँगको यस वाचामा प्रवेश गरे।

### ई) २ राजाहरू २३:४-३०: राजा योसियाहको धर्मसुधार

**२ राजाहरू २३:४-९:** त्यसपछि यहाँ, यस खण्डमा योसियाहले गरेका धेरै सुधारका कार्यहरूको सूचि पेश गरिएको छ। उनले मूर्तिपूजामा प्रयोग हुने सबै वस्तुहरू हटाएर परमप्रभुको भवन सफा गरे; उनले ती वस्तुहरू जलाइदिए र तिनको खरानी बेतएलमा त्यहाँको थान अशुद्ध पार्न लगे। उनले मूर्तिपूजा गर्ने पूजाहारीहरूलाई हटाए, र मारे पनि कि? उनले परमप्रभुको भवनबाट अशेराको मूर्ति निकालिदिए, त्यसलाई जलाइदिए र त्यसको खरानी जनसाधारण-हरूका चिहानहरूमाथि छरिदिए। उनले मन्दिर-क्षेत्रमा रहेका पुरुषगामीहरू अर्थात् देवदासहरूका डेराहरू भत्काइदिए, जहाँ स्त्रीहरूले अशेराको निम्ति पर्दाहरू बुन्ने गर्थे। उनले उच्च स्थानहरू अपवित्र पारे। यसको मतलब के हो भने, ती उच्च स्थानहरू फेरि कहिल्यै प्रयोगमा नआउने गरी उनले ती उच्च स्थानहरू अशुद्ध तुल्याइदिए। उनले यहूदाका शहरहरूबाट सबै पूजाहारीहरूलाई बोलाइ-पठाए, जहाँ तिनीहरूले बितेको समयमा ती उच्च स्थानहरूमा परमप्रभुलाई बलि र धूप चढ़ाइरहेका थिए; किनकि परमेश्वरले यरूशलेम बलि र भेटीहरू चढ़ाउने ठाउँको रूपमा छान्नुभएको थियो। अनि योसियाहले ती पूजाहारीहरूलाई परमप्रभुको भवनमा सेवा गर्नबाट रोके, तर तिनीहरूलाई अखमिरी रोटीहरूको भाग दिए।

**२ राजाहरू २३:१०-१२:** उनले हिन्नोमका छोराहरूको बेंसीमा 'तोपेत' नामक देवथान अपवित्र तुल्याइदिए र त्यसलाई भत्काइदिए, जहाँ मानिसहरूले मोलेकको निम्ति बाल-बलिहरू चढ़ाउने गर्थे। उनले सूर्यलाई अर्पण गरिएका घोड़ाहरू हटाइदिए र सूर्यका रथहरू जलाइदिए; यी थोकहरू बितेको समयमा यहूदाका राजाहरूले सूर्यको पूजाको सम्बन्धमा प्रयोग गर्ने गर्थे। उनले आहाज र मनस्सेले विभिन्न मूर्तिको नाममा बनाएका वेदीहरू भत्काइदिए। परमप्रभुकहाँ फर्केपछि मनस्से आफैले यी वेदीहरू हटाइदिएका थिए (२ इतिहास ३३:१५); तर निस्सन्देह मूर्तिपूजामा लीन भएका राजा आमोनले यी वेदीहरू फेरि काममा ल्याएका हुनुपर्ला। तर यी वेदीहरू कहिल्यै फेरि प्रयोगमा नआउने गरी योसियाहले यिनलाई पूरापूर खतम पारे।

**२ राजाहरू २३:१३-१४:** अनि उनले राजा सुलेमानको पालोदेखि जैतुन डाँड़ाको दक्षिणी छेउमा रहेका उच्च स्थानहरू अशुद्ध

पारे। (जैतुन डाँड़ा यहाँ विनाशको डाँड़ा पो भएछ)। उनले मूर्तिहरू टुक्रा-टुक्रा पारे र अशेराका मूर्तिहरू काटेर ढालिदिए, त्यसपछि मानिसहरूका हड्डीहरूले भरेर ती स्थानहरू अशुद्ध पारिदिए।

**२ राजाहरू २३:१५-१८:** अनि उनले बेतएलमा भएको वेदी भत्काइदिए र त्यो उच्च स्थान जलाइदिए। त्यसपछि उनले त्यसको नजिकमा भएका चिहानहरूबाट हड्डीहरू लिएर यस वेदीका अवशेषहरूमाथि राखेर जलाइदिए। ('इस्राएलीहरू र अन्यजातिहरू दुवैले मरेका मानिसहरूका हड्डीहरू अशुद्ध थोकको रूपमा लिन्थे, जसको अशुद्धता चिरस्थायी अशुद्धता थियो' [25]) । यस सबका सबमा यो भविष्यवाणी पूरा भएको थियो, जुन भविष्यवाणी तीन सय वर्षभन्दा अघि एकजना परमेश्वरका जनले भविष्यवाणी गरेर इस्राएलका राजा यारोबामलाई भनेका थिए। अनि पवित्र धर्मशास्त्र बाइबलमा योसियाह आफ्नो जन्म लिनुभन्दा पहिले नै नाम पाएको थोरै व्यक्तिहरूमध्ये एक हुन् (१ राजाहरू १३:२)। अज्ञात भविष्यवक्ताले बेतएलमा भएको वेदीको विरुद्धमा बोलेको वचन पूरा गर्न योसियाहचाहिँ परमेश्वरको निम्ति पूर्व-निर्धारित भएको र उहाँद्वारा छानिएको पात्र थिए।

अनि जब राजा योसियाहले बेतएलको वेदीको विरुद्धमा गवाही दिएका परमेश्वरका जनको चिहान देखे, तब उनले यी भविष्यवक्ताका हड्डीहरू कसैले पनि चलाउन पाउँदैन भन्ने आदेश दिए। यसकारण यी हड्डीहरूले चिहानमा रहन पाए, अनि यीसित सामरियाबाट आएका अज्ञात भविष्यवक्ताका हड्डीहरूले पनि रहन पाए (१ राजाहरू १३:३०-३१)।

**२ राजाहरू २३:१९-२०:** अनि राजाका सुधार-कार्यहरू सामरियासम्म फैलेर गए। उनले यस क्षेत्रमाथि पनि आफ्नो अधिकार जमाउन सके; किनभने अश्शूरको शक्ति घट्दैथियो। उनले त्यहाँका उच्च स्थानहरू नष्ट गरिदिए र मूर्तिपूजा गर्ने सबै पूजाहारी-हरूलाई ती वेदीहरूमाथि मारिदिए, जुन वेदीहरूमाथि तिनीहरूले बलि चढ़ाउने गर्थे। अनि उनले मानिसहरूका हड्डीहरूको खरानीले यी ठाउँहरू अपवित्र पारे।

**२ राजाहरू २३:२१-२३:** अनि यरूशलेममा फर्केपछि योसियाहले पढ़ेको परमप्रभुको वचनअनुसार निस्तार चाड़को पुनर्स्थापना गरे। (यसको थप विवरणको लागि २ इतिहास ३५:१-१९ हेर्नुहोस्)। न्यायकर्ताहरूको समयदेखि यता योजस्तै भव्य रूपले निस्तार चाड़ कहिल्यै मानिएको थिएन। हुन सक्छ, अरू बेलामा निस्तार चाड़का उत्सवहरू यसभन्दा ठूला र विशाल थिए, तर यो निस्तार चाड़ परमप्रभुलाई साह्रै मन परेको थियो। पवित्र धर्मशास्त्र बाइबलले इस्राएल एउटा राज्य भएको समयमा केवल तीनवटा निस्तार चाड़का उत्सवहरूको विषयमा उल्लेख गरेको छः सुलेमानले मनाएको निस्तार चाड़ (२ इतिहास ८), हिजकियाहले मनाएको निस्तार चाड़ (२ इतिहास ३०) र योसियाहले मनाएको निस्तार चाड़ (२ राजाहरू २३)।

**२ राजाहरू २३:२४:** अनि योसियाहले देशबाट सबै भूतप्रेत खेलाउनेहरू, टुनामुना गर्नेहरू, ज्योतिषीहरू र अन्य जादुगरहरूलाई हटाएर त्यसलाई शुद्ध गरे।

**२ राजाहरू २३:२५-२७:** उनका सुधार-कार्यहरूको पूर्णताको हिसाबले उनी यहूदाका राजाहरूको बीचमा सबैभन्दा महान् राजा थिए। केवल राजा हिजकियाह योसियाहको स्तरमा आइपुग्न सकेका थिए; किनकि परमेश्वरमाथि सकभर भरोसा गरेको सम्बन्धमा तिनले उस्तै सम्मान पाएका थिए (२ राजाहरू १८:५-६)। योसियाहको

शासन असल भए पनि परमप्रभुले आफ्नो योजना बदली गर्नुभएन, तर उहाँले मानिस-हरूलाई कैदमा पठाउनुहुने नै थियो र यरूशलेम नाश गर्नुहुने नै थियो।

**२ राजाहरू २३ः२८-३०ः** अब ख्रीष्टपूर्व ६०९ सालको कुरा आयोः मिस्र देशका फाराओ नेको आफ्नो सेना लिएर बेबिलोनको विरुद्धमा लड़ाइँमा अश्शूरीहरूलाई सहायता गर्नको निम्ति कनान देशको छेउ-छेउबाट भएर भूमध्यसागरको सिमाना-सिमानामा उत्तरतर्फ गइरहेका थिए। राजनीतिको विचारले प्रेरित भएका योसियाहले नेकोको प्रस्थानको प्रतिरोध गर्ने निर्णय गरे, र यही कारणले उनी मेगिद्दोमा मर्ने गरी घाइते भए। उनका सेवकहरूले उनलाई यरूशलेममा ल्याइपुर्‍याए, जहाँ उनी मरे, र जहाँ उनी गाड़िए (२ इतिहास ३५ः२०-२४)। मेगिद्दो-बाट नेको अघि बढ़े र यूफ्रेटिस नदीमा पुगे, जहाँ चार वर्षपछि बेबिलोनीहरूले तिनलाई कर्कमिशको लड़ाइँमा पराजित गरे (यर्मिया ४६ः२)।

### ङ) २ राजाहरू २३ः३१-३३ः राजा यहोआहाज

अनि ख्रीष्टपूर्व ६०९ सालमा योसियाहका छोरा यहोआहाजले केवल तीन महिना यहूदा-माथि राज्य गरे (२ इतिहास ३६ः१-४)। (यहोआहाजको अर्को नाम शल्लूम पनि हो)।

अनि यहोआहाजले आफ्ना बुबा योसियाहका सुधार-कार्यहरू बेवास्ता गरे र मानिसहरूलाई मूर्तिपूजाकहाँ फर्कन दिए। मिस्र देशका फाराओ नेकोले तिनलाई अराम देशको हमातमा रहेको रिब्लामा बोलाए र बन्धनमा राखे, किनकि त्यहाँ मिस्रीहरूले आफ्नो छाउनी हालेका थिए र त्यहाँ फाराओ नेकोले यहूदालाई कर तिर्न लगाए। केही समयपछि तिनले यहोआहाजलाई मिस्र देशमा लगे, जहाँ यहोआहाजको मृत्यु भयो (यर्मिया २२ः११-१२)।

### च) २ राजाहरू २३ः३४-२४ः७ः राजा यहोयाकिम

अनि ख्रीष्टपूर्व ६०९ सालदेखि ख्रीष्ट-पूर्व ५९८ सालसम्म योसियाहका छोरा यहोयाकिमले एघार वर्ष यहूदामाथि राज्य गरे (२ इतिहास ३६ः५-८; यर्मिया २२ः१८-१९; यर्मिया २६ः२१-२३; यर्मिया ३६ः९-३२)।

**२ राजाहरू २३ः३४-३७ः** अनि फाराओ नेकोले यहोआहाजका दाजु एल्याकिमलाई योसियाहको ठाउँमा राजा बनाए र एल्याकिमको नाम बदली गरेर यहोयाकिम राखे। यहोयाकिमचाहिँ योसियाहका बाँचेका छोराहरूमा जेठा थिए (३१ पद र ३६ पद आपसमा तुलना गर्नुहोस्); तर मानिसहरूले शुरुमा तिनलाई होइन, तर तिनका भाइ यहोआहाजलाई सिंहासनमाथि राखेका थिए। फाराओ नेकोले यो कुरा उल्टाए र यहोयाकिमलाई एक कठपुतली राजाको रूपमा नियुक्त गरे। तिनी परमप्रभुप्रति भन्दा फाराओप्रति बढ़ी विश्वासयोग्य थिए।

**२ राजाहरू २४ः१-४ः** ख्रीष्टपूर्व ६०५ सालमा मिस्रको सेना कर्कमिशमा बेबिलोनद्वारा पराजित भयो, र यहूदाचाहिँ बेबिलोनीहरूको अधीनतामा आयो।

यहोयाकिमले भविष्यवक्ता ऊरियाहलाई मारे (यर्मिया २६ः२३), र परमेश्वरको लिखित वचन जलाइदिए, जुन वचन यर्मियाले यहूदा र इस्राएलको विषयमा लेखे (यर्मिया ३६ः२३)। यहोयाकिमले यर्मिया र उनका लेखक बारूकलाई पक्रन खोजे; तर परमप्रभुले उनीहरूलाई लुकाइदिनुभयो (यर्मिया ३६ः२६)। अनि यहोयाकिमको शासनकालको तेस्रो वर्षमा बेबिलोनका राजा

नबूकद्नेस्सर यरूशलेमको विरुद्धमा आए (२ राजाहरू २४:१); तिनले दानियल लगायत केही बासिन्दाहरूलाई बेबिलोनमा लगे र मन्दिरबाट केही भाँड़ाकुँड़ाहरू पनि लगे (२ इतिहास ३६:७; दानियल १:१-२)। अनि तिनले यहोयाकिमलाई बेबिलोनमा ल्याउन भनी साङ्लाले बाँधे। तिनले कि त आफ्नो मन बदली गरेको, कि त यहूदाका राजालाई यरूशलेममा फर्काएको हुनुपर्ला; किनभने यहोयाकिमले पछि बेबिलोनीहरूको विरुद्धमा विद्रोह गरे (२ राजाहरू २४:१)। श्री जोह्न सी. ह्विटकोम्बले तिनको परिस्थिति निम्न शब्दले वर्णन गरेका छन्:

> 'इतिहासको पुस्तकको लेखकले के भन्छन् भने, *"नबूकद्नेस्सरले उनलाई बेबिलोनमा लैजान उनलाई पित्तलका नेलहरूले बाँधे"* (२ इतिहास ३६:६); तर आफ्नो यो विचार काममा परिणत गर्नुभन्दा अघि नै नबूकद्नेस्सरले आफ्नो मन बदली गरे; किनभने एउटा महत्त्वपूर्ण घटना घट्यो। किनकि अगस्त १५ तारिखमा बेबिलोनमा तिनका बुबा नबो-पोलास्सारको मृत्यु भएको थियो; अनि हालैमा तिनले यसको खबर पाए। तब तिनले आफ्नो सिंहासन खतरामा परेको महसुस गरे र यहोयाकिमलाई तिनीप्रति निष्ठावान् हुन्छु भन्ने प्रण गर्न करमा पारेर उनलाई कठपुतली राजा तुल्याए, त्यसपछि तिनी अरबी मरुभूमि हुँदै छोटो बाटो लिएर बेबिलोनमा फर्के।' **26)**

मनस्सेका पापहरूको खातिर परमेश्वरले यहूदाको विरुद्धमा चारवटा देशहरूबाट आक्रमणकारी सेनाहरू पठाउनुभयो।

**२ राजाहरू २४:५-७:** अनि परमप्रभुले आदेश दिनुभयो: एउटा गधा जस्तै गाड़िन्छ, ठीक त्यस्तै राजा यहोयाकिम गाड़िनेथिए अर्थात् तिनको लास शहर-बाहिर घिसारिनेथियो, जहाँ त्यो त्यत्तिकै फ्याँकिनेथियो र हिंस्रक पशुहरूको निम्ति छोड़िनेथियो (यर्मिया २२:१९)। यहाँ, यस खण्डमा तिनको मृत्यु के-कसो भयो, यसको कुनै जानकारी दिइएको छैन।

### छ) २ राजाहरू २४:८-१६: राजा यहोयाकिन

अनि ख्रीष्टपूर्व ५९८ सालदेखि ख्रीष्टपूर्व ५९७ सालसम्म यहोयाकिमका छोरा यहोयाकिनले तीन महिना यहूदामाथि राज्य गरे (२ राजाहरू २५:२७-३०; २ इतिहास ३६:९-१०)। यहोयाकिनका अर्का नामहरू यकोनियाह र कोन्याह पनि थिए।

अनि यस दुष्ट राजाको छोटो शासनकालमा नबूकद्नेस्सरले यरूशलेम शहर घेरामा हाले र कैदीहरूको दोस्रो झुण्ड बेबिलोनमा लगे। यी कैदीहरूको बीचमा इजकिएल पनि थिए, जो बेबिलोनमा लगिए। यस झुण्डमा राजाको परिवार, सात हजार सिपाहीहरू र सबै निपुण कारिगरहरू पनि थिए। वास्तवमा, गरिब मानिसहरू मात्र देशमा छोड़िए। नबूकद्नेस्सरले मन्दिर र राज-दरबारका भण्डारहरू खाली गरे र सबै धनसम्पत्ति लगे। अनि २ राजाहरू २४:१४ पदअनुसार जम्म दस हजार कैदीहरू थिए। तर यर्मियाले भनेअनुसार चार हजार छ सय कैदीहरू लगिए (यर्मिया ५२:२८-३०)। यसकारण हुन सक्छ, राजाहरूको दोस्रो पुस्तकमा पेश गरिएको अङ्कमा अन्य अवसरहरूमा लगिएका कैदीहरू पनि समावेश भए होलान्। अनि यहोयाकिन सैंतीस वर्ष कैदमा बसेपछि बेबिलोनका राजा एवील-मरोदकले तिनलाई जेलबाट मुक्त गरे, तिनलाई अन्य कैदी राजाहरूभन्दा उच्च राखे, तिनलाई दरबारमा सम्मानको स्थान दिए र तिनको बाँकी जीवनभरि उदारचित्तले तिनलाई नियमित भत्ता दिए (२ राजाहरू २५:२७-३०)।

भविष्यवक्ता इजकिएलले यस अवधिमा आफ्नो सेवकाई शुरु गरे।

### ज) २ राजाहरू २४:१७-२५:७: राजा सिद्‌कियाह

अनि ख्रीष्टपूर्व ५९७ सालदेखि ख्रीष्ट-पूर्व ६८६ सालसम्म यहोयाकिनका काका सिद्‌कियाहले एघार वर्ष यहूदामाथि राज्य गरे (२ इतिहास ३६:११-२१; यर्मिया ५२:१-३०)।


**२ राजाहरू १४:१७-२०:** अनि बेबिलोनका राजाले यहोयाकिनका काका मत्तन्याहलाई तिनको ठाउँमा राजाको रूपमा नियुक्त गरे। अनि बेबिलोनका राजाले मत्तन्याहको नाम बदली गरेर सिद्‌कियाह राखे। अनि सिद्‌कियाहले राजा नबूकद्‌नेस्सरसँग सन्धि गरे, र तिनी उनको कठपुतलीको रूपमा शासन गर्न सहमत भए। तर त्यसपछि तिनले यो सम्झौता तोड़िदिए, बेबिलोनका राजाको विरुद्धमा विद्रोह गरे र मिस्र देशबाट सहायता मागे। सिद्‌कियाहले आफ्नो भाकल तोड़ेर कसरी विश्वासघात गरेको र परमेश्‍वरको न्याय कसरी तिनीमाथि आइपरेको, सो कुराको विषयमा इजकिएल १७:११-२१ पदको खण्डमा लेखिएको छ।

**२ राजाहरू २५:१-७:** मिस्र देशसँग लागेका सिद्‌कियाहले रचेको षड्‌यन्त्रले यरूशलेम शहरमाथि अन्तिम प्रहार निम्त्यायो। अनि नबूकद्‌नेस्सरले यो शहर उठार महिनासम्म घेरामा हाले; अनि यस शहरभित्रै भयानक अनिकाल लाग्यो। सिद्‌कियाह र तिनका योद्धाहरूले राति शहरबाट भाग्न खोजे र मृत सागरको नजिकैमा अवस्थित भएको उजाड़स्थानमा उम्कन खोजे। तर कल्दीहरूले राजा सिद्‌कियाहलाई पक्रे र अराम देशको हमातमा परेको रिब्लामा नबूकद्‌नेस्सरकहाँ ल्याए। अनि तिनकै आँखाको अगाड़ि तिनका छोराहरूलाई मारेर बेबिलोनका राजाले तिनका आँखाहरू घोचेर निकाल्ने आज्ञा गरे र तिनलाई पित्तलका नेलहरूले बाँधेर बेबिलोनमा लैजाने आदेश दिए। यसरी नै ध्यान दिन लायकका दुईवटा भविष्यवाणीहरू पूरा भए: **क)** सिद्‌कियाहले बेबिलोनका राजालाई आमुन्ने-सामुन्ने देख्नेछन् भन्ने भविष्यवाणी यर्मियाले गरेका थिए (यर्मिया ३२:४ र ३४:३)। अनि यो भविष्यवाणी रिब्लामा पूरा भयो। **ख)** तिनी बेबिलोनमा ल्याइनेछन्, तर तिनले त्यो देश देख्नेछैनन्, अनि तिनी त्यहीं मर्नेछन् भनेर इजकिएलले भविष्यवाणी गरेका थिए (इजकिएल १२:१३)। अनि सिद्‌कियाह बेबिलोनमा पुग्नुभन्दा अघि तिनका आँखाहरू घोचेर निकालिए; अनि तिनी बेबिलोनमा मरे।

### झ) २ राजाहरू २५:८-२१: यरूशलेमको विनाश

**२ राजाहरू २५:८-१२:** अनि ख्रीष्टपूर्व ५८६ सालमा यरूशलेमको विनाश पूरा भयो, जब बेबिलोनका अङ्गरक्षकहरूका कप्तान नबूजर-अदानले यो शहर कब्जा गरे। तिनले परमप्रभुको भवन, राज-दरबार र सबै ठूला-ठूला भवनहरू जलाइदिए। तिनले यस शहरका पर्खालहरू भत्काइदिए र देशमा केवल गरिब मानिसहरूलाई छोड़ेर अरू सबै मानिसहरूलाई कैद गरेर लगे।

**२ राजाहरू २५:१३-१७:** यस खण्डमा परमप्रभुको भवनका सबै सरसामानहरू लुटको माल बनेको वर्णन पेश गरिएको छ। बोक्न नसक्ने गह्रौं र ठूला थोकहरू टुक्रा-टुक्रा पारिए। कब्जा गरिएको पित्तल बेहिसाबको थियो। अनि जे सुनको थियो, त्यो सुन र जे चाँदी थियो, त्यो चाँदी अर्थात् कल्दीहरूले जे भेट्टाउन सके, त्यो सबै सुन र चाँदी उठाएर लगे।




**यहूदामाथि नबूकद्नेस्सरका आक्रमणहरू**

**२ राजाहरू २५:१८-२१:** नबूजर-अदानले यरूशलेमका प्रमुख नागरिक-हरूमध्ये बहत्तरजनालाई रिब्लामा राजा नबूकद्नेस्सरकहाँ लगे, जहाँ उनीहरू सबैलाई एकसाथ मृत्यु-दण्ड दिइयो ।

### ञ) २ राजाहरू २५:२२-२६: यहूदाको राज्यपाल गदल्याह

अनि बेबिलोनका राजा नबूकद्नेस्सरले गदल्याहलाई यहूदामा बाँकी रहेका मानिस-हरूमाथि राज्यपाल नियुक्त गरे । अनि जब चारजना सेनाका कप्तानहरूले यो कुरा सुने, तब तिनीहरू मिस्पामा उनीकहाँ आए; हुन सक्छ, तिनीहरूले मानिसहरू मिस्र देशमा भागून् भन्ने सल्लाह दिन त्यहाँ आए होलान् । तर गदल्याहले तिनीहरूलाई 'बेबिलोनको जुवामनि रहेर सबै कुरा सठीक हुनेछ' भन्ने सुझाउ दिए । केही समयपछि इश्माएल, जो राजवंशका थिए, आए र यिनले गदल्याह र तिनका सहकर्मीहरूलाई आक्रमण गरेर मारे ।

तब के गर्ने? सुव्यवास्थित सरकारविना छोड़िएका मानिसहरू मिस्र देशमा भागिहाले।

### ट) २ राजाहरू २५:२७-३०: राजा यहोयाकिन कैदबाट मुक्त भएको

राजाहरूको यो दोस्रो पुस्तकको वृत्तान्त हामीलाई एउटा उत्साहजनक टिप्पणी दिईकन समाप्त हुन्छ। राजाहरूको दोस्रो पुस्तक र यर्मियाको पुस्तक यस प्रकारले समाप्त हुन्छन्। (२ राजाहरू २५:२७-३० पदहरू यर्मिया ५२:३१-३४ पदको खण्डसित तुलना गर्नुहोस्)। राजा यहोयाकिन कैदमा लगिएको सैंतीसौं वर्षमा बेबिलोनका राजा एवील-मरोदकले तिनलाई आदरपूर्वक व्यवहार गरे। यस प्रकारको व्यवहारले निर्वासनका कठिनाइहरू बिस्तार-बिस्तारै हल्का हुँदै जानेछन् र एक दिन पूरा समाप्त हुनेछन् भन्ने आशा दिलायो।

राजाहरूको पहिलो पुस्तक दाऊदको मृत्युबाट शुरु भयो भने, राजाहरूको दोस्रो पुस्तक यहूदाको विनाशको बयान दिएर अन्त भयो। इस्राएली जाति मोशाको अधीनतामा असफल भएको थियो, तिनीहरू न्यायकर्ताहरूको अधीनतामा पनि असफल भएका थिए र अहिले पनि राजाहरूको अधीनतामा पनि असफल भए। किनकि मानिसहरूले परमेश्वरको वचन सुन्न र पालन गर्न मान्दैनथिए। तिनीहरूले भविष्यवक्ताहरूका आँसुहरू देखेर विचलित र व्याकुल हुन इन्कार गर्दैथिए। तिनीहरूले आफ्ना हृदयहरू कठोर पारे र आफ्ना गर्दनहरू कड़ा पारे, यहाँसम्म कि परमेश्वरले अश्शूरीहरू र बेबिलोनीहरूलाई नियुक्त गर्नुपरेको थियो। तिनीहरूले सिक्नुपर्ने पाठ यस प्रकारको थियोः पापको ज्याला मृत्यु हो। कैदले आफ्नो उद्देश्य असल ढङ्गले पूरा गर्‍यो; किनकि यो परमेश्वरका चुनिएका जनहरूका हृदय मूर्तिपूजाबाट शुद्ध पार्न सफल भयो।

## ENDNOTES:

**1) 1:2:** John C. Whitcomb, Jr., Solomon to the Exile, p. 64. Baal-zebul is translated "exalted Baal" by many scholars.

**2) 2:7-9:** George Williams, *The Student´s Commentary on the Holy Scriptures*, p.200.

**3) 3:4-9:** See Unger's Bible Dictionary, pp. 217, 226, 227.

**4) 3:26-27:** Harold Stigers, *"II Kings," in The Wycliffe Bible Commentary*, p. 344.

**5) 5:1-4:** D. L. Moody, *Notes from My Bible*, p. 58.

**6) 5:13-14:** D. L. Moody, *Notes from My Bible*, p. 58.

**7) 6:24-31:** Some take this to be literal bird excrement, but used for fuel.

**8) 7:1-2:** D. L. Moody, *Notes from My Bible*, p. 58.

**9) 7:3-7:** Matthew Henry, *"2 Kings," in Matthew Henry's Commentary on the Whole Bible*, II:745, 746.

**10) 8:13-15:** George Williams, *The Student´s Commentary on the Holy Scriptures*, p. 207.

**11) 8:7-15:** Merrill C. Tenney, *The Zondervan Pictorial Encyclopaedia of the Bible*, III:49.

**12) 9:30-37:** G. Campbell Morgan, *Searchlights from the Word*, p. 209.

**13) 10:15-17:** G. Campbell Morgan, *Searchlights from the Word*, p. 104.

**14) 11:4-11:** George Williams, *The Student´s Commentary on the Holy Scriptures*, p. 210.

**15) 12:1-5:** John C. Whitcomb, Jr., *Solomon to the Exile*, p. 103.

**16) 12:1-5:** George Williams, *The Student´s Commentary on the Holy Scriptures*, p. 211.

**17) 15:32-38:** Flavius Josephus, summarized by Matthew Henry, *"2 Kings," Matthew Henry's Commentary*, II:785.

**18) 16:10-16:** F. C. Cook, ed., Barnes' Notes on the Old and New Testaments, I Samuel–Esther, p. 273.

**19) 17:29-34a:** Such a mixed religion is called 'syncretistic'.

**20) 17:41:** However Luke 2:36 mentions that the prophetess Anna was "of the tribe of Asher," one of the ten tribes; apparently some people of those tribes did return. Also, James sent his Epistle "to the twelve tribes which are scattered abroad" (1:1), so the ten tribes were not totally "lost" from sight, even in the early Christian era.

**21) 18:17-19:** By omitting the definite articles, the KJV gives the impression that these are proper names.

**22) 19:35-37:** He is widely believed to be the pre-incarnate Christ (the NKJV footnote with capitalized Angel suggests this view).

**23) 20:1-7:** John C. Whitcomb, Jr., *Solomon to the Exile*, p. 127.

**24) 20:20-21:** The text of the inscription can be found in Unger's Bible Dictionary, pp. 481, 482, and in First and Second Kings, by Richard I. McNeely, p. 145.

**25) 23:15-18:** George Williams, *The Student´s Commentary on the Holy Scriptures* p.221.

**26) 24:1-4:** John C. Whitcomb, Jr., *Solomon to the Exile*, p. 146.

**27) 25:18-21:** There are three numerical problems in chapter 25, all of them probably copyists' errors, either here in 2 Kings or else in the corresponding verses in 1 Kings and Jeremiah. The accurate copying of numbers in ancient manuscripts posed special problems. (See 2 Chronicles for more details on this type of problem.) The difficulties are: the date Jerusalem was burned (v. 8 says the seventh of the month while Jer. 52:12 says the tenth); the height of the capitals on the pillars (v. 17 says three cubits but 1 Kgs. 7:16 says five cubits); the number of advisors slain (vv. 19-21 say five were killed; Jer. 52:25 says seven were put to death).

## BIBLIOGRAPHY

See Bibliography at the end of 1 Kings.

# १ इतिहासको पुस्तकको टिप्पणी

# इतिहासको पहिलो पुस्तकको भूमिका

*'इतिहासका पुस्तकहरूको आफ्नै सद्गुण र आफ्नै सुन्दरता छ, अनि सबैभन्दा बढ़ी आफ्नै नैतिक महत्त्व र मूल्य पनि छ; किनभने यी पुस्तकहरूले परमेश्वरको उद्देश्यबाहेक अरू सबै कुराहरू विफल हुँदा उहाँको इच्छा र मनसाय कहिल्यै विफल हुँदैन भन्ने कुरा स्पष्टसँग देखाउँछन् । वर्तमान समयमा, जब इसाई जगत् एउटा भग्नावशेषजस्तै देखिन्छ, यो हाम्रो सान्त्वनाको कारण बनेको छः परमेश्वरका उद्देश्यहरू कहिल्यै विफल हुँदैनन्; अनि यसमा विश्वास गर्नेहरू ढुक्कै र निर्धक्क हुन्छन्, र परमेश्वरको उद्देश्यको अचल स्थायित्वबाट सान्त्वना पाउँछन् ।'*

*श्री विलियम केल्ली*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

इतिहासका दुई पुस्तकहरू शुरुमा एउटै ठूलो पुस्तक थियो, जसले हिब्रू बाइबलमा अन्तिम स्थान ओगटेको थियो ।[1] अनि यस पुस्तकको हिब्रू शीर्षकको अर्थ 'दैनिकी' हो, अथवा अझ अक्षरशः 'दिनहरूका शब्दहरू' हो । 'सेप्टुवाजिन्ट' नामक ग्रीक अनुवादमा यी पुस्तकहरूको नाम 'अनुपूरकहरू' हो, दुर्भाग्यवश यो शीर्षक भ्रमात्मक हो ।[2] बरु हाम्रो अङ्ग्रजी बाइबलको शीर्षक सठीक छ, जुन शीर्षक श्री जेरोमको ल्याटिन 'भुल्गेट' नामक बाइबल-अनुवादबाट लिइएको छ ।

पहिलो नजरमा इतिहासको पहिलो पुस्तकले १ र २ शमूएलका पुस्तकहरू दोहोऱ्याएको लाग्ला र इतिहासको दोस्रो पुस्तकका सामग्रीहरू १ र २ राजाहरूका पुस्तकहरूका सामग्रीहरूजस्तै देखिन्छन् । तब इतिहासका पुस्तकहरूको छुट्टै योगदान के हुन सक्ला त ? इतिहासका पुस्तकहरूले शमूएलका दुईवटा पुस्तकहरू र राजाहरूका दुईवटा पुस्तकहरूबाट फरक भएका, ध्यानमा राख्न योग्य भिन्नताहरू पेश गर्छन् । किनकि १ र २ शमूएल नामक पुस्तकहरू र राजाहरूका पहिलो र दोस्रो पुस्तकहरूले घटनाहरू ऐतिहासिक दृष्टिकोणले प्रस्तुत गर्छन् भने, इतिहास नामक पुस्तकहरूले यी घटनाहरू आत्मिक दृष्टिकोणले प्रस्तुत गर्छन् । यही कारणले इतिहासका पुस्तकहरू दाऊदको शासनकालमाथि र उनका उत्तराधिकारीहरूका शासनकालहरूमाथि, साथै परमप्रभुको भवन र त्यहाँ उहाँको उपासना कसरी गरिन्छ, त्यस कुरामाथि केन्द्रित रहन्छन् । यी दुई-वटा पुस्तकहरूमा पूजाहारीहरू, लेवीहरू, सङ्गीतकारहरू, गायकहरू र द्वारदालहरूको विषयमा हामीले अघि कहिल्यै नसुनेका-नपढ़ेका विवरणहरू दिइन्छन् । परमप्रभुको सन्दुक कसरी बोकेर यरूशलेममा ल्याइयो, परमप्रभुको भवनको निर्माण-कार्यको विस्तृत तयारी कसरी गरियो र यहूदाका असल राजाहरूका शासनकालहरूमा कुन-कुन

सुधारहरू आए, यी विषयहरूको बारेमा इतिहासका पुस्तकहरूले विस्तृत रूपले बताउँछन्। अनि यी पुस्तकहरूमा उत्तरीय राज्यको कुरा गरियो भने, केवल दाऊदको राजवंशसँगको व्यवहारमा यसको नाम लिइएको छ। इतिहासका पुस्तकहरूको लेखकले अम्नोन, अब्शालोम र अदोनियाहका दुःखद वृत्तान्तहरू, साथै राजा सुलेमानको अविश्वासयोग्यता पनि छोड़िदिन्छन्। यसकारण इतिहासका पुस्तकहरू कुनै अर्थमा पनि अनावश्यक दोहोराना होइनन्। होइन, तर यी पुस्तकहरूचाहिँ अन्य सम्बन्धित पुस्तकहरूमा पेश गरिएको इतिहासको आत्मिक स्पष्टीकरण पो हुन्।

एक-एक राजाको शासनकालमा घटेका-गरिएका मुख्य कामकुराहरू नियमित रूपले एउटा सरकारी पुस्तकमा लेखेर राखिए (१ राजा १४:२९ र १५:७ आदि)। निस्सन्देह इतिहासका पुस्तकहरूमा भएका खण्डहरू जहाँ १ र २ शमूएल नामक पुस्तकहरू र राजाहरूको पहिलो र दोस्रो पुस्तकका खण्डहरूसित मिल्छन्, ती खण्डहरूको एउटै साझा स्रोतको रूपमा यी सरकारी अभिलेखहरू मान्नुपर्‍यो।

कतिजनाले इतिहासका पुस्तकहरूको आलोचना गरेका छन्; किनकि तिनीहरूको विचारमा, यी पुस्तकहरू पूर्ण छैनन्, र राम्ररी मिलेका पनि छैनन् रे; किनभने यस अवधिभरि अरू महत्त्वपूर्ण ऐतिहासिक घटनाहरू घटे, जुन घटनाहरू यी पुस्तकहरूमा समावेश भएका छैनन् अरे।[3] आउनुहोस्, हामी श्री विलियम केल्लीले आत्मिक दृष्टिकोणको साथ गरेको टिप्पणी सुनौं! किनकि तिनको विचारमा, इतिहासका पुस्तकहरूमा पवित्र आत्माले हाल्न चाहनुभएका सामग्रीहरू मात्र हालिएका छन्, अनि यो कुरा पवित्र आत्माको प्रेरणाले लेखिएका सबै पुस्तकहरूको विषयमा सत्य ठहरिन्छ।

'इतिहास नामक पुस्तकहरूचाहिँ परमेश्वरका गवाहीहरूको संग्रह हुन्, अँ, एक अधूरो संग्रह हुन्, जसले पूरा भएको दाबी गर्दैनन्। परमेश्वरले चाहनुभएको भए, उहाँले यी पुस्तकहरूमा सबै घटनाहरूको वृत्तान्त हाल्न सक्नुहुनेथियो; तर यो उहाँको आदत होइन। कुनै एउटा घटना र फेरि अर्को कुनै घटनाको बारेमा सीमित जानकारीहरू दिएर उहाँले इस्राएलको पतन र विनाशको विषयमा आफ्नो विचार र भावना प्रस्तुत गर्न रुचाउनुभयो। यसकारण यी पुस्तकहरूमा पूर्णता नखोज्नुहोस्! इतिहासका यी दुवै पुस्तकहरूको रङ्गरस यही सिद्धान्त, यही नियमअनुसारको छ। अनि यस कुराले विद्वान्‌हरूको बीचमा घरिघरि ठूलो अन्योलता उत्पन्न गर्छ; किनभने तिनीहरूले प्रस्तुत गरिका सामग्रीहरू केवल शारीरिक दृष्टिले हेर्दा रहेछन् र यसैले कुरा बुझ्न सक्दैनन्। तब तिनीहरू सीधा आएर इतिहासका पुस्तकहरू बिग्रेका, अधूरो भएका भनेर यी पुस्तकहरूमा अनेक त्रुटिहरू भेट्टाइहाल्छन्। तर खास कुरा यस्तो होइन; किनभने परमेश्वरको आत्माको निर्दोशनअनुसार यी पुस्तकहरू लेखिए, उहाँको इरादा, उहाँको इच्छा र उद्देश्य जस्तै थियो, त्यस्तै लेखिए।'[4]

श्री विलियम केल्लीले इस्राएलको आत्मिक अवस्था वर्तमान इसाई जगत्‌को विभाजित र अस्तव्यस्त अवस्थामाथि लागू गरेको प्रयोग उपयुक्त देखिन्छ; किनभने तिनले यसो भनेका छन्:

'हो, म मान्दछु, कि शारीरिक दृष्टिले हेरिरहेका मानिसहरूको निम्ति वर्तमान समयमा परमेश्वरका जनहरूलाई प्रावधान गरिएको परमेश्वरको अनुग्रह अति दुर्बल र कतै व्यवस्थित नभएको देखा पर्ला। तर जस-जसले आत्मिक अन्तर्दृष्टिले नियालेर हेर्छन्, तिनीहरूले यो सब परमेश्वरको मनसायअनुसार भएको पाउँछन्। अनि जब हामी सम्पूर्ण भएको भान गर्छौं, तब हामी उहाँको मनसाय र उहाँको सङ्गतिदेखि बाहिर पुगेका महसुस गर्छौं।

आत्मसन्तुष्ट भएको कुनचाहिँ मानिसले उहाँ-सित उहाँको मण्डलीको टुटफुट भएको अवस्थाको विषयमा फिक्रीचिन्ता गर्ला, मलाई भन्नुहोस् !' [5)]

इतिहासको पहिलो र दोस्रो पुस्तक अल्छी लाग्ने इतिहासका पुस्तकहरू होइनन्। किनकि यी पुस्तकहरूचाहिँ आदमदेखि लिएर इस्राएली जाति बेबिलोनको कैदबाट फर्केर आएको समयसम्म प्रस्तुत गरिएको इतिहासको पवित्र विवरण र पूजाहारीको दृष्टिकोणले गरिएको यसको आत्मिक व्याख्या हुन्। यसो हो भने, इतिहासको पहिलो र दोस्रो पुस्तक हामी ख्रीष्ट-विश्वासीहरूको निम्ति लेखिएका हुन्, र तिनमा पेश गरिएका आत्मिक प्रयोगहरू हामीले आफ्नो दैनिक जीवनमा, हाम्रो व्यवहारमा लागू गर्नुपर्छ।

### ख) यस पुस्तकको लेखक को हुन् ?

प्रायः सबै टिप्पणीकारहरूले एज्रालाई इतिहास नामक पुस्तकहरूको लेखक वा संग्रहकर्ता भएको सुझाउ दिन्छन्। किनकि इतिहासको दोस्रो पुस्तकका अन्तिम दुईवटा पदहरू र एज्राको पुस्तकका पहिला दुईवटा पदहरू उस्तै छन्, अनि यी दुवै पुस्तकहरूको शैलीमा पनि धेरै समानताहरू छन्। परमेश्वरको आत्माको प्रेरणा पाएका सम्पादकले आफ्नो जानकारीको स्रोतको लागि धेरै समकालीन लेखहरू प्रयोग गरे; जसरी निम्न सूचिबाट देख्न सकिन्छ; किनकि तिनले यी पुस्तकहरूमा निम्न लेखहरूको नाम लिएः

**क)** १ इतिहास २९ः२९ः दर्शी शमूएलको पुस्तक

**ख)** १ इतिहास २९ः२९ः भविष्यवक्ता नातानको पुस्तक

**ग)** १ इतिहास २९ः२९ः दर्शी गादको पुस्तक

**घ)** २ इतिहास ९ः२९ः शिलोनी अहियाहको भविष्यवाणी

**ङ)** २ इतिहास ९ः२९ः दर्शी इद्दोका दर्शनहरू

**च)** २ इतिहास १२ः१५ः भविष्यवक्ता शमायाहको पुस्तक

**छ)** २ इतिहास १२ः१५ः दर्शी इद्दोको पुस्तक

**ज)** २ इतिहास १३ः२२ः भविष्यवक्ता इद्दोको ऐतिहासिक वृत्तान्त

**झ)** २ इतिहास २०ः३४, २७ः७ र ३२ः३२ः इस्राएल र यहूदाका राजाहरूको पुस्तक

**ञ)** २ इतिहास २४ः२७ः राजाहरूको वृत्तान्तको पुस्तक

**ट)** २ इतिहास २६ः२२ र ३२ः३२ः भविष्यवक्ता यशैयाको दर्शन

**ठ)** २ इतिहास ३३ः१९ः होजाईका[6)] वचनहरू

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

इतिहासका पुस्तकहरू इस्राएली जाति बेबिलोनको निर्वासनबाट फर्केपछि लेखिए (२ इतिहास ३६ः२२-२३)। यस पुस्तकमा पेश गरिएका वंशावलीहरू प्रयोग गरेर हामी यस पुस्तकको लेख्ने मिति अझै सठीक ढङ्गले निर्धारित गर्न सक्छौं। किनकि दाऊदको वंशावलीको अन्तिम नाम 'अनानी' हो (१ इतिहास ३ः२४); अनि यही अनानी-चाहिँ राजा यहोयाकिनको आठ पुस्तापछिको मानिस हुँदो रहेछ। यहोयाकिनका अरू नामहरू यकोन्याह (१ इतिहास ३ः१७) र कोन्याह थिए (यर्मिया २२ः२४)। यहोयाकिनले राज्य गरेको समय ख्रीष्टपूर्व ५९८-५९७ साल थियो, अनि हामी आठ पुस्ताहरूको निम्ति एक पुस्ताको औसत पच्चीस वर्षको अन्दाज गर्‍यौं भने त यस

हिसाबअनुसार अनानी ख्रीष्टपूर्व ४०० सालको मानिस भएको रहेछ। अनि इतिहास नामक पुस्तकहरू त्यस मितिभन्दा धेरै पछि लेकिएको सम्भावना एकदम कम देखिन्छ; किनभने इतिहासका पुस्तकहरूको लेखकले दाऊदको वंशावलीमाथि पूरा ध्यान दिएर यी पुस्तकहरू लेखेछन्। तब राजा दाऊदका अरू सन्तान-दरसन्तानहरू भएदेखि तिनको वंशक्रम अनानीमा समाप्त हुनेथिएन, तर अवश्य तिनका नामहरू यस वंशावलीमा समावेश गरिनेथिए।

यसो हो भने त स्पष्ट छ, कि इतिहास नामक पुस्तकहरू पुरानो नियमको अन्तिम पुस्तकको रूपमा झन्डै मलाकीको समयमा लेखिए होलान्।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषय-वस्तुहरू के-के हुन्?

इतिहासका पुस्तकहरूको लेख्ने मिति लगभग ख्रीष्टपूर्व ४०० सालमा निर्धारित गरिएको कुराले हामीलाई यी पुस्तकहरूमा कुन कुरामाथि जोड़ दिइएको छ, सो बुझ्न मद्दत गर्छ। किनकि राज्य खतम भएको थियो, तर राजा दाऊदको वंशावली रहेको थियो। हामी अनानीसम्म दाऊदको वंशक्रमको पछि-पछि आएर त्यसको टुङ्गामा आइपुगेका छौं; तर त्यो वंशावली त्यहाँ टुङ्गा भएन, किनकि त्यो त पछि आउनुहुने दाऊदका पुत्र ख्रीष्ट येशूकहाँ अघि बढ्दै जान्छ।

अब यहूदाको राज्य थिएन, तर मन्दिरका सेवकाईहरू अझै पनि जारी रहन्थे र इस्राएली जातिको आत्मिक जनजीवनको निम्ति केन्द्र-बिन्दु हुन्थे। यस सम्बन्धमा श्री डब्ल्यू. ग्राहम स्क्रोगीले यसो लेखेका छन्ः

> 'यी पुस्तकहरूमा परमप्रभुको उपासनासित सम्बन्धित सबै मुख्य कुराहरू फेरि पनि पेश गरिएका छन्, जस्तैः मन्दिर र यसका सेवा-कार्यहरू, पूजाहारीहरू, लेवीहरू, गायकहरू र घृणित मूर्तिपूजा आदि। इस्राएली जातिका समस्याहरू कहाँबाट आए त? के यी समस्याहरू तिनीहरूले परमप्रभुका दाबीहरू बेवास्ता गरेको प्रतिफल थिएनन् र? अनि तिनीहरूको समृद्धिचाहिँ? त्यो सुसम्पन्नता उहाँकहाँ फर्केको नतिजा थियो; यसमा कुनै शङ्का छैन। राजाहरू नामक पुस्तकहरू राजाहरूमाथि केन्द्रित रहेका राजनीतिक पुस्तकहरू हुन् भने, इतिहास नामक पुस्तकहरू परमप्रभुको भवन र उहाँको सेवामाथि केन्द्रित रहेका धर्म-सम्बन्धी पुस्तकहरू हुन्।'[7)]

उता मसीह राजा र यता परमप्रभुको उपासना – यी दुईवटा विषयवस्तुहरूको विषयमा ध्यानमा राख्ने कुरा के हो भने, वर्तमान समयमा जिउने ख्रीष्ट-विश्वासी-हरूको निम्ति यी दुईवटा विषयवस्तुहरू तिनीहरूको विश्वासका आधारभूत विषयहरू हुन्।

इतिहासको पहिलो पुस्तक जहाँ समाप्त हुन्छ, त्यहाँबाट इतिहासको दोस्रो पुस्तकले कुरा उठाएर अघि बढ़ाउँछ। १ इतिहास २९ अध्यायमा दाऊदले सुलेमानलाई आफ्नो उत्तराधिकारी राजाको रूपमा स्थापित गरे। अनि इतिहासको दोस्रो पुस्तकले राजा सुलेमानदेखि लिएर बाँकी रहेका यहूदीहरू बेबिलोनको कैदबाट फर्केको समयसम्म दाऊदको वंशावलीको वर्णन गरेको छ। राजाहरूका पहिलो र दोस्रो पुस्तकहरूले पनि त्यही समय समेट्छन्; तर हामीले अघि भने-अनुसार राजाहरूका पुस्तकहरू इस्राएलको राज्यमाथि केन्द्रित रहन्छन् भने, इतिहासका पुस्तकहरू यहूदाको राज्यमा केन्द्रित रहन्छन्। यसर्थ केवल यहूदाको इतिहाससित सम्बन्ध रहेमा यी पुस्तकहरूमा इस्राएलका राजाहरूका नामहरू लिइन्छन्। राजाहरूका पुस्तकहरू र

इतिहासका पुस्तकहरूका धेरै सामग्रीहरू उस्तै छन्; तर इतिहासका पुस्तकहरूमा चाहिँ राजाहरूका पुस्तकहरूमा समावेश नगरिएका कति सामग्रीहरू कता-कतै पाइँदा रहेछन्। यसकारण बुझ्नुहोस्ः इतिहासका पुस्तकहरूको लेख्ने मिति निक्कै पछि भएको हो र यी पुस्तकहरूको लेख्ने उद्देश्य अर्को भएको थियो। हामी यस अध्ययनअन्तर्गत राजाहरूका पुस्तकहरू र इतिहासहरूका पुस्तकहरूको बीचमा रहेका केही भिन्नताहरूको विषयमा टिप्पणी गर्दै जान्छौं, तर हामी सबै भिन्नताहरूको विषयमा गहन अध्ययन गर्न सक्दैनौं। यस सम्बन्धमा अन्य किताबहरू लेखिएका छन्।

# रूपरेखाः

**खण्ड १) १ इतिहास १-९ः विभिन्न वंशावलीहरू**

**क) १ इतिहास १ः१-२७ः** आदमदेखि अब्राहामसम्मको वंशावली

**ख) १ इतिहास १ः२८-५४ः** अब्राहामदेखि इस्राएलसम्मको वंशावली

**ग) १ इतिहास २-८ः** इस्राएलका सन्तानहरूका वंशावलीहरू

- **अ) १ इतिहास २ः१-४ः२३ः** यहूदाको वंशावली
- **आ) १ इतिहास ४ः२४-४३ः** शिमोनको वंशावली
- **इ) १ इतिहास ५ः** यर्दनको पूर्वमा रहेको रूबेन, गाद र मनस्सेको आधा कुलको वंशावली
- **ई) १ इतिहास ६ः** लेवीको वंशावली
- **उ) १ इतिहास ७ः१-५ः** इस्साकारको वंशावली
- **ऊ) १ इतिहास ७ः६-१२ः** बिन्यामिनको वंशावली
- **ए) १ इतिहास ७ः१३ः** नप्तालीको वंशावली
- **ऐ) १ इतिहास ७ः१४-१९ः** यर्दनको पश्चिममा रहेको मनस्सेको आधा कुलको वंशावली
- **ओ) १ इतिहास ७ः२०-२९ः** एप्रैमको वंशावली
- **औ) १ इतिहास ७ः३०-४०ः** आशेरको वंशावली
- **औं) १ इतिहास ८ः** बिन्यामिनको क्रमशः वंशावली

**घ) १ इतिहास ९ः१-३४ः** बेबिलोनको कैदबाट फर्केकाहरूको वंशावली

**ङ) १ इतिहास ९ः३५-४४ः** शाऊलको वंशावली

**खण्ड २) १ इतिहास १०ः शाऊलको मृत्यु**

**खण्ड ३) १ इतिहास ११-२९ः दाऊदको शासन**

**क) १ इतिहास ११-१२ः** दाऊदको सेना

- **अ) १ इतिहास ११ः** दाऊदका शूरवीर योद्धाहरू
- **आ) १ इतिहास १२ः** दाऊदका विश्वासयोग्य अनुयायीहरू

**ख) १ इतिहास १३-१६ः** दाऊदले परमप्रभुको सन्दुक यरूशलेममा ल्याएको

**ग) १ इतिहास १७ः** परमप्रभुको निम्ति भवन निर्माण गर्ने दाऊदको इच्छा र परमेश्वरको प्रतिक्रिया

**घ) १ इतिहास १८-२०ः** दाऊदका विजयहरू

**ङ) १ इतिहास २१ः** जनगणना र महामारी

**च) १ इतिहास २२-२६ः** परमप्रभुको भवनको निर्माण-कार्यको निम्ति हुने तयारी

- **अ) १ इतिहास २२ः** सामग्रीहरू, कामदारहरूरूपी श्रमबल र प्रेरणा
- **आ) १ इतिहास २३-२६ः** लेवीहरूका विभागहरू र तिनीहरूका कर्तव्यहरू

**छ) १ इतिहास २७ः** सैनिक अधिकारीहरू र सरकारी अधिकारीहरू

**ज) १ इतिहास २८-२९ः** दाऊदका अन्तिम दिनहरू

# इतिहासको पहिलो पुस्तकको टिप्पणी

## खण्ड १

## १ इतिहास १-९ :

### विभिन्न वंशावलीहरू


इतिहासको पहिलो पुस्तकमा एक अध्यायदेखि नौ अध्यायसम्म वंशहरूका सूचिहरू पेश गरिएका छन्, जुन सूचिहरू हामी वंशावली वा पारिवारिका भन्ने गर्छौं। यस प्रकारका वंशावलीहरू यहूदीहरूको निम्ति अति महत्त्वपूर्ण हुन्थे, किनकि यी वंशावलीहरूद्वारा तिनीहरूले कुल-कुलको बीचका भिन्नताहरू कायम राख्थे। इस्राएली जाति बेबिलोनमा कैद लगिएपछि तिनीहरूका वंशावलीहरूमा ठूलो गड़बड़ी आयो। यसकारण राजाको वंशावली र पूजाहारीको वंशावली फेरि स्थापित गर्न अति आवश्यक थियो।

यी अध्यायहरूमा प्रस्तुत गरिएका व्यक्तिहरूका नामहरू पवित्र बाइबलका अन्य ठाउँहरूमा दिइएका नामहरूभन्दा फरक भएका कति मामिलाहरू छन्। अनि यी नामहरूको एकरूपता नभएका कतिपय कारणहरू छन्। **क)** किनकि कहिलेकाहीं एकजना मानिसका एउटाभन्दा बढ़ी नामहरू थिए। अनि शताब्दीहरू बित्दै जाँदा नामहरूको हिज्जे बदलिएकोमा हामीले अचम्म मान्नुहुँदैन। **ख)** ख्रीष्टपूर्व १४०० सालतिर लेखिएको उत्पत्तिको पुस्तकमा पेश गरिएका केही वंशावलीहरू र यहाँ ख्रीष्टपूर्व ४०० सालतिर लेखिएको यस इतिहासको पुस्तकमा पेश गरिएका समान वंशावलीहरूको बीचमा लगभग एक हजार वर्ष बितेको थियो। **ग)** अनि प्रतिलिपिकारहरूले गरेका त्रुटिहरूको विषयमा कसो हो ? एक नजरले हिब्रू भाषा हेर्नु हो भने, हिज्जेमा गल्ती गर्न कति सजिलो रहेछ, सो छर्लङ्ङै बुझिन्छ। तर यी 'अन्तरहरू'ले कुनै गहन बाइबल-अध्ययन गर्ने विद्यार्थीलाई ठेस-ठक्कर खुवाउन सक्दैनन्; किनकि धेरैजसो भिन्नताहरू मूल-लेखहरूमा छँदैथिएनन्, अनि यी भिन्नता-हरूले विश्वासको कुनै पनि प्रमुख सिद्धान्त असर गर्दैनन्। [8)]

#### क) १ इतिहास १:१-२७: आदमदेखि अब्राहामसम्मको वंशावली

उत्पत्तिको पुस्तक यहाँ पेश गरिएका यी वंशावलीहरूको स्रोत भएको बुझिन्छ। अनि

१ इतिहास १:१-४ पदहरू उत्पत्तिको पुस्तकको पाँच अध्यायमा फर्कन्छन् अर्थात् यी पदहरूमा आदमदेखि नूहसम्मको वंशावली प्रस्तुत गरिएको छ। १ इतिहास १:५-२३ पदको खण्डले उत्पत्ति १० अध्यायमा उल्लेख गरिएको नूहका सन्तान-हरूको वंशक्रम पेश गर्छ। अनि उत्पत्तिको पुस्तकको एघार अध्यायबाट अब्राहामको वंशावली लिइएको छ (१ इतिहास १:२४-२७)।




### ख) १ इतिहास १:२८-५४: अब्राहामदेखि इस्राएलसम्मको वंशावली

उत्पत्ति २५ अध्यायमा सूचि गरिएका अब्राहामका शारीरिक सन्तानहरू १ इतिहास १:२८-३३ पदहरूको खण्डमा दिइएका छन्। अनि अब्राहामलाई प्रतिज्ञा गरिएको छोरा इसहाकका सन्तानहरूको विषयमा त्यसपछिको खण्डमा कुरा गरिएको छ। अनि उत्पत्ति ३६ अध्यायबाट १ इतिहास १:३५-५४ पदहरूको खण्डमा एसाव र तिनको वंशसित सम्बन्धित कुरा पेश गरिएको छ। अनि नभन्दै याकूब र उनको वंशको कुरा आएको छ (याकूबको अर्को नाम इस्राएल हो)। अनि १ इतिहास २-९ अध्यायहरूमा इस्राएलको वंशावली वर्णन गरिएको छ।

इतिहासका पुस्तकहरूको लेखकले यहाँ, यस पहिलो अध्यायमा मानव जातिको आदिपिता आदमबाट छिट्टै इस्राएलका बाह्रवटा कुलहरूका कुलपिता याकूबमाथि हाम्रो ध्यान आकर्षण गरेका छन्। तिनले इतिहास-मञ्चबाट अरू सबैजनालाई हटाएर केवल चुनिएको जातिलाई छोड़िदिएका छन्। अनि यहाँबाट ख्रीष्ट येशूको वंशावली पनि शुरु गर्छ (यो कुरा लूका ३:३४-३८ पदको खण्डसित तुलना गर्नुहोस्)।

### ग) १ इतिहास २-८: इस्राएलका सन्तानहरूका वंशावलीहरू

#### अ) १ इतिहास २:१-४:२३: यहूदाको वंशावली

यहूदाचाहिँ सबैभन्दा ठूलो कुलको कुलपुरुष थिए, जसको आशिष र जसको प्रतिज्ञा सबैभन्दा ठूलो थियो। अनि यही कारणले उनको वंशावली पहिलो स्थानमा छ र उनको वंशावली सबैभन्दा लामो छ (१ इतिहास २:३-४:२३)। यहूदाका दुईजना सन्तानहरूका वंशावलीहरू पूर्ण रूपले पेश गरिएका छन्: कालेबको वंशावली १ इतिहास २:१८-२० र ४२-५५ पदका खण्डहरूमा अनि दाऊदको वंशावली १ इतिहास ३:१-२४ पदको खण्डमा दिइएको छ। (यहाँको कालेब र गन्ती १३ अध्यायमा नाम लिइएको कालेब छुट्टै व्यक्तिहरू हुन्; १ इतिहास ४:१५ पद हेर्नुहोस्)।

यी वंशावलीहरूमा कता-कतै केही ऐतिहासिक विवरणहरू हालिएका छन्। यी कुराहरूमाथि पवित्र आत्माले हाम्रो ध्यान आकर्षण गर्न चाहनुहुन्छ। इस्राएलको इतिहासको यो मनोरम दृश्यावली नियाल्न लायकका विषयहरू यी नै हुन्। अनि विशेष

गरी यहूदाको वंशावलीमा दुईजना दुष्ट मानिसहरूसँग परमेश्वरले कसरी व्यवहार गर्नुभयो र उहाँले एकजना धर्मी मानिसलाई के-के आशिष दिनुभयो, सो कुरामा हाम्रो ध्यान खिज्ने विषयहरू हुन् ।

*'अनि यहूदाका जेठा छोरा एरचाहिँ परमप्रभुको दृष्टिमा दुष्ट थिए; अनि उहाँले तिनलाई मार्नुभयो'* (१ इतिहास २:३)। एरचाहिँ यहूदाको कनानी शूआकी छोरीसँगको विवाहबाट जन्मेका सन्तान थिए (उत्पत्ति ३८:१-१०)। तिनले गरेको दुष्टता के थियो, सो हामीलाई भनिएको छैन। तर तिनी परमप्रभुको दृष्टिमा दुष्ट थिए; यो पक्का थियो। तिनको दुष्टताले तिनीबाट जेठा छोराका विशेष अधिकारहरू, ख्रीष्ट येशूको वंशावलीमा तिनको स्थान र तिनको जीवन समेत खोस्यो। सबै पुस्ताका मानिसहरूको दृष्टिमा तिनको नाम यहूदाको वंशावलीमा एउटा ठूलो कलङ्क बनेको छ। यसकारण भाइबहिनीहरूहो, धेरै ढिलो भइसक्नुभन्दा अघि नै मानिसले आफ्नो खराबीका नतिजाहरू विचार गर्नु राम्रो हुन्छ। *'किनकि दुष्टहरू नाश हुनेछन्; तर परमप्रभुको बाटो हेर्नेहरूचाहिँ पृथ्वीको हकवाला हुनेछन्'* (भजन ३७:९)।

१ इतिहास २:७ पदमा आकार वा आकान नाम गरेको व्यक्तिको वृत्तान्त हामी यहोशू ७ अध्यायमा पढ्छौं। उसले यरिहो शहरमा प्रतिबन्ध लगाइएका कुराहरू देख्यो, लालच गर्‍यो र लगिहाल्यो पनि (यहोशू ७:२१)। उसले इस्राएली जातिलाई कुन हिसाबले कष्ट दियो, कसरी सतायो ? किनकि उसको पापको खातिर ऐको असफल हमलामा छत्तीसजना मानिसहरू मरे। तर परमप्रभुले उसलाई फेला पार्नुभयो अनि उसलाई र उसको परिवारलाई समेत मृत्यु-दण्ड दिनुभयो।

*'अनि याबेस आफ्ना दाजुभाइहरूभन्दा बढ़ी आदरणीय थिए'* (१ इतिहास ४:९)। यहाँ एकजना मानिस छन्, जसका आँखाहरूमा परमेश्वर महान् हुनुहुन्थ्यो। अनि परमेश्वरबाट आशिष खोजेर तिनले उहाँलाई ठूलो सम्मान गरे। याबेसचाहिँ विश्वासका जन थिए, र परमप्रभुले तिनको विश्वास ख्याल गर्नुभयो। *'तर विनाविश्वास उहाँलाई खुशी पार्न असम्भव छ; किनकि परमेश्वर-कहाँ आउनेले "उहाँ हुनुहुन्छ र उहाँलाई यत्नसित खोज्नेहरूलाई उहाँले इनाम दिनुहुन्छ" भनी विश्वास गर्नुपर्छ'* (हिब्रू ११:६)।

यस सिलसिलामा श्री आइरनसाइडले गरेका टिप्पणी यस प्रकारको छः

'याबेसको प्रार्थनाका चारवटा बुँदाहरू थिए, जस्तैः **क)** "मलाई साँच्चै आशिष दिनुहोस् !" यसको विन्तीको मतलब थियोः 'मलाई सुखी तुल्याउनुहोस् !' अनि को मानिस सुखी होला त ? जसले जय पाउँछ र जो परमेश्वरको साथमा हिँड्छ, ऊ साँच्चै सुखी हुन्छ। **ख)** "मेरो सीमा बढ़ाइदिनुहोस् !" आफूसँग भएको कुरामा तिनी सन्तुष्ट थिएनन्। परमप्रभुले तिनको निम्ति ठहराउनुभएको अधिकारको भागमा तिनले प्रवेश गर्न र त्यो भाग पूरा उपभोग गर्न चाहन्थे। **ग)** "तपाईंको हातले मलाई साथ दिनुहोस् !" तिनले परमेश्वरको सुरक्षा र वास्तामाथि भरोसा गर्थे। र अन्तमा, तिनले यसो भन्दै प्रार्थना गरेः **घ)** "कुनै विपत्तिले मलाई दुःखित पार्न नपाउने गरी मलाई जोगाउनुहोस् !" यसकारण बुझ्नुहोस्ः केवल कुनै पापले मात्र परमेश्वरको छोरा वा छोरीबाट प्रभुमा भएको आनन्द लुट्न सक्छ।' **9)**

याबेसले खोजी गरे र इनाम पाए। परमेश्वरले हामीलाई याबेसको नमुनाको देखासिकी गर्न शक्ति प्रदान गरून् ! आमेन ! !

बित्याहचाहिँ यी वंशावलीहरूमा उल्लेख गरिएका केही स्त्रीहरूमध्ये एक हुन् (१ इतिहास ४:१८)। यिनी फाराओकी

छोरी थिइन्, तर अहिले चुनिएको जातिका मानिसहरूसँग बस्दैथिइन्। यिनको नामको अर्थ 'परमप्रभुकी छोरी' हो।

हामी अघि बढ्नुभन्दा अघि एउटा सुस्पष्ट अमेलको कुरा गर्नुपर्छ। १ इतिहास २:१५ पदमा दाऊदलाई यिशाईको सातौं छोरा हुन् भनेर भनिन्छ, तर १ शमूएल १६:१०-११ र १७:१२ पदहरूअनुसार उनी यिशाईको आठौं छोरा थिए। यो के हो त? यिशाईका छोराहरूमध्ये एकजनाचाहिँ विवाह गर्नुभन्दा अघि निस्सन्तान भएर तिनको मृत्यु भएको हुन सक्छ; यसकारण इतिहासका पुस्तकको लेखकले तिनको नाम हालेनन्, र तिनको गन्ती गरेनन् होलान्।

**आ) १ इतिहास ४:२४-४३: शिमोनको वंशावली**

**१ इतिहास ४:२४:४३:** अब याकूबका माहिला छोरा शिमोनको वंशावली आउँछ। अनि हुन सक्छ, तिनको यो दोस्रो स्थान यहूदासँग शिमोन कुलको घनिष्ठ सम्बन्ध रहेकोले गर्दा भएको होला। किनकि प्रतिज्ञाको देशमा शिमोनको भाग यहूदाको क्षेत्रभित्र परेको थियो (यहोशू १९:९)। अनि १ इतिहास ४:२८-३३ पदहरूको खण्डमा सूचित गरिएका शहरहरू तिनीहरूको अधिकारको भाग थिए। तर इतिहासको पछिल्ला वर्षहरूमा तिनीहरूले लड़ाइँ गरेर थप भूमि प्राप्त गरे।

**इ) १ इतिहास ५: यर्दनको पूर्वमा रहेको रूबेन, गाद र मनस्सेको आधा कुलको वंशावली**

१ इतिहासको ५ अध्यायको सन्दर्भचाहिँ रूबेन, गाद र मनस्सेको आधा कुल हुन्, जुन कुलहरू यर्दनको पूर्व आफ्नो अधिकारको भाग पाएर बसे। अनि यी कुलहरूको वर्णन सानो ठाउँमा सीमित रहेको छ। तिनीहरू कैद गरेर लगिएकाहरूमा प्रथम थिए (१ इतिहास ५:२६)।

१ इतिहास ५:१-२ पदहरूले रूबेनका-हरूलाई जन्मसिद्ध अधिकारको आशिष किन नदिइएको, तर अरू कुलहरूलाई दिइएको खास कारण के थियो, सो बताउँछन्। किनकि जब याकूबले आफ्नो मृत्यु हुनुभन्दा अगाड़ि आफ्ना छोराहरूलाई आशीर्वाद दिए (उत्पत्ति ४९), तब उनले रूबेनको दुष्टता ख्याल गरेका थिए (उत्पत्ति ३५:२२) र तिनलाई तिनको ज्येष्ठ अधिकारको प्रतिष्ठित पहिलो स्थानबाट हटाइदिए। जेठालाई दिने भूमिको दोबर भाग यूसुफलाई दिइयो। (यूसुफ भन्नाले हामीले एप्रैम र मनस्से बुझ्नुपर्छ)। अनि नेतृत्वको सन्दर्भमा दोबर भाग यहूदाकहाँ गयो।

गादका छोराहरू र तिनीहरूका सन्तानहरू १ इतिहास ५:११-१७ पदहरूको खण्डमा सूचित गरिएका छन्, अनि मनस्सेको आधा कुलका अगुवा-जनहरूका नामहरू १ इतिहास ५:२३ र २४ पदहरूमा पेश गरिएका छन्।

अनि यस पाँचौं अध्यायको बाँकी भागमा उक्त कुलहरूको भवितव्यता र दुर्भाग्यको सङ्क्षिप्त विवरण दिइएको छ। तिनीहरूले हगारीहरूसँग लड़ाइँ गरे, जुन हगारीहरू इश्माएलका सन्तानहरू थिए, र विजय प्राप्त गरे (१ इतिहास ५:१० र ५:१९-२२)। तिनीहरूसँग चवालीस हजार सात सय साठी सिपाहीहरू थिए। यो सानो सेना लिएर तिनीहरूले शत्रुको धेरै ठूलो सेना पराजित गरे। तिनीहरूले आफ्ना परमेश्वरमाथि भरोसा राखे र उहाँलाई पुकारे (१ इतिहास ५:२०), अनि उहाँले तिनीहरूलाई विजय दिनुको साथै प्रशस्त लुटका मालहरू पनि दिनुभयो (१ इतिहास ५:२१)।

जुन देशका मानिसहरूलाई परमेश्वरले उनीहरूको सामुबाट नाश गर्नुभएको थियो, ती

मानिसहरूकै देवताहरूको पछि लागेर तिनीहरूले वेश्याकर्म गरे; किनकि ती जातिहरू उनीहरूको वरिपरि बसे, र उनीहरूमाथि तिनीहरूको मूर्तिपूजाको प्रभाव निरन्तर परिरहन्थ्यो (१ इतिहास ५:२५)। तिनीहरूलाई विजयको शक्ति दिनुभएको एकमात्र साँचो परमेश्वरलाई त्यागेर तिनीहरू इश्माएलीहरूलाई बचाउन नसक्ने देवताहरूकहाँ कसरी फर्के, कसरी? यसकारण परमेश्वरले तिनीहरूलाई अश्शूरका राजाको हातमा सुम्पिदिनुभयो, र तिनीहरूलाई कैद गरेर अश्शूरमा लगियो।

### ई) १ इतिहास ६: लेवीको वंशावली

**१ इतिहास ६:१-५३:** यस अध्यायको सन्दर्भ लेवीका छोराहरू हुन्, जो याकूबका काहिँला छोराका सन्तानहरू थिए। १ इतिहास ६:१-१५ र १ इतिहास ६:४९-५३ पदहरू लेवी कुलको सबैभन्दा प्रसिद्ध परिवार अर्थात् हारूनको परिवारसँग सम्बन्धित छन्। हारून र तिनका छोराहरूलाई प्रधान पूजाहारीको पद दिइएको थियो। यसकारण हारूनदेखि लिएर कैदसम्म तिनको वंशको सठीक वंशावली पेश गर्न महत्त्वपूर्ण र अनिवार्य थियो।

शमूएल एल्कानाको छोरा थिए (१ इतिहास ६:२७-२८)। उनी एक महान् भविष्यवक्ता थिए र शाऊल राजा हुनुभन्दा अघि इस्राएलमा अन्तिम न्यायकर्ता पनि थिए। अनि उनको सेवकाईको विवरण १ शमूएलको पुस्तकमा गरिएको छ।

लेवीका तीनजना छोराहरू थिए: गेर्शोम, कहात र मरारी। अनि यी तीनैजना छोराहरूको वंशावली १ इतिहास ६:१६-३० पदहरूको खण्डमा दिइएको छ। अनि १ इतिहास ६:३१-४८ पदहरूको खण्डमा तीनवटा वंशावलीहरू हालिएका छन्: **क)** हेमानको वंशावली, जो कहाती थिए (१ इतिहास ६:३३-३८); **ख)** आसाफको वंशावली, जो गेर्शोमी थिए (१ इतिहास ६:३९-४३), र **ग)** एतानको वंशावली, जो मरारी थिए (१ इतिहास ६:४४-४७)। यी तीनजना 'प्रधान वादकहरू' थिए, जसलाई दाऊदले परमप्रभुको सामु गीत गाउने सेवामा नियुक्त गरे (१ इतिहास ६:३१-३२)।

अनि हेमानचाहिँ? हुन सक्छ, तिनी भजन ८८ को रचनाकार थिए। तिनी भविष्यवक्ता शमूएलको नातेदार थिए।

कति भजनहरू छन्, जसको शीर्षकमा 'आसाफको भजन' भनेर लेखिएको छ, जस्तैः भजन ५० र भजन ७३-८३। अनि एतानचाहिँ भजन ८९ को रचनाकार भएको हुन सक्छ।

**१ इतिहास ६:५४-८१:** अनि यस अध्यायको बाँकी खण्डमा इस्राएलका अरू कुलहरूको बीचमा लेवीहरूलाई दिइएको शहरहरूका नामहरू र तिनका खुला जमिनहरू सूचित गरिएका छन्। यी शहरहरू र तिनका खुला जमिनहरू लेवीहरूलाई परमप्रभुले इस्राएलीहरूलाई मोशाद्वारा दिनुभएको आज्ञाअनुसार दिइएका थिए (गन्ती ३५:१-८)। अनि यो आदेश यहोशूको देखरेखमा पालन गरिएको थियो (यहोशू २१)।

### उ) १ इतिहास ७:१-५: इस्साकारको वंशावली

यस सात अध्यायमा छवटा कुलहरूका नामहरू लिइएका छन्, जस्तैः

**क)** १ इतिहास ७:१-५: इस्साकार

**ख)** १ इतिहास ७:६-१२: बिन्यामिन

**ग)** १ इतिहास ७:१३: नप्ताली

**घ)** १ इतिहास ७:१४-१९: यर्दनको पश्चिमपट्टि बसेको मनस्सेको आधा कुल

**ङ)** १ इतिहास ७:२०-२९: एप्रैम

**च)** १ इतिहास ७:३०-४०: आशेर

तर यी वंशावलीहरू यहूदा र लेवीको जत्तिकै पूर्ण छैनन्। किनकि तिनीहरूमध्ये कोचाहिँ सिंहासनमाथि बस्ने राजा वा परमप्रभुको सेवा गर्ने पूजाहारी हुने हो, यसको विषयमा कुनै सवाल उठेको छैन।

### ऊ) १ इतिहास ७:६-१२: बिन्यामिनको वंशावली

एक समयमा बिन्यामिन-कुलमा छ सय मानिसहरू मात्र रहेका थिए; यो तिनीहरूको घोर मूर्खताको प्रतिफल थियो (न्यायकर्ता २०)। तर समय बित्दै जाँदा त्यस कुलको शक्ति र त्यसको शङ्‌ख्या फेरि निक्कै बढ़ेको देखिन्छ। बिन्यामिनका सन्तानहरू फेरि पनि आठ अध्यायमा सूचित गरिएका छन्। तर यहाँ, यस अध्यायमा इस्राएलका अरू कुलहरूको सम्बन्धमा बिन्यामिन-कुलको भूमिका पेश गरिएको छ भने, आठ अध्यायमा राजा शाऊलसित र यरूशलेमसित बिन्यामिन कुलको सम्बन्ध के पो रहेछ, सो देखाइन्छ।

### ए) १ इतिहास ७:१३: नप्तालीको वंशावली

नप्तालीका चारजना छोराहरू बिल्हाका छोराहरू भनिएका छन्; किनभने यिनी नप्तालीकी आमा थिइन्। तर यी चारजनाका सन्तानहरूका नामहरू लिइका छैनन्, तर पूरा छोड़िएका छन्। [10)]

### ऐ) १ इतिहास ७:१४-१९: यर्दनको पश्चिममा रहेको मनस्सेको आधा कुलको वंशावली

१ इतिहास ५:२३-२४ पदहरूमा यर्दनको पूर्वमा बसेका मनस्सेका सन्तानहरूको विषयमा सूचित गरिएको थियो; तिनीहरूले खास गरी गिलाद र बाशानमा बसोबास गरेका थिए। तर यहाँको खण्डको सन्दर्भ यर्दनको पश्चिममा बसेको मनस्सेको आधा कुल हो; यी मानिसहरूले कनान देशमा बसोबास गरेका थिए।

मनस्सेका सन्तानहरूको वंशावलीमा सेलोपादको नाम उल्लेखनीय छ; किनकि तिनका केवल छोरीहरू थिए। यी पाँचजना छोरीहरूका नामहरू यहोशू १७:३ पदमा निम्न सम्दर्भमा पेश गरिएका छन्: तिनीहरूले आफ्नो अधिकारको भागको निम्ति आफ्नो सोर उठाएका थिए, जुन अधिकारको भाग छोराहरू नभएको खण्डमा परमप्रभुले छोरीहरूको निम्ति प्रतिज्ञा गर्नुभएको थियो (गन्ती २७:१-११ हेर्नुहोस्)। यसैले बुभ्नु-होस्: जुन बेलामा अन्यजातिका अधिक अंशका स्त्रीहरूको कुनै अधिकारै थिएन, त्यस बेलामा यहूदी स्त्रीहरूसँग विभिन्न अधिकारहरू छँदैथिए।

### ओ) १ इतिहास ७:२०-२९: एप्रैमको वंशावली

यहूदीहरूको प्राचीन इतिहासको सबैभन्दा प्रसिद्ध एप्रैमी यहोशू थिए; अनि उनको वंशावली पेश गर्न इतिहासका पुस्तकको लेखकले निक्कै दुःख गरेर एप्रैम-कुलको गहन अध्ययन गरे। परमेश्वरको निम्ति बहादुरी कार्यहरू पूरा गर्नेहरूको विषयमा प्रायः कुरा यस्तै हुन्छः यस्ताहरू आफ्नो परिवारको लागि महिमाको मुकुट हुन्, अनि आगामी पुस्ताहरूमा यस्ताहरूको सम्झना प्रेमको साथ गरिन्छ र यस्ताहरूलाई असल उदाहरणको रूपमा लिइन्छ।

### औ) १ इतिहास ७:३०-४०: आशेरको वंशावली

आशेरका चारजना छोराहरू र तिनीहरूकी बहिनी सेराहचाहिँ उत्पत्ति ४६:१७ पदमा

सूचित गरेजस्तै यहाँ पेश गरिएका छन्। तिनीहरूका सन्तानहरूचाहिँ मुख्यहरू, शूरवीर योद्धाहरू र शासन गर्ने प्रधानहरू थिए।

### औं) १ इतिहास ८ः बिन्यामिनको क्रमशः वंशावली

**१ इतिहास ८ः१-२८ः** यहूदाको राज्य बिन्यामिन र यहूदा, साथै शिमोन र लेवीबाटको कुनै भाग मानिसहरू बनेको थियो, जुन मानिसहरू प्रायः सबै बेबिलोनको कैदमा लगिए। नहेम्याहको नेतृत्वमा यहूदामा फर्केर आएका अधिकांश इस्राएलीहरू उक्त कुलहरूबाटका थिए। यसकारण यहाँका वंशावलीहरूमा यी कुलहरूका मानिसहरूलाई बढ़ी ठाउँ दिइएको हो।

अनि १ इतिहास ७ः६-१२ पदहरूको खण्डमा भन्दा यहाँ बिन्यामिनीहरूको विषयमा बढ़ी कुरा गरिएको छ। यी दुईवटा सूचिहरूको तुलना गर्दा अनि उत्पत्ति ४६ः२१ र गन्ती २६ः३८-४१ पदमा दिइएका वंशावलीहरू अझै पनि साथमा लिँदा भिन्नता र अमेलहरू देखा पर्छन् नै, जुन भिन्नता र अमेलहरू बुझ्न निम्न बुँदाहरूले हामीलाई सहायता गर्छन्ः

**क)** कतिजना मानिसहरूको एकभन्दा बढ़ी नामहरू थिए।

**ख)** समयको अन्तरालमा कति नामहरूको हिज्जे बदली भयो।

**ग)** कति नामहरू सूचित गरिएनन्; किनभने यी मानिसहरूको मृत्यु चाँड़ै भएको थियो अथवा तिनीहरू निस्सन्तान भएर मरेका थिए।

**घ)** हिब्रू शब्द 'बेन'को साधारण अर्थ छोरा हो, तर यस शब्दको अर्थ छोरा, नाति, पनाति आदि पनि हुन सक्छ।

**ङ)** अनि कति नामहरू छोड़िए; किनभने ती नामहरू इतिहासका पुस्तकहरूको लेखकको काममा आएनन्।

**१ इतिहास ८ः२९-४०ः** शाऊल बिन्यामिनी मानिस र इस्राएलका पहिलो राजा थिए। तिनको वंशावली यहाँ, यस ठाउँमा र १ इतिहास ९ः३५-४४ पदहरूको खण्डमा फेरि दिइएको छ। तर यहाँ, यस ठाउँमा दाऊदका मित्र योनातानका छोराहरू मात्र उल्लेख गरिएका छन्। अनि मरिब-बालचाहिँ मेपिबोशेतको अर्को नाम हो रहेछ (१ इतिहास ८ः३४)।[11)]

दान र जबूलूनका वंशावलीहरू दिइएका छैनन्। (अनि दानचाहिँ पवित्र धर्मशास्त्र बाइबलका अन्य खण्डहरूमा पनि छोड़िएको छ, जस्तैः प्रकाश ७ अध्यायमा।

### घ) १ इतिहास ९ः१-३४ः बेबिलोनको कैदबाट फर्केकाहरूको वंशावली

अब १ इतिहास ९ः२-९ पदको खण्डमा छोटकारीमा बेबिलोनबाट यरूशलेममा फर्केका कति यहूदाका र बिन्यामिनका मानिसहरूका नाम पेश गरिएका छन्, जो आफ्ना पितापुर्खाहरूको घरानामा अगुवाहरू थिए (१ इतिहास ९ः९)। अनि १ इतिहास ९ः१०-१३ पदहरूले यरूशलेममा फर्केका पूजाहारीहरूका नामहरू उल्लेख गरेका छन् भने, १ इतिहास ९ः१४-३४ पदहरूले यरूशलेममा फर्केका लेवीहरूका नामहरू दिएका छन्, साथै तिनीहरूका केही कर्तव्यहरूको विषयमा वर्णन गरेका छन्। बेबिलोनबाट फर्केकाहरूको अर्को सूचि नहेम्याह ११ अध्यायमा पाइन्छ।

### ङ) १ इतिहास ९ः३५-४४ः शाऊलको वंशावली

अनि १ इतिहास ९ अध्यायको अन्तिम दसवटा पदहरूचाहिँ १ इतिहास ८ः२९-४०

पदहरू जस्तै छन्; र यी पदहरूले शाऊलको वंशावली पेश गरेका छन्, साथै इतिहासको पहिलो पुस्तकको ऐतिहासिक खण्डको निम्ति बाटो तयार गर्छन् (१ इतिहास १०-२९ अध्यायहरू)। अनि शाऊलको जीवनको अभिलेख १ शमूएल ९-३१ अध्यायहरूमा पाइन्छ।

# खण्ड २

# १ इतिहास १०ः

## शाऊलको मृत्यु

**१ इतिहास १०ः१-५ः** शाऊल र तिनका छोराहरूको मृत्युको समानान्तर विवरण १ शमूएल ३१ः१-१३ पदहरूको खण्डमा पाइन्छ। अनि श्री सी. एच. स्पर्जनले पाँच पदको विषयमा निम्न टिप्पणी गरेका छन्ः

> 'हामी शाऊलको आत्महत्या घोर विरोध गर्छौं, तर हामी तिनको हतियार बोक्नेको मृत्युसम्मको विश्वासयोग्यता प्रशंसा नगरी सक्दैनौं; किनकि तिनी आफ्ना मालिकविना बाँच्न चाहँदैनथिए। तब के, के यी हतियार बोक्ने मानिस शाऊलको लागि जिउने र मर्ने हो, र हामी आफ्ना राजा र मालिक येशू प्रभुलाई विश्वासघात गर्नु र धोका दिनु हुन्छ र?' **12)**

**१ इतिहास १०ः६-१०ः** शाऊलको मृत्युको सम्बन्धमा हामीले कति कुराहरू ध्यानमा राख्नुपर्छ। छ पदमा यसो लेखिएको छः *'शाऊल र तिनका तीनजना छोराहरू, अँ, तिनको सारा घराना एकसाथ मरे।'* यस भनाइको अर्थ कहाँसम्म लान उचित छ? हामी यो कुरा शाऊलसँग मिलेर लड़ाइँमा जानेहरूमा सीमित राख्नुपर्ला (१ शमूएल ३१ः६)। किनकि शाऊलका अरू छोराहरू पनि थिए, जसलाई पलिस्तीहरूले मारेनन् (१ इतिहास १०ः१३-१४; २ शमूएल २ः८ र २१ः१-९)। तर अन्तमा तिनका यी छोराहरू पनि आफ्ना बुबामाथि आइपरेको सजायबाट उम्कन सकेनन् (२ शमूएल २१ः१-८)।

**१ इतिहास १०ः११-१२ः** शाऊल र तिनका छोराहरूको मृत्युको खबर सुनेपछि याबेश-गिलादका साहसी मानिसहरूले पलिस्ती-हरूबाट तिनीहरूका लासहरू फिर्ता ल्याउन रातभर यात्रा गरे र तिनीहरूका हड्डीहरू गाड़े अनि सात दिनसम्म उपवास बसे। विगत समयमा शाऊलले तिनीहरूको शहर अम्मोनीहरूका राजा नाहाशको हातबाट छुटाएका थिए (१ शमूएल ११); अनि यी शूरवीर मानिसहरूले तिनले तिनीहरूलाई देखाएको तिनको उपकार बिर्सेनन्।

**१ इतिहास १०ः१३-१४ः** यी पदहरूले शाऊलको मृत्युको निम्ति दुईवटा कारणहरू पेश गर्छन्ः **क)** तिनले परमप्रभुको वचन पालन गरेनन् (१ शमूएल १३ र १५ अध्याय हेर्नुहोस्)। अनि **ख)** तिनले भूतप्रेत खेलाउने स्त्रीको मुखबाट ईश्वरीय सल्लाह लिन खोजे (१ शमूएल २८ अध्याय हेर्नुहोस्)।

शाऊलको सङ्क्षिप्त विवरणले दाऊदको जीवनीको लागि बाटो खोल्छ; किनकि परमेश्वरका जनहरूरूपी इस्राएलमाथि राज्य गर्न दाऊद उहाँको छनौटो, उहाँको चुनिएको पात्र थिए।

# खण्ड ३

# १ इतिहास ११-२९ः

## दाऊदको शासन

### क) १ इतिहास ११-१२ः दाऊदको सेना

#### अ) १ इतिहास ११ः दाऊदका शूरवीर योद्धाहरू

**१ इतिहास ११ः१-३ः** इतिहासको पुस्तकमा इश्बोशेतको छोटो र असफल शासन उल्लेख गरिएको छैन (२ शमूएल २-४ अध्यायहरू), तर सीधा हेब्रोनमा दाऊदको राजा-अभिषेकको कार्यक्रमतिर अघि बढ्छ (२ शमूएल ५)।

**१ इतिहास ११ः४-९ः** राजा दाऊदको पहिलो सरकारी काज राजधानी आफ्नो हातमा पार्नु थियो। अनि यस खण्डमा यरूशलेम कसरी कब्जा गरियो, सो बताइएको छ (२ शमूएल ५ः६-१०)।

सरूयाका छोरा योआब दाऊदको भतिजा र उनको सेनापति थिए। तिनले यरूशलेम कब्जा गर्दाखेरि ठूलो साहस र ठूलो वीरता देखाए। अनि दाऊदले गरेको प्रतिज्ञाअनुसार योआब इस्राएलका सेनाहरूको प्रधान भए। तिनी एक शूरवीर योद्धा भए तापनि तिनी एक निर्दयी मानिस थिए; दाऊदका शूरवीर योद्धाहरूमध्ये तिनको नाम लिइएको छैन; हुन सक्छ, तिनको निर्लज्ज व्यवहारले गर्दा यसो भएको होला।

**१ इतिहास ११ः१०ः** दाऊदका योद्धाहरूको यो सूचि उनको शासनकालको शुरुमा राखिएको छ। अनि २ शमूएल २३ अध्यायमा योजस्तै एउटा सूचि उनको शासनकालको अन्तमा राखिएको छ। यी शूरवीर मानिसहरू दाऊदको शासनकालका विभिन्न समयहरूमा उनीकहाँ आए। तिनीहरूमध्ये कतिजना उनी अदुल्लामको गुफामा भएको बेलामा उनीकहाँ आए (१ इतिहास ११ः१५-१९)। उनी सिक्लगमा हुँदा अरू मानिसहरू उनीकहाँ आए (१ इतिहास १२ः१-२२)। अनि दाऊद हेब्रोनमा राजा भएको बेलामा फेरि अरू मानिसहरू उनीकहाँ आए (१ इतिहास १२ः२३-४०)।

अब दाऊदका मुख्य शूरवीरहरूको सूचि पेश गरिन्छ र उनीहरूले देखाएका वीरताका कामहरू के-के थिए, यी बहादुरी कामहरूको केही उदाहरणहरू दिइन्छन्।

**१ इतिहास ११ः११ः क)** याशोबामः तिनीसँग एउटा भाला मात्र थियो; तिनले यही भालाले तीन सय मानिसहरूलाई मारिदिए। परमेश्वरले तिनलाई इस्राएलका शत्रुहरूमाथि एउटा अलौकिक विजय दिनुभयो। आज-भोलि शूरवीर मानिसहरूले अझै पनि परमेश्वरको लागि असाधारण कामहरू पूरा गर्न सक्छन्, जब तिनीहरूले उहाँमाथि भरोसा राख्छन् र मानिसहरूका अमर आत्माहरूको शत्रु शैतानको विरुद्धमा जोशको साथ लड़ाइँ गर्छन्।

**१ इतिहास ११ः१२-१४ः ख)** दोदोका छोरा एलाजारः तिनी दाऊदसँग थिए भन्ने कुरा सबैभन्दा पहिले याद गर्नुहोस्! तिनी दाऊदप्रति विश्वासयोग्य थिए र अरू सबै भाग्दा तिनी दाऊदको साथमा खड़ा भए। अनि तिनी केको निम्ति आफैलाई जोखिममा राखे त? जौको एउटा बारीको निम्ति! यो जग्गाजमिन वा फसलजस्तै श्रीसम्पत्तिको सवाल थिएन, तर नियमनिष्ठाको सवाल थियो। किनकि त्यो बारी परमेश्वरको प्रतिज्ञाअनुसार इस्राएलको थियो, र पलिस्ती-हरूसँग एउटा खुट्टा धरि यस बारीमा टेक्ने अधिकारै थिएन। हे ख्रीष्ट-विश्वासी भाइ-बहिनीहरूहो, तपाईंहरू परमेश्वरको निजी

सम्पत्ति हुनुभएको के तपाईंहरूलाई थाहा छ? तपाईंहरूले शैतानलाई आफ्नो जीवनको सानोभन्दा सानो क्षेत्रमा पनि त्यसको खुट्टा राख्ने कुनै टेवा नदिनुहोस्!

**१ इतिहास ११:१५-१९: ग)** अदुल्लामको गुफामा दाऊदकहाँ आएर बसेका तीनजना शूरवीरहरूः तिनीहरू दाऊदसँग उनको अप्ठ्यारोभन्दा अप्ठ्यारो परिस्थितिमा थिए र उनको हृदयको चाहना के थियो, सो तिनीहरूलाई थाहा थियो। उनको लागि बेतलेहेमको इनारबाट पानी ल्याइदिन तिनीहरूले आफ्नो ज्यान समेत खतरामा पारे। त्यस पानीले उनको मन अवश्य ताजा बनाइदिनेथियो। तिनीहरूले नाम कमाउन यो बहादुरी काम गरेनन्, किनकि तिनीहरूका नामहरू उल्लेख गरिएका छैनन्; तर तिनीहरूले दाऊदको सुखचैन बढ़ाउन खोजे; यो तिनीहरूको एकमात्र उद्देश्य थियो। प्रभु येशूको नजिक बसेर उहाँको हृदयका चाहनाहरू जान्ने भाइबहिनीहरू कहाँ छन्? हे दाजुभाइहरूहो, हे दिदीबहिनीहरूहो, के प्रभु येशूको मनलाई ताजा तुल्याउन तपाईंहरू आफ्नो सम्पूर्ण जीवन खतरामा हाल्न तयार हुनुहुन्छ? तब मिशन-क्षेत्रको कुनै खाँचोमा परेको ठाउँमा जानुहोस् र त्यहाँबाट उहाँलाई शीतल पार्ने, उहाँको मनलाई सुखशान्ति दिने कुनै न कुनै कोसेली ल्याउनुहोस्! यसो गर्नुहोस् र तपाईंको नाम पनि अवश्य उहाँका शूरवीर योद्धाहरूको सूचिमा हालिनेछ।

**१ इतिहास ११:२०-२१: घ)** योआबका भाइ अबिशैः तिनी दोस्रो तीनजनामध्ये[13)] सबैभन्दा सम्मानित व्यक्ति थिए। पवित्र धर्मशास्त्र बाइबलले हामीलाई अबिशैको विषयमा के बताउँछ भने, तिनी दाऊदप्रति अटल भक्तिले पूर्ण मानिस थिए। तिनी दाऊदसँग शाऊलको छाउनीमा गए (१ शमूएल २६:); अब्शालोमले मच्चाएको राजद्रोहको समयमा तिनी दाऊदसँग यरूशलेमबाट भागे (२ शमूएल १६); तिनले शेबाको विद्रोह तत्कालै कुल्चाइदिए (२ शमूएल २०); तिनले दाऊदलाई इस्बी-बेनोबबाट बचाए, जो दैत्यको वंशका मानिस थियो (२ शमूएल २१); अनि तिनले अन्य धेरै तरिकाहरूद्वारा आफ्ना राजाको विश्वास-योग्य सेवा गर्थे (२ शमूएल १० र १८ अध्यायहरू र १ इतिहास १८ अध्याय)। यसकारण भाइबहिनीहरूहो, प्रभुमा समर्पित हुनुहोस्, उहाँप्रति विश्वासयोग्य र स्वार्थ-रहित हुनुहोस् अनि उहाँको निम्ति वीरता देखाउनुहोस्! यसरी नै राजाहरूका महाराजाको मूल्यवान् मित्र र सेवक बन्नुहोस्!

**१ इतिहास ११:२२-२५: ङ)** बनायाहः उनका बुबा पूजाहारी र एक शूरवीर मानिस थिए (१ इतिहास २७:५)। बनायाह दाऊदका अङ्गरक्षकहरूको अधिकारी थिए। अनि यहाँ उनका केही वीरताका कामहरू सूचित गरिएका छन्। पछि उनी योआबको स्थानमा इस्राएलका सेनाहरूको सेनापति भए (१ राजा २:३४-३५)। उनका विजयहरूमा हामी विजयी जीवनको सुन्दर चित्र देख्छौं। विजयी जीवन जिउनेले ठूलो कदको मिस्री मानिसरूपी संसारमाथि जय पाउँछ, मोआबका दुईजना सिंहजस्तै मानिसहरूले हामीलाई हमला गरेझैं हामीलाई आक्रमण गर्ने हाम्रो पापी स्वभावरूपी शरीरमाथि जय पाउँछ, र शैतान, त्यस गर्जने सिंहमाथि जय पाउँछ। उसले सबै आत्मिक शत्रहरूको सामना गर्छ र ऊ तिनीहरूमाथि प्रबल हुन्छ।

**१ इतिहास ११:२६-४७:** यस खण्डमा कुनै पनि वीरताको काम उल्लेख गरिएको छैन; तर वीरतापूर्वक दाऊदको सेवा गर्ने-हरूका नामहरू सूचित गरिएका छन्; किनकि तिनीहरू यसको निम्ति सुयोग्य मानिसहरू थिए। यस सूचिमा सूचित गरिएका कतिपय नामहरू निक्कै रोचक छन्, जस्तैः **क)** अम्मोनी सेलेक (१ इतिहास ११:३९), र

**ख)** मोआबी यित्मा (१ इतिहास ११ः४६); तिनीहरू खास आफ्नो जातिअनुसार इस्राएलका जन्मजात शत्रु थिए। तर यहाँ इस्राएलका राजाको सेवामा तिनीहरूको भर्ति भएको थियो। अनि हाम्रो विषयमा कसो हो? हामी सबैजना परमेश्वरका शत्रु भएरै जन्मेका थियौं; तर उहाँको अनुग्रहले गर्दा हामी पनि महाराजा येशूको सेनामा भर्ना पाउन सक्छौं।

**च)** हित्ती ऊरियाह (१ इतिहास ११ः४१): प्रतिज्ञाको देश कब्जा गर्दाखेरि इस्राएलीहरूले हित्तीहरूलाई नाश गर्नुपर्नेथियो (व्यवस्था ७ः१-२)। अनि ऊरियाह यही हित्तीको जातिका मानिस थिए। तर यहाँ आएर तिनी दाऊदको पक्षमा लड़ाइँ गर्ने उनको योद्धा थिए। ऊरियाह दाऊदप्रति विश्वासयोग्य थिए, तर दाऊदले तिनीप्रति अविश्वासी व्यवहार गरे; किनकि उनले ऊरियाहलाई हत्या गर्ने आदेश दिए; किनभने उनले तिनकी पत्नी बतशेबालाई आफ्नी स्वास्नी तुल्याउन खोजे (२ शमूएल ११)।

### आ) १ इतिहास १२ः दाऊदका विश्वासयोग्य अनुयायीहरू

एघार अध्यायको सन्दर्भचाहिँ ती व्यक्ति विशेषहरू थिए, जसले दाऊदलाई साथ दिएका थिए। तर यस बाह्रौं अध्यायको प्रमुख सन्दर्भ ती कुलहरू र तिनीहरूका कप्तानहरू हुन्, जसले राजा दाऊदसँग गठबन्धन राखे। यस अध्यायमा इस्राएलको एक-एक कुल-बाट आएका मानिसहरू को-को थिए, सो सूचित गरिएको छ। १ इतिहास १२ः१-२२ पदको खण्डमा शाऊलको सामुबाट दाऊद लुकिबसेको बेलामा उनीकहाँ आएकाहरू को-को थिए, सो पहिले सूचित गरिएको छ भने, १ इतिहास १२ः२३-४० इश्बोशेतको मृत्युपछि हेब्रोनमा दाऊदकहाँ आएकाहरू को-को थिए, सो उल्लेख गरिएको छ। त्यसपछि १ इतिहास १२ः३८ पदमा इस्राएलका बाँकी सबै मानिसहरू सामान्य रूपले पेश गरिएको छन्, *'जो दाऊदलाई राजा बनाउन एउटै मनका भएका थिए। किनकि इस्राएलमा निक्कै आनन्द भइरहेको थियो।'*

पहिले सङ्कष्टमा परेकाहरू, ऋणमा परेकाहरू र दुःखीहरू शरण लिन दाऊदकहाँ आएका थिए (१ शमूएल २२ः१-२)। तर अहिले चाहिँ यी मानिसहरू दाऊदको सेवा गर्न र उनलाई उनको सिंहासन प्राप्त गर्न मद्दत पुऱ्याउन आए; किनकि ईश्वरीय उर्दी-अनुसार सिंहासन उनको थियो। अनि वर्तमान समयमा चाहिँ? आज परमेश्वरको राज्यलाई आवश्यकता पर्छ, परमेश्वरद्वारा सुसज्जित, तालिम-प्राप्त, फुर्तिला भाइबहिनीहरू (१ इतिहास १२ः२ र ८), जो विश्वासमा बलियो हुन्छन्, जो सबै विषम समस्याहरूमाथि प्रबल हुन्छन् र जसले शत्रुहरूलाई भगाउन सक्छन् (१ इतिहास १२ः१४-१५), जो पवित्र आत्माले भरिएका र निस्स्वार्थी हुन्छन् र जो प्रभु येशूमा समर्पित हुन्छन् (१ इतिहास १२ः३२), जो दोधारे मनका होइनन्, तर एकचित्तका मानिसहरू हुन्छन् (१ इतिहास १२ः३३)।

दाऊदले बिन्यामिनबाट आएकाहरूलाई र यहूदाका मानिसहरूलाई शङ्का गर्नु स्वाभाविक कुरा थियो (१ इतिहास १२ः१७); किनभने विगत दिनहरूमा तिनीहरूमध्ये कतिजनाले उनलाई धोका दिएका थिए (१ शमूएल २३)।

अनि १ इतिहास १२ः१९-२३ पदहरूमा उल्लेख गरिएका ऐतिहासिक घटनाहरू १ शमूएल २९ र ३० अध्यायमा पाउन सकिन्छन्। दाऊद पलिस्तीहरूसँग हुँदा परमेश्वरले उनलाई इस्राएलको विरुद्धमा लड़ाइँ गर्नदेखि रोक्नुभयो। उहाँले उनलाई अमालेकीहरूमाथि विजय पनि दिनुभयो, जुन

अमालेकीहरूले सिक्लगमाथि आक्रमण गरेर दाऊदको परिवार कब्जा गरेका थिए।

यर्दनको पूर्वका कुलहरू ठूलो सङ्ख्यामा आए (१ इतिहास १२ः३७), तर यहूदा, शिमोनजस्तै हेब्रोनको नजिकै भएका कुल-हरूको प्रतिनिधि थोरै फौजीहरूका स-साना दलहरूले गरेछन् (१ इतिहास १२ः२४-२५ आदि)।

बल्ल सारा इस्राएल ईश्वरीय नियुक्ति भएका आफ्ना राजाको वरिपरि एकताबद्ध भएको थियो; अब ठूलो आनन्द थियो, प्रीति-भोज र आशिष थियो (१ इतिहास १२ः४०)। शाऊलको अनाज्ञाकारिताको खातिर तिनीहरूको बीचमा आएको अमेल र झगड़ा बितिसकेको थियो। इस्राएली जातिले अब आफ्ना ईश्वरभक्ति गर्ने गोठाला र राजाको अधीनतामा नयाँ समृद्धि पाउनेथियो।

### ख) १ इतिहास १३-१६ः दाऊदले परमप्रभुको सन्दुक यरूशलेममा ल्याएको

**१ इतिहास १३ः१-८ः** यस अध्यायमा परमप्रभुको सन्दुक यरूशलेममा ल्याउने दाऊदको पहिलो प्रयास वर्णन गरिएको छ; किनभने दाऊदले भर्खरै यो राजकीय शहर आफ्नो निम्ति कब्जा गरे।

शाऊलको शासनकालभरि परमप्रभुको सन्दुक बेवास्ता गरिएको थियो। विगत समयमा पलिस्तीहरूले यो कब्जा गरेका थिए र सात महिनासम्म आफैसँग राखेका थिए; त्यसपछि तिनीहरूले यो फर्काएर किर्यत-यारीममा पठाए; त्यहाँ यो अबिनादाबको घरमा राखिएको थियो; तिनी एक लेवी थिए (१ शमूएल ४-७ अध्यायहरू)। तर अब-चाहिँ दाऊदको आदेशअनुसार उज्जा र अहियोले यरूशलेमसम्मको छोटो यात्राको लागि परमप्रभुको सन्दुक एउटा नयाँ गाड़ामा राखे। अनि हुन सक्छ, मिस्रको शिहोर भन्नाले 'वादी एल अरिश'को नामले चिनिने मिस्रको खोला सङ्केत गर्छ कि कसो हो?

**१ इतिहास १३ः९-१२ः** अनि जब यो गाड़ा तानिरहेका गोरुहरूले ठेस खाए, तब उज्जाले सन्दुक थाम्नको निम्ति आफ्नो हात बढ़ाए। तत्कालै परमेश्वरले तिनलाई मारि-दिनुभयो। मोशाको व्यवस्थाले पूजाहारी-हरूलाई छोड़ेर अरू कसैलाई पनि यो सन्दुक छुन दिँदैनथियो (गन्ती ४ः१५)। अनि जब कहातीहरूले यो सन्दुक बोकेका थिए, तब तिनीहरूले यसका डण्डीहरू आफ्ना काँधहरूमाथि त राखेका थिए, तर तिनीहरू यस सन्दुकको सम्पर्कमा आउँदैनथिए। अबदेखि उसो त्यस ठाउँको नाम 'पेरेस उज्जा' भयो अर्थात् 'उज्जाको विरुद्धको आक्रोश' भयो। तब दाऊद रिसाए र यो सन्दुक यरूशलेममा ल्याउनदेखि डराए।

**१ इतिहास १३ः१३-१४ः** यसकारण यो सन्दुक ओबेद-एदोम नामक एकजना लेवीको घरमा राखियो; त्यहाँ यो तीन महिनासम्म रहिरह्यो र यसले ओबेद-एदोममाथि ठूलो आशिष ल्यायो, जसले यसको देखरेख गर्थे।

**१ इतिहास १४ः१-२ः** दाऊद सारा इस्राएलमाथि राजाको रूपमा स्थापित भए-पछि टायरका राजा हिरामले दाऊदको घर बनाउन कारिगरहरू र सामग्रीहरू पठाए। योचाहिँ तिनीहरूको बीचमा लामो समयसम्म टिक्ने घनिष्ठ मित्रताको शुरुआत थियो, जुन मित्रता सुलेमानको शासनकालसम्म रहिरह्यो।

**१ इतिहास १४ः३-७ः** दाऊदले अझै पत्नीहरूलाई लिएर परमप्रभुको विरोधमा पाप गरे। यो कुरा व्यवस्था १७ः१७ पदमा स्पष्ट रूपले मनाही गरिएको थियो। इतिहासको पुस्तकमा दाऊदको यो उल्लङ्घन सूचित गरिएको छ, तर यस पापको दोष गरिएको छैन, र यस पापको प्रतिफल के-के थियो, सो बताइएको पनि छैन। १ इतिहास १४ः४ पदमा

उल्लेख गरिएका पहिला चारजना छोराहरू बतशेबाका छोराहरू थिए (१ इतिहास ३:५)। अनि २ शमूएल ११ अध्यायले बतशेबासँग दाऊदको व्यभिचार बयान गरेको छ। तर यस कुरामा पनि परमेश्‍वरले आफ्नो अनुग्रहको काम गर्नुभएको देख्छौं। किनभने प्रभु येशूको वंशावलीमा यस सम्बन्धबाट जन्मेका दुईजना छोराहरूका नामहरू हालिएका छन्: **क)** नातान, जो मरियमका पूर्ख थिए (लूका ३:३१), र **ख)** सुलेमान, जो यूसुफका पूर्ख थिए (मत्ती १:६)।

**१ इतिहास १४:८-१७:** जब पलिस्ती-हरूले दाऊद इस्राएलका राजा भएको कुरा सुने, तब तिनीहरू उनलाई आक्रमण गर्न आइहाले। तब दाऊदले परमेश्‍वरको सोध-खोज गरे (१ इतिहास १४:१०), र एक शक्तिशाली विजय हासिल गरे। अनि जुन मूर्तिहरूले आफ्ना उपासकहरूलाई जीवित परमेश्‍वरको हातबाट छुटकारा दिन सकेनन्, ती मूर्तिहरू छोड़िए, उठाएर लगिए र आगोमा जलाइए (१ इतिहास १४:१२; २ शमूएल ५:२१)। अनि जब पलिस्तीहरू यो हार पचे, तब तिनीहरू दोस्रो पल्ट आक्रमाण गर्न फर्के। अनि यस बेलामा पनि दाऊदले फेरि परमप्रभुबाट सोधखोज गरे। किनकि परमेश्‍वरको अगुवाइ र मार्गदर्शन सधैं एकनास हुन्छ भन्ने अनुमान उनले लगाउँदैनथिए। अनि यसपालि परमेश्‍वरले एकदम फरक रणनीति अपनाउने आदेश दिनुभयो र दाऊदलाई अर्को विजय दिनुभयो।

अनि यी विजयहरूले गर्दा छिमेकी राष्ट्रहरूका मानिसहरूलाई दाऊदको डरले छोप्यो। तपाईले १ इतिहास १४:१६ र १७ पदको बीचमा भएको सम्बन्ध याद गर्नुहोला। *'यसकारण जब दाऊदले परमेश्‍वरले उनलाई आज्ञा गर्नुभएअनुआर गरे; ... तब सबै देशहरूतिर दाऊदको कीर्ति फैलियो।'*

**१ इतिहास १५:१-३:** १ इतिहास १३ अध्यायमा उल्लेख गरिएको 'पेरेस उज्जा'मा घटेको दुखद घटनाको तीन महिनापछि दाऊदले परमप्रभुको सन्दुक यरूशलेम आफ्नो राजधानीमा ल्याउन फेरि तयार गरे। तर यसपालि उनले पहिले यसको विषयमा मोशाको व्यवस्थाभित्र होशियारीसाथ खोजी गरे र त्यसपछि उनी व्यवस्थाको निर्देशन-अनुसार अघि बढ़े।

यस समयमा कुनै घर होइन, तर एउटा पाल तयार गरियो; किनभने यही नमुना मोशाको व्यवस्थामा पाइयो। अनि हुन सक्छ, यो पालचाहिँ इस्राएलीहरूले प्रस्थान गरेको समयमा प्रयोग गरेको पालको बनावटअनुसार बनाइएको थियो होला (प्रस्थान २६)। तर यो सन्दुक दाऊदले बनाएको पालमा राखिने एकमात्र सामग्री थियो, किनकि सुलेमानको समयसम्म गिबोनमा भेट हुने पाल र त्यसका सरसामानहरू रहिरहे (१ इतिहास १६:३९)।

**१ इतिहास १५:४-१५:** त्यसपछि दाऊदले लेवीका तीनवटा परिवारहरूका प्रधानहरूलाई भेला गरे। मुख्य पूजाहारीहरू सादोक र अबियातार पनि यस शुभ अवसरको लागि बोलाइएका थिए (१ इतिहास १५:११; १ राजाहरू ४:४)। अबचाहिँ परमप्रभुको वचनअनुसार, मोशाले आज्ञा गरेअनुसार सही मानिसहरूले यो सन्दुक सही तरिकाले बोके (१ इतिहास १५:१५)। यसकारण यो प्रयास सफल भयो (१ इतिहास १६:१)।

**१ इतिहास १५:१६-२९:** दाऊद इस्राएल जातिका निपुण भजन-रचयिताले प्रशंसाको आनन्दमय सङ्गीतको निम्ति विस्तृत प्रबन्धहरू पनि गरे, जुन सङ्गीतले यस सन्दुकको बोकाइमा साथ दिनु थियो। कसैले गीत गाए, कसैले बाजा बजाए। अनि दाऊदचाहिँ? उनी नाच्दैथिए र उफ्रिरहेका थिए, अनि उनले सितार र वीणाहरू बजाइरहेका थिए, र सबैजना आनन्दले

भरिएका थिए। तर यस खुशीको आनन्द अमिलो तुल्याउन खोज्ने तीतो थोपो के थियो भने दाऊदकी पत्नी मिकलले उनलाई गिल्ला गरिन् (१ इतिहास १५:२९ पद २ शमूएल ६:१६ देखिका पदहरूसँग तुलना गर्नुहोस् )।

**१ इतिहास १६:१-३:** यो सन्दुक यस पालमा राखिनेबित्तिकै त्यहाँ बलिहरू चढ़ाइए। धार्मिक अनुष्ठानको दृष्टिकोणले होमबलि चढ़ाउनु नै उपासनाको उच्चतम तरिका थियो (लेवी १ अध्यायसँग तुलना गर्नुहोस्)। किनकि होमबलि सम्पूर्ण रूपले आगोद्वारा भस्म हुन्थ्यो, र यसको मीठो सुवासना धूवाँझैं माथि उड़ेर केवल परमेश्वरलाई आनन्द दिलाउँथ्यो।

यस शुभ अवसरमा चढ़ाइएका अरू बलिहरूचाहिँ मेलबलिहरू थिए। लेवीय नियमअन्तर्गत मेलबलिहरू ती एकमात्र बलिहरू हुन्थे, जुनचाहिँ साझा हुन्थे, सबैको भाग हुन्थे। होमबलिको वेदीमाथि यी मेल-बलिका पशुहरूका जम्मै बोसो र मृगौलाहरू परमप्रभुको निम्ति चढ़ाइन्थे, त्यसपछि मेलबलिको मासुको एक भाग पूजाहारी-हरूलाई दिइन्थ्यो, र त्यसको मासुको बाँकी भाग बलि चढ़ाउने मानिसको हुन्थ्यो; परमप्रभुको उपस्थितिमा उसले यो भाग आफ्नो परिवारसित खान्थ्यो र आफ्ना साथीहरूसँग बाँड्थ्यो (यो कुरा लेवी ३ अध्यायसँग तुलना गर्नुहोस्)। मेलबलिले परमप्रभुसँगको सङ्गति चित्रण गर्छ, अँ, परमप्रभुबाट आएका असल थोकहरूको बाँड़चुँड़को कार्यको सुन्दर नक्सा पेश गर्छ। परमप्रभुका चाड़हरूमा मनाउँदाखेरि र पवित्र सभारूपी विशेष अवसरहरूमा मेलबलि र होमबलि दुवै मुख्य बलिहरू हुन्थे। अनि पक्कै पनि सारा इस्राएलको लागि परमप्रभुको सन्दुक यरूशलेममा ल्याएको यो दिन एउटा उत्सवको दिन थियो। अनि घर जानुभन्दा अघि सबैजनाले मासुभात खान पाए (१ इतिहास १६:३)।

**१ इतिहास १६:४-७:** त्यसपछि परमप्रभुको सामु विशेष अवसरहरूमा मात्र होइन, तर दिनहुँ परमप्रभुको उपस्थितिमा धन्यवाद चढ़ाउने र उहाँको स्तुतिप्रशंसा गर्ने काम हुनुपर्ने हेतुले दाऊदले यसको प्रबन्ध गर्न सुनिश्चित गरे (यो कुरा १ इतिहास १६:३७-४२ पदहरूसित तुलना गर्नुहोस्)। अनि कति लेवीहरूलाई सङ्गीतका बाजागाजाहरू र आफ्नो स्वरको साथ परमप्रभुको सेवा गर्न, उहाँको सम्झना गराउन, उहाँलाई धन्यवाद चढ़ाउन र परमप्रभुको प्रशंसा गर्न नियुक्त गरियो।

**१ इतिहास १६:८-२२:** यस अवसरमा गाएको भजनका दुईवटा मुख्य खण्डहरू छन्। १ इतिहास १६:८-२२ पदहरूको खण्डमा इस्राएली जातिलाई सम्बोधन गरिएको छ भने, १ इतिहास १६:२३-३४ पदहरूको खण्डमा सबै देश र जातिहरूलाई सम्बोधन गरिएको छ। अनि १ इतिहास १६:३५ र ३६ पदसित यो भजन समाप्त भयो। यो भजनचाहिँ भजन १०५:१-१५, भजन ९६:१-१३, अनि भजन १०६:१ र ४७-४८ पदबाट लिइएको सङ्गठित भजन हो।

१ इतिहास १६:८-२२ पदहरूको खण्डमा इस्राएलीहरूलाई के आग्रह गरिएको थियो भने, तिनीहरूले परमप्रभुको महानताको विषयमा गीत गाउनुपरेको थियो र परमप्रभुको अनुहारको नित्य खोजी गर्नुपरेको थियो। तिनीहरूले उहाँका कामहरू, अँ, उहाँले विगत समयमा गर्नुभएका अद्भुत कामहरूको सम्झना गर्नुपरेको थियो; अनि तिनीहरूले उहाँको करार सधैं याद गर्नुपरेको थियो। किनकि यस करारअन्तर्गत उहाँका विना-सर्तका प्रतिज्ञाहरू समावेश थिए, जुन प्रतिज्ञाहरू उहाँले तिनीहरूका पितापुर्खा-हरूसित गर्नुभयो।

**१ इतिहास १६:२३-३४:** अब दृष्टिकोण फराकिलो हुन गएको छः सम्पूर्ण पृथ्वीका मानिसहरूले भजन रचयिताको आह्वान सुन्नुपरेको थियोः 'हे सबै मानिसहरूहो, परमप्रभुको महिमाको विषयमा कुरा गर! सृष्टिकर्ता परमेश्वरको भय मान! वैभव, शक्ति र प्रतापले पूर्ण परमेश्वरलाई महिमा देओ, उहाँलाई आनन्द देओ! किनकि सारा संसारले परमेश्वरको पालनपोषण पाइरहेको छ; अनि सारा संसार उहाँको राज्य हो; यसकारण संसारका सबै मानिसहरूले उहाँलाई खुशी तुल्याउनुपरेको छ।'

**१ इतिहास १६:३५-३६:** अनि यस भजनको अन्तमा एउटा प्रार्थना हालिएको छ, जुन प्रार्थना प्रायः भजन १०६:४७-४८ पदहरूजस्तै छ।

**१ इतिहास १६:३७-४३:** दाऊदले यरूशलेममा यस सन्दुकको सामु र गिबोनमा पनि, जहाँ भेट हुने पाल र होमबलिको वेदी अझै पनि अवस्थित थिए, यी दुवै ठाउँहरूमा परमप्रभुको आराधना गर्ने लेवीहरूलाई नियुक्त गरे र यस कुरामा पूरा मन र ध्यान लगाए। अनि यरूशलेममा उनले पूजाहारी अबियातारको देखरेखमा गायकहरू, द्वारपालहरू र तुरही फुक्नेहरूलाई नियुक्त गरे। तर पूजाहारी सादोकको अधीनस्थ गिबोनमा पूजाहारीको सेवा भइरहन्थ्यो। यस खण्डमा सङ्गीतकारहरूमाथि मुख्य जोड़ दिइएको छ। अनि १ इतिहास १६:३८ पदमा हुन सक्छ, दुईजना ओबेद-एदोमहरूको कुरा गरिएको सम्भव देखिन्छ, जसरी १ इतिहास १६:३८ र ४२ पदमा दुईजना भिन्न-भिन्नै यदूतूनहरूको कुरा छ।

अब यस सन्दुकले सियोनमा आफ्नो ठाउँ पायो; यसकारण सबै मानिसहरू आ-आफ्नो घर गए, र दाऊद आफ्नो घरपरिवारलाई आशीर्वाद गर्न घर फर्के।

### ग) १ इतिहास १७: परमप्रभुको निम्ति भवन निर्माण गर्ने दाऊदको इच्छा र परमेश्वरको प्रतिक्रिया

सत्र अध्याय तीनवटा भाग गरिएको छः **क)** १ इतिहास १७:१-२: परमेश्वरको निम्ति एउटा घर बनाउने दाऊदको चाहना; **ख)** १ इतिहास १७:३-१५: दाऊदको निम्ति एउटा घर बनाइदिने परमेश्वरको सुदृढ़ संकल्प; अनि **ग)** १ इतिहास १७:१६-२७: यसको प्रतिउत्तरमा दाऊदको प्रार्थना। अनि २ शमूएल ७ अध्याय यससित सम्बन्धित खण्ड हो।

**१ इतिहास १७:१-४:** दाऊदले भविष्यवक्ता नातानलाई यसो भनेः 'करारको सन्दुक एउटा पालमा बसेको, तर मचाहिँ शानदार घरमा बसेकोमा म दुःखी छु।' परमप्रभुको लागि एउटा घर बनाउने उनको इच्छाको निम्ति नातानले आफ्नो समर्थन दिन के साह्रै हतार गरेको! परमप्रभुले नातानलाई यसको विषयमा सच्याउनुपरेको थियो; किनकि दाऊद यस कामको निम्ति चुनिएका मानिस थिएनन्।

**१ इतिहास १७:५-६:** परमेश्वरको सन्दुक कहिल्यै एउटा स्थायी घरमा होइन, तर जहिले पनि एउटा पालमा बसेको थियो। अनि परमेश्वरले यस समयसम्म यस्तो घर बनाइदिने आज्ञा पनि दिनुभएन। पछि दाऊदले आफ्ना छोरा सुलेमानलाई एउटा कुरा प्रकट गरे, जुन कुरा यहाँ, यस ठाउँमा उल्लेख गरिएको छैनः उनले धेरै रक्तपात गरेका र लड़ाइँहरूमा संलग्न भएको हुनाले उनी परमप्रभुको भवन निर्माण गर्न अयोग्य ठहरिए (१ इतिहास २२:७-८)। यो काम उनको छोराको लागि छोड़ियो, जो 'विश्रामको मानिस' थिए (१ इतिहास २२:९); तिनले परमप्रभुको सन्दुक यसको अन्तिम विश्राम-स्थलमा ल्याउनेथिए।

**१ इतिहास १७ः७-१५ः** विगत समयमा परमेश्वरले आफ्नो अनुग्रहमा इस्राएलका कुल-पुरुषहरूसँग बोलाउनुभएको थियो, ठीक त्यस्तै उहाँले अब दाऊद इस्राएलका गोठाला र राजालाई उनको योग्यता केही पनि नहेरीकन आफ्नो निगाहमा आशिषको पात्रको रूपमा चुन्नुभयो। यी विनासर्तहरूका उहाँका प्रतिज्ञाहरू 'दाऊदसित बाँधिएको करार' भनिन्छ। २ शमूएल ७ः१२-१६ पदको खण्ड र भजन ८९ अध्यायले पनि यो करार पेश गर्छन्। श्री जोह्न वालवूर्डले यस करारअन्तर्गत उपलब्ध गरेका प्रबन्धहरूको सङ्क्षिप्त बेलीबिस्तार गरेका छन्ः

> 'दाऊदसँग बाँधिएको करारका प्रबन्धहरू-अन्तर्गत निम्न कुराहरू समावेश छन्ः **क)** दाऊदको निम्ति अझै एकजना छोरा जन्माउन बाँकी थियो, जो उनको उत्तराधिकारी हुनेथिए र जसले उनको राज्य सुदृढ़ पार्नेथिए। **ख)** अनि त्यो छोरा सुलेमान हुनेथिए, जसले दाऊदको सट्टामा त्यो मन्दिर निर्माण गर्नेथिए। **ग)** सुलेमानको राज्यको सिंहासन सदाको लागि स्थापित हुनेथियो। **घ)** सुलेमानबाट सिंहासन खोसिनेथिएन, यद्यपि तिनका पापहरूले उचित दण्ड पाउनेथिए। अनि **ङ)** दाऊदको घराना, दाऊदको सिंहासन र दाऊदको राज्य सदा-सर्वदाको लागि स्थापित हुनेथियो।' [14)]

परमेश्वरले बाँध्नुभएका अन्य सर्तविनाका करारहरूले जस्तै यस करारले पनि मानव जातिसँगका उहाँका व्यवहारहरूमा महत्त्वपूर्ण भूमिका खेल्छ। यो करार पवित्र धर्मशास्त्र बाइबलका अन्य ठाउँहरूमा पनि उल्लेख गरिएको छ, जस्तैः यशैया ९ अध्याय, यर्मिया २३ः३३, इजकिएल ३७ अध्याय र जकरिया १४ अध्याय। यो करार प्रभु येशू ख्रीष्टमा आफ्नो पूर्णताको चरमसीमा र चरम-बिन्दुमा पुग्नेछ; किनकि सिंहासन र राज्य सदा-सर्वदाको लागि उहाँको हुनेछन्।

**१ इतिहास १७ः१६-२७ः** यी कुराहरू सुनेपछि दाऊद परमप्रभुको सामु गए, र उनले प्रार्थनामा विश्वासको साथ आफ्नो हृदय पोखाए। परमेश्वरप्रति उनको यस प्रतिक्रियामा हामी दाऊदका दुईवटा उत्कृष्ट गुणहरू देख्छौंः उनको नम्रता र परमप्रभुमाथि राखिएको उनको भरोसा। १ इतिहास १७ः१६ र १७ पदहरूले भूतपूर्व दास-व्यापारी र सुसमाचार-प्रचारक जोह्न न्यूटनलाई आफ्नो प्रसिद्ध आत्मिक गीत 'अमेजिङ ग्रेस' लेख्न प्रेरित गरे। दाऊदले झैं श्री जोह्न न्यूटनले पनि आफ्नो अयोग्यता, लघुता र सूक्ष्मता परमेश्वरको अचम्मको अनुग्रहद्वारा उच्च पारिएको देख्न सके; किनकि परमेश्वरको अनुग्रह साँच्चै अद्‌भुत र उदेकको छ। [15)]

## घ) १ इतिहास १८-२०ः दाऊदका विजयहरू

जुन घटनाहरू आउँदा तीनवटा अध्यायमा छोटो-मीठो सारको रूपमा बयान गरिन्छन्, ती घटनाहरू कालक्रमअनुसार दाऊद राजा भएपछि घटे (१ इतिहास १२), तर परमप्रभुको सन्दुक यरूशलेममा ल्याउनुभन्दा अघि घटे (१ इतिहास १३-१७ अध्यायहरू)।

परमेश्वरले शुरुमा गर्नुभएको अभिप्राय-अनुसार अहिले इस्राएलको दुस्मन गर्ने यसका धेरै छिमेकी राष्ट्रहरू यसको अधीनतामा आइसके। त्यस समयसम्म पाप र अनाज्ञाकारिताले यसलाई ती जातिहरूको दासत्वमा राखेको थियो, जुन जातिहरूलाई उसले कब्जा गर्नुपरेको थियो। तर अबचाहिँ यी अन्यजातिहरूले आफूमाथि इस्राएलको श्रेष्ठता र अधिकार स्वीकार गरेर इस्राएललाई कर तिर्दैथिए।

**१ इतिहास १८ः१-६ः** पलिस्तीहरू, मोआबीहरू, सिरियालीहरू र एदोमीहरू – यी सबै जातिहरू पराजित भए; किनभने

परमप्रभुले दाऊदलाई जहाँ गए पनि सहायता गर्नुभयो र बचाउनुभयो ।

चार पदमा दाऊदले गरेको उनको दोस्रो भूल सूचित गरिएको छ; किनकि उनी इस्राएलका राजाहरूका गतिविधिहरूसित सम्बन्धित कति नियमहरू पालन गर्नुमा असफल भए (व्यवस्था १७:१५-१७)। पहिले उनले आफ्नो लागि पत्नीहरूलाई बढ़ाएका थिए (१ इतिहास १४:३), र अहिले चाहिँ उनले घोड़ाहरू बढ़ाए ।

**१ इतिहास १८:७-११:** यी जातिहरूलाई अधीनतामा ल्याएको फलस्वरूप दाऊदले धेरै सम्पत्ति प्राप्त गरे। यस सिलसिलामा किसिम-किसिमका सुन, चाँदी र पित्तलका वस्तुहरू ल्याइए, जुन वस्तुहरू उनले परमप्रभुलाई समर्पण गरे, र जुन वस्तुहरू सुलेमानले पछि मन्दिर निर्माण गर्न प्रयोग गरे ।

**१ इतिहास १८:१२-१३:** अबिशैले अठार हजार एदोमीहरूलाई मारे, जसको निम्ति २ शमूएल ८:१३ पदमा श्रेय दाऊदलाई दिइएको छ। यसकारण २ शमूएल ८:१३ पदमा गएर त्यहाँ गरिएको टिप्पणीमा हेर्नुहोस् ! तब यी दुई कुराहरूको बीचमा देखा परेको अमेल समाधान हुन्छ ।

**१ इतिहास १८:१४-१७:** दाऊदका शत्रुहरूले उनको क्रोध चाखे, तर उनको प्रजाले उनको धार्मिकता र न्यायबाट आनन्द उठायो। दाऊद एक निपुण सेनापति मात्र थिएनन्, तर एक कुशल प्रशासक पनि थिए। दाऊदका कर्मचारीहरू र अधिकारीहरूको सूचि यहाँ २ शमूएल ८:१६-१८ पदको खण्डमा पेश गरिएको छ। यसकारण बुझ्नुहोस्ः परमेश्वरले उनीहरूलाई मान दिन चाहनुहुन्छ, जसले उहाँको सेवा, अनि उहाँका अगुवाहरू र दासदासीहरूको सेवा गर्छन् ।

**१ इतिहास १९:१-४:** शाऊलको समयमा अम्मोनीहरूका राजा नाहाशले इस्राएलको विरुद्धमा लड़ाइँ गरेका थिए (१ शमूएल ११)। अनि तिनले शाऊलको शासनकालमा दाऊदलाई केही सेवा पनि गरेका थिए, जुन कुरा लेखिएको छैन। यसकारण नाहाशको मृत्युपछि दाऊदले तिनका छोरा हानूनलाई सान्त्वना दिन दूतहरू पठाए। तर हानूनले मूर्ख सल्लाह पाएर त्यसअनुसार व्यवहार गरे र यी दूतहरूको अपमान गरे ।

**१ इतिहास १९:५-७:** बदलाको डरले अम्मोनीहरूले सिपाहीहरूलाई भाड़ामा लिए, र लड़ाइँको लागि तयार भए ।

**१ इतिहास १९:८-१५:** योआब र तिनका भाइ अबिशैले अम्मोनी र अरामीहरूको संयुक्त सेना पराजित गरे। *'साहसी होऊ, र हाम्रा मानिसहरूको निम्ति र हाम्रा परमेश्वरको निम्ति वीरता देखाऊ !'* तेह्र पदमा योआबले अबिशैलाई दिएको अर्तीले इस्राएलीहरूलाई उत्प्रेरित गऱ्यो, साथै स्पष्टसँग प्रकट भयो, कि तिनले यस लड़ाइँको सामना गर्नुपरेको बेलामा यस लड़ाइँको विषयमा सठीक दृष्टिकोण अपनाएका थिए ।

**१ इतिहास १९:१६-१९:** अनि जब अरामीहरूले यूफ्रेटिस नदीको पारिमा बसेका आफ्नो जातिका मानिसहरूलाई बोलाउन पठाए र हालसालैमा खाएको हारको बदला लिने योजना बनाए; तब दाऊदले तिनीहरूबाट आउन लागेको खतरा बुझे, र तुरुन्तै आफ्नो सेना जम्मा गरे अनि तिनीहरूलाई आक्रमण गरिहाले। सेनापति शोपकको अधीनतामा रहेको वैरी सेना छक्क पऱ्यो; तिनीहरू इस्राएलसित लड्न असमर्थ थिए, फलस्वरूप यी घमण्डी अरामीहरू दाऊदको अधीनतामा आए ।

**१ इतिहास २०:१-२:** राजा दाऊदले योआबलाई रब्बाको विरुद्धमा पठाए; (रब्बाचाहिँ वर्तमान समयमा जोर्दानियाको अम्मान हो); तर दाऊद यरूशलेममा रहे (२ शमूएल १२:१)। हुन सक्छ, रब्बाको

घेराबन्दी लगभग दुई वर्ष चलेको थियो होला। अनि यस समयभित्र दाऊदले ऊरियाहकी पत्नी बतशेबासँग व्यभिचार गरे। ऊरियाहचाहिँ दाऊदका शूरवीर योद्धाहरूमध्ये एक थिए। २ शमूएल १२ अध्यायले दाऊदको पाप र पुनर्स्थापनाको विषयमा बताउँछ, तर यहाँ, यस इतिहासको पुस्तकमा उनको पाप उल्लेख गरिएको छैन; इतिहासका पुस्तक-हरूको रङ्गरस यस्तै छ। जब रब्बा शहर हार्न लागेको थियो, तब योआबले दाऊदलाई बोलाए, र यस पराजित शहरका राजाको मुकुट दाऊदको शिरमाथि राखियो।

**१ इतिहास २०:३:** हुन सक्छ, यस पदको सन्दर्भचाहिँ लड़ाइँमा जाने सिपाहीहरू मात्र थिए कि कसो हो? यस खण्डमा हिब्रू भाषा अस्पष्ट छ। यसकारण केही टिप्पणीकार-हरूले के प्रस्ताव गरेका छन् भने, यी अम्मोनी मानिसहरूलाई बेगारीमा लगाइयो। (यस सिलसिलामा २ शमूएल १२ अध्यायमा भएका टिप्पणीहरू हेर्नुहोस्)।

**१ इतिहास २०:४-८:** पलिस्तीहरूचाहिँ इस्राएलका नित्य शत्रुहरू थिए। अनि यी पलिस्तीहरूसित लड़ाइँ गर्दा तीनजना दैत्यहरू मारिए। किनकि गेजेरमा सिब्बकैले सिप्पैलाई मारे; अनि एल-हानानले लहमीलाई मारे (२ शमूएल २१ अध्यायमा त्यसको नाम गोल्यत राखिएको छ); अनि दाऊदका भतिजा योनातानले हरेक हातखुट्टामा छ-छवटा औंलाहरू भएको भीमकाय मानिसलाई मारे। (योनातानचाहिँ दाऊदका साहिँला दाजु शिमेअ अर्थात् शम्माहको छोरा थिए)। श्री म्याथ्यू हेनरीले यो पद हाम्रो जीवनमाथि लागू गराएर यस प्रकारको टिप्पणी गरेका छन्ः

> ‘दाऊदका सेवकहरू साधारण कदका मानिसहरू थिए, तर हरेक भिड़न्तमा गातका दैत्यहरूको निम्ति जित्न नसक्ने अजय योद्धा थिए; किनभने परमेश्वर तिनीहरूको पक्षमा हुनुहुन्थ्यो। जबसम्म हाम्रो साथमा हाम्रा महान् परमेश्वर हुनुहुन्छ, तबसम्म हाम्रो विरुद्धमा को उठ्न सक्छ र? हामी ठूला मानिसहरूले हाम्रो विरोध गरेकोदेखि डराउनुपर्दैन। किनकि तपाईं आफै भन्नुहोस्ः सर्वशक्तिमान् परमेश्वरसँग लड़ाइँ गर्दा हरेक हातखुट्टामा एक-एक औंला बढ़ी भएको कुराले के फरक पार्ला र?’ 16)

**ङ) १ इतिहास २१: जनगणना र महामारी**

जब यो अध्याय २ शमूएल २४ अध्याय-सँग तुलना गरिन्छ, तब शुरुमा दाऊदले मानिसहरूलाई गन्ती गरेको पापको पछाड़ि को थियो, सो त्यति स्पष्ट हुँदैन। किनकि २ शमूएल २४ अध्यायअनुसार परमप्रभुले दाऊदलाई इस्राएलको जनगणना गर्ने प्रेरणा दिनुभयो; किनभने उहाँको क्रोध इस्राएली जातिको विरुद्धमा दन्किएको थियो। अनि यहाँ शैतानले यो कार्य उक्साएको थियो भन्ने कुरा हामीलाई भनिएको छ। निस्सन्देह यी दुवै भनाइहरू सत्य छन्। किनकि परमेश्वरले शैतानलाई दाऊदको प्रलोभनमा गर्ने अनुमति दिनुभयो। परमेश्वर खराबीको कर्ता वा प्रणेता हुनुहुन्न, तर उहाँ खराबी हुन दिनुहुन्छ, खराबी सहनुहुन्छ र आफ्ना तोकिएका उद्देश्यहरूको निम्ति हितकारी कारण पो तुल्याउनुहुन्छ।

यस अध्यायमा पेश गरिएका अङ्कहरू र २ शमूएल २४ अध्यायमा दिइएका अङ्क-हरूको बीचमा भएका भिन्नताहरूको विषयमा ENDNOTES मा हेर्नुहोस्! 17)

**१ इतिहास २१:१-७:** यस जनगणनाको विषयमा योआब शुरुदेखि नै यसको विरुद्धमा थिए, र तिनले राजाको आदेश पालन गर्दा धेरै फुर्ति देखाएनन्। यस जनगणनामा लेवी कुल समावेश किन गरिएन? हुन सक्छ, यो कुल इस्राएल र यहूदाभरि तितरबितर भएको खातिर र यसकारण यसका मानिसहरूलाई गन्ती गर्न गाह्रो भएको खातिर छोड़ियो होला। अनि बिन्यामिनचाहिँ? बिन्यामिन कुलको सङ्ख्या किन यस जनगणनामा हालिएन?

हुन सक्छ, जनगणना त्यस कुलमा पुग्नुभन्दा अघि रोकियो होला (१ इतिहास २७ : २४)। अनि मानिसहरूको गन्ती लिँदा प्रस्थान ३०:१२ पदमा आदेश दिएअनुसार कुनै छुटकाराको दाम सङ्कलन गरिएको थिएन। दाऊदको अनाज्ञाकारिता र उनको घमण्डले गम्भीर परिणामहरू ल्याए।

**१ इतिहास २१:८-१५:** यस सम्बन्धमा दाऊदको पाप ठूलो थियो; तर उनले परमप्रभुको सामु आफूलाई छिट्टै विनम्र तुल्याएर तत्कालै आफ्नो पाप मानिलिए। अनि जब उनलाई उनको गल्तीको निम्ति दण्डहरूको बीचमा छान्ने अवसर दिइयो, तब उनले छानेनन्, तर आफूलाई परमप्रभुको हातमा सुम्पे; किनभने उहाँ कृपालु हुनुहुन्छ भन्ने उनलाई थाहा थियो। तर यो महामारी थामिनुभन्दा अघि सत्तरी हजार मानिसहरू मारिए।

यो सजाय हामीलाई निक्कै कड़ा लाग्ला। हामी सबैमा कमी र कमजोरीहरू हुन्छन् र हामीलाई जेलजाल पार्ने पापहरू छँदैछन्। दाऊद प्रायः नम्र मानिस थिए, तर यस अवसरमा उनी शैतानको पुरानो पापमा फसे, हो, घमण्डमा फसे। श्री म्याथ्यू हेनरीले यसको व्यावहारिक प्रयोग हामी सबैजनामाथि लागू गरेका छन्:

> 'दाऊदले आफ्नो प्रजाको भीड़ सङ्ख्यामा गर्व गरे, तर परमेश्वरको न्यायले सच्याउने काम आफ्नो हातमा लियो र तिनीहरूको सङ्ख्या कम गरिदियो। यसकारण जुन कुराहरूको विषयमा हामी घमण्डी हुन्छौं, ती कुराहरू हामीबाट खोसिन्छन् भने, अथवा ती कुराहरूले हामीलाई कमजोर तुल्याउँछन् वा हामीलाई अमिलो-तीतो पार्छन् भने यो न्यायसङ्गत कुरा हो।' **18)**

**१ इतिहास २१:१६-१७:** अनि जब दाऊदले आफ्ना आँखाहरू उठाए, तब उनले एउटा डरलाग्दो दृश्य देखेः परमप्रभुका दूतले उनको प्यारो यरूशलेममाथि एउटा थुतेको तरवार पसारिरहेका थिए। जुन प्रतिक्रिया उनले यहाँ देखाए, त्यो प्रतिक्रिया प्रशंसनीय छ; यस प्रकारको प्रतिक्रिया ठूलो पाप वा अपराध गर्दा पक्राउ परेका धेरजसो विश्वासी-हरूले देखाउँदैनन्; किन? यो के हो? यसकारण श्री म्याथ्यू हेनरीको चार बुँदे सारांशले हामी सबैको निम्ति, विशेष गरी हाम्रा अगुवाजनहरूको निम्ति लाभदायक हुन्छ। किनभने दाऊदले आफ्नो ताड़ना कसरी लिए, सो कुरा उनका चारवटा प्रतिक्रियाहरूबाट देखिन्छ।

> **'क)** दाऊदले पूरा पश्चात्तापी भई आफ्नो पाप मानिलिए, र यस पापको क्षमा पाऊँ भनेर यसको विषयमा गम्भीरतापूर्वक प्रार्थना गरे (२१:८)। उनले मानिलिएः "मैले पाप गरें", "मैले ठूलो पाप गरें", "मैले मूर्ख काम गरें", "मैले ठूलो मूर्खता गरें"; अनि उनले विन्ती गरेः "तपाईंले मलाई जेजति ताड़ना दिए त हुन्छ, तर त्यो अधर्म हटाउनुहोस्!"
>
> **ख)** उनले आफ्नो अधर्मको निम्ति दण्ड ग्रहण गरे। "तपाईंको हात ममाथि र मेरा बुबाको घरानामा परोस्!" (२१:१७)। "म आफूलाई ताड़नाको छड़ीको सजायमा सुम्पन्छु, मलाई, अँ, मलाई मात्र कष्ट दिनुहोस्! किनकि मैले पाप गरेको हुँ; म नै दोषी हुँ। सजाय मेरो थाप्लोमाथि परोस्!"
>
> **ग)** उनले आफूलाई परमेश्वरको कृपामा छोड़िराखे, (यद्यपि उनलाई थाहा थियो कि परमप्रभु उनीसँग रिसाउनुभएकै थियो); तर उहाँको विरोधमा उनको कुनै नराम्रो भावना थिएन। कसैको हातमा पर्नुपरे हामी परमप्रभुको हातमा परौं; किनकि उहाँको कृपा धेरै महान् छ (२१:१३)। असल मानिसहरू, परमेश्वर उनी-हरूसँग रिसाउनुभएको बेलामा पनि उहाँको विषयमा असल कुरा सोच्छन्। "उहाँले मलाई मार्नुभए तापनि म उहाँमाथि भरोसा राख्नेछु" (अय्यूब १३:१५)।

**घ)** उनले आफ्नो प्रजाको निम्ति अति कोमल वास्ता व्यक्त गरे। उनको अपराधको खातिर तिनीहरू पीड़ित हुनुपरेको कुरा देखेर उनको हृदय दुख्यो। "तर यी भेड़ाहरू – यिनीहरूले के गरेका छन् र?" (२१:१७)।' [19)]

**१ इतिहास २१:१८-२६:** परमप्रभुले भविष्यवक्ता गादको मुखद्वारा दाऊदलाई आज्ञा गर्नुभयोः यबूसी ओर्नानको खला किन! त्यहाँ एउटा वेदी निर्माण गर र त्यसमाथि बलिहरू चढ़ाऊ!' (२ शमूएलको पुस्तकमा ओर्नानको अर्को अरौना हो)। ओर्नानले दाऊदलाई त्यो जमिन उपहारको रूपमा दिन खोजे, तर राजा यसको लागि मोल तिर्ने अडिग रहे। अनि १ इतिहास २१:२४ पदले एउटा महत्त्वपूर्ण आत्मिक नियम प्रस्तुत गर्छः बलिदान प्रभावकारी हुनु हो भने, यो दाम नपरेको हुनुहुँदैन, तर यसको मोल ज्यादा हुनुपर्छ। अनि यो ओर्नानको खला नै पछि मन्दिरको स्थल बन्यो (२ इतिहास ३:१)।

**१ इतिहास २१:२७-३०:** अब्राहामले आफ्नो छोरा इसहाकलाई परमप्रभुको निम्ति चढ़ाएको ठाउँ मोरिया पहाड़मा थियो (उत्पत्ति २२)। अनि जब परमप्रभुले यी दूतलाई आज्ञा गर्नुभयो, यहाँ त्यो महामारी रोकियो, र तिनले आफ्नो तरवार फेरि त्यसको म्यानमा हाले, जसरी हामी १ इतिहास २१:२७ पदमा पढ्छौं। अनि हाम्रो विश्वासअनुसार यो त्यही स्थान थियो, जहाँ प्रभु येशू सारा संसारका मानिसहरूका पापहरूको निम्ति क्रूसमा मर्नुभयो। यो एकै पहाड़ थियो, तर स्थान बेग्ला-बेग्लै थियो।

परमेश्वरबाट सोधखोज गर्न दाऊदलाई गिबोनमा जान डर लागेको थियो; किनकि अब ओर्नानको खलाचाहिँ परमप्रभुको उपासना गर्न नयाँ केन्द्र भएको उनले जाने।

## च) १ इतिहास २२-२९: परमप्रभुको भवनको निर्माण-कार्यको निम्ति हुने तयारी

### अ) १ इतिहास २२: सामग्रीहरू, कामदाररूपी श्रमबल र प्रेरणा

**१ इतिहास २२:१-५:** 'परमप्रभु परमेश्वरको भवनको स्थान यही हो; अनि इस्राएली जातिको निम्ति होमबलिको वेदीको स्थल यही हो' भनेर दाऊदले ओर्नानको खलाचाहिँ परमप्रभुको भवन र होमबलिको वेदीको भावी स्थान हुँदो रहेछ भन्ने बुझे (१ इतिहास २१:२८)। यसकारण उनले मन्दिरको निर्माण-कार्यको निम्ति तयारी गर्न थाले; किनकि सुलेमानले मन्दिर बनाउने सौभाग्य पाएको उनलाई थाहा भयो। दुई पदमा उल्लेख गरिएका विदेशीहरूचाहिँ इस्राएल देशमा उब्रेका कनानीहरू थिए (१ राजा ९:२०-२१)। इस्राएली जातिले तिनीहरूलाई नष्ट गर्नुपर्नेथियो, तर यसो गर्न उनीहरू असफल भएको थियो। अनि अहिले यहूदीहरूले तिनीहरूलाई बेगारी-कामको निम्ति अधीनतामा राखे।

**१ इतिहास २२:६-१३:** अनि अब दाऊदले सुलेमानलाई औपचारिक व्याख्यान दिँदैथिए। परमप्रभुको निम्ति एउटा भवन निर्माण गर्ने उनको इच्छा थियो; अनि उनी रक्तपात गर्ने मानिस भएकोले उनी अयोग्य ठहरिए। तर उनले परमप्रभुबाट एउटा प्रतिज्ञा पाउनुभएको थियोः उनको छोरा सुलेमानले परमेश्वरको भवन निर्माण गर्नेछन्। सुलेमानको निम्ति उनको शुभेच्छा यस प्रकारको थियोः 'हे मेरा छोरा, परमप्रभु तिम्रो साथमा होऊन्!' तिनको निम्ति उनको विन्ती यही थियोः 'परमप्रभुले तिमीलाई बुद्धि र समझशक्ति दिऊन्!' अनि तिनको निम्ति उनको आग्रह यस्तो थियोः 'अनि तिमीचाहिँ

परमप्रभुले मोशालाई आज्ञा गर्नुभएको व्यवस्था होशियारसाथ पालन गर !'

**१ इतिहास २२:१४-१९:** अन्तमा दाऊदले सुलेमानलाई यस निर्माण-कार्यको लागि सामग्री र कामदारहरू तयार गर्न निक्कै दुःख उठाएको सम्भ्फना दिलाए। सुलेमानको निम्ति उनको अन्तिम अर्ती यस प्रकारको थियोः 'उठ र यो काम गर्दै जाऊ, अनि परमप्रभु तिम्रो साथमा रहिरहून् !' अनि हामी सबै ख्रीष्ट-विश्वासीहरूको निम्ति पनि यो अर्ती मनमा राख्न लाभदायक हुन्छ।

**१ इतिहास २२:१७-१९:** त्यसपछि राजाले इस्राएलका अगुवाहरूलाई चाहिँ सुलेमानलाई सहयोग गर्न आग्रह गरे। के तपाईंले यस कुरामाथि ध्यान दिनुभयो ? 'अब परमप्रभु आफ्नो परमेश्वरको खोजी गर्न आफ्नो हृदय र मन लगाओ ! त्यसपछि उठ, परमप्रभु परमेश्वरको पवित्रस्थान निर्माण गर !' परमप्रभुको भवनको निर्माण-कार्य पूरा गर्ने सम्बन्धमा पहिले हृदयको तयारी आउँछ, त्यसपछि मात्र यो हातहरूले गर्ने एउटा काम हुँदो रहेछ।

### आ) १ इतिहास २३-२६ः लेवीहरूका विभागहरू र तिनीहरूका कर्तव्यहरू

**१ इतिहास २३:१-३:** यो दाऊदको शासनकालको अन्ततिरको कुरा होः तीस वर्ष र त्यसभन्दा माथिका लेवीहरूको जनगणना लिइयो; किनकि त्यस उमेरदेखि तिनीहरूले क्रियाशील भई सेवा गर्न थाल्न सके।

**१ इतिहास २३:४-५:** तिनीहरूको सङ्ख्या अठतीस हजार थियो। त्यसपछि यी अठतीस हजार मानिसहरूलाई चारवटा भ्फुण्डहरूमा छुट्ट्याइएः **क)** मन्दिरको सेवाको देखरेखको निम्ति चौबीस हजार निरीक्षकहरू थिए भने, **ख)** छ हजार अफिसरहरू र न्यायकर्ताहरू थिए; अनि **ग)** चार हजार द्वारपालहरू थिए भने, **घ)** चार हजार सङ्गीतकार र गायकहरू थिए, जसले परमप्रभुको सामु निरन्तर स्तुतिप्रशंसा चढ़ाउँथे। यी निर्देशनहरू ईश्वरीय प्रेरणाको फल थिए, जुन निर्देशनहरू उहाँका भविष्यवक्ताहरूमार्फत दाऊदलाई पेश गरिए (२ इतिहास २९:२५)।

**१ इतिहास २३:६-२४:** यस खण्डमा लेवीहरूको वंशावली फेरि एकपल्ट दिइएको छः १ इतिहास २३:७-११ पदहरूको खण्डमा गेर्शोनीहरूको वंशावली; १ इतिहास २३:१२-२० पदहरूको खण्डमा कहातीहरूको वंशावली (मोशा र हारूनचाहिँ सबैभन्दा प्रसिद्ध लेवीहरू कहाती थिए); अनि १ इतिहास २३:२१-२३ पदहरूमा मरारीहरूको वंशवाली उल्लेख गरिएको छ।

कति पूजाहारी-सेवाहरू केवल हारून र तिनका छोराहरूलाई प्रतिबद्ध गरिएको नित्य गरिरहने तिनीहरूको जिम्मेवारी थियो (१ इतिहास २३:१३), जस्तैः धूप बाल्ने, पवित्रस्थानमा र महापवित्रस्थानमा परमप्रभुको सेवा गर्ने र परमप्रभुको नाममा इस्राएलीहरूलाई आशीर्वाद दिने कामहरू पूजाहारीहरूको लागि आरक्षित थिए (गन्ती ६:२३-२७)। अनि महापवित्रस्थानमा गरिने सेवा प्रधान पूजाहारीको एकमात्र पेवा थियो।

**१ इतिहास २३:२५-२७:** त्यसपछि लेवीहरूका कर्तव्यहरू पेश गरिएका छन्। अबदेखि उसो तिनीहरूले मोशाले तिनीहरूलाई आज्ञा गरेअनुसार भेट हुने पाल र त्यसका सामग्रीहरू बोक्नुपर्नेथिएन; किनकि परमप्रभुको भवनचाहिँ परमेश्वरको स्थायी घर हुनेथियो। दाऊदका अन्तिम शब्दहरूअनुसार लेवीहरूको सेवा गर्ने उमेर घटाएर बीस वर्ष र त्यसभन्दा माथिका ठहराइयो; किनभने मन्दिरको सेवामा बढ़ी जनशक्ति चाहिनेथियो।

**१ इतिहास २३:२८-३२:** उक्त छ हजार अफिसर र न्यायकर्ताहरू इस्राएलभरि खटाइए

होलान्; तर अरू सबै लेवीहरूले मन्दिरको सम्बन्धमा सेवा गर्ने गर्थे। अनि मन्दिरको कामको देखरेख गर्ने निरीक्षकहरूले यस खण्डमा प्रस्तुत गरिएका विस्तृत कर्तव्य-हरूअनुसार पूजाहारीहरूको सघाउ पुर्‍याउनुपर्नेथियो।

**१ इतिहास २४ः१-१९ः** पूजाहारीहरू तिनीहरूका घरानाहरूअनुसार चौबीसवटा दलहरूमा (१ इतिहास २४ः१-१९), अनि लेवीहरू पनि तिनीहरूका घरानाहरूअनुसार चौबीस दलहरूमा विभाजन गरिएको कुरा यस अध्यायमा पढ़िन्छ (१ इतिहास २४ः२०-३१)। हरेक दललाई पालैसँग मन्दिरमा सेवा गर्ने ड्यूटी तोकिएको थियो; यसरी वर्षमा हरेक दलले लगभग दुई हप्ता सेवा गर्ने अवसर पाउने गर्थ्यो। याद रहोस्ः नयाँ नियमको जकरियाचाहिँ आठौं दलको, अर्थात् अबियाहको दलको थिए (लूका १ः५; १ इतिहास २४ः१०)।

हारूनका दुईजना बाँचिरहेका छोराहरू एलाजार र इतामारका घरानाहरूमा पूजाहारी-गिरी सीमित थियो। चार पदअनुसार एलाजारको घरानामा सोह्रवटा दलहरू र इतामारको घरनामा आठवटा दलहरू थिए। अनि राजा दाऊद, इस्राएलका शासकहरू अनि पूजाहारीहरू सादोक र अहिमेलेकको उपस्थितिमा चौबीस पल्ट गोला हालियो। अनि अभिलेखक शेमायाहले गोला हालिएका नतिजाहरू होशियारीसाथ लेखिराखे।

**१ इतिहास २४ः२०-३१ः** अनि लेवीहरूले पनि दाऊद र शासकहरूको सामु गोला हाले। गोलाअनुसार हरेक मानिस कुन दलमा पर्ने हो, सो निर्धारित भयो।

**१ इतिहास २५ः१-७ः** अनि यस पच्चीसौं अध्यायमा लेवीका बाँकी सन्तानहरू गायक र सङ्गीतकारहरूको रूपमा पवित्र सेवा गर्ने तिनीहरूका दलहरू निर्धारित गरिए। यिनीहरू आसाफका छोराहरू (२५ः२), यदूतूनका छोराहरू (२५ः३), र हेमानका छोराहरू (२५ः४-५) हुन्। यी दुई सय अठासीजना मानिसहरू झ्याली, सितार र वीणाहरू बजाईकन परमप्रभुको भवनमा गाउन र बजाउनको निम्ति नियुक्त भए (२५ः६-७)।

**१ इतिहास २५ः८-३१ः** यस खण्डमा सूचित गरेअनुसार यिनीहरू गोलाद्वारा चौबीसवटा दलहरूमा छुट्ट्याइए र चौबीसवटा पालाहरूमा नियुक्त गरिए।

**१ इतिहास २६ः१-१९ः** अनि द्वारपालहरू-चाहिँ? द्वारपालहरू र तिनीहरूको निम्ति गोलाद्वारा तोकिएका मूलढोकाहरूको विषयमा विस्तृत विवरण अब दिइन्छ। अनि यहाँ, २६ः१ पदमा कोरहीहरूको कुरा लेखिएको छ। 'जुन दुःसाहसको विषयमा तिनीहरूका बुबा दोषी थिए, अरूलाई यस प्रकारको दुःसाहस गर्नदेखि रोक्ने तिनीहरूको कर्तव्य थियो (गन्ती १६)। परमेश्वरका तरिकाहरू यस्ता छन्।' [20] अनि यहाँ हामी ओबेद-एदोमको नाम पढ्छौं, जसले उज्जाको मृत्युपछि परमप्रभुको सन्दुकको देखरेख गरेका थिए (१ इतिहास १३ः१४)। परमेश्वरले तिनको विश्वासयोग्यता बिर्सनु-भएन।

अब अठार पदको कुरा आयोः मूल-ढोकासित जोड़िएको सेतुपथमा चारजना द्वारपाल वा पहरेदारहरू खटाइएका थिए, जुन सेतुपथचाहिँ पर्बारसम्म पुग्थ्यो, जहाँ अरू दुईजना द्वारपाल खटाइएका थिए। हुन सक्छ, पर्बारचाहिँ मन्दिरको पश्चिममा फैलिएको चोक वा दलान थियो कि। [21]

**१ इतिहास २६ः२०-२८ः** परमप्रभुको भवनका भण्डारहरू, अनि लुटका मालहरू र परमप्रभुलाई अर्पण गरिएका वस्तुहरूरूपी स्वेच्छा-दानहरूको रेखदेख गर्न केही लेवीहरू नियुक्त गरिए।

**१ इतिहास २६ः२९-३२ः** द्वारपालहरू र भण्डारहरूका पालेहरू छोड़ेर तेस्रो समूह

लेवीहरू अफिसर र न्यायकर्ताहरूको रूपमा अलग गरिएः एक हजार सात सयजना यर्दनको पश्चिममा र दुई हजार सात सयजना यर्दन नदीको पूर्वमा गिलादमा खटाइए।

### छ) १ इतिहास २७ः सैनिक अधिकारीहरू र सरकारी अधिकारीहरू

**१ इतिहास २७ः१-१५ः** लेवीहरूले गरेजस्तै सिपाहीहरूले पनि आ-आफ्नो दलमा सेवा गर्ने गर्थे। हरेक महिनामा चौबीस हजार मानिसहरूले ड्यूटि गर्थे। अनि सेनामा जति कप्तानहरू थिए, ती कप्तानहरू सबैजना दाऊदका शूरवीर योद्धा थिए (१ इतिहास ११ र २ शमूएल २३ अध्यायहरू)।

**१ इतिहास २७ः१६-२२ः** यहाँ, यस खण्डमा सूचित गरिएका इस्राएलका कुलहरू क्रमअनुसार राखिएका छन्। पहिले लेआका छोराहरू तिनीहरूको जन्मको क्रमअनुसार सूचित गरिएका छन्ः रूबेनीहरू, शिमोनीहरू, लेवीहरू, यहूदा, इस्साकार र जबूलून। त्यसपछि राहेलका छोराहरू सूचित गरिएका छन्ः यूसुफ र बिन्यामिन। (यूसुफचाहिँ उनका छोराहरू एप्रैम र मनस्सेद्वारा प्रतिनिधित्व गरिएका छन्)। अब बिल्हाका सन्तानहरू सूचित गरिएका छन्, तर जन्मको क्रमअनुसार होइनः नप्ताली र दान। अनि जिल्पाका छोराहरूका नामहरू गाद र आशेर यस सूचिमा आएनन्।

**१ इतिहास २७ः२३-२४ः** दाऊदले आदेश दिएको जनगणनामा बीस वर्ष र त्योभन्दा कम उमेरका मानिसहरूलाई हालिएन। अनि त्यो जनगणना कहिल्यै पूरा भएन; किनभने योआबले यो काम सिद्ध्याउनुभन्दा अघि परमप्रभुको क्रोध इस्राएलमाथि आइपरेको थियो। अनि दाऊदले, आफ्नो पापको खातिर लज्जित भएका हुनाले होला, यस दुर्भाग्यपूर्ण जनगणनाको योगफल सार्वजनिक अभिलेखमा राख्नुहुँदैन भनेर आदेश दिए।

**१ इतिहास २७ः२५-३४ः** राजा दाऊदसँग बाह्रजना अधिकारीहरू थिए, जसले उनको राजपरिवारका कामकुराहरू सम्हाल्ने गर्थे। उनीसँग सल्लाहकारहरू र घनिष्ठ साथीहरू पनि थिए, जसले उनलाई सल्लाह-सुझाउहरू दिने गर्थे। अहितोपेलको दुःखद विवरण २ शमूएल १५ र १७ अध्यायहरूमा लेखिएको छ। योआबजस्तै यिनी पनि उच्च सौभाग्य प्राप्त मानिस थिए, तर तुच्छ चरित्र भएका मानिस थिए। ओहो, राजाको मित्र हूशैचाहिँ तिनीहरूभन्दा कति धेरै श्रेष्ठ थिए!! अहितोपेल आफ्नो स्वार्थ पूरा गर्न खोज्ने अवसरवादी थिए भने, हूशैचाहिँ एक स्वार्थ-त्याग गर्ने सेवक थिए। अहितोपेल र हूशै – तिनीहरूले जेजस्तो छरे, त्यसैको कटनी पनि गरे (२ शमूएल १५-१७)। दुवैजनाले राजाको सेवा गरे, तर यसमा तिनीहरूको अभिप्राय फरक-फरक थियो। अवसरवादीले आफ्नो महिमाको लागि काम गर्छ, तर साँचो सेवकले आफ्नो मालिकको महिमा खोजेर सेवा गर्छ।

### ज) १ इतिहास २८-२९ः दाऊदका अन्तिम दिनहरू

**१ इतिहास २८ः१-८ः** अनि दाऊदले यरूशलेममा सबै शासकहरू, विभिन्न दलहरूका अधिकारीहरू र कुलहरूका प्रधानहरू र सेनाका कप्तानहरूलाई भेला गरे। उनले तिनीहरूको सामु फेरि एक पल्ट परमप्रभुको लागि एउटा भवन बनाउने आफ्नो इच्छा भएको, तर यसो गर्न अनुमति नपाएका कारणहरू बताए। तर उनी इस्राएलको राजाको रूपमा चुनिएका र स्थापित भएका थिए; अनि उनकै छोरा सुलेमान उनको उत्तराधिकारी हुन चुनिए। दाऊदको सिंहासन परमेश्‍वरद्वारा सुदृढ़ पारिएको हुनाले प्रजाले सुलेमानको अधीनस्थ परमप्रभुको आज्ञापालन

गर्नुपरेको थियो, जसरी तिनीहरूले दाऊद-अधीनस्थ उहाँको आज्ञापालन गरे ।

**१ इतिहास २८ः९-१०ः** अब दाऊदले आफ्ना छोरा सुलेमानलाई सम्बोधन गरे । नौ पदमा तिनको निम्ति एउटा आज्ञा, एउटा प्रतिज्ञा र एउटा चेताउनी छ । तिनको निम्ति आज्ञा यस प्रकारको थियोः 'हे मेरो छोरा सुलेमान, तिमी आफ्नो बुबाको परमेश्वरलाई चिन ! अँ, सिद्ध हृदयले र इच्छुक मनले उहाँको सेवा गर !' तिनको निम्ति दाऊदको प्रतिज्ञा यस्तो थियोः 'तिमीले उहाँको खोजी गर्‍यौ भने, तिमीले उहाँलाई भेट्टाउनेछौ ।' अनि तिनको निम्ति चेताउनी यस प्रकारको थियोः 'तर तिमीले उहाँलाई त्याग्यौ भने, उहाँले तिमीलाई सधैंको निम्ति अफाल्नु-हुनेछ ।' परमप्रभुले सुलेमानलाई मन्दिरको निर्माण-कार्य गर्न नियुक्त गर्नुभएको हुनाले, तिनी साहसी हुनुपरेको थियो र यो काम गरिछाड्नुपरेको थियो ।

**१ इतिहास २८ः११-१९ः** तर मोशाले गरेजस्तै सुलेमानले पनि परमप्रभुको भवनको निर्माणकार्यचाहिँ परमेश्वरको आत्माले दिनु-भएको नमुनाअनुसार गर्नुपरेको थियो; हुन सक्छ, यो नमुना ईश्वरीय दर्शनको फल पो थियो कि ? यहाँ मानिसको निजी कल्पना, आविस्कार वा निपुणताको लागि कुनै ठावैं थिएन; किनकि परमप्रभुको भवन ख्रीष्ट येशूको सुन्दर प्रतीक थियो । दाऊदले सुलेमानलाई आत्माको प्रेरणाद्वारा पाएका मन्दिरका नक्साहरू दिए । उनले एक-एक सरसामानको लागि चाहिएको कच्चा पदार्थ तौलेका थिए । (थप विवरणहरू २ इतिहास २-४ अध्यायहरूअन्तर्गतका टिप्पणीहरूमा दिइएका छन्) । अनि १ इतिहास २८ः१८ पदमा करूबहरूको त्यो रथचाहिँ के थियो त ? श्री मेरिल एफ. उङ्गरअनुसार 'करूबरूपी यस रथमाथि परमेश्वर विराजमान हुनुहुन्थ्यो वा सवारी गर्नुहुन्थ्यो ।' [22)]

**१ इतिहास २८ः२०-२१ः** अब सुलेमानको हातमा मन्दिरका नक्साहरू थिए । तिनको हातमा सङ्कलन गरिएका सामग्रीहरू पनि थिए; तिनीसँग लेवीहरू पनि थिए – ती मन्दिरका सेवकहरू, जसको हातमा सबै कर्तव्यहरू सुम्पिएका थिए । परमेश्वर तिनको साथमा हुनुहुन्थ्यो, जसले तिनलाई छोड्नु-हुन्नथियो । यसकारण तिनका बुबा दाऊदले तिनलाई आग्रह गरेः 'बलियो होऊ, साहसी होऊ र यो काम गरिछोड् !'

**१ इतिहास २९ः१-९ः** राजा दाऊदले अघि परमप्रभुको भवनको काममा यति धेरै दिए तापनि उनले अहिले अन्तिम भेटीको रूपमा र प्रजाको निम्ति असल उदाहरणको रूपमा आफ्नो निजी कोषबाट अझै सुन र चाँदी अर्पण गरे; अनि उनले मानिसहरूलाई पनि उदारतापूर्वक दान दिने आग्रह गरे । मानिस-हरूले उदारचित्तले दान दिएको हुनाले तिनीहरूको हृदय हर्षित भयो, र यस कुराले राजाको हृदयमा पनि ठूलो आनन्द ल्यायो ।

**१ इतिहास २९ः१०-१९ः** त्यसपछि दाऊदले अति सुन्दर धन्यवादको प्रार्थना गरे र परमप्रभुको उच्च महिमा गरे । परमप्रभु सारा आदरको योग्य हुनुहुन्थ्यो । किनभने उहाँ सबै कुराहरूको शिर हुनुहुन्थ्यो; उहाँ सबैभन्दा उच्च हुनुहुन्थ्यो । उहाँ सबै धन र मानको स्रोत हुनुहुन्थ्यो । उहाँको स्तुति भएको होस् ! ! उनी र उनको प्रजा के थिए त ? तिनीहरूमध्ये परमेश्वरलाई दान दिन योग्य को थिए र ? किनकि तिनीहरूले जेजति दिए, त्यो सबका सबै उहाँबाटै आएको थियो । उनले प्रजाको निम्ति र आफ्नो छोराको निम्ति यो अन्तर्विन्ती चढ़ाएः उनको प्रजाले वर्तमान समयमा देखाएको भक्ति अर्थात् २९ः१७ पदको शब्दहरूले भन्नु हो भने, तिनीहरूको हृदयको सीधापनाचाहिँ तिनीहरूको स्थायी चरित्रको सद्‌गुण बनोस् अर्थात् तिनीहरूको हृदयचाहिँ परमेश्वरमा पूरा तल्लीन भएको हृदय भएको

होस् (२९:१८), र परमप्रभुको भवन निर्माण गर्ने सम्बन्धमा उनको छोरा सुलेमानको हृदय विश्वासयोग्य या सिद्ध भएको होस् (२९:१९)।

**१ इतिहास २९:२०-२२**[क]: त्यसपछि जब उनले सारा समुदायलाई परमप्रभुलाई धन्यको भन्ने आह्वान दिए, तब तिनीहरूले आफ्ना शिरहरू झुकाएर परमप्रभु आफ्ना परमेश्वरलाई र आफ्नो राजालाई दण्डवत् गरे। अनि भोलिपल्ट तिनीहरूले परमप्रभुको निम्ति तीन हजार बलिपशु बलि गरे; अनि तिनीहरूले परमप्रभुको उपस्थितिमा खाए र पिए।

**१ इतिहास २९:२२**[ख]**-२५**: अनि तिनीहरूले सुलेमानलाई दोस्रो पल्ट राजा तुल्याए (१ इतिहास २९:२२ पद २३:१ पदसित तुलना गर्नुहोस्); अनि दाऊदको मृत्युपछि सुलेमान सिंहासनमाथि बसे; अनि तिनले परमप्रभुको आशिष र मानिसहरूको शुभेच्छा र निष्ठा उपभोग गरे। अनि तिनको महिमित राज्यले ख्रीष्ट येशूको हजार वर्षको शासनको महिमा चित्रण गर्छ, जब उहाँ सम्पूर्ण पृथ्वीमाथि राज्य गर्नुहुनेछ।

**१ इतिहास २९:२६-३०**: अनि इतिहासको पहिलो पुस्तकले दाऊदको शासनकालको सङ्क्षिप्त सारांश दिएर समाप्त हुन्छ। धन र मानले भरपूर भएर उनको पूरै बुढ़ेसकालमा उनको मृत्यु भयो; (याद रहोस्: आफ्नो मृत्युमा दाऊदको उमेर सत्तरी वर्ष भएको थियो)।

## ENDNOTES:

**1) Introduction:** Thus when our Lord speaks of the blood of Abel (Gen. 4:10-11) to the blood of Zechariah the son of Berechiah (2 Chron. 24:20-21), He is saying "from Genesis to Malachi" (or Revelation).

**2) Introduction:** It would seem to imply that the Chronicler filled in what Samuel and Kings neglected.

**3) Introduction:** If Chronicles paralleled Samuel and Kings even more it would no doubt be criticized as being redundant.

**4) Introduction:** William Kelly, *Lectures on the Books of Chronicles*, p. 13.

**5) Introduction:** Ibid.

**6) Introduction:** The Septuagint translates it seers, the Hebrew word for seers being close to the name Hozai.

**7) Introduction:** W. Graham Scroggie, *Know Your Bible*, Vol. 1, The Old Testament, p. 86.

**8) Part 1: Introduction:** The New King James Version, which text the Believers Bible Commentary comments upon, footnotes these variations rather fully in most editions, yet the OT editor as well as the executive editor, translators, and review committees, all hold the position of inerrancy of the original text.

**9) 2:1–4:23:** H. A. Ironside, *The Continual Burnt Offering*, Reading for March 12.

**10) 7:13:** Jahziel and Shallum illustrate names that are slightly different from their Genesis spelling (Jahzeel and Shillom in Gen. 46:24; cf. NKJV footnote).

**11) 8:29–40:** The "bosheth" part of Mephibosheth's name (cf. Ishbosheth) means "shame." Rather than say the name of a pagan deity (here, Baal) devout Jews would replace it with this insult to idolatry.

**12) 10:1–5:** C. H. Spurgeon, *Spurgeon's Devotional Bible*, p. 265.

**13) 11:20-21:** The Syriac version reads "thirty" (see NKJV footnote).

**14) 17:7-15:** John Walvoord, quoted by J. Dwight Pentecost, *Things to Come*, pp. 101, 102.

**15) 17:16–27:** Samuel Willoughby Duffield, *English Hymns: Their Authors and History*, p. 166.

**16) 20:4–8:** Matthew Henry, *"1 Chronicles," in Matthew Henry's Commentary on the Whole Bible*, II:887.

**17) Chapter 21: Introduction:** The apparent discrepancies in numbers between 2 Samuel 24 and 1 Chronicles 21 can be reconciled as follows:

| 2 SAMUEL 24 | 1 CHRONICLES 21 |
|---|---|
| *1. Census figures* | |
| 8,00, 000 valiant men of Israel who drew the sword (v. 9) | 11,00,000 men of all Israel who drew the sword v. (5) |
| 5,00,000 men of Judah (v. 9) | 4,70,000 men of Judah who drew the sword v. (5) |
| total: 13,00,000 men | 15,70,000 men |

But please note the different classifications: valiant men vs. all Israel; men of Judah vs. men of Judah who drew the sword. These figures necessarily include different classes of people.

*2. Years of famine*

| | |
|---|---|
| seven years (v. 13) | three years v. (12) |

The seven years may include the three-year famine caused by Saul's slaying of the Gibeonites (2 Sam. 21:1). If David chose three additional years, any part of an intervening year would count as a year, and thus the total famine would be seven.

*3. Price paid to Araunah (Ornan)*

| | |
|---|---|
| 50 shekels (v. 24) | 600 shekels (v. 25) |

The fifty shekels were for the threshing floor and the oxen. The six hundred shekels were for "the place of this threshing floor" (v. 22), the larger area of which the threshing floor was only a part.

**18) 21:8–15:** Matthew Henry, *"1 Chronicles," in Matthew Henry's Commentary on the Whole Bible* II:889.

**19) 21:16-17:** Matthew Henry, *"1 Chronicles," in Matthew Henry's Commentary on the Whole Bible* II:889.

**20) 26:1–19:** George Williams, *The Student's Commentary on the Holy Scriptures*, p. 236.

**21) 26:1–19:** Another theory is that Parbar was a suburb of Jerusalem. The term is uncertain in meaning.

**22) 28:11–19:** Merrill F. Unger, *Unger's Bible Dictionary*, p. 190.

## BIBLIOGRAPHY


Henry, Matthew. "1 Chronicles" and "2 Chronicles." In *Matthew Henry's Commentary on the Whole Bible*. Vol. 2. Reprint. McLean, VA: MacDonald Publishing Company, n.d.

Keil, C. F. "The Books of the Chronicles." In *Biblical Commentary on the Old Testament*. Vol. 9. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Kelly, William. *Lectures on the Books of Chronicles*. Oak Park, IL: Bible Truth Publishers, 1963.

Payne, J. Barton, "I and II Chronicles." In *The Wycliffe Bible Commentary*. Chicago: Moody Press, 1962.

Sailhamer, John. First and Second Chronicles. Everyman's Bible Commentary. Chicago: Moody Press, 1983.

Zöckler, Otto. "The Books of the Chronicles." In *Commentary on the Holy Scriptures, Critical, Doctrinal, and Homiletical*. Vol. 4. Reprint (24 vols. in 12). Grand Rapids: Zondervan Publishing House, 1960.

# २ इतिहासको पुस्तकको टिप्पणी

# इतिहासको दोस्रो पुस्तकको भूमिका

*'इतिहासको दोस्रो पुस्तक परमेश्‍वरको अनुशासन वा ताड़नाको रूपरेखा हो, जुन अनुशासनचाहिँ उहाँका प्रतिबन्धात्मक प्रतिज्ञाहरूमाथि आधारित थियो। चार सय सत्ताइस वर्षको अवधिभित्र यहूदाका उन्नाइसजना राजाहरू थिए। तीमध्ये सातजना असल राजाहरू थिए, दाऊदजस्तै। दसजना दुष्‍ट राजाहरू थिए, इस्राएलको राज्य र त्यसको राजा यारोबामजस्तै। दुईजना असल राजाहरू थिए, जो दुष्‍ट बनेः सुलेमान र योआश। अनि यहाँ हामी अनुशासन न्यायमा परिणत भएको देख्छौं।'*

*श्री जोह्न हेडिङ्ग*

नोटः इतिहासको यस दोस्रो पुस्तकको परिचय इतिहासको पहिलो पुस्तकको भूमिकामा हेर्नुहोस्!

## रूपरेखा

**खण्ड १) २ इतिहास १-९ः सुलेमानको राज्य**

**क) २ इतिहास १ः** सुलेमानको उपासना, बुद्धि र धनसम्पत्ति

**ख) २ इतिहास २-७ः** परमप्रभुको भवनको विषयमा सुलेमानले गरेको तयारी, निर्माण र समर्पण

**ग) २ इतिहास ८ः१-९ः२८ः** सुलेमानको सारा वैभव

**घ) २ इतिहास ९ः२९-३१ः** सुलेमानको मृत्यु

**खण्ड २) २ इतिहास १०ः राज्यको विभाजन**

**खण्ड ३) २ इतिहास ११ः१-३६ः१९ यहूदाको राज्य**

**क) २ इतिहास ११-१२ः** राजा रहबाम

**ख) २ इतिहास १३ः** राजा अबियाह

**ग) २ इतिहास १४-१६ः** राजा आसा

**घ) २ इतिहास १७-२०ः** राजा यहोशापात

**ङ) २ इतिहास २१ः** राजा यहोराम

**च) २ इतिहास २२ः१-९ः** राजा अहज्याह

**छ) २ इतिहास २२ः१०-२३ः२१ः** रानी अतल्याहले सिंहासन हड़प गरेकी

**ज) २ इतिहास २४ :** राजा योआश

**झ) २ इतिहास २५ :** राजा अमस्याह

**ञ) २ इतिहास २६ :** राजा उज्जियाह

**ट) २ इतिहास २७ :** राजा योताम

**ठ) २ इतिहास २८ :** राजा आहाज

**ड) २ इतिहास २९-३२ :** राजा हिजकियाह

**ढ) २ इतिहास ३३ : १-२० :** राजा मनस्से

**ण) २ इतिहास ३३ : २१-२५ :** राजा आमोन

**त) २ इतिहास ३४-३५ :** राजा योसियाह

**थ) २ इतिहास ३६ : १-३ :** राजा यहोआहाज

**द) २ इतिहास ३६ : ४-८ :** राजा यहोयाकिम

**ध) २ इतिहास ३६ : ९-१० :** राजा यहोयाकिन

**न) २ इतिहास ३६ : ११-१९ :** राजा सिद्‌कियाह

**खण्ड ४ ) २ इतिहास ३६ : २०-२१ : बेबिलोनको कैद**

**खण्ड ५ ) २ इतिहास ३६ : २२-२३ फारसका राजा कोरेसको उर्दी**

# इतिहासको दोस्रो पुस्तकको टिप्पणी

शुरुमा इतिहासको पुस्तक एकै ठूलो, मोटो पुस्तक थियो, तर सुविधाको निम्ति यो पुस्तक दुई भाग गरेर इतिहासको पहिलो पुस्तक र इतिहासको दोस्रो पुस्तकमा छुट्ट्याइयो। यसैले इतिहासको पहिलो पुस्तक जहाँ समाप्त भयो, त्यस ठाउँबाट इतिहासको दोस्रो पुस्तक अघि बढ्दै जान्छ। दाऊदको शासनकाल र सुलेमानको शासनकालको बीचमा यो मूल-पुस्तक भाग गरिएको उचित देखिन्छ।

१ इतिहास २९ अध्यायमा दाऊदले सुलेमानलाई आफ्नो उत्तराधिकारीको रूपमा स्थापित गरे। अनि इतिहासको दोस्रो पुस्तकले सुलेमानबाट शुरु गरेर दाऊदको वंशावली बेबिलोनको कैदबाट बाँकी रहेका यहूदीहरू फर्केर आएको समयसम्म पेश गर्छ। राजाहरूको पहिलो र दोस्रो पुस्तकमा प्रस्तुत गरिएको समय र इतिहासको पहिलो र दोस्रो पुस्तकमा प्रस्तुत गरिएको समय मोटा-मोटी एउटै थियो, तर इतिहासका पुस्तकहरू प्रायः सधैं यहूदामाथि केन्द्रित रहन्छन्। इस्राएलका राजाहरू जहाँ यहूदाको इतिहास-सित सम्बन्धित छन्, त्यहाँ मात्र उनीहरूका नामहरू लिइन्छन्। अनि इतिहासका पुस्तक-हरूको जोड़ आत्मिक कुराहरूमाथि छ भने, राजाहरूका पुस्तकहरूको जोड़ ऐतिहासिक हो। राजाहरूका पुस्तकहरूका धेरै सामग्रीहरू इतिहासका पुस्तकहरूमा पनि समावेश गरिएका छन्; तर कहिलेकाहीं इतिहासका पुस्तकहरूमा राजाहरूका पुस्तकहरूमा नभएका केही विवरणहरू हालिएका छन्। अनि इतिहासका पुस्तकहरू पछिको मितिमा लेखिए र फरक उद्देश्यको निम्ति लेखिए। हामी यस अध्ययनअन्तर्गत राजाहरूका पुस्तकहरू र इतिहासहरूका पुस्कहरूको बीचमा रहेका केही भिन्नताहरूको विषयमा टिप्पणी गर्दै जान्छौं, तर हामी सबै भिन्नता-हरूको विषयमा गहन अध्ययन गर्न सक्दैनौं। यस सम्बन्धमा अन्य किताबहरू लेखिएका छन्।

# खण्ड १

# २ इतिहास १-९ः

## सुलेमानको राज्य

### क) २ इतिहास १ः सुलेमानको उपासना, बुद्धि र धनसम्पत्ति

**२ इतिहास १ः१-३ः** १ राजाहरू १-३ अध्यायहरूले दाऊदको मृत्यु (१ इतिहास २९) र सुलेमान राजाको रूपमा स्थापित भएको समयको बीचमा के-के भएको थियो, सो बताउँछन्। परमप्रभुको वचनअनुसार सुलेमानमा उनका बुबाको सिंहासन सुरक्षित भएपछि सत्ताको संघर्ष हुँदा अदोनियाह र योआब मारिए (१ इतिहास २२ः९-१०)।

राज्य सुरक्षित भएको देखेर सुलेमानले आफ्नो अधिकारीवर्ग र प्रजालाई भेला गरे र तिनीहरूलाई गौरवशाली जात्राको रूपमा गिबोनमा अगुवाइ गरे, जहाँ भेट हुने पाल रहेको थियो।

**२ इतिहास १ः४-६ः** दाऊदले परमप्रभुको सन्दुक यरूशलेममा सारेका थिए (१ इतिहास १३-१५ अध्यायहरू), तर भेट हुने पालका बाँकी सरसामानहरू, जस्तैः पित्तलको वेदी आदि अझै पनि गिबोनमा थिए। अनि यही होमबलिको वेदीमा सुलेमानले एक हजार होमबलि चढ़ाए। यसरी नै उनले परमप्रभु आफ्ना बुबाका परमेश्‍वरप्रति आफ्नो भक्ति र विश्‍वासयोग्यता प्रदर्शन गरे।

**२ इतिहास १ः७-१२ः** अनि त्यही रात एउटा सपनामा परमेश्‍वर उनीकहाँ देखा पर्नुभयो, र उनले उहाँबाट के चाहना गरेको, सो सोध्नुभयो (२ इतिहास १ः७ र १ राजाहरू ३ः५)। 'यस प्रजालाई सठीक शासन गर्न मलाई बुद्धि र ज्ञान दिनुहोस्' भनेर उनको उत्तर थियो। अनि सुलेमानले गरेको अनुरोधले परमप्रभुलाई यति खुशी तुल्यायो कि उहाँले उनलाई अपूर्व धन, दौलत र मान दिन्छु भन्ने प्रतिज्ञा गर्नुभयो। अनि एक प्रकारले परमेश्‍वर हरेक ख्रीष्ट-विश्‍वासीकहाँ आउनुहुन्छ, र उसलाई सोध्नुहुन्छः 'तिमी मबाट के पाउन चाहन्छौ?' अनि हामी जीवनमा जे चाहन्छौं, हामी प्रायः त्यही पाउँछौं; किनकि हाम्रो प्राप्ति हाम्रो पाउने इच्छामा निर्भर गर्छ।

**२ इतिहास १ः१३-१७ः** सुलेमान यरूशलेममा फर्के, र उनले ठूलो समृद्धिको साथ शासन गरे। यस खण्डको सन्दर्भ उनका रथहरू, उनका घोड़चढ़ीहरू, उनका रथहरू-का शहरहरू, अनि उनको सुन-चाँदी, देवदारको काठ र घोड़ाहरू थिए। तर उनको समृद्धिमा उनको हुन लागेको विफलताको बीउ पो भएछ; प्रायः कुरा यस्तै हुन्छ।

### ख) २ इतिहास २-७ः परमप्रभुको भवनको विषयमा सुलेमानले गरेको तयारी, निर्माण र समर्पण

**२ इतिहास २ः१-२ः** यस मन्दिरको निर्माण-कार्यको तयारीमा सुलेमानले भारी बोक्नको निम्ति सत्तरी हजार मानिसहरूलाई, साथै असी हजार ढुङ्गा काट्नेहरूलाई र तीन हजार छ सय निरीक्षकहरूलाई छाने।

**२ इतिहास २ः३-१०ः** त्यसपछि उनले टायरका राजा हिरामबाट सहायता मागे, जुन हिरामले दाऊदको राज-दरबारको लागि देवदारहरूको बन्दोबस्त गरेका थिए। यस निर्माण-कार्यको आत्मिक महत्त्वको वर्णन गरिसकेपछि सुलेमानले एकजना निपुण मिस्त्री पाऊँ भन्ने अनुरोध गरे, जसले ती कारिगरहरूसँग काम गर्नुपरेको थियो, जुन

कारिगरहरू दाऊदले जुटाइदिएका थिए। साथै उनलाई आवश्यक काठ पनि चाहिएको थियो। सुलेमानले यस सहयोगको लागि उचित ज्याला तिर्ने कबुल गरे। उनले तिरेको वास्तविक रकम कति थियो, यसको विषयमा अमेल भएको छ। [1)]

## देखा परेका अमेलहरूको विषयमा गरिने छलफल

इतिहासको दोस्रो पुस्तकको टिप्पणी गर्दा हामी यस पुस्तक अनि राजाहरूका १ र २ पुस्तकमा उल्लेख गरिएका समानान्तर विवरणहरूको बीचमा केही अमेलहरू भएका देखिन्छ; हामीले यो कुरा याद गर्नुपर्छ। हामीले यी भिन्नताहरू बेवास्ता गर्‍यौं भने, हामीलाई हाम्रा पाठकहरूलाई ठीक प्रकारको सेवा नगरेका लाग्छ। तर हामीले ती भिन्नताहरूमा बढ़ी जोड़ दियौं भने, हामी परमेश्वरको वचनमाथिको विश्वास हानि पो गर्छौं कि भन्ने डर छ; अनि निश्चित छ, कि हामी पक्का पनि यसो गर्न चाहँदैनौं। यस समस्याको समाधान कसरी गरौं त ? हाम्रो उपाय यस्तो छः हामीले सबै भिन्नताहरूको उचित कारण दिन नसके ता पनि मुख्य-मुख्य भिन्नताहरूले यस टिप्पणीमा पेश गर्छौं। अनि यो पनि हामी दृढ़तापूर्वक भन्न चाहन्छौंः यी भिन्नताहरूले पवित्र धर्मशास्त्र बाइबल परमेश्वरको आत्माको प्रेरणाको फल हो भन्ने शिक्षामा कुनै हालतमा पनि केही असर गर्दैनन्। किनकि हामी विश्वास गर्छौंः पवित्र बाइबल परमेश्वरको सासरूपी दिव्य प्रेरणाले लेखिएको हो, यो अचूक छ, यो त्रुटिरहित पुस्तक हो, मूललिपिको कुरा गर्नु हो भने।

हामी ENDNOTES मा अमेलहरूसित सम्बन्धित समस्याहरूको विषयमा कुरा गर्छौं; किनभने हामी जसो भए पनि यस पुस्तकमा देखा परेका अमेलहरूको विषयमा गरिने विषयबद्ध तकनीकी छलफलहरूद्वारा यस टिप्पणीको प्रवाह बग्नदेखि रोक्न चाहँदैनौं। ENDNOTES मा हामीलाई समस्याहरूको सङ्क्षिप्त अनुसन्धान गर्ने अवसर मिलेको छ; त्यहाँ हामीले कति कुरा छलफल गर्न स्वतन्त्रता पाएका छौं।

यस विषयमा हामी शुरुमा भनिहालौंः धेरै अमेलहरू सरासर प्रतिलिपिकारहरूका भूल-त्रुटिहरू हुन्। धेरै शताब्दीको दौड़ानमा शास्त्रीहरूले पवित्र बाइबलका प्रतिलिपि बनाउँदा र पुनः प्रतिलिपि बनाउँदा सानातिना गल्तीहरू गरेकोमा हामी छक्क पर्नुहुँदैन। किनकि वर्तमान समयमा पनि कुरा यस्तो छः कुनै किताब प्रकाशन गर्दा मुद्राक्षरहरूको हिज्जेमा कुनै न कुनै गल्ती गरिन्छ-गरिन्छ।

कसैको मनबाट उठेको प्रश्न यस प्रकारको होलाः 'जुन परमेश्वरले पवित्र धर्मशास्त्र बाइबलका मूल-लेखकहरूलाई त्रुटिरहित लेख लेख्ने प्रेरणा दिन सक्नुभयो, त्यही परमेश्वरले किन शास्त्रीहरूलाई त्रुटिरहित प्रतिलिपिहरू उत्पादन गर्न लगाउन सक्नुभएन ?' यस प्रश्नको उत्तर यस प्रकारको छः उहाँले पक्कै पनि यसो गर्न सक्नुहुनेथियो, तर उहाँले आफ्नो बुद्धिमा यसो गर्न रोज्नुभएन। यस विषयमा महत्त्वपूर्ण कुरा के हो भने, आज हाम्रो हातमा भएको बाइबल परमेश्वरको वचन हो। प्रतिलिपिकारहरूका ससाना त्रुटिहरू छोड़ौं, किनभने ती त्रुटिहरू केवल नामहरूका हिज्जेहरू र अङ्क-अङ्कको बीचका भिन्नताहरूको सम्बन्धमा छन्। भइरहेका अमेलहरू सानातिना बेलीबिस्तारहरूसँग सम्बन्धित छन् र बाइबलको कुनै शिक्षासित होइन।

यस धरतीमा हुनुहुँदा प्रभु येशूले पुरानो नियमबाट धेरै पल्ट उद्धृत गर्नुभयो, तर उहाँको हातमा मूल पाण्डुलिपिहरू थिएनन्। अनि जुन खण्ड उहाँले उद्धृत गर्नुहुन्थ्यो, त्यो खण्ड उहाँले परमेश्वरको वचनको रूपमा उद्धृत गर्नुहुन्थ्यो। यसकारण बुझ्नुहोस्ः आज पवित्र बाइबलका प्रतिष्ठित संस्करणहरू छँदैछन्, जुन संस्करणहरूको विषयमा 'यो परमेश्वरको वचन हो' भनेर हामी ढुक्कै र निर्धक्क हुन सक्छौं।

**२ इतिहास २ः११-१६ः** हिरामले एउटा पत्र लेखेर सुलेमानलाई जवाफ दिए। यसबाट यस ऐतिहासिक निर्माण-कार्यको महत्त्व तिनले बुझेको र इमानदारपूर्वक यसलाई यसको आत्मिक मान्यता दिएको देखिन्छ। तिनले सुयोग्य, निपुण कारिगर हूरामलाई[2] पठाइदिन्छु भने। तिनले लेबानोनबाट काठ पठाउने प्रण पनि गरे, गहुँ, जौ, तेल र दाखमद्यरूपी ज्यालामा। रूखका ठूला-ठूला मुढ़ाहरू बेड़ाहरूको रूपमा भूमध्यसागरमार्फत योपासम्म तैरिएर ल्याइनेथिए; त्यसपछि यी मुढ़ाहरू थलमार्फत बोकी-बोकी यरूशलेममा ल्याइने सुलेमानको जिम्मा हुनेथियो।

**२ इतिहास २ः१७-१८ः** ती एक लाख त्रिपन्न हजार परदेशी श्रमिकहरूचाहिँ कनानीहरू थिए, जुन कनानीहरूलाई इस्राएलीहरूले नाश गरेनन्, अँ, नाश गर्न सकेनन्। तर अहिले तिनीहरूलाई बेगारीमा लगाइयो।[3]

**२ इतिहास ३ः१-४ः** धेरै परिकल्पना र तयारी गरेपछि अन्तमा सुलेमानको शासनकालको चौथो वर्षमा निर्माण-कार्य शुरु भयो। एक लाख पचास हजारभन्दा बढ़ी कामदारहरू र असीमित स्रोतहरू लिएर पनि यो विशाल निर्माण-कार्य पूरा गर्न सात वर्षभन्दा बढ़ी समय लाग्नेथियो।

परमप्रभुको भवनको जग मोरियाह पहाड़माथि बसालियो। मन्दिरचाहिँ नब्बे फिट लामो, तीस फिट चौड़ा र पैंतालीस फिट अग्लो हुनेथियो। (१ राजाहरू ६ अध्यायमा हेर्नुहोस्, जहाँ अरू थप विवरणहरू पाइन्छन्)। भेट हुने पालको भन्दा परमप्रभुको भवनको लमाइ-चौड़ाइ लगभग दोबर थियो; अनि अगाड़िपट्टि एउटा प्रवेश-कक्ष वा दलान तीस फिट लामो थियो।[4]

**२ इतिहास ३ः५-९ः** अनि परमप्रभुको भवनको भुइँतला दुईवटा कोठामा विभाजन गरिएको थियो। अनि ती दुईवटा कोठाहरूचाहिँ 'ठूलो भवन' नामक बड़ा कोठा र 'महापवित्र भवन' नामक दोस्रो कोठा थिए। त्यो सारा भवन ढुङ्गाको थियो; अनि त्यसको भित्री भाग सल्लाको तख्ताहरूले ढाकियो, जुन तख्ताहरू निखुर सुनले मोहोरिए, अनि खजुरका रूखहरू, मालाहरू र करूबहरू आदि चित्रहरू र बहुमूल्य पत्थरहरू लगाईकन सजाइए। त्यस भवनभित्र देखिने सबै कुराहरू सुनैसुनका थिए; किनकि सुन परमेश्वरत्वको प्रतीक हो, र सुनले परमप्रभुको त्यस महिमाको चित्रण गर्छ, जुन महिमाले त्यस भवनलाई भर्न लागेको थियो।

**२ इतिहास ३ः१०-१३ः** अनि दुईवटा करूबहरू महापवित्रस्थानमा राखिए। (याद रहोस्ः सन्दुकको ढकनीरूपी कृपा-आसनमा अरू दुईवटा करूबहरू छँदैथिए)। यी दुईवटा करूबहरूका यता र उता फैलिएका पखेटाहरूले महापवित्रस्थानको सम्पूर्ण चौड़ाइ भरेका थिए। अनि केही समयपछि परमप्रभुको सन्दुक यी करूबहरूका पखेटाहरूमनि राखिनेथियो (२ इतिहास ५ः७)। करूबहरू अलौकिक प्राणीहरू हुन्, जुन प्राणीहरूको बारेमा पवित्र धर्मशास्त्र बाइबलमा घरिघरि उल्लेख गरिएको छ। भित्ताहरू र छेक्ने पर्दामाथि करूबहरूको चित्र लगाएर सजाइए (२ इतिहास ३ः७ र १४)। किनकि करूबहरूले नित्य परमेश्वरको सेवा-

टहल गरिरहेका छन्। अनि भेट हुने पाल र परमप्रभुको भवनचाहिँ परमेश्वरको साँचो वासस्थान स्वर्गका प्रतिरूप थिए, जुन स्वर्गमा अनगिन्ती सेनाहरूद्वारा दिनरात उहाँको उपासना र महिमा भइरहन्छ (हिब्रू ८:५)। भेट हुने पाल र परमप्रभुको भवनचाहिँ ख्रीष्ट येशूका प्रतिरूप पनि हुन् (यूहन्ना १:१४)। किनकि उहाँले अनुग्रह र सत्यताले पूर्ण भएर हाम्रो बीचमा वास गर्नुभयो। 'वास गर्नु' भन्ने क्रियापदको शाब्दिक अर्थ 'पाल टाँगेर बस्नु' हो (यूहन्ना २:१९)।

**२ इतिहास ३:१४-१७:** भेट हुने पालमा भएझैं यस भवनमा पनि एउटा छेक्ने पर्दाले यी दुईवटा कोठाहरू अलग-अलग गर्‍यो। तर मन्दिरका कोठाहरूको बीचमा ढोकाहरू पनि थिए (३:७)। परमप्रभुको भवनको अगाड़ि दुईवटा खाँबाहरू राखिए, जसका शीर्षहरू एक-एक सयवटा दारिमहरूले सजाइएका थिए।[5] दाहिने पट्टिको खाँबाको नाम 'याकीन' र देब्रे पट्टिको खाँबाको नाम 'बोअज' थियो। (याकीनको अर्थ 'उहाँले स्थापना गर्नुहुनेछ' हो भने, बोअजको अर्थ 'उहाँमा शक्ति छ' हो)।

**२ इतिहास ४:१-२२:** परमप्रभुको भवनमा प्रयोग गरिएका दुईवटा प्रमुख धातुहरू पित्तल र सुन थिए। अनि यस चौथो अध्यायमा यी धातुहरूबाट बनेका केही सरसामानहरू सङ्क्षिप्त रूपले सूचित गरिएका छन्। होमबलिको वेदी, 'समुद्र' नामक टङ्की[6] र त्यसको टेकोरूपी बाह्रवटा गोरुहरू (२ इतिहास ४:२-५, १०), साथै दसवटा बाटाहरू वा यता-उता सार्न मिल्ने खालका भाँड़ाहरू पित्तलका थिए (४:६)। चोकका ढोकाहरू पित्तलले मोहोरिए (४:९)। विभिन्न भाँड़ाकुँड़ाहरू पित्तलको थिए (४:११ र १४-१८), त्यसपछि ती दुईवटा खाँबाहरू र तिनका शीर्षहरू पनि पित्तलले बने (४:१२-१३)। यी सबै थोकहरू यर्दनको मैदानमा सुक्कोत र सरेदाको बीचमा भएको चिम्ट्याहा माटोमा ढालेर बनाइए (४:१७)।

अनि सुलेमानले पवित्रस्थानको लागि दसवटा सामदानहरू बनाउन सुन प्रयोग गरे (४:७ र २०), अनि भेटीका रोटीहरू राख्ने दसवटा टेबलहरू (४:८ र १९), सुनको धूप-वेदी (४:१९) र अन्य भाँड़ाकुँड़ाहरू सुनका थिए (४:८ र २१-२२); अनि पवित्रस्थान र महापवित्रस्थानका भित्ताहरू सुनले मोहोरिए। अनि प्रमुख रूपले परमप्रभुको भवनभित्र भएका वस्तुहरू प्रायः सुनका थिए भने, पित्तलका सरसामानहरू प्रायः बाहिर प्रयोग गरिन्थे।

अनि करारको सन्दुकबाहेक मन्दिरका अरू सबै सरसामानहरू सुलेमानले बनाए। तर परमप्रभुको सन्दुकचाहिँ भेट हुने पालबाट ल्याइयो।

**२ इतिहास ५:१-१०:** अबचाहिँ मन्दिरको निर्माण-कार्य सिद्धियो (२ इतिहास ५:१ र १ राजाहरू ८)। अनि यस खण्डका बाँकी पदहरूको सन्दर्भ भेट हुने पालबाट परमप्रभुको भवनमा ल्याउने सरसामानहरूको ढुवानी हो। परमप्रभुको सन्दुक महापवित्र-स्थानमा राखियो। अनि धूपको वेदी र रोटीहरूको टेबलजस्ता अन्य सामग्रीहरू सुलेमानको मन्दिरमा प्रयोग नगरिने हुनाले त्यस बेलामा भण्डारमा राखिए होलान्।

परमप्रभुको सन्दुक बोक्ने लेवीहरू पूजाहारी थिए (२ इतिहास ५:४ र ७)। तिनीहरूले परमप्रभुको सन्दुक पहरेदार करूबहरूका पखेटाहरूमनि त्यसको ठाउँमा राखे (५:७ र ८)। प्रस्थान २५:१५ पद-अनुसार परमप्रभुको सन्दुक बोक्ने डण्डीहरू सन्दुकसँगै रहन आवश्यक थियो। १ राजाहरू ८:८ पदअनुसार परमप्रभुको सन्दुकका डण्डीहरूका टुप्पाहरू पवित्रस्थानबाट देख्न सकिन्थ्यो। त्यस समयमा व्यवस्थाका

दुईवटा ढुङ्गाका पाटीहरू परमप्रभुको सन्दुकभित्र थिए।

**२ इतिहास ५:११-१४:** यस खण्डमा ५:११[ख] पदमा के लेखिएको छ भने, 'सबै पूजाहारीहरूले आ-आफ्ना दलको पालो नपर्खीकन आफूलाई पवित्र गरेका थिए'; यसर्थ त्यस दिनमा उपस्थित भएका सबै पूजाहारीहरूले सेवामा भाग लिए, त्यस दिनमा सेवाको निम्ति खटाइएको दलले मात्र होइन।

अनि जब परमप्रभुलाई उहाँको भलाइ र कृपाको निम्ति स्तुति र धन्यवाद चढ़ाइरहेका लेवीहरू र पूजाहारीहरू वेदीको पूर्वपट्टिको छेउमा खड़ा भए, तब त्यो मन्दिर परमप्रभुको महिमाले भरियो; यसले गर्दा पूजाहारीहरूले मन्दिरभित्र गएर सेवा गर्न सक्दैनथिए।

**२ इतिहास ६:१-११:** आफ्नो समर्पणको प्रार्थनामा परमप्रभुलाई सम्बोधन गर्नुभन्दा अघि सुलेमानले आफ्नो प्रजालाई के सम्झाए भने, इस्राएलको शुरुको इतिहासमा परमप्रभुले धार्मिक राजधानी हुनलाई कुनै शहर छान्नुभएको थिएन, न कुनै मानिसलाई इस्राएलको शासकको रूपमा रोज्नुभयो। (हो, भविष्यवक्ता शमूएल र अन्य मानिसहरू इस्राएलका अगुवाहरू थिए, तर तिनीहरूसँग राजाजतिकै अधिकार हुँदैनथियो।) तर यस्तो समय आयो, जब परमेश्वरले यरूशलेम आफ्नै शहरको रूपमा चुन्नुभयो र दाऊदलाई इस्राएलको राजाको रूपमा छान्नुभयो। अनि दाऊदले परमप्रभुको निम्ति एउटा भवन बनाउने इच्छा गरे, तर उनको यो अभिप्राय उनका एकजना छोराले पूरा गर्नेथिए। अनि अब यस ठाउँमा सुलेमान उभिरहेका थिए, र परमेश्वरको विश्वासयोग्यताको निम्ति एक प्रत्यक्ष गवाही थिए।

**२ इतिहास ६:१२-१३:** अनि यस छैटौं अध्यायको मुटु सुलेमानको समर्पणको प्रार्थना हो (२ इतिहास ६:१२-४२)। उनको यो प्रार्थनाचाहिँ पवित्र बाइबलमा उल्लेख गरिएका सबैभन्दा लामो प्रार्थना हो, र प्रशंसा र विन्तीले भरिएको छ। मन्दिरको चोकको बीचमा एउटा मञ्चमा चढ़ेर सुलेमानले आफ्ना हातहरू फैलाएर प्रार्थना गरे। उनीसँग धन्यवादी हुने धेरै कारणहरू थिए। अनुग्रहले उत्प्रेरित भई उनीसँग माग्न धेरै विन्तीहरू पनि थिए।

**२ इतिहास ६:१४-१७:** सबैभन्दा पहिले सुलेमानले इस्राएलको सिंहासनको सम्बन्धमा प्रार्थना गरे। परमेश्वरले दाऊदलाई गर्नुभएका प्रतिज्ञाहरूको विषयमा आफ्नो वचन त्यस बेलासम्म पूरा गर्दै आउनुभएको हो। उहाँले आफ्नो विश्वासयोग्यता कायम राखून्; यो उनको निवेदन थियो।

**२ इतिहास ६:१८-२१:** *'सुनिदिनुहोस् र सुनेर क्षमा गर्नुहोस्!'* यी चारवटा पदहरूमा सम्पूर्ण प्रार्थनाको योगफल र यसको सार समावेश छन्। किनकि बाइस पददेखि उता यस खण्डका विन्तीहरूको बेलीबिस्तार भएको छ; किनकि जेजति विन्तीहरू पेश गरिन लागेका छन्, ती सबै विन्तीहरू दुईवटा क्रियापदहरूले व्यक्त गर्न सकिन्छः 'सुन्नुहोस्' र 'क्षमा गर्नुहोस्' (६:२१)।

**२ इतिहास ६:२२-२३:** सुलेमानले गरेको अर्को विन्तीचाहिँ के थियो भने, परमप्रभुले यस होमबलिको वेदीको सामुन्ने खाइएका शपथहरू सुनून्, कारबाही गरून् र सठीक न्याय गरून्!

**२ इतिहास ६:२४-२५:** त्यसपछि उनले अर्को विन्ती पेश गर्छन्: 'हे परमप्रभु, इस्राएलले तपाईंको विरोधमा पाप गरेको कारणले तिनीहरू आफ्ना शत्रुहरूको सामु पराजित भए भने, तिनीहरू पश्चात्ताप गरेमा तिनीहरूलाई तिनीहरूको पापको क्षमा गरि-दिनुहोस्!'

**२ इतिहास ६:२६-२७:** इस्राएलीहरूको पापको खातिर देशमा खड़ेरी आएमा उहाँले

फेरि पानी बर्साइदिऊन्! यो उनको विन्ती थियो।

**२ इतिहास ६:२८-३१:** उनले भावी अनिकाल र महामारीबाट छुटकारा पाऔं भन्ने अनुरोध गर्छन्, यस हेतुले कि मानिसहरूले परमप्रभुको भय मान्न सिकून्।

**२ इतिहास ६:३२-३३:** विदेशीहरूको निम्ति उनको अन्तर्विन्ती यस प्रकारको थियोः तिनीहरू उहाँको महान् नाम पुकार्न आएको बेलामा तिनीहरूले परमेश्वरले तिनीहरूको पक्षमा काम गर्नुभएको देख्न पाऊन्।

**२ इतिहास ६:३४-३५:** उनले लड़ाइँमा विजय पाऔं भनेर विन्ती गर्छन्।

**२ इतिहास ६:३६-३९:** मानिसहरूले पश्चात्ताप गरेर आफ्नो अधर्म स्वीकार गरेमा उहाँले तिनीहरूलाई कैदबाट छुटकारा दिनुभएको होस् भनेर उनले तिनीहरूको निम्ति अन्तर्विन्ती गर्छन्।

**२ इतिहास ६:४०-४२:** अब सुलेमानले तीनवटा कुराहरूको लागि विन्ती गरेर आफ्नो प्रार्थना समाप्त गर्छन्। **क)** उनको प्रार्थना स्वीकार भएको होस्! **ख)** परमेश्वरको मन्दिरमा उहाँको सेवा गर्ने पूजाहारीहरूले अनुग्रह र आनन्द पाऊन्! **ग)** परमेश्वरले उनका बुबा दाऊदलाई गर्नुभएको महान् प्रेमको खातिर उहाँले आफ्नो मुख राजा सुलेमानबाट नफर्काइदिऊन् र उनलाई निगाह देखाइदिऊन्!

'अरे, यस प्रार्थनामा विन्तीहरू मात्र पेश गरिएका छन्' भन्ने सोच हामीबाट पर जाओस् भन्ने हेतुले हामी फेरि एक पल्ट यस प्रार्थनातिर फर्कौं। परमेश्वरका सद्‌गुणहरूको बारेमा निक्कै कुरा लेखिएको छः

**क)** ६:१४: परमेश्वरजस्तै अरू कुनै ईश्वर पनि छैन!

**ख)** ६:१४: परमेश्वर आफ्नो दया कायम राख्नुहुने परमेश्वर हुनुहुन्छ।

**ग)** ६:१८: उहाँको अलौकिकता, उहाँको विशालता र उहाँको सर्व-व्यापकता अथाह हुन्छ;

**घ)** ६:२३: उहाँ सठीक न्याय गर्नुहुन्छ।

**ङ)** ६:२५ र २७: उहाँ क्षमा दिनुहुन्छ।

**च)** ६:३०: उहाँ सर्वज्ञानी हुनुहुन्छ।

**छ)** ६:३३: उहाँ अनुग्रही हुनुहुन्छ।

**ज)** ६:३८-३९: उहाँ अति कृपावान् हुनुहुन्छ।

**झ)** र **ञ)** यी सबै सद्‌गुणहरू छोड़ेर परमप्रभु सर्वशक्तिमान् हुनुहुन्छ र पवित्र हुनुहुन्छ भन्ने सद्‌गुणहरूको सुगन्ध यस प्रार्थनाभरि सर्वत्र फैलिएको छ।

**२ इतिहास ७:१-७:** सुलेमानले यो प्रार्थना गरिसक्नेबित्तिकै नभन्दै स्वर्गबाट आगो झर्‍यो, र त्यसले होमबलि र अन्य बलिहरू भस्म पार्‍यो; अनि परमप्रभुको यो भवन परमप्रभुको महिमाले भरियो। जब मानिसहरूले आगो झरेको र यस भवनमाथि परमेश्वरको महिमा आएको देखे, तब तिनीहरूले भुइँसम्मै आफ्ना शिर झुकाएर दण्डवत् गरे र परमप्रभुको आराधना र प्रशंसा गरे। त्यसपछि सुलेमानले मानिसहरूलाई हजारौं बहर र भेड़ाहरू परमप्रभुको निम्ति बलि चढ़ाउन अग्रसर गरे।

अनि यतापट्टि पूजाहारीहरूले आ-आफ्नो स्थानमा काम गरे; अनि लेवीहरूले परमप्रभुका बाजाहरू बजाए, जुन बाजाहरू राजा दाऊदले परमप्रभुको प्रशंसा गर्न बनाएका थिए। अनि उतापट्टि सबै इस्राएलीहरू खड़ा भएको बेलामा लेवीहरूको सामु पूजाहारी-हरूले आफ्ना तुरहीहरू बजाए।

अनि पित्तलको वेदी यत्रो ठूलो सङ्ख्यामा चढ़ाइएका बलिहरू र भेटीहरूको निम्ति अति सानो भयो।

**२ इतिहास ७:८-१०:** परमप्रभुको भवनको समर्पणको चाड़ प्रायश्चित्तको दिन लगायत सात दिनसम्म चलिरह्यो; अनि त्यो

लगत्तै झुपड़ीहरूको चाड़ मनाइयो, त्यस-पछि सुलेमानले मानिसहरूलाई आ-आफ्ना वासस्थानहरूतिर जान बिदा गरे ।

**२ इतिहास ७:११-१६:** सुलेमानले परमप्रभुको भवन र आफ्नो दरबारको काम पूरा गरिसकेपछि परमप्रभु राति उनीकहाँ देखा पर्नुभयो, र उहाँले उनलाई प्रतिज्ञाहरू गर्नुभयो र चेताउनीहरू पनि दिनुभयो । परमेश्वरले मानिसहरूकहाँ खड़ेरी, सलहहरू वा महामारीहरू पठाउनुभएको खण्डमा तिनी-हरूले आफैलाई नम्र पारे भने, प्रार्थना गरेर परमेश्वरको अनुहारको खोजी गरे भने, र आफ्ना दुष्ट चालहरूबाट फर्के भने, उहाँले तिनीहरूका पाप क्षमा गर्नुहुनेथियो र तिनी-हरूलाई पुनर्स्थापित गर्नुहुनेथियो ।

२ इतिहास ७:१४ पदचाहिँ यस सम्पूर्ण पुस्तकको सुनौलो पद लिन सकिन्छ । यो पद पहिले इस्राएलको चुनिएको जातिलाई भनिएको थियो । तर यस पदको उचित प्रयोग ती देशहरूमा लागू गरिएको छ, जुन देशहरूको बाइबलीय परम्परा छ । हो, यो पद हर समयमा पुनर्स्थापना र जागृतिको लागि एउटा सुनिश्चित बाटो मानिन्छ । यस पदका सर्तहरू पूरा गर्नुहोस्, र यस पदमा कबुल गरिएका प्रतिज्ञाहरू पूरा हुने नै छन् । यसमा कुनै शङ्का छैन । यस विषयमा श्री जे. बार्टन पेइनले यस प्रकारको टिप्पणी गरेका छन्:

> ‘यो महान् पदचाहिँ सारा इतिहासको पुस्तकमा सबैभन्दा सुपरिचित पद हो । चाहे सुलेमानको देश, चाहे एज्राको देश, चाहे हाम्रो देशको जाति किन नहोस्, जुन जातिले आशिष पाउन चाहन्छ, त्यस जातिको निम्ति पवित्र धर्मशास्त्र बाइबलमा अरू कुनै पदचाहिँ छैन होला, जुन पदले यहाँको पदले जस्तै सुस्पष्ट भाषामा आशिष पाउने बुँदाहरू हाम्रो सामु पेश गर्छ । हे ख्रीष्ट-विश्वासीहरूहो, तपाईंहरूले आफ्ना पापहरू त्याग्नुपर्छ, आत्मकेन्द्रित जीवनबाट फर्कनुपर्छ, र आफूलाई परमेश्वरको वचन र उहाँको इच्छामा समर्पण गर्नुपर्छ । तब, अँ, तब मात्र स्वर्गले जागृति पठाउनेछ ।’ [7)]

**२ इतिहास ७:१७-२२:** अनि सुलेमान परमेश्वरको सामु आज्ञाकारी जीवन जिए भने, उहाँले उनको सिंहासन स्थापित गर्नुहुनेथियो र सुलेमानका सन्तानहरूलाई त्यसमाथि बसाउनुहुनेथियो । तर सुलेमान र उनको प्रजाले परमप्रभुलाई त्यागेर अरू देवताहरूको पछि लागे भने, तिनीहरू कैद गरेर लगिनेथिए, अनि परमेश्वरले त्यस भवनलाई अस्वीकार गर्नुहुनेथियो, यहाँसम्म कि यो एउटा उपमा र हाँसोको पात्र बन्नेथियो र देश-देशका मानिसहरूको निम्ति इस्राएलले परमप्रभुलाई त्यागेको प्रत्यक्ष गवाही हुनेथियो ।

२ इतिहास ७:१६ पदमा परमप्रभुको यो भवन सधैंभरि रहनेछ भन्ने सङ्केत गरेको देखिन्छ । तर हामीलाई थाहै छ, कि ख्रीष्टपूर्व ५८६ सालमा यो मन्दिर नष्ट भयो । यसको निम्ति स्पष्टीकरण यस प्रकारको छः परमेश्वरको प्रतिज्ञाले इस्राएलको विश्वास-योग्यता र आज्ञाकारितामा निर्भर गर्थ्यो नि ! २ इतहास ७:१९ र २० पदहरूमा यसको विषयमा चेताउनीहरू दिइएका छन्: मानिस-हरू मूर्तिपूजक भएमा परमेश्वरले त्यो भवन इन्कार गर्नुहुनेथियो ।

### ग) २ इतिहास ८:१-९:२८: सुलेमानको सारा वैभव

**२ इतिहास ८:१-६:** यस खण्डमा हामी सुलेमानले विभिन्न क्षेत्रहरूमा हासिल गरेका उनका उपलब्धिहरू र सफलताहरूको विषयमा पढ्छौं । पहिले उनले एक विशाल शहरीय विकास-कार्य पूरा गरे, भण्डार-शहरहरू कि त पुनर्निर्माण गरे, कि त कब्जा गरे; उनले पर्खालले घेरिएका शहरहरू, रथ र घोड़चढ़ीहरूका शहरहरू र अन्य बस्तीहरू बनाए ।

**२ इतिहास ८:७-१०:** उनले कनानीहरूलाई बेगारीमा लगाउँथे, तर इस्राएलीहरूलाई योद्धाहरू, कप्तानहरू र प्रमुख अधिकारीहरूको रूपमा प्रयोग गरे।[8)]

**२ इतिहास ८:११:** उनले आफ्नी पत्नी फाराओकी छोरीलाई राजकीय दरबारमा बस्न दिएनन्; किनभने परमप्रभुको सन्दुक त्यहाँ आएको हुनाले त्यो ठाउँ पवित्र थियो। त्यो सन्दुक वास्तवमा यस दरबारभित्र ल्याइएको थियो, उनको यस भनाइको मतलब थिएन। तर त्यो सन्दुक परमप्रभुको भवनमा राखिएको थियो, जुन भवन उनको दरबारको नजिक अवस्थित थियो; अनि यस हिसाबले यो दरबार पवित्र थियो। तर दुःखलाग्दो कुरा के हो भने, सुलेमानले फाराओकी छोरीलाई यस राजकीय निवासमा बस्ने प्रतिबन्ध गरे ता पनि यस कुराले तिनलाई उनलाई भड्काएर मूर्तिपूजामा संलग्न पार्नदेखि रोक्दैनथियो (१ राजाहरू ११:१-८)।

**२ इतिहास ८:१२-१६:** राजा सुलेमान धार्मिक पात्रोअनुसार दिन-दिनै, विश्रामदिनमा र महिनाको शुरुमा अनि वार्षिक चाड़हरूको बेलामा बलिहरू चढ़ाउन होशियार हुन्थे। अनि उनका बुबा दाऊदले बनाएको तालिकाअनुसार उनले पूजाहारीहरू र लेवीहरूलाई आ-आफ्नो दलमा र आ-आफ्नो अभिभाराअनुसार सेवा गर्न नियुक्त गरे। यस प्रकारले सुलेमानले जे गर्थे, त्यो सबै काम शुरुदेखि अन्तसम्म सुव्यवस्थित हुन्थ्यो।

**२ इतिहास ८:१७-१८:** अन्तमा हामी टायरका राजा हिरामसँगको साझेदारीमा सुलेमानका पानीजहाजी परियोजनाहरूको बारेमा पढ्छौं। पानीजहाजहरू कि त एस्योन-गेबेर कि त एलोतबाट ओपीरमा[9)] आउ-जाउ गरी यात्रा गर्थे। एस्योन-गेबेर र एलोत – दुवै बन्दरगाहहरू लाल समुद्रको 'अकाबाको खाड़ी' नामक पूर्वी भागको उत्तरीय छेउमा अवस्थित थिए। अनि ओपीरचाहिँ? के ओपीर दक्षिण-अरब, पूर्वीय अफ्रिका अथवा भारत थियो कि? यस ठाउँको विषयमा विभिन्न अनुमान मात्र लाउन सकिन्छ।

**२ इतिहास ९:१-९:** अनि जब शेबाकी रानीले सुलेमानको कीर्तिको बारेमा सुनिन्, तब यिनी उपहारहरूको ठूलो लस्करको साथ यात्रा गरेर आइन्, किनकि यिनले आफ्नै आँखाले देख्न चाहिन् र यो के हो, सो बुझ्न खोजिन्। अनि सुलेमानको राज्यको वैभव देखेपछि र कठिन-कठिन प्रश्नहरूद्वारा उनको बुद्धिको जाँच गरेपछि यिनी अवाक् भइन्। यिनले उनको विषयमा त आधा मात्रै सुनेकी रहिछन् भन्ने कुरा स्वीकार गरिन्। अनि सुलेमानको समृद्धि उनका परमेश्वरको अनुग्रहको खातिर भएको रहेछ भनी यिनले बुझिन्।

**२ इतिहास ९:१०-१२:** अबका दुईवटा पदले वृत्तान्तको क्रम भङ्ग गर्छन्। किनकि यी पदहरूले सुलेमानका केही सम्पत्ति कहाँ-कहाँबाट आए, तिनीहरूको स्रोत बताउँदै र उनले ती सम्पत्तिहरू के-के कुरामा प्रयोग गरे, यी परम सुन्दर प्रयोगहरूको स्पष्टीकरण दिँदै बसे। अनि जब शेबाकी रानीले बिदा लिइन्, तब सुलेमानले यिनले ल्याएका उपहारहरूभन्दा बढ़ी सङ्ख्यामा र बढ़ी मूल्यमा बहुमूल्य उपहारहरू दिएर यिनलाई बिदा गरिदिए।

**२ इतिहास ९:१३-२८:** हरेक वर्षमा सुलेमानले छ सय छयसट्ठी किक्करभन्दा बढ़ी सुन प्राप्त गर्दथे, अनि उनले त्यसबाट केही ढालहरू बनाए, आफ्नो हात्ती दाँतको सिंहासन मोहोरे अनि कचौराहरू र अन्य भाँड़ाकुँड़ाहरू बनाए। (एक किक्कर सुन चौतीस के.जी. हुन्थ्यो भने, छ सय छयसट्ठी किक्कर सुन लगभग बाइस टन छ क्विन्टल चौवालीस के.जी. सुन हुन्थ्यो)। उनको महानताले उनलाई पृथ्वीका सबै राजाहरूबाट

सम्मान र सम्पत्तिहरू ल्याइदिन्थ्यो। उनको व्यापारधन्दाले उनलाई टर्शिशमा लान्थ्यो, जुन टर्शिशचाहिँ स्पेन[10] थियो कि? के घोड़ाहरू[11], के जग्गाजमिन, के सुन र चाँदी, के देवदारको काठ – उनी यी सबको सबमा असाध्य धनाढ्य हुन्थे। उनले यूफ्रेटिस नदीदेखि यता पश्चिमपट्टि सम्पूर्ण इलाका-माथि शासन त गरे, तर यो सारा क्षेत्र इस्राएल देशमा यसको अंशको रूपमा कहिल्यै गाभिएन, तर त्यस क्षेत्रमा भएका राज्यहरू उनलाई कर तिर्ने असामी राज्यहरू भए।

### घ) २ इतिहास ९:२९-३१: सुलेमानको मृत्यु

चालीस वर्ष शासन गरिसकेपछि सुलेमानको मृत्यु भयो, र उनको छोरा रहबाम उत्तराधिकारी राजा भए। अनि जुन पुस्तक-हरूका नामहरू ९:२९ पदमा लिइएका छन्, ती गैर-कानुनी पुस्तकहरू इतिहासको पुस्तकको लेखकको निम्ति स्रोत-सामग्री थिए कि भन्ने कुरा सम्भव छ; तर ती पुस्तकहरू बीचमा हराएका छन्।

# खण्ड २

# २ इतिहास १०:

## राज्यको विभाजन

**२ इतिहास १०:१-५:** हुन सक्छ, इस्राएलका उत्तरीय कुलहरूलाई खुशी पार्न रहबामले आफ्नो राजाअभिषेकको निम्ति शेकेममा जाने निर्णय गरे होलान्। सुलेमानले प्रजामाथि राखेको भारी जुवा रहबामले हलुका पारिदिएको खण्डमा मानिसहरूले तिनको सेवा गर्नेछौं भन्ने प्रण गरे। तीन पदमा 'सारा इस्राएल आए' भन्ने कुरा लेखिएको छ, जसको अर्थ हामीले सारा उत्तरीय कुलहरूका प्रतिनिधिहरू बुझ्नुपर्ला। अनि रहबामले मानिसहरूको अनुरोधको विषयमा विचार गर्न तीन दिनको म्याद मागे।

**२ इतिहास १०:६-११:** अनि पहिले राजा रहबामले आफ्ना बुबा सुलेमानको सेवा गर्ने बूढ़ा प्रधानहरूसित सल्लाह लिए। अनि उनीहरूले तिनलाई यी मानिसहरूको कुरा सुन्न भने। त्यसपछि तिनी सल्लाह पाउनको लागि युवाहरूतिर फर्के, किनकि तिनले बूढ़ा प्रधानहरूको सल्लाह अस्वीकार गरे, अनि तिनीहरूबाट आफूलाई मनपर्ने कुरा सुने। तिनीहरूले तिनलाई जनतासँग कड़ा शब्द बोल्ने आग्रह गरे।

**२ इतिहास १०:१२-१९:** अनि जब तीन दिनपछि मानिसहरू फर्के, र राजाको धम्की सुने, तब तिनीहरूले यारोबामको नेतृत्वमा विद्रोह गरे, अनि राज्य विभाजित भयो। यसरी परमप्रभुको वचन पूरा भयो, जुन वचन उहाँले भविष्यवक्ता अहियाहद्वारा बोल्नुभएको थियो (१ राजाहरू ११:२९ पददेखि)। कर उठाउने अधिकारी हदोरामको हत्या भएपछि रहबाम यरूशलेममा फर्के, जहाँदेखि तिनले यहूदा र बिन्यामिनमाथि राज्य गर्न थाले। यस सिलसिलामा श्री जर्ज विलियम्सले टिप्पणी गरेका छन्:

> 'पवित्र धर्मशास्त्र बाइबलमा भएका अरू धेरै भविष्यवाणीहरूजस्तै अहियाहको पूरा भएको यस भविष्यवाणीसित कुरा पनि उस्तै छ: मानिसहरूको जोश, उमङ्ग र अवेगहरूले प्रेरित भएका कार्यहरूद्वारा र घटनाहरूको सहज क्रम-मालाअन्तर्गत भविष्यवाणीहरू पूरा हुँदा रहेछन्। मानिसहरूको विचारमा, तिनीहरूले आफ्नै इच्छा पूरा गरेको ठान्छन् र आफ्नै योजना

पूरा गरेको भन्छन्; तर वास्तवमा यो कुरा परमेश्‍वरबाटको हो, सो तिनीहरूलाई थाहा छैन। उहाँको वचन पूरा हुन उहाँले त तिनी-हरूको व्यवहार सहनुभयो, प्रयोग गर्नुभयो र हस्तक्षेप गर्नुभयो; बस यति !' 12)

# खण्ड ३

# २ इतिहास ११:१-३६:१९

## यहूदाको राज्य

### क) २ इतिहास ११-१२: राजा रहबाम

**२ इतिहास ११:१-४:** अनि जब रहबाम यरूशलेममा फर्के, तब परमप्रभुले तिनलाई गृहयुद्ध गर्नदेखि रोक्नको निम्ति भविष्यवक्ता शमायाहमार्फत हस्तक्षेप गर्नुभयो। उहाँले रहबामलाई 'यो कुरा मबाट भएको हो,' यसकारण 'तिमीले हालको परिस्थिति स्वीकार गर्नू' भन्नुभयो। अघि रहबामले बुद्धिमानी सल्लाह सुनेनन्, तर यसपालि तिनले सुने र माने। त्यस समयदेखि उता यी दुईवटा राज्यहरूको बीचमा निरन्तर झगड़ा भइरहन्थ्यो (१२:१५); तर पूरा विकसित लड़ाइँचाहिँ कहिल्यै भएन। तीन पदमा 'यहूदा र बिन्यामिनमा भएको सारा इस्राएल' भनेको दक्षिणी राज्यका सबै मानिसहरू बुझिन्छ, जो दाऊदको राजवंशप्रति विश्‍वास-योग्य थिए।

**२ इतिहास ११:५-१२:** राजा रहबामको शासनकालको धेरै समय यहूदाको निम्ति रक्षक शहरहरू निर्माण गर्नमा बित्यो। यरूशलेमको दक्षिणमा अवस्थित भएका पर्खालले घेरिएका शहरहरूले के देखाउँछन् भने, तिनलाई मिस्र देशबाट आक्रमण आउने डर पो भएको रहेछ।

**२ इतिहास ११:१३-१७:** यही समयमा यारोबामले उत्तरीय राज्यलाई घोर मूर्तिपूजामा डुबाइदिए (१ राजाहरू १२); यसले गर्दा जुन पूजाहारीहरू र लेवीहरू परमप्रभुप्रति विश्‍वासयोग्य थिए, ती पूजाहारीहरू र लेवीहरू यहूदातिर भागे। अनि परमेश्‍वरको निम्ति हृदय भएका सबै मानिसहरू तिनी-हरूको पछि आए, र यसरी रहबामको राज्य बलियो भयो। यरूशलेममा आउन तिनी-हरूको निम्ति साह्रै खर्जिलो भयो; किनकि तिनीहरूले जग्गाजमिन, आ-आफ्नो अधिकारको भाग, आफ्ना इष्टमित्रहरू, अँ, सबै थोक छोड्नुपर्‍यो।

**२ इतिहास ११:१८-२३:** रहबामको बहुविवाह थियो; तर यस सम्बन्धमा तिनी आफ्नो बुबाको स्तरमा आएनन्। तिनका अठारवटा पत्नीहरू, साठीवटा उप-पत्नीहरू, अठाइसजना छोराहरू र साठीजना छोरीहरू थिए। अनि जुन पत्नीहरूका नामहरू यहाँ लिइएका छन्, ती पत्नीहरू राजकीय वंशका इस्राएली स्त्रीहरू थिए, गैर-यहूदी महिलाहरू थिएनन्।

**२ इतिहास १२:१-४:** जहाँ १ राजाहरू १४:२२-२४ पदको खण्डले रहबामको धर्मत्यागका केही उदाहरणहरू पेश गरेको छ भने, इतिहासको पुस्तकको लेखकले यति भन्छः 'तिनले र तिनको साथमा सारा इस्राएलले परमप्रभुको व्यवस्था त्यागे' अनि 'तिनले खराबी गरे, किनकि तिनले परमप्रभुको खोजी गर्न आफ्नो मन लगाएनन्' (१२:१४)। सुलेमान यत्रो शक्तिशाली राजा भएका थिए; तर उनको मृत्यु भएको पाँच वर्ष पछि मिस्रीहरू यरूशलेमको सामुन्ने आइसके र यसको धनसम्पत्ति सबै लिएर गए।

रहबामका किल्लाबद्ध शहरहरूको के काम ? मिस्र देशका राजा शिशकले यहूदालाई आफ्नो वशमा ल्याए; तर मिस्रकै सैनिक सर्व-श्रेष्ठताको कारणले होइन, तर परमप्रभुप्रति यहूदाको अविश्वासयोग्यताले गर्दा यसो भएको हो ।

**२ इतिहास १२ः५-८ः** अनि जब भविष्यवक्ता शमायाह रहबामकहाँ दोस्रो पल्ट आए (११ः२ पद हेर्नुहोस्) र तिनलाई विनाशको सन्देश सुनाए, तब राजा र यहूदाका शासकहरूले आफूलाई परमप्रभुको सामु विनम्र तुल्याए र आउन लागेको न्यायको विषयमा उहाँ बिलकुल धर्मी हुनुहुन्छ भन्ने कुरा स्वीकार गरे। नभन्दै परमप्रभुको कृपा र अनुग्रहले तिनीहरूलाई केही हदसम्म छुटकारा प्रदान गर्‍यो, तर तिनीहरूलाई एउटा दुःखदायी पाठ नसिकाईकन होइन । किनभने तिनीहरूले परमप्रभुको सेवा र आफ्ना बन्धकहरूको सेवाको बीचमा भिन्नता के रहेछ, सो सिक्नुपरेको थियो ।

**२ इतिहास १२ः९-१२ः** मानिसहरू जोगिए, तर राज्य भने लुटियो। रहबामले सकेसम्म कुरा फेरि मिलाउन खोजे; किनकि तिनले सुनका ढालहरूको सट्टामा पित्तलका ढालहरू बनाए। तर यसरी तिनले अनजानमा परमेश्वरको सुनौलो उपस्थिति र अनुग्रह उहाँको पित्तलरूपी[13)] न्यायसित साटे। सुस्पष्ट चित्रण यस्तो छ ।

**२ इतिहास १२ः१३-१६ः** रहबामको विवरण कसरी अन्त भएको छ? तिनले खराबी गरे र तिनी आफ्ना पितापुर्खाहरूसँग सुते। जब हामी भजन २७ः८ पद २ इतिहास १२ः१४ पदसँग तुलना गर्छौं, तब रहबाम र तिनका बाजे दाऊदको बीचको भिन्नता हामी तब सजिलोसँग बुझ्न सक्छौं। दाऊदले परमप्रभुको अनुहारको खोजी गर्ने गर्थे, तर रहबामले यसो गरेनन् ।

### ख) २ इतिहास १३ः राजा अबियाह

**२ इतिहास १३ः१-३ः** अबियाहकी आमाको नाम मिकाया[14)] थियो। अबियाह राजा भए, र उनले यरूशलेममा तीन वर्ष राज्य गरे। १ राजाहरू १५ अध्यायले के भन्छ भने, दाऊदले गरेझैं उनी परमप्रभुको पछि लागेनन्; यो उनको पाप थियो। तर इतिहासको पुस्तकले अबियाहको शासन-कालमा इस्राएलका राजा यारोबामसँग एउटा लड़ाइँ चलेको कुराबाहेक अरू सबै कुराहरू छोड़िदिएको छ ।

**२ इतिहास १३ः४-१२ः** लड़ाइँमा जानुभन्दा अघि अबियाहले यारोबामलाई लालकार गरेः परमेश्वरले दाऊद र उनको वंशलाई राज्य दिनुभएको हो। अनि यारोबामले दाऊदको राजवंशलाई विरोध गरेका थिए र रहबामको विरुद्धमा निकम्मा र अधम व्यक्तिहरूको दल जम्मा गरेका थिए, जब रहबाम निराश्रय थिए। अनि अहिले-चाहिँ ? इस्राएलले आफ्नो ठूलो सेनाबल र ती सुनका बाछाहरूमाथि भर परेर यस लड़ाइँमा विजय हासिल गर्ने आशा राख्यो। तर इस्राएलले एउटा नक्कली पूजाहारीगिरी स्थापित गरेको थियो, जुन पूजाहारी-सेवामा मानिसहरूले ईश्वरीय बोलावट र अधिकार-विना प्रवेश गर्न सके। तर यहूदाचाहिँ लेवीय पूजाहारीगिरीमा अडिग थियो; तिनीहरूका पूजाहारीहरूले अझै पनि तोकिएको तरिका-अनुसार परमप्रभुको सेवा गरिरहेका थिए। अनि यहूदाको सेनाका सेनापति परमेश्वर आफै हुनुहुन्थ्यो, र उहाँका पूजाहारीहरूले चाहिँ इस्राएलको विरुद्धमा चेताउनी दिन तुरहीहरू फुक्न लागेका थिए। यसकारण उत्तरीय राज्यको निम्ति परमप्रभु परमेश्वरको विरुद्धमा लड़ाइँ गर्नु मूर्खता ठहरिएको थियो। यारोबामसित अबियाहको तर्क यस प्रकारको थियो ।

**२ इतिहास १३:१३-१८:** तर यारोबामले अबियाहको कुरा कहाँ सुन्थे र? सुन्नुको सट्टामा यारोबामले ढुकेर बस्नेहरूको दल बसाले। अनि जब यहूदा थापिएको पासो फस्यो, तब मानिसहरूले परमप्रभुलाई पुकारे र पूजाहारीहरूले तुरहीहरू फुके। अनि परमप्रभुले तिनीहरूलाई जवाफ दिनुभयो र यहूदालाई ठूलो विजय दिनुभयो। इस्राएलका चुनिएका पाँच लाख मानिसहरू मारिए – सत्य परमेश्वरबाट हट्नेहरूले चुकाउनुपरेको असाध्य ठूलो मूल्य ! !

**२ इतिहास १३:१९-२२:** अबियाहले इस्राएल देशबाट कति इलाकाहरू कब्जा गरे, तर उनले इस्राएललाई कहिल्यै पूरा रूपले वशमा राखेनन्। तर यारोबामको लागि यो हार धेरै विनाशकारी थियो; पछि परमप्रभुले यिनलाई प्रहार गर्नुभयो। तर अबियाहचाहिँ शक्तिशाली र समृद्ध भए।

### ग) २ इतिहास १४-१६: राजा आसा

**२ इतिहास १४:१-२:** आउँदा तीन अध्यायहरूमा आसा र तिनको एकचालीस वर्षको शासनकालको सङ्क्षिप्त विवरण दिइन्छ। यी अध्यायहरूको साथमा हामीले १ राजाहरू १५:९-२४ पदको खण्ड पढ्नुपर्छ।

**२ इतिहास १४:३-८:** आसाको शान्तिमय शासनकालको मूलकारण हामीले परमप्रभुप्रतिको तिनको हृदयको भावनामा खोज्नुपर्छ। किनकि तिनले आफ्ना पुर्खाहरूका धेरै पापहरू हटाए र आफ्नो प्रजालाई परमप्रभुको खोजी गर्ने आग्रह गरे। आफ्नो राज्य जोशको साथ मूर्तिपूजाबाट[15)] शुद्ध पारेर तिनले तिनीहरूलाई मार्ग-निर्देशन गरे। अनि शान्त भएको समयमा आसाले आफ्ना शहरहरू बलियो पारे र एउटा ठूलो सेना जम्मा गरे।

**२ इतिहास १४:९-१५:** तर यहूदाको शान्ति भङ्ग भयो; किनकि तीन सय रथहरू र एक लाख मानिसहरूको सेना लिएर इथियोपिया यहूदाको विरुद्धमा आयो। तर परमप्रभुमाथि राखिएको भरोसाले गर्दा यहूदाको सानो सेनाबल विजयी भयो, अनि शत्रुको हार ठूलो थियो।

एघार पदमा आसाले चढ़ाएको प्रार्थना छोटो छ, तर यथार्थको छ। लड़ाइँ चलिरहेको बेलामा प्रार्थनामा वक्तत्व देखाउने समय नै होइन ! तर प्रार्थना गर्ने व्यक्ति परमेश्वरसँग आसाको जस्तै सठीक र सही सम्बन्धमा छ भने, ठूलो आवश्यकताबाट उत्पन्न भएका प्रार्थनाहरू असाध्य प्रभावकारी हुन्छन्। तिनी शान्तिको समयमा परमेश्वरको पछि लागेका थिए; यसकारण लड़ाइँमा परमप्रभुले तिनको वास्ता र देखरेख गर्नुहुनेछ भन्ने कुरा तिनलाई थाहा थियो। अनि लड़ाइँ यहूदाको मारेशा शहरमा शुरु भयो र गरारको वरिपरि समाप्त भयो, जुन गरारचाहिँ पलिस्तीहरूको इलाकाको एउटा शहर थियो। धेरैजना मारिए, र गाईवस्तुहरूका गोठहरू पनि प्रहार गरिए, अनि प्रशस्त लुटको माल र पशुधन लिएर तिनीहरू यरूशलेममा फर्के।

**२ इतिहास १५:१-६:** आसा र तिनका मानिसहरू अति नै आनन्दित भए; किनकि यत्रा कठिनाइहरूको विरोधमा तिनीहरूको जितको आशा थिएन, र पनि तिनीहरूले जितेछन्। तर जब तिनीहरू यरूशलेममा फर्के, तब परमप्रभुको तर्फबाट तिनीहरूको निम्ति तिनीहरूले सिक्नुपर्ने एउटा पाठ तयार थियोः पहिले अजर्याहले तिनीहरूलाई सम्झाए, कि परमप्रभु तिनीहरूको साथमा हुनुहुन्थ्यो; किनभने तिनीहरूले उहाँको खोजी गरेका थिए। तर तिनीहरूले उहाँलाई त्यागे भने उहाँले तिनीहरूलाई पनि त्याग्नुहुनेथियो। अनि इस्राएलको बितेको इतिहास प्रत्यक्ष साक्षी बसेको थियोः इस्राएलले आफ्नो

परमेश्वरलाई धेरै पल्ट त्यागेको थियो। यसको निम्ति प्रमाणहरू प्रशस्त छँदैछन्। फलस्वरूप तिनीहरूलाई शान्ति हुँदैनथियो, अनि तिनीहरूले आफ्ना शत्रुहरूसित सधैं हारेका थिए। तर जब इस्राएल देशले परमप्रभुको खोजी गर्‍यो, तब तिनीहरूले उहाँलाई भेट्टाए; किनकि उहाँ सधैं क्षमाशील र र पुनर्स्थापना गर्न सदैव तयार हुनुहुन्थ्यो ।

**२ इतिहास १५:७ः** राजा आसाले परमप्रभुको खोजी गरिरहेका हुनाले अजर्याहले तिनलाई प्रोत्साहन दिएः 'बलिया होऊ! यस असल काममा लागिपर!' वृत्तान्तको बीचमा लुकेर बसेको यो सात पद कण्ठस्थ गर्न लायक पद हो । *'तर तिमीहरू-चाहिँ बलिया होओ, र तिमीहरूका हातहरू कमजोर नहोऊन्; किनकि तिमीहरूलाई तिमीहरूको कामको प्रतिफल दिइनेछ !'* अनि हामी ख्रीष्ट-विश्वासीहरूको लागि योसँग मिल्ने पद १ कोरिथी १५:५८ पद हो ।

**२ इतिहास १५:८-१५ः** आठौं पदमा ओदेदचाहिँ ओदेदका छोरा अजर्याह थिए कि कसो हो? राजा आसाले उत्साहको साथ भविष्यवक्ताको वचन शिरोपर गरे र जोशिलो प्रतिक्रिया देखाए। अनि तुरुन्तै तिनले आफ्नै देश यहूदामा मात्र होइन, तर एप्रैमका शहरहरूमा पनि आफ्नो सुधारको कार्यक्रम शुरु गरिहाले र अझै धेरै मूर्तिहरू हटाइदिए। एप्रैमका शहरहरू तिनले लड़ाइँमा लिएका थिए (१४:४ पद तुलना गर्नहोस्)। तिनले परमप्रभुको भवनमा होमबलिको वेदी पुनर्स्थापन गरे र बलिहरू चढ़ाईकन यो पवित्र पारे। अनि तिनले यरूशलेममा एउटा ठूलो सभा आयोजित गरे र इथियोपियाको सेनाबाट हड़प गरेको लुटको मालको केही अंश यस वेदीमाथि परमप्रभुको निम्ति चढ़ाए, त्यसपछि तिनले मानिसहरूलाई परमप्रभुको खोजी गर्ने शपथ खुवाए। अनि १५:१३ पदअनुसार तिनले यस कुरासित मतभेद गर्नेहरूको निम्ति कुनै ठाउँ छोड़ेनन्। यस वाचाको आज्ञापालन नगर्नेहरू सबैलाई मृत्युदण्ड दिइनेथियो ।

**२ इतिहास १५:१६-१८ः** अनि आसाले आफ्नी बज्यैलाई महारानीको पदबाट हटाइ-दिए, (यिनी तिनकी आमा[16] थिइनन्), र यिनले बनाएको घिनलाग्दो मूर्ति तिनले नष्ट गरिदिए। अनि सत्र पदको निम्ति स्पष्टीकरण तपाईंले १४:३-८ पदको खण्डअन्तर्गत दिइएको टिप्पणीमा हेर्नुहोला। अघि त्यहाँबाट निकालिएका धनमालहरू फेरि परमप्रभुको भवनमा ल्याइए। परमप्रभुले अजर्याहमार्फत प्रतिज्ञा गर्नुभएअनुसार आसाले आफ्नो कामको निम्ति इनाम पाए; किनकि देशमा शान्ति थियो ।

**२ इतिहास १६:१ः** आसाको शासन-कालको अन्ततिर[17] इस्राएलका राजा बाशाले यरूशलेमदेखि नजिकैको रामा शहर सुदृढ़ पारेर आफ्ना मानिसहरूलाई आसाकहाँ भाग्न-देखि रोक्ने प्रयास गरे ।

**२ इतिहास १६:२-६ः** तर यसपालि आसाले परमप्रभुको हातमाथि भरोसा गर्नुको सट्टामा मानिसको सहयोगमाथि भर परे। किनकि अघि इथियोपियालीहरूले तिनलाई आक्रमण गर्दा तिनले परमप्रभुमाथि भरोसा गरेका थिए। तर अहिले तिनले बेन-हददको सहायता किन्नको निम्ति परमप्रभुको भण्डार लुटे। त्यसपछि अरामका राजा बेन-हददले उत्तरबाट इस्राएलमाथि आक्रमण गरे र बाशालाई इस्राएलको उत्तरीय सिमाना रक्षा गर्न रामाबाट हट्ने करमा पारे। आसाको युक्ति सफल भयो, तर यस कुरामा परमेश्वर बेखुशी हुनुभयो ।

**२ इतिहास १६:७-१०ः** परमप्रभुका आँखाहरूमा असल परिणामले नतिजा हासिल गराउने साधनहरू निर्दोष ठहराउँदैन, यो सुनिश्चित छ। यसकारण उहाँले आसासँग कुरा गर्न आफ्नो भविष्यवक्ता हनानीलाई पठाउनुभयो। अनि हनानीले साहसपूर्वक

राजा आसालाई हप्काएः 'तपाईंले मूर्ख काम गर्नुभयो। के परमप्रभुले तपाईंलाई इथियोपियालीहरूको हातबाट छुटकारा दिनुभएको थिएन र ? के परमेश्वरले निरन्तर यस्ता मानिसहरूलाई खोजिरहनुभएको थिएन र, जसद्वारा उहाँले काम गर्न सक्नुहुन्छ ? तपाईंले शरीरअनुसार लड़ाइँ गर्न रोज्नुभएको हुनाले तपाईंले अबदेखि उसो लड़ाइँहरू लड्नुपर्नेथियो।' तब आसालाई रिस उठ्यो। अघि गरेझैं तिनले परमप्रभुको वचन ध्यान-सित सुन्नुपर्नेथियो (१५ : ८); तर यसो गर्नुको सट्टामा तिनले हनानीलाई झ्यालखानामा हालिदिए।

**२ इतिहास १६ : ११-१४ :** आसाले परमप्रभुको चालको विपरीत काम गर्न रोजे; यसकारण परमप्रभुले तिनलाई खुट्टाको रोगले सताउनुभयो। तर तिनले अझै पनि पश्चात्ताप गरेनन्; तिनी परमप्रभुकहाँ फर्केनन्। तर तिनले यसको सट्टामा वैद्यहरूको उपचार गरिमाग्ने प्रयास गरे, तर त्यो कुनै सीप लागेन, किनकि त्यसको केही समयपछि तिनको मृत्यु भयो। कसै-कसैको विचारमा, ती वैद्यहरू जादुगर वा प्रेतात्मा खेलाएर निको पार्ने धामी-झाँक्रीहरू थिए अरे।

आसाको यो दुःखद अन्त भए पनि तिनी यहूदाका सर्वश्रेष्ठ राजाहरूमध्ये एक थिए (१५ : १७)। अनि मानिसहरूले तिनको मृत्यु हुँदा ठूलो शोक गरे। चौध पदमा 'तिनीहरूले तिनको निम्ति अति ठूलो धुनी लगाए' भनेको उनको दाहसंस्कार होइन, तर तिनीहरूले तिनको नाममा धेरै धूप बालेको पो हो।

### घ) २ इतिहास १७-२० : राजा यहोशापात

**२ इतिहास १७ : १-५ :** यहोशापात आफ्ना बुबाका उत्तराधिकारी राजा भए, र उनले पच्चीस वर्ष राज्य गरे (२० : ३१)। राजाहरूका पुस्तकहरूमा भन्दा इतिहासको दोस्रो पुस्तकमा उनलाई धेरै ठाउँ दिइएको छ (२ इतिहास १७-२० अध्यायहरू)। अनि यस सत्र अध्यायमा पेश गरिएको सामग्री राजाहरूको पहिलो पुस्तकमा पाइँदैन।

सिंहासनमाथि बसेपछि यहोशापातले इस्राएलको विरुद्धमा आफ्नो राज्य बलियो तुल्याए। उनले आफ्नो राज्य सुदृढ़ पारे, तर उनको सफल शासनको रहस्य यो थिएन, तर उनले दाऊदले गरेजस्तै परमप्रभुलाई पछ्याए। दाऊदको जीवन कसरी निरन्तर राजाहरूलाई नापजोख गर्ने मापदण्डको रूपमा प्रयोग गरिएको छ, सो चाखलाग्दो कुरा हो। तिनीहरूले दाऊदको असल उदाहरणको देखासिकी गरे भने तिनीहरू समृद्ध भए र तिनीहरूले धेरै आशिष पाए। तर जब तिनी-हरूले दाऊदको देखासिकी गरेनन्, तब तिनीहरू विफल भए। यहोशापातको अधीनतामा देशमा शान्ति थियो, र उनका शत्रुहरूले उनलाई कर तिरे (१७ : १०-१२)।

**२ इतिहास १७ : ६-९ :** यहोशापातको जीवनमा परमेश्वरको वचनले ठूलो प्राथमिकता पायो। उनी उहाँका उपदेश-हरूअनुसार चल्न जोशिला थिए र उहाँको वचनको आज्ञापालन गर्दा खुशी हुन्थे। अनि उनले परमेश्वरको वचन आफ्नो राज्यको नियमकानुन तुल्याए। अनि उनले शासक-हरू, लेवीहरू र पूजाहारीहरूको एउटा विशेष समिति पठाएर मानिसहरूलाई परमप्रभुका मार्गहरूमा शिक्षित बनाए; यसरी उनले व्यवस्था ६ : ६ पददेखिको खण्डमा लेखिएका परमेश्वरका आज्ञाहरू पालन गरे।

**२ इतिहास १७ : १०-१९ :** परमप्रभुका आशिषले गर्दा यहोशापात अति शक्तिशाली हुँदै गए। अहो, उनको कत्रो ठूलो सेना थियो ! साठी वर्षअघि रहबामको सेना एक लाख असी हजार मानिसहरू थिए भने, अब त किल्लाबद्ध शहरहरूमा तैनाथ भएकाहरू-बाहेक यहूदाको सेना एघार लाख साठी हजार मानिसहरू थिए। निस्सन्देह यिनीहरूमध्ये

धेरैजना इस्राएलबाट भागेर आएकाहरू थिए; किनभने यिनीहरूले परमप्रभु यहूदासँग हुनु-हुन्छ भन्ने कुरा देखे। विचरा, यहोशापातले आफ्नो यत्रो जनशक्ति बुद्धिमानीपूर्वक प्रयोग गरेनन्; यस कुराको बारेमा हामी अठार अध्यायमा हेर्न लागेका छौं।

**२ इतिहास १८:१:** यस समयको बिन्दुसम्म इस्राएल र यहूदा एक-अर्कोको शत्रु थिए; तर अब यहोशापातको छोराले अहाबकी छोरीसँग विवाह गरे (२१:५-६); यसरी यी दुई राज्यहरूको बीचमा गठबन्धन भयो।

**२ इतिहास १८:२-७:** अनि इस्राएलका राजा अहाबले यहूदाका राजा यहोशापातलाई 'अरामीहरूमाथि आक्रमण गर्न मलाई मद्दत गर' भन्ने अनुरोध गरे; किनकि अरामीहरूले इस्राएलका केही इलाकाहरू कब्जा गरेका थिए (१ राजाहरू २२:३-४)। नभन्दै यहोशापात अहाबलाई सहायता गर्न राजी भए; तर उनले तिनीहरूलाई पहिले परमप्रभुको सोधखोज गर्ने सल्लाह दिए। तदनुसार अहाबले आफ्ना अगमवक्ताहरूलाई बोलाए, जसले एउटै सुरमा यसमा सफलता प्राप्त गरिने भविष्यवाणी गरे। तर तिनीहरूको कुरा धेरै विश्‍वस्त हुँदैनथियो कि के हो ? किनभने यहोशापात आत्मिक समझ भएका मानिस थिए। यसकारण मानौं त्यहाँ भेला भएका चार सय मानिसहरू परमप्रभुको सम्पर्कमा थिएनन् झैं गरी उनले परमप्रभुको कुनै भविष्यवक्ताको कुरा सुन्ने अनुरोध गरे। अहाबले पनि आफ्ना अगमवक्ताहरू र परमप्रभुको वास्तविक भविष्यवक्ताको बीचको भिन्नता जान्दथे। तर मिकायाह ती एकजना मानिस थिए, जसको मुखबाट तिनीहरूले परमप्रभुको वचन प्राप्त गर्न सक्नेथिए। तर अहाबले तिनलाई घृणा गर्थे; किनभने तिनले सधैं राजाको बारेमा खराब कुरा मात्र भविष्यवाणी गर्थे।

**२ इतिहास १८:८-११:** अनि जब तिनीहरू मिकायाहलाई हाजिर गराउन गए, तब अगमवक्ता सिद्‌कियाहले 'अरामीहरू यसरी नाश हुनेछन्' भनेर फलामका सिङहरूसित यता हानेर, उता हानेर कत्रो तमाशा देखाए, बाफरे-बाफ! (हुन सक्छ, तिनले चलाएका दुईवटा सिङले यी दुईजना यहूदी राजाहरूलाई सङ्केत गरे होलान्)। अनि राजाका अरू सबै अगमवक्ताहरूले 'हो, हो' भनेर आफ्नो सहमति दिन एकसाथ आफ्नो आवाज उठाए। यस सम्बन्धमा श्री डी. एल. मूडिले यस प्रकारको टिप्पणी गरेका छन्:

> 'राजा अहाबका प्रचारकहरू र अगमवक्ताहरू छँदैथिए। यसबाट के बुझिन्छ भने, यत्रो भ्रष्ट मानिस नै छैन, जसले आफ्नो स्वादअनुसार प्रचार गर्ने प्रचारक पाउँदैन।' 18)

**२ इतिहास १८:१२-१३:** यस समयमा राजाको सन्देशवाहकले मिकायाहलाई 'विजयको भविष्यवाणी गर' भनेर अन्य अगमवक्ताहरूसँग सहमत हुने करकापमा पारे; तर मिकायाहले परमप्रभुको वचन मात्र सुनाउने कबुल गरे। तेह्र पद हरेक प्रचारक र हरेक इसाईको निम्ति आदर्श वाक्य बनोस्: *'परमप्रभुको जीवनको शपथ! मेरा परमेश्‍वरले मलाई जे भन्नुहुन्छ, त्यही मात्र म बोल्नेछु।'*

**२ इतिहास १८:१४-१७:** शुरुमा मिकायाहले अरूसँगै मिल्ने कुरा गरे, तर उनी यस कुरामा गम्भीर थिएनन् भन्ने कुरा चाँड़ै स्पष्ट भयो। अनि जब अहाबले उनलाई सत्य बोल्ने शपथ खान लगाए, तब उनले इस्राएलको आउनै लागेको हार र अहाबको मृत्युको कुरा सुनाए।

**२ इतिहास १८:१८-२२:** अनि मिकायाहले अहाबका अगमवक्ताहरूले राजालाई किन झूटो जानकारी दिइरहे, सो कुरा स्पष्ट पारे: तिनीहरू झूट बोल्ने

आत्माको प्रभावमा थिए। अहाबको दुष्टताको खातिर परमप्रभुले त्यो झूट बोल्ने आत्मा पठाउनुभयो। अब अहाब न्यायको पात्र बनिसके, जसरी भविष्यवक्ता एलियाले अघिबाट भविष्यवाणी गरे (१ राजाहरू २१:१९-२४)। यस विषयमा श्री माथ्यू हेनरीले निम्न टिप्पणी गरेका छन्:

> 'परमेश्‍वरको अनुमतिविना शैतानले मानिस-हरूलाई धोका दिन पाउँदैन, अनि यसो हुँदा पनि परमेश्‍वरले आफ्ना उद्देश्यहरू पूरा गर्नुहुन्छ। ... यस प्रकारले मिकायाहले अहाबलाई यस लड़ाइँको नतिजा के हुने हो, सो कुराको विषयमा मात्र होइन, तर अहाबलाई तिनलाई अघि बढ्ने प्रोत्साहन दिनेहरूको कुरा विश्‍वास गर्ने खतराको विषयमा पनि उचित चेताउनी दिए।' **19)**

**२ इतिहास १८:२३-२६:** मिकायाहले आफ्नो इमानदारिताको लागि कष्ट भोग्नु-पर्‍यो। सिद्‌कियाहले उनलाई उनको गालामा हिर्काए र अहाबले उनलाई झ्यालखानामा हालिदिए र उनलाई कष्टको रोटी र पानी मात्र दिने आदेश गरे, उनलाई मार्ने उद्देश्यले होला कि ? मिकायाहले ती दुवैजनालाई उत्तरमा के भने भने, परमप्रभुले नै उनले भनेको कुरा सत्य प्रमाणित गरिदिनुहुनेथियो। पवित्र धर्मशास्त्र बाइबलले सिद्‌कियाहलाई के भयो, सो बताउँदैन; तर हामीलाई थाहा छ, परमप्रभुको वचनअनुसार अहाब लड़ाइँमा मारिए।

**२ इतिहास १८:२७-२९:** भविष्यवक्ता मिकायाहका वचनहरूले अहाबलाई केही प्रभाव पारेको हुनुपर्छ, किनकि तिनले आफ्नो भेष बदल्ने प्रयास गरे र यसरी परमेश्‍वरको न्यायबाट उम्कन खोजे। तिनले के सुझाउ दिए भने, तिनले एउटा सिपाहीको पोशाक लगाउनेथिए, तर यहोशापातले आफ्नो राजकीय पोशाक लगाउनेथिए।

**२ इतिहास १८:३०-३४:** तर परमप्रभुको वचन पूरा भयो। यहोशापात अरामीहरूको हातबाट उम्के, तर अपवित्र गठबन्धनको खताराको विषयमा एउटा पाठ सिकेर मात्र उम्के (२ कोरिन्थी ६:१४)। तर अहाब उम्केनन्। परमेश्‍वरले अहाबलाई तिनको कवचका जोर्नीहरूको बीचमा हान्न एउटा लक्ष्यहीन वाणलाई निर्देशन गर्नुभयो, र सूर्यास्तको समयमा तिनको मृत्यु भयो।

**२ इतिहास १९:१-५:** जब हनानीका छोरा येहूले दर्शी र भविष्यवक्ता भएको नाताले यहोशापातलाई अहाबसँग गरेको गठबन्धनको विषयमा हप्काए, तब यहोशापातले पश्‍चात्ताप गरे; परमेश्‍वरको वचनप्रति उनको प्रतिक्रिया सकारात्माक भयो।

अहाब मूर्तिपूजक थिए; अनि तिनीसँग यहोशापातको अनुचित सम्बन्ध उनको प्रजाको निम्ति खराब उदाहरण थियो। यसकारण राजा यहोशापातले मानिसहरूलाई परमप्रभुकहाँ फर्काउन आफ्नो राज्यभरि घुमफिर गरे। अनि उनले देशमा मोशाको व्यवस्थाअनुसार न्याय गर्ने अदालत र न्याय-व्यवस्था स्थापित गरे (व्यवस्था १६:१८-२०)। यस कुराले, साथै अघि २ इतिहास १७:७-९ पदहरूमा सारा देशभरि चारैतिर शिक्षकहरूलाई पठाएको कुराले यहोशापातले पवित्र धर्मशास्त्र बाइबलप्रति अद्‌भुत सम्मान गरेको देखाए। अनि उनका यी कार्यहरूले उनको प्रजाप्रति उनको साँचो वास्ता र चिन्ता अनि परमप्रभुको प्रतिनिधिको रूपमा विश्‍वासयोग्यतासाथ काम गर्ने उनको चाहना पनि देखाए।

**२ इतिहास १९:६-११:** राजा यहोशापातले दिएका अर्तीहरू मोशाको व्यवस्थाबाट लिइएका थिए (१९:१०)। उनले आफ्ना जनहरूको बीचमा न्यायकर्ताहरूको रूपमा काम गर्नेहरूको निम्ति परमप्रभुले दिनुभएका मौलिक आज्ञाहरू फेरि लागू गराए।

न्यायकर्ताहरूले परमेश्‍वरको करारका जन-हरूको न्याय गरिरहेका हुनाले र उहाँले जे भइरहेको छ, सो सबै कुरा हेरिरहनुभएको हुनाले उनीहरू परमप्रभुसँग डराउनुपर्नेथियो, र होशियारसाथ यो काम गर्नुपर्नेथियो। अनि इस्राएलको राजधानी यरूशलेममा पनि न्यायकर्ताहरू नियुक्त गरिए, जसकहाँ कठिन मुद्दाहरू ल्याउन सकिन्थे। धार्मिक मामिला-हरूको फैसालाचाहिँ प्रधान पूजाहारी अमर्याहको जिम्मामा थियो भने, सार्वजनिक मामिलाहरूको फैसला यहूदाको कुलको प्रधान जबद्याहको जिम्मामा थियो। अनि लेवीहरू सरकारी अफिसर र अधिकारीहरू थिए।

**२ इतिहास २०:१-६:** मृत सागरको पारिपट्टिबाट एउटा विशाल सेनाले यहूदाको विरुद्धमा लड़ाइँको घोषणा गर्‍यो। (केही हिब्रू पाण्डुलिपिहरूमा दुई पदमा 'अराम'को सट्टामा 'एदोम'[20] पढ़िन्छ।) यहोशापात चिन्तित थिए; यो स्वाभाविक कुरा हो। तब उनले उपवासको घोषणा गरे र मानिस-हरूलाई परमप्रभुको भवनमा भेला गराए, जहाँ उनले परमप्रभुलाई प्रार्थना गरे। इतिहासको दोस्रो पुस्तकमा योचाहिँ 'राजाले चढ़ाएको तेस्रो प्रार्थना' हो। (२ इतिहास छ अध्यायमा सुलेमानले गरेको प्रार्थना उल्लेख गरिएको छ भने, आसाले चढ़ाएको प्रार्थना १४:११ पदमा लेखिएको छ)।

**२ इतिहास २०:७-१३:** यहोशापातले प्रार्थना गर्दाखेरि परमप्रभुलाई सम्झाएः **क)** यहूदीहरू उहाँको करारका मानिसहरू हुन्थे। अनि **ख)** यहोशापातले जुन मन्दिरमा प्रार्थना गरिरहेका थिए, त्यो मन्दिर परमेश्‍वरको पवित्रस्थान थियो, जुन पवित्र-स्थानको विषयमा उहाँले प्रार्थना सुन्नेछु र जवाफ दिनेछु भन्ने प्रतिज्ञा गर्नुभयो। अनि **ग)** जुन जातिहरूलाई इस्राएलले बितेको समयमा दया देखाएको थियो, ती जातिहरू अब यसलाई नाश गर्न र यसबाट यसको देश खोस्न आउँदैथिए। यहोशापातले आफ्नो उत्तेजित निवेदन सिद्ध्याए, अनि उनी सारा यहूदाको साथ परमप्रभुको सामु उभिए र उहाँको जवाफको निम्ति पर्खे।

**२ इतिहास २०:१४-१७:** तब परमप्रभुको आत्माले यहजिएलद्वारा बोल्नुभयो र डर ग्रसित इस्राएली जातिबाट यो डर हटाइ-दिनुभयो। आउन लागेको यो लड़ाइँ परमेश्‍वरको लड़ाइँ थियो। मानिसहरूले भोलिपल्ट निस्केर जानु थियो र उहाँले गर्नुभएको काम हेर्नुपरेको थियो।

**२ इतिहास २०:१८-२१:** विश्‍वासद्वारा मानिसहरू हुन लागेको विजयको निम्ति रमाए। भोलिपल्ट बिहान सबेर तिनीहरू परमप्रभुले गर्नुभएको काम हेर्न उठे। अनि तिनीहरू रणभूमितिर कुनै उत्सवमा गएझैं अघि बढ़िरहेका थिए; गायकहरू तिनीहरूको अघि हिँड्दै थिए।

**२ इतिहास २०:२२-३०:** जब परमेश्‍वरले आफ्ना जनहरूलाई विश्‍वासको गीत गाउँदै गरेको सुन्नुभयो, तब उहाँले तिनीहरूको शत्रुलाई हार खुवाउनुभयो। उहाँले यी शत्रु-हरूको बीचमा विरोध पैदा गर्नुभयो, यसैले यिनीहरूले एक-अर्कासँग लड़ाइँ गरे र एक-अर्कालाई नष्ट गरे। अनि जब यहूदा आइपुग्यो, तब लुटको माल जम्मा गर्नुबाहेक अरू कुनै काम बाँकी रहेको थिएन; यसको निम्ति तिनीहरूलाई तीन दिन लाग्यो। असीम आनन्दको साथ तिनीहरूले परमप्रभुको प्रशंसा गरे, र गीत गाउँदै तिनीहरू यरूशलेममा फर्के। तब छिमेकी राष्ट्रहरूलाई परमप्रभुको भयले छोप्यो, अनि यहूदामा शान्ति थियो।

**२ इतिहास २०:३१-३४:** आफ्नो आदत-अनुसार यस खण्डमा इतिहासको पुस्तकको लेखकले यहोशापातको शासनकालको सारांश प्रस्तुत गरेका छन्। देशबाट मूर्तिपूजा हटाउनमा यहोशापातको कोशिश जारी थियो,

तर पनि तिनले मूर्तिपूजा पूरा हटाउन सकेनन् । तर मोटामोटी उनको शासन राम्रो थियो; किनभने उनले जे असल थियो, त्यो गर्न खोजे; अनि उनी सिद्ध नभए तापनि उनले परमेश्वरको दृष्टिमा जे ठीक थियो, प्रायः त्यही गरिरहे ।

**२ इतिहास २०:३५-३७:** यो खण्ड उपसंहार सम्भिनुहोस् ! किनकि यो इस्राएलका दुष्ट राजा अहज्याहसँग यहोशापातको साभेदारीको बारेमा परिशिष्ट लेख हो । तिनीहरूले टर्शिशमा जाने हेतुले एस्योन-गेबेरमा सँगै पानीजहाजहरू बनाए, तर परमप्रभुले त्यो परियोजना भताभुङ्ग पारिदिनुभयो, जसरी एलिएजेर नाम गरेका भविष्यवक्ताले घोषणा गरे ।

मृत्यु हुँदा यहोशापात साठी वर्षको थिए । अनि उनका छोरा यहोराम, जसले केही वर्ष उनको साथमा राज्य गरेका थिए, यहूदाको सिंहासनमाथि बसे (२ इतिहास २१:१) ।

### ङ) २ इतिहास २१: राजा यहोराम

**२ इतिहास २१:१-३:** यहोरामको शासन-कालदेखि यता इतिहासको दोस्रो पुस्तकमा प्रस्तुत गरिएको इतिहास ओरालो गइरहेको छ र यहूदाको विनाश र कैदमा टुङ्गिन्छ । दुई पदमा यहोरामका दुईजना भाइहरूका नाम अजर्याह थिए ।

**२ इतिहास २१:४-६:** यहूदाका पाँचौं राजाले दाऊदको चालमा होइन, तर इस्राएलका राजाहरूको दुष्ट मार्गमा पो हिँड्न रोजे । यहोराम हत्यारा र मूर्तिपूजक थिए । किनकि सिंहासनमा आफ्नो पकड़ बलियो बनाउने हेतुले तिनले आफ्ना सबै भाइहरूलाई निर्ममतापूर्वक मारे । पवित्र धर्मशास्त्र बाइबलले तिनलाई असर गरेको यस दुष्ट प्रभावको बारेमा हामीलाई कुनै शङ्कामा छोड्दैन । किनकि तिनकी पत्नी अहाबकी छोरी थिइन्, जसले यहोरामलाई यति दुष्ट काम गर्न लगाइन् (२ इतिहास २१:६) । पहिले यहोशापातले यी दुईवटा राज्यहरूको बीचमा यस विवाहको प्रबन्ध मिलाएका थिए; अनि अहिले यहूदा पनि त्यही दुष्टताबाट संक्रमित भएको थियो, जुन दुष्टताले इस्राएललाई बर्बाद गरिरहेको थियो । अहाबकी छोरी अतल्याह परमेश्वरका जन-हरूमाथि न्याय ल्याउन शैतानको हातमा एउटा ठूलो औजार बनिन् ।

**२ इतिहास २१:७:** तर परमप्रभुले दाऊदसित बाँध्नुभएको करार सम्भनुभयो; यसकारण उहाँले अहाब र इस्राएलसँग व्यवहार गर्नुभएको जत्तिकै यहोराम र यहूदासँग कड़ा व्यवहार गर्नुभएन । ('एउटा बत्ती दिनेछु' भनेको दाऊदको एउटा सन्तान बुभिन्छ, जसले राजाको रूपमा राज्य गर्न सक्छन्) । यसो भए पनि, यो अपवित्र मिलनको खातिर यहूदाले धेरै दुःखकष्ट भोग्नुपरेको थियो ।

**२ इतिहास २१:८-१५:** यहोशापातको जमानामा यहूदासँग डराउने एदोमीहरूले अब विद्रोह गरे (२ इतिहास १७:१०) । अनि यहूदाको शहर लिब्नाले पनि विद्रोह गर्‍यो । तर यहोरामले आफ्ना जनहरूलाई बढ़ी र भन् बढ़ी मूर्तिपूजाभित्र फसाएर अवस्था भन् खराब तुल्याइदिए । हो, राजालाई लेखिएको पत्ररूपी एलियाको भविष्यवाणीले पनि तिनलाई तिनको दुष्ट चालबाट फर्काउन सकेन । इस्राएलमा भविष्यवक्ता एलियाको शक्तिशाली सेवकाईको बारेमा यहोरामलाई पक्कै पनि थाहा थियो, तर तिनी उत्तरदायी भएनन्, जसरी अहाब पनि अनुत्तरदायी थिए ।

यहोशापातको शासनकालको समय-अन्तर्गत कुनै बेलामा एलियाको स्वर्गारोहण भएको थियो (२ राजाहरू २:११) । अनि यहोरामले आफ्ना बुबासँग लगभग पाँच वर्ष सँगै राज्य गरेको हुनाले एलियाको पत्रमार्फत यहोरामलाई यो दिव्य सन्देश सुनाउँदा एलिया

अझै जीवित थिए होलान्; कि त भविष्यवक्ता एलियाले ईश्वरीय निर्देशनद्वारा यो पत्र लेखेर यो एलीशाको जिम्मामा लगाए होलान्, जसले यो पत्र उचित समयमा प्रेषित गरे, कि कसो हो ?

**२ इतिहास २१:१६-१७:** पलिस्तीहरू र अरबीहरूले आक्रमण गरेर यहोरामको धनसम्पत्ति र यहोआहाजलाई बाहेक तिनको सम्पूर्ण परिवारलाई लगे; यहोआहाज तिनको कान्छो छोरा थिए, जसको अर्को नाम अहज्याह पनि थियो। यहोरामले आफ्नो बुबाको परिवारको हत्या गरेको हुनाले यो सजाय तिनको अपराधको निम्ति सुहाउँदो देखिन्छ।

**२ इतिहास २१:१८-२०:** यहोरामलाई आन्द्रामा निको नहुने रोग लागेको थियो; अनि अति पीड़ामा परेर तिनी मरे। कसैले शोक नमानीकन तिनी यस धरतीबाट बिदा भए। तिनी आफ्नो जीवनभरि असल राजाहरूको चालमा हिँड़ेनन्, यसकारण मरेपछि तिनी उनीहरूसँग पनि गाड़िएनन्।

## च) २ इतिहास २२:१-९: राजा अहज्याह

**२ इतिहास २२:१-९:** अहाबको घरानाको कुसङ्गतको कारणले सृजिएको समस्या अब तेस्रो पुस्तामा पुग्यो। अहज्याहको अर्को नाम यहोआहाज थियो (२१:१७), र अजर्याह पनि थियो (२२:६)। यही अहज्याह यहोरामको मृत्युपछि राजा भए। त्यस बेलामा तिनी बाइस वर्षका थिए। [21)]

अनि तिनकी आमा अतल्याह इस्राएलका राजा ओम्रीकी नातिनी थिइन्। यिनले आफ्नो पति यहोरामको मृत्युपछि यहूदामा आफ्नो हानिकारक प्रभाव जारी राखिन्। यिनी आफ्नो छोरालाई खराब कामको लागि प्रेरणा दिने र तिनलाई विनाशमा पुऱ्याइदिने तिनको मुख्य सल्लाहकार थिइन् (२२:४)। २ इतिहास २२:१ पदअनुसार अहज्याहका सबै दाजुहरूलाई मारिँदा यी बत्तीरूपी दाऊदका सन्तान अहज्याह सिंहासनमाथि बस्ने हेतुले छोड़िए; तर तिनले आफूलाई कृतघ्न र अयोग्य साबित गरे; किनकि तिनले आफ्ना बुबाका पापहरू दोहोऱ्याइरहे। तिनी अरामको विरुद्धमा लड़ाइँ गर्न योरामसँग मिले। अनि येहू र उनका मानिसहरूले अहज्याहलाई सामरियामा लुकिरहेको भेट्टाए र तिनलाई मारिदिए। अनि राजाका सेवकहरूले तिनलाई सम्मानको साथ दफन गरे (२ राजाहरू ९:२८); किनभने तिनी भक्त यहोशापातका नाति थिए। अहज्याहले राज्य चलाउन सक्ने उमेरको कुनै पनि छोरालाई छोड़ेनन्।

## छ) २ इतिहास २२:१०-२३:२१: रानी अतल्याहले सिंहासन हड़प गरेकी

**२ इतिहास २२:१०-१२:** अब अतल्याहले आफ्ना पति र आफ्नो छोरालाई गुमाइसकेपछि आफ्नै नातिनातिनाहरूलाई मारेर सिंहासन हड़प गरिन्। राजकीय परिवारको यस निर्दयी हत्याको रचनाकार र प्रेरक अदृश्य शैतान थियो, जसले मसीहको वंशलाई नामेट गर्न खोज्यो, जसरी त्यसले अघि पनि घरिघरि यसो गर्न कोशिश गरिरहेको थियो र आउँदा दिनहरूमा फेरि पनि गर्नेथियो। तर यस विषयमा उत्पत्ति ३:१५ पदको प्रतिज्ञाले स्त्रीको वंशलाई जोगाइराख्ने बन्धकको काम गर्थ्यो; किनकि यसको वंशबाट प्रभु येशू आउनुहुने नै थियो। यही कारणले परमप्रभुले यहोशबतलाई आफ्नो भतिजा योआशलाई लुकाउन उत्प्रेरित गर्नुभयो। तिनी परमप्रभुको भवनमा लुकाइए, जहाँ यहोशबतका पति यहोयादा पूजाहारी थिए, जसले छ वर्षसम्म तिनको हेरचाह गरिरहे।

२ राजाहरू ८-११ अध्यायहरूले यी घटनाहरूको बारेमा अरू थप जानकारीहरू दिएका छन् र त्यही बेलामा इस्राएलमा के-के भइरहेको थियो, सो पनि बताउँछन्।

**२ इतिहास २३ः१-७ः** दाऊदको सिंहासन हड़प गरेकी अतल्याह सिंहासनमाथि बसुन्जेल र योआशको ठीक उमेर नभएसम्म पूजाहारी यहोयादाले आफ्नो समय पर्खनु-परेको थियो। तर योआशको सातौं वर्षमा यहोयादाले शासकहरू र लेवीहरूलाई भेला गरे र तिनीहरूसँग अतल्याहलाई सत्ताबाट हटाउने योजना बनाए। राज्यभरि नै यो खबर फैलियो, र धेरैजनाले योआशलाई तिनका बुबाको सिंहासनमाथि राख्ने करारमा प्रवेश गरे। छ पदको खण्ड ख)मा 'सबै मानिस-हरूले परमप्रभुको अभिभारा सम्हालिराखून्' भन्ने वाक्यको अर्थ 'तिनीहरूले परमप्रभुको भवनमा प्रवेश-निषेध हुने व्यवस्था पालन गर्नुपरेको थियो' हो (२३ः६[क] पद हेर्नुहोस्)। लेवीहरू र शासकहरूलाई आ-आफ्नो कार्य-भार दिइयो; अनि कुनै एक निश्चित विश्राम-दिन भाग्यशाली यस दिनको रूपमा रोजियो।

**२ इतिहास २३ः८-११ः** नयाँ दलहरू परमप्रभुको भवनमा पसेको बेलामा पुराना दलहरू बरखास्त भएनन्; यस प्रकारले पूजाहारी यहोयादा कसैको शङ्का नउठ्ने गरी ठूलो सङ्ख्यामा मानिसहरूलाई भेला गराउन सक्षम भए। अनि ती मानिसहरू मन्दिरमा भएका दाऊदका हतियारहरूले सुसज्जित भए; अनि जब सबै तयारी पूरा भयो, तब सात वर्षे योआश मन्दिरबाट बाहिर ल्याइए र तिनलाई मुकुट लगाइयो, र तिनको हातमा मोशाको व्यवस्थाको पुस्तकको प्रति दिइयो, जुन कुरा व्यवस्थाअनुसार थियो (व्यवस्था १७ः१८-२०)। कसै-कसैको विचारमा, यो त परमप्रभुको सन्दुकमा राखिएको व्यवस्थाको मूलपाण्डुलिपि पो भएको थियो अरे (प्रस्थान २५ः२१ र २ इतिहास ५ः१०)।

**२ इतिहास २३ः१२-१५ः** रानी अतल्याह परमप्रभुको भवनमा मानिसहरूकहाँ आइन्; किनकि यिनले मानिसहरूलाई हर्षोल्लास गर्दै गरेको र चिच्च्याउँदै गरेको सुनेकी थिइन्। यो के थियो होला नि? तब यिनले आफ्नो बालक-प्रतिद्वन्द्वीलाई भेट्टाइन्, जसको विषयमा यिनले तिनी त धेरै समयदेखि मरिसकेको भन्ठानिन्। तिनी मरेको कहाँ हो र, तिनले त राजमुकुट पो पहिरहेका थिए!! तर जनता डल्लै योआशको पक्षमा भएको कुराले यिनलाई झन् विचलित पारेको हुनुपर्ला। किनकि जब यिनले 'राजद्रोह, राजद्रोह' कराइन्, तब कसैले यिनको कुरा सुनेन। अन्तमा राजद्रोह गर्ने योआश होइन, तर यिनी आफै पो थिइन्!! अनि पूजाहारी यहोयादाले यिनलाई मार्ने आदेश दिए, तर मन्दिरभित्र चाहिँ होइन। यिनी 'घोड़ाको मूलढोका' नामक मूलढोकामा लगिइन्, जहाँ यिनले यहूदामा पूरा गरेका क्रूरताहरूको खातिर यिनलाई मृत्युदण्ड दिइयो।

**२ इतिहास २३ः१६-१९ः** अतल्याहले बाटो छोड़ेपछि सुधार छिटो अघि बढ्यो। पूजाहारी यहोयादा र मानिसहरूले 'हामी परमप्रभुको प्रजा बनिरहनेछौं' भन्ने करार गरे। तिनीहरूको प्रतिबद्धता कहाँसम्म जाने हो, सो कुरा देखाउन तिनीहरूले बालको मन्दिर ध्वस्त पारे र बालको पूजाहारी मत्तानलाई मारे। पूजाहारी भएको नाताले यहोयादाको ध्यान परमप्रभुको भवन र परमप्रभुको आराधना-माथि केन्द्रित रह्यो। यसकारण मोशा र दाऊदले आज्ञा गरेअनुसार मन्दिरको सेवा सुव्यवस्थित गराउन उनको पहिलो काम थियो। लेवीहरू र पूजाहारीहरूलाई आ-आफ्नो काममा खटाइयो। अब मन्दिरको पवित्रता हलुका लिनुहुँदैनथिएन; यसकारण द्वारपालहरूले औपचारिक रूपमा अशुद्ध मानिसहरूलाई बाहिरै राख्नुपर्थ्यो। यहोयादालाई थाहा थियो, कि सुधारको थालनी परमप्रभुको घरबाटै शुरु हुनुपर्छ।

**२ इतिहास २३ः२०-२१ः** योआश राजभवनमा लगिए। मानिसहरूले आनन्दको साथ योआशको शासनको अधीनतामा जिउन

पाउने जनजीवनको बाटो हेरिरहेका थिए। परमेश्वरलाई धन्यवाद होस्; किनकि दाऊदका सन्तान फेरि पनि यहूदाको सिंहासनमाथि बसिरहेका थिए !

### ज) २ इतिहास २४ः राजा योआश

**२ इतिहास २४ः१-३ः** राजा भएको बेलामा योआश सात वर्षका थिए, र तिनले चालीस वर्ष राज्य गरे। पूजाहारी यहोयादा जीवित रहेसम्म योआशले जे ठीक थियो, त्यही गरे। अँ, योआशका दुईजना पत्नीहरू पनि परमेश्वरका यी प्रभावकारी पूजाहारीद्वारा तिनको निम्ति चुनिए।

**२ इतिहास २४ः४-१४ः** योआशले मन्दिरको मर्मत गर्ने हेतुले लेवीहरूलाई सारा इस्राएलबाट अनुदान सङ्कलन गर्ने आदेश दिए। तर जब लेवीहरूले यो काम समयमा पूरा गर्न सकेनन्, तब तिनी पूजाहारी यहोयादासँग रिसाए। अन्तमा मन्दिरको सामु एउटा विशेष बाकस राखियो, र राजाको आदेशअनुसार मानिसहरूले आएर आ-आफ्नो 'मन्दिरको कर'[22] त्यसमा हाल्नुपरेको थियो। त्यस बाकसभित्र हालिएको रकम लिइयो र कामदारहरूलाई वितरण गरियो, जसले परमेश्वरको भवन यसको पहिलेको अवस्थामा खड़ा गरे र त्यसलाई बलियो तुल्याए।[23]

**२ इतिहास २४ः१५-१९ः** अनि जब लामो र फलदायक जीवन बितेपछि यहोयादाको मृत्यु भयो, तब उनलाई राजाहरूको साथमा दफन भएको सम्मान गरियो; यो राजकीय परिवारदेखि बाहिरको मानिसको लागि असामान्य सम्मान थियो। तर अब उनको भक्तिले पूर्ण प्रभाव छँदैथिएन; यसकारण योआशले मूर्तिपूजकहरूबाट सल्लाह लिए र आफ्नो राज्य खतम पारे। परमप्रभुले तिनलाई चेताउनी दिन विभिन्न भविष्यवक्ताहरूलाई पठाउनुभयो, तर पश्चात्ताप गर्नुको सट्टामा यहूदाका राजाले विद्रोह पो गरे।

**२ इतिहास २४ः२०-२७ः** अनि जकर्याहले मानिसहरूलाई परमेश्वरको चेताउनी दिए; तर राजाले उनलाई ढुङ्गाले हान्ने आदेश दिए। योआशले जकर्याहका बुबा[24] अथवा बाजे यहोयादाले तिनीप्रति देखाएको दयाको गुण गरेनन्। अनि हुन सक्छ, जकर्याहको मृत्युमा 'परमप्रभुले हेरेर यसको लेखा लिऊन्' भन्ने उनको प्रार्थनाको उत्तरमा परमप्रभुले यहूदालाई लुट्न अनि अधिकारी र शासकहरूलाई मार्न अरामबाट एउटा सानो सैन्य दल पठाउनुभयो कि ? जेजस्तो भए पनि, राजा योआशलाई दुष्ट सल्लाह दिनेहरू मारिए, अनि योआश आफैचाहिँ सिकिस्त घाइते भए, र त्यसपछि तिनका सेवकहरूले तिनलाई मारे, तर तिनलाई यहूदाका राजाहरूसँग गाड्न इन्कार गरियो, तिनीभन्दा अघि दुष्ट राजा यहोरामलाई भएको जस्तै।

योआशले आफ्नो जीवनको उत्तरार्धमा परमप्रभुलाई त्यागे; यसकारण तिनले अघि जे गरे, त्यो सबै व्यर्थको भयो। तिनले मन्दिरको मर्मत गरेका थिए; केको लागि ? केवल त्यसमा भएका सबै धनसम्पत्तिहरू पछि अरामी हजाएललाई दिनको निम्ति होइन र ? (२ राजाहरू १२ः१७-१८)। हाम्रो दौड़को शुरु राम्रो भयो भने, यो ठिक्कै हो; तर हाम्रो दौड़को अन्त पनि असल हुनुपर्छ; यो झन् धेरै महत्त्वपूर्ण हो। प्रेरित यूहन्नाले हिँड्नुपर्ने बाटो लामो भयो भने मानिसहरूको जोशउमङ्ग हराइहाल्ने तिनीहरूको झुकाउ राम्ररी जान्दथिए, किनभने उनले हामीलाई चेताउनी दिएर यसो लेखेः *'आफ्नो विषयमा होशियार बस, यस हेतुले कि जुन कुराहरूको निम्ति हामीले परिश्रम गर्‍यौं, ती कुराहरू हामी नगुमाऔं, तर तिनको पूरा प्रतिफल पाऔं।'* (२ यूहन्ना १ः८)।

२ राजाहरू १२ अध्यायले योआशको जीवन र शासनकालको बारेमा थप जानकारी दिन्छ, (त्यहाँ तिनको नाम यहोआश हो)। बढ़ी जानकारी चाहनुभएमा तपाईंले त्यस अध्यायमा भएको टिप्पणी हेर्नुहोला।

### झ) २ इतिहास २५ः राजा अमस्याह

**२ इतिहास २५ः१-१०ः** आफ्नो सिंहासन स्थापित गरेपछि र आफ्ना बुबाको हत्याराहरूसित व्यवस्थाअनुसार व्यवहार गरेपछि अमस्याहले विदेश नीतिमाथि आफ्नो ध्यान लगाए। यहोरामको शासनकालमा एदोमीहरूले यहूदाको विद्रोह गरेका थिए (२१ः१०), अनि अब अमस्याहले तिनीहरूलाई आफ्नो अधीनतामा फर्काउन चाहे। यसो गर्नको निम्ति उनले इस्राएलबाट एक लाख सिपाहीहरूलाई भाड़ामा लिए। तर परमेश्वरका एक जनले उनलाई चेताउनी दिएपछि उनले यी इस्राएलीहरूलाई फेरि घरमा पठाए। उनले भाड़ामा लिएका सिपाहीहरूको निम्ति रकम तिरिसकेको हुनाले उनले यो पैसा गुमाउनुपरेको चिन्ता गरे। तर जब भविष्यवक्ताले उनलाई 'परमप्रभुले तपाईंलाई त्यसभन्दा बढ़ी दिन सक्नुहुन्छ' भन्ने आश्वासन दिए, तब उनले यो दिव्य अर्ती मानिलिए।

**२ इतिहास २५ः११-१३ः** अनि अमस्याह र उनका मानिसहरूले दस हजार एदोमीहरूलाई मारे, र अरू दस हजार मानिसहरूलाई कैदी बनाएर तिनीहरूलाई एउटा अग्लो चट्टानबाट तल फ्याँके। यसो मारिएकाहरू कि त ठूलो क्रूरताको दोषी भएको हुनुपर्ला, कि त अमस्याहले त्यस जमानामा चल्ती रणनीति अपनाए होलान्। अनि जुन भाड़ामा लिएका सिपाहीहरू अमस्याहले अघि एप्रैममा फिर्ता पठाएका थिए, यी भाड़ामा लिएका सिपाहीहरू रिसाए र यहूदाका शहरहरूमाथि आइलागे, अनि तिनीहरूले तीन हजार मानिसहरूलाई मारे र धेरै लुटको माल लगे।

**२ इतिहास २५ः१४-२१ः** अनि जब अमस्याहले एदोमबाट फिर्ता ल्याएका मूर्तिहरू पूजा गर्न थाले, तब एकजना भविष्यवक्ताले उनलाई हप्काएः 'के आफ्ना मानिसहरूलाई बचाउन नसक्ने देवताहरूले तपाईंलाई मद्दत गर्न सक्छन् र?' अमस्याहले बीचमा कुरा काटेर यी भविष्यवक्तालाई धम्की दिए; हुन सक्छ, यो जकर्याहको विषयमा गरिएको उनको गोप्य सङ्केत भएको हुनुपर्ला; किनकि यी जकर्याहले अमस्याहका बुबाको विरुद्धमा भविष्यवाणी गरेर आफ्नो ज्यान गुमाएका थिए (२ इतिहास २४ः२०-२२)। अनि राजाको यस चेताउनीप्रति यी भविष्यवक्ताले मानौं यस प्रकारको भावात्मक उत्तर दिएः 'तपाईंले मलाई हिर्काउनुपर्दैन। तपाईंले मेरो सल्लाह इन्कार गर्नुभयो; यसकारण परमेश्वरले तपाईंलाई प्रहार गर्नुहुनेछ।' अमस्याहले परमेश्वरको सल्लाह ध्यानसित सुनेनन्, तर आफ्नै कर्मचारीहरूबाट सल्लाह लिए। मूर्खतापूर्वक उनले इस्राएलका राजा योआशसँग लड़ाइँ गरे; उनले योआशको चेताउनी मानेनन्।

**२ इतिहास २५ः२२-२८ः** यहूदा पराजित भयो, अनि अमस्याहचाहिँ – उनी अपमानित र गरिब भए। यरूशलेममाथि आक्रमण गरियो र मन्दिरको लुटपाट भयो। अनि अमस्याहको प्रजाले उनको विरुद्धमा षड्यन्त्र रच्यो, अनि अन्तमा उनी यरूशलेमबाट भागे। तर लाकीशमा उनको हत्या भयो, त्यसपछि उनलाई यरूशलेममा ल्याइयो र त्यहाँ गाड़ियो।

### ञ) २ इतिहास २६ः राजा उज्जियाह

**२ इतिहास २६ः१-५ः** उज्जियाहको सफलताको रहस्य यस अध्यायको शुरुमा

खुलस्त पारिएको छ। किनकि तिनले जे ठीक थियो, त्यही गरे र परमेश्वरको खोजी गरे। जकर्याहचाहिँ जो एक समझदार मानिस थिए, तिनका सल्लाहकार थिए। (यी जकर्याहचाहिँ भविष्यवक्ता जकर्याह थिएनन्।)

**२ इतिहास २६ः६-१५ः** उज्जियाह जहाँ-जहाँ जान्थे, त्यहाँ-त्यहाँ तिनले आशिष पाउने गर्थे। तिनले पलिस्तीहरू र अम्मोनीहरूसित सफलतापूर्वक लड़ाइँ गरे, साथै तिनले यहूदाको सुरक्षा पनि बढ़ाए। तिनले एक अभिजात सेना भेला गरे र त्यसलाई सुसज्जित पार्न शक्तिशाली अस्त्रशस्त्रहरू आविष्कार गरे। अनि तिनले शहरहरू पनि निर्माण गरे र कृषि-विकास गरे (२६ः१०)। ठूला-ठूला ढुङ्गाहरू हान्ने यन्त्रहरू भन्नाले एक प्रकारका विशाल गुलेलीहरू भएका थिए (२६ः१५)।

**२ इतिहास २६ः१६-२३ः** तर उज्जियाह घमण्डले फुलिए। परमप्रभुको सामु धूप बाल्न तिनले मन्दिरमा प्रवेश गरे, जुन काम गर्न केवल पूजाहारीहरूको अधिकार थियो। अजर्याह र उनको साथमा असीजना पूजाहारीहरू – सबै शूरवीर मानिसहरू – राजाको पछि गए। पूजाहारीहरूको हप्कीले गर्दा उज्जियाहलाई रिस उठ्यो; तर तिनले उनीहरूलाई केही गर्नुभन्दा अघि परमप्रभुले तिनलाई कुष्ठरोगले प्रहार गर्नुभयो। तिनी मन्दिरबाट हतार-हतार गरेर निकालिए; तिनी फेरि कहिल्यै यस मन्दिरमा फर्केर आएनन्। त्यस दिनदेखि यता तिनी कुष्ठरोगी थिए, र एकान्तको घरमा बसे, अनि तिनका छोरा योतामले राज्य गर्न थाले। उज्जियाहलाई राजाहरूको कब्रिस्तानमा गाड़िएन; किनभने तिनी कुष्ठरोगी थिए; तर राजकीय कब्रिस्तानको छेउमा रहेको एउटा जग्गामा तिनको दफन गरियो।

### ट) २ इतिहास २७ः राजा योताम

**२ इतिहास २७ः१-४ः** आफ्नो बुबा उज्जियाहले जस्तै योतामले शान्ति उपभोग गरे, जसले गर्दा उनले आफ्नो राजधानी र वरिपरिका शहरहरू निर्माण गर्न र सुधार गर्न सके। उज्जियाहको पापबाहेक उनले आफ्नो बुबाको उदाहरण पछ्याए। तर उच्च स्थानहरू हटाइएका थिएनन्। यसो हेर्दाखेरि योताम सुधारक थिएनन्। किनभने मानिसहरूले भ्रष्टाचार गरिरहे, तर उनले आफ्ना जन-हरूलाई यसो गर्नदेखि रोक्न केही पनि गरेनन्।

**२ इतिहास २७ः५-९ः** उज्जियाहले अम्मोनीहरूलाई वशमा पारेका थिए (२६ः८); तर हुन सक्छ, तिनको मृत्युले गर्दा तिनीहरूले आफ्नो कर रोक्ने प्रेरणा पाए होलान्। यसकारण योतामले तिनीहरूको विरुद्धमा लड़ाइँ गरे र तिनीहरू फेरि उनलाई कर तिर्ने उनका असामी भए। उनको शक्ति केमा थियो ? उनले आफूले गरेका सबै काम-कुराहरूमा परमेश्वरमाथि ध्यान राखे र उहाँलाई श्रेय दिए। तिनीहरूले योतामलाई दाऊदको शहरमा गाड़े, र उनका छोरा आहाज यहूदाको राजा भए।

### ठ) २ इतिहास २८ः राजा आहाज

**२ इतिहास २८ः१-४ः** आहाजको विषयमा सबै कुरा बुझ्न हामीले २ राजाहरू १६ अध्याय र यशैया ७ अध्याय पढ्नुपर्छ। यहूदामा अहिलेसम्म तिनीजस्तै दुष्ट राजा थिएनन्; तिनी सबैभन्दा दुष्ट राजा थिए। तिनले यरूशलेममा सोह्र वर्ष राज्य गरे।

राजा भएपछि आहाजले मूर्तिपूजामा डुब्न कुनै समय खेर फालेनन्। तिनले दाऊदको सट्टामा इस्राएलका दुष्ट राजाहरूलाई आफ्नो आदर्श बनाए। आहाजले यरूशलेम-

बाहिरको हिन्नोमका छोराको बेंसीमा बाल-बलिको घृणित दस्तुर पुनर्स्थापित गरे। यस दस्तुरअनुसार मोलेकको पूजा गरिन्थ्यो; त्यो पूजा सुलेमानको समयदेखि यता कसैले गरेको थिएन (१ राजाहरू ११:७)। तर अहिले चाहिँ सबै प्रकारका मूर्तिपूजा र सबै प्रकारका घिनलाग्दा कामहरू व्यापक रूपले गरिन्थे र यसो गर्ने प्रोत्साहन दिइन्थ्यो।

**२ इतिहास २८:५-८:** यही कारणले परमप्रभुले यहूदाको विरुद्धमा धेरै शत्रुहरूलाई ल्याइदिनुभयो। यशैयाले हामीलाई के बताउँछन् भने, अरामका राजा रसीन र इस्राएलका राजा पेकह यरूशलेमको विरुद्धमा समबद्ध थिए। तर तिनीहरूले राजधानीलाई जित्न सकेनन्, तर तिनीहरूले यहूदालाई ठूलो हानि गरे। एकै दिनमा इस्राएलीहरूले एक लाख बीस हजार मानिसहरूलाई मारिदिए र दुई लाख मानिसहरूलाई कैद गरेर लगे। यस समयमा धेरै महान् कुलीन र खानदानी व्यक्तिहरू मारिए। अनि त्यही बेलामा, जब आहाज रेसीन र पेकहको चापमा परे, परमेश्वरले आफ्नो अनुग्रहमा इस्राएलको घरानालाई एउटी शुद्ध कन्याद्वारा जन्मन लाग्नुभएको इम्मानुएलको प्रतिज्ञा दिनुभयो (यशैया ७:१४)।

**२ इतिहास २८:९-१५:** इस्राएलीहरूले यहूदाका आफ्ना दाजुभाइहरूलाई दास बनाउन खोजे, जुन कुरा मोशाको व्यवस्थामा मनाही गरिएको थियो। तर परमप्रभुले तिनीहरूकहाँ एकजना भविष्यवक्तालाई पठाउनुभयो, जसले तिनीहरूलाई 'यसो नगर' भन्ने कड़ा चेताउनी दिए; किनकि परमप्रभुको भयङ्कर क्रोध तिनीहरूमाथि परेको थियो। हो, इस्राएल परमेश्वरको न्याय पूरा गर्ने साधन थियो, तर तिनीहरूले काममा लगाएको क्रूरता अनुचित थियो। एप्रैमका केही प्रधानहरूले भविष्यवक्ता ओदेदको कुरामाथि ध्यान दिए र यिनीहरू यी बन्दीहरूलाई रिहा गराउन सफल भए; त्यस बखतमा तिनीहरूले यी कैदीहरूलाई पूर्ण रूपले पहिराइदिए र लुटको मालबाट खुवाएर उनीहरूलाई उनीहरूको देशमा फर्काए।

**२ इतिहास २८:१६-२७:** अनि त्यही समयमा राजा आहाजले एदोम र पलिस्ती देशबाट दुःख पाइरहेका थिए, जुन जातिहरू तिनका पुर्खाहरूले अधीन गरेका थिए। तर आफ्नो दुर्दशामा परमप्रभुकहाँ फर्कनुको सट्टामा आहाज अश्शूरका राजा तिग्लत-पिल्नेसरतिर फर्के। तिनले अश्शूरीहरूलाई मन्दिर र राजभवनबाट सुन लिएर भाड़ामा लिए। तब अश्शूरका राजाले अराममाथि आक्रमण गरे र दमस्कसमा रसीनलाई मारे (२ राजाहरू १६:९)। अनि जब राजा तिग्लत-पिल्नेसरलाई भेट्न दमस्कसमा गए, तब तिनी अरामी देवताहरूसँग मोहित भए (२ राजाहरू १६:८-१०)। अश्शूरका राजासँग आहाजको गठबन्धन महँगो भयो; किनभने अश्शूरले तिनलाई धोका दियो र तिनीबाट भारी कर उठायो। तर अरामका मूर्तिहरूमा भएको तिनको लीनता घातक ठहरियो; किनभने यस कुराले परमप्रभुको ठूलो रिस उठायो। राजा आहाजले यहूदामा मूर्तिपूजाको जग यति बलियो गरी बसाले, कि तिनका छोरा हिजकियाहले मूर्तिपूजा जरैसित उखेल्न सकेनन्। अनि जब आहाजको मृत्यु भयो, तब तिनलाई राजाहरूको कब्रिस्तानमा गाड़िएन।[26] अनि आहाजलाई २८:१९ पदमा 'इस्राएलको राजा' भनिएको छ। कहिलेकाहीं यहूदाका राजाहरूलाई पनि यो नाम दिइएको थियो (२ इतिहास २१:२)।

### ड) २ इतिहास २९-३२: राजा हिजकियाह

**२ इतिहास २९:१-११:** पवित्र बाइबलका केही अध्यायहरूले हिजकियाहको शासनकाल बयान गरेका छन्। राजाहरूको दोस्रो

पुस्तकमा उनको विषयमा तीनवटा अध्यायहरू (२ राजाहरू १८-२० अध्यायहरू) र यशैयाको पुस्तकमा चारवटा अध्यायहरू (यशैया ३६-३९ अध्यायहरू) र यहाँ, यस पुस्तकमा चारवटा अध्यायहरू लेखिएका छन्। राजाहरूको दोस्रो पुस्तकमा देश-विदेशमा उनको राजनीतिक सफलताहरू पेश गरिएका छन् भने, इतिहासको दोस्रो पुस्तकले उनको धार्मिक कारबाहीहरू के-के थिए, सो उल्लेख गरेको छ। अनि दुवै पुस्तकहरूले उनको उत्कृष्ट चरित्र र परमप्रभुप्रतिको उनको ठूलो भक्ति चित्रण गरेका छन्।

राजा हिजकियाहले धर्मगुरुहरूबाट आफ्नो सुधारको काम शुरु गरे। किनकि उनले पूजाहारीहरू र लेवीहरूलाई भेला गरे र उनीहरूलाई 'आफूलाई र मन्दिर शुद्ध गर' भन्ने आदेश दिए। तिनीहरूका पितापुर्खाहरू अविश्वासयोग्य ठहरिएको हुनाले परमप्रभुको क्रोध इस्राएल देशमाथि आइपरेको थियो र धेरै मानिसहरू कि त मारिएका थिए, कि त कैद गरेर लगिएका थिए। यसकारण राजा हिजकियाहले परमेश्‍वरसँग आफ्नो सम्बन्ध सठीक पार्न चाहे; अनि उनले पूजाहारीहरू र लेवीहरूलाई पनि परमप्रभुसित उनीहरूको सम्बन्ध सठीक राख्न आग्रह गरे।

**२ इतिहास २९ः१२-२४ः** यी शुरुका पदहरूमा नाम लिइएका लेवीहरूले राजाको आज्ञा पालन गर्नमा आफ्ना दाजुभाइहरूलाई अग्रसर गरे। पहिले उनीहरूले आठ दिनसम्म परमप्रभुको भवनका चोकहरू सफा गरे (२९ः१८), त्यसपछि उनीहरूले आठ दिन-सम्म परमप्रभुको भवन नै शुद्ध पारे (२९ः१७)। त्यसपछि उनीहरूले मन्दिरको सेवाको लागि चाहिएका भाँड़ाकुँड़ाहरू मिलाए, र त्यसपछि उनीहरूले राजा हिजकियाहलाई सबै कुराहरू उनको वचन-अनुसार पूरा गरिएको खबर दिए। तब हिजकियाहले राज्यको निम्ति पापबलि चढ़ाए। त्यसपछि यी पापबलि र होम-बलिहरूको रगत वेदी शुद्ध पार्नको लागि प्रयोग गरियो।

**२ इतिहास २९ः२५-३६ः** पूजाहारीहरू र लेवीहरू दाऊदको पालोमा तोकिएअनुसार आ-आफ्नो ठाउँमा खड़ा भए; अनि होमबलि चढ़ाइरहुन्जेल उनीहरूले भजन गाउँदैथिए र पवित्र बाजाहरू बजाउँदैथिए। त्यहाँ उपस्थित भएका सबैजनाले लेवीहरू लगायत परमप्रभुको सामु दण्डवत् गरे, अनि इच्छुक हुनेहरूले होमबलि र धन्यवादका बलिहरू चढ़ाए। यी स्वेच्छा दानहरू यति धेरै भएको हुनाले लेवीहरूले पूजाहारीहरूलाई बलि-पशुहरू मार्न मद्दत गर्नुपरेको थियो; किनभने पर्याप्त पूजाहारीहरूले आफूलाई पवित्र पारेका थिएनन्। हिजकियाह र उनको प्रजा आनन्दित भए; किनकि यो जागृति अचानक भएको थियो, अनि यस जागृतिबाट यहूदाको भविष्य उज्यालो हुने आशाको किरण चम्केको थियो। तर यो त हिजकियाहका धर्म-सुधार-हरूको शुरुवात मात्र भएको थियो।

**२ इतिहास ३०ः१-५ः** तीस अध्यायको सन्दर्भ हिजकियाहले पुनर्स्थापना गरेको निस्तार चाड़ हो। राज्य विभाजन हुनुभन्दा अघिदेखि निस्तार चाड़ यस प्रकारले मनाइएको थिएन (२ इतिहास ८ः१३)।

पहिलो महिनामा राजा हिजसियाहले परमप्रभुको भवन शुद्ध पारेका र त्यसका सेवाहरू पुनर्स्थापना गरेका थिए। अनि दोस्रो महिनामा उनले निस्तार चाड़ र अखमिरी रोटीहरूको चाड़ मनाउन तयारी गरे। गन्ती ९ः११ पदअनुसार मृत शरीर छोएको खण्डमा कसैले आफूलाई अशुद्ध पार्‍यो भने, अथवा मानिसहरू टाढ़ा यात्रामा भए भने तिनीहरूले निस्तार चाड़ दोस्रो महिनामा मनाउन सक्नेथिए। अनि हिजकियाहको सम्बन्धमा कुरा यस्तो थियोः पहिलो महिनामा अर्थात् नियमित समयमा निस्तार चाड़ मनाउन

सम्भव भएन; किनभने पर्याप्त मात्रामा पूजाहारीहरूले आफूलाई पवित्र पारेका थिएनन् (३०:३)। निस्तार चाड़ एउटा राष्ट्रिय चाड़ भएको हुनाले सारा देशका मानिसहरूलाई निमन्त्रणा दिनुपर्‍यो। यसकारण मानिसहरूलाई यरूशलेममा आउने अनुरोध गर्न यहूदा र इस्राएलभरि सन्देश-वाहकहरू पठाइए। त्यस बेलासम्म इस्राएल अश्शूरको एक प्रान्त भइसकेको थियो र त्यसका धेरै मानिसहरू कैद गरेर लगिएका थिए। तर अश्शूरीहरूको विरोध नउठाईकन हिजकियाह बाँकी इस्राएलीहरूलाई निम्तो दिन सफल भए।

**२ इतिहास ३०:६-१२:** तर धेरैजसो इस्राएलीहरूले तिनीहरूलाई परमप्रभुकहाँ फर्कने आग्रह गर्ने सन्देशवाहकहरूको खिल्ली उड़ाए। तर बाँकी रहेको भागको सानो अंश मानिसहरूले पश्चात्ताप गरे र हिजकियाहको शासनकालको पहिलो वर्षमा अर्थात् ख्रीष्टपूर्व ७१६-७१५ सालमा निस्तार चाड़ मनाउन यरूशलेमको यात्रा गरे (२ इतिहास २९:३)।

**२ इतिहास ३०:१३-१५:** मानिसहरूको जोशले पूजाहारीहरू र लेवीहरूलाई लाजमा पार्‍यो; यसकारण उनीहरू जागे र आफ्ना कर्तव्यहरूमा बढ़ी गम्भीर भए। यरूशलेम शहर मूर्तिको सबै फोहोरबाट शुद्ध पारियो, र मूर्तिपूजाको सम्झना गराउने एक-एक अवशेष किद्रोन खोल्सामा फ्याँकियो।

**२ इतिहास ३०:१६-२७:** अनि लेवी-हरूले औपचारिक रूपमा अशुद्ध भएका-हरूलाई सहायता गरे; अनि परमप्रभुले निस्तार चाड़ मनाउनमा हुन गएका अनियमितताहरू बेवास्ता गरून् र मानिस-हरूको हृदयको सद्भावना ग्रहण गरिदिऊन् भनेर हिजकियाहले प्रार्थना गरे। अनि परमप्रभुले त्यस्तै गर्नुभयो। अखमिरी रोटी-हरूको चाड़ सबैको लागि यति आनन्दमय उत्सव भयो, कि तिनीहरूले यो अझ सात दिन मनाउने निर्णय गरे। राजा हिजकियाह र शासकहरूले समय बढ़ाइएको यस चाड़को लागि बलि-पशुहरू दान गरे, र यरूशलेममा ठूलो रमाहट भयो। सभामा उपस्थित भएका सबै मानिसहरूले आशिष पाए। सबै कुराहरू फेरि एक पल्ट इस्राएलको सुनौलो युगमा भएझैं भए। अनि परमप्रभुका पूजाहारीहरूको प्रार्थनाको सुनाइ फेरि एक पल्ट स्वर्गमा भएको थियो।

**२ इतिहास ३१:१:** यस अध्यायको पहिलो पदको जोड़ी अघिल्लो अध्यायको अन्तिम पद हो। किनकि जब इस्राएलका मानिसहरू यरूशलेमबाट बिदा भए, तब तिनीहरूले यहूदा र बिन्यामिनमा, साथै एप्रैम र मनस्सेमा सबै मूर्तिहरू र मूर्तिहरूका थानहरू पूरा रूपले नष्ट गरिदिए, त्यसपछि मानिसहरू आ-आफ्नो घरमा फर्के।

**२ इतिहास ३१:२-१०:** अनि हिजकियाहले अब पूजाहारीहरू र लेवी-हरूलाई उनीहरूको आ-आफ्नो कार्यभार सुम्पे, त्यसपछि उनले उनीहरूको जीविकाको लागि दसांशद्वारा व्यवस्था गरिदिए। मानिस-हरूले यति उदारतापूर्वक दिए, कि पूजाहारी र लेवीहरूले तृप्त हुने गरी खाना पाए, र थुप्रै उब्रेको पनि थियो।

**२ इतिहास ३१:११-१९:** उब्रेको धनराशी राख्न परमप्रभुको भवनमा विशेष कोठाहरू छुट्ट्याउनुपरेको थियो, र सुयोग्य मानिसहरू यस धनराशीमाथि नियुक्त गरिए। यिनीहरूको एक-एक नाम सूचिबद्ध गरियो, जसबाट बुझिन्छ कि परमेश्वरको सेवा गर्ने हरेक व्यक्तिलाई परमेश्वरले ख्याल गर्नुहुँदो रहेछ।

नयाँ नियमअन्तर्गत दसांश दिने कुनै आज्ञा छैन, तर कस्तो चलन र शिक्षा छ भने, हामीले नियमित रूपले दिनुपर्छ र कमाइको अनुपात-अनुसार दिनुपर्छ।

**२ इतिहास ३१:२०-२१:** यस अध्यायको अन्तमा हिजकियाहको सराहना गरिएको छ।

उनले परमेश्वरको लागि जेजति गरे, त्यो सबै उनले आफ्नो सम्पूर्ण तनमनले गरे। तब समृद्ध हुनु किन नहुने र ?

**२ इतिहास ३२ः१-८ः** अघि अश्शूरीहरूले उत्तरीय कुलहरूलाई कैद गरेर लगे (२ राजाहरू १७), अनि अब तिनीहरूले यहूदासित पनि त्यही गर्न खोजे। हिजकियाहले अघि अश्शूरका राजा सनहेरिबलाई कर तिरेका थिए (२ राजाहरू १८ः१३-१६); तर अब आफ्नो राज्य पनि आत्मसमर्णन गर्न उनी कड़ा दबाउमा परेका थिए।

अनि जब सनहेरिबले यहूदामाथि आक्रमण गरे, तब हिजकियाहले शहर-बाहिरको पानीका सबै स्रोतहरू बन्द गरे अनि यरूशलेमको पर्खाल उठाए र मर्मत गरे, साथै हतियारहरूको प्रबन्ध गरे र अफिसरहरूलाई नियुक्त गरे र मानिसहरूलाई अश्शूरीहरूको सेनासँग नडराउनू, तर बरु परमप्रभुतिर हेर्नू भनेर प्रोत्साहन दिए। यस सम्बन्धमा श्री जी. क्याम्पबेल मोर्गनले यसो लेखेका छन्ः

> 'परमेश्वरका सेवकको विश्वासयोग्यताको खातिर उहाँले यस क्षणमा एउटा शक्तिशाली शत्रुलाई उनको राज्य आक्रमण गर्न लगाउनु हाम्रो आँखामा एउटा अनौठो प्रतिफल हुनेथियो। तर यो वृत्तान्त बुझ्नु हो भने, हामीले यहाँ, यस ठाउँमा लेखिएको भन्दा बढ़ी जानकारी पाउनुपर्छ। अनि यो जानकारी हामी २ राजाहरू १८ः७-१६ पदको खण्डमा पाउँछौं। त्यस खण्डबाट के बुझिन्छ भने, हिजकियाहले अश्शूरका राजाको जुवा फ्याँकिदिएका थिए, जुन जुवा उनका बुबा आहाज बोक्न राजी भएका थिए। तब सनहेरिबले यहूदामाथि आक्रमण गरे। अनि कमजोर भएको अवस्थामा हिजकियाहले तिनलाई एउटा भारी कर तिरेका थिए, र तिनलाई खुशी तुल्याउन फेरि तिनको शासन-अधिकार आफूमाथि स्वीकार गरे। तर यसको नतिजा चाहेजस्तै भएन; किनकि सनहेरिबले उनीबाट अब विनासर्तको आत्मसमर्पण माग गरे। तर उनको दोधारले गर्दा उनीमाथि आइपरेको यस सङ्कष्टको घड़ीमा उनको विश्वास र साहस फेरि जागृत भयो। अनि उनले तुरुन्तै शत्रुलाई लज्जित पार्न निम्न कारबाही गरेः उनले पानीका स्रोतहरू बन्द गरे, पर्खाल र बुर्जहरू बलियो बनाए, आफ्नो सेना परिचालन गरे र अन्तमा आफ्नो प्रजालाई यसो भन्दै आश्वासन दिएः "त्यससँग भएकाहरूभन्दा हामीसँग भएकाहरू बढ़ी छन्।" ' 27)

**२ इतिहास ३२ः९-१९ः** लाकीश शहर घेराबन्दी गरिरहेको बेलामा अश्शूरका राजाले हिजकियाह र उनका मानिसहरूसित ठट्टा गरे, उपहास गरे। तिनको विचारमा, परमप्रभु अरू देवीदेवताहरूभन्दा शक्तिशाली हुनुहुन्नथियो, जुन देवीदेवताहरू तिनले कब्जा गरेका थिए। यसकारण हिजकियाहको कुरा नसुन्नु, तर आफूलाई आत्मसमर्पण गर्नु तिनको सुझाउअनुसार तिनीहरूको निम्ति बुद्धिको कुरा ठहरिनेथियो। बाह्र पदअनुसार अश्शूरीहरूले हिजकियाहका सुधारहरूको विषयमा सुनेका हुनुपर्छ। तर सनहेरिबले दुईवटा कुराहरू विचारै गर्दैनथिएः राजा हिजकियाहप्रति मानिसहरूको विश्वासयोग्यता र परमप्रभुको महान् शक्ति।

**२ इतिहास ३२ः२०-२३ः** यसकारण सनहेरिबले परमप्रभुको उपहास पनि गरे। तर हिजकियाह र यशैयाले प्रार्थनामा सहारा लिए; अनि परमप्रभुले अश्शूरको सेनालाई खतम पार्न आफ्नो स्वर्गदूतलाई पठाउनुभयो। सनहेरिब साह्रै लज्जित भए र घर फर्के, अनि पछि तिनकै देवताको मन्दिरमा तिनका छोराहरूले तिनको हत्या गरिदिए।

**२ इतिहास ३२ः२४-२६ः** हाम्रो विचारमा, हिजकियाह बिरामी भएको र निको भएको कुरा सनहेरिबले यरूशलेम घेराबन्दी गरेको समयभन्दा अघि भएको हुनुपर्ला। आफू

बिरामी भएको बेलामा उनले परमप्रभुलाई पुकारेका थिए र उहाँले उनको जीवनको आयु बढ़ाइदिन्छु भन्ने प्रतिज्ञा गर्नुभएको थियो। उनी निको हुनेछन् भन्ने कुरा पक्का गराउन सूर्य पछाड़ि सरेको चिन्ह दिइएको थियो। तर जब परमप्रभुले उनलाई देखाउनुभएको यस कृपा-प्रति उनले उचित प्रतिक्रिया दिन सकेनन्, तब परमप्रभु उनीसँग रिसाउनुभयो, तर उनले आफूलाई नम्र तुल्याएको हुनाले उनको मृत्यु-पछिसम्म यहूदामाथि दण्ड आइपरेन।

**२ इतिहास ३२ः२७-३०ः** हिजकियाहको धेरै धनसम्पत्ति र ठूलो सम्मानको विषयमा यहाँ उल्लेख गरिएको छ, साथै उनले किद्रोन खोलाको बेंसीमा भएको मुहानबाट यरूशलेमभित्रको पोखरीमा पानी ल्याउन उनले निर्माण गरेको सुरुङ्गको बारेमा विशेष गरेर उल्लेख गरिएको छ। (यस पानीको सुरुङ्गको बारेमा बढ़ी जानकारी चाहेमा २ राजाहरू २०ः२० पद हेर्नुहोस्)।

**२ इतिहास ३२ः३१ः** अनि बेबिलोनबाट राजदूतहरू आए, किनकि तिनीहरू परमेश्‍वरले हिजकियाहलाई दिनुभएको आकाशीय अचम्मको कामको विषयमा पूरा उत्सुक थिए। तिनीहरू सूर्य र तारागणको पूजा गर्ने मानिसहरू भएका हुनाले यस अलौकिक चिन्हप्रति विशेष चासो राखे। अनि राजा हिजकियाहले मूर्खतापूर्वक तिनीहरूलाई आफ्ना भण्डारहरू खोलेर आफ्नो धनसम्पत्ति देखाए र तिनीहरूमा त्यसप्रति तिनीहरूको लोभलालच जगाए, तिनीहरूको जुन लोभ-लालच चाँड़ै पूरा हुनेथियो।

**२ इतिहास ३२ः३२-३३ः** हिजकियाहका बाँकी कार्यहरू यशैयाको पुस्तकमा लेखिएका छन्। जब हिजकियाहको मृत्यु भयो, तब उनलाई पूर्ण सम्मानको साथ दफन गरियो। अनि उनको स्थानमा उनका छोरा मनस्सेले राज्य गरे।

**ढ) २ इतिहास ३३ः१-२०ः राजा मनस्से**

**२ इतिहास ३३ः१-११ः** यति भक्त बुबा भए तापनि यहूदामा मनस्सेको सबैभन्दा खराब शासन थियो। अनि तिनको शासनकाल सबैभन्दा लामो पनि थियो, अर्थात् पचपन्न वर्षको थियो। अनि मनस्सेका पापहरूको सूचि धेरै लामो छ। तिनले आफ्ना मूर्तिहरूद्वारा परमेश्‍वरको शहर र परमप्रभुको भवन अशुद्ध पारे र हिन्नोमका छोराको बेंसीमा मोलेकको निम्ति बालबालिकाहरूलाई होम गर्ने प्रथा पुनर्स्थापित गरे। तिनी कट्टर हत्यारा थिए (२ राजाहरू २१ः१६)। श्री फ्लावियस योसेफसले के भन्छन् भने, तिनको पालोमा दैनिक रूपले मृत्युदण्ड दिइन्थ्यो। अनि परम्पराको कुरा विश्‍वास गर्नु हो भने, तिनले भविष्यवक्ता यशैयालाई आराले दुई भाग पारेर मारेका थिए अरे। (हिब्रू ११ः३७ पदमा 'आराले चिरिए' भन्ने सन्दर्भ यस परम्पराको कुरा हुन सक्छ)। जब मनस्सेले परमप्रभुको कुरा सुन्न इन्कार गरे, र तिनी आफ्नो दुष्टता-बाट फर्केनन्, तब परमप्रभुले अश्शूरका राजालाई उत्प्रेरित गर्नुभयो, जसले तिनलाई बेबिलोनमा लगे। बेबिलोनचाहिँ त्यस बेलामा अश्शूरको अधीनतामा थियो।

**२ इतिहास ३३ः१२-२०ः** इतिहासको दोस्रो पुस्तकले मात्र मनस्सेले पश्‍चात्ताप गरेको कुरा उल्लेख गरेको छ। (३३ः१८ पदमा 'इस्राएलका राजाहरूको पुस्तक' भन्नाले हामीले बाइबलअन्तर्गत राजाहरूका पुस्तक-हरू सम्झनुहुँदैन, तर कुनै हराएको इतिहासको सरकारी अभिलेख बुझ्नुपर्छ)। वर्षौंसम्म हरेक किसिमको घृणित मूर्तिको सेवा गरिसकेपछि मनस्सेले 'परमप्रभु नै परमेश्‍वर हुनुहुन्छ' भन्ने कुरा थाहा पाए र तिनी परमप्रभुकहाँ फर्के। मानिसहरूलाई परमप्रभुप्रति विश्‍वासयोग्य हुन तुल्याउन र

आफ्नो राज्यबाट मूर्तिपूजा हटाउन तिनले सकभर सबै गरे। अनि ३३:१७ पदमा उल्लेख गरिएका 'उच्च स्थानहरू' यरूशलेम-बाट टाढ़ा रहेका डाँड़ाका थानहरू हुन्थे, जहाँ केवल परमप्रभुको निम्ति बलि चढ़ाइन्थ्यो। व्यवस्थाद्वारा यो मनाही गरिएको थियो, तर जसरी भए पनि यो कुप्रथाले निरन्तरता पाइरह्यो।

### ण) २ इतिहास ३३:२१-२५: राजा आमोन

अनि मनस्सेको मृत्युपछि तिनको छोराले तिनको सुधारको देखासिकी गरेनन्, तर तिनका विगत पापहरूको पो देखासिकी गरे। युवा राजा आमोनको शासनकाल दुई वर्ष मात्र रह्यो; किनकि उनको घरमा उनका सेवकहरूले उनको हत्या गरे। त्यसपछि देशका मानिसहरूले आमोनका हत्यारा-हरूलाई मृत्युदण्ड दिए र उनको सट्टामा उनको छोरा योसियाहलाई नियुक्त गरे।

### त) २ इतिहास ३४-३५: राजा योसियाह

**२ इतिहास ३४:१-७:** अनि जुन वेदीहरू मनस्सेले यरूशलेम शहरबाट हटाएका थिए (३३:१५), ती वेदीहरू आमोन र उनको प्रजाले फिर्ता ल्याएका थिए। तर आफ्नो शासनकालको आठौं वर्षमा किशोर राजा योसियाहले आफ्ना बाजे दाऊदको परमेश्वरको खोजी गर्न थाले। अनि त्यसको चार वर्षपछि तिनले आफ्नो सुधारका कामहरू शुरु गरे। योसियाहले उही गल्ती फेरि दोहोरिनेछैन भन्ने कुरा सुनिश्चित गरे; यसकारण तिनले मूर्तिपूजासँग सम्बन्धित भएका सबै चीजहरू पूरा रूपले नष्ट गरिदिए र कि त ती थोकहरू जलाइदिए कि त धूलोपीठो पारिदिए। तिनले आफ्नो सुधार इस्राएलको कुनाकाप्चासम्म फैलाए।

**२ इतिहास ३४:८-१८:** अनि तिनीभन्दा अघिका सबै महान् सुधारकहरूले जस्तै तिनले पनि चाँड़ै परमप्रभुको भवनको मर्मतमाथि ध्यान दिए। अनि यसको सिलसिलामा व्यवस्थाको पुस्तकको प्रतिलिपि फेला पर्‍यो र राजाको सुनाइमा पढ़ेर सुनाइयो। यसकारण बुझ्नुहोस्: साँचो विश्‍वासको हरेक ठूलो वा सानो जागृतिचाहिँ परमेश्‍वरको वचनको शिक्षाको पुनर्प्राप्तिबाट शुरु हुन्छ। इस्वी संवत् सोह्रौं शताब्दीको महान् धर्मसुधार यस कुराको अपवाद पनि होइन।

**२ इतिहास ३४:१९-२८:** योसियाहले परमेश्‍वरको वचनका यी चेताउनीहरू गम्भीरताको साथ लिए र मानिसहरूलाई भविष्यवक्तिनी हुल्दाकहाँ पठाए। के तिनको देश र प्रजाको निम्ति अझै पनि कृपा पाउने आशा थियो कि? हो, परमेश्‍वरको क्रोध आउन लागेको थियो। हुल्दाका वचनहरूले यो कुरा पुष्टि गरे। तर योसियाह यहूदामाथि आइपरेको विपत्तिको कुदिन देख्नबाट जोगिने भए; किनभने तिनको हृदय कोमल थियो र तिनले आफैलाई नम्र तुल्याए र परमप्रभुको वचनमाथि विश्‍वास गरे।

**२ इतिहास ३४:२९-३२:** इस्राएलमाथि आइपर्ने न्याय नभई नहुने कुरा रहेछ भनेर थाहा भए तापनि योसियाहले मानिसहरूलाई भेला गरे र तिनीहरूको साथमा परमप्रभुसँग एउटा करार बाँधे। तिनले परमेश्‍वरको वचन मानिसहरूलाई यस हेतुले सुनाए, कि तिनीहरूले आफ्नो अवस्था कति सिकिस्त, कति गम्भीर हुँदो रहेछ, सो बुझ्न सकून् र पश्‍चात्ताप गर्नको निम्ति आफ्नो गहन आवश्यकता देख्न सकून्।

**२ इतिहास ३४:३३:** तिनको बलियो नेतृत्वले गर्दा तिनी आफ्नो जीवनभरि प्रजाको बीचमा परमप्रभुप्रति विश्‍वासयोग्य हुनुपर्ने भावना कायम राख्न र बढ़ाउन सक्षम भए। अनि ३४:३३ पदमा पेश गरिएका सामग्रीहरू

२ राजाहरू २३:४-२० पदको खण्डमा धेरै विस्तृत रूपले वक्त गरिएका छन्। व्यवस्था फेला परेपछि जुन धर्मसुधार र जुन करार बाँध्ने काम यहूदामा भयो, त्यो धर्मसुधार र त्यो करार-बँधाइचाहिँ योसियाहको राज्यको पहिलो शुद्धीकरणभन्दा अझ पनि सम्पूर्ण थियो।

**२ इतिहास ३५:१-६:** अघि राजा हिजकियाहले गरेझैं योसियाहले पूजाहारीहरू र लेवीहरूलाई उनीहरूको निर्धारित सेवा पूरा गर्न प्रोत्साहन दिए। उनीहरूले पवित्र सन्दुक फेरि परमप्रभुको भवनमा राख्नुपरेको थियो, आ-आफ्नो दलअनुसार सेवा गर्न फेरि सुव्यवस्थित हुनुपरेको थियो, मन्दिरमा आफ्नो स्थान लिनुपरेको थियो, र शुद्ध भई निस्तार चाड़ मनाउन तयार हुनुपरेको थियो।

परमप्रभुको सन्दुक मन्दिरबाट हटाइएको र अहिले फेरि राखिएको कुराको सम्बन्धमा विभिन्न सुझाउहरू पाइन्छन्, जस्तैः **क)** पूजाहारीहरूले यो सन्दुक अशुद्ध हुनदेखि जोगाउन ठाउँ-ठाउँमा आफ्नो काँधमा बोकेका सम्भव छ। **ख)** हुन सक्छ, मनस्से वा अरू कुनै मूर्तिपूजक राजाले यो सन्दुक हटाउने आदेश दिए होलान्। **ग)** हुन सक्छ, मन्दिरको मर्मत हुँदा राजा योसियाहले यो कुनै अन्य ठाउँमा राखे होलान्

**२ इतिहास ३५:७-१९:** अश्शूरीहरूको कारणले देश गरिब भएको हुनाले योसियाहले निस्तार चाड़को लागि धेरैजसो बलि-पशुहरू उपलब्ध गराए, साथै शासकहरूले र पूजाहारीहरूले सकभर धेरै पशुहरू दान गरे। अनि अब निस्तार चाड़ र अखमिरी रोटीहरूको चाड़ मोशाको व्यवस्थाका पवित्र विधिहरूअनुसार लेखिएको जस्तैको त्यस्तै पालन गरिए। प्रशंसाका गीतहरूको साथमा राजा योसियाह र तिनका जनहरूले शमूएलका दिनहरूदेखि यताको सबैभन्दा उल्लेखनीय निस्तार चाड़ मनाए। यो निस्तार चाड़ सबैभन्दा ठूलो त थिएन, सबैभन्दा भव्य पनि थिएन, तर यो निस्तार चाड़ परमप्रभुलाई साह्रै मन पर्‍यो; हुन सक्छ, यसको आराधना गराइको उच्च स्तरको कारणले होला कि ? यो निस्तार चाड़ मनाइएको वर्ष र मन्दिरको ठूलो जीर्णोद्धारको कार्य गरिएको वर्ष उही वर्ष थियो (२ इतिहास ३५:१९ र ३४:८ देखि यताका पदहरू तुलना गर्नुहोस्)।

**२ इतिहास ३५:२०-२४:** योसियाहको शासनकालका आउँदा तेह्र वर्षको बारेमा केही पनि उल्लेख गरिएको छैन। तिनी मिस्र देशका राजा नेकोसँग लड़ाइँ गर्न गएको बेलामा तिनको उमेर उनन्तीस वर्षको थियो। मिस्री सेनाचाहिँ अश्शूरीहरूलाई बेबिलोनी-हरूको विरुद्धमा लड़ाइँमा साथ दिन बाटोमा लागेको थियो (२ राजाहरू २३:२९)। नेकोका गतिविधिहरूले परमेश्वरको स्वीकृति र मान्यता पाए जस्तो योसियाहलाई लागेन, अनि फाराओका शब्दहरू साँचो हुन् कि होइनन्, सो कुरा पत्ता लगाउन तिनले परमप्रभुको मुखबाट सोधखोज पनि गरेनन्। तिनले आफ्नो भेष बदल्न त बदले, तर तिनी लड़ाइँमा मारिए।[28)] तिनको प्रजाले तिनको मृत्युरूपी हानिमा धेरै शोक गरे; अनि परमप्रभुको वचनमा विश्वास गर्नेहरूलाई थाहा थियो, कि योसियाहको मृत्यु हुनासाथ परमेश्वरको क्रोध नजिकै आइपुगेको थियो (२ इतिहास ३४:२२-२८)। यी घटना-हरूको विषयमा श्री जोह्न ह्विटकोम्बले निम्न टिप्पणी गरेका छन्:

'मेरो विचारमा, हामी यहाँ पुरानो नियमको इतिहासमा सबैभन्दा अनौठा घटनाहरूमध्ये एउटैमा आइपुग्यौं। मिस्र देशका अन्यजाति राजा द्वितीय नेकोले योसियाहलाई के भने भने, "परमेश्वरले मलाई हतार गर्ने आज्ञा गर्नुभएको हो, र उहाँको काममा हात हाल्नदेखि आफूलाई रोक, नत्रता उहाँले तिमीलाई नाश गर्नुहुनेछ" (२ इतिहास ३५:२१)। अनि इतिहासको

पुस्तक लेख्ने लेखकले "तिनले परमेश्वरको मुखबाट निस्केका नेकाका वचनहरूमाथि ध्यान दिएनन्" भन्ने जानकारी नदिएका भए हामी तुरुन्तै तिनका शब्दहरू "तिनले अवश्य आफ्नै प्रचार गरेको हुनुपर्ला" भनेर यो कुरा काट्ने-थियौं ! नेकोको कुरा हामीले विश्वास गर्नुपर्छ, किनभने योसियाह मारिए। यसको मतलब के हो ? के योसियाहले आफ्नो अनाज्ञाकारिताको खातिर आफ्नो मुक्ति गुमाए त ? होइन नि ! किनकि भविष्यवक्तिनी हुल्दाले "तिमी शान्ति-सित मर्नेछौ" भनेर भविष्यवाणी कहेकी थिइन् (२ इतिहास ३४ : २८)। तब के फाराओ नेको परमप्रभुका भविष्यवक्ता थिए त ? त्यो पनि होइन; किनकि परमेश्वरले विभिन्न समयहरूमा सीधै अन्यजातिका राजाहरूसँग बोल्नुभयो; यसको निम्ति तिनीहरूको हृदय परिवर्तन हुनुपरेको थिएन (उत्पत्ति १२ : १७-२० र २० : ३-७)। यसकारण निष्कर्षमा आइपुगेर हामी यति भनौंः परमेश्वरले मिस्री सेनालाई यूफ्रेटिस नदीमा ल्याउन खोज्नुभएको हो, यस हेतुले कि बेबिलोनका राजा नबूकद्नेस्सरले मिस्रको सेना अश्शूरको सेनाको साथमा नाश गर्न सकून्। अनि यसरी नै उहाँको पूर्व-चेताउनी पूरा भयो; किनकि एक दिन बेबिलोनीहरूले यहूदालाई जित्नेथिए र ताड़ना दिनेथिए (यर्मिया २५ : ८-११)।' 29)

**२ इतिहास ३५ : २५-२७ :** भविष्यवक्ता यर्मियाले योसियाहको निम्ति शोक गरे; अनि गायकहरूले बेबिलोनको निर्वासनबाट फर्केर आएपछि तिनलाई अझै पनि सम्झे। योसियाहको निम्ति एउटै मात्र पुस्तक थियो, पवित्र बाइबल। तिनी परमप्रभुको व्यवस्था-अनुसार जिउने गर्थे; अनि तिनको विश्वास-योग्यताको विषयमा परमप्रभुको वचनमा सदाको लागि लेखिएको छ। किनकि यर्मिया २२ : १६ पदमा हामी यसरी पढ्छौं, *'तिनले गरिब र दरिद्रको मुद्दा लड़िदिए, यसैले तिनको भलाइ भयो; के यही नै मलाई चिन्नु होइन र ? परमप्रभु भन्नुहुन्छ।'* योसियाहले आफ्नो जीवनद्वारा परमेश्वरलाई चिनेको प्रमाण दिए। तिनले कलिलो उमेरमा परमप्रभुको खोजी गर्न शुरु गरे (३४ : ३)। अनि तिनले जेजति प्रकाश पाउँथे, तिनले यो प्राप्त गरेको प्रकाश होशियारीसाथ पालना गर्ने गर्थे। *'अनि तिनीभन्दा अघि मोशाको व्यवस्थाअनुसार आफ्नो सम्पूर्ण हृदयले, आफ्नो सम्पूर्ण प्राणले र आफ्नो सम्पूर्ण शक्तिले परमप्रभुतर्फ फर्कने तिनीजस्तो अरू कोही राजा भएनन्, न ता तिनीपछि तिनीजस्तै कोही उठे'* (२ राजाहरू २३ : २५)।

**थ) २ इतिहास ३६ : १-३ : राजा यहोआहाज**

यहूदाको कैदचाहिँ केही चरणहरू पूरा भयो। किनकि ख्रीष्टपूर्व ६०५ सालमा नबूकद्नेस्सरले यरूशलेममा प्रवेश गरे, र यहोयाकिमलाई आफ्नो कठपुतली राजा तुल्याए। त्यस बेलामा तिनले कैदीहरूलाई, अँ, दानियललाई समेत बेबिलोनमा लगे (२ राजाहरू २४ : १)। अनि ख्रीष्टपूर्व ५९७ सालमा नबूकद्नेस्सरले फेरि यरूशलेममाथि आक्रमण गरे, र यहोयाकिनको साथमा अन्य कैदीहरूलाई लगे। इजकिएल पनि तिनी-हरूको बीचमा थिए (२ राजाहरू २४ : १०)। अनि अन्तमा ख्रीष्टपूर्व ५८६ सालमा नबूकद्नेस्सरले परमप्रभुको भवन ध्वस्त पारे र गरिब मानिसहरूलाई छोड़ेर अरू सबै मानिसहरूलाई कैद गरेर लगे (२ राजाहरू २५ : १-१०)।

तर यहोआहाजले केवल तीन महिना राज्य गरे, त्यसपछि मिस्र देशका राजाले उनको पदच्युत गरे र यहूदालाई भारी कर तिर्न लगाए। यहोआहाज एक दुष्ट मानिस थिए; उनी आफ्ना बुबा योसियाहजस्ता अलिकति थिएनन् (२ राजाहरू २३ : ३१-३४)। उनलाई कैद गरेर मिस्र देशमा लगियो, जहाँ उनको मृत्यु पनि भयो।

**द) २ इतिहास ३६:४-८: राजा यहोयाकिम**

एल्याकिम यहोआजका दाजु थिए। एल्याकिमको अर्को नाम यहोयाकिम थियो। मिस्र देशका राजा नेकोले उनलाई सिंहासन-माथि बसाए। उनको एघार गर्षको शासन-काल दुष्टताले भरिएको थियो; अनि बेबिलोनका राजा नबूकद्नेस्सर जसले ख्रीष्टपूर्व ६०५ सालमा मन्दिरलाई लुटे, तिनले उनको शासन समाप्त गरे। नबूकद्नेस्सरले यहोयाकिमलाई बेबिलोनमा लैजाने इच्छा गरे, तर तिनले यसो गरेनन्। इतिहासको पुस्तकको लेखकले हामीलाई यो जानकारी दिएनन्, तर हामीलाई थाहा छ, कि यहोयाकिमचाहिँ यरूशलेममा नै एउटा शर्मलाग्दो मृत्यु मर्नुपर्‍यो, जसरी यर्मियाले भविष्यवाणी गरेका थिए (यर्मिया २२:१९ र ३६:३०)।

**ध) २ इतिहास ३६:९-१०: राजा यहोयाकिन**

राजा हुने बेलामा यहोयाकिन अठार वर्षका थिए[30)]। तीन महिना र दस दिन यहोयाकिनको छोटो शासन थियो, त्यसपछि तिनले यरूशलेमलाई आत्मसमर्पण गरे र आफ्नो जीवनको आउँदा सैंतीस वर्षहरू बेबिलोनको झ्यालखानामा बिताए। नबूकद्नेस्सरको मृत्युपछि तिनको रिहा भयो र तिनी सम्मानको स्थानमा उचालिए (२ राजाहरू २५:२७-३०)।

**न) २ इतिहास ३६:११-१९: राजा सिद्कियाह**

सिद्कियाह, जसको अर्को नाम मत्तन्याह थियो, उनी योसियाहको अर्का छोरा थिए। अनि जब यहोयाकिन बेबिलोनी-हरूप्रति अविश्वासी भए, तब तिनीहरूले सिद्कियाहलाई तिनको उत्तराधिकारीको रूपमा चुने। सिद्कियाहले दुष्ट काम गरे र आफूलाई भविष्यवक्ता यर्मियाको सामु नम्र पार्न इन्कार गरे। उनले नबूकद्नेस्सरसित खाएको शपथ पनि तोड़े र विद्रोह गरे। अठार महिनासम्म यरूशलेम भयानक घेराबन्दीमा पर्‍यो। अनि जब ख्रीष्टपूर्व ५८६ सालमा बेबिलोनीहरूले यरूशलेम शहर कब्जा गरे, तब तिनीहरूले त्यो शहर र परमप्रभुको भवन नष्ट गरे। त्यसपछि तिनीहरूले देशका गरिबहरूलाई छोड़ेर अरू सबै मानिसहरूलाई कैद गरेर निर्वासनमा लगे।

## खण्ड ४

# २ इतिहास ३६:२०-२१:

## बेबिलोनको कैद

चार सय नब्बे वर्षसम्म यहूदीहरूले विश्रामको वर्ष मान्दैनथिए; तर अब तिनी-हरूको देशले सत्तरी वर्षसम्म जबरजस्ती विश्रामदिन मान्नुपर्नेथियो। यो सत्तरी वर्ष लागेको कैदको समय गणना गर्ने विभिन्न तिरकाहरू छन्, जसको विषयमा एज्राको पुस्तकको टिप्पणीको भूमिकामा हेर्नुहोस्!

## खण्ड ५

# २ इतिहास ३६:२२-२३:

## फारसका राजा कोरेसको उर्दी

यहूदाका मानिसहरू कैदमा भएको बेलामा मादी-फारसको संयुक्त राज्यले

बेबिलोनलाई जित्यो । अनि यहूदीहरूको कैद भएको सत्तरी वर्षपछि फारसका राजा कोरेसले तिनीहरूको विषयमा उर्दी गरे र तिनीहरूलाई आफ्नो देशमा फर्कन अनुमति दिए ।

हिब्रू पुरानो नियमका पुस्तकहरूको क्रमअनुसार इतिहासका पुस्तकहरू अन्तिममा राखिएका छन् । यस कुरामाथि ध्यान दिन लायकको छ । किनकि मलाकी ४:६ पदअनुसार पुरानो नियम 'श्रापले हिर्काउनेछु' भनेर समाप्त गर्नुको सट्टामा यहूदीहरूको बाइबल निम्न सकरात्मक र उत्साहजनक टिप्पणीको साथ समाप्त भयोः

*'फारसका राजा कोरेस यसो भन्नुहुन्छ, परमप्रभु स्वर्गका परमेश्वरले पृथ्वीका सबै राज्यहरू मलाई दिनुभएको हो; अनि उहाँले मलाई यहूदामा भएको यरूशलेममा उहाँको निम्ति एउटा भवन निर्माण गर्ने आज्ञा गर्नुभएको छ। यसकारण उहाँका सबै जनहरूमध्ये को तिमीहरूको बीचमा छ? परमप्रभु उसका परमेश्वर उसको साथमा रहून्, अनि ऊ माथि जाओस् !'*

## ENDNOTES:

1) **2:3–10:** How much did Solomon pay Hiram? First Kings 5:11 states one amount while 2 Chron. 2:10 gives another. First Kings refers to a personal gift given to Hiram's household while verse 10 refers to the supplies given to Hiram's workmen who were cutting lumber for Solomon.

2) **2:11–16:** Who was Huram's mother? Second Chronicles 2:14 says she was a Danite while 1 Kings says she was a widow from the tribe of Naphtali. The answer is that she was a Danite whose first husband was from the tribe of Naphtali; hence she was a widow of Naphtali. Her second husband was a man of Tyre.

3) **2:17-18:** How many overseers were there on the temple project: 3,600 (2:18) or 3,300 (1 Kgs. 5:16)? There are two other important passages to consider in resolving this problem. Second Chronicles 8:10 says that Solomon had 250 officers who ruled over the work. Add this number to the 3,600 overseers (2:18), and you get 3,850. First Kings 9:23 numbers Solomon's officers at 550. Add this number to the 3,300 overseers mentioned in 1 Kings 5:16 and you get 3,850. The total number of officers and overseers is therefore the same in both books; the proportion is just enumerated differently. The term 'officers' refers to military or political personnel, while the term 'overseers' refers to industrial personnel (i.e., superintendants or foremen).

4) **3:1–4:** Was the porch 120 cubits high (3:4) or 30 cubits (1 Kgs. 6:2) high? Some say this is a copyist's error. Others, like Josephus, maintain that 120 cubits was the actual height. Matthew Poole thinks the 120 cubits refers to a kind of turret.

5) **3:14–17:** Were the pillars in front of the temple thirty-five cubits tall (3:15) or eighteen cubits (1 Kgs. 7:15; Jer. 52:21)? Notice that 1 Kings specifically refers to the height of one pillar, while the margin of verse 15 says the pillars were thirty-five cubits long (i.e., together). In other words, thirty-five cubits was the total length of the pillars, which were probably cast in one piece and then cut in two. This would make the two pillars eighteen cubits each (to the nearest cubit).

6) **4:1–22:** The measurements given for the laver in 4:2 are sometimes used to show that the Bible contains error. If the diameter was ten cubits (180"), the circumference would be 180 times pi ( = 3.14), or 565.49 inches, instead of thirty cubits (540"). The difficulty is solved by noting that the laver was a handbreadth thick (4"). Verse 2 gives the outside diameter and the inside circumference. The inside diameter would have been 180 inches minus two handbreadths (8"), or 172 inches. Multiplying 172 times pi (3.14), we get 540.36 inches, which to the nearest inch equals the thirty cubits of the text.

How much water did the laver hold? 2,000 baths (1 Kgs. 7:26), or 3,000 baths (4:5)? The answer is: both. Two thousand baths was probably what the sea held normally, but its brimful capacity was 3,000 baths.

7) **7:11–16:** J. Barton Payne, *"II Chronicles," The Wycliffe Bible Commentary*, p. 397.

8) **8:7–10:** How many officers were in Solomon's administration—250 (8:10) or 550 (1 Kgs. 9:23)? See endnotes on 2 Chron. 2:17, 18.

9) **8:17-18:** Did Solomon receive 450 talents of gold from Ophir (8:18), or 420 (1 Kgs. 9:28)? The Hebrew numbers 2 and 5 could very easily be confused by later copyists. Some suggest that the thirty-talent difference went to pay for supplies and wages for the trip.

10) **9:13–28:** The name Tarshish is used in a generic sense for areas connected with the refining of metals. In the OT it is used for a distant country rich in metals. 'Most scholars identify the name with Tartessus, a city in SW Spain;rich in silver, copper and lead' (The Revell Bible Dictionary, p. 1136). "The ships of Tarshish" may have simply referred to deep-sea vessels used to transport refined metals, not necessarily doing business with Spain.

11) **9:13–28:** Did Solomon have 4,000 stalls for his horses (v. 25), or 40,000 (1 Kgs. 4:26)? The NASB margin points out that 1 Kings 4:26 reads 4,000 in one ancient manuscript. Since there were only 12,000 horsemen, the very high figure in 1 Kings may well be a copyist's error.

12) **10:12–19:** George Williams, *The Student's Commentary on the Holy Scriptures*, p. 246.

13) **12:9–12:** Gold is widely recognized by Bible students as symbolic of deity, and bronze (KJV, brass) as symbolic of judgment.

14) **13:1–3:** Abijah's mother, Michaiah, was the daughter of Uriel (13:2). But 2 Chronicles 11:20 says she was Maachah the daughter of Absalom. The Jewish historian Flavius Josephus tells us that Uriel was Absalom's son-in-law and the father of Michaiah or Maachah (two names for the same person). This makes Michaiah the daughter of Uriel and the granddaughter of Absalom. (The Hebrew word for daughter can also mean granddaughter.)

15) **14:3–8:** Second Chronicles 14:3 and 14:5 state that Asa removed the high places, but 15:17 says that he did not. Which is right? Both statements are true. Some high places were dedicated to idols, while others were dedicated to Jehovah (e.g.1 Kings 3:2). Some scholars think that Asa destroyed only the idolatrous shrines.

Keil believes that the second text merely implies that the king did not succeed in carrying his reforms out thoroughly. Rawlinson suggests that the above texts refer to different times; Asa in the early part of his reign, putting down idolatry with a strong hand, but in his later

years, when his character had deteriorated, allowing idol-worship to creep in again. See John Haley, *Alleged Discrepancies of the Bible*, p. 323.

**16) 15:16–19:** The Hebrew word for mother can mean grandmother in some contexts, as here.

**17) 16:1:** According to 1 Kings 15:33, Baasha, the third king of the northern tribes, died in Asa's twenty-seventh year. But 2 Chronicles 15:19 and 16:1 speak of war between Baasha and Asa in Asa's thirty-sixth year. Thiele, an expert in the chronology of the Hebrew kings, maintains that Judah's history and not Asa's sole reign is meant here. The thirty-fifth year of Judah's kingdom, dating from Rehoboam's rebellion, would have been the fifteenth year of Asa's personal reign. This explanation is not without problems, too detailed to go into here. Many simply suggest that a copyist's error is the cause of the discrepancy.

**18) 18:8–11:** D. L. Moody, *Notes from My Bible*, p. 59.

**19) 18:18–22:** Matthew Henry, *"1 Kings," Matthew Henry's Commentary on the Whole Bible,* II:703.

**20) 20:1–6:** In Hebrew the word for Syria looks much like the spelling of Edom. A copyist's error would be easy to make here.

**21) 22:1–9:** The Masoretic Text of 2 Chronicles 22:2 says that Ahaziah was forty-two years old when he began to reign. However, 2 Kings 8:26 says he was twenty-two. This younger age seems likely because his father was only forty when he died. "Forty-two years old" is almost certainly a copyist's error.

**22) 24:4–14:** Was the chest for the collection of the money placed outside the gate (24:8), or was it located beside the altar (2 Kgs. 12:9)? Some commentators think there were two chests, one outside and one beside the altar. Others think that there was only one box but that it was moved.

**23) 24:4–14:** Second Kings 12:13 says that no temple vessels were made out of the money collected, but 2 Chronicles 24:14 says that vessels were made with the surplus. Second Kings refers to what went to the workmen for repairing the house, while Chronicles refers to what was done with the surplus afterward.

**24) 24:20–27:** In 24:20 Zechariah is said to be the son of Jehoiada. However, our Lord referred to him as the son of Berechiah (Matt. 23:25). A different Zechariah, the author of the book by that name, is also said to be the son of Berechiah (Zech. 1:1, 7). A probable explanation is as follows: The Zechariah mentioned in 2 Chronicles 24 was the grandson of Jehoiada and the son of Berechiah; in Hebrew usage, son can also mean grandson. The Zechariah who wrote the book that bears his name was also the son of Berechiah, but a different Berechiah, of course. Both names were common in OT times.

**25) 28:1–4:** If Ahaz was thirty-six years old when he died (28:1), that would make him only eleven when Hezekiah was born (29:1), or according to another reconstruction of the data, fifteen. Some think that

Ahaz could possibly father a child at eleven; he certainly could at fifteen. Others suggest that a copyist's error may be involved. The simple fact is that we do not have enough information to solve the problem of Ahaz's chronology.

**26) 28:16–27:** Second Kings 16:20 says that Ahaz was buried with his fathers while 2 Chronicles 28:27 says he was not buried in the tombs of the kings. Both statements are true. He rested with his fathers and was buried with them (i.e., in the city of Jerusalem), although not in the actual royal tombs.

**27) 32:1–8:** G. Campbell Morgan, *Searchlights from the Word*, p. 127.

**28) 35:20–24:** Did Josiah die in Jerusalem (35:24), or in Megiddo (2 Kgs. 23:29)? He was mortally wounded in the battle at Megiddo, and Kings speaks of him as dying there because that is where he received his death wound. Chronicles more specifically states he actually died in Jerusalem. Today we might say a person died in an automobile accident even though he actually died in a hospital a little later. What we mean is that the accident was the cause of death even if it was not the location of the person's last breath.

**29) 35:20–24:** John C. Whitcomb, Jr., *Solomon to the Exile*, p. 141.

**30) 36:9-10:** Verse 9 says Jehoiachin was eight years old when he became king while 2 Kings 24:8 says he was eighteen. Doubtless verse 9 contains a copyist's error, because Jehoiachin had wives when he surrendered to the Babylonians, only a few months after his ascension to the throne (2 Kgs. 24:15). Some Hebrew manuscripts and the Septuagint and Syriac versions also read eighteen.

## BIBLIOGRAPHY

See Bibliography at the end of 1 Chronicles.

# एज्राको पुस्तकको टिप्पणी

# एज्राको पुस्तकको भूमिका

*'एज्राको पुस्तक यति सरल रचना हो, कि जसको विषयमा खास कुनै परिचय चाहिँदैन । ... तर यो पुस्तक यहूदीहरूको इतिहासका सबैभन्दा महत्त्वपूर्ण घटनाहरूको एउटा विशेष अवधिको सरल, सुस्पष्ट ऐतिहासिक विवरण हो, जुन अवधिमा परमेश्वरका जनहरू बेबिलोनको कैदबाट फर्के । ... यस पुस्तकमा शिक्षाको नामको योग्य कुनै कुरा छैन; किनकि यसमा लेखकले आफ्नो विवरण सकेसम्म साधारण भाषामा प्रस्तुत गरे, र आफ्नो विवरणलाई यसले सिकाउन खोजेको पाठ सिकाउन छोड़िदिए ।'*

*श्री जर्ज रालिन्सन*

**क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान**

एक समयमा एज्राको पुस्तक र नहेम्याहको पुस्तक हिब्रू बाइबलमा एकै पुस्तक थिए, तर आधुनिक बाइबलहरूमा जस्तै यी दुवै पुस्तकहरू अलग-अलग पुस्तक भएको कुरा झन् पुरानो कुरा हुनुपर्छ; किनकि एज्रा २ अध्याय र नेहम्याह ७ अध्याय झन्डै उस्तै-उस्तै छन् । तर पुस्तक एउटै हो भने यस प्रकारको एकै कुरा दोहोरिने पुनरावृत्ति कहिल्यै हुँदैन ।

एज्राको पुस्तकचाहिँ आत्मिक वा धार्मिक इतिहास हो । यसबाट के बुझिन्छ भने, गैर-कानुनी स्रोतहरूबाट लिइएका धेरै अभिलेख-हरू समावेश भएको पुस्तकचाहिँ पवित्र आत्माको रोजाइमा र उहाँको यथाक्रम र सिलसिलाको मिलनमा आत्माको प्रेरणाले लेखिएको विवरण पो बन्न सक्दो रहेछ ।

एज्राको पुस्तकमा दुई सय असी पदहरू छन् । यी पदहरूको विश्लेषणचाहिँ पवित्र बाइबलको कुनै एक पुस्तकको लागि हामीले निक्कै असाधारण मान्नुपर्ला, जस्तैः

**क)** एक सय एघारवटा पदहरूमा विभिन्न सूचिहरू प्रस्तुत गरिएका छन् भने,

**ख)** एक सय नौवटा पदहरूमा विवरणहरू छन्

**ग)** चौवालीसवटा पदहरूमा लेखिएका पत्रहरू छन् भने

**घ)** दसवटा पदहरूमा एउटा प्रार्थना लेखिएको छ

**ङ)** तीनवटा पदहरूमा घोषणाहरू छन् भने

**च)** तीनवटा पदहरूमा कतैबाट उद्धृत गरिएको उद्धरणहरू छन्

जम्मा दुई सय असी पदहरू [1)]

**ख) यस पुस्तकको लेखक को हुन् ?**

यस पुस्तकमा लेखकको नाम छैन । तर आत्माको प्रेरणाले प्रथम पुरुषको शैलीमा लेखिएको जीवनीचाहिँ एज्राको रचना हो

(एज्रा ७ः२७-९ः१५); त्यस्तै वंशावलीहरू र अन्य लेखहरूको संग्रह पनि उनको काम थियो होला। यसका सरकारी लेखहरू अरामी भाषामा लेखिएका छन्; किनकि अरामी भाषा अन्यजातिहरूको बीचमा सरकारी भाषा थियो अनि एज्रा र नहेम्याहको समयमा सबैले बोल्ने-बुझ्ने चल्ती भाषा पनि यही थियो। यसकारण एज्राको पुस्तकको चौथाइ भाग यही अरामी भाषामा लेखिएको छ।[2] हिब्रू वर्णमालाका अक्षरहरूको सुन्दर रूप वास्तवमा यस अरामी भाषाबाट लिइएको हो, जुन अरामी भाषाचाहिँ हिब्रूजस्तै शेम-वंशका जातिहरूले बोल्ने एउटा उप-भाषा हो।

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

ख्रीष्टपूर्व पाँचौं शताब्दीको कुरा होः उप्पर मिस्र देशमा अस्वानको छेउमा अवस्थित नील नदीको टापू एलिफेन्टाइनमा बसोबास गर्ने यहूदी समाजले एज्रा र नहेम्याहका पुस्तक-हरूजस्तै अरामी भाषामा केही पपीरी लेखहरू छोड्यो। यस कुराले सिकन्दर महान्को युगमा अर्थात् ख्रीष्टपूर्व ३३० सालतिर एज्रा र नहेम्याहका पुस्तकहरू लेखिएको उदारवादी-हरूको अनुमान काट्छ र यी पुस्तकहरूको लेख्ने मिति पाचौं शताब्दीको हो भन्ने पुरानो, परम्परागत धारणा समर्थन गर्छ।

यसो हो भने, यस परम्पारगत धारणाको कुरा गरौंः एज्राको पुस्तकको दस अध्यायमा लेखिएका घटनाहरूपछि अर्थात् ख्रीष्टपूर्व ४५६ सालदेखि ख्रीष्टपूर्व ४४४ सालभित्र अर्थात् नेहम्याह यरूशलेममा आइपुग्नुभन्दा अघि एज्राले आफ्नो पुस्तक लेखेको अनुमान गरिन्छ।

निम्न कालक्रमिक रूपरेखाले एज्रा, नहेम्याह र एस्तरका पुस्तकहरू बुझ्न सहायता गर्छः

**एज्रा, नहेम्याह र एस्तरका पुस्तकहरूको कालक्रमः**

(यहाँ प्रस्तुत गरिएका मितिहरू लगभग मात्र हुन्)

**ख्रीष्टपूर्व ५३८** सालमा राजा कोरेसले यरूशलेमको मन्दिर पुनर्निर्माण गर्ने हुकुम दिएको
**ख्रीष्टपूर्व ५३८/५३७** सालमा यरूशलेमसम्म जरूबाबेलको अधीनस्थ गरिएको यात्रा
**ख्रीष्टपूर्व ५३६** सालमा मन्दिरको जग बसालियो
**ख्रीष्टपूर्व ५३५** सालमा मन्दिरको निर्माण-कार्य रोकियो
**ख्रीष्टपूर्व ५२०** सालमा हाग्गै र जकरियाको सेवकाई
**ख्रीष्टपूर्व ५२०** सालमा राजा दाराको आदेशअनुसार मन्दिरको निर्माण-कार्य फेरि शुरु गरेको
**ख्रीष्टपूर्व ५१६** सालमा मन्दिरको निर्माण-कार्य पूरा भयो
**ख्रीष्टपूर्व ४८६** सालमा अहासूरस अर्थात् क्जर्जेसको शासनकाल शुरु भएको
**ख्रीष्टपूर्व ४७९/४७८** सालमा एस्तर रानी भएकी
**ख्रीष्टपूर्व ४६४** सालमा अर्तक्जर्जेसको शासनकाल शुरु भएको
**ख्रीष्टपूर्व ४५८** सालमा एज्राको यरूशलेम-यात्रा
**ख्रीष्टपूर्व ४४४** सालमा नहेम्याह यरूशलेममा आइपुगेको
**ख्रीष्टपूर्व ४४४** सालमा यरूशलेमका पर्खालहरूको पुनर्निर्माण पूरा भएको
**ख्रीष्टपूर्व ४२०** सालमा नेहम्याहको दोस्रो यरूशलेम-यात्रा

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषयवस्तुहरू के-के हुन्?

एज्राको पुस्तकले आफ्नो वृत्तान्त उठाइरहेको बेलामा बेबिलोनको साम्राज्यको अन्त आइसकेको थियो (ख्रीष्टपूर्व ६२६-५३९), अनि यहूदीहरू आफ्नो देशमा फर्किआउने वापसीको विषयमा यर्मियाको भविष्यवाणी पूरा हुन लागेको थियो (यर्मिया २९:१०-१४)।

एज्रा १-६ अध्यायहरूमा जरूबाबेलको नेतृत्वमा कनान देशमा फर्कनेहरूको पहिलो यात्रा बयान गरिएको छ। निर्वासनबाट फर्केकाहरूले होमबलिको वेदी निर्माण गरे; यो तिनीहरूको प्रथम काम थियो; त्यसपछि तिनीहरूले परमप्रभुको भवन बनाउन शुरु गरे। परमेश्वरका जनहरूका शत्रुहरूले परमप्रभुको भवनको निर्माण-कार्य घोर विरोध गरे, तर भविष्यवक्ताहरू हाग्गै र जकरियाले दिएको उत्साह र हौसलाले यस निर्माण-कार्यलाई साथ दियो।

एज्राको छ अध्याय र सात अध्यायको बीचमा लगभग अन्ठाउन्न वर्षको अन्तरालको समय छ। अनि यस अवधिभित्र धार्मिक इतिहासअन्तर्गत रानी एस्तरको रोमाञ्चिक विवरण र संसारको इतिहासअन्तर्गत ख्रीष्टपूर्व ४९० सालमा माराथोनमा, ख्रीष्टपूर्व ४८० सालमा थेर्मोफिलाएमा र ख्रीष्टपूर्व ४८० सालमा सलामिसमा चलेका प्रशिद्ध लड़ाइँहरू पर्छन्।[3)]

एज्रा ७-१० अध्यायहरूले एज्राको यरूशलेमतर्फको यात्राको वर्णन गरेका छन्, किनकि ख्रीष्टपूर्व ४५८ सालतिर राजा प्रथम अर्तक्जर्जेसले तिनलाई अह्राए र अधिकारको साथ यरूशलेममा पठाए। परमेश्वरको जनहरूको बीचमा सुधार ल्याउन एज्राका व्यक्तिगत प्रयासहरू यी अध्यायहरूमा प्रस्तुत गरिएका छन्।

# रूपरेखा

**खण्ड १) एज्रा १-६ः जरूबाबेलको अधीनतामा कैदीहरू फर्केका**

**क) एज्रा १ः१-४ः** फारेसका राजा कोरेसको उर्दी

**ख) एज्रा १ः५-११ः** विभिन्न तयारी र बन्दोबस्तहरू

**ग) एज्रा २ः** बेबिलोनबाट फर्केर गएकाहरूको सूचि

**घ) एज्रा ३ः** वेदी र मन्दिरको जगको निर्माण

**ङ) एज्रा ४ः** मन्दिरको पुनर्निर्माणको विरुद्धमा उठेको विरोध

- **अ) एज्रा ४ः१-५ र ४ः२४ः** राजा कोरेसको शासनमा उठेको विरोध
- **आ) एज्रा ४ः६ः** राजा अहासूरसको शासनमा उठेको विरोध
- **ए) एज्रा ४ः७-२३ः** राजा अर्तक्जर्जेसको शासनमा उठेको विरोध

**च) एज्रा ५ः१-२ः** भविष्यवक्ताहरू हाग्गै र जकरियाले मन्दिरको पुनर्निर्माण गर्ने सम्बन्धमा दिएको प्रोत्साहन

**छ) एज्रा ५ः३-१७ः** फारासका राजा दाराको शासनकालमा भएको विरोध

**ज) एज्रा ६ः** राजा दाराको अनुकूल उर्दीद्वारा मन्दिरको निर्माण-कार्य समाप्त भएको

**खण्ड २) एज्रा ७-१०ः एज्राको अधीनतामा कैदीहरू फर्केका**

**क) एज्रा ७ः** अर्तक्जर्जेसद्वारा उदारचित्तको प्राधिकार प्राप्त एज्रा

**ख) एज्रा ८ः१-१४ः** फर्केर गएकाहरूको सूचि

**ग) एज्रा ८ः१५-३६ः** यरूशलेमको यात्राको विवरण

**घ) एज्रा ९ः** अन्तरजातीय विवाहका सम्बन्धहरू र पाप मानिलिएको एज्राको प्रार्थना

**ङ) एज्रा १०ः** विदेशी पत्नीहरूलाई र त्यस अवैध सम्बन्धमा जन्मेका छोराछोरीहरूलाई छुटानाम गर्ने सम्बन्धमा यहूदीहरूले बाँधेको करार

# एज्राको पुस्तकको टिप्पणी

## खण्ड १

## एज्रा १-६ :

### जरूबाबेलको अधीनतामा कैदीहरू फर्केका


#### क) एज्रा १:१-४: फारसका राजा कोरेसको उर्दी

एज्राको पुस्तकका शुरुका तीन पदहरू र इतिहासको दोस्रो पुस्तकका अन्तिम दुईवटा पदहरू एउटै हुन्। परमेश्वरले फारसका राजा कोरेसलाई प्रयोग गर्नुभयो, जसले एउटा उर्दी घोषणा गरे, जुन उर्दीअनुसार यहूदीहरूले यहूदामा फर्कन र यरूशलेममा मन्दिर पुनर्निर्माण गर्ने अनुमति पाए। अनि राजा कोरेसले यहूदीहरूका छिमेकी राष्ट्रहरूलाई आज्ञा गरे, कि तिनीहरूले यहूदीहरूको बाँकी भाग मानिएको, फर्किआएका यी मानिस-हरूलाई यस आयोजनाको निम्ति उदारतासाथ अनुदान दिनुपर्छ। कोरेसको जन्म हुनुभन्दा धेरै वर्षअघि परमेश्वरले कोरेसको नाम लिनुभएको थियो र यस उच्च बोलावटको निम्ति अलग गर्नुभएको थियो (यशैया ४४:२८-४५:१३)। हितोपदेश २१:१ पदमा पेश गरिएको सत्यता कोरेसले सचित्रण गरेः *'राजाको हृदय परमप्रभुको हातमा पानीका खोलाहरूझैं छ; उहाँले जता चाहनु-हुन्छ, त्यतै त्यसलाई फर्काउनुहुन्छ।'*

यस उर्दीसित यहूदीहरूको सत्तरी वर्षको कैद समाप्त भयो। सत्तरी वर्षको अवधि दुईवटा तरिकाहरूले गन्न सकिन्छः

**क)** ख्रीष्टपूर्व ६०५ सालदेखि ख्रीष्टपूर्व ५३५ सालसम्म अर्थात् नबूकद्नेस्सरले यरूशलेममाथि आक्रमण गरेर मानिसहरूलाई पहिलो पल्ट कैद गरेर लगेको वर्षदेखि परमेश्वरको भवनको जग बसालेको वर्षसम्म सत्तरी वर्ष थिए।

अथवा **ख)** ख्रीष्टपूर्व ५८६ सालदेखि ख्रीष्टपूर्व ५१६ सालसम्म अर्थात् यरूशलेमको विनाश भएको वर्षदेखि परमप्रभुको भवनको निर्माण-कार्य समाप्त भएको वर्षसम्म पनि सत्तरी वर्ष लागेका थिए।




**निर्वासनबाट फर्केकाहरूका यात्राहरू**

निर्वासनबाट फर्किआएकाहरूको विषयमा कुरा यस्तो छः ख्रीष्टपूर्व ५३९ सालमा फारसका राजा कोरेसले बेबिलोन कब्जा गरे। यस कुराले यहूदाबाट कैद गरेर लगिएका-हरूको निम्ति आफ्नो जन्मभूमिमा फर्कने बाटो खोल्यो। दुईवटा प्रमुख यात्राहरू थिएः एउटा ख्रीष्टपूर्व ५३७ सालमा र अर्को ख्रीष्टपूर्व ४५८ सालमा।

### ख) एज्रा १:५-११: विभिन्न तयारी र बन्दोबस्तहरू

यहूदीहरूका छिमेकी राष्ट्रहरूले अनुदान गरेको सम्पत्ति छोड़ेर राजा कोरेसले तिनी-हरूलाई पाँच हजार चार सय सुन र चाँदीका भाँड़ाकुँड़ाहरू दिए, जुन भाँड़ाकुँड़ाहरू राजा नबूकद्नेस्सरले यरूशलेमको मन्दिरबाट कब्जा गरेका थिए। १:८ पदमा शेश्बस्सर-चाहिँ जरूबाबेलको फारसी नाम भएको थियो होला, कि त अर्को व्यक्तिको नाम हुन सक्छ। १:९ पदमा उल्लेख गरिएका उनन्तीसवटा छुरीहरूमाथि तपाईंले ध्यान दिनुहोला। परमेश्वरले छुरीजस्तै छुद्र कुराहरूको ख्याल राख्नुभयो भने, उहाँ आफ्ना जनहरूको कति बढ़ी वास्ता राख्नुहुन्छ, होइन र?

### ग) एज्रा २ः बेबिलोनबाट फर्केर गएका-हरूको सूचि

एज्रा २:१-६१ पदहरूको खण्डमा जरूबाबेलको अधीनस्थ यहूदामा फर्केका-हरूको सूचि छ। यस सूचिमा कतिजनाका नामहरू तिनीहरूको वंशावलीअनुसार राखिए (२:३-१९) भने कतिजनाका नामहरू तिनी-

हरूका जन्मस्थलहरूअनुसार राखिए (२:२०-३५)। पूजाहारीहरूका नामहरू (२:३६-३९), लेवीहरूका नामहरू (२:४०-४२) र नेतिनिमहरू अर्थात् मन्दिरका सेवकहरूका नामहरू (२:४३-५४) अलग-अलग उल्लेख गरिएका छन्। किनकि तिनीहरूले पुनर्निर्माण गरिएको मन्दिरमा महत्त्वपूर्ण भूमिका निभाउनेथिए।

**एज्रा २:५९-६३:** अनि तिनीहरूको बीचमा पूजाहारी हुँ भन्ने दाबी गर्नेहरू थिए, जसले आफ्नो वंशावली प्रमाणित गर्न सकेनन्। यसकारण ऊरीम र तुम्मीम अर्थात् 'ज्योति र सिद्धता'[4] बाट दिव्य परामर्श लिएर तिनीहरूलाई अधिकृत नगरेसम्म तिनीहरूलाई सेवा गर्न अथवा पूजाहारीहरूको भोजन खान-देखि रोक्का लगाइयो। तिर्शाता अर्थात् राज्यपालचाहिँ जरूबाबेल थिए।

**एज्रा २:६४-६७:** यस अध्यायमा पेश गरिएको नामहरूको सूचिजस्तै नामहरूको अर्को सूचि नहेम्याह ७ अध्यायमा छ। यी दुवै सूचिहरूका तालिकामा साना-तिना भिन्नताहरू होलान्, तर यहूदामा फर्किआएका यहूदीहरूको कुल सङ्ख्या बयालीस हजार तीन सय साठी थियो र सात हजार तीन सय सैंतीस दासदासीहरू थिए। एज्राको पुस्तकमा दुई सयजना गायकगायिकाहरू थपिएका छन् भने नहेम्याहको पुस्तकमा दुई सय पैंतालीस-जना गायकगायिकाहरू थपिएका छन्। यसो हो भने, बाँकी भागरूपी फर्किआएकाहरूको कुल सङ्ख्या जम्मा लगभय पचास हजार थियो, अर्थात् कैद गरेर लगाइएकाहरूको सानो अंश मात्र थियो।

**एज्रा २:६८-७०:** अनि जब यी यहूदीहरू यरूशलेममा आइपुगे, तब केही पितापुर्खा-हरूका घरानाहरूका प्रधानहरूले परमेश्वरको भवनको निर्माण-कार्यको निम्ति सुन र चाँदी दिए र पूजाहारीहरूलाई वस्त्रहरू दिए। त्यसपछि मानिसहरू आ-आफ्नो शहरमा बसे।

### घ) एज्रा ३: वेदी र मन्दिरको जगको निर्माण

**एज्रा ३:१-७:** जुन सातौं महिनामा सामाजिक वर्षको शुरुआत थियो, त्यस सातौं महिनामा स्वदेशमा फर्केका यहूदीहरू झुपड़ीहरूको चाड़ मनाउन यरूशलेममा भेला भए। प्रधान पूजाहारी येशूअ[5] र राज्यपाल जरूबाबेलको नेतृत्वमा तिनीहरूले एउटा वेदी बनाए र मोशाको व्यवस्थाद्वारा निर्धारित गरिएका होम-बलिहरू चढ़ाए। तिनीहरूले परमप्रभुलाई आदर गरेको हुनाले उहाँले तिनीहरूलाई तिनीहरूका शत्रुहरूबाट जोगाउनुहुनेछ भन्ने तिनीहरूको विश्वास थियो। त्यसपछि टायर र सिडोनकाहरूको सहायता लिएर तिनीहरू मन्दिरको निर्माण-कार्यको तयारीमा अघि बढ़े।

**एज्रा ३:८-१३:** तिनीहरू फर्केर आएको चौध महिनापछि परमप्रभुको भवनको निर्माण-कार्य शुरु भयो। अनि मन्दिरको जग बसाल्नेबित्तिकै पूजाहारीहरू र लेवीहरूले यसको समर्पणको सेवा गर्न अग्रसर गरे। तर वृद्ध मानिसहरूमध्ये धेरैजना रोए; किनकि यिनीहरूले सुलेमानको मन्दिरको वैभव हालैमा बनाइरहेको साधारण मन्दिरसित तुलना गरे (हाग्गै २:३)। यिनीहरूको शोकको रोदन अरूको आनन्द र प्रशंसाको उच्च आवाजमा मिसियो; यसले गर्दा शोकको आवाज र आनन्दको आवाजको बीचमा छुट्ट्याउन गाह्रो भयो; तर त्यो आवाज टाढ़ासम्म सुनियो।

### ङ) एज्रा ४: मन्दिरको पुनर्निर्माणको विरुद्धमा उठेको विरोध

#### अ) एज्रा ४:१-५ र ४:२४: राजा कोरेसको शासनमा उठेको विरोध

**एज्रा ४:१-३:** जुन यहूदा र बिन्यामिनका शत्रुहरू एक पदमा उल्लेख गरिएका छन्, ती शत्रुहरू अन्य देशहरूबाट आएर बसेका

उपनिवेशकहरूका सन्तानहरू थिए; किनकि जब अश्शूरले उत्तरीय राज्यका मानिसहरूलाई कैद गरेर लगे, तब तिनीहरूले कनान देशमा यी विदेशीहरूलाई बसाए। अनि यी विदेशीहरूले देशमा रहेका यहूदीहरूसँग अन्तरविवाह गरेका थिए, अनि तिनीहरूबाट जन्मेका सन्तानहरू सामरी भए। यी शत्रुहरू जरूबाबेलकहाँ आए, र यिनीहरूले 'मन्दिरको पुनर्निर्माणको काममा हामी पनि सहयोग गर्न चाहन्छौं' भन्ने बहाना गरे। किनकि यिनीहरूले पनि परमप्रभुकै सेवा गर्थे अरे। तर यिनीहरूको मूर्तिपूजा-धर्ममा परमप्रभुचाहिँ धेरै ईश्वरहरूमध्ये एकजना मात्र हुनुहुन्थ्यो। यही कारणले इस्राएलका अगुवाहरूले यिनीहरूको यो प्रस्ताव अस्वीकार गरे।

**एज्रा ४:४-५ र ४:२४:** तब यी सामरीहरूले आफ्नो रणनीति बदली गरे। पहिले यिनीहरूले यहूदाका मानिसहरूलाई निरुत्साहित पार्ने प्रयास गरे। त्यसपछि यिनीहरूले यस निर्माण-कार्यमाथि विभिन्न बाधा र समस्याहरू ल्याइपुर्‍याए। यिनीहरूले डर देखाउने युक्तिहरू प्रयोग गरेर यहूदीहरूलाई निराश पार्न राजा कोरेसको दरबारमा इस्राएलको विरुद्धमा सोर उठाउने र विरोध मच्चाउने सल्लाहकारहरूलाई पनि भाड़ामा लिए। यसकारण मन्दिरको निर्माणको काम रोकियो।

कालक्रमअनुसार एज्रा ४:२४ पद ४:५ पदको पछि आउँछ। हो, यहूदाका शत्रुहरू फारसका राजा दाराको शासनकालको दोस्रो वर्षसम्म मन्दिरको काम रोकेर राख्नमा सफल भए।

### आ) एज्रा ४:६: राजा अहासूरसको शासनमा उठेको विरोध [6)]

एज्रा ४:६ पदमा अहासूरसको शासनकालमा लेखिएको एउटा पत्रको कुरा गरिएको छ, जुन पत्रमा यहूदीहरूलाई निक्कै आरोप लगाइएको थियो। अनि एज्रा ४:७-२३ पदको खण्डमा अर्को पत्रको कुरा गरिएको छ, जुन पत्र राजा अर्तक्जर्जेसको समयमा लेखिएको थियो र जुन पत्रमा यहूदीहरूलाई के आरोप लगाइएको थियो भने, यहूदीहरूले यरूशलेम शहर र त्यसको पर्खालहरू बनाउँदैथिए अरे, जुन कुरा सरासर विद्रोह ठहरिएको थियो। यसकारण राजा अर्तक्जर्जेसले यो काम रोक्ने आदेश दिए।

### ए) एज्रा ४:७-२३: राजा अर्तक्जर्जेसको शासनमा उठेको विरोध

ख्रीष्टपूर्व ५५० सालदेखि ख्रीष्टपूर्व ४८६ सालसम्म राज्य गरेका फारसका राजा दाराको शासनकालमा मन्दिरको पुनर्निर्माण सुसम्पन्न भयो, जसले अहासूरस (ख्रीष्टपूर्व ४८६-४६५) र अर्तक्जर्जेसभन्दा अघि (ख्रीष्टपूर्व ४६५-४२५) राज्य गरेका थिए (४:६ र ४:७)। यसो हो भने, एज्रा ४:६-२३ पदहरूमा कुरा गरिएका पत्रहरू मन्दिरको पुनर्निर्माण भइसकेपछि लेखिएका थिए। तिनीहरूको खास सन्दर्भचाहिँ परमप्रभुको भवन होइन, तर यरूशलेमका पर्खालहरू पुनर्निर्माण गर्ने प्रयासहरू पो थिए। तर कालक्रमअनुसार नभएर यी पत्रहरूको चर्चा यहाँ किन गरियो त? किनकि निर्वासनबाट फर्केर आएकाहरूले आफ्नो काममा के-के बाधा खपे, सो कुरा स्पष्ट पार्न यी पत्रहरू थप उदाहरणको रूपमा यहाँ पेश गरिए।

एज्रा ४:६ पददेखि ६:८ पदसम्म हिब्रू भाषाको सट्टामा अरामी [7)] भाषा प्रयोग गरिएको छ; किनकि यो फारस राज्यमा औपचारिक चल्ती भाषा थियो; र यही कारणले राजकीय उर्दीहरूमा प्रयोग गरिन्थ्यो।

### च) एज्रा ५:१-२: भविष्यवक्ताहरू हाग्गै र जकरियाले मन्दिरको पुनर्निर्माण गर्ने सम्बन्धमा दिएको प्रोत्साहन

हाग्गै १:१ र जकरिया १:१ पदबाट हामी के सिक्छौं भने, यो पाँचौं अध्याय दाराको शासनकालको दोस्रो वर्षको हुँदो रहेछ। (एज्रा ५:१ पद र एज्रा ४:२४ पद सँगै तुलना गर्नुहोस्)। यी दुईजना भविष्यवक्ताहरूले इस्राएलीहरूलाई आफ्नो लागि भव्य घरहरू बनाउनुको सट्टामा मन्दिरको निर्माण-कार्य फेरि शुरु गर्ने आग्रह गरे (हाग्गै १:४)। अनि जरूबाबेल र येशूअले प्रभुको आज्ञा पालन गरे र तुरुन्तै निर्माण-कार्य फेरि शुरु गर्ने आदेश दिए। यहाँ, यस ठाउँमा याद गर्नुहोस्, कि यो काम फेरि शुरु भएको कारणचाहिँ राजाको कुनै उर्दीको प्रेरणा थिएन, तर पवित्र आत्माको शक्ति थियो, जसले परमेश्वरका यी भविष्य-वक्ताहरूद्वारा बोल्नुभयो (जकरिया ४:६)।

### छ) एज्रा ५:३-१७: राजा दाराको शासनकालमा भएको विरोध

**एज्रा ५:३-५:** तर यसको विरोध चाँडै उठ्यो। फारसका राज्यपाल तत्तै र तिनका सहकर्मीहरू यरूशलेममा आए, र तिनीहरूले यहूदीहरूसँग यो निर्माणको काम शुरु गर्ने अधिकार कहाँ छ? अनि यसका जिम्मेवार मानिसहरूका नामहरू को-को थिए, सो सोधिहाले (५:९-१०)। तिनीहरूलाई यहूदी अगुवाजनहरूका नामहरू दिइए। तर यी फारसका अधिकारीहरू चार अध्यायमा उल्लेख गरिएकाहरूभन्दा असल र तर्कसङ्गत थिए। किनकि तिनीहरूले यो काम रोकेनन्, तर यो काम वैधानिक थियो कि थिएन, सो कुरा जान्न राजा दारालाई एउटा पत्र पठाए। अनि यहूदीहरूले परमेश्वरको वचन पालन गर्न थालेका हुनाले उहाँको नजर उनीहरू-माथि थियो र उनीहरूले यो काम पूरा गरिछाड़े।

**एज्रा ५:६-१७:** तत्तै र शतर-बोज्नैले आफ्नो यस पत्रमा यहूदीहरूसँग गरेको बातचित र उनीहरूबाट पाएको जवाफको बारेमा राजा दारालाई बताए। यस सिलसिलामा यहूदीहरूका बूढ़ा प्रधानहरूले सबैभन्दा पहिले तिनीहरूलाई आफ्नो ईश्वरीय अधिकारको विषयमा जानकारी दिएका थिए। उनीहरू एकमात्र सत्य परमेश्वरका सेवकहरू थिए, जो आफ्ना पापहरूको खातिर बेबिलोनीहरूको हातमा सुम्पिइएका थिए। तर अब परमप्रभुले उनीहरूलाई फेरि उनीहरूकै देशमा फिर्ता ल्याउनुभयो; अनि उनीहरूले उहाँको मन्दिर पुनर्निर्माण गरिरहेका थिए। सरकारी अधिकारको कुरा गर्नु हो भने, उनीहरूसँग राजा कोरेसको उर्दी थियो, जसले उनीहरूलाई मन्दिरको पुनर्निर्माण गर्ने अनुमति दिएका थिए। अनि यस परियोजनामा राजा कोरेस आफैले उदारतापूर्वक अनुदान गरेका थिए। यसकारण राज्यपाल तित्तैले जान्न चाहेः के भूतपूर्व राजा कोरेसले यस्तो आदेश गरेका थिए कि थिएनन्? साथै यस विषयमा राजा दाराको राय र फैसला के थियो, सो राजा दाराले उनलाई सूचित गरून्।

### ज) एज्रा ६: राजा दाराको अनुकूल उर्दीद्वारा मन्दिरको निर्माण-कार्य समाप्त भएको

**एज्रा ६:१-५:** अनि एउटा लगनशील खोज भएपछि कोरेसको यो उक्त उर्दीचाहिँ उनको उहिलेको राजधानी शहर अक्मता अर्थात् एक्बतनामा फेला पर्‍यो। (अनि यो उर्दी त एक अध्यायमा प्रस्तुत गरिएको सङ्क्षिप्त रूपभन्दा निक्कै विस्तृत भएको रहेछ)। अनि यस उर्दीमा मन्दिरका नापहरू उल्लेख गरिएका थिए, साथै नबूकद्नेस्सरले लगेका सबै सुन र चाँदीका भाँड़ाकुँड़ाहरू फर्काउने आदेश पनि लेखिएको थियो।

**एज्रा ६:६-१२:** तब राजा दाराले तत्तै र तिनका सहकर्मीहरूलाई यहूदीहरूप्रतिको तिनीहरूको जिम्मेवारी के-के हुन्, सो स्पष्ट पारे। तिनीहरूले यस काममा बाधा पुऱ्याउने कुरा छोडून्, तर तिनीहरूले मन्दिरको निर्माण-कार्यको लागि खर्च दिनु थियो, जुन खर्च तिनीहरूले राजकीय भण्डारबाट, अँ, उठाएका करहरूबाट दिनु थियो। अनि पूजाहारीहरूको मागअनुसार मन्दिरको सेवाको लागि तिनीहरूले बन्दोबस्तहरू गर्नुपरेको थियो (६:९), यस हेतुले कि यहूदीहरूले परमेश्वरको नजरमा अनुग्रह र कृपादृष्टि पाऊन् र उनीहरूका प्रार्थनाहरू राजा दारा र उनको परिवारको लागि आशिषको कारण बन्न सकून्। राजा दाराले 'यस काममा बाधा पुऱ्याउनेलाई मृत्युदण्ड दिइनेछ' भनेर आफ्नो उर्दी मजबुत र अझ प्रभावकारी पारे। भविष्यमा कसैले परमेश्वरको यो भवन नष्ट गर्ने प्रयास गरेमा, चाहे ती राजाहरू किन नहोऊन्, परमेश्वरले यस्ताहरूसित कारबाही गरून् भन्ने हेतुले उनले अहिले परमेश्वरबाट सहायता र आश्वासन पाउन खोजे।

**एज्रा ६:१३-१५:** राजा दाराले दिएका आदेशहरूको आज्ञापालन तुरुन्तै गरियो, र मन्दिरको काम अघि बढ्यो। अनि परमेश्वरका भविष्यवक्ताहरूबाट उत्साह पाएर र राजा दाराको भण्डारबाट प्रावधानहरू पाएर मन्दिरको यस निर्माणको काम चार वर्षपछि सिद्धियो। परमप्रभुको भवनको जग बसालेको उन्नाइस वा बीस वर्षपछि यो काम पूरा भयो। वास्तवमा राजा अर्तक्जर्जेस केही समय पछि बाँचे, वा राज्य गरे (ख्रीष्टपूर्व ४६५-४२५); यसो हो भने, तिनले मन्दिरको निर्माणको काममा होइन, तर यसको देख-रेखको निम्ति भत्ता दिए।

**एज्रा ६:१६:** इस्राएलीहरू र तिनीहरूका अगुवाजनहरूले आनन्दको साथ मन्दिरको समर्पण मनाए। यस विषयमा श्री एड्वार्ड डेन्नेटले निम्न कुराहरू हाम्रो ध्यानमा राख्न चाहेका छन्:

> 'मन्दिरको समर्पण गरेको बेलामा रमाउनु तिनीहरूको निम्ति स्वाभाविक कुरा थियो; किनकि जुन पुरानो करारभित्र तिनीहरू उभेका थिए, त्यस करारका सबै आशिषहरूको प्रतीक परमेश्वरको भवन नै थियो। अनि असफलता के, समस्याहरू के, निराशा के, चिन्ताफिक्री के – यी सबै कठिनाइहरू सहेका धेरै वर्षपछि यो भवन पूरा भई तिनीहरूका आँखाकै सामु खड़ा थियो। यस कामको लागि तिनीहरू बेबिलोन-बाट यहाँ आएका थिए। अनि तिनीहरूमध्ये कसैले आँसुको साथ छरेको थियो होला, तर अब तिनीहरूले आनन्दको साथ कटनी गर्दैथिए।' 8)

**एज्रा ६:१७-२२:** अनि तिनीहरूले एक सय बहरहरू, दुई सय भेड़ाहरू र चार सय भेड़ाका पाठाहरू बलि गरे। तर हामीले यो समर्पण सुलेमानको मन्दिरको समर्पणसित तुलना गऱ्यौं भने, जसले परमप्रभुको सन्दुकको सामु बाइस हजार बहरहरू र एक लाख बीस हजार भेड़ाहरू अनि असङ्ख्य बहर र भेड़ाहरू चढ़ाएका थिए (२ इतिहास ७:५ र ५:६), त यो समर्पण एउटा कमजोर प्रयास र फिका घटना हुन जान्छ। सौभाग्यवश तिनीहरूको ध्यान यस कुरामा अडिग रहेन।

वर्तमान समयमा धेरै मण्डलीहरू होलान्, सङ्गति र सम्प्रदायहरू होलान्, अँ, इसाई स्कूल, विद्यालय र इसाई देशहरू होलान्, जसको हालत सुलेमानको समयदेखि एज्राको समयसम्म अवनति गरेको परिस्थितिसित तुलना गर्न केही फरक नहोला। श्री एड्वार्ड डेन्नेटसँग एउटा उत्साहजनक व्यावहारिकता छ, जुन व्यावहारिकता के हो, सो हामी उनको मुखबाट सुनौं:

> 'तर विश्वास नदेखिने कुराहरूसित सम्भन्धित छ; यसकारण विश्वासले के गर्छ

भने, यसले यी बाँकी रहेकाहरूको कमजोर भागरूपी मानिसहरूको मनमा सम्झना दिलाउन सक्योः परमप्रभु तिनीहरूको निम्ति सुलेमानको तुलनामा भन्दा कम शक्तिशाली र कम दयालु हुनुहुन्न रहेछ ।

परमप्रभुको यो भवन भव्य थिएन, र तिनीहरू गैर-यहूदी राजाका गरीब प्रजाहरू थिए; तर परमेश्वर तिनीहरूको पक्षमा हुनुहुन्थ्यो भने – अनि उहाँ निश्चय तिनीहरूको पक्षमा हुनुहुन्थ्यो – तिनीहरूको विश्वासको लागि उपलब्ध स्रोतहरू नित्य असीमित हुनेथियो । अनि यो सत्यता हाम्रो मनमा गहिरो छापले अङ्कित हुनुपर्छः ख्रीष्ट येशू आफ्ना जनहरूको लागि तिनीहरूको समृद्धिको बेलामा जत्तिकै तिनीहरूको कठिनाइको दिनमा पनि एकनास रहिरहनुहुन्छ । हामी यस ज्ञानको शक्तिमा जिउनुपर्छ, तब अरू कुनै कुराले होइन, तर यही कुराले हामीलाई हाम्रा परिस्थितिहरूमाथि उठाउँछ । अनि यस कुराले हामीलाई अघि बढ्ने साहस र हिम्मत दिन्छ, हाम्रो बाटोमा आइपर्ने कठिनाइहरू र खतराहरू जेसुकै किन नहोऊन् ।’ 9)

निस्तार चाड़पछि बड़ो आनन्दको साथ अखमिरी रोटीहरूको चाड़ मनाइयो; किनभने मानिसहरूले राजा दाराबाट प्राप्त गरेको अनुग्रह र कृपादृष्टिमा परमेश्वरको हात स्पष्ट रूपले देख्न सके । यहाँ राजा दारालाई अश्शूरका राजा किन भनिएको थियो; किनभने उनले पुरानो अश्शूर साम्राज्यमाथि राज्य गरे ।

# खण्ड २

# एज्रा ७-१०ः

## एज्राको अधीनतामा कैदीहरू फर्केका

### क) एज्रा ७ः अर्तक्जर्जेसद्वारा उदारचित्तको प्राधिकार प्राप्त एज्रा

**एज्रा ७ः१-५ः** एज्राको पुस्तकको छ अध्याय र सात अध्यायको बीचमा करिब अन्ठाउन्न वर्षको अन्तर थियो । (यस पुस्तकको भूमिकामा ‘एज्रा, नहेम्याह र एस्तरका पुस्तकहरूको कालक्रम’ नामक शीर्षकमा पेश गरिएका मितिहरू विचार गर्नुहोस्) । अनि यही अन्तराल समयमा राजा दाराको उत्तराधिकारी अहासूरस अर्थात् क्जर्जेस राजा भए । अनि अहासूरसको शासनकालमा एस्तरको पुस्तकमा प्रस्तुत गरिएका घटनाहरू घटे । अहासूरसपछि प्रथम अर्तक्जर्जेस सिंहासनमाथि बसे, जसरी एज्रा ७ः१ पदमा लेखिएको छ ।

एज्राको सङ्क्षिप्त वंशावली एज्रा ७ः१-५ पदको खण्डमा दिइएको छ । यस वंशावली-अनुसार उनी पूजाहारीको वंशको थिए । यस विषयमा श्री जी. क्याम्पबेल मोर्गनले यस प्रकारको टिप्पणी गरेका छन्ः

‘परमेश्वरको इच्छा प्रस्तुत गर्ने राजदूतहरूको रूपमा शास्त्रीहरूले भविष्यवक्ताहरूको ठाउँ लिए । यिनीहरूको बीचको भिन्नता यस प्रकारको थियोः शास्त्रीहरूले नयाँ प्रकाशहरू प्राप्त गर्दैनथिए, तर उनीहरूले पुरानो प्रकाशको अर्थ खोल्थे र त्यसको प्रयोग व्यवहारमा उतार्थे । एज्रा एकै समयमा यस नयाँ सङ्घको संस्थापक भए र त्यस सङ्घको प्रतीक पनि

थिएः। ... किनकि उनी मोशाको व्यवस्थाको व्याख्या गर्ने र प्रयोग गराउने विशेषज्ञ थिए। एज्रा ७:१० पदमा यस्तो कामका योग्यता-हरूको सुस्पष्ट परिभाषा गरिएको छ, जब एज्राको विषयमा निम्न कुरा लेखिएको छः ''एज्राले परमप्रभुको व्यवस्थाको खोजी गर्न, पालन गर्न र सिकाउन आफ्नो तनमन लगाएका थिए।'' ' [10]

**एज्रा ७:६-१०:** एज्राको वंशावली विशेष थियो; अनि उनी मोशाको व्यवस्थाका निपुण शास्त्री पनि थिए। पक्कै पनि एज्रा पवित्र धर्मशास्त्र बाइबलमा पूरा लीन र पोख्त भएका मानिस थिए, अनि भजन एकमा[11] उल्लेख गरिएका पहिला तीनवटा पदहरूको निम्ति एक जीवित नमुना पनि थिए। किनभने उनले दिनरात परमप्रभुको व्यवस्थामा मनन गर्थे; अनि उनी परमेश्वरको लागि पूरा गर्न खोजेको काममा सफल हुन्थे। परमप्रभुले आफ्ना मनसायहरू पूरा गर्न फेरि एक पल्ट अर्का अन्यजाति राजाको हृदय प्रतिचालन गर्नुभयो। फेरि एउटा उर्दी घोषणा गरियो, जुन उर्दीले गर्दा एज्राको अधीनतामा यरूशलेममा फर्केर जानेहरूको दोस्रो वापसी सम्भव भयो।

**एज्रा ७:११-२६:** यहाँ प्रस्तुत गरिएको पत्रमा फारसका राजा प्रथम अर्तक्जर्जेसले एज्रालाई ठूला प्राधिकारहरू दिए। यस पत्रअनुसार यरूशलेममा जान चाहने जोसुकै इस्राएली पनि जान सक्थ्यो। के यरूशलेममा सबै कुराहरू मोशाको व्यवस्थाअनुसार भइ-रहेका थिए? यो कुरा उनी गएर हेर्नुपरेको थियो। अनि राजा अर्तक्जर्जेस र तिनका सल्लाहकारहरूले उदारचित्तले उपहारहरू दिए। यी उपाहारहरू र बेबिलोनमा अझै पनि मन्दिरको केही भाँडाकुँड़ा थियो भने, ती भाँड़ाकुँड़ाहरू पनि उनको जिम्मामा सुम्पिए। उनले यी उपहारहरू मन्दिरका सेवाहरू सुचारु रूपले चलाउनको निम्ति प्रयोग गर्नुपर्नेथियो, र कुनै बचत भएको कुरा छ भने, एज्राले आफ्नो खुशीले बाँड्न सक्नेथिए। तर कुनै कारणवश त्यो पर्याप्त भएन भने, चाँदी, गहुँ, दाखमद्य, तेल र बेहिसाबले नुन राजकीय भण्डारबाट प्रदान गरिनेथियो। गहुँ, दाखमद्य, तेल र नुनचाहिँ यहूदीहरूको बलि चढ़ाउने व्यवस्थाअनुसार आवश्यक सामग्रीहरू थिए। अनि मन्दिरको सेवा गर्नेहरूलाई करबाट छुट दिइयो। अन्तमा यस उर्दीले एज्रालाई यूफ्रेटिस नदीको पश्चिममा बसोबास गर्ने यहूदीहरूको लागि जिल्ला-अधिकारीहरू र न्यायाधीशहरूलाई नियुक्त गर्ने राजनीतिक अधिकार प्रदान गर्‍यो। यी न्यायधीशहरूले परमेश्वरका नियमहरू सिकाउनु र लागू गराउनुपरेको थियो।

**एज्रा ७:२७-२८:** आफ्नो धन्यवादको प्रार्थनामा एज्राले परमेश्वरलाई धन्यको भने; किनभने मन्दिरको शोभा बढ़ाउन राजाको हृदय परिचालन गर्नुभयो। अनि यस्तो महत्त्वपूर्ण काम पूरा गर्न उहाँले उनलाई सक्षम हुने शक्ति दिनुभएको लागि उनले नम्रतापूर्वक उहाँलाई धन्यवाद चढ़ाए। परमप्रभुको हात उनीमाथि रहेको कुराले उनलाई प्रोत्साहन दिए; यसकारण एज्राले इस्राएलका मुख्य मानिसहरूलाई भेला गरे, जो उनीसँग यरूशलेममा जानु थियो।[12]

## ख) एज्रा ८:१-१४: फर्केर गएकाहरूको सूचि

**एज्रा ८:१-१४:** यस पहिलो अनुच्छेदमा बेबिलोनबाट एज्रासँग यरूशलेममा फर्केर गएकाहरूको सूचि दिइएको छ। निक्कै वर्षहरू पहिले जरूबाबेलको अधीनतामा यरूशलेममा फर्केकाहरू पनि तिनै परिवारहरूबाट आएका थिए (एज्रा २)। यस दोस्रो यात्रामा लगभग पन्ध्र सयजना पुरुषहरू सहभागी भए।

**ग) एज्रा ८:१५-३६: यरूशलेमको यात्राको विवरण**

**एज्रा ८:१५-२०:** अहवाको नजिकै नदीको किनारमा रोकिँदा एज्राले आफ्नो समूहमा कुनै पनि लेवी नभएको थाहा पाए। यसकारण उनले मुख्य मानिसहरूमध्ये एघारजनालाई कासिपिया भन्ने ठाउँमा जाने आदेश दिए; किनकि त्यहाँ केही लेवीहरूले बसोबास गरेको कुरा उनलाई स्पष्ट रूपले थाहा थियो। तिनीहरूले लेवीहरू र मन्दिरका सेवकहरूलाई उनको साथमा जान उत्साह दिनु थियो। अठतीसजना लेवीहरू र दुई सय बीसजना नेतिनिम अर्थात् मन्दिरका सेवक-हरूले सकारात्मक प्रतिक्रिया जनाए।

**एज्रा ८:२१-१३:** अनि यी यहूदीहरूले आफ्नो नौ सय माइलको यात्रा शुरु गर्नुभन्दा अघि तिनीहरूले अहवा नदीमा छाउनी हाले, र त्यहाँ एज्राले उपवासको घोषणा गरे। उनले विगत समयमा राजा अर्तक्जर्जेसको सामु परमेश्वरको भलाइ र शक्तिको विषयमा गवाही दिएका थिए। अनि अब उनले तिनीबाट एउटा सैन्य रक्षा-टोली माग्नु हो भने, उनले गरेका कार्यहरूले उनले बोलेको वचन काट्नेथिए। यसकारण उनले बरु आफ्नो विश्वास बाजीमा हाले र उही परमेश्वरमाथि भरोसा राखे, जुन परमेश्वर उहाँमाथि पूरा भरोसा गर्नेहरूलाई बचाउनमा खुशी हुनुहुन्छ। उनी निराश हुनुपरेको थिएन; किनभने उहाँले तिनीहरूको विन्ती सुनि-दिनुभयो।

**एज्रा ८:२४-३४:** जुन रुपियाँपैसा र जुन भाँड़ाकुँड़ाहरू एज्रालाई दिइएका थिए, त्यो रुपियाँपैसा र ती भाँड़ाकुँड़ाहरू उनले तौलेर पूजाहारीहरूका बाह्रजना अगुवाहरूलाई र बाह्रजना लेवीहरूलाई दिए। यी चीजहरू पवित्र थोक भएका हुनाले यी चीजहरू पवित्र मानिसहरूको जिम्मामा राख्नुपरेको थियो। (पवित्र भन्नाले पवित्र कामको लागि अलग गरिएको बुझिन्छ)। साढ़े तीन महिनाको पैदल यात्रापछि सारा समूह कुनै अप्रिय घटनाविना यरूशलेममा आइपुग्यो। अनि यरूशलेममा आइपुगेपछि तिनीहरूले सुन, चाँदी र अन्य सरसामानहरू फेरि तौले र मन्दिरको जिम्मा भएकाहरूलाई सुम्पिदिए।

**एज्रा ८:३५-३६:** निर्वासनबाट फर्केर आएकाहरूको सबैभन्दा पहिलो कामचाहिँ सारा इस्राएली जातिको लागि परमप्रभुको वेदीमाथि होमबलि र पापबलि चढ़ाउनु थियो। अनि जब तिनीहरूले आफ्नो आत्मिक दायित्वहरू पूरा गरिसके, तब तिनीहरूले राजाका आदेशहरू पश्‍चिमी प्रान्तहरूका अधिकारीहरूलाई सुम्पिदिए, जसले तिनी-हरूलाई सोहीअनुसार सबै थोकहरू उपलब्ध गर्ने गर्थे।

**घ) एज्रा ९: अन्तरजातीय विवाहका सम्बन्धहरू र पाप मानिलिएको एज्राको प्रार्थना**

**एज्रा ९:१-२:** एज्रा यरूशलेममा भएको धेरै समय भएको थिएन; तब केही अगुवाहरू उनीकहाँ आए र उनलाई एउटा चिन्ताजनक विषय सुनाइदिएः अहो, शासकहरू र मानिसहरूले अन्यजातिहरूसँग अन्तरविवाह गरिरहेछन्! योचाहिँ विगत दिनहरूमा इस्राएलको एउटा पाप थियो, जुन पापको खातिर तिनीहरूले सजाय भोग्नुपरेको थियो। यसको विषयमा मोशाको व्यवस्था सुस्पष्ट थियोः यस सिलसिलामा परमेश्वरका जनहरू पवित्र हुनुपरेको थियो (प्रस्थान ३४:१६ र व्यवस्था ७:३)। तिनीहरूले आफूलाई संसारबाट र दुष्ट जुनसुकै कुराबाट अलग राखून्; यो तिनीहरूको निम्ति परमेश्वरको इच्छा थियो।

**एज्रा ९:३-४:** यी अन्तरजातीय विवाहका सम्बन्धहरूको विषयमा सुनेपछि

एज्रा व्याकुल भए । उनी गहिरो शोकमा डुबे, बेलुकाको बलिदान चढ़ाउने बेलासम्म । उनले आफ्नो वस्त्र च्याते अनि आफ्नो कपालका र आफ्नो दाह्रीका केही रौंहरू उखेले, र उनी आकुल-व्याकुल भई चुपचाप बसिरहे । तब परमप्रभुको भय मान्नेहरू उनको वरिपरि भेला भए ।

**एज्रा ९ः५-१५ः** अनि जब बेलुकाको बलिको रगत मानिसहरूका अधर्महरूको लागि बहाइयो, तब एज्राले आफ्ना घुँड़ाहरू टेके र पाप मानिलिन आफ्नो आवाज उठाए । मानिसहरूको पाप आफ्नै पाप तुल्याएर उनले आफूलाई साह्रै होच्याए । किनकि तिनीहरूले परमेश्वरको अनुग्रहप्रति यति दुष्ट प्रतिक्रिया देखाए, जुन ईश्वरीय अनुग्रहले तिनीहरूलाई विगत समयहरूमा परमेश्वरका न्यायहरूबाट बचाएको थियो र बाँकी रहेको भागको रूपमा सुरक्षित राखेको थियो । अनि यही अनुग्रहले तिनीहरूलाई हालैमा उहाँको पवित्र स्थानमा एउटा कीला दिएको थियो (९ः८) । यो कीलाको अर्थ के हो ? जसले परमेश्वरमाथि भरोसा गर्छ, उसको सुरक्षा यो कीलाजस्तो हो । तर श्री एच. ए. आइरनसाइडजस्तै अरू पनि छन्, जसले यस कीलाले ख्रीष्ट येशूलाई सङ्केत गरेको भन्छन् ।

> 'निस्सन्देह यस कीलाको सन्दर्भ यशैयाको पुस्तकको एकाइस अध्याय हो, जहाँ यसो लेखिएको छः "म उसलाई एउटा पक्का ठाउँमा कीलाझैं गाड्नेछु ।" यशैयाको यस भविष्यवाणीअनुसार परमप्रभुको महिमा यस कीलामाथि झुन्डिनेथियो । यसकारण पूर्णतम अर्थमा ख्रीष्ट येशू स्वयम् यो कीला हुनुहुन्छ (यशैया २२ः२१-२५) ।'[13)]

विगत समयहरूमा भविष्यवक्ताहरूले अन्तरजातीय विवाहका सम्बन्धहरूको विरोधमा स्पष्ट रूपले बोलेका थिए; यसकारण मानिसहरूलाई कुनै बहाना नै थिएन । परमेश्वरले तिनीहरूलाई हालैमा देखाउनुभएका कृपाहरूको दृष्टिकोणले हेर्नु हो भने तिनीहरूको निम्ति बहानाको लागि कुनै ठावैं रहेन । 'हेर्नुहोस्, हामी आफ्नो दोषमा तपाईंको सामु हाजिर छौं ।' त्योभन्दा बढ़ी केही भन्नु थिएन ।

### ङ) एज्रा १०ः विदेशी पत्नीहरूलाई र त्यस अवैध सम्बन्धमा जन्मेका छोराछोरी-हरूलाई छुटानाम गर्ने सम्बन्धमा यहूदीहरूले बाँधेको करार

**एज्रा १०ः१-५ः** एज्राको पाप मानि-लिइएको प्रार्थनाले मानिसहरूलाई धुरु-धुरु रुने तुल्यायो । यस सिलसिलामा शकन्याह मानिसहरूको मुखपात्र भए र यस विषयमा तिनीहरूको अपराध छ भन्ने कुरा मानिलिए । तर तिनले एज्रालाई के सम्झाए भने, मानिसहरूले आफ्नो पाप स्वीकार गरे र यो असमान जुवा फाले भने अझै पनि आशा छँदैथियो । तिनले सुझाउ गरे, कि एज्राले मानिसहरूसित एउटा करार बाँधून्, र तिनी-हरूले आफ्ना विदेशी पत्नीहरूलाई र यस अवैध सम्बन्धमा जन्मेका छोराछोरीहरूलाई हटाऊन् । तब यो प्रस्ताव शिरोपर गरेर पूजाहारीहरू, लेवीहरू र सारा इस्राएली जाति राष्ट्रको हिसाबले पश्चात्ताप गर्न राजी भए, र तिनीहरूले यसो गर्न शपथ खाए ।

**एज्रा १०ः६-८ः** गम्भीरतापूर्वक सार्वजनिक पाप-स्वीकार गर्ने कार्मक्रमको निम्ति निर्वासनबाट फर्केर आएका सबैजना यरूशलेममा भेला भए । अनि जो-जो तीन दिनभित्र आउँदैनथिए, तिनीहरूसित कड़ा कारबाही गरिनेथियो, तिनीहरूको सम्पत्ति जफत गरिनेथियो र तिनीहरू समाजबाट बहिष्कार गरिनेथिए ।

**एज्रा १०ः९-११ः** यो आदेश पालन गर्न र यरूशलेममा भेला हुनको निम्ति तीन दिन मात्र आफ्नो हातमा भएको हुनाले यहूदा र

बिन्यामिनका सबै मानिसहरू हतार हतार गरेर वरिपरिका शहरहरूबाट यरूशलेममा आए। अनि प्रतिकूल मौसमले पनि तिनीहरूलाई रोक्न सक्दैनथियो; किनकि तिनीहरूले छिनाफाना गर्नुपर्ने यो मुद्दा धेरै गम्भीर थियो, र पानीझरीभन्दा बढ़ी यो कुरा तिनीहरूको संत्रासको कारण थियो। तब एज्राले भेला भएका मानिसहरूसँग कुरा गरे र तिनीहरूका अपराधहरू के-के थिए, सो तिनीहरूलाई औंल्याइदिए।

**एज्रा १०:१२-१७:** तत्कालै सारा समुदायले आफ्नो गल्ती तुरुन्तै स्वीकार गरेः हो, तिनीहरूले परमेश्वरको व्यवस्था उल्लङ्घन गरेका थिए। तर भारी झरी भएको र सम्बन्धित मुद्दाहरू धेरै भएका हुनाले तिनीहरूले एक-एक मुद्दा शहर-शहरमा जाँच गरिओस् भन्ने सल्लाह दिए। तिनीहरूमध्ये चारजनाले यस योजनाको विरोध गर्ने प्रयास गरे, तर तिनीहरू आफ्नो प्रयासमा असफल भए। तब न्यायकर्ताहरूलाई नियुक्त गरियो, र दुई हप्ताभित्र केरकार शुरु भयो। अनि तीन महिनाभित्र यसको छानबिन सकियो।

**एज्रा १०:१८-४४:** अठार पददेखि त्रिचालीस पदको खण्डमा दोषीहरूका नामहरू सूचित गरिएका छन्। पहिले पूजाहारीहरूका नामहरू (१०:१८-२२), त्यसपछि लेवीहरूका नामहरू (१०:२३-२४), र अन्तमा अन्य इस्राएलीहरूका नामहरू पेश गरिएका छन् (१०:२५-४३)। अनि १०:४४ पदमा यसो लेखिएको छः 'यिनीहरू सबैले पराई स्त्रीहरूलाई विवाह गरेका थिए; अनि तिनीहरूमध्ये कतिका पत्नीहरू पनि थिए, जसबाट तिनीहरूका छोराछोरीहरू भएका थिए।' हामी यहाँ स्पष्टसँग नलेखिएको कुरा गरौंः हाम्रो विचारमा, यी पत्नीहरू र यिनीहरूका छोराछोरीहरूको निम्ति पर्याप्त बन्दोबस्त र उचित व्यवस्था गरिएको थियो होला। यी परिवारहरूको विगठनले सृजना गरेको पीड़ा हामीले यस राष्ट्रको एकता कायम राखेको महत्त्वसित तौलन सक्नुपर्छ; किनकि यस जातिबाट मसीह आउनु थियो; यो तिनीहरूको भाग्य थियो।

असमान जुवा अझै पनि मनाही गरिएको छ (२ कोरिन्थी ६:१४-१८)। परमेश्वरका छोराछोरीहरूमा विश्वासी-अविश्वासीको बीचमा वैवाहिक सम्बन्ध फेला पर्नुहुँदैन। तर नयाँ नियममा १ कोरिन्थी ७:१२-१३ पद-हरूचाहिँ प्रभुकहाँ फर्केको बेलामा अविश्वासी जीवनसाथीसँग बाँधिएकाहरूको लागि लागू हुने नियम हो। अनुग्रहको करारअन्तर्गत ख्रीष्ट-विश्वासीले न विश्वास नगर्ने जीवन-साथीलाई, न यस सम्बन्धबाट जन्मेका छोराछोरीहरूलाई त्याग्न आवश्यक छ। किनकि अविश्वासी जीवनसाथी ख्रीष्ट-विश्वासी भाइ-बहिनीद्वारा बाहिर तवरले, एक किसिमले अलग गरिएको हुन्छ र एउटा विशेष सौभाग्यको स्थानमा उठाइएको हुन्छ।

जागृतिको अध्ययन गर्नु हो भने, यसको निम्ति एज्राको पुस्तक नै मुख्य पुस्तक ठहरिन्छ। जब मानिसहरूले परमेश्वरको वचन पढ्छन् वा सुन्छन् र यसमा लेखिएका सत्यताहरू आफ्नो जीवनमा लागू गर्न थाल्छन्, जब पवित्र जनहरूको निम्ति अन्तर्विन्तीहरू चढ़ाइन्छन्, अनि जब ज्ञात पापहरूको स्वीकार हुन्छ र परमेश्वरका जनहरू स्वीकार गरिएको पापबाट अलग बस्छन्, तब मण्डलीमा परमेश्वरको निम्ति महान् कामहरू गर्ने शक्ति हुन्छ-हुन्छ।

## ENDNOTES:

**1) Introduction:** This breakdown is from W. Graham Scroggie, *Know Your Bible*, Vol. I, Old Testament, p.90. (His total, “880”, is no doubt a typographical error.)

**2) Introduction:** 4:8–6:18 and 7:12–26 are in Aramaic.

**3) Introduction:** W. Graham Scroggie, *Know Your Bible*, Vol. I, p. 91.

**4) 2:59–63:** We do not know for certain exactly what the Urim and Thummim were: “Possibly two precious stones, which were put inside the pouch. They may have been used, like lots, to determine God’s will” (Ryrie Study Bible, New King James Version, p. 135). See also Ex. 28:30; Lev. 8:8; Num. 27:21; Deut. 33:8; 1 Sam. 28:6; Neh. 7:65.

**5) 3:1–7:** Jeshua or “Yeshua” is the Hebrew form of the name of Jesus in English.

**6) 4:6:** Verses 6–23 belong later in the outline chronologically. See the chart ‘Chronology of Ezra, Nehemiah, and Esther.”

**7) 4:7–23:** Older books in English often called this language “Chaldee.”

**8) 6:16:** Edward Dennett, *Exposition of the Book of Ezra: Restoration from Babylon,* p. 55.

**9) 6:17–22:** Ibid, pp. 55, 56.

**10) 7:1–5:** G. Campbell Morgan, *Searchlights from the Word*, p. 131.

**11) 7:6–10:** Although Psalm 1 is anonymous, many Bible scholars believe that Ezra is the human author (likewise of Psalm 119, which is about the Word of God).

**12) 7:27-28:** In the Bible, going to Jerusalem is always “up,” no matter from which direction one is coming. This is partly because the city is up in the mountains of Judea. It probably also has a spiritual application: Going to God’s house is always “up.”

**13) 9:5–15:** H. A. Ironside, *“Notes on the Book of Ezra*,” in Notes on Ezra, Nehemiah and Esther, p. 90.

**BIBLIOGRAPHY**

Dennett, Edward, *Exposition of the Book of Ezra: Restoration from Babylon*. Oak Park, IL: Bible Truth Publishers, 1956.

Ironside, H. A., "Ezra." In *Notes on Ezra, Nehemiah and Esther*. Neptune, NJ: Loizeaux Brothers, 1972.

Jensen, Irving L., *Ezra/Nehemiah/Esther*. Chicago: Moody Press, 1970.

Keil, C. F. "Ezra", In *Biblical Commentary on the Old Testament*. Vol. 10. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Kidner, Derek, *Ezra and Nehemiah*. The Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1979.

Rawlinson, George, "Ezra." In *The Pulpit Commentary*. Vol. 15. Ed. by H.D.M. Spence. New York: Funk and Wagnalls, 1909.

# नहेम्याहको पुस्तकको टिप्पणी

# नहेम्याहको पुस्तकको भूमिका

*'यस पुस्तकको आधाभन्दा बढ़ी भाग नहेम्याहको व्यक्तिगत वर्णन हो; यस वर्णनको बीच-बीचमा खुला रूपले टिकाटिप्पणीहरू हालिएका छन्, जुन टिकाटिप्पणीहरूले यो पुस्तक यस्ता खण्डहरूमा पवित्र बाइबलको सबैभन्दा रोचक लेख तुल्याएका छन् । एज्राको पुस्तकको वृत्तान्त पनि प्रथम पुरुषको शैलीमा लेखिएको छ (एज्रा ८:१५-९:१५) । तर एज्राको व्यक्तित्व नहेम्याहको भन्दा शान्तको थियो, जुन नहेम्याहचाहिँ दुर्जय, बड़ो व्यावहारिक, रोचक मानिस थिए । तर यता एज्राचाहिँ तिनीजत्तिकै चाखलाग्दो हाम्रो ध्यान आकर्षण गर्ने व्यक्ति थिएनन् ।'*

*श्री डेरेक किड्नर*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

तपाईंको निर्माण-कार्य भइरहेको, तर मानिसहरूलाई यसमा साथ दिने पार्न तपाईंलाई समस्या भइरहेको छ भने, तपाईंको लागि नहेम्याहको पुस्तक उपयोग्य पुस्तक हो । तब तपाईंको निम्ति हाम्रो सल्लाह छः यो पुस्तक पढ्नुहोस्, अध्ययन गर्नुहोस्, यसबाट सिक्न सक्ने पाठहरू सिक्नुहोस्, अरूलाई सिकाउनुहोस् र प्रचार गर्नुहोस्! असम्भव देखिने काम पूरा गर्न जुन नेतृत्वका सद्गुणहरू चाहिन्छ, ती नेतृत्वका सद्गुणहरू ख्रीष्टपूर्व पाँचौं शताब्दीमा जिएका नहेम्याहमा, यी हिब्रू अगुवामा थिए र तिनमा अद्भुत ढङ्गले प्रस्तुत गरिएका छन् र तिनमा हामीले एउटा उच्च नमुना पाएका छौं ।

यस विषयमा श्री ह्विटकोम्बले यसो लेखेका छन्ः

'नहेम्याहको पुस्तक छोड़ेर पुरानो नियमको अरू कुनै खण्ड छैन, जुन खण्डले हामीलाई नहेम्याहको पुस्तकले जस्तै परमेश्वरको कामको लागि हामी पूरा समर्पित, विवेकशील र जोशले पूर्ण हुनुपर्छ भन्ने प्रोत्साहन दिन्छ। यसको निम्ति नहेम्याहको पुस्तकले हामीलाई दिन सक्ने भन्दा ठूलो उत्साह हामी कहींबाट पाउँदैनौं। परमेश्वरको वचनको सत्यताको निम्ति नहेम्याहले जस्तोसुकै मूल्य चुकाउनुपरे वा परिणामहरू भए पनि देखाएको जोश उदाहरणीय छ, वर्तमान समयमा यस प्रकारको जोशको नमुना अत्यन्तै आवश्यक परेको छ।' 1)

### ख) यस पुस्तकको लेखक को हुन्?

नहेम्याहको नामको अर्थ 'परमप्रभु सान्त्वना दिनुहुन्छ' हो; र यो नाम तिनलाई पूरा सुहाउँछ। नहेम्याहले आफ्नो जीवनी प्रथम पुरुषको शैलीमा लेखे, तर तिनले आफ्नो यस लेखमा जत्तिसक्दो सरकारी लेखहरू पनि समावेश गरे, जुन लेखहरूमा तिनको पहुँच हुन सक्यो। उप्पर मिस्र देशमा अस्वानको छेउमा अवस्थित नील नदीको टापू एलिफेन्टाइनमा पपीरी लेखहरू भेट्टाइए, जुन

लेखहरूमा प्रधान पूजाहारी योहानानको कुरा गरिएको छ (नहेम्याह १२:२२-२३) र नहेम्याहको महाशत्रु सन्बलतका छोराहरूका नामहरू उल्लेख गरिएका छन् । यसकारण यी एलेफेन्टाइनका पपीरी लेखाहरू नहेम्याहको पुस्तकको ऐतिहासिक सत्यताको निम्ति साक्षी हुन् ।

उक्त कुराले नहेम्याहको पुस्तकचाहिँ हकल्याहको छोरा, हनानीका भाइ नहेम्याहको रचना हो भन्ने परम्परागत धारणा पुष्टि गर्छ (नहेम्याह १:१-२) । नहेम्याहको पृष्ठ-भूमिको विषयमा हामीलाई थोरै मात्र थाहा छ; तर सम्भवतः तिनको जन्म फारसमा भएको होला ।

यस पुस्तकमा नहेम्याहमा देखा परेको शिष्टाचार, जोश-उमङ्ग र नेतृत्वका गुणहरू जेजति थिए, ती सबै सद्गुणहरू राजाको मद्य टक्राउने व्यक्तिको नाताले नहेम्याहलाई आवश्यक परेको थियो; किनकि राजाको मद्य टक्राउने काम एउटा अति महत्त्वपूर्ण पद थियो ।

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

यो अनुमान गरिन्छ, कि नहेम्याहले यस पुस्तकमा उल्लेख गरिएका घटनाहरू घटेको केही समयपछि अर्थात् ख्रीष्टपूर्व ४३० सालतिर यो पुस्तक लेखे होलान्, अर्थात् अर्तक्जर्जेसको शासनकाल हुँदा यो पुस्तक लेखियो (ख्रीष्टपूर्व ४६४-४२४) ।

श्री फ्लावियस योसेफसले के भनेका छन् भने, सिकन्दर महान् कनान देशबाट भएर गएको बेलामा यद्दूअ प्रधान पूजाहारी थिए रे । अनि नहेम्याह १२:२२ पदले त्यही यद्दूअ भन्ने नाम उल्लेख गरेको हुनाले, कसै-कसैको विचारमा, नहेम्याहको पुस्तकको लेख्ने मिति तिनको समयभन्दा पछि भएको हुनुपर्छ अरे । तर हुन सक्छ, नहेम्याहले यद्दूअको नाम लिँदाखेरि उनी जवान मानिस थिए कि ? (किनभने उनी पूजाहारीको वंशावलीमा परेको हुनाले नहेम्याहले उनको नाम लिए) । यसो हो भने सिकन्दर महान्को समयमा उनी लगभग नब्बे वर्षका थिए । अनि यो पनि सम्भव छ, कि 'यद्दूअ' नाम भएका दुईजना प्रधान पूजाहारीहरू भएका हुन सक्छ । अनि यो तेस्रो सम्भावना पनि हुन सम्भव देखिन्छः श्री योसेफसले यहाँ कुनै गलत जानकारी पेश गरे होलान्, जसरी त्यस समयको कालक्रमको विषयमा तिनले धेरै पल्ट गल्ती गरिपठाए ।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषयवस्तुहरू के-के हुन् ?

नहेम्याहचाहिँ यहूदीहरूको पुनर्स्थापनामा तेस्रो महान् अगुवा थिए । जरूबाबेलले बेबिलोनको निर्वासनबाट फर्केर गएकाहरूको पहिलो दलको नेतृत्व गरेका थिए र ख्रीष्टपूर्व ५३८-५३७ सालमा यरूशलेममा ल्याएका थिए (एज्रा २) । अनि उनले मन्दिरको निर्माण-कार्य निरीक्षण गरेका थिए । अनि लगभग असी वर्षपछि शास्त्री एज्रा यहूदी-हरूको दोस्रो समूहको साथमा यस पवित्र शहरमा आइपुगेका थिए; यिनले परमेश्वरको वचनको सेवकाईद्वारा परमेश्वरका जनहरूको बीचमा ठूला सुधारहरू ल्याएका थिए । तर पछिको समयमा यरूशलेममा कुराहरू फेरि बिग्रेका थिए ।

एज्राले गरेको यात्राको तेह्र वर्षपछि परमेश्वरले नहेम्याहको हृदयमा यरूशलेमको बिग्रेको अवस्थाको विषयमा बोझ हालि-दिनुभयो । त्यहाँको परिस्थिति सुधार्न पाउने अनुमति प्राप्त गरेपछि नहेम्याहले इस्राएली-हरूलाई अत्यन्तै आवश्यक पर्ने खालको गुणस्तरीय नेतृत्व प्रदान गरे । तिनको विश्वासको जरा परमेश्वरमा गहिरोसँगले गाड़िएको थियो; (घरिघरि तिनले प्रार्थना गरेका सन्दर्भहरूमा ध्यान दिनुहोस्); यस

कुराले तिनलाई आफ्नो जिम्मामा सुम्पिएको कार्यभार उठाएर पूरा गर्न सक्षम बनायो; किनकि तिनले शुरुदेखि तिनलाई घरिघरि धक्का दिइरहेको विरोधको सामना गर्नुपरेको थियो। एकजना भाइले भनेको कुरा साह्र मज्जाको छः 'संसारमा तीन किसिमका मानिसहरू छन्, जस्तैः क) के-के भइरहेको छ, सो थाहा नहुनेहरू; ख) के-के भइरहेको छ, सो कुरा नियालेर हेर्नेहरू; अनि ग) भइरहेका कामकुराहरूका कर्ताहरू पनि छन्।' अनि नहेम्याहचाहिँ भइरहेका कामकुराहरूको कर्ता थिए। एज्राको पुस्तकको सन्दर्भ परमप्रभुको भवन र त्यसको सेवा थियो भने, नहेम्याहको पुस्तकको सन्दर्भचाहिँ यरूशलेमका पर्खालहरू र जनजीवनका दैनिक कामकुराहरू थिए। नहेम्याहको पुस्तकले जनजीवनका दैनिक मामिलाहरूमा परमेश्वरलाई ल्याउँछ।

# रूपरेखाः

**खण्ड १) नहेम्याह १-१२ः नहेम्याहको पहिलो भ्रमणः यरूशलेमको पुनर्स्थापना**

**क) नहेम्याह १ः** तिनले यरूशलेमको बिग्रेको अवस्थामाथि चिन्ता गरेको

**ख) नहेम्याह २ः१-८ः** तिनको हातमा यरूशलेमको पुनर्स्थापना गर्ने अधिकार सुम्पिएको

**ग) नहेम्याह २ः९-६ः१९ः** यरूशलेमको पर्खालको पुनर्निर्माण

**अ) नहेम्याह २ः९-२०ः** पर्खालको तिनको व्यक्तिगत निरीक्षण र यसको विरुद्धमा उठेको सार्वजनिक विरोध

**आ) नहेम्याह ३ः** कामदारहरू र तिनीहरूको काम

**इ) नहेम्याह ४ः** बाहिरबाट आएका बाधाहरू र तिनको विरोधमा चालिएका विशेष पूर्व-सावधानीहरू

**ई) नहेम्याह ५-६ः** भित्रबाट उठेका समस्याहरू र सामाजिक सुधार

**घ) नहेम्याह ७ः१-४ः** यरूशलेमका द्वारपालहरूको संगठन गरिएको

**ङ) नहेम्याह ७ः५-१७ः** यरूशलेमको जनसङ्ख्या दर्ता गरिएको

**च) नहेम्याह ८-१०ः** यरूशलेमको धार्मिक जीवनमा जागृति आएको

**छ) नहेम्याह ११ः** यरूशलेमका वार्डहरूमा फेरि मानिसहरू बसेको

**ज) नहेम्याह १२ः१-२६ः** यरूशलेमका पूजाहारीहरू र लेवीहरूका नामहरूको सूचि

**झ) नहेम्याह १२ः२७-४७ः** यरूशलेमको पर्खालको समर्पण-कार्यक्रम

**खण्ड २) नहेम्याह १३ः नहेम्याहको दोस्रो भ्रमणः यरूशलेमको सुधार**

**क) नहेम्याह १३ः१-९ः** परमप्रभुको भवनबाट तोब्याहलाई निकालिएको

**ख) नहेम्याह १३ः१०-१४ः** लेवीहरूको निम्ति दशांशको नियम पुनर्स्थापना गरिएको

**ग) नहेम्याह १३ः१५-२२ः** विश्रामदिनमा अवैध क्रियाकलापहरू बन्द गरिएका

**घ) नहेम्याह १३ः२३-३१ः** अन्तरजातीय विवाहका सम्बन्धहरू विच्छेद गरिएका

# नहेम्याहको पुस्तकको टिप्पणी

## खण्ड १

## नहेम्याह १-१२ः

## नहेम्याहको पहिलो भ्रमणः यरूशलेमको पुनर्स्थापना

### क) नहेम्याह १ः तिनले यरूशलेमको बिग्रेको अवस्थामाथि चिन्ता गरेको

**नहेम्याह १ः१-३ः** यस पहिलो अध्यायमा नहेम्याहको परिचयको विषयमा एकदम थोरै जानकारीहरू मात्र दिइएका छन्। नहेम्याहको बारेमा हामीलाई दुईवटा कुराहरू मात्र भनिएका छन्ः तिनको बुबाको नाम हकल्याह थियो र तिनी राजा अर्तक्जर्जेसको मद्य टक्राउने व्यक्ति थिए, जुन कामचाहिँ एउटा प्रभावशाली पद पो थियो। यरूशलेमको बारेमा तिनलाई सुनाइएको समाचारप्रति तिनले देखाएको प्रतिक्रियाबाट के बुझिन्छ भने, तिनी आत्मिक चरित्र भएका मानिस थिए। यसको विषयमा श्री जे. अलेक मोट्येरले टिप्पणी गरेका छन्ः

‘यो समय इतिहासको एक अनिश्चित समय थियो; तर यस्तो देखिन्छ कि एज्राले पूरा गरेको कामबाट उत्पन्न भएको उत्साहले मानिस-हरूलाई राजनीति र राष्ट्रवादतिर लगेको थियो, कि कसो हो? यरूशलेमका पर्खालहरूको अनधिकृत पुनर्निर्माणचाहिँ मानिसहरूमा उठेको जोशको फल थियो। परमेश्वरका जनहरूका केही क्षेत्रीय शत्रुहरूले यस कुराको विषयमा अर्तक्जर्जेसलाई खबर गरे, र उनले यो निर्माणको काम बन्द गर भन्ने आदेश दिए। अनि परमेश्वरका शत्रुहरूले यस कुराबाट आफ्नो फाइदा उठाए, र आफ्नो हातमा राजकीय जनादेश लिएर तिनीहरू यरूशलेममा गए र तिनीहरूले यो अनधिकृत निर्माण-कार्य बन्द गरिदिए र यस शहरका पर्खालहरू भत्काए। अनि हुन सक्छ, शत्रुहरूले गरेको यस बिगारको विषयमा खबर नहेम्याहकहाँ आयो।’ [2)]

**नहेम्याह १ः४-११ः** यहूदामा बाँकी रहेका यहूदीहरूको लागि नहेम्याहको बोझ थियो। तिनीहरूको कठिनाइहरू तिनले अनुभव गरेका थिएनन्; तापनि तिनले आफूलाई तिनीहरूसँग एक तुल्याए र उपवास, विलाप र प्रार्थना गर्न आफूलाई दरबारका सुखहरूबाट अलग राखे। तिनले तिनीहरूका पापहरू आफ्नै पाप भएजस्ता मानिलिए र परमेश्वरलाई विन्ती गरेः उहाँले आफ्नो वचन

सम्झून् र आफ्ना जनहरूलाई भेला गर्नमा विश्वासयोग्य भइदिऊन्, जसरी उहाँ तिनीहरूलाई तितरबितर पार्नमा धर्मी हुनुहुन्थ्यो। तिनले परमप्रभुलाई 'राजाको निगाह मलाई मिलेको होस्' भनी विन्ती गरे; किनकि आफ्ना दाजुभाइहरूलाई सहयोग गर्ने साहसी योजनाले तिनको दिमाग र मनमा एउटा निश्चित रूप लिन थालेको थियो। तिनले सर्वोच्च परमेश्वरलाई निक्कै दिनसम्म आफ्नो मामिला जाहेर गरे।

घरिघरि नहेम्याहचाहिँ प्रभावकारी अगुवाको उदाहरणको रूपमा पेश गरिएका छन्। किनकि पहिलो एउटा निश्चित लक्ष्य हासिल गर्ने तिनको दर्शन थियो। त्यसपछि तिनले समस्याको विश्लेषण गरे र उचित कदम चाल्ने निर्णय गरे। त्यसपछि तिनले अरू मानिसहरूलाई आफ्नो दर्शन बाँड्चुँड् गरे र तिनीहरूलाई आफ्नो दर्शनसँग एक हुन र सक्रिय रूपले त्यसमा संलग्न हुन उत्प्रेरित गरे। त्यसपछि तिनले अरूलाई आ-आफ्नो अधिकार सुम्पिदिए र कामहरू अह्राए। तिनले कामको देखरेख गरे अनि परियोजना सन्तोषजनक रूपमा सुसम्पन्न नभएसम्म तिनले कार्य पूरा भएको-नभएको निरीक्षण-जाँच गरे।

### ख) नहेम्याह २:१-८: तिनको हातमा यरूशलेमको पुनर्स्थापना गर्ने अधिकार सुम्पिएको

**नहेम्याह २:१-३:** नहेम्याहको विश्वासले प्रतिफल पाउन तीन-चार महिना लागेछ, अनि त्यो प्रतिफल सबैभन्दा धेरै अकल्पित र आशातीत थियो। किनकि कुनै एक दिनमा तिनले राजालाई दखमद्य टक्राइरहेका थिए, तब तिनको अनुहारले तिनी निराश भएको कुरा प्रकट गरिरहेको थियो। राजाले तिनलाई गरेको प्रश्नले तिनमा डरको तरङ्गमाथि तरङ्ग उर्लाइदियो; किनकि राजाको उपस्थितिमा कोही पनि उदास हुनुहुँदैनथियो (एस्तर ४:२)। यस विषयमा श्री जर्ज विलियम्सले यस प्रकारको टिप्पणी गरेका छन्:

> 'पूर्वका सम्राटहरूलाई दिन प्रतिदिन "कसैले मलाई विष खुवाएको हो कि" भन्ने डर हुन्थ्यो; यसकारण दाखमद्य टक्राउनेको मनमुद्रामा आएको हेरफेर शङ्कास्पदको विषय हुन्थ्यो।' [3)]

तर नहेम्याहले राजालाई कुनै पनि हानि गर्न चाहँदैनथिए। तिनको उदास हुने कारण यरूशलेमको उजाड़ता थियो, अँ, तिनको पुर्खौलीको घर पो थियो।

**नहेम्याह २:४-५:** नहेम्याहले परमप्रभु-माथि राखेको प्रार्थनापूर्ण भरोसा व्यर्थ भएन। किनकि राजाले तिनलाई तिनले मागेको कुरा मात्र दिएनन्, तर तिनलाई यहूदाको राज्यपाल पो बनाइदिए (५:१४)। अर्तक्जर्जेसको उर्दीले परमप्रभुले दानियललाई भन्नुभएको वचन पूरा गरिदियो (दानियल ९:२५), जसरी कोरेसको अघिल्लो उर्दीले यर्मियाको भविष्यवाणी पूरा गरेको थियो (यर्मिया २९:१०; एज्रा १ अध्याय)।

**नहेम्याह २:६-८:** राजा अर्तक्जर्जेसले सोधेको प्रश्नको उत्तर दिँदा नहेम्याहले उनलाई यो काम पूरा गर्न तिनलाई कति समय लाग्नेछ, सो कुरा बताए। तर वास्तवमा नहेम्याह कम्तीमा बाह्र वर्ष फारसमा अनुपस्थित थिए (५:१४)। यस सबैमा नहेम्याहले आफूमाथि परमेश्वरको भलो हात रहेको महसुस गरे।

### ग) नहेम्याह २:९-६:१९: यरूशलेमको पर्खालको पुनर्निर्माण

#### अ) नहेम्याह २:९-२०: पर्खालको तिनको व्यक्तिगत निरीक्षण र यसको विरुद्ध उठेको सार्वजनिक विरोध

**नहेम्याह २:९-१६:** राजा अर्तक्जर्जेसले नहेम्याहलाई आधिकारिक पत्रहरू दिए र तिनको साथमा एउटा सशस्त्र दल पठाए।

यरूशलेममा आइपुगेको केही समयपछि नयाँ राज्यपालको नाताले तिनले आफ्नो राजधानीको सर्वेक्षण गरे; तर यस कुरामा सकेसम्म कम ध्यान आकर्षण गर्न र आफ्ना योजनाहरू गोप्य राख्नको लागि तिनले अँध्यारो रात भएको बेलामा यसो गरे। यरूशलेम शहर टिक्नु हो भने, यसका पर्खालहरू मर्मत गर्नु अति आवश्यक छ भन्ने कुरा तिनलाई थाह लाग्यो। एक ठाउँमा त्यहाँको धूलोमूलोको यति ठूलो थुप्रो थियो कि तिनी चढ़िरहेको पशु पनि त्यहाँबाट अघि बढ्न सक्दैनथियो।

**नहेम्याह २:१७-२०:** पछि तिनले अगुवाहरूलाई बोलाए र तिनीहरूलाई के गर्न आवश्यक थियो, सो बताइदिए। त्यसपछि तिनले परमप्रभुको भलो हात त्यस दिनसम्म कुन प्रकारले तिनीसँग रहेको थियो, साथै राजाले तिनलाई भनेका वचनहरू पनि सुनाइदिए र तिनीहरूलाई उत्साह दिए। यो कुरा सुनेर यहूदीहरू उत्साहित भए र तत्कालै यो काम शुरु गर्न तयार भए। तर तिनीहरूका शत्रुहरू सन्बलत, तोब्याह र गेशेमले गिल्ला गरे र तिनीहरूलाई राजाको विरुद्धमा विद्रोह गरेको झूटो आरोप लगाएर यो निर्माण-कार्य रोक्न खोजे। तर नहेम्याह तिनीहरूदेखि डराएनन्; किनकि स्वर्गका परमेश्वरले सफलताको प्रतिज्ञा गर्नुभएको थियो। मानिसहरू एकजुट भएका थिए; अनि परमेश्वरले आशिष दिनु हो भने, आपसी एकता अनिवार्य थियो (भजन १३३:१-३)।

### आ) नहेम्याह ३: कामदारहरू र तिनीहरूको काम

पूजाहारीहरू यस काममा अग्रसर थिए; अनि उनीहरूले भेड़ाको मूलढोका मर्मत गर्न थाले। यो मूलढोकाचाहिँ शहरको उत्तरपूर्वीय कुनामा अवस्थित थियो; मन्दिरको वेदीको लागि बलिपशु ठहरिएका भेड़ाहरू यस मूलढोकाबाट भित्र ल्याइएका हुनाले यस्तो नाम भेड़ाको मूलढोका राखिएको हो। ती मूलढोकाहरू वामावर्त हुने गरी उल्लेख गरिएका छन्: भेड़ाको मूलढोका (३:१-२); माछाको मूलढोका (५:३-५); पुरानो मूलढोका अथवा कुनाको मूलढोका (३:६-१२); बेंसीको मूलढोका (३:१३); घुरानको मूलढोका (३:१४); मुहानको मूलढोका (३:१५-२५); पानीको मूलढोका (३:२६); घोड़ाको मूलढोका (३:२८); पूर्वी मूलढोका (३:२९); र मिप्कादको मूलढोका अर्थात् नियुक्तिको मूलढोका (३:३१)। अनि ३:३२ पदले चक्कर पूरा गरेर हामीलाई फेरि भेड़ाको मूलढोकामा फर्केर ल्याउँछ। यस पुस्तकमा अझै दुईवटा मूलढोकाहरू उल्लेख गरिएका छन्: एप्रैमको मूलढोका (८:१६ र १२:३९) र झ्यालखानाको मूलढोका वा पहरेदारको मूलढोका उल्लेख गरिएको छ। जम्मा गरेर बाह्रवटा मूलढोकाहरू थिए, जसरी नयाँ यरूशलेममा पनि बाह्रवटा मूलढोकाहरू हुनेछन् (प्रकाश २१:१२)। ध्यान गर्न लायक कुरा के हो भने, परमेश्वरले उहाँको सेवा गर्ने सबैका नामहरू होशियारसाथ लेखि-राख्नुहुन्छ। यो कुरा पर्खाल र मूलढोकाहरू मर्मत गर्नेहरूको सूचिबाट स्पष्ट देखिन्छ।

३:१६ पदमा लेखिएको बेत-सूर अर्थात् शूरवीरहरूको घरचाहिँ शुरुमा दाऊदका शूरवीर योद्धाहरूको मुख्यालय भएको हुन सक्छ।

के पुरुषहरू, के स्त्रीहरू, के कारिगरहरू, के मजदुरहरू, के शासकहरू, के साधारण मानिसहरू – यी सबैले एकसाथ काँधमा काँध मिलेर काम गरे। अनेकताको एकमात्र झलक कहाँबाट आयो भने, टेकोअका भारदारहरूले आफ्नो जिम्मेवारी पन्छाए (३:५)। आ-आफ्नो तोकिएको काम पूरा गरेपछि कसै-कसैले यस पर्खालको मर्मत-कार्यमा दोस्रो भागको जिम्मा लिए (३:४ र

२१ अनि ३:५ र २७)। परमेश्वरले वर्तमान समयमा ख्रीष्ट-विश्वासीहरूलाई विभिन्न कार्यभारहरू दिनुभएको छ। अनि उहाँले हाम्रो बोलावटअनुसार हामीलाई विभिन्न वरदानहरू र क्षमताहरू दिएर हरेक असल कामको निम्ति हामीलाई सुसज्जित पार्नुभएको छ। अनि उहाँ तिनीहरूको विषयमा जान्नुहुन्छ, जो उहाँको काममा संलग्न भएका छैनन् र उनीहरूलाई चिन्नुहुन्छ, जसले दोबर काम गरिरहेका छन्। *'... हरेकको काम प्रकट हुनेछ; किनकि त्यस दिनले त्यो काम देखाउनेछ, किनकि त्यो आगोद्वारा प्रकट गरिनेछ; अनि हरेकको काम, त्यो कस्तो किसिमको रहेछ भनी आगोले जाँच गर्नेछ'* (१ कोरिन्थी ३:१३)।

### इ) नहेम्याह ४: बाहिरबाट आएका बाधाहरू र तिनको विरोधमा चालिएका विशेष पूर्व-सावधानीहरू

**नहेम्याह ४:१-६:** जब सन्बलत र तोब्याहले भर्खर शुरु भएको यस पुनर-निर्माणको खिल्ली उड़ाए, तब नहेम्याहको प्रतिक्रिया हेर्नुहोस्: तिनले प्रार्थना गरे, र तिनी यस काममा लागिरहे। नहेम्याह ४:४-५ पद-हरूमा जुन अभिशापको भाषा प्रयोग गरिएको छ, यस प्रकारको भाषा व्यवस्थाको युगमा ग्रहणयोग्य थियो, तर अनुग्रहको युगमा ख्रीष्ट-विश्वासीहरूको निम्ति यस प्रकारको भाषा सुहाउँदैन (रोमी १२:१९-२१)। चाँड़ै पर्खालचाहिँ यसको आधा उचाइमा पुगिगयो।

**नहेम्याह ४:७-१४:** अरबहरू, अम्मोनी-हरू र अश्दोदीहरूबाट आएको बाहिरी दबाउ तिनीहरूको निम्ति एकमात्र खतरा थिएन। किनकि बेला-बेलामा यस विशाल कामको भारले यहूदीहरूलाई साह्रै थिचेर झन्डै शेष पारेको थियो। तिनीहरूलाई धूलोमूलोको थाक असीमित थुप्रो लाग्थ्यो; तिनीहरूको शक्ति र जोश-जागर घट्यो र कम भयो (४:१०)। अनि जब यरूशलेमको वरिपरि देहातमा बसिरहेका तिनीहरूका भाइबन्धुहरूले सन्निकट आक्रमाणको विषयमा चेताउनी दिए, तब नहेम्याहले पर्खालको पछाड़िपट्टि त्यसका तल्ला ठाउँहरूमा मानिसहरूलाई राखे, कामदारहरूलाई हतियारहरू दिए र 'उनीहरूसँग नडराओ! महान् र भययोग्य परमप्रभुको सम्झना गर र लड़ाइँ गर' भनेर तिनीहरूलाई प्रोत्साहन दिए।

**नेहम्याह ४:१५-२३:** तिनीहरूको यस हुन लागेको हमलाबाट आकस्मिकता हटेपछि यहूदाका शत्रुहरूले आफ्नो आक्रमण गर्ने योजना त्यागिदिए। त्यस दिनदेखि उसो आधा यहूदीहरू यस निर्माणको काममा व्यस्त रहे, र बाँकी आधा मानिसहरूले चाहिँ पहरा गरे। बनाउनेहरूले पनि हतियारहरू बोके। अनि नहेम्याहले सब समयमा एकजना तुरही फुक्नेलाई आफ्नो साथमा राखे, यस हेतुले कि आक्रमण भएमा उसले तुरही फुकेर खतराको सङ्केत दिन सकोस्, र पर्खालमा फैलिएका मानिसहरूलाई एक ठाउँमा भेला गराउन सकोस्। अनि आवश्यक परेको खण्डमा तिनीहरू सजिलैसँग उपलब्ध हुने उद्देश्यले यरूशलेम-बाहिरबाट आएका मानिसहरूलाई शहरमा रात बिताउने आदेश दिइयो। तिनीहरूको रणनीति यस प्रकारको थियो: प्रार्थना गर्नु, सतर्क रहनु र काम गरिरहनु। मानिसहरूले आफ्नो अजय अगुवाको साहस र दृढ़ताको अनुकरण गरे। नहेम्याह, तिनका आफन्तहरू, तिनका सेवकहरू र तिनीसँग रहेका फारसका पहरेदारहरूले शहरको पहरा गर्दा र रात्रि-जागा गर्दा आफूलाई एक क्षण पनि फुर्सद दिँदैनथिए।

### ई) नहेम्याह ५-६: भित्रबाट उठेका समस्याहरू र सामाजिक सुधार

**नहेम्याह ५:१-७:** पुनर्निर्माण चलिरहेको बेलामा बीचैमा एउटा घिनलाग्दो आन्तरिक

समस्या उठ्यो। खानेकुराहरू दुर्लभ पाइन्थे र महँगो पनि हुन्थे। मूल्यवृद्धि र फारसका राजाले यहूदीहरूमाथि लादेको करको बोझले तिनीहरूमध्ये धेरैलाई गरिबीमा धकेलिदिएको थियो। तिनीहरूले आफ्ना धनी दाजुभाइ-हरूबाट पैसा उधारो लिनुपरेको थियो, र तिनीहरू आफ्नो सम्पत्ति समेत बन्धकको रूपमा राख्न बाध्य भए। तिनीहरूमध्ये कति जनाले त आफ्ना छोराछोरीहरूलाई दास-दासीको रूपमा बेच्नुपरेको थियो। अनि तिनीहरूको जग्गाजमिन अरूको भएको हुनाले आफ्ना छोराछोरीहरूलाई फेरि किन्न तिनी-हरूसँग कुनै पनि साधन रहँदैनथियो। अनि जब तिनीहरूले नहेम्याहलाई आफ्नो दुःख पोखाए, तब तिनले धनी मानिसहरूलाई एउटा बैठकमा बोलाए र यिनीहरूलाई हप्काए।

**नहेम्याह ५:८-१०:** यता नेहम्याह र अरूले आफ्ना यहूदी भाइबहिनीहरूलाई तिनीहरूका अन्यजाति छिमेकीहरूको दासत्वबाट दाम तिरेर छुटाउँदा के उता यिनीहरूले आफ्ना यहूदी भाइबहिनीहरूलाई दासत्वमा धकेल्न असङ्गत कुरा थिएन र? के यिनीहरूले आफ्नो सुरक्षाको लागि परमेश्वर-सित सठीक सम्बन्ध कायम राख्नु आवश्यक थिएन र? तब ब्याज लिएर यिनीहरूले यस सम्बन्धमा कसरी उहाँको पवित्र नियम भङ्ग गरेर परमप्रभुलाई विमुख तुल्याउन सके त? (५:९-१० पदहरू प्रस्थान २२:२५ पदसित तुलना गर्नुहोस्)। यिनीहरूका अगुवा भएको नाताले नहेम्याह यिनीहरूको उदाहरण भए; किनकि तिनले ऋणको ब्याज लिँदैनथिए। के यिनीहरूले त्यस्तै गर्नुपर्दैनथियो र?

**नेहम्याह ५:११-१२:** अनि नहेम्याहले यी धनी मानिसहरूलाई सुदखोरीद्वारा आर्जन गरेको सम्पत्ति फिर्ता गर्ने अनि रुपियाँपैसा, अन्न, दाखमद्य र तेल ऋणमा दिएको खण्डमा त्यसको ब्याजको केही भाग फिर्ता गर्ने आग्रह गरेपछि यिनीहरूले त्यस्तै गर्ने प्रतिज्ञा गरे। तब पूजाहारीहरूलाई बोलाइयो, र उनीहरूले यिनीहरूलाई शपथ खान लगाए; तब यिनी-हरूको यो प्रतिज्ञा पक्कापक्की गरेको ठहरियो।

**नहेम्याह ५:१३:** त्यसपछि त्यो कुरा इन्कार गर्ने मानिस जोसुकै होस्, त्यस मानिससित के-के गरिनेथियो, सो कुरा एउटा सुनिश्चित चेताउनीको रूपमा यहाँ सूचित गरिएको छ। जसरी कसैले आफ्नो लुगाबाट धूलो टकटक्याउँछ, ठीक त्यस्तै त्यो मानिस यस दूध र मह बग्ने देशबाट टकटक्याईकन निकालिनेथियो। त्यहाँ भेला भएका सबै मानिसहरूले हृदयदेखि नै 'आमेन' अर्थात् तथास्तु भने, त्यसपछि सभा समाप्त भयो, अनि मानिसहरू घर फर्के, अनि भाकल गर्नेहरूले आफ्नो यो भाकल पूरा गरे।

**नहेम्याह ५:१४-१९:** यस खण्डमा नहेम्याहले राज्यपालको रूपमा काम गरेको बाह्र वर्षको कार्यकालको छोटो विवरण दिएर पाँच अध्याय समाप्त हुन्छ। तिनले आफ्नो जीविका आफ्नै पैसाले चलाउने गर्थे, र यसको निम्ति मानिसहरूबाट कुनै शुल्क लिएनन्। तिनले आफ्नो उच्च पदबाट जग्गा-जमिन किन्ने फाइदा उठाएनन्, न ता स्वार्थी भई आफ्नो सुखद भविष्यको लागि बन्दोबस्त गरे। यरूशलेम आफ्ना दाजुभाइहरूको निम्ति सुरक्षित राख्नमा तिनको समय समर्पित थियो; तिनले आफ्नो व्यक्तिगत भाग्य निर्माण गरेनन्। तिनले आफ्नै टेबलको प्रबन्ध आफैले गरे र अज्ञात पाहुनाहरूलाई स्वागत गरे, जसले तिनको न्यानो अतिथि-सत्कार चाख्न पाए। तिनले यो सबै किन गरे? किनभने तिनले परमेश्वरको भय मान्ने गर्थे। परमेश्वरले तिनका त्यागहरू ख्याल गर्नुभयो भने, बस, त्यो कुरा नहेम्याहको लागि पर्याप्त थियो।

**नहेम्याह ६:१-४:** शत्रु अन्य माध्यम-हरूबाट यहूदीहरूलाई रोक्न असफल

भएपछि त्यसले नहेम्याहलाई नाश गर्ने प्रयास गर्‍यो। चार पल्ट सन्बलत र अरबी गेशेमले नहेम्याहलाई तिनको काम छोड़ेर ओनोको मैदानमा तिनीहरूसँग भेट्न लगाउने प्रयास गरे। तर चारै पल्ट नहेम्याहले इन्कार गरे; किनभने तिनले जान्दथिए, कि तिनीहरूले तिनलाई हानि गर्न एउटा दुष्ट युक्ति रचेका थिए। यस्तो महान् कार्य रोकिनु हुँदैनथियो।

**नहेम्याह ६:५-९:** अझै पनि तिनको सहयोगी भइटोपल्दै गरेको सन्बलतले एउटा पत्र लेखेर नहेम्याहलाई आरोप लगाएः फारसका राजाको विरुद्धमा विद्रोह गरेर तिनले आफूलाई यहूदाको राजाको रूपमा उचाल्ने योजना बनाए अरे। सन्बलतले नहेम्याहलाई 'राजाबाट आउन लागेको समस्याबाट जोगिने हेतुले म तपाईंलाई मद्दत गर्न चाहन्छु' भनेर भने र 'मकहाँ आउनुहोस्, र हामी यस विषयमा छलफल गरौं' भन्ने सुझाउ दिए। तर नहेम्याहले यो सुझाउ इन्कार गरे; किनकि सन्बलतको मनमा तिनीप्रति हितकारी अभिप्रायहरू थिएनन् भन्ने कुरा तिनलाई राम्रोसँग थाहा थियो। अनि यिनले लगाएका अपमानजनक आरोपहरू पनि झूटा थिए। नहेम्याहको विश्वासयोग्यता आफ्नो निम्ति आफै बोलेको थियो।

**नहेम्याह ६:१०-१४:** नहेम्याह ईश्वर-भक्त मानिस थिए, जसले परमप्रभुको वचनको भय मान्ने गर्थे; यो कुनै गोप्य कुरा थिएन। यसकारण झूटा अगमवक्ताहरूलाई भाड़ामा लिइयो, जसले तिनलाई पापमा फसाउन खोजे, कि तिनले आफूमाथि परमेश्वरको बेखुशी निम्त्याऊन्। शमायाह नामक एकजना यहूदीचाहिँ शत्रुहरूको गुप्त मुखबिर थिए। यिनले नहेम्याहलाई तिनको जीवन लिन खोज्नेहरूको षड़्यन्त्रको बारेमा चेताउनी दिए र 'हजुर, सुरक्षाको लागि मसँग आउनुहोस्, हामी मन्दिरमा लुक्न जाऔं' भन्ने सुझाउ दिए। नहेम्याहले यी अगमवक्ताको धूर्त चाल थाहा पाए। परमेश्वरको वचन-अनुसार पूजाहारीहरूलाई बाहेक अरू सबैलाई मन्दिरमा प्रवेश गर्न निषेध गरिएको थियो। यसकारण नहेम्याह यो नियम उल्लङ्घन गर्नुभन्दा बरु आफ्नो ज्यान गुमाउन तयार थिए। अनि यसरी सन्बलतको तेस्रो युक्ति पनि हानि नगरी निष्फल भई भुइँमा खस्यो।

नहेम्याह ६:९ र १४ पदमा 'त्वरित् प्रार्थना' [4)]का उदाहरणहरू हुन्; यस प्रकारको प्रार्थनाले नेहम्याहको जीवन चिनायो (नहेम्याह २:४, ४:९ र ५:१९)। सङ्क्षेपमा परेको घड़ीमा तिनी परमेश्वरतिर फर्किहाले; यो तिनको बानी थियो। श्री माथ्यू हेनरीले यसको विषयमा निम्न टिप्पणी गरेका छन्ः

> 'नहेम्याहले आफ्ना शत्रुहरूको दुष्टता र द्वेषको बारेमा गुनासो गरिरहेको बेलामा बीचमा आएर तिनले यस छोटो प्रार्थनामा आफ्नो हृदय स्वर्गतिर उठाएः ''यसकारण अब हे परमेश्वर, मेरा हातहरू बलियो तुल्याइदिनुहोस्!'' किनभने शत्रुहरूले तिनलाई डर देखाउने खोजेका थिए र तिनका हातहरू कमजोर तुल्याउन चाहेका थिए। असल मानिसहरूको निम्ति यो एउटा ठूलो टेवा र ठूलो सान्त्वनाको कारण होः तिनीहरूका सबै जोखिम र कठिनाइहरूमा आफ्नो साथमा एक भलो परमेश्वर हुनुहुन्छ, जसको पवित्र उपस्थितिमा तिनीहरूले सधैं प्रवेश गर्न पाउँछन्। तिनीहरूका शत्रुहरूले तिनीहरूलाई डरैडरले भरिदिने र तिनीहरूका हातहरू कमजोर पारिदिने प्रयास जारी राखिरहेको बेलामा उहाँबाट नै तिनीहरूले विश्वास र प्रार्थनाद्वारा आफ्ना डरहरू शान्त पार्ने र आफ्ना हातहरू बलियो पार्ने अनुग्रह पाउँछन्। अनि हाम्रो इसाई सेवा र हाम्रो आत्मिक लड़ाइँको विषयमा कसो हो? जब हामी कुनै विशेष सेवामा वा आत्मिक संघर्षहरूरूपी रणभूमिमा उत्रन्छौं, तब यो उक्त प्रार्थना हाम्रो निम्ति लाभदायक हुन्छ। त्यस बेलामा हामी यस प्रकारले प्रार्थना गरौंः ''हे प्रभु येशू, मलाई

फलानो काम सुम्पिएको छ, मैले ढिकानो परीक्षाको सामना गर्नुपरेको छ; यसकारण अब मेरा हातहरू बलियो तुल्याइदिनुहोस् !" ' 5)

**नहेम्याह ६:१५-१९:** यस निर्माण-कार्यमा निरन्तर विरोध आए तापनि यो पर्खाल बाउन्न दिनहरूमा पूरा भयो; यो कति उल्लेखनीय सफलता थियो ! ! परमेश्वरको आशिषको यस पक्का प्रमाणले यहूदाका शत्रुहरूलाई हार खुवाइदियो। यो पर्खाल बनाउँदै गरेको बेलामा नहेम्याहले अर्को दुःख सहनुपरेको थियो (नहेम्याह ६:१७-१९)। यरूशलेमका धेरै कुलीनहरूले दुष्ट तोब्याह-सँग मित्रता कायम राखेका थिए; किनभने यिनीसित तिनीहरूको विवाहको सम्बन्ध थियो; (नहेम्याह २:१० पदअनुसार तोब्याह अम्मोनीहरूका राज्यपाल थिए)। अनि ती कुलीनहरूले एकातिर नहेम्याहका शब्दहरू तोब्याहलाई सुनाए र अर्कोतिर नहेम्याहको सामु तोब्याहको प्रशंसा गरे। हामी तेह्र अध्यायमा फेरि तोब्याहको विषयमा पढ्छौं।

यरूशलेमका पर्खालहरू पूरा गर्न केवल बाउन्न दिन लाग्यो; तर नहेम्याहले राज्यपाल भएका बाह्र वर्षमा वा त्योभन्दा बढ़ी वर्षहरूमा तिनका अरू धेरै कर्तव्यहरू थिए।

## घ) नहेम्याह ७:१-४: यरूशलेमका द्वारपालहरूको संगठन गरिएको

**नहेम्याह ७:१-२:** यरूशलेमका पर्खाल-हरू र यसका मूलढोकाहरू सिद्ध्याउनेबित्तिकै द्वारपालहरू, गायकहरू र लेवीहरूलाई आ-आफ्नो जिम्मेवारी र कार्यभार सुम्पियो। त्यसपछि नहेम्याहले शहरको जिम्मा आफ्नो भाइ हनानीलाई र हनन्याहलाई सुम्पिदिए। यी दुवैजना धर्मी मानिस थिए, र यस जिम्मेवारीको लागि सुयोग्य थिए। हनन्याहले परमेश्वरप्रति गहन श्रद्धा राख्थे; यसले गर्दा नहेम्याह र उनको बीचमा ठूलो आत्मियता थियो।

**नहेम्याह ७:३-४:** यरूशलेमको सुरक्षा निश्चित गर्न विभिन्न निर्देशनहरू दिइए। मूलढोकाहरू दिउँसो मात्र खोलिनुपरेको थियो, र शहरको वरिपरि पहरेदारहरू तैनाथ गरिनुपरेको थियो, एक-एक मानिसले आ-आफ्नो घरको छेउमा सेवा गर्नुपरेको थियो। पर्खालहरूको घेरामा भएको क्षेत्र चाहिएको भन्दा ठूलो थियो र यरूशलेमका बासिन्दाहरू थोरै थिए; तर विश्वासद्वारा नहेम्याहले पर्खालहरू पहिले जहाँ-जहाँ भएका थिए, त्यहीं ठाउँमा बनाए।

## ङ) नहेम्याह ७:५-१७: यरूशलेमको जनसङ्ख्या दर्ता गरिएको

**नहेम्याह ७:५-६:** अनि जब तिनले यरूशलेम शहरमा ती मानिसहरूलाई बसोबास गराउन योजना गरे, जसको वंशावलीले तिनीहरू सक्कली यहूदी मानिसहरू रहेछन् भन्ने कुरा प्रमाणित गऱ्यो, तब तिनले एउटा पञ्जी भेट्टाए, जसमा जरूबाबेलको अधीनतामा यहूदा र यरूशलेममा फर्केका मानिसहरूका नामहरू लेखिएका थिए।

**नहेम्याह ७:७-६५:** यस खण्डमा प्रस्तुत गरिएको सूचि र एज्रा दुई अध्यायमा दिइएको सूचि प्रायः उस्तै छ। यहूदी परम्पराले एक समयमा यी दुईवटा पुस्तकहरू एउटै बनाएको थियो; तर यी उक्त दोहोरिएका सूचिहरूले यो धारणा खारिज गर्छ, जुन धारणाअनुसार एज्राको पुस्तक र नहेम्याहको पुस्तक एउटा पुस्तक मानिन्छन्। होइन, एज्रा र नहेम्याहका पुस्तकहरू मूलपाण्डुलिपिमा एउटै पुस्तक थिएनन्।

**नहेम्याह ७:६६-६९:** यी पदहरूमा त्यस बेलाको सम्पूर्ण समूहको कुल सङ्ख्या दिइएको छ; दासदासीहरू, गायकगायिकाहरू र सफर गर्न भारी बोक्ने पशुहरूको गन्ती यस सङ्ख्यामा हालिएको छैन, तर तिनीहरू अलग्गै गनिएका थिए।

**नहेम्याह ७ः७०-७२ः** यहाँ, यस ठाउँमा यस निर्माण-कार्यको निम्ति दान दिने दाताहरूका नामहरू र तिनीहरूले दिएका दानहरू सूचित गरिएका छन्। यी पदहरू एज्रा २ः६८-६९ पदहरूसित मिल्दैनन्। यसकारण हामीले यी दुईवटा विवरणहरू फरक-फरक संग्रहहरूका हिसाबकिताबहरू मान्नुपर्ला।

यरूशलेममा मानिसहरूलाई बसोबास गराउने राज्यपालको योजना एघार अध्याय-सम्म पूरा भएन।

**नहेम्याह ७ः७३ः** इस्राएलीहरू आ-आफ्ना शहरहरूमा शान्ति र सुरक्षासित बसेको झलक दिएर यहाँ यो अध्याय बन्द भयो।

### च) नहेम्याह ८-१०ः यरूशलेमको धार्मिक जीवनमा जागृति आएको

**नहेम्यया ८ः१-८ः** यस महत्त्वपूर्ण अध्यायले पवित्र धर्मशास्त्रको सार्वजनिक पठनले परमेश्वरका जनहरूको बीचमा आत्मिक जागृति ल्याएको कुरा बताउँछ। याद गर्नुहोस्ः नहेम्याहको कुरा अब अन्य पुरुषको शैलीमा गरिन्छ (नहेम्याह १२ः३१ पदसम्म)। यसको अर्थ यही होः आउँदा अध्यायहरूमा एज्राचाहिँ मुख्य व्यक्ति हुन्।

सातौं महिनाको पहिले दिनमा एउटा पवित्र सभा थियो, र मानिसहरू तुरहीको चाड़ मनाउन भेला भए (लेवी २३ः२४-२५)। (तुरहीको चाड़को साङ्केतिक अर्थ यही होः एक दिन अन्तजातिहरूको बीचबाट इस्राएली जाति फेरि आफ्नो देशमा भेला गराइनेछ)। एउटा विशेष मञ्चमा उभिएर एज्राले मोशाको व्यवस्था केही घण्टासम्म पढ़ेर सुनाए; उनको देब्रे-दाहिने हातपट्टि तेह्रजना लेवीहरू उभे। अनि ८ः७ पदमा उल्लेख गरिएका लेवीहरूले मानिसहरूलाई तिनीहरूको सामु पढ़ेर सुनाएको परमेश्वरको वचनको अर्थ बुझ्नमा धेरै सहायता गरेको हुनाले मानिसहरूले परमेश्वरको वचनप्रति ठूलो सम्मान देखाए (८ः८)। कैदबाट फर्केर आएको समयदेखि हिब्रू भाषाको सट्टामा अरामी भाषा चल्तीमा आएको हुनाले हिब्रू धर्मशास्त्रका धेरै शब्दहरूको अर्थ बुझाउन आवश्यक थियो।[6)]

अनि वर्तमान समयमा, धेरै शताब्दीहरू बितेपछि, फरक संस्कृति भएका र बेग्ला-बेग्ला भाषा बोल्ने मानिसहरूको बीचमा प्रचारकहरू र बाइबल-शिक्षकहरूले अझै धेरै कुराहरू बुझाउनुपर्छ। डा. डोनाल्ड क्याम्पबेलले यस प्रकारको सेवकाईको महत्त्वमा जोड़ दिएर यसो भनेका छन्ः

> 'एज्रा र उनका सहयोगीहरू पवित्र बाइबलको अर्थ खोल्ने र व्याख्या गर्ने प्रचारक-हरूको लामो पङ्क्तिमा प्रथम थिए। शताब्दी-हरूदेखि परमेश्वरले यस किसिमको प्रचारमाथि धेरै आशिष दिनुभएको छ र इसाईहरूलाई आत्मिक परिपक्वतामा ल्याउन यस किसिमको प्रचार निरन्तर एउटा प्रभावकारी साधन ठहरिएको छ। विषयबद्ध र बाइबलको कुनै खण्डबाट गरिएको प्रचार धेरैपल्ट प्रेरणादायक र उपयोगी हुन्छ, तर एज्राले गरेझैं गरिएको प्रचारबाट प्राप्त हुने ठूला आत्मिक लाभहरूसँग विषयबद्ध प्रचारबाट आएका लाभहरू तुलनामा आउन सक्दैनन्। पवित्र धर्मशास्त्र बाइबलको व्याख्यात्मक प्रचार सुन्न पाउने सुअवसर पाएका विश्वासीहरू साँच्चै धन्यका हुन्।'[7)]

**नहेम्याह ८ः९-१२ः** मानिसहरूको आँसुबाट स्पष्ट बुझिन्छ, कि तिनीहरूले सुनेको सन्देश गम्भीर रूपले लिए (८ः९)। तिनीहरूले परमेश्वरको वचन गम्भीरताको साथ लिएकोमा तिनीहरूले सठीक काम गरे; तर तिनीहरू शोकमा डुब्ने कारण थिएन। यो चाड़ रुनको निम्ति होइन, तर रमाउनको निम्ति दिइएको थियो। इस्राएलीहरूका चाड़हरूमा शोक गर्ने र उपवास बस्न एउटा मात्र हुन्थ्यो, अनि त्यो प्रायश्चित्तको दिन थियो। अरू

बाँकी सबै चाड़हरू हर्ष र उत्सवको साथ मनाइन्थे। यहाँ आत्माको फल देखा पर्‍योः **क)** तिनीहरूको प्रेममा; किनकि तिनीहरूले कम भाग्यशाली हुनेहरूसित आफ्नो बाँड़े; **ख)** तिनीहरूको आनन्दमा; किनकि तिनीहरूले परमेश्‍वरको उपस्थितिमा खाए र पिए। **ग)** तिनीहरूको शान्तिमा; किनभने तिनीहरूका डरहरू शान्त पारिए र तिनीहरूका हृदयहरूले बिसाउन पाए। तिनीहरूको दुःख आनन्दमा परिणत भयो। अनि परमप्रभुको आनन्द नै तिनीहरूको बल बन्यो।

**नहेम्याह ८ः१३-१५ः** अनि भोलिपल्ट अगुवाजनहरू, पूजाहारीहरू र लेवीहरूको निम्ति बाइबल-अध्ययन गर्ने विशेष समय थियो। अनि तिनीहरूले झुपड़ीहरूको चाड़को विषयमा पालन गर्नुपर्ने विधि र नियमहरू परमेश्‍वरको वचनबाट पत्ता लगाए, जुन विधि र नियमहरू तिनीहरूले त्यस महिनामा केही दिनहरूपछि मनाउनुपर्नेथियो।

**नहेम्याह ८ः१६-१८ः** यस चाड़ले त्यो समय पूर्वचित्रण गर्छ, जुन समयमा इस्राएली जाति प्रतिज्ञा गरिएको देशमा सुरक्षित बस्नेछ। तब तिनीहरूले तुरुन्तै झुपड़ीहरूको चाड़ मनाउने प्रबन्धहरू गरे; यहोशूको समयदेखि यता यो पहिलो पल्ट थियो, जब सम्पूर्ण समुदायले यो चाड़ मानेको थियो। (एज्रा ३ः४ पदअनुसार जरूबाबेलको अधीनतामा निर्वासनबाट यरूशलेममा फर्केर आएकाहरूको पहिलो दलले यो चाड़ आंशिक रूपले मानेका थिए)। घरहरूका छतहरूमा, चोकहरूमा र सड़कहरूमा झुपड़ीहरू बनाइए। मानिसहरूको बीचमा ठूलो आनन्द भइरहेकोको थियो; किनकि दिनहुँ परमेश्‍वरको वचनको अर्थ खोलीकन भोकाएका हृदयहरूलाई उहाँको व्यवस्था पढ़ेर सुनाइन्थ्यो। यो चाड़ यस महिनाको पन्ध्रौं दिनदेखि बाइसौं दिनसम्म चल्यो।

**नहेम्याह ९ः१-३ः** यो चाड़ मनाएपछि मानिसहरू आम-स्वीकारको बड़ा दिनको लागि भेला भए। तिनीहरूले आफूलाई तिनीहरूको बीचमा बस्ने परदेशीहरूबाट अलग गरे र आफूलाई परमप्रभुको सामु विनम्र पारे। तिनीहरू उपवास बसे, र शोक गरे। दिनमा तीन घण्टा तिनीहरूले पवित्र धर्मशास्त्र बाइबल पठन गरे; त्यसपछि फेरि तीन घण्टा तिनीहरूले आ-आफ्ना पाप स्वीकार गरे र परमप्रभुको आराधना गरे। यसकारण बुझ्नुहोस्ः पापको स्वीकार जागृतिमा पुर्‍याउने बाटो हुँदो रहेछ।

**नहेम्याह ९ः४-३८ः** त्यसपछि ४ र ५ पदहरूमा नामहरूसित उल्लेख गरिएका लेवीहरूले मानिसहरूलाई पापको स्वीकारमा (९ः६-३७) र समर्पणको प्रार्थनामा अगुवाइ गरे (९ः३८)। यो कति महान् प्रार्थना थियो!! कसै-कसैको विचारमा एज्राले यस प्रार्थनामा अगुवाइ गरे; तर यस प्रार्थनाको सम्बन्धमा उनको नाम लिइएको छैन। पवित्र बाइबलमा लामा प्रार्थनाहरूमध्ये यो एउटा हो, र यस प्रार्थनाले आफ्नो जरा विश्‍वासको दृष्टिकोणले प्रस्तुत गरिएको धार्मिक इतिहासमा गहिरो गरी गाड़ेको छ।

यस प्रार्थनाको मुख्य विषयवस्तु इस्राएली जातिको हठीपनमा परमेश्‍वरको विश्‍वास-योग्यता हो। यस प्रार्थनाको निम्ति निम्न रूपरेखा दिन सकिन्छः

**क)** *नहेम्याह ९ः६ः* सृष्टिको उत्पत्ति

**ख)** *नहेम्याह ९ः७-८ः* अब्राहामको बोलावट र परमेश्‍वरले उनीसँग बाँध्नुभएको करार

**ग)** *नहेम्याह ९ः९-१२ः* मिस्र देशबाट इस्राएलीहरूको प्रस्थान

**घ)** *नहेम्याह ९ः१३-१४ः* सिनाई पर्वतमा तिनीहरूलाई मोशाको व्यवस्था दिइएको

- **ङ)** *नहेम्याह ९:१५:* उजाड़स्थानमा इस्राएलीहरूले यात्रा गरेको अवधिमा परमेश्वरले तिनीहरूको निम्ति अचम्म प्रकारले प्रबन्ध गर्नुभएको
- **च)** *नहेम्याह ९:१६-२१:* उजाड़स्थानमा इस्राएली जातिले बारम्बार विद्रोह गरेको, तर परमेश्वरको प्रेम तिनीहरूको निम्ति अटल रहेको
- **छ)** *नहेम्याह ९:२२-२५:* कनान देश कब्जा गरिएको
- **ज)** *नहेम्याह ९:२६-२८:* न्यायकर्ताहरूको अवधि
- **झ)** *नहेम्याह ९:२९-३१:* इस्राएलीहरूले चेताउनीहरू बेवास्ता गरेका र अन्तमा तिनीहरू कैद गरेर लगिए
- **ञ)** *नहेम्याह ९:३२-३७:* 'पापको क्षमा पाऔं' भन्ने याचना र 'हामी कैदका नराम्रा असरहरूबाट छुटकारा पाऔं' भन्ने विन्ती पेश गरिएको
- **ट)** *नहेम्याह ९:३८:* मानिसहरूले परमेश्वरसँग एउटा वाचा बाँध्ने चाहना वक्त गरेको

बाइबलका पुस्तकहरूका नामहरूअनुसार यस प्रार्थनाको रूपरेखा गर्ने अर्को तरिका पनि छ, जस्तैः

- **क)** *नहेम्याह ९:६-८:* उत्पत्तिको अवधिको इतिहास
- **ख)** *नहेम्याह ९:९-१३:* प्रस्थानको अवधिको इतिहास
- **ग)** *नहेम्याह ९:१४:* लेवीको पुस्तक आधारित इतिहास
- **घ)** *नहेम्याह ९:१५-१७ र १९-२०:* गन्तीको अवधिको इतिहास
- **ङ)** *नहेम्याह ९:२१-२३:* व्यवस्थाको अवधिको इतिहास
- **च)** *नहेम्याह ९:२४-२५:* यहोशूको अवधिको इतिहास
- **छ)** *नहेम्याह ९:२६-२९:* न्यायकर्ताहरूको अवधिको इतिहास
- **ज)** *नहेम्याह ९:३०-३७:* १ शमूएलदेखि २ इतिहाससम्मको इतिहास

यसरी पवित्र बाइबलअनुसार प्रार्थना गरिन्छ; किनकि त्यस बेलामा हामी बितेको समयमा घटेका सबै घटनाहरू परमेश्वरको दृष्टिकोणले हेर्छौं। अनि बाइबलअनुसारको प्रार्थनामा सधैं उहाँको विश्वासयोग्यता स्वीकार गरिन्छ। उहाँको दया र अनुग्रहचाहिँ एउटा जातिको निम्ति त्यो एकमात्र जग ठहरिएको छ, र यस एकमात्र जगमाथि जुनसुकै जाति उभ्न सक्छ। के हामी यो मानिलिन तयार छौं, र यस प्रकारले प्रार्थना गर्न जानेका छौं ?

धेरै दृष्टिकोणले नहेम्याह ९:३८ पद, यस प्रार्थनाको अन्तिम पदचाहिँ यस प्रार्थनाको सबैभन्दा महत्त्वपूर्ण भाग ठहरिएको छ। किनकि यहूदीहरूले महसुस गरे, कि समस्या तिनीहरूको थियो, परमप्रभुको होइन। अनि तिनीहरूले यसको बारेमा केही गर्न दृढ संकल्प गरे। (तिनीहरूले बाँधेको वाचाको विषयमा दस अध्यायमा हेर्नुहोस्)। प्रार्थना र पापको स्वीकार – यी दुईवटा कुराहरू महत्त्वपूर्ण कुरा हुन्, तर यी दुईवटा कुराहरूले आज्ञाकारिताको स्थान लिन सक्दैनन्। आज्ञाकारिताको ठाउँमा अरू केही हुनै सक्दैन।

**नहेम्याह १०:१-२७:** यी पदहरूमा ती मानिसहरूका नामहरू सूचित गरिएका छन्, जसले जनताको तर्फबाट यस करारमा हस्ताक्षर गरे (९:३८[ख])। अनि यस सूचिमा प्रथम व्यक्तिको नाम नहेम्याहको हो (१०:१), त्यसपछि पूजाहारीहरूका नामहरू आउँछन् (१०:२-८), त्यसपछि लेवीहरूका नामहरू (१०:९-१३) र मानिसहरूका शासकहरूका नामहरू आउँछन् (१०:१४-२७)।

**नहेम्याह १०ः२८-२९ः** यी दुई पदहरू यस करारको प्रस्तावना हुन्, जुन भूमिकामा सारा जनताका मानिसहरू परमप्रभु आफ्ना परमेश्वरका सबै आज्ञाहरू र उहाँका विधि र नियमहरू होशियारसाथ पालन गर्ने कुरामा सहमत छन् भन्ने कुरा लेखियो ।

**नहेम्याह १०ः३०-३८ः** अझ विशेष रूपमा यहूदीहरूले आफूलाई परदेशी स्त्रीहरूसित विवाहको सम्बन्ध नराख्ने (१०ः३०), विश्रम-दिन र विश्राम-वर्ष पालन गर्ने (१०ः३१), मन्दिरमा गरिने सेवाहरूको लागि वार्षिक योगदानहरू गर्ने (१०ः३२-३३), परमप्रभुको वेदीको निम्ति दाउरा उपलब्ध गराउने (१०ः३४), आफ्ना जेठा छोराहरूको निम्ति दाम तिरेर छुटाउने रकम दिने अनि पूजाहारीहरू र लेवीहरूको जीविका चलाउनको लागि आफ्ना फसल-हरूको पहिलो फल मन्दिरमा ल्याउने अर्थात्, दशांश दिने नियम फेरि स्थापना गर्ने प्रतिज्ञा गरे (१०ः३५-३९) ।

यो करार तिनीहरूको धार्मिक जीवनको चिन्तामाथि केन्द्रित थियो; किनकि १०ः३० र ३१ पदहरूबाहेक यो करार केवल मन्दिर र त्यसका सेवकहरूको भरण-पोषणसँग सम्बन्धित थियो ।

**नहेम्याह १०ः३९ः** 'हामी आफ्नो परमेश्वरको भवनलाई त्याग्नेछैनौं' भन्ने शब्द-हरूले निर्वासनबाट फर्केर आएका यहूदी-हरूको अत्याधिक चिन्ता व्यक्त गर्छन् । तर तिनीहरूले आफ्नो विश्वासका बाहिरी कुराहरूको लागि बढ़ी फिक्री गरेका हुनाले यस वास्तविक वास्ताबाट एउटा भ्रष्ट फरिसीवाद विकास हुँदै गयो, जुन फरिसीहरूले प्रभु येशूको घोर विरोध गरे; किनभने उहाँले व्यवस्थाका गहन विषय-हरूमाथि अर्थात् आज्ञाकारिता, दया आदि कुराहरूमाथि जोड़ दिनुहुन्थ्यो । तर शुरुमा तिनीहरूको यो भक्ति निर्मल थियो; यसकारण यस प्रकारको भक्तिमा परमप्रभु निश्चय पनि प्रसन्न हुनुभयो ।

### छ) नहेम्याह ११ः यरूशलेमका वार्डहरूमा फेरि मानिसहरू बसेको

**नहेम्याह ११ः१-२ः** एघार अध्यायको सम्बन्ध सात अध्यायको अन्तिम पदसँग जोड़िन्छ; किनकि नहेम्याह यरूशलेमको अपुग जनसङ्ख्याको बारेमा चिन्तित भएका थिए । बाहिरबाट हमला आइपरेको खण्डमा यस शहरको रक्षा गर्न बढ़ी मानिसहरू त्यहाँ बस्नुपर्नेथियो । तर धेरै यहूदीहरू डरले देहातमा बस्ने गर्थे । तर अन्तमा यरूशलेममा बसोबास गर्न बस्तीहरूका हरेक दसजना-हरूमध्ये एकजनाको निम्ति चिट्ठा हालियो । उनीहरूको साथसाथै स्वेच्छापूर्वक यरूशलेममा बस्नेहरू पनि थिए ।

**नहेम्याह ११ः३-३६ः** जुन घरानाहरू यरूशलेममा बसेका थिए, र जुन घरानाका नामहरू अघि सात अध्यायमा सूचिबद्ध गरिएका थिए, यी घरानाहरूका नामहरू यहाँ फेरि प्रस्तुत गरिएका छन् (११ः३-२४) । यहूदाका चार सय अठसट्ठीजना मानिसहरू थिए, जो सबैजना एक-एक घरानाका मुखिया पुरुषहरू थिए (११ः४-६) । अनि नौ सय अट्ठाइसवटा घरानाहरूचाहिँ बिन्यामिनीहरू थिए (११ः७-८); अनि योएल र यहूदाचाहिँ तिनीहरूका अधिकारी थिए (११ः९) । त्यसपछि ११ः१०-१४ पदको खण्डमा पूजाहारीहरूका तीनवटा घरानाहरू सूचिबद्ध गरिएका छन्; अनि जब्दिएल तिनीहरूका शासक थिए । अनि यस पवित्र शहरमा[8)] बस्ने लेवीहरूको सङ्ख्या चार सय छपन्न थियो; तीमध्ये एक सय बहत्तरजना द्वारपालहरू थिए (११ः१५-१९) । मन्दिरका सेवकहरू जिहा र गिश्पाको अधीनतामा हुन्थे र ओपेलमा बस्थे, जुनचाहिँ मन्दिरको नजिकैको एउटा वार्ड थियो (११ः२१) । अनि

उज्जी नाम गरेका एकजना मानिसचाहिँ यरूशलेममा बस्ने लेवीहरूको अधिकारी थिए। अनि पतह्याहचाहिँ यस शहरमा राजाको प्रतिनिधि थिए, र अवश्य नहेम्याहको अधीनतामा थिए (११:२२-२४)। अनि बाँकी यहूदीहरू छिमेकी गाउँहरूमा बस्थे। यहूदाका मानिसहरू नहेम्याह ११:२५-३० पदको खण्डमा सूचित गरिएका गाउँहरूमा बस्थे भने, बिन्यामिनीहरूचाहिँ नहेम्याह ११:३१-३५ पदको खण्डमा सूचित गरिएका गाउँहरूमा बस्थे। अनि पहिले यहूदामा बस्ने लेवीहरूका केही दलहरूले अब बिन्यामिनीहरूको इलाकामा बसाइ सारे (११:३६)।

### ज) नहेम्याह १२:१-२६: यरूशलेमका पूजाहारीहरू र लेवीहरूका नामहरूको सूचि

जरूबाबेलको साथमा यरूशलेममा फर्केर आएका पूजाहारीहरूका नामहरू १२:१-७ पदको खण्डमा पेश गरिएका छन्। अनि फर्केर आएका लेवीहरूका नामहरू १२:८ र ९ पदमा दिइएका छन्। अनि १२:१० र ११ पदमा जरूबाबेलको समयमा जिएका येशूअदेखि यद्दूअसम्म प्रधान पूजाहारीहरूका नामहरू पेश गरिएका छन्। अनि १२:१२-२१ पदको खण्डमा ती पूजाहारीहरूका नामहरू दिइएका छन्, जसले यहोयाकिमको समयमा सेवा गरेका थिए, जसका छोरा एल्याशिबचाहिँ नहेम्याहको समयमा प्रधान पूजाहारी थिए (३:१)। जस-जसका नामहरू यहाँ पेश गरिएका छन्, तिनीहरूमध्ये त्यस बेलामा धेरैजना अझै पनि जीवित थिए। लेवीहरू एल्याशिबदेखि यद्दूअसम्म यी प्रधान पूजाहारीहरूअन्तर्गत दर्ता भएका थिए। अनि १२:२४-२६ पदहरूमा नाम लिइएका मानिसहरू नहेम्याहको शासनकाल हुनुभन्दा अघि र राज्यपालको प्रशासनमा सेवारत थिए।

### झ) नहेम्याह १२:२७-४७: यरूशलेमको पर्खालको समर्पण-कार्यक्रम

**नहेम्याह १२:२७-३०:** यरूशलेमको पर्खालको समर्पणको लागि यरूशलेमको वरिपरिका क्षेत्रहरूबाट लेवीहरूलाई, विशेष गरी गायकहरूलाई यरूशलेममा ल्याइयो। पूजाहारीहरू र लेवीहरूले आफूलाई पवित्र गरे, साथै मानिसहरूलाई, पर्खाल र मूल-ढोकाहरू विधिपूर्वक शुद्ध गरे।

**नहेम्याह १२:३१-४२:** त्यसपछि नहेम्याहले यहूदाका शासकहरूलाई पर्खाल-माथि भेला गरे र तिनीहरूलाई दुईवटा धन्यवाद चढ़ाउने गायक-मण्डलीहरूमा विभाजन गरे। एक गायक-मण्डली पर्खालको वरिपरि एक दिशामा हिँड्यो भने अर्को गायक-मण्डली अर्को दिशामा अघि बढ़्यो। गायकहरू अघि-अघि हिँड़े, त्यसपछि शासकहरू आए र यी शासकहरूको पछि जनताका मानिसहरू आए। यसरी तिनीहरू मन्दिरमा फेरि सबैजना भेट भए।

**नहेम्याह १२:४३-४६:** त्यस दिनमा आनन्दको चर्को स्वरमा धेरै सङ्ख्यामा बलिहरू चढ़ाइए। अनि यही समयमा मोशाको व्यवस्थाले निर्देशन गरेअनुसार पूजाहारीहरू र लेवीहरूको भरणपोषणको लागि दानहरू, पहिलो फलहरू र दशांशको संकलनको कामको देखरेख गर्न केही मानिसहरूलाई नियुक्त गरियो। मानिसहरूले खुशीसाथ दान दिए; किनभने मन्दिरका सेवाहरू फेरि चालू भएकोमा तिनीहरू आनन्दित थिए। अनि पूजाहारीहरू र लेवीहरूले आ-आफ्ना कामभारहरू सम्हाले, परमप्रभुको आराधना र शुद्धीकरण कायम राखे। गायकहरू र द्वारपालहरूले पनि आ-आफ्ना कर्तव्यहरू पूरा गरे; अनि गायकहरूको कार्यभारचाहिँ दाऊद र आसाफको समयदेखि नै निर्धारित गरिएको थियो।

**नहेम्याह १२:४७:** जरूबाबेल र नहेम्याहको समयमा मानिसहरूले गायकहरू, द्वारपालहरू, लेवीहरू र पूजाहारीहरूको भरण-पोषणको निम्ति आवश्यक परेका सबै कुराहरू उपलब्ध गराए।

# खण्ड २

# नहेम्याह १३ः

## नहेम्याहको दोस्रो भ्रमणः यरूशलेमको सुधार

### क) नहेम्याह १३:१-९: परमप्रभुको भवनबाट तोब्याहलाई निकालिएको

**नहेम्याह १३:१-३:** यरूशलेममा बाह्र वर्ष सेवा गरेपछि ख्रीष्टपूर्व ४३३ सालमा नहेम्याह अनिर्दिष्ट समयको लागि बेबिलोनमा फर्के। त्यसपछि तिनले फेरि यरूशलेमको भ्रमण गर्ने अनुमति पाए; यस भ्रमणमा कति दुरुपयोगहरू सच्याइए। १३ः १ पदमा 'त्यस दिन'को सन्दर्भ कि त अघिल्लो अध्याय भएको हुन सक्छ, कि त नहेम्याहको अनुपस्थितिको समयमा कुनै एक दिन भएको हुन सक्छ (१३ः६)। जेजस्तो भए पनि त्यस दिनमा परमेश्वरको वचन पढ़ेर सुनाइदा मोआबी र अम्मोनीहरूलाई समुदायबाट निषेध गर्ने खण्ड पनि पठन गरियो। किनकि यी कनानीहरूले परमेश्वरका जनहरूलाई रोटी र पानी मात्र अस्वीकार गरेका थिएनन्, तर तिनीहरूले उनीहरूलाई सराप्नको निम्ति बालामलाई भाड़ामा लिएका थिए। तर परमेश्वरले त्यसको श्राप आशिषमा परिणत गरिदिनुभएको थियो। उहाँ कति अचम्मको परमेश्वर हुनुहुन्छ! तब मानिसहरूले सारा मिश्रित भीड़लाई इस्राएलबाट अलग गरे। परमेश्वरको वचनप्रति तिनीहरूको प्रतिक्रिया यो थियो।

**नहेम्याह १३:४-५:** परदेशीहरूलाई निकाल्दा तिनीहरूले ९ः२ पदमा शुरु गरेको काम पूरा गर्दैथिए। पूजाहारी एल्यासिबले दुष्ट तोब्याहको लागि परमेश्वरको भवनका चोकहरूमा एउटा कोठा तयार गरेका थिए, जुन कोठाचाहिँ अघि लेवीहरू र पूजाहारीहरूको निम्ति दशांशको भण्डार-कोठाको रूपमा प्रयोग गरिन्थ्यो।

**नहेम्याह १३:६-९:** नहेम्याह यरूशलेममा फर्किआएपछि तिनलाई यो कुस्थिति सुधार्न धेरै बेर लागेन। तिनको अनुपस्थितिमा अरू समस्याहरू पनि देखा परेका थिए; अनि रुष्ट भएका नहेम्याहले ती खराबीहरू रोक्नको निम्ति सशक्त कारबाही गरे।

### ख) नहेम्याह १३:१०-१४: लेवीहरूको निम्ति दशांशको नियम पुनर्स्थापना गरिएको

नहेम्याहले जिम्मेवार अधिकारीहरूलाई लेवीहरूलाई बेवास्ता गरेकोमा हप्काए; किनकि तिनीहरूले यस विषयमा लापरबाही गरेका थिए। जुन लेवीहरू आफ्नो जीविका चलाउन खेतबारीमा काम गर्न बाध्य पारिएका थिए, ती लेवीहरूलाई फेरि यरूशलेममा जम्मा गरियो, र तिनीहरूको बीचमा दशांश बाँड्न विश्वासयोग्य मानिसहरूलाई नियुक्त गरियो। नहेम्याहले परमेश्वरलाई विन्ती गरेः यस सुकर्मको खातिर उहाँले तिनको सम्झना गरेका होऊन् (१३ः१४)।

### ग) नहेम्याह १३ः१५-२२ः विश्रामदिनमा अवैध क्रियाकलापहरू बन्द गरिएका

नहेम्याहले शासकहरूलाई हप्काउनुपरेको थियो; किनकि उनीहरूले मानिसहरूलाई विश्रामदिनमा काम गर्न अनुमति दिएका थिए। अनि यहूदीहरूको बीचमा बस्ने परदेशीहरूले विश्रामदिन बजारको दिन पो बनाउन खोजेका थिए। तर आवश्यक परेको खण्डमा बल लगाईकन तिनले विश्रामदिन पवित्र मान्न गराउनु राजी थिए। मूलढोकाहरू सुरक्षित राख्न मानिसहरूलाई खटाइयो, अनि शहर-बाहिर वास बस्ने लोभी व्यापारीहरूलाई तिनीहरूको विरुद्ध बलजफत गर्ने धम्की दिएर भगाइयो। तत्कालै यो अवैध व्यवहार बन्द भइगयो। यस कुराको खातिर पनि नहेम्याहले 'हे परमेश्वर, मलाई सम्झनुहोस्' भन्ने आग्रह गरे (१३ः२२)।

### घ) नहेम्याह १३ः२३-३१ः अन्तरजातीय विवाहका सम्बन्धहरू विच्छेद गरिएका

केही वर्ष पहिले एज्राको आज्ञामा परदेशी पत्नीहरूलाई त्यागिएको थियो (एज्रा १०)। त्यस बेलादेखि तिनीहरूले आफूलाई अन्य-जातिका मानिसहरूबाट अलग गर्ने वाचा बाँधेका थिए (नहेम्याह १०) र केही हद-सम्म मात्र त्यस्तै गरेका थिए। तर समय बित्दै जाँदा यहूदीहरूको बीचमा, अँ, पूजाहारी-हरूको बीचमा पनि अश्दोद, अम्मोन र मोआबका स्त्रीहरूलाई विवाह गर्ने चलन फेरि फस्टायो। केही अपराधीहरूलाई शारीरिक दण्ड दिइयो भने, अरूलाई समाजबाट बहिष्कृत गरियो। प्रधान पूजाहारीको नाति लखेटिए।[9] अन्यजातिहरूलाई भगाइयो र 'हे परमप्रभु, आफ्नो पवित्र पूजाहारी-पद अपवित्र तुल्याउनेहरूसँग व्यवहार गर्नुहोस्' भनेर परमप्रभुलाई आग्रह गरियो। फेरि एक पल्ट नहेम्याहले 'हे मेरा परमेश्वर, मलाई सम्झनुहोस्' भनेर परमप्रभुसँग विन्ती गरे (१३ः३१)।

ख्रीष्टको मण्डलीमा विभिन्न जातिका मानिसहरूको बीचमा विवाह गर्न कुनै किसिमको प्रतिबन्ध छैन; किनभने इसाई मतचाहिँ सबै जाति र सबै वर्गका मानिस-हरूलाई अँगाल्ने किसिमको विश्वास हो। तर पुरानो नियमको समयमा अन्यजाति स्त्रीहरू-सित विवाह गर्ने प्रतिबन्धको मुख्य कारण-चाहिँ अन्यजातिहरूका भ्रष्ट, झूटा धर्महरू थिए; यसमा शङ्का छैन।

श्री डोनाल्ड के. क्याम्पबेलले यस्ता मिश्रित विवाहका सम्बन्धहरूको विषयमा टिप्पणी गरेका छन्, जुन विवाहका सम्बन्धहरू ख्रीष्ट-विश्वासीहरूको निम्ति विनाशकारी हुन्छन्ः

> 'नयाँ नियमले यस सम्बन्धमा निरन्तर दिएको सुस्पष्ट साक्षी यस प्रकारको छः ख्रीष्ट-विश्वासी र विश्वास नगर्ने भाइ वा बहिनीको बीचमा विवाहको सम्बन्ध हुनुहुँदैन। प्रेरित पावलले ख्रीष्ट-विश्वासीहरूलाई निर्देशन दिएका छन्ः "प्रभुमा भएकाहरूसँग मात्र विवाह गर्न मिल्छ" (१ कोरिन्थी ७ः३९)। तर विगत युगहरूमा जस्तै वर्तमान समयमा पनि केही विश्वासीहरूले के तर्क गर्छन् भने उनीहरूले मुक्ति नपाएका आफ्नो जीवन-साथीलाई प्रभुमा ल्याउँछन् अरे। तर विरलै यस्तो हुन्छ। तर यस अनुचित सम्बन्धबाट जन्मेका छोराछोरीहरू प्रायः प्रभुलाई नपाएका बुबा वा आमाको चालमा हिँड्ने गर्छन्।'[10]

नहेम्याह आफ्नो शासनकालभरि सक्रिय मानिस थिए। परमेश्वरका कुराहरूप्रति तिनको जोशले तिनलाई खाएको कुरा तिनको जीवनमा छरलङ्ग देखिन्छ (भजन ६९ः९)। तिनी पक्षपात गर्ने वा मुख हेर्ने मानिस नभएका हुनाले परमप्रभुको व्यवस्था उल्लङ्घन गर्नेहरू सबैले समान रूपमा तिनको धार्मिक रिस

अनुभव गरे। तिनले तिनीहरूलाई चेताउनी दिए, अर्ती दिए, हप्काए, बहस गरे, कतिलाई पिटे, कतिको केश उखाले; तिनले भक्तिहीन मानिसहरूको निम्ति जीवन अप्ठ्यारो बनाए। तिनी साहसी व्यक्ति थिए र दुष्टताको विरुद्धमा चलिरहेको लड़ाइँमा अग्रपङ्क्तिमा लड़्ने सुदृढ़ सेनापति थिए। तिनी परमेश्वरको लागि अथक परिश्रम गर्ने एक महान् निर्माणकर्ता थिए।

यस अध्यायमा पुरानो नियमको इतिहासको अन्त भएको छ। नहेम्याहको पुस्तकको पछि लेखिएका जति पुस्तकहरू छन्, यी सबै पुस्तकहरू मलाकीको पुस्तक छोड़ेर कालक्रमअनुसार नहेम्याहको पालो-भन्दा अघि लेखिए। (केवल मलाकीको पुस्तक नहेम्याहको पुस्तक समकालीन साथी पुस्तक हो)।[11)]

श्री चार्ल्स स्विन्डोलले नहेम्याहको पुस्तकको विषयमा लेखेको आफ्नो टिप्पणीमा हामी सबैजनालाई चुनौती दिएर यसरी बन्द गरेका छन्ः

> 'मेरो विचारमा, नहेम्याहको पुस्तकको अन्तिम दृश्यले नहेम्याहलाई आफ्ना घुँड़ाहरू टेकेर परमेश्वरसँग अनुग्रह माग्दै गरेको चित्रण गरेको कुरा महत्त्वपूर्ण हुन्छ। किनकि तिनले सही कुराको लागि कड़ा संघर्ष गरिरहेका थिए, तर तिनले आफ्नो हृदय परमप्रभुको सामु नरम कायम राख्न सके। अगुवाहरूको निम्ति यो कत्रो आदर्श नमुना! तिनी इमानदारी, दृढ़ विश्वासका, ईश्वर-भक्त मानिस थिए।' [12)]

## ENDNOTES:

1) **Introduction:** John C. Whitcomb, *"Nehemiah," The Wycliffe Bible Commentary*, p. 435.
2) **1:1–3:** J. Alec Motyer, *Toward the Mark,* further documentation unavailable.
3) **2:1–3:** George Williams, *The Student's Commentary on the Holy Scriptures*, p. 264.
4) **6:10–14:** In the terminology of devotion, such are called "arrow prayers," since they are shot swiftly to God's throne.
5) **6:10–14:** Matthew Henry, *"Nehemiah," in Matthew Henry's Commentary on the Whole Bible*, II:1087.
6) **8:1–8:** Hebrew and Aramaic are closely related Semitic languages. The oral Aramaic "paraphrases" of the Hebrew original text were later written down and called the Targums.
7) **8:1–8:** Donald Campbell, *Nehemiah: Man in Charge*, p. 75.
8) **11:3–36:** This is the first time Jerusalem is called "the holy city."
9) **13:23–31:** Josephus says that the exiled rebel went to Samaria, where Sanballat built him a temple which became a refuge for apostate Jews.
10) **13:23–31:** Donald Campbell, *Nehemiah: Man in Charge*, pp. 116, 117.
11) **13:23–31:** The period following Nehemiah is sometimes known as "The Four Hundred Silent Years," although this term is not strictly accurate. Daniel 11, for example, gives a detailed history of the Grecian era, except that it is pre-written history, that is, prophecy. In fact, this section is so accurate in its detail (for those who know the history of the Ptolemies and the Seleucids) that most liberals and their admirers reject Daniel as an actual prophecy. The OT Apocrypha, though uninspired, contains valuable historical information concerning this period.
12) **13:23–31:** Charles R. Swindoll, *Hand Me Another Brick*, p. 205.

## BIBLIOGRAPHY

Campbell, Donald K. *Nehemiah: Man in Charge*. Wheaton, IL: Victor Books, 1979.

Henry, Matthew. "Nehemiah," in *Matthew Henry's Commentary on the Whole Bible*. Vol. 2: Joshua to Esther. McLean, VA: MacDonald Publishing Company, n.d.

Ironside, H. A., *Notes on Ezra, Nehemiah, Esther*. Neptune, NJ: Loizeaux Brothers, 1972.

Jensen, Irving L., *Ezra/Nehemiah/Esther*. Chicago: Moody Press, 1970.

Keil, C. F., "Nehemiah," in *Biblical Commentary on the Old Testament*, Vol. 10. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1971.

Swindoll, Charles R., *Hand Me Another Brick*. Nashville: Thomas Nelson Publishers, 1978.

# एस्तरको पुस्तकको टिप्पणी

# एस्तरको पुस्तकको भूमिका

*'एस्तरको पुस्तकले हामीलाई यहूदीहरूको इतिहासको एउटा अंश पेश गर्छ, जुन अंशचाहिँ बाइबलका अरू पुस्तकहरूमा कतै पनि छैन। उदाहरणको लागि, हामीलाई थाहा छ, यहूदीहरूले आजको दिनसम्म जुन पूरीम चाड़ मनाइरहेका छन्, त्यो पूरीम चाड़चाहिँ कहाँबाट आएको हो, सो कुरा हामी एस्तरको पुस्तकबाट सिक्छौं।'*

*श्री कार्ल आरमेर्डिङ्ग*


**क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान**

केही समय अघिको कुरा होः एकजना पश्चिमी मुलुकको व्यक्तिले सोवियत संघमा जिउने यहूदीलाई सोधेः 'रूस देशले आफ्ना सामी-विरोधी नीतिहरू अगाड़ि बढ़ायो भने, तपाईंको विचारमा, त्यसको परिणाम के हुन्छ होला?' तब तिनले भनेः 'अहो, यो त एउटा नयाँ चाड़को शुरुआत पो होला नि!' यसको विषयमा तिनको स्पष्टीकरण गरिमाग्दा ती यहूदी मानिसले यसो भनेः 'फाराओले हिब्रूहरूलाई मेटाउन खोजे, र त्यसको परिणाम निस्तार चाड़को शुरुआत थियो भने, अनि हामानले हाम्रो जातिका मानिसहरूलाई नाश गर्ने कोशिश गऱ्यो, र त्यसको परिणाम पूरीम चाड़ भयो भने, एन्टिओकस एपिफानेसले हामीलाई मार्ने प्रयास गरेको परिणाम हनुका चाड़ भयो!'

एस्तरको पुस्तकले पूरीम चाड़को शुरुआत कहाँबाट र कसरी भएको हो, सो वर्णन गर्छ। पूरीम चाड़चाहिँ यहूदीहरूको चम्किलो बिदाको दिन हो, जसमा हिजोआज एस्तरको पुस्तकको वार्षिक सार्वजनिक पठन हुँदा जब-जब हामानको नाम सुनिन्छ, तब-तब खटखट र भोंपूको आवाज मच्चाइन्छ।

धेरै दृष्टिकोणमा एस्तरको पुस्तक अद्वितीय छ। यस पुस्तकले ती यहूदीधर्म-अनुसार नजिउने[1] यहूदीहरूको वृत्तान्त पेश गर्छ, जुन यहूदीहरूले त्यस बेलामा फारस[2] को समृद्धि चुनेका थिए, जुन बेलामा जरूबाबेलको अधीनतामा यरूशलेममा फर्केर गएका बाँकी रहेको भागरूपी मानिसहरूले कठिनाइहरू सामना गर्नुपरेको थियो (एज्रा २)। एस्तरको पुस्तकमा उपवासबाहेक यहूदीधर्मका अरू धार्मिक विधिहरूको नाम लिइएको छैन।

यस पुस्तकको अर्को उल्लेखनीय विशेषता के हो भने, यसमा परमेश्वरको नाम[3] प्रत्यक्ष रूपले लिइएको छैन। यस कुराले गर्दा कसै-कसैले पवित्र धर्मशास्त्र बाइबलमा एस्तरको पुस्तक कुन आधारमा हालिएको प्रश्न गर्छन्। यसको अधिकार के हो? तर यस विषयमा श्री सिड्लो ब्याक्स्टरले के भनेका छन् भने, वृत्तान्तका महत्त्वपूर्ण चारवाट बिन्दुहरूमा यहोवाको नाम चार पल्ट अक्षरबद्ध कविताको रूपमा लुकाइएको छ (एस्तर १:२०; ५:४; ५:१३ र ७:७)। साथै 'एहयेह' अर्थात् 'म हुँ जो हुँ' भन्ने नाम पनि एक पल्ट अक्षरबद्ध




रूपमा राखिएको छ (७:५)। यस सम्बन्धमा श्री डब्ल्यू. ग्राहम स्क्रोग्गीले यसो भनेका छन्ः

> 'यो संयोगको फल हुनै सक्दैन; किनकि हरेक जसले यस प्रकारको रचना गर्ने कोशिश गर्छ, यसो गर्न कति कठिन छ, सो उसैलाई थाहा लागिहाल्छ।' 4)

थोरै इसाईहरूले मात्र हिब्रू भाषा जानेको हुनाले र उदाहरणविना यस प्रकारको साहित्य बुझ्न गाह्रो भएको हुनाले श्री आर्थर टी. पियर्सनले लयबद्ध अङ्ग्रेजी भाषामा निम्न कलायुक्त र सरल दुईवटा पदका कविता पेश गरेका छन्ः

**D**ue **r**espect **o**ur **l**adies,
All shall give their husbands, great
and small. (Esther 1:20)

Il**l** t**o** fea**r** decree**d** I find
toward me, in the monarch's mind.
(Esther 7:7) 5)

तिनले यसमा हिब्रू शब्द YHWH को बदलीमा LORD भन्ने अङ्ग्रेजी शब्द प्रयोग गरेका छन्। पहिलो उदारहणमा तिनले शुरुका चार शब्दको पहिलो अक्षर लिएर र पछाड़िबाट शुरु गरेर LORD भन्ने शब्द रचेका छन्, र दोस्रो उदारहणमा तिनले शुरुका चार शब्दको अन्तिम अक्षर लिएर फेरि LORD भन्ने शब्द रचेका छन्। अक्षरबद्ध हिब्रू कवितामा पनि कुरा यस्तै छ।

हो, यस पुस्तकमा परमेश्वरको नाम स्पष्ट रूपमा लेखिएको पाइँदैन, यो त ठिक्कै हो। तर यस पुस्तकमा उहाँको अदेख उपस्थिति र अदृश्य शक्ति जताततै प्रत्यक्ष रूपमा प्रकट भएकै छ; किनभने उहाँले आफ्ना जनहरूलाई छुटकारा दिनुभयो, कसरी? योजनाबद्ध संयोगका सिलसिलाहरू मिलाएर नै। आफ्नो शहर र आफ्नो देशमा फर्कनुको सट्टामा राजीखुशीले बेबिलोनमा बस्ने यहूदीहरूको सम्बन्धमा परमप्रभुको नाम सीधा आएर

नलिए तापनि उहाँले तिनीहरूको निम्ति वास्ता गर्नुभएको कुरामा कुनै प्रश्‍न उठ्दैन। तिनीहरू अझै पनि उहाँकै जनहरू थिए; र उहाँले तिनीहरूलाई शैतानबाट अभिप्रेरित भएको यहूदी-विरोधीवादबाट – यी यहूदीका शत्रुहरूबाट जोगाउनुहुनेथियो, जसले तिनीहरूको नामनिशान यस धरतीबाट मेटाउन खोजे। परमेश्‍वर सबै इतिहासको प्रणेता हुनुहुन्छ; यसको निम्ति उहाँले हरेक पृष्ठको अन्तमा आफ्नो हस्ताक्षर गर्नुपर्दैन होला नि, कि कसो हो ?

श्री जेम्स रस्सल लोवेलले रचेको निम्न कविता एस्तरको पुस्तकको उपयुक्त टिप्पणी मान्नुपर्लाः

> त्यो ठूलो बदला लिने व्यक्ति कति निष्फिक्री भएको देखिन्छ, कति !
>
> इतिहासका पृष्ठहरूमा एउटै, अँ, एकै कुरा मात्र उल्लेख गरिएको जस्तै छः
>
> अदृश्य रूपमा उहिलेदेखि अन्धकारका शक्तिहरूले परमेश्‍वरको वचनको विरुद्धमा मरणान्त लड़ाइँ गरिरहेकै छन्।
>
> सत्यतालाई सधैं फाँसी दिएको देखिन्छ, र खराबीले सदा राज्य गरेको लाग्ला।
>
> तर त्यो सत्यतालाई फाँसी दिने भाग्य एक दिन पल्टिन्छ-पल्टिन्छ;
>
> किनकि हाम्रो अनजानमा, हामीलाई धमिलो लागेको ओझेलमा परमेश्‍वर खड़ा हुनुभएकै छ, र आफ्ना जनहरूको हेरचाह गरिरहनुभएकै छ।

एस्तरको पुस्तकबाट नयाँ नियममा कुनै पद उद्धृत गरिएको छैन, र मृत सागरमा फेला परेका बेरुवा-पुस्तकहरूमा पनि एस्तरको पुस्तकको कुनै पनि टुक्रा भेट्टाइएको छैन। उक्त कारण र अरू कारणहरूले गर्दा कसै-कसैले, अँ, केही यहूदीहरूले पनि एस्तरको पुस्तक पुरानो नियमको कानुनमा अर्थात् मान्यता पाएका पुस्तकहरूमा हाल्न योग्य छैन भन्छन्। तर हामी एस्तरको पुस्तकप्रति कुनै प्रकारको शङ्का गर्दैनौं; किनकि यस पुस्तकमा परमेश्‍वरको विश्‍वासयोग्यताको विषयमा अद्‌भुत पाठहरू छन्। किनभने उहाँका जनहरू अनाज्ञाकारी भए तापनि उहाँ तिनीहरूप्रति विश्‍वासयोग्य रहनुहुन्छ।

### ख) यस पुस्तकको लेखक को हुन् ?

यस पुस्तकका लेखक निस्सन्देह एक यहूदी मानिस थिए, जसले फारसका रीति-रिवाजहरू र राज-दरबारका सानातिना कुराहरू जान्दैथिए। (किनकि पुरातत्त्व विज्ञानले यी राज-दरबारसम्बन्धि विशेषताहरूमध्ये कतिवटा पुष्टि गरेकै छ।) लेखकले प्रत्यक्ष साक्षीको रूपमा यो पुस्तक लेखे, र बेबिलोनको निर्वासनपछिको समयमा चल्ती भएको हिब्रू भाषा र शैलीमा लेखे। कसै-कसैले कि त एज्रालाई, कि त नेहम्याहलाई यस पुस्तकका लेखकको रूपमा सुझाउ दिएका छन्। अनि यहूदी परम्पराले मोर्दकैलाई यसको लेखकको रूपमा पेश गरेको छ। तर वास्तवमा एस्तरको पुस्तक कसले लेखेको हो, सो हामीलाई थाहा छैन। हुन सक्छ, यो पुस्तक लेख्ने मानिस ऐतिहासिक हिसाबले महत्त्वहीन व्यक्ति थिए होलान्। तर हामीले पुल्पिट-टिप्पणीले प्रयोग गरेका शब्दहरू चलाउनु हो भने, 'परमेश्‍वरमाथि विश्‍वास नगर्ने व्यक्तिले यस प्रकारको पुस्तक लेख्न सक्दैन; अनि परमेश्‍वरमाथि विश्‍वास गर्ने कुनै भाइबहिनी छैन होला, जसले यो पुस्तक पढ्दा आफ्नो विश्‍वास बलियो पारेको महसुस गर्दैन।'

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

एस्तर १०ः२ पदले सङ्केत गरेअनुसार राजा अहासूरस अर्थात् क्जर्जेसको मृत्यु भइसकेको थियो; अनि तिनको मृत्यु ख्रीष्टपूर्व ४६५

सालमा भएको हुनाले यो पुस्तक त्यस वर्षपछि लेखिएको हुनुपर्छ। फारसका संस्कृतिक बेलीबिस्तारहरू, अदालतका अभिलेखहरूकहाँ भएको पहुँच र प्रत्यक्ष साक्षीको सजीव भाषा – यी सबै कुराहरूले अहासूरसको मृत्यु लगायत भएको मिति समर्थन गर्छन्; यसर्थ यो पुस्तक अर्तक्जर्जेसको शासनकालमा लेखिएको हुनुपर्छ (ख्रीष्टपूर्व ४६४-४२४)। तर विश्वास नगर्ने आलोचकहरूले सधैं गरेझैं यस पुस्तकको लेख्ने मिति ख्रीष्टपूर्वको तेस्रो वा दोस्रो शताब्दीमा सार्छन्।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषय-वस्तुहरू के-के हुन् ?

यस पुस्तकमा उल्लेख गरिएका घटनाहरू एज्राको छैटौं र सातौं अध्यायको बीचमा फारसका राजा अहासूरस/क्जर्जेसको शासन-कालमा घटे। यस पुस्तकको सन्दर्भ ती यहूदीहरू हुन्, जसले जरूबाबेलको अधीनतामा यरूशलेममा फर्केर गएका अल्पसंख्य यहूदीहरूसँग यरूशलेममा नफर्कने, तर बेबिलोनमा बसिरहने निर्णय गरेका थिए (एज्रा २)। यस पुस्तकले आफ्नो नाम यसको प्रमुख पात्र एस्तरबाट पाएको हो, जुन एस्तरचाहिँ एउटी अनाथ केटी थिइन्, जो रानी बनिन्। एस्तर तिनको फारसी नाम हो, जसको अर्थ 'तारा' हो। हुन सक्छ, यो नाम इश्तार देवीबाट आयो होला। तर हदास्साचाहिँ तिनको हिब्रू नाम थियो, जसको अर्थ 'मेंहदी' वा 'हिना' हो।

शूशनमा अहासूरसको दर्शनभेट थियो, जुन शूशन शहरचाहिँ फारसका तीनवटा राजधानी शहरहरूमध्ये एक थियो; अरू दुई राजधानी अक्मेता र बेबिलोन थिए। शूशनचाहिँ यस शहरको हिब्रू नाम हो, जसको अर्थ 'लिली' हो।[6] भविष्यवक्ता दानियलले यहाँ समय बिताए (दानियल ८)। अनि एस्तरको समयपछि नहेम्याहले त्यहाँ सेवा गरे (नहेम्याह १)। एस्तरको पुस्तकको घटना-स्थल शूशन हो; अनि ख्रीष्टपूर्व ४८३ सालबाट यसको वृत्तान्त शुरु हुन्छ। किनकि राजा क्जर्जेज ख्रीष्टपूर्व ४८६ सालमा सत्तामा आए; अनि एस्तर १:३ पदअनुसार एस्तरको पुस्तकको एक अध्याय तिनको शासनकालको तेस्रो वर्षमा शुरु गर्छ।

# रूपरेखा

**खण्ड १) एस्तर १ः रानी वश्तीलाई पदच्युत गर्ने उर्दी दिइएको**

**खण्ड २) एस्तर २ः एस्तरको उत्थान भएको**

**खण्ड ३) एस्तर ३-४ः यहूदीहरूको विनाशको योजना बनाइएको**

**क) एस्तर ३ः** राजा अहासूरससँग हामानको कुराकानी
**ख) एस्तर ४ः** रानी एस्तरसँग मोर्दकैको कुराकानी

**खण्ड ४) एस्तर ५-९ः यहूदीहरूलाई विनाश गर्ने योजना असफल भएको**

**क) एस्तर ५ः** एस्तरको विन्ती र हामानको क्रोध
**ख) एस्तर ६ः** हामानको अपमान र मोर्दकैको सम्मान
**ग) एस्तर ७ः** एस्तरले लगाएको आरोप र हामानको मृत्युदण्ड
**घ) एस्तर ८ः** मोर्दकैको पदोन्नति र यहूदीहरूको छुटकारा
**ङ) एस्तर ९ः** यहूदीहरूको शत्रुको विनाश र पूरीम चाड़को स्थापना

**खण्ड ५) एस्तर १०ः मोर्दकैको महानता**

# एस्तरको पुस्तकको टिप्पणी

## खण्ड १

## एस्तर १ः

### रानी वश्तीलाई पदच्युत गर्ने उर्दी दिइएको

**एस्तर १ः१-४ः** सबै विद्वान्‌हरू अहासूरसको विषयमा एक मत छैनन्, तर प्रायः सबै वर्तमान टिप्पणीकारहरूले तिनलाई राजा महान् दाराका छोरा क्जर्जेस भनेर भनेका छन्। अनि राजा क्जर्जेस ख्रीष्टपूर्व ४८६ सालदेखि ४६५ सालसम्म राज्य गरे।

यहाँ उल्लेख भएको यो पहिलो भोज एक सय असी दिनसम्म निरन्तर चलेको थियो – यस पदको अर्थ नहोला। होइन, तर तिनको महिमित राज्यको धनसम्पत्ति प्रदर्शन गर्न यति समय लाग्यो होला। यस अवधिभरि बेला-बेलामा विभिन्न कुलीन महानुभावहरू आए होलान्; किनभने फारसको साम्राज्य अति नै विशाल थियो।

**एस्तर १ः५-८ः** अनि दोस्रो भोज सात दिनसम्म चल्यो, र योचाहिँ शूशनका सबै मानिसहरूको निम्ति थियो। राजमहलको बगैंचाको अति सुन्दर ढङ्‌ले सुसज्जित भएको चोकमा सबैलाई सुनका कचौराहरूमा प्रशस्त राजकीय दाखमद्य पिउन दिइयो। (एस्तर १ः६ पद पक्कै पनि पवित्र बाइबलको सबैभन्दा रङ्गै‌रङ्‌ले भरिएको पद हो)। पिउने नियम यस प्रकारको थियोः अतिथिहरूलाई कुनै पनि करकाप गरिँदैनथियो, तिनीहरूले आफ्नै इच्छाअनुसार धेरथोर पिउन पाउँथे।

**एस्तर १ः९-१२ः** मात्तिएका अहासूरसले आफ्ना रनीबासका अधिकारीहरूलाई रानी वश्तीलाई ल्याउने आदेश दिए, जुन रानी वश्तीले स्त्रीहरूको निम्ति छुट्टै भोज लगाइरहेकी थिइन्। उनले यस सार्वजनिक उत्सवमा तिनको सुन्दरता देखाउन चाहन्थे। फारसको शिष्टताअनुसार स्त्रीहरूलाई सबैको सामु घुम्टो लगाउन आवश्यक थियो; यसकारण राजाले खास गरी मदिराको अधिक सेवनबाट उठेको आफ्नो कुइच्छा पूरा गर्न तिनलाई अपमानित हुने आग्रह पो गरेको जस्तै देखिन्छ। तर तिनले आफ्नो अनुहार देखाउन अस्वीकार गरिन्, र राजालाई धेरै रिस उठ्यो।

**एस्तर १ः१३-२०ः** अनि जब राजाले आफ्ना बुद्धिजीविहरूसँग सल्लाह लिए, तब तिनीहरूले वश्तीको यो व्यवहार सम्पूर्ण

राज्यका स्त्रीहरूको लागि एउटा खराब उदाहरण ठहरिनेछ भनेर उनलाई भने। यसकारण ममूकानले के सुझाउ दिए भने, शाही आदेशद्वारा वश्तीलाई पदच्युत गर्नुपर्छ र साम्राज्यको हरेक प्रान्तमा यस उर्दीको प्रचार गर्नुपर्छ। मादीहरू र फारसीहरूको कानुन अपरिवर्तनशील छ भन्ने कुरा यी बुद्धि-जीविहरूलाई थाहा थियो; यसकारण सायद सत्तामा फर्केर आएकी वश्तीले तिनीहरूलाई सजाय दिन नसकून् भन्ने कुरा सुनिश्चित गर्ने हेतुले तिनीहरूले यस्तो किसिमको कड़ा कदम चाल्ने सुझाउ दिए होलान्।

**एस्तर १:२१-२२:** तब राजाले हतारमा तिनीहरूको सल्लाहअनुसार एउटा ऐन तयार गरे र त्यसको हस्ताक्षर गरे अनि हरेक प्रान्तमा एक-एक जातिको भाषामा त्यो नयाँ ऐन प्रकाशन गर्ने आदेश दिए। हरेक पुरुष आफ्नै घरमा मालिक हुनुपर्छ र त्यहाँ उसको भाषा बोल्नुपर्छ भन्ने कुरा पनि यस ऐनमा समावेश गरिएको थियो। डा. जे. वेर्नन म्याकगीले सुझाउ दिएका छन्, कि हुन सक्छ, आफ्नो घरमा ममूकान पत्नीवश हुने पति थिए कि, र यसैले यस उर्दीद्वारा आफ्नी पत्नीसित बदला लिन खोजे होलान्।[7]

# खण्ड २

# एस्तर २:

## एस्तरको उत्थान भएको

**एस्तर २:१-४:** अनि जब राजाले वश्तीलाई जे गरेका थिए, त्यसको विषयमा उनलाई अफसोस लागे, तब उनका सल्लाहकारहरूले रानी वश्तीको बदलीमा एउटी युवतीलाई रानी बनाउने उद्देश्यले सबै सुन्दरी तरुणी कन्याहरूको बीचमा खोजि-निकाल्ने प्रस्ताव गरे।

**एस्तर २:५-७:** सम्भाव्य रानी हुने युवतीहरूलाई शूशनमा भेला पार्दा एस्तर पनि तिनीहरूसँग बटुलिइन्, किनकि तिनी यस राजधानीमा जिएका कन्याहरूमध्ये एक थिइन्। तिनका बुबाआमाको मृत्यु भएपछि काकाको छोरा पर्ने दाजुले तिनलाई धर्मपुत्री बनाएका थिए। मोर्दकै एक बिन्यामिनी मानिस थिए, जसको बाजे कीश राजा यकोनियाहसँग कैदमा लगिएका थिए (२ राजाहरू २४:१४-१६)।

**एस्तर २:८-११:** रनीबासको रक्षक हेगेले एस्तरलाई विशेष अनुग्रह देखाए र तिनलाई र तिनका सहेलीहरूलाई तिनको भत्ताबाहेक तुरुन्तै तिनलाई तिनका शोभा बढ़ाउने साधनहरू दिए अनि तिनलाई जाननखानामा सबैभन्दा उत्तम ठाउँ दिए। अनि मोर्दकैको आदेश आज्ञापालन गरेर तिनले आफ्नो जातीय पृष्ठभूमि प्रकट गरिनन्। मोर्दकैले सीधै तिनीसँग सम्पर्क गर्न नसके ता पनि हरेक दिन तिनको प्रगतिको समाचार प्राप्त गर्दैथिए।

**एस्तर २:१२-१४:** यी युवतीहरूलाई राजाको ओछ्यान-कक्षमा ल्याउन तिनीहरूको तयारी गर्ने कार्यक्रम बाह्र महिना चलि नै रह्यो। तिनीहरू औपचारिक शुद्धीकरणका प्रक्रमअन्तर्गत सुगन्धित तेल र मसलाहरू अनि अन्य प्रसाधन-सामग्रीहरूद्वारा शुद्ध भए। त्यसपछि जब हरेक युवतीको पालो आयो, तब उसले पहिरन जुनसुकै वस्त्र, जुनसुकै सजिसजाउ र जुनसुकै गहना माग्न सकी। उसले राजासँग एक रात बिताई, त्यसपछि उसले राजाकहाँ फेरि कहिल्यै आउन पाउनेथिइन। तर राजा उससित प्रसन्न भएको खण्डमा राजाले उसको नाम लिएर

उसलाई बोलाए भने ऊ फेरि राजाकहाँ भित्र आउन सक्नेथिई ।

अनि हामी ख्रीष्ट-विश्वासीहरूको विषयमा कसो हो ? हाम्रो जीवनकालचाहिँ आउँदो शासन गर्ने समयको लागि तालिम गरिने समय हो । प्रभु येशूले चाँड़ै दाग वा चाउरी नपरेकी अथवा यस्तो कुनै पनि खोट नभएकी मण्डलीलाई आफूकहाँ प्रस्तुत गराउनुहुनेछ (एफिसी ५ : २७ ) ।

**एस्तर २ः१५-१८ः** बाहिरी भव्य सिँगार-पटार अनुरोध गर्नुको सट्टामा एस्तरले हेगेको सल्लाह पालन गरिन् । हुन सक्छ, यिनले तिनलाई तिनको प्राकृतिक सुन्दरतामा भर पर्ने सल्लाह दिए होलान् । जेजस्तो भए पनि, राजाले एस्तरलाई अरू सबै युवतीहरूलाई भन्दा बढ़ी प्रेम गरे; अनि उनले तिनलाई आफ्नी रानीको रूपमा रोजे र तिनको नाममा एउटा ठूलो भोजको आयोजना गरे । उनले सबै प्रान्तहरूमा बिदाको दिन घोषणा गरे; यस दिनमा उनले आम-माफी वा करको छुट दिए कि ? कि के त्यो दिन केवल एक साधारण बिदाको दिन थियो कि ? अनि उनले आफ्नो सम्पत्तिअनुसार उपहारहरू पनि दिए ।

**एस्तर २ः१९-२३ः** अनि दोस्रो पल्ट कन्याहरू भेला गरिए । किन कुन्नि ? सायद राजाले आफ्नो रनीबास बढ़ाउन खोजे होलान् । त्यस बेलासम्म एस्तरले आफ्नो जातीय पृष्ठभूमि अझै गोप्य राखिरहेकी थिइन्, र मोर्दकै अझै पनि राजाको मूलढोकामा, त्यस महत्त्वपूर्ण स्थानमा बसि-रहेका थिए । यस समयमा उनले राजा अहासूरसको हत्या गर्ने षड़्यन्त्रको बारेमा सुने । अनि उनले यसको खबर एस्तरलाई दिए, जसले राजालाई यो सुचित गरिन् । तब हत्याराहरूलाई पक्राउ पर्‍यो, तिनीहरूको न्यायजाँच भयो र तिनीहरूलाई फाँसी दिइयो ।

अनि यो घटना नियमित रूपले राज्यको आधिकारिक इतिहास-किताबमा लेखियो । मोर्दकैलाई तुरुन्तै इनाम दिइएन । त्यसको लागि उनले पर्खिनुपरेको थियो, तर उनको इनाम पक्का थियो । किनकि परमेश्वरले असल प्रकारले हिसाबकिताब राख्नुहुन्छ । प्राचीन ग्रीक इतिहासकार हेरोडोटुसले के भनेका छन् भने, त्यस बेलामा फारसमा राजद्रोही र विद्रोहीहरूको सजाय दिने तरिका फाँसी थियो ।[8]

# खण्ड ३

# एस्तर ३-४ः

## यहूदीहरूको विनाशको योजना बनाइएको

### क) एस्तर ३ः राजा अहासूरससँग हामानको कुराकानी

**एस्तर ३ः१ः** 'यी कुराहरूपछि' भन्ने शब्दहरूले दुई अध्याय र तीन अध्यायको बीचमा पाँच वर्षको अन्तराल सङ्केत गर्छन् । अब ३ः१ पदमा हम्मदाताका छोरा हामानको नाममा अन्तिम महत्त्वपूर्ण व्यक्ति यस नाटकको मञ्चमा देखा पर्छन् । यिनको पदोन्नति किन गरिएको थियो, सो हामीलाई भनिएको छैन; तर पछिबाट यस वृत्तान्तबाट थाहा लागिन्छ, कि यस कुरामा शैतानको हात थियो । हामानचाहिँ एक अगागी मानिस थिए अर्थात् अमालेकीहरूका राजाहरूका वंशको थिए; (अगागचाहिँ अमालेकीहरूका राजाको उपाधि थियो) । अनि परमप्रभुले अमालेकको विरुद्धमा अनन्त युद्ध चलिरहने घोषणा गर्नुभएको थियो (प्रस्थान १७ः८-१६) ।

अनि एस्तरको पुस्तकमा त्यस लड़ाइँको अन्तिम जुधाइको बारेमा लेखिएको छ (१ शमूएल १५:३२ र ३०:१-१० अनि १ इतिहास ४:४३)।

**एस्तर ३:२-६:** अबदेखि सरकारी आदेशअनुसार हामानलाई ढोग गर्नुपर्थ्यो; किनकि यिनी उपराज भए। तर मोर्दकैले एकजना मानिसको सामु, विशेष गरी एउटा अमालेकीको सामु झुक्न अस्वीकार गरे। परमेश्‍वरको भयले उनमा जुनसुकै मानिसको डर जित्यो। मोशाको व्यवस्थाले अख्तियार-वालाहरूलाई उचित आदर देखाउन निषेध गर्दैनथियो; तर यसले परमेश्‍वरको उपासना-बाहेक अरू कसैको आराधना गर्न मनाही गरेको छ। तर पूर्वीय राजाहरूले अक्सर गरेर यस किसिमको ढोगको माग गर्ने गर्थे। अनि राजाका कर्मचारीहरूले हामानको नजरमा निगाह प्राप्त गर्ने हेतुले यिनको सामु मोर्दकैलाई पोल गरे। हामान एकदमै अहङ्कारी मानिस थिए, जो मोर्दकैको तर्फबाट आफ्नो सुस्पष्ट अनादार भएको देखेर तिनीसँग रिसले चूर भए। मोर्दकैसँग मात्र व्यवहार गर्नुको सट्टामा यिनले राज्यमा रहेका सबै यहूदीहरूलाई नाश गर्ने योजना रचे।

**एस्तर ३:७-११:** हामानको पहिलो कदमचाहिँ यहूदीहरूको सामूहिक विनाशको लागि उपयुक्त मिति ठहऱ्याउन चिट्ठा हाल्नु थियो। तय गरिएको मितिको लागि लगभग एक वर्ष बाँकी थियो। के यो संयोगको फल थियो र? तब आउनुहोस्, हामी एकजना भाइको कुरा सुनौं, जसले यसो भनेका छन्: 'यहाँ परमेश्‍वरको रथका चक्काहरूमा अन्धविश्‍वास समेत साङ्लाले बाँधिएको देखिन्छ।' परमेश्‍वरले यस परिस्थितिमाथि हस्तक्षेप गर्नुभयो र हामानको दुष्ट योजना विफल पार्न पर्याप्त समय बीचमा आउन दिनुभयो। *'काखमा चिट्ठा हालिन्छ, तर त्यसको परिणाम परमप्रभुबाट आउँछ'* (हितोपदेश १६:३३)। त्यसपछि हामान राजाकहाँ गए, र यहूदीहरू राज्यको निम्ति खतराको कारण भएको झूटो आरोप लगाएर यिनले यहूदीहरूको विषयमा राजालाई जोशले पूर्ण जानकारी दिए। यिनले 'तिनीहरूको सर्वनाश गर्नुपर्छ; यसको लागि एउटा राजकीय उर्दी लेख्नुपर्छ' भन्ने आग्रह गरे। मादी र फारसीहरूको कानुनअनुसार यस प्रकारको उर्दी जारी भइसकेपछि त्यो कहिल्यै परिवर्तन गर्न वा फिर्ता लिन सकिँदैनथियो। प्रलोभनको रूपमा हामानले शाही कोषमा दस हजार किक्कर अर्थात् तीन सय चालीस टन चाँदी तिर्ने प्रस्ताव गरे; किनकि ग्रीस देशसित हारेका लड़ाइँहरूले गर्दा राजाको कोषमा ठूलो घाटा लागेको थियो। हामानको घमण्डको वेदीमाथि हजारौं निर्दोष पुरुष, स्त्री र केटा-केटीहरूलाई बलि गर्न अहासूरसले आफ्नो छाप-औंठीले मृत्युदण्डको पत्रमा छाप लगाइदिए। ३:११ पदको अर्थ यो हुन सक्छ, कि मारिन लागेका यहूदीहरूबाट लुटिएको रुपियाँपैसा सब हामानको हुनेथियो।

**एस्तर ३:१२-१५:** बाह्रौं महिनाको तेह्रौं दिनचाहिँ यस क्रूर नरसंहारको लागि छुट्याइयो; अनि यस मृत्युदण्ड दिने आदेशका नकलहरू चारैतिर एउटा ठाउँ नछोड़ी सारा राज्यका कुना-काप्चाहरूमा पठाइए। दरबारमा सन्तुष्ट भएका अहासूरस र हामान पिउन बसे; तर शूशन शहर पूरा विचलित भयो। यस विषयमा श्री इरभिङ जेन्सनले यस प्रकारको टिप्पणी गरेका छन्:

> 'तीन अध्यायको अन्तिम वाक्य महत्त्वपूर्ण छ, जहाँ यसो लेखिएको छः "तर शूशन शहरचाहिँ विचलित भयो।" यहूदीहरूले मात्र होइन, तर गैर-यहूदी मानिसहरूले पनि हिंसक तानाशाहीको यस अपमानले पूर्ण व्यवहारप्रति आफ्नो प्रतिक्रिया देखाए। कहिलेकाहीं जनता गलत हुन्छ नै, तर सधैंचाहिँ होइन। अनि यहाँ, यस अवस्थामा राजा अहासूरस र तिनको

उपराज हामानचाहिँ त्रुटि गर्ने अल्प सङ्ख्यामा थिए, जसको हातमा ठूलो अधिकार थियो। तर सबै मानिसहरू, चाहे राष्ट्रहरू होऊन्, चाहे व्यक्तिहरू किन नहोऊन्, सर्वोच्च अख्तियार-वाला परमेश्वरको सामु आ-आफ्नो लेखा दिनुपर्नेछ। राजा अहासूरसको उर्दी जारी गरियो र प्रेषण गरियो; तर यस विषयमा राजाहरूका महाराजाको फैसला अन्तिम हुनेथियो।' [9)]

## ख) एस्तर ४ः रानी एस्तरसँग मोर्दकैको कुराकानी

**एस्तर ४ः१-३ः** अनि जब यो खबर सारा देशभरि फैलियो, तब सबै यहूदीहरू हक्क न बक्क भए। जहाँ-जहाँ दुष्टले राज्य गर्छ, त्यहाँ-त्यहाँ सधैं अफसोस हुन्छ नै। मोर्दकैले शोकको वस्त्र पहिरे र राजाको मूलढोकामा नआएसम्म शहरमा विलाप गरिरहे; त्यहाँ-बाट उनी अघि बढ्न सकेनन्; किनभने महामहिमको उपस्थितिमा भाङ्ग्राको लुगा लगाएको कुनै व्यक्तिले पनि प्रवेश गर्ने अनुमति पाउँदैनथियो। हामानको घृणाको मुख्य पात्र म नै हुँ भनेर मोर्दकैलाई राम्रोसँग थाहा थियो। अनजानमा उनी आफ्नो जातिका मानिसहरूमाथि आउन लागेको विनाशको कारण पो भएछन्।

**एस्तर ४ः४-९ः** दस्तुरअनुसार एस्तरले दरबारमा भएको आफ्नो कक्ष छोड्न पाउँदिनथिइन्; यसकारण तिनले एउटा नोकरलाई मोर्दकैकहाँ पठाइन्, जसले उनलाई केही वस्त्र दियो। राजाले मोर्दकैलाई भाङ्ग्राको लुगा लगाइएको अवस्थामा देख्नुहुँदैनथियो, नत्र ता उनले आफ्नो ज्यान गुमाउनुपर्नेथियो। तर मोर्दकैले आफ्नो पीड़ा लुकाउन अस्वीकार गरे। अनि जब एस्तरको व्यक्तिगत सेवक हताक मोर्दकैकहाँ आयो र उनलाई उनले शोक गरिरहेको कारण सोध्यो, तब मोर्दकैले उसलाई सम्पूर्ण वृत्तान्त सुनाइ-दिए। अनि यस लिखित उर्दीको एउटा प्रतिलिपि रानीकहाँ पठाइयो; तिनले आफ्नो उच्च पद आफ्ना मानिसहरूको लागि अन्तर्विन्ती गर्न प्रयोग गर्नुपर्छ; तिनको निम्ति मोर्दकैको सशक्त आदेश थियो।

**एस्तर ४ः१०-१२ः** एस्तरले मोर्दकैलाई के उत्तर दिइन् र उनलाई के सम्झना गराइन् भने, राजाको निम्तो नपाईकन राजाको उपस्थितिमा हाजिर हुनु मृत्युदण्डको योग्य एउटा ठूलो अपराध ठहरिन्थ्यो; तर राजाले सुनको राज-दण्ड पसारेर अनुमतिविना उनको उपस्थितिमा प्रवेश गर्ने व्यक्तिको ज्यान जोगाउन सक्ने-थिए। तिनले मोर्दकैलाई आफ्नो अर्को जटिलता पनि बताइन्ः अहासूरसले तिनलाई नबोलाएको तीस दिन भइसक्यो। के यो उनले तिनमा कुनै न कुनै असन्तुष्टि भेट्टाएको लक्षण थियो? यसकारण तिनको निम्ति राजाकहाँ जानु दोबर खतरनाक थियो।

**एस्तर ४ः१३-१४ः** एस्तरको यस तर्कको निम्ति मोर्दकैको उपयुक्त जवाफ यस्तो थियोः यहूदीहरूको आम-हत्या हुँदा तिनी रानी भएको नाताले पक्का पनि उम्कने-थिइनन्। तिनले तत्कालै आफ्ना मानिस-हरूको पक्षमा काम गरिनन् भने परमेश्वरका जनहरूलाई छुटकारा दिलाउनको निम्ति अरू कुनै व्यक्ति खड़ा हुनेथियो, तर तिनीचाहिँ नाश हुनेथिइन्; यसमा कुनै शङ्का हुनेथिएन। अनि कसले जान्दथियो? सायद आफ्ना मानिसहरूलाई बचाउने हेतुले तिनी रानीको उच्च स्थानमा उचालिएकी थिइन्, कि कसो हो? चौध पदका शब्दहरूले हामी हरेकलाई चुनौती दिएका होऊन्ः 'अनि कसले जान्दछ, यस्तै समयका निम्ति तिमी राजपदमा पुगेकी हौ कि?' हामीमध्ये कोही-कोही मात्र एस्तरको उच्च पदमा पुगौंला, तर हरेक ख्रीष्ट-विश्वासीले परमेश्वरको चलिरहेको योजनामा एउटा महत्त्वपूर्ण भूमिका खेल्नु-पर्छ।

**एस्तर ४:१५-१७:** एस्तरले आफ्नो निर्णय गरिन्; तिनले सबै यहूदीहरूलाई तिनको साथमा तीन दिनसम्म उपवास बस्ने निर्देशन दिइन्। त्यसपछि तिनी राजाको सामु जानेथिइन्।

'म नाश भए म नाश हुँली' भनेर एस्तरका साहसले पूर्ण प्रसिद्ध शब्दहरूको वषयमा श्री माथ्यू पूलले यसरी टिप्पणी गरेका छन्:

> 'मेरो खतरा ठूलो र सुस्पष्ट छ; अनि कानुनको यो नियम सुनिश्चित छ; अनि राजाको मनको चञ्चलता र उनले भूतपूर्व रानी वश्तीसित देखाएको कड़ा व्यवहार मैले ध्यानमा राख्नुपर्छ; तरैपनि परमेश्वर र उहाँका जनहरू-प्रति मेरो कर्तव्य बेवास्ता गर्न सक्दिनँ; म बरु राजाकहाँ जानेछु, अनि मेरो सुरक्षा र सफलताको लागि म आफैलाई खुशीसाथ र दृढ़तापूर्वक परमेश्वरको देखरेखमा राखि-छोड्नेछु।'[10]

कठिन र बड़ा अप्ठ्यारा परिस्थितिहरू सामना गर्नुपर्दाखेरि हामी ख्रीष्ट-विश्वासी-हरूले कस्तो मनको भावना अपनाउनु ठीक होला? हामी भाग्यमा निर्भर रहनुहुँदैन, तर आशावादी हुनुपर्छ। साहससँग अनुग्रहको सिंहासनको नजिक गएर खाँचो परेको खण्डमा दया र सहायता पाउनेहरू आशावादी किन नहुने र? परमेश्वरको उपस्थितिमा जाने हाम्रो प्रवेश छँदैछ; यसकारण हामी हिम्मत बाँधौं र निर्धक्क होऔं! परमेश्वरको क्षमा-दानरूपी राजदण्ड हामीकहाँ पसारिएको छ, गलगथामा। *'यसकारण हामी यस हेतुले साहससँग अनुग्रहको सिंहासनको नजिक आऔं, कि हामी दया पाऔं, र खाँचो परेको खण्डमा सहायता पाउन अनुग्रह प्राप्त गरौं'* (हिब्रू ४:१६)।

# खण्ड ४

# एस्तर ५-९:

## यहूदीहरूलाई विनाश गर्ने योजना असफल भएको

### क) एस्तर ५: एस्तरको विन्ती र हामानको क्रोध

**एस्तर ५:१-३:** तेस्रो दिनमा, जब तिनीहरूको यो उपवास-बसाइ पूरा भयो, तब एस्तरले आफ्नो राजकीय वस्त्र पहिरिन्, र हिम्मत बाँधेर तिनी अहासूरसको सामु विनानिमन्त्रणा हाजिर भइन्। तब राजाले एस्तरकहाँ सुनको राजदण्ड पसारेर तिनको प्राण जोगाए; किनकि उनले बुझे, कि रानी एस्तरसँग एउटा अत्यन्तै महत्त्वपूर्ण कुरा हुनुपरेको थियो, जुन कुराले गर्दा तिनी आफ्नो ज्यान जोखिममा पार्न राजी थिइन्। उनले तिनको अनुरोध स्वीकार गर्नेछु भन्ने प्रतिज्ञा गरे; उनी तिनलाई आधा राज्यसम्म दिन राजी थिए। (आधा राज्यसम्म दिन्छु भन्ने एउटा शब्द-शैली थियो, जसको अर्थ 'उनले तिनलाई तिनको उचित अनुरोधअनुसार जुनसुकै कुरा दिनेछन्' हो)। ख्रीष्ट येशूले पश्चात्ताप र विश्वासको साथ उहाँकहाँ आउने जुनै पनि व्यक्तिकहाँ आफ्नो अनुग्रहको राजदण्ड पसार्नुहुन्छ (यूहन्ना ६:३७[ख])। अनि हामी ख्रीष्ट-विश्वासीहरूको निम्ति त्यो सुनको राजदण्ड सधैं पसारिइरहेकै हुन्छ (हिब्रू १०:२२)।

**एस्तर ५:४-८:** यस बेलामा एस्तरले राजा र उनका मन पर्ने मुख्य मन्त्री हामानलाई

भोजमा निम्तो दिइन्। (योचाहिँ यस पुस्तकको चौथो भोज थियो)। अनि यस भोजको समयमा राजाले फेरि पनि रानीको अनुरोध जान्न खोजे। अनि फेरि एस्तरले कुरा टारिन् र अहासूरस र हामानलाई 'हजुरहरू भोलिको अर्को भोजको लागि फर्केर आउनुहोला' भन्ने अनुरोध गरिन्। भोलि नै तिनले आफ्नो अनुरोध उनीहरूको सामु पेश गर्नेथिइन्। एस्तरले आफ्नो अनुरोध गर्नुभन्दा अघि किन दुई पल्ट कुरा टारिन्, यसको बारेमा विभिन्न विचारहरू छन्ः

**क)** तिनले राजाको कृपा र आकर्षण फेरि आफूकहाँ खिच्ने समय र मौका पाउन चाहिन्; किनकि तिनले उनको कृपादृष्टि गुमाएकी थिइन् (एस्तर ४:९-१२ पदको टिप्पणी हेर्नुहोस्);

**ख)** हुन सक्छ, दुवै पल्ट तिनको हिम्मत हार्‍यो कि ?

अथवा **ग)** तिनले एक प्रकारको कौतुहल सृजना गर्न खोजिन् र राजाको मनमा तिनको कुरा मामुली होइन, तर अत्यन्तै महत्त्वपूर्ण भएको छाप छोड्न चाहिन्।

**घ)** तिनले हामानको अहङ्कार फुलाउन र यिनलाई निश्चिन्तित तुल्याउन चाहिन्। त्यसपछि तिनले यिनको पर्दाफास गरेर यिनलाई दुष्ट हत्याराको रूपमा साबित पार्नेथिइन्। हुन सक्छ, तिनको रणनीतिमा कतै यी सबै विचारका केही न केही तत्त्वहरू थिए होलान्।

**एस्तर ५ः९-१४ः** घमण्डले फुरुक्क भएका हामान खुशीले विभोर भई यस भोजबाट उठे र हिँडे। तर जब यिनले दरबारबाट बाहिर निस्किरहेको बेलामा मोर्दकैलाई देखे, तब यिनी क्रोधित भए; तर यिनले आफूलाई कुनै हिंसा गर्नुदेखि रोकि-राखे। अनि आफ्ना मित्रहरू र आफ्नी पत्नी जेरेशलाई बोलाएर यिनले बितेको समयमा आफ्नो जीवनमा घटेका सबै अनुकूल कुराहरू सुनाए। तर यिनको एकमात्र समस्या त्यही जिद्दीवाल यहूदी थिए! यिनकी पत्नीले यिनलाई 'पचहत्तर फिट अग्लो फाँसी दिने खाँबा बनाऊ, त्यसपछि राजाबाट मोर्दकैलाई त्यसमा झुन्ड्याउने अनुमति लेऊ' भन्ने सल्लाह दिई। यस कुराले हामानलाई आनन्दित तुल्यायो; अनि यिनले त्यो फाँसी दिने खाँबा बनाउन लगाए।

### ख) एस्तर ६ः हामानको अपमान र मोर्दकैको सम्मान

**एस्तर ६ः१-३ः** अनि हामान सुतिरहेको बेलामा यिनको दुष्ट योजना विफल पार्न परमेश्वरले अहासूरसलाई सुत्न दिनुभएन। निद्रा नलागेको समय सदुपयोग गर्न राजाले 'मेरो शासनका ऐतिहासिक वृत्तान्तहरू लेखि-राखिएको पुस्तक चिकाओ र मलाई पढ़ेर सुनाओ' भन्ने आज्ञा गरे। ईश्वरीय पूर्व-प्रबन्दअनुसार यस पुस्तकबाट पढ़िएको खण्डचाहिँ राजाको हत्या गरिएको प्रयास र मोर्दकैद्वारा राजाको जीवन बचाइएको विवरण पो थियो। राजाले सोधपुछ गर्दा उनलाई थाहा भयो, कि मोर्दकैलाई यस सेवाको लागि केही पनि इनाम दिइएको रहेनछ।

श्री जे. जी. बेल्लेटले भनेको कुरामा ध्यान दिनु राम्रो हुन्छः

> 'यस वृत्तान्तमा परिस्थितिहरूको बीचमा यो कत्रो अद्भुत बुनाइ हो! युक्तिको विरोधमा उपयुक्ति, 'चक्काको बीचमा अर्को चक्का', अनि परिस्थितिहरू जुनचाहिँ अरू परिस्थिति-हरूमा निर्भर रहे; सबै कुराहरूको संयोगमा परमेश्वरका अद्भुत योजनाहरू पूरा हुँदा रहेछन्।' [11)]

हो, सबै कुराहरू के राम्रोसँग परमप्रभुको नियन्त्रणमा रहेका रहेछन्!!

**एस्तर ६ः४-११ः** हुन सक्छ, बिहानै हामान मोर्दकैलाई फाँसी दिने सुझाउ दिन राजाकहाँ आए होलान्। अनि ठीक त्यही

समयमा राजाले 'मलाई यी हत्याराहरूबाट बचाउने व्यक्तिलाई म इनाम दिन चाहन्छु' भन्ने प्रेरणा पाए। अनि जब हामान भित्र आए, तब अहासूरसले यिनलाई एउटा सामान्य प्रश्न सोधेः 'जुन मानिसलाई आदर गर्न राजा प्रसन्न हुनुहुन्छ, त्यस मानिसलाई के-के गर्नुपर्छ ?' आफ्नो सुदिन आएको भन्ठानेर हामानले यस व्यक्तिको सबैभन्दा भव्य प्रदर्शनी गर्नुपर्छ र राजालाई हुने जत्तिकै सम्मान गर्नुपर्छ भन्ने सुझाउ दिए। शहरका सड़कहरूहुँदा यो प्रदर्शणी गर्दा निम्न सार्वजनिक घोषणा गर्नुपर्ने सुझाउ पनि दिएः 'जसलाई आदर गर्न राजा प्रसन्न हुनुभएको छ, त्यस मानिसलाई यस्तै गरिन्छ !' तब राजाले हामानलाई हतार गरेर यो सारा सम्मान हामान स्वयम्‌लाई होइन, तर यहूदी मोर्दकैलाई पो प्रदान गर्ने आदेश थिए। अनि हामान आफ्नो सबैभन्दा ठूलो शत्रुलाई 'राजाले सम्मान गर्न प्रसन्न हुनुभएको व्यक्ति यिनी हुन्' भन्ने घोषणा गर्न निस्के। *'विनाशको अघि घमण्ड आउँछ, र पतन हुनुभन्दा अघिचाहिँ हठी मन आउँछ'* (हितोपदेश १६ः१८)।

हाम्रो समयमा पनि एकजना मानिस हुनुहुन्छ, जसलाई परमेश्‍वरले सम्मान गर्न मन पराउनुहुन्छ – प्रभु येशू ख्रीष्ट। परमेश्‍वरले आज्ञा गर्नुभयो, कि हरेक घुँड़ा येशूको नाममा टेकिनेछ र परमेश्‍वर पिताको महिमाको लागि हरेक जिब्रोले उहाँलाई प्रभु भनी स्वीकार गर्नेछ (फिलिप्पी २ः१०-११)।

**एस्तर ६ः१२-१४ः** लुत्रुक्कै परेका हामान निन्याउरो मुख लगाएर आफ्नो घर फर्के, र यिनले यी अनौठा घटनाहरू आफ्नी पत्नीलाई र आफ्ना शुभचिन्तकहरूलाई बताए। तिनीहरूले यस दिनमा घटेका घटनाहरूमा यहूदी मोर्दकैको जित र हामानको हारको सङ्केत देख्‍न सके। तर ढिलो गर्ने समय थिएन; किनकि हामानको निम्ति एस्तरको भोजमा जाने समय आइसकेको थियो।

### ग) एस्तर ७ः एस्तरले लगाएको आरोप र हामानको मृत्युदण्ड

**एस्तर ७ः१-४ः** अनि एस्तरको यो दोस्रो भोजचाहिँ हामानको घरदेखि शुरु भएर सम्पूर्ण राज्य हल्लाउने असरहरूको निम्ति मूल-कारण पो भएछ। राजाको अनुरोधमा तिनले अन्तमा आफ्नो विन्ती जाहेर गरिन्। तिनले आफ्नो ज्यान र मृत्युदण्डको योग्य ठहराइएका आफ्ना जनहरूको ज्यान जोगिओस् भन्ने विन्ती टक्राइन्। तिनीहरू दासहरूको रूपमा बेचिएका भए तिनी चुप लाग्नेथिइन्; किनकि यस्तो समस्या राजाको तकलिफ दिने लायकको हुनेथिएन (७ः४[ख])। तर तिनीहरूको गम्भीर दुर्दशाले तिनलाई यो कदम चाल्न उत्प्रेरित गर्‍यो।

**एस्तर ७ः५-७[क]ः** क्रोधित भएका राजाले एस्तरलाई सोधेः 'तिम्रा मानिसहरूको विरुद्धमा यस्तो जघन्य षड्‌यन्त्र कसले रचेको हो ?'। बुद्धिमती रानीले हामानलाई खास यस क्षणको लागि निम्तो दिएकी थिइन्। हामानको अनुहार हेर्दै तिनले भनिन्ः 'त्यो दुष्ट मानिस हामान हो !' अब हामानको वास्तविक चरित्रको पर्दाफास भयो। अहासूरस रिसाए र यस भोजबाट उठेर दरबारको बगैंचामा गए। हुन सक्छ, उनको अन्तस्करणले उनलाई पनि सताइरहेको थियो होला; किनकि उनले यो भयानक योजना अनुमोदन गर्नमा आफूले खेलेको आफ्नो अयोग्य भूमिका सम्झे। यसको घत उनलाई सोचेको भन्दा बढ़ी लागेछ।

**एस्तर ७ः७[ख]-१०ः** मर्ने डरले छोपिएका हामानले आफूलाई रानी एस्तरको अघि फाले र आफ्नो ज्यानको भिक्षा मागे। अनि जब राजा यस कोठामा फर्के, तब उनले यस दृश्यमा हामानले उनकी पत्नीको बलात्कार गर्ने प्रयास गरेको अर्थ लगाए। अब हामानको विनाश सुनिश्चित थियो। राजाले अरू बढ़ता

केही पनि भन्नुपरेन; उनका सेवकहरू आएर हामानको मृत्युदण्ड दिने तयारीमा यिनको अनुहार छोपिदिए। तब तिनीहरूमध्ये एकजनाले राजालाई हामानले तयार गरेको त्यस फाँसीको खाँबाको विषयमा बतायो। तब अहासूरसले त्यस अधम दुष्टलाई त्यही फाँसीको खाँबामा झुन्ड्याउने आदेश दिए। यसरी नै हामानले यस फाँसीको खाँबामा मोर्दकैको ठाउँ लिए। यिनले जे छरेका थिए, त्यसको कटनी गरे-गरे। त्यसपछि राजाको क्रोध शान्त भयो।

### घ) एस्तर ८: मोर्दकैको पदोन्नति र यहूदीहरूको छुटकारा

**एस्तर ८:१-२:** हामानको घरबार एस्तरलाई दिइयो, र यिनको पद मोर्दकैलाई दिइयो।

**एस्तर ८:३-८:** हामान अब थिएनन्, तर यिनको विनाशकारी युक्ति अझै पनि जारी थियो। एस्तर फेरि एक पल्ट राजाको सामु निमन्त्रणा नपाई हाजिर भइन्, र तिनले आफ्नो जीवनको केही वास्ता नगरी आँसुको साथ आफ्ना मानिसहरूको निम्ति विन्ती गरिन्। अनि फेरि यस अनुग्रहको सुनको राजदण्ड तिनीकहाँ पसारियो। जुन कुरा ८:३ पदमा तिनको विन्तीको सारको रूपमा लेखिएको छ, त्यो कुरा ८:५-६ पदहरूमा तिनका सही शब्दहरूको रूपमा पेश गरिएको छ। 'हजुरले यो पहिलो उर्दी खारिज गरिदिनुहोस्' भनेर तिनले अनुरोध गरिन्। तर फारसको कानुन-अनुसार फारसका राजाले सही गरेको र छाप मारेको कुनै पनि आदेश परिवर्तन गर्न सकिँदैनथियो। तर राजाले एस्तरलाई तिनको पक्षमा आफूले के-के गरिसकेका थिए, सो सम्झाएपछि तिनलाई र मोर्दकैलाई पहिलो उर्दी खारिज गर्ने अर्को आदेश लेख्ने अनुमति दिए।

**एस्तर ८:९-१४:** राजाका लेखनदास-हरूलाई बोलाइयो, र मोर्दकैले यहूदीहरूलाई तिनीहरूको जीवन रक्षा गर्ने अधिकार दिने राजाज्ञा दिए। यो नयाँ कानुन हतारमा राजकीय घोड़ाहरूद्वारा फारसको राज्यको सबै प्रान्तहरूमा र त्यसका कुनाकाप्छाहरूमा लगियो। तब ख्रीष्ट येशूमा मानिसले शैतानको शक्तिबाट छुटकारा पाउँछ भन्ने सुसन्देश झन् कति बढ़ता गरी र झन् कति छिटो नै शैतानको सारा राज्यभरि प्रचार गरेर फैलाउनुपर्छ।

**एस्तर ८:१५-१७:** आफ्नो भाङ्ग्राको लुगा हटाएर मोर्दकै शोभायमान वस्त्रहरू पहिरेको अवस्थामा दरबारबाट निस्केर आए। अनि जब यहूदीहरूले अचानक भाटारूपी घटना ज्वारमा परिवर्तन भएको सुने, तब तिनीहरू खुशीले गद्‌गद् भए; तर बाँकी मानिसहरूलाई यहूदीहरूको डरले छोप्यो। अनि यस समयमा यहूदीहरूका शत्रुहरू गनिन नचाहने धेरै अन्यजातिका मानिसहरूले यहूदी-धर्म अपनाए।

### ङ) एस्तर ९: यहूदीहरूका शत्रुहरूको विनाश र पूरीम चाड़को स्थापना

**एस्तर ९:१-५:** अनि जब त्यो कुदिन अर्थात् बाह्रौं महिनाको त्यो तेह्रौं दिन आयो, तब यहूदीहरू आ-आफ्ना शहरहरूमा भेला भए, र तिनीहरूले आफ्ना शत्रुहरूलाई नाश गरे। शासकहरू र अधिकारीहरूले पनि यसमा यहूदीहरूलाई सहायता गरे; किनभने तिनीहरू मोर्दकैसँग डराइरहेका थिए, जो अहिले राज्यकै सबैभन्दा शक्तिशाली व्यक्ति भएका थिए।

**एस्तर ९:६-१५:** राजधानी शूशनमा हामानका दसजना छोराहरू लगायत पाँच सयजना मानिसहरू मारिए। अनि जब राजालाई यसको खबर सुनाइयो, तब बाँकी देशमा अझै कति धेरै मानिसहरू मारिए भन्ने

कुरा उनले बुझे। यहूदीहरूले बदला लिन अझै एक दिन पाऊन् भनेर एस्तरले अनुरोध गरिन्; किनकि शूशनबाट यहूदीहरूको कुनै पनि विरोधी तत्त्व बाँकी राख्नुहुँदैनथियो, तर बिलकुल खतम पार्नुपर्नेथियो। यसकारण अरू तीन सयजना मानिसहरू मारिए। अनि तिनले हामानका दसजना छोराहरूका लाश-हरू खुल्लमखुल्ला फाँसी दिने खाँबामा झुन्ड्याइऊन् भन्ने आग्रह गरिन्।

**एस्तर ९:१६:** राजाका प्रान्तहरूमा यहूदीहरूले पचहत्तर हजार मानिसहरूलाई मारे; तर तिनीहरूले आफ्ना शत्रुहरूबाट कुनै लुटको माल लिएनन्। यसबाट सबैले स्पष्ट बुझ्थे, कि तिनीहरूले धनी हुने चासो राख्दैनथिए, तर केवल आफ्नो प्राणको रक्षा गरेथे।

**एस्तर ९:१७-२८:** प्रान्तहरूमा बसेका यहूदीहरूले यस महिनाको चौधौं दिनमा ठूलो पर्व मनाए, तर शूशनका मानिसहरूले यस महिनाको पन्ध्रौं दिनचाहिँ हर्ष र उत्सवको दिन तुल्याए। पूरीम चाड़ यहाँबाट शुरु भयो। पूरीम [12] भन्ने नाम 'पूर' भन्ने शब्दबाट आएको हो – पूरको अर्थ चिट्ठा हो; हामानले हालेको चिट्ठा यसको सन्दर्भ हो (एस्तर ३:७)। पछि कुनै समयमा मोर्दकैले 'सबै यहूदी मानिस-हरूले यस महिनाको चौधौं र पन्ध्रौं दिन मनाउनुपर्छ' भन्ने आदेश दिए। परमप्रभुका अन्य चाड़हरूजस्तै यो पूरीम चाड़ पनि वर्षेपिच्छे मनाइन्थ्यो, यस अद्‌भुत छुटकाराको बारेमा आउँदा पुस्ताहरूलाई सम्झना दिलाउन यो पूरीम चाड़ मनाइन्थ्यो।

**एस्तर ९:२९-३२:** सबै यहूदीहरूकहाँ दुईवटा पत्रहरू पठाइए, जसमार्फत तिनीहरूलाई पूरीम चाड़ मनाउने आदेश दिइयो। ९:२० पदमा पहिलो चिट्ठीको कुरा गरिएको छ भने ९:२९-३२ पदको खण्डमा दोस्रो चिट्ठीको कुरा गरिएको छ। अनि ९:३२ पदमा उल्लेख गरिएको पुस्तक सायद राज्यको इतिहासको पुस्तक थियो (एस्तर २:२३, ६:१ र १०:२)।

# खण्ड ५

# एस्तर १०:

## मोर्दकैको महानता

**एस्तर १०:१-२:** एस्तरको पुस्तक मोर्दकैको महानताको वर्णन गरेर समाप्त हुन्छ। उनले प्राप्त गरेका उन्नतिहरूचाहिँ अहासूरसका उपलब्धिहरूसँगै मादी र फारसका राजाहरूको इतिहासको पुस्तकमा अभिलेख गरिएका थिए। श्री कार्ल आरमेर्डिङ्गले यी शब्दहरू लेखेर एस्तरको पुस्तकको टिप्पणीको किताब अन्त गरेका छन्:

> 'मोर्दकैको मृत्युको विषयमा कुनै जानकारी दिइएको छैन; यो एकदम उल्लेखनीय छ; किनकि सबै मानिसहरूको जीवनी प्रायः जसो कुनै मृत्यु-लेख वा कुनै शोक सन्देशसित समाप्त हुन्छ नै। तर मोर्दकैको विषयमा यस्तो हुँदैन। यसकारण यस कुराले हाम्रो मनमा उनी अमर थिए भन्ने छाप छोड़िराख्छ। *"परमेश्वरको इच्छा पालन गर्ने मानिस सदा-सर्वदा रहिरहन्छ"* (१ यूहन्ना २:१७)।' [13]

**एस्तर १०:३:** मोर्दकैले आफ्ना मानिस-हरूको भलाइ गर्न खोज्थे। अनि श्री चार्लस एच. स्पर्जनले मोर्दकैको सेवकाई ख्रीष्ट-विश्वासीहरूमा लागू गरेका छन्:

> 'मोर्दकै साँचो देशभक्त व्यक्ति थिए; अनि यसकारण उनी अहासूरसको सत्तामा सर्वोच्च स्थानमा उचालिए। अनि उनले आफ्नो उच्च पद इस्राएली जातिको समृद्धि बढ़ाउन प्रयोग

गरे । यस कुरामा उनी प्रभु येशूको प्रतीक थिए; किनभने आफ्नो महिमाको सिंहासनमाथि बसेर उहाँले आफ्नै महिमा खोज्नुहुन्न, तर आफ्ना जनहरूको निम्ति आफ्नै शक्ति खर्च गर्नुहुन्छ । अनि जुन कुरा मोर्दकै यहूदीहरूको निम्ति थिए, त्यो कुरा हरेक ख्रीष्ट-विश्वासी प्रभुको मण्डलीको लागि भए के उत्तम हुनेथियो; तब उसले प्रभुको मण्डलीको उन्नतिको लागि आफ्नो क्षमता सकभर प्रयोग गर्नेथियो । कोही इसाईहरू धनवान् हुन्छन् र प्रतिष्ठाको स्थानमा राखिएका हुन्छन्; तब पृथ्वीका यी उच्च स्थानहरूमा उनीहरूले आफ्ना प्रभुलाई आदर गरून्, र ठूला-बड़ा मानिसहरूको सामु येशूको गवाही दिऊन् । अरूसँग योभन्दा असल भाग पनि छः यिनीहरू राजाहरूका महाराजासँग घनिष्ठ सङ्गत गर्छन्; यिनीहरू दिन प्रतिदिन प्रभुका जनहरूको बीचमा कमजोर भएकाहरू, शङ्का गर्नेहरू, पापको परीक्षामा परेकाहरू र सान्त्वना नपाएकाहरूको निम्ति अन्तर्विन्ती गर्नमा कहिल्यै नचुकून् ।' [14)]

## ENDNOTES:

**1) Introduction:** A non-observant Jew is one who is part of the Jewish ethnic community but does not practice his religion or try to keep the Mosaic Law, such as the dietary rules and traditions.

**2) Introduction:** Today Persia is called Iran. Their language, Farsi (=Persian) is not related to Arabic, but uses a modified Arabic script and many Arabic words from the Muslim religion and culture.

**3) Introduction:** Thinking to "remedy" this situation, some Jews added many passages (in Greek) to the canonical text of Esther. They did not realize that they were actually ruining the very message of the book—God working in the shadows for His people, even for those who chose to live far from His temple in Jerusalem. These additions will be found in the Apocrypha, and are of a very different character from the Hebrew original. They add a great deal of religious activity along with some almost soap-opera-style content. Jews and Protestants have rightly rejected these apocryphal additions to God's Word.

**4) Introduction:** W. Graham Scroggie, *Know Your Bible*, Vol. I, The Old Testament, p. 96.

**5) Introduction:** Quoted by W. Graham Scroggie, *Know Your Bible*, Vol. I, The Old Testament, p. 96.

**6) Introduction:** Our English names Susan and Susannah come from this Hebrew word for lily.

**7) 1:13–20:** J. Vernon, McGee, *Ruth and Esther: Women of Faith*, pp. 232, 33.

**8) 2:19–23:** Cited by Carl Armerding, *Esther: For Such a Time as This*, p. 35.

**9) 3:12–15:** Irving L. Jensen, *Ezra/Nehemiah/Esther*, p. 88.

**10) 4:15–17:** Matthew Poole, *Matthew Poole's Commentary on the Holy Bible*, p. 913.

**11) 6:1–3:** J. G. Bellett, further documentation unavailable.

**12) 9:17–28:** *Pûrîm* is the Hebrew plural, meaning 'lots."

**13) 10:1-2:** Carl Armerding, *Esther*: *For Such a Time as This*, p. 128.

**14) 10:3:** Charles Haddon Spurgeon, *Morning and Evening*, p. 667, reading for November 28, Evening.

## BIBLIOGRAPHY

Armerding, Carl. *Esther: For Such a Time as This*. Chicago: Moody Press, 1955.

Baldwin, Joyce G. *Esther*. Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1984.

Ironside, H. A. 'Esther.' In *Notes on Ezra, Nehemiah, and Esther*. Neptune, N.J.: Loizeaux Brothers, 1972.

Keil, C. F. 'Esther.' In *Commentary on the Old Testament in Ten Volumes*. Vol 10. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1982.

McGee, J. Vernon. *Ruth and Esther: Women of Faith*. Nashville: Thomas Nelson Publishers, 1988.